अख्तियार दुरुपयोग अनुसन्धान आयोग
सत्रौं बार्षिक प्रतिवेदन

आ. ब. २०६३/०६४



अख्तियार दुरुपयोग अनुसन्धान आयोग
काठमाडौं, नेपाल
२०६४

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं

फोन नं. : ४-४३९४६२
४-४४०१५१
फ्याक्स : ४-४४०१२८
४-४४०१०४

इ-मेल :- akhtiyar@ntc.net.np

वेभसाईट :- www.ciaa.gov.np

पत्र संख्या:-

मिति :- २०६४/७/

विषय :- **सत्रौं वार्षिक प्रतिवेदन ।**

सम्माननीय प्रधानमन्त्रीज्यू
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
सिंहदरवार, काठमाडौं ।

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ अनुसार अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आर्थिक वर्ष २०६३/०६४ (२०६३ श्रावण १ गतेदेखि २०६४ आषाढ मसान्तसम्म) मा सम्पादन गरेका कामहरुको वार्षिक प्रतिवेदन प्रस्तुत गरेका छौं ।

भवदीय,

वेदप्रसाद सिवाकोटी
आयुक्त

ललित बहादुर लिम्बु
का.वा.प्रमुख आयुक्त

अनुक्रमणिका

पृष्ठ

परिच्छेद-१ : अख्तियार दुरुपयोग अनुसन्धान आयोग १-६

१. पृष्ठभूमि १
२. गठन १
३. आयोगको काम, कर्तव्य र अधिकार १
४. बार्षिक प्रतिवेदन २
५. छानवीन तथा अनुसन्धान प्रकृया २
६. क्षेत्राधिकार ४
७. प्रशासनिक संगठन ४
८. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय ५
९. आयोगको निर्णयहरुको वर्गीकरण ५
१०. अधिकार प्रत्यायोजन ५
११. बजेट व्यवस्था ६

परिच्छेद-२ : आ.ब. २०६३/६४ मा आयोगबाट निष्पादित कार्यहरु ७-२१

१. आ.ब. २०६३/६४ मा उजूरी र कारवाहीको विवरण ७
२. अभियोजन र कारवाहीको विवरण ७
३. विशेष अदालतमा दायर भएका मुद्दा र प्रतिवादी संख्या ७
४. बिभागीय कारवाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका बिषय र व्यक्ति/निकाय संख्या ७
५. महाशाखागत उजूरी फछ्यौंटको विवरण ८
६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको विवरण ८
७. नक्कली शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दा दायर गर्न भएका निर्णयहरु ९
८. जग्गा हिनामिनासम्बन्धी मुद्दा १३
९. रिसवत सम्बन्धी मुद्दा १४
१०. राजस्व अनियमितता सम्बन्धी मुद्दा १४
११. विकास निर्माण सम्बन्धी मुद्दा १६
१२. सवारी दर्ता सम्बन्धी मुद्दाहरु १७
१३. बैंकिङ्ग सम्बन्धी मुद्दा २०
१४. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाहीहरु २०

परिच्छेद-३ : अभियोजन २२-८३

परिच्छेद-४ : पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरु ८४-१२४

परिच्छेद-५ : पुनरावेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण १२५-१३४

परिच्छेद-६ : विभागीय कारवाही १३५-१३९

(क) अर्थ मन्त्रालय अन्तर्गत १३५

(ख) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १३५
(ग) जलस्रोत मन्त्रालय अन्तर्गत १३५
(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १३६
(ङ) महालेखा नियन्त्रक कार्यालय अन्तर्गत १३६
(च) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत..... १३७
(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १३७
(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत १३८
(झ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत १३८
(ञ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत..... १३९

परिच्छेद-७ :सचेत १४०-१४३

(क) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... १४०
(ख) गृह मन्त्रालय अन्तर्गत..... १४०
(ग) जलस्रोत मन्त्रालय अन्तर्गत १४०
(घ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... १४१
(ङ) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत १४२
(च) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १४२
(छ) स्थानीय विकास मन्त्रालय अन्तर्गत..... १४२
(ज) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत..... १४३
(झ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत..... १४३

परिच्छेद-८ : असूल उपर १४४-१४९

(क) अर्थ मन्त्रालय अन्तर्गत..... १४४
(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... १४४
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १४४
(घ) जलस्रोत मन्त्रालय अन्तर्गत १४५
(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १४५
(च) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत..... १४६
(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १४६
(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत १४६
(झ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत १४७
(ञ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत १४७
(ट) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत..... १४७

परिच्छेद-९ : ध्यानाकर्षण १५०-१५३

(क) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... १५०
(ख) गृह मन्त्रालय अन्तर्गत..... १५०
(ग) जल स्रोत मन्त्रालय अन्तर्गत..... १५१
(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १५१
(ङ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... १५१
(च) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत..... १५२
(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत १५२
(ज) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत..... १५३

परिच्छेद-१० : सुझाव १५४-१८२
(क) अर्थ मन्त्रालय अन्तर्गत १५४
(ख) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... १५८
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १६०
(घ) गृह मन्त्रालय अन्तर्गत..... १६०
(ङ) जलस्रोत मन्त्रालय अन्तर्गत १६२
(च) पररा्ष्ट्र मन्त्रालय अन्तर्गत अन्तर्गत..... १६३
(छ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय १६४
(ज) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत..... १६५
(झ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... १६९
(ञ) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत..... १७१
(ट) स्वास्थ्य तथा जनसंख्या अन्तर्गत..... १७३
(ठ) स्थानीय विकास मन्त्रालय अन्तर्गत..... १७३
(ड) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत..... १७४
(ढ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत..... १७६
(ण) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत..... १७६
(त) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत..... १८१

परिच्छेद-११ : आयोगबाट भएका अन्य कारवाहीहरु १८३-१९३
(क) अर्थ मन्त्रालय अन्तर्गत..... १८३
(ख) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत..... १८३
(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत १८४
(घ) गृह मन्त्रालय अन्तर्गत..... १८४
(ङ) जलस्रोत मन्त्रालय अन्तर्गत १८६
(च) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत..... १८६
(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत १८७
(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत..... १८९
(झ) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत..... १९०
(ञ) स्वास्थ्य तथा जनसंख्या अन्तर्गत..... १९०
(ट) स्थानीय विकास मन्त्रालय अन्तर्गत..... १९०
(ठ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत..... १९१
(ड) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत..... १९१

परिच्छेद-१२ : बिभागीय वा अन्य कारवाही गर्न लेखिएका बिषयमा कार्यान्वयन भई आएको १९४-२०१
(क) विभागीय कारवाही १९४
(ख) सचेत..... १९५
(ग) सुझाव/निर्देशन..... १९५
(घ) असूल उपर..... १९९
(ङ) अन्य कारवाही २००

परिच्छेद-१३ :कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीहरुको विवरण २०२-२४२
(क) अर्थ मन्त्रालय अन्तर्गत २०२

(ख) उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत २०८
(ग) कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत २१०
(घ) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत २१०
(ङ) गृह मन्त्रालय अन्तर्गत २११
(च) जलस्रोत मन्त्रालय अन्तर्गत २१२
(छ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत २१३
(ज) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत २१४
(झ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत २२१
(ञ) महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत २२३
(ट) महालेखा नियन्त्रक कार्यालय २२३
(ठ) वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत २२३
(ड) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत २२५
(ढ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत २२७
(ण) स्थानीय विकास मन्त्रालय अन्तर्गत २२७
(त) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत २३१
(थ) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत २३५
(द) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत २३५
(ध) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत २४२
(न) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत २४२

परिच्छेद-१४ : तामेली २४३-२७६

परिच्छेद-१५ : आयोगका अन्य गतिविधिहरु २७७-२८१
(क) अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा अध्ययन भ्रमण २७७
(ख) आन्तरिक गतिबिधिहरु २७७

परिच्छेद-१६ : अख्तियार दुरुपयोग आयोगको त्रिवर्षीय (२०६४/६५-२०६६/६७)रणनीति २८२-२८४

परिच्छेद-१७ : उपसंहार २८५-२८७

अनुसूचीहरु :
१. अख्तियार दुरुपयोग अनुसन्धान आयोगको संगठन तालिका (क)
२. आयोगमा कार्यरत कर्मचारी दरबन्दी र पदपूर्तिको विवरण (ख)
३. आ.व. २०६३।६४ को बजेट व्यवस्था (ग)
४. नक्कली शैक्षिक प्रमाणपत्र पेश गर्नुको प्रयोजन (घ)
५. (क) नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दा फैसला विवरण (ङ)
(ख) शैक्षिक प्रमाणपत्रहरु सम्बन्धी मुद्दाहरुमा सफल असफल अनुपात (ङ)
६. भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त विवरण (च)
७. भ्रष्टाचार तथा अनुचित कार्य सम्बन्धी जिल्ला प्रशासन कार्यालयहरुबाट प्राप्त विवरण (छ)
८. आ.व. २०६३।६४ मा आयोगमा परेका उजुरी र फछ्यौंटको विवरण (ज)
९. आ.ब. २०६३।६४ मा कूल उजूरी ३५६४ मध्ये फछ्यौंट तथा जिम्मेवारी सरेको (झ)
१०. आ.व. २०५७।५८ देखि २०६३।६४ सम्मको कूल उजुरी र फछ्यौंटको तुलनात्मक विवरण (ञ)

११. आ.व. २०६३।६४ मा मुद्दा हार जीतको स्थिति (ट)
१२. आ.व. २०६३।६४ को अभियोजन र अन्य कारवाहीहरुको विवरण (ठ)
१३. आ.व. २०६३।६४ मा विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको किसिम (ड)
१४. आ.व. २०५७।५८ देखि २०६३।६४ सम्मको कारवाहीको तुलनात्मक विवरण (ढ)
१५. आ.व. २०५९।६० देखि २०६३।६४ सम्मको बैठक र निर्णय संख्या (ण)
१६. आ.व. २०४७।४८ देखि २०६३।६४ सम्ममा परेका उजुरीहरु र फछ्यौंटको विवरण (त)

परिच्छेद – १
अख्तियार दुरुपयोग अनुसन्धान आयोग

१. पृष्ठभूमि

नेपालको अन्तरिम संविधान, २०६३ को भाग ११ धारा १२० अनुसार सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले "अनुचित कार्य" वा "भ्रष्टाचार" गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान गरी मुद्दा दायर गर्न संवैधानिक निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगको स्थापना भएको छ ।

२. गठन

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ११९ बमोजिम प्रधानमन्त्रीले संवैधानिक परिषद्को सिफारिसमा एक जना प्रमुख आयुक्त र अन्य आयुक्तहरु आयोगमा नियुक्त गर्ने प्रावधान छ । आयोगका प्रमुख आयुक्त र अन्य आयुक्तहरुको पदावधि ६ वर्षको हुने र ६५ बर्षको उमेरसम्म बहाल रहन सक्ने व्यवस्था छ । हाल आयोगमा कार्यवाहक प्रमुख आयुक्त र एक जना आयुक्त कार्यरत रहनु भएको छ :-

नाम	पद	नियुक्ति मिति
श्री ललित बहादुर लिम्बु	का. वा. प्रमुख आयुक्त	२०६०।९।२१
श्री बेद प्रसाद सिवाकोटी	आयुक्त	२०६०।९।२१

३. आयोगको काम, कर्तव्य र अधिकार :

आयोगको काम, कर्तव्य र अधिकार निम्नानुसार छन् :

- आयोगले कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्नेछ । तर संविधानमा छुट्टै व्यवस्था भएको पदाधिकारी र अन्य कानूनले छुट्टै व्यवस्था भएको पदाधिकारीको हकमा भने आयोगको कार्य क्षेत्र पर्दैन । खराब आचरणका आधारमा महाअभियोग प्रस्ताव पारित भई पद्मुक्त हुने संवैधानिक पदाधिकारीहरु, न्याय परिषद्बाट सोही अभियोगमा पदमुक्त हुने न्यायाधीशहरु र सैनिक ऐन बमोजिम कारवाही हुने व्यक्तिका हकमा निजलाई पदमुक्त भइसकेपछि कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न गराउन सक्नेछ ।
- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम अनुचित कार्य मानिने कुनै काम गरी अख्तियारको दूरुपयोग गरेको देखिएमा आयोगले निजलाई सचेत गराउन, विभागीय कारवाही वा कानूनमा व्यवस्था भए बमोजिम अन्य आवश्यक कारवाहीको लागि अख्तियारवाला समक्ष लेखी पठाउन सक्नेछ ।

- सार्वजनिक पद धारण गरेको कुनै व्यक्तिले कानुन बमोजिम भ्रष्टाचार मानिने कुनै काम गरेको देखिएमा त्यस्तो व्यक्ति तथा सो अपराधमा संलग्न अन्य व्यक्ति उपर आयोगले कानुन बमोजिम अधिकार प्राप्त अदालतमा मुद्दा दायर गर्न वा गराउन सक्नेछ ।
- अनुसन्धान र तहकिकातबाट सार्वजनिक पद धारण गरेको व्यक्तिको काम कारबाही अन्य अधिकारी वा निकायको अधिकार क्षेत्र अन्तर्गत पर्ने प्रकृतिको देखिएमा आयोगले आवश्यक कारबाहीको लागि सम्बन्धित अधिकारी वा निकाय समक्ष लेखी पठाउन सक्नेछ ।
- अनुसन्धान र तहकिकात गर्ने वा मुद्दा चलाउने आफ्नो काम, कर्तव्य र अधिकारमध्ये कुनै काम, कर्तव्य र अधिकार आयोगले प्रमुख आयुक्त, आयुक्त वा नेपाल सरकारको कर्मचारीलाई तोकिएको शर्तको अधिनमा रही प्रयोग तथा पालना गर्न पाउने गरी सुम्पन सक्नेछ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ ले आयोगलाई कानूनी राज्यको अवधारणा अनुरुप सुशासनको स्थापना गर्न र सेवामा प्रभावकारिता ल्याउनका लागि आवश्यक हुने केही सुधारात्मक कार्यहरु गर्ने थप दायित्व समेत सुम्पेको छ, जस अन्तर्गत आयोगबाट निम्न कार्यहरु पनि सम्पादित हुने गरेका छन् :

- ☞ विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटी भए सुधार गर्न सुझाव दिने वा ध्यानाकर्षण गराउने,
- ☞ दुष्परिणाम सच्याउन आदेश दिने,
- ☞ हानी नोक्सानी असूल उपर गराउने,
- ☞ अनुसन्धान तहकिकातको क्रममा न्यायिक हिरासतमा राख्ने र धरौटी वा जमानत लिई छाड्ने,
- ☞ भ्रष्टाचारलाई रोकथाम गर्ने उद्देश्यले प्रबर्द्धनात्मक कार्यहरु गर्ने,
- ☞ भ्रष्टाचार नियन्त्रण गर्ने उद्देश्यले स्थापित राष्ट्रिय वा अन्तर्राष्ट्रिय संस्थाहरुसंग समन्वय, आपसी सम्बन्ध र सहयोग वृद्धि गर्ने,
- ☞ आवश्यकतानुसार सम्बन्धित बिषयको बिशेषज्ञ वा बिशिष्टीकृत सेवा प्राप्त गर्ने ।

४. <u>बार्षिक प्रतिवेदन :</u>

नेपालको अन्तरिम संविधान, २०६३ को धारा १२१ बमोजिम आयोगले आफुले गरेको कामको वार्षिक प्रतिवेदन प्रधानमन्त्री समक्ष पेश गर्नेछ र प्रधानमन्त्रीले त्यस्तो प्रतिवेदन व्यवस्थापिका संसद समक्ष पेश गर्ने व्यवस्था छ ।

५ <u>छानवीन तथा अनुसन्धान प्रकृया</u> :

नेपालको अन्तरिम संविधान, २०६३ ले अनुचित कार्य र भ्रष्टाचार गरी दुई प्रकारले अख्तियारको दुरुपयोग हुनसक्ने अवधारणा प्रस्तुत गरे अनुरुप ती बिषयहरुमा उजूरी दिने प्रकृयालाई पनि कानूनले निम्नानुसार अलग्गै व्यवस्था गरेको छ :

अनुचित कार्यको उजूरी : कुनै सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी अख्तियारको दुरुपयोग गरेमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ ले तोकेको ढांचामा उजूरी दिनु पर्नेछ र निवेदकले सनाखत समेत गर्नु पर्नेछ । तर सार्वजनिक चासोको बिषय भएको उजूरीको हकमा भने सनाखतको आवश्यकता पर्दैन । अनुचित कार्य उपरको उजुरीमा अनुसन्धान गर्दै जांदा भ्रष्टाचारको कसूर गरेको देखिन गएमा भ्रष्टाचारको कसूर अन्तर्गत नै कारवाही गरिन्छ ।

भ्रष्टाचारको उजूरी : भ्रष्टाचारको सम्बन्धमा कसैको उजूरी वा अन्य कुनै स्रोतबाट प्राप्त जानकारीको आधारमा आयोगले छानविन, अनुसन्धान गर्न वा अन्य कारवाही चलाउन सक्दछ र भ्रष्टाचारको उजुरी उपर अनुसन्धान गर्दै जांदा अनुचित कार्य भएको पाइएमा, अनुचित कार्यमा समेत कारवाही गर्न सकिने छ ।

आयोगले स्वयं जानकारीमा लिई कारवाही गर्न सक्ने : आयोगले आफ्नो अधिकार क्षेत्र भित्र पर्ने कुनै पनि बिषयमा अनुसन्धानको प्रक्रिया थाल्न सक्छ ।

प्रारम्भिक छानविनको प्रक्रिया : आयोग समक्ष परेका अख्तियार दुरुपयोग सम्बन्धी कुनै पनि उजूरी निवेदन वा आयोग स्वयंले प्राप्त गरेको जानकारी उपर प्रारम्भिक छानविनको क्रममा कारवाही गर्नु पर्ने वा नपर्ने निर्क्यौल गर्न मूलत: निम्न तथ्यहरुको निरुपण गर्ने गरेको छ ।

क) अनुसन्धानको बिषय वस्तु के हो ?
ख) उक्त बिषय आयोगको क्षेत्राधिकारभित्र पर्छ, पर्दैन ?
ग) उल्लेखित बिषयको गम्भीरता के कति छ ?
घ) उल्लेखित आरोपको स्वरुप तथ्यपूर्ण देखिएमा त्यसमा कुन कुन निकायका कुन कुन पदाधिकारीको संलग्नता रहेको छ ?
ङ) विवादास्पद कार्य वा निर्णयबाट कसलाई के कति हानी नोक्सानी वा फाइदा हुन गएको छ ?
च) विवादित कार्यबारे कुनै अड्डा अदालतमा मुद्दा मामिला चलिरहेको वा चली निर्णय भएको वा तत्सम्बन्धमा कुनै विवादित वा अन्य कारवाई भएको छ, छैन ?
छ) विवादित कार्य भए गरेको मितिका आधारमा हदम्याद बांकी छ, छैन ?

प्रारम्भिक छानविनको सिलसिलामा संकलन हुनु पर्ने प्रमाण नष्ट हुन सक्ने सम्भावनालाई दृष्टिगत गरी सो कारवाही गोप्य रहने कानूनी व्यवस्था छ । आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानवीन गर्ने क्रममा देहाय बमोजिमको कुनै अवस्था विद्यमान भएमा आयोगले कुनै कारवाही नगरी त्यस्तो उजूरी तामेलीमा राख्न सक्दछ ।

क) सर्वोच्च अदालतको असाधारण अधिकारक्षेत्र बाहेक अन्य कानूनी उपचार भएकोमा त्यसको अवलम्वन नगरी अनुचित कार्य सम्बन्धी उजूरी दिएमा,
ख) ऐनको हदम्याद नाघेको,
ग) आयोगको अधिकार र कार्यक्षेत्र भित्रको बिषय नभएको,
घ) अदालतमा मुद्दा परिरहेको बिषयको,
ङ) तथ्ययुक्त आधार नभएको,
च) खिचोला वा टण्टा दिने मनसायको, र

छ) मामूली कुरा सम्बन्धी ।

तामेलीमा राख्नु पर्ने उपयुक्त आधार नभएका बिषयहरुमा प्रारम्भिक छानवीनको क्रममा अख्तियारको दुरुपयोग भएको देखिन आएमा बिस्तृत अनुसन्धान तहकिकात गर्नको निमित्त सम्बन्धित आयुक्तहरुबाट अनुसन्धान अधिकृत नियुक्त गरी कारवाही अगाडि बढाइन्छ । कुनै बिषयवस्तुको प्रकृति र प्राप्त सूचनाहरुलाई आधार मानेर बिस्तृत अनुसन्धानमा जानु परेमा आयोगले एकैपटक बिस्तृत अनुसन्धान पनि गर्न सक्दछ ।

बिस्तृत अनुसन्धान तहकिकातको प्रकृया : प्रारम्भिक छानवीनबाट बिस्तृत अनुसन्धान गर्नु पर्ने देखिई अनुसन्धान अधिकृत नियुक्त भएका उजूरीमा त्यस्तो अनुसन्धान अधिकृतले सम्बन्धित आयुक्तको प्रत्यक्ष रेखदेख र नियन्त्रणमा आरोपित बिषयहरुका बारेमा सम्बन्धित व्यक्तिहरुको बयान वा लिखित जवाफ लिने, निजहरुलाई आवश्यकता अनुसार तारेखमा राख्ने, अन्य थप प्रमाणहरु संकलन गर्ने लगायत अनुसन्धानको क्रममा आवश्यक देखिएका अन्य कार्यहरु सम्पन्न गरी सोही आधारमा अनुसन्धान प्रतिवेदन तयार गरी सो प्रतिवेदन आयोगमा पेश गर्न सम्बन्धित आयुक्त समक्ष प्रस्तुत गर्दछ । सम्बन्धित आयुक्तबाट त्यस्तो प्रतिवेदन सहितको मिसिल अध्ययनपश्चात् अनुसन्धान पूरा नभएको पाएमा थप अनुसन्धानको आदेश हुन सक्छ । अनुसन्धान पूरा भई पेश हुन आएको प्रतिवेदनलाई सम्बन्धित आयुक्तबाट आयोग समक्ष पेश गर्ने आदेश हुन्छ । त्यस्तो प्रतिवेदनमा आयोगमा छलफल गरी आरोपित कसूरको मात्रा, विवादको गाम्भिर्यता, प्रकृति एवं संकलित प्रमाणको प्रामाणिकता समेतलाई दृष्टिगत गरी मुद्दा दायर गर्ने वा विभागीय वा अन्य कारवाहीको सिफारिश गर्ने वा सम्बन्धित निकायको ध्यानाकर्षण गराउने वा सुझाव दिने वा केही कारवाही गरिरहन नपर्ने गरी उजूरी तामेलीमा राख्ने निर्णय गरिन्छ । आयोगको निर्णयको कार्यान्वयन आयोगको सचिवबाट गर्न वा गराउन लगाइन्छ ।

आयोगको कामसंग सम्बन्धित मुख्य कानूनहरु :

⇒ नेपालको अन्तरिम संविधान, २०६३
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८
⇒ भ्रष्टाचार निवारण ऐन, २०५९
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९
⇒ अख्तियार दुरुपयोग अनुसन्धान आयोग कार्यविधि, २०५७

६. क्षेत्राधिकार

सार्वजनिक पद धारण गरेको कुनै पनि व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्बन्धमा आयोगले कानून बमोजिम अनुसन्धान र तहकिकात गर्न वा गराउन सक्दछ । तर संविधानमा छुट्टै व्यवस्था भएका पदाधिकारी र अन्य कानूनले छुट्टै व्यवस्था भएको हकमा आयोगको क्षेत्राधिकार भित्र ती पदाधिकारीलाई राखिएको छैन ।

७. प्रशासनिक संगठन

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको सचिवालयको प्रमुखमा नेपाल सरकारद्धारा नियुक्त राजपत्रांकित विशिष्ट श्रेणीको सचिव रहने व्यवस्था छ । आयोगको सचिव पदमा कायम मुकायम मुकरर भई मिति २०६४।१।२३ देखि श्री भगवतीकुमार काफ्ले रहँदै आउनु भएको छ । आयोगको संगठन तालिका अनुसूची-१ मा र कर्मचारीहरुको पदसोपान एवं संख्या अनुसूची-२ मा उल्लेख गरिएको छ । आयोगको अनुसन्धान महाशाखाहरु-६, मुद्दा महाशाखा-१, विशेष अनुसन्धान कार्यदल (महाशाखा स्तरको)-१, प्रहरी महाशाखा-१, प्रशासन महाशाखा-१ र योजना महाशाखा-१ गरी जम्मा ११ वटा महाशाखा रहेका छन । स्वीकृत दरवन्दीतर्फका १९० (प्रहरी दरवन्दी समेत), पुल दरवन्दीका ११, काज खटिएका ४१, फाजिल ७, सल्लाहकार-२, अंगरक्षक र सुरक्षाकर्मी-२३ समेत गरी जम्मा २७६ जना पदाधिकारी तथा कर्मचारीहरु कार्यरत छन् ।

८. आयोगको आन्तरिक कार्य विभाजन, बैठक र निर्णय

आयोगमा कार्यरत आयुक्तहरु बीचको कार्य विभाजन र निर्णय प्रकृया निश्चित गरिएको छ । जस अनुसार प्रत्येक मन्त्रालय र सो अन्तर्गतका निकायहरुको काम कारवाहीहरु आयुक्तहरु वीच बाँड फाँड गरिएको छ । त्यसरी बाँडफाँड गरिएका कार्यहरु आफूलाई तोकिएको आयुक्तले तोकिए अनुसार अन्य एक जना आयुक्त समेत संलग्न भै सम्पादन गर्नु पर्ने हुन्छ । यी र यस्ता आन्तरिक कार्यविधिका अन्य व्यवस्थाहरु आयोगको कार्यविधि एवं आयोगको अनुसन्धान मार्ग निर्देशिका लगायत बिभिन्न कार्यविधि एवं निर्णयहरुद्वारा व्यवस्थित गरिएका छन् । आयोगको महाशाखा वा अनुसन्धान अधिकृतले अनुसन्धान कार्य सम्पन्न गरी सचिव मार्फत् सम्बन्धित आयुक्त समक्ष पेश गरेको कुनै बिषयमा सम्बन्धित आयुक्तबाट आयोगमा पेश गर्ने आदेश भएका बिषयहरु वा अन्य नीतिगत निर्णय हुनु पर्ने बिषयहरुको कार्यसूची प्रमुख आयुक्तको निर्देशनमा सचिवबाट तय गरिन्छ । यसरी कार्यसूची तयार भएपछि बिषयको जटिलता, अवस्था र शीघ्र निर्णयको आवश्यकता आदिलाई दृष्टिगत गरी प्रमुख आयुक्तको निर्देशन अनुसार कुनै पनि समयमा आयोगको बैठक बसी बहुमतद्वारा निर्णय हुने व्यवस्था छ ।

९. आयोगको निर्णयहरुको वर्गीकरण

प्रतिवेदन अध्ययन गर्ने व्यक्तिलाई सुविधा पुगोस भन्ने उद्देश्यले यस पछिका परिच्छेदहरुमा कारवाहीको प्रकृति हेरी आयोगबाट भएका निर्णयहरुलाई विभिन्न शिर्षकमा समाविष्ट गरिएको छ । उदाहरणको लागि एउटै निर्णयमा मुद्दा चलाउने, विभागीय कारवाही गर्ने (सेवाबाट हटाउने, तल्लो तहमा घटुवा गर्ने, ग्रेड रोक्का गर्ने, बढुवा रोक्का गर्ने, नसिहत दिने आदि), सचेत गराउने, सुझाव, ध्यानाकर्षण, अभिलेख राख्ने तथा अन्य कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाउने निर्णय भएकोमा त्यस्तो विवरण यस पछिका परिच्छेदहरुमा यथास्थानमा राखिएको छ ।

१०. अधिकार प्रत्यायोजन

आयोगको क्षेत्राधिकार व्यापक भए पनि हाल आयोगको प्रशासनिक संगठन स्थानीय तहसम्म बिस्तार भै नसकेकोले अर्को व्यवस्था नभएसम्मको लागि मिति २०६३।१०।१ मा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी क्षेत्रीय प्रशासक र प्रमुख जिल्ला अधिकारीहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । क्षेत्रीय प्रशासक र

प्रमुख जिल्ला अधिकारीहरुलाई कानूनी परामर्श प्रदान गर्न पुनरावेदन र जिल्ला सरकारी वकिलहरुलाई पनि अधिकार प्रदान गरिएको छ ।

११. बजेट व्यवस्था

आर्थिक वर्ष २०६३/६४ मा आयोगको लागि छुट्टयाईएको कूल बजेट रु. ९ करोड ७ लाख ६६ हजार ७ सय ७५ रुपैंया ५७ पैसा मध्ये रु. ६ करोड २६ लाख ६९ हजार ८ सय ९७ रुपैंया ८७ पैसा निकासा भई रु. ६ करोड २६ लाख ६९ हजार ८ सय ९७ रुपैंया ८७ पैसा खर्च भएको छ । यस अघि आर्थिक वर्ष २०६२/६३ मा आयोगको कूल बजेट रु. १५ करोड ५७ लाख ८६ हजार ६ सय ७५ रुपैंया ४ पैसा मध्ये रु. १३ करोड २६ लाख १ हजार १ सय ७९ रुपैंया ३४ पैसा निकासा भई रु. १३ करोड २६ लाख १ हजार १ सय ७९ रुपैंया ३४ पैसा खर्च भएको थियो । आर्थिक वर्ष २०६२।६३ सम्म आयोगमा म.ले.प. र आ.ले.प. बेरुजु रहेको छैन । आर्थिक वर्ष २०६३/६४ को आयोगको विनियोजन, निकासा, खर्च, राजस्व आम्दानी तथा धरौटीको विवरण अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

परिच्छेद-२
आ.ब. २०६३/६४ मा आयोगबाट सम्पादित कार्यहरु

१. आ.ब. २०६३/६४ मा उजूरी र कारवाहीको विवरण :

आर्थिक वर्ष २०६३/६४ मा आयोगमा पर्न आएका कूल उजूरी र ती उजूरीहरु उपर छानवीन, अनुसन्धान भई फछ्यौंट भएको संख्या निम्न तालीकामा दिईएको छ :

आ.ब. २०६३/६४	
उजूरी संख्या	फछ्यौंट संख्या
३५६४	२९७६
कूल उजूरीको ८३.०५ प्रतिशत फछ्यौंट	

२. अभियोजन र कारबाहीको विवरण :

आ.ब. २०६३/६४ मा जम्मा १४५ वटा बैठक बसी विभिन्न ३८२ निर्णयहरु अन्तर्गत मुद्दा दायर, विभागीय कारवाही, ध्यानाकर्षण, सचेत लगायतका कारवाहीहरु भएका छन् । सो अवधिमा आयोगको निर्णयबाट भएका कारवाहीको स्थिति निम्न तालीकामा दिइएको छ:।

मुद्दा दायर	पुनरावेदन	विभागीय कारवाही	ध्यानाकर्षण	सचेत	सुझाव	असूलउपर	अन्य कारवाही	तामेली
११५	१७	२६	१३	१६	९६	२२	३४	९३

३. विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दा र प्रतिवादी संख्या :

आ.ब. २०६३/६४ मा विशेष अदालतमा दायर भएका मुद्दाहरु र सो अन्तर्गत प्रतिवादी बनाइएका व्यक्तिहरुको संख्यात्मक विवरण निम्नानुसार दिइएको छ :

क्र.सं.	विषय	मुद्दा संख्या	प्रतिवादी संख्या
१.	नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र	९३	९३
२.	गैर कानूनी सवारी दर्ता	८	७६
३.	राजस्व रकम हिनामिना	९	१७
४.	निर्माण कार्य	१	७
५.	रिसवत	३	३
६.	जग्गा हिनामिना सम्बन्धी	१	२
जम्मा		**११५**	**१९८**

४. विभागीय कारवाही, सचेत र ध्यानाकर्षणका लागि लेखिएका बिषय र व्यक्ति/निकाय संख्या:

विभागीय कारवाही		सचेत		ध्यानाकर्षण	
विषय	व्यक्ति	विषय	व्यक्ति	विषय	निकाय
२६	४६	१५	३१	१५	१९

५. महाशाखागत उजूरी फछ्र्यौटको विवरण :

आ.व. २०६३/६४ को अवधिमा अघिल्लो आर्थिक बर्षबाट जिम्मेवारी सरी आएका तथा नयाँ दर्ता भएका उजूरी समेत जम्मा उजूरी र फछ्र्यौट भएका उजूरीको संख्यात्मक स्थिति तलको तालीकाबाट प्रष्ट हुन्छ ।

महाशाखा नं	जम्मा उजूरी	फछ्र्यौट	बाँकी
१	७१२	५६५	१४७
२	५३७	४५२	८५
३	६२८	५१७	१११
४	३८९	३२१	६८
५	४४४	३९१	५३
६	७२०	६२३	९७
शैक्षिक प्रमाणपत्र छानविन एकाई	१३४	१०७	२७
जम्मा	३५६४	२९७६	५८८

६. अनुसन्धान अधिकृत तोकिएको तथा मन्त्रालय वा अन्तर्गत कारवाहीको लागि लेखी पठाएको बिवरण:

आ.व. २०६३/६४ मा आयोगमा रहेका उजूरीहरु माथि विभिन्न महाशाखाहरुबाट छानविनका क्रममा विस्तृत अनुसन्धानका लागि अनुसन्धान अधिकृत तोकिएका उजूरीहरुको संख्या र सम्बन्धित निकायहरुबाटै कारवाही टुङ्गो लगाउन पठाइएका उजूरीहरुको मन्त्रालयगत विवरण देहायमा उल्लेख गरिएको छ :

महाशाखा नं./ कार्यदल	**सम्वन्धित मन्त्रालयहरु**	**अनुसन्धान अधिकृत तोकिएको संख्या**	**मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या**
१	भूमिसुधार तथा व्यवस्था मन्त्रालय	३१	१२१
	जलस्रोत मन्त्रालय	६	६९
	कानून न्याय तथा संसदीय व्यवस्था मन्त्रालय	०	१५
	महालेखा परिक्षकको विभाग	०	३
	लोक सेवा आयोग	०	१
	निर्वाचन आयोग	०	३
२	स्थानीय विकास मन्त्रालय	३०	१४४
	कृषि तथा सहकारी मन्त्रालय	८	५२
	वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय	०	३
३	वन तथा भू-संरक्षण मन्त्रालय	८	७८
	भौतिक योजना तथा निर्माण मन्त्रालय	५	५३
	गृह मन्त्रालय	५	११९
	परराष्ट्र मन्त्रालय	१	१

महाशाखा नं./ कार्यदल	सम्वन्धित मन्त्रालयहरु	अनुसन्धान अधिकृत तोकिएको संख्या	मन्त्रालय वा सो अन्तर्गतका क्षेत्र वा जिल्ला स्थित कार्यालयमा लेखी पठाएको संख्या
४	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय	२	३८
	महिला वालवालिका तथा समाज कल्याण मन्त्रालय	१	१४
	सामान्य प्रशासन मन्त्रालय	०	४
	प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय	०	६
	स्वास्थ्य तथा जनसंख्या मन्त्रालय	१२	७८
५	अर्थ मन्त्रालय	११	४९
	श्रम तथा यातायात व्यवस्था मन्त्रालय	५	१२
	सूचना तथा सञ्चार मन्त्रालय	२	२१
	राष्ट्रिय योजना आयोग	०	०
	महालेखा नियन्त्रकको कार्यालय	०	२
६	शिक्षा तथा खेलकूद मन्त्रालय	२२	१२७ र जि.प्र.का.मा
	रक्षा मन्त्रालय	०	४८
	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय	६	२३
			२० र जि.प्र.का.मा २
शैक्षिक प्रमाणपत्र छानविन कार्यदल		७३	६४
जम्माः-		**२२८**	**११७०**

७. नक्कली शैक्षिक प्रमाणपत्र सम्वन्धी मुद्दा दायर गर्न भएका निर्णयहरु :

आर्थिक बर्ष २०६३/६४ मा देहायमा उल्लेखित सरकारी कार्यालय, संस्थान र शैक्षिक निकायमा कार्यरत निम्न कर्मचारीहरुले शुरु नियुक्ति र बढुवाका लागि पेश गरेको शैक्षिक योग्यताका प्रमाणपत्रहरु नक्कली भएको तथ्य प्रमाणित हुन आएकोले तिनीहरु बिरुद्ध विशेष अदालतमा मुद्दा दायर भएको छ :-

क्र.सं	निर्णय संख्या र मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
१.	७ २०६३/४/२	कुलवहादुर कार्की	इण्टरमिडियट	प्रहरी नायव निरीक्षक, प्रहरी प्रधान कार्यालय
२.	१९ २०६३/४/१०	श्याम महर्जन	हाइस्कूल	टाइपिष्ट, नेपाल वैंक लिमिटेड
३.	२० २०६३/४/१०	नरेन्द्र गुरुङ्ग	मध्यमा	शिक्षक, जिल्ला शिक्षा कार्यालय, चितवन अन्तर्गत
४.	२२ २०६३/४/१०	नवराज पाण्डे	मध्यमा	शिक्षक, जिल्ला शिक्षा कार्यालय, लमजुङ्ग अन्तर्गत
५.	२६ २०६३/४/१५	नारायणवहादुर जि.सी.	हाइस्कूल	क्लर्क, नेपाल विद्युत प्राधिकरण
६.	३४ २०६३/४/१९	प्रमोदकुमार गुरुङ्ग	आइ.कम.	प्रवन्धक, नेपाल टेलिकम
७.	३५	मिलनकुमार विश्वास	आइ.ए.	शिक्षक, जिल्ला शिक्षा कार्यालय,

क्र.सं	निर्णय संख्या र मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
	२०६३/४/१९			मोरङ्ग अन्तर्गत
८.	३६ २०६३/४/१९	दिनेश्वर चौधरी	आइ.ए.	शिक्षक, जिल्ला शिक्षा कार्यालय, मोरङ्ग अन्तर्गत
९.	३७ २०६३/४/१९	उत्तरा घिमिरे	मध्यमा	शिक्षक, जिल्ला शिक्षा कार्यालय, संखुवासभा अन्तर्गत
१०.	४२ २०६३/४/२६	गोविन्दसिंह धामी	एस.एल.सी.	ड्राइभर, नेपाल विद्युत प्राधिकरण
११.	४३ २०६३/४/२६	श्रीमति सिता दवाडी	हाइस्कूल	म.का.क., कृषि विकास वैंक
१२.	४६ २०६३/४/२९	रमेशकुमार रिमाल	हाइस्कूल	फोरमेन, नेपाल विद्युत प्राधिकरण
१३.	५५ २०६३/५/१२	नेत्रप्रसाद भेटवाल	हाइस्कूल	सिनियर मिटर रिडर, नेपाल विद्युत प्राधिकरण
१४.	५६ २०६३/५/१२	रामवहादुर कुँवर	हाइस्कुल	स.ले.पा., काठमाण्डौ महानगरपालिका
१५.	६४ २०६३/५/३०	लालवहादुर विश्वकर्मा	इन्टर	वरिस्ठ सहायक, नेपाल आयल निगम
१६.	६६ २०६३/५/३०	विष्णु कोइराला	एम.ए.	निर्देशक, प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद
१७.	६९ २०६३/६/१	अच्यूतप्रसाद पोखरेल	वि.ए.	शाखा अधिकृत, व्यापार प्रवर्द्धन केन्द्र
१८.	७० २०६३/६/१	पार्वती थापा	हाइस्कुल	प्लेटमेकर, मुद्रण विभाग
१९.	७१ २०६३/६/१	अनिता के.शी.	मध्यमा	खरिदार, काठमाण्डौ महानगरपालिका
२०.	७२ २०६३/६/१	फणिन्द्रध्वज कार्की	वि.ए.	कार्यालय सहायक (तह छ), रेडियो नेपाल
२१.	७५ २०६३/६/२	तीर्थवहादुर ओली	इन्टर	जुनियर कप्तान, नेपाल वायु सेवा निगम
२२.	८१ २०६३/६/६	शर्मिला मिश्र	हाइस्कुल	क्लर्क, नेपाल विद्युत प्राधिकरण
२३.	८२ २०६३/६/६	वुद्धरत्न तुलाधर	हाइस्कुल	सिनियर मिटर रिडर, नेपाल विद्युत प्राधिकरण
२४.	८३ २०६३/६/६	मञ्जु आचार्य	हाइस्कुल	सिनियर मिटर रिडर, नेपाल विद्युत प्राधिकरण
२५.	८४ २०६३/६/६	विजयकुमार गुप्ता	हाइस्कुल	मुखिया, सिद्धार्थ नगरपालिका, रुपन्देही
२६.	८५ २०६३/६/८	चन्द्रवहादुर पुन	हाइस्कुल	हेल्पर, नेपाल खाद्य संस्थान
२७.	९६ २०६३/६/२२	श्रीमति जेनी श्रेष्ठ	इन्टर	सहायक, राष्ट्रिय वाणिज्य वैंक
२८.	९७ २०६३/६/२२	मोहनवहादुर कुँवर	इन्टर	डिपो प्रमुख, नेपाल खाद्य संस्थान
२९.	९८ २०६३/६/२२	नातीवहादुर महर्जन	हाइस्कुल	अप्रेटर, जनक शिक्षा सामग्री केन्द्र

क्र.सं	निर्णय संख्या र मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
३०.	९९ २०६३/६/२२	हरिवहादुर थापामगर	हाइस्कुल	कार्यालय सहायक, जनक शिक्षा सामग्री केन्द्र
३१.	१०१ २०६३/६/२२	गंगादेवी पौडेल	मध्यमा	उपसहायक तह तीन, जनक शिक्षा सामग्री केन्द्र
३२.	१०२ २०६३/६/२३	धर्मजंग शाह	हाइस्कुल	सहायक, नेपाल टिम्वर कर्पोरेसन
३३.	१०३ २०६३/६/२३	वसन्तकुमार रेग्मी	मध्यमा	सहायक तह चार, नेपाल टिम्वर कर्पोरेसन
३४.	१०४ २०६३/६/२३	ममता चालिसे	मध्यमा	सहायक, नेसनल ट्रेडिङ्ग लिमिटेड
३५.	१०५ २०६३/६/२३	कमला कार्की	माध्यमिक	कम्प्यूटर अपरेटर, नेपाल टेलिभिजन
३६.	११५ २०६३/६/२९	रकीजंग सिंह	मध्यमा	सहायक, रेडियो नेपाल
३७.	११५ २०६३/६/२९	तपवहादुर के.सी.	हाइस्कुल	मुखिया, नागरिक उड्डयन प्राधिकरण
३८.	११६ २०६३/६/२९	दिपेन्द्र खांड ठकुर	हाइस्कुल	सहायक, विमा समिति
३९.	१३४ २०६३/७/१५	रामचन्द्र आचार्य	इन्टर	कार्यालय सहायक, रेडियो नेपाल
४०.	१३५ २०६३/७/१५	श्रीमति पार्वती वास्तोला	हाइस्कुल	सहायक, नेपाल टेलिकम
४१.	१३६ २०६३/७/१५	मञ्जु मिश्र	हाइस्कुल	वरिष्ठ सहायक, काठमाण्डौ महानगरपालिका
४२.	१३८ २०६३/७/१६	भिमप्रसाद तिमिल्सिना	इन्टर	सहायक द्वितीय, साझा स्वास्थ्य सेवा
४३.	१४७ २०६३/७/२३	रामकिशोरलाल दमाई	हाइस्कुल	सहायक तृतीय, साझा स्वास्थ्य सेवा
४४.	१४८ २०६३/७/२३	विमला तिवारी	हाइस्कुल	शिक्षिका, जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ
४५.	१४९ २०६३/७/२४	रत्नहजुर सेन	इन्टर	क्यामेरामेन, नेपाल टेलिभिजन
४६.	१५० २०६३/७/२४	रोशनजङ्ग थापा	इन्टर	ध्वनी नियन्त्रक, नेपाल टेलिभिजन
४७.	१५१ २०६३/७/२६	एकराज घिमिरे	इन्टर	प्रहरी सहायक निरीक्षक, प्रहरी प्रधान कार्यालय
४८.	१५४ २०६३/७/२८	थानेश्वर न्यापाने	इन्टर	प्राविधिक ना.शु., मुद्रण विभाग
४९.	१५९ २०६३/७/२९	राजु भट्टराई	इन्टर	कार्यालय सहायक, गुठी संस्थान
५०.	१६३ २०६३/७/३०	पिताम्वर प्रसाद काफ्ले	इन्टर	सहायक तह चार, नेपाल टेलिकम
५१.	१६४ २०६३/७/३०	खेमराज खतिवडा	मध्यमा	सुपरभाइजर, नेपाल विद्युत प्राधिकरण
५२.	१६६	सुनिता श्रेष्ठ	मध्यमा	क्लर्क, नेपाल विद्युत प्राधिकरण

क्र.सं	निर्णय संख्या र मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
	२०६३/८/३			
५३.	१७२ २०६३/८/७	दिपक पौडेल	हाइस्कुल	प्रहरी सहायक निरीक्षक, प्रहरी प्रधान कार्यालय
५४.	१७३ २०६३/८/११	विश्वराज न्यौपाने	हाइस्कुल	सहायक ग, राष्ट्रि वाणिज्य बैंक
५५.	१७४ २०६३/८/११	शारदा भण्डारी	इन्टर	ना.सु., नेपाल राष्ट्रिय प्रज्ञा प्रतिष्ठान
५६.	१७५ २०६३/८/११	गोपालप्रसाद शर्मा	इन्टर	स.ले.पा., नेपाल विद्युत प्राधिकरण
५७.	१७९ २०६३/८/२१	शम्भुप्रसाद कोइराला	आइ.एस्सी.	शिक्षक, जिल्ला शिक्षा कार्यालय, सिन्धुपाल्चोक
५८.	१८० २०६३/८/२१	बाबुराजा महर्जन	कक्षा दश	जाँचकी, ललितपुर उपमहानगरपालिका कार्यालय
५९.	१९६ २०६३/९/२०	धर्मप्रसाद सापकोटा	आइ.ए.	जुनियर एकाउन्टेन्ट, नेपाल विद्युत प्राधिकरण
६०.	१९७ २०६३/९/२०	गोपालप्रसाद चौधरी	इन्टर	कार्यालय सहायक, कृषि विकास बैंक
६१.	२०३ २०६३/९/२७	रामसुन्दर यादव	वि.एस्सी.	शिक्षक, जिल्ला शिक्षा कार्यालय, धनकुटा
६२.	२०४ २०६३/९/२७	लोकराज थपलिया	हाइस्कुल	सहायक तृतीय, गोरखापत्र संस्थान
६३.	२७१ २०६३/१२/२७	भुपनारायण चौधरी	इन्टर	लेखा सहायक, कृषि विकास बैंक
६४.	२७२ २०६३/१२/२९	गायत्री कार्की	इन्टर	कम्प्युटर अपरेटर, नेपाल आयल निगम
६५.	२७३ २०६४/१/२	प्रदिप अधिकारी	आइ.एस्सी.	कोपाइलट, नेपाल वायुसेवा निगम
६६.	२७४ २०६४/१/२	प्रल्हाद राय	माध्यमिक	कार्यालय सहायक, कृषि विकास बैंक
६७.	२७५ २०६४/१/२	नारायणसिंह वेल्वासे	इन्टर	सिनियर मिटर रिडर, नेपाल विद्युत प्राधिकरण
६८.	२७६ २०६४/१/२	सविता पन्त	हाइस्कुल	उपसहायक, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद
६९.	२७७ २०६४/१/२	तिलककुमार प्रधान	हाइस्कुल	प्रहरी सहायक निरीक्षक, प्रहरी प्रधान कार्यालय
७०.	२७८ २०६४/१/२	सुवोध दाहाल	हाइस्कुल	सहायक शिक्षक, जनक शिक्षा सामग्री केन्द्र
७१.	२७९ २०६४/१/३	मुरलीप्रसाद सिंह	इन्टर	डाक्टर, स्वास्थ्य मन्त्रालय
७२.	२८० २०६४/१/४	टिकाराम राई	माध्यमिक	ना.प्रा.स., रेडियो नेपाल
७३.	२८१ २०६४/१/४	दाताराम पोखरेल	माध्यमिक	ना.प्रा.स., रेडियो नेपाल
७४.	२९२ २०६४/१/१३	सूरेन्द्रविक्रम शाह	इन्टर	वरिष्ठ सहायक, गोरखापत्र संस्थान

क्र.सं	निर्णय संख्या र मिति	प्रतिवादीको नाम	शैक्षिक योग्यता	पद र कार्यालय
७५.	३१२ २०६४/२/१	रामनारायणसिंह नेपाली	इन्टर	प्रवन्ध निर्देशक, सिंहदरवार वैद्यखाना
७६.	३३४ २०६४/२/२२	खगेन्द्रप्रसाद भट्ट	हाइस्कुल	मिल हेल्पर, तह तीन, नेपाल खाद्य संस्थान
७७.	३३५ २०६४/२/२२	शिवनारायण चौरसिया	माध्यमिक	सहायक ख, राष्ट्रिय वाणिज्य वैंक
७८.	३४५ २०६४/२/२७	यमलाल खनाल	इन्टर	प्रुफ रिडर, गोरखापत्र संस्थान
७९.	३५४ २०६४/३/४	चन्द्रप्रसाद अधिकारी	आइ.ए.	शिक्षक, जिल्ला शिक्षा कार्यालय, मोरङ्ग
८०.	३६८ २०६४/३/१२	दिपकराज ढुंगेल	इन्टर	सिनियर मिटर रिडर, नेपाल विद्युत प्राधिकरण
८१.	३६९ २०६४/३/१२	श्यामचन्द्र अगन्जा	इन्टर	सुपरभाइजर, नेपाल टेलिकम

माथि उल्लेखित अभियुक्तहरुले नक्कली शैक्षिक प्रमाणपत्रहरु पेश गर्नुको प्रयोजन अनुसूची ४ मा दिइएको छ। नक्कली प्रमाणपत्र सम्बन्धमा आ.व. ०५७/५८ देखि आ.व. ०६२/६३ सम्म भएको फैसला विवरण र शैक्षिक प्रमाणपत्र सम्बन्धि मुद्दाहरुमा सफलता/असफलताको अनुपात अनुसूची ५ मा दिइएको छ।

८. **जग्गा हिनामिनासम्वन्धी मुद्दा :**

क्र.सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१.	१४ २०६३/४/७	खरिदार प्रल्हादप्रसाद शाह वारा जिल्ला कलैया न.पा. वडा नं. ७ वस्ने रत्नलाल अग्रवाल	वदनियतपूर्वक सरकारी पर्ती जग्गा व्यक्तिको श्रेस्ता पूर्जामा चढाई व्यक्तिको नाममा कायम गराई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा १ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसुर गरी नेपाल सरकारलाई गैरकानूनी हानी र आफू र रतनलाल अग्रवाललाई गैरकानूनी लाभ पुऱ्याएको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको हदै सम्मको सजाय हुन मागदावी लिने	रु. ८,३३,४००।-

९. **रिसवत सम्वन्धी मुद्दा :**

क्र.सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१	१५३ २०६३/७/२८	शा.अ.कर्ण बहादुर खड्का	घुस लिएको पुष्टि भएकोले निजबाट भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) वमोजिमको कसुर भएको हुँदा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) वमोजिमको सजाय गर्ने माग दावी लिने	रु ५,०००।-
२	१८७ २०६३।९।७	गा.वि.स. सचिव रामसकल साह दिनेश शाह	गैरकानूनी तवरबाट रु. ४,०००।-(चार हजार) घुस/रिसवत लिई सरकारी कागजपत्रहरु सच्याई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) र ११ बमोजिमको कसूरजन्य कार्य गरेको देखिएकाले भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ (१) (क) र ११ बमोजिम हदै सम्मको सजायको मागदावी लिई	रु. ४,०००।-
३	१९२ २०६३।९।१४	शाखा अधिकृत उर्वादत्त भट्ट	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिमको कसुर गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम सजाय गरी पाउने मागदावी लिइ	रु. २,०००।-

१०. **राजस्व अनियमितता सम्वन्धी मुद्दा :**

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१.	१३ २०६३/४/७	त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा कार्यरत नायब सुव्वाहरु पहल थापा क्षेत्री, कलिराम पौडेल, गणेश प्रसाद पौडेल र कमल मैनाली तथा परिचर रामशरण थापा	व्यापारी मीनबहादुर खत्री समेतका व्यक्तिहरुसंग मिलोमतो गरी आफूलाई गैर कानूनी लाभ र नेपाल सरकारलाई रु.५,०८,२५१।६२ (अक्षेरुपी पांच लाख आठ हजार दुई सय एकाउन्न रुपैंया बैसठ्ठी पैसा) गैर कानूनी हानी पुऱ्याउने बद्नीयत राखी आफू कार्यरत रहेको भन्सार कार्यालयको पैठारी गोदामबाट मोवाईल थान ९९६ र सो को व्याट्रीहरु समेत भन्सार चोरी पैठारी गर्ने कार्यमा संलग्न भई नेपाल सरकारलाई प्राप्त हुने राजश्व चुहावट गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ७ बमोजिम कसुर गरेको देखिएको हुंदा उक्त ऐनको दफा ३(१) र दफा ७ बमोजिम सजायको मागदावी गरी मुद्दा दायर गर्ने ।	रु.५,०८,२५१।६२

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
२.	३१ २०६३/४/१८	व्यापारी यज्ञबहादुर श्रेष्ठ, तातोपानी भंसारका कर्मचारी बोजराज श्रेष्ठ र गणेश घले	सामान जाँचपास भै राजश्व समेत तिरी सकेपछि मात्र ट्रक कन्टेनरमा शिलछाप लगाई दिनु पर्नेमा भंसार नाकाबाट प्रवेश नगरी चोरी पैठारी गरी ल्याएको सामान भएको ट्रक कन्टेनरमा भंसार कार्यालयको शिलछाप लगाइ दिएको हुँदा उक्त कार्यमा संलग्न व्यापारी यज्ञबहादुर श्रेष्ठ, भंसारका कर्मचारी बोजराज श्रेष्ठ र गणेश घले उपर भ्र.नि. ऐन, २०५९ को दफा ३(१), दफा ७, दफा ८(४) र दफा २२ बमोजिमको कसूर गरेको अभियोगमा ऐ. ऐनको तत्तत् दफा बमोजिम जरिवाना र कैद समेतको मागदावी लिने ।	रु. ४,२४,९४६।-
३.	६२ २०६३/५/२८	गलैंचा तथा ऊन विकास समितिमा तत्कालिन कार्यरत लेखापाल त्रिलोचन तिवारी	आर्थिक बर्ष २०५२/५३ मा बैंक दाखिला गर्नुपर्ने रकम बैंक दाखिला नगरेको रु. ९,२८,५८०।२३ र सो भन्दा अघिल्लो बर्षको जिम्मेवारी सार्दा घटी जिम्मेवारी सारेको रु. २१,४९९।२० हालसम्म पनि दाखिला गरेको नदेखिएबाट साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ अन्तर्गतको कसूर हुने प्रकृतिको भ्रष्टाचार गरेको पुष्टी भएकोले निजका विरुद्ध अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा ३५ बमोजिम अनुसन्धान अधिकृत उत्तम पाण्डेका नामवाट उल्लेखित रकमको बिगो कायम गरी हदैसम्मको दण्ड जरिवाना माग गर्ने ।	रु. ९,५०,०७९।४३
४.	१७१ २०६३।८।७	प्रो. रामेश्वर श्रेष्ठ (जयकालिका इन्टरप्राइजेज) प्रो. बालप्रसाद शर्मा (रामी ट्रेडर्स) प्रो.सन्तोष राजभण्डारी (जेनियम ट्रेडलिङ्क्स्)	भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कशुरमा सोही दफा बमोजिमको सजायंको माग दावी गर्ने ।	रु. ३१,३०,५३१।४३

क्र.सं.	आयोगको निर्णय संख्या र मिति	मुद्दाको प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
५.	१९१ २०६३।९।१३	गा.वि.स. अध्यक्ष हृदय नारायण राय गा.वि.स.सचिव दशरथ राय	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३(१) को खण्ड (ङ) बमोजिम सजाय हुने कसुर गरेको पाइयो । निजहरु दुवै जनालाई सजाय गरी विगो असूल उपर गर्न माग दावी गरी विशेष अदालत काठमाडौंमा मुद्दा दायर गर्ने । भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) ले सजाय हुने कसुर देखिएबाट निजको हकमा सजाय गरी विगो असूल गर्ने माग दावी गर्ने ।	रु.५,३९,०००।- रु.७,९५८।७२
६.	२९९ २०६४।१।२१	गा.वि.स. सचिव श्री तेज कुमार श्रेष्ठ	भ्र.नि.ऐन २०१७ को दफा १३ र प्रचलित भ्र.नि.ऐन २०५९ को दफा १७ बमोजिम सजाय हुने कसूर हुनाले उल्लेखित ऐन बमोजिम सजाय गन र निजबाट चुला चुली गाउँ विकास समितिलाई पुऱ्याएको हानी नोक्सानी असूल उपर गर्ने माग दावी गर्ने ।	रु. २,९०,७२२।८५
७.	३०८ २०६४।१।३०	लेखापाल अशोककुमार झा क्लर्क गोपाल झा	भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकोले निजलाई सोही ऐनको सोही दफा बमोजिमको सजायको मागदावी गर्ने ।	रु. ७,२९,०५१।५४

११. विकास निर्माण सम्वन्धी मुद्दा :

क्र.सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१	३० २०६३/४/१७	वडाध्यक्ष चिनियाकाजी वज्राचार्य घरधनीहरु शुभद्रा श्रेष्ठ, स्वयंप्रसाद श्रेष्ठ, योगमाया श्रेष्ठ, उषा मोक्तान, रुक्मीणी श्रेष्ठ र दुर्गालक्ष्मी श्रेष्ठ	स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५७ विपरित तथा कानूनवमोजिम स्वीकृत मापदण्डको प्रतिकूल गरिएको सो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ दफा ८ १(ग) वमोजिम सजाय हुने कसूर देखिएकोले निजका विरुद्ध सोही दफावमोजिमको मागदावी लिने । चिनियामान वज्राचार्यसँग मिलेमतो गरी काठमाण्डौ उपत्यका नगर विकास समितिले लागू गरेको मापदण्ड, २०५० विरुद्ध भवन निर्माण गर्ने नक्शा बनाउन लगाई महानगरपालिकामा पेश गरी	-

			पास गराई आफुलाई गैरकानुनी लाभ हुने कार्य गरेको पुष्टी हुन आएको र निजहरुको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) ले सजाय हुने कार्य गरेकोले निजहरुलाई सोही दफा वमोजिम मागदावी लिने ।	

१२. **सवारी दर्ता सम्वन्धी मुद्दाहरु :**

क्र. सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१.	५२ २०६३/५/१२	<u>यातायात व्यवस्था कार्यालय इटहरिका संलग्न कर्मचारीहरु :</u> का.प्र. रामप्रसाद सैंजु शा.अ. हरिप्रसाद श्रेष्ठ शा। अ. रामप्रसाद अर्याल ना.सु. यशोधा खतिवडा ख. युवराज कोइराला ना.सु. लाल वहादुर वुढाथोकी ख. नारदप्रसाद भट्टराई मे.सु. प्रमोदकुमार चौधरी ना.सु. सुरेशकुमार पोखरेल ना.सु. सूर्यमणी गौतम ना.सु. कपिलप्रसाद रेग्मी ना.सु.जीवनाथ नेपाल टा.ना.सु.संगिता आचार्य स.ले.पा.बाबुराम ढकाल ख. शालिग्राम वजगाई ख. रामप्रसाद आचार्य ख. तुल्सीराम पाण्डे ख. हेमन्तकुमार खतिवडा <u>सवारी धनीहरु :</u> तुल्सीराम पाण्डे अशोक कुमार गुप्ता कृष्ण बहादुर सिंह मुनकला खासु मगर भन्ने मुनकला थापा टीकाराम सुवेदी राम प्रसाद वस्याल गणेश कुमार भूसाल लाल प्रसाद गुप्ता मनसुर तेली मुसलमान भोलानाथ पन्थ गोविन्द बहादुर कार्की गंगाधर पंगेनी	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) ले सजांय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ. ऐनको सोही दफा अनुसार हदै सम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गर्ने ।	रु. ९३,८३,९९६।-

क्र. सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
		राकेश श्रेष्ठ रामप्रसाद शाक्य डिलाराम सापकोटा श्रीमती प्रतिक्षा राणा पर्शुराम चौधरी हस्तबहादुर सिंह चन्द्र बहादुर महतो		
२.	६० २०६३।५।२८	ना.सु. राजुलाल शर्मा, ना.सु. लिलाधर लम्साल, मे.सु. बाबुलाल गुरुङ्ग र खरीदार ध्रुवराज रेग्मी तुल्सीराम पाण्डे	साबिक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टचार निवारण ऐन २०५९ को दफा ८(३) र ८(४) मा उल्लेखित भ्रष्टाचारजन्य कसुर गरेको देखिन आएको हुँदा निजहरुलाई सोही ऐन बमोजिम हदै सम्मको दण्ड सजाय र सरकारलाई हानी नोक्सानी पुगेको विगो निजहरु समेतबाट असूल उपर गर्न मागदावी लिने ।	रु. ५,८८,८९४।२२
३.	७७ २०६३/६/२	यातायात व्यवस्था कार्यालय, बागमतीका कर्मचारीहरु : का.प्र. अव्दुल रइस खाँ ख. हरिशरण फुँयाल सवारी धनीहरु : विनोद सिंह ऋषिराम खरेल	सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र (४) ले सजांय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले हदै सम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो अशुल गरी पाउन माग दावी गर्ने ।	रु. ४,३४,५१८।२०
४.	७८ २०६३/६/२	कर्मचारीहरु : अव्दुल रइस खाँ हरिशरण फुँयाल सवारी धनीहरु : विनोद सिंह ऋषिराम खरेल	लिलामी गरेको गाडि सकार गरेको कागजात नभईकन चोरीको गाडि दर्ता गरेको ।	रु. ४,३४,५१८।२०
५.	१०८ २०६३/६/२४	कर्मचारीहरु : रविन्द्रराज श्रेष्ठ अव्दुल रइस खाँ	बा. अ. झ. १४९६ नंबर हाल ग १ ज २१३८ नंबरको सवारी साधन दर्ता	रु.५,८८,९८४।-

क्र. सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
		किरण थापा राजेन्द्र रिजाल मोहन हमाल सवारी धनी जव्वरवहादुर लामिछाने	गर्दा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१)र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) ले सजांय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले हदै सम्मको सजाय मागदावी गर्ने ।	
६.	११३ २०६३/६/२९	यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरु: का.प्र. अव्दुल रइस खाँ ख. हरिशरण फुँयाल सवारीधनीहरु ऋषिराम खरेल दयाराम यादव कृष्णराज पौडेल	बा. अ. स. ६७ नंबर हाल ग. १ ज. २५८४ नंबरको सवारी साधनसावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र ८(४) बमोजिमको सजाय हुने कसूर देखिएको हुंदा सो कसूरमा संलग्न व्यक्तिहरु उपर हदै सम्मको सजाय मागदावी गर्ने ।	रु.५,८३,१६९।१६
७.	१३२ २०६३।७।१५	यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरु: का.प्र. अव्दुल रइस खाँ ख. हरिशरण फुँयाल सवारीधनीहरु धन बहादुर खड्का ऋषिराम खरेल दयाराम यादव	सावित बा. अ. अ. ७९ नंबर हाल ग. १ ज. १६८४ नंबरको सवारी साधन दर्ता सम्वन्धमा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र ८(४) बमोजिमको सजाय हुने कसूर देखिएको हुंदा सो कसूरमा संलग्न व्यक्तिहरु उपर उपरोक्त बमोजिम हदै सम्मको सजाय मागदावी लिने ।	रु.६,९८,६३२।४८
८.	३१८ २०६४।२। ३	राजिव महर्जन शाखा अधिकृत रमण श्रेष्ठ ना.सु.कान्छा राना क्वालिटी किचन एण्ड ईक्वीपमेन्ट प्रा.लि.	बा २ च २४६७ नंबरको सवारी साधन दर्ता गर्दा भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) ले सजांय हुने भ्रष्टाचारजन्य कसूर	रु. १५,९३,४२८।४०

क्र. सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
			देखिनाले ऐ. ऐनको सोही दफा अनुसार सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गर्ने ।	
९	१५८ २०६३।७।२९	कर्मचारीहरु: रमण श्रेष्ठ मोहनवहादुर हमाल हरिशरण फुँयाल सवारी धनी : छविलाल कँडेल लालप्रसाद सापकोटा	सविक बा अ ५४०४ हाल ना १ ज १३०९ नंबरको सवारी साधन दर्ता गर्दा सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र ८ (४) बमोजिमको सजाय हुने कसूर देखिएको हुंदा सो कसूरमा संलग्न व्यक्तिहरु उपर हदैसम्मको सजाय माग दावी गर्ने ।	रु. ५,८३,१६९।१६

१३. बैंकिङ्ग सम्वन्धी मुद्दा :

क्र. सं.	निर्णय संख्या	प्रतिवादी	दावीको व्यहोरा	विगो रकम
१	३५२ २०६४।३ ।३	नेपाल राष्ट्र बैङ्कका गभर्नर श्री विजयनाथ भट्टराई र कार्यकारी निर्देशक श्री सुरेन्दमान प्रधान	भ्रष्टाचार निवारण ऐन, २०५९ बमोजिम दुई वर्षसम्म कैद वा विगो बमोजिम जरिवाना सजाय माग दावी गर्ने ।	रु २,४५,४६,२५४।३८

आर्थिक वर्ष २०६३/६४ मा आयोगबाट अभियोजन गर्न निर्णय गरिएका मुद्दाहरुमा जम्मा रु.४,६८,६०,५०५।७९ (चार करोड अठ्सट्ठी लाख साठी हजार पाँच सय पाँच र पैसा उनानअसी) विगो मागदावी लिइएको छ ।

१४. प्रत्यायोजित अधिकार अन्तर्गत भएका काम कारवाही :

मिति २०६३।१०।१ को नेपाल राजपत्रमा प्रकाशित सूचना बमोजिम क्षेत्रीय प्रशासक, प्रमुख जिल्ला अधिकारी, पुनरावेदन सरकारी वकील कार्यालयका तथा जिल्ला सरकारी वकील कार्यालयका सरकारी वकीलहरुलाई तोकिएको शर्त बमोजिम आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएको छ । तद्नुरुप आ.ब. २०६३।०६४ मा पाँच बिकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३३८ वटा उजूरी परेकोमा जम्मा ३६ वटा फछ्यौंट भई ३०२ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी क्षेत्रीय प्रशासन कार्यालयहरुको कार्यसम्पादनको प्रगति हेर्दा भ्रष्टाचार नियन्त्रणको दिशामा छिटो छरितोपन ल्याई सुधार हुनु पर्ने

देखिएको छ । त्यसै गरी ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १५९६ वटा उजूरी परेकोमा जम्मा २१९ वटा फछ्यौंट भई १३७७ वटा फछ्यौंट हुन बाँकी नै रहेको विवरण प्राप्त हुन आएको छ । यसरी हेर्दा जिल्ला प्रशासन कार्यालयहरुबाट भएको कार्य सम्पादन आशातित रुपमा प्रभावकारी रहेको छैन । हाल मुलुकमा विद्यमान असहज परिस्थिति, भ्रष्टाचार सम्वन्धी अनुसन्धान कार्यले प्राथमिकता नपाउनु र अनुसन्धान सम्वन्धी दक्षताको अभाव जस्ता कारणहरुले यसो हुन गएको मान्न सकिन्छ । यस सम्वन्धी विस्तृत तथ्याङ्क अनुसूची ६ र ७ मा दिइएको छ । आयोगमा परेका कूल उजूरी र फछ्यौंटको संख्यात्मक विवरण अनुसूची ८ र ९ मा दिइएको छ भने कूल उजूरी र फछ्यौंटको तुलनात्मक विवरण अनुसूची १० मा दिइएको छ ।

परिच्छेद ३
अभियोजन

अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १८ मा सार्वजनिक पद धारण गरेका व्यक्ति उपर भ्रष्टाचारको आरोपको सम्बन्धमा चलेको कारवाही र त्यस सम्बन्धमा भएको अनुसन्धान र तहकीकातबाट निजले सो अपराध गरेको हो भन्ने विश्वास गर्नु पर्ने मनासिब कारण भएमा आयोगले त्यस सम्बन्धमा प्रचलित कानून बमोजिम मुद्दा चलाउन सक्दछ । उल्लेखित प्रावधान अनुरुप आर्थिक वर्ष २०६३।६४ मा कसूरदार ठहरिएका अभियुक्तहरु बिरुद्ध बिशेष अदालत समक्ष दायर गरिएका मुद्दाहरु सम्बन्धी संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ ।

१. जिल्ला प्रहरी कार्यालय म्याग्दी दरबन्दी भई जिल्ला प्रहरी कार्यालय पाल्पामा कार्यरत प्र.ना.नि. कुल बहादुर कार्कीले भारतबाट खरिद गरेको आई.ए.को नक्कली प्रमाणपत्र पेश गरी सोको आधारमा प्रहरी सेवामा कार्यरत रहेको भन्ने वेनामी उजूरी प्राप्त भएकोमा सो उपर यस आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेशबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा हेर्दा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजले साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अनुसार सजाय हुने कसूर गरेको देखिन आएकोले उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३।४।२ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

२. त्रिभुवन विमानस्थल भन्सार कार्यालयमा कार्यरत नायव सुव्वाहरु पहल थापा क्षेत्री, कलिराम पौडेल, गणेश प्रसाद पौडेल र कमल मैनाली तथा परिचर रामशरण थापा समेतले व्यापारी मिन बहादुर खत्री समेतका व्यक्तिहरुसंग मिलोमतो गरी आफूलाई गैर कानूनी लाभ र नेपाल सरकारलाई रु. ५,०८,२५१।६२ (अक्षेरुपी पांच लाख आठ हजार दुई सय एकाउन्न रुपैंया बैसठ्ठी पैसा) गैर कानूनी हानी पुऱ्याउने बदनियत राखी आफू कार्यरत रहेको भन्सार कार्यालयको पैठारी गोदामबाट मोवाईल थान ९९६ र सो को व्याट्रीहरु समेत भन्सार चोरी पैठारी गर्ने कार्यमा संलग्न भई नेपाल सरकारलाई प्राप्त हुने राजश्व चुहावट गर्ने कार्य गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१) र ७ बमोजिम कसूर गरेको देखिएको हुंदा उक्त ऐनको दफा ३(१) र दफा ७ बमोजिमको मागदावीलिई आयोगको मिति २०६३/४/७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३. बारा जिल्ला भोडहा गा.वि.स. वडा नं. ६ ख को कि.नं. ४४ को सरकारी पर्ती जग्गा मालपोत कार्यालय बाराका कर्मचारीहरुले व्यक्तिको श्रेस्ता पूर्जामा चढाई भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान तहकिकात गरी आयोगको मिति २०६३/४/७ को वैठकबाट निम्नानुसारको निर्णय भयो :

क. खरिदार प्रल्हाद प्रसाद शाहको सम्बन्धमा :

मालपोत कार्यालयको मोठ शाखाको फाँटवालाले दाखिल खारेज गरी जग्गाको विवरण चढाउँदा निज खरिदार प्रहलाद प्रसाद शाहले र.नं. १२६४ मिति ०५१।६।४ को पारित राजिनामा बमोजिम भोडहा गा.वि.स. को वार्ड नं. ५ क को कि.नं. ३७९ को ज.वि. ०-०-११ रतनलाल अग्रवालको पा.नं. १२०९ को श्रेस्तामा चढाउँदा खराव मनसाय राखी एउटा महलमा दुईवटा जग्गाको विवरण चढाउन ठाउँ पुग्ने वनाइ कि.नं. ३७९ को जग्गाको विवरण सानो अक्षरमा महलको माथिल्लो भागमा चढाएको देखियो । कि.नं. ३७९ को जग्गाको विवरण चढाई निज फाँटवाला खरिदार प्रहलाद प्रसाद शाहले दस्तखत गरी मालपोत अधिकृतबाट प्रमाणित गराएपछि कि.नं. ३७९ को जग्गाको विवरण मुनि तेर्सो रेखा तानी अर्को महल वनाइ कि.नं. ४४ को जग्गाको विवरण चढाएको पाइयो । कि.नं. ३७९ र ४४ को दुवै जग्गाको विवरणलाई समेट्ने गरी निज शाहले दस्तखत गरेको देखिएबाट यसो गर्नुमा निज नै पूर्ण जिम्मेवार देखिए । कि.नं. ३७९ को जग्गा आफ्नो पूर्जामा चढ्दा कि.नं. ४४ को ज.वि. ३-१६-० पनि आफ्नो पूर्जामा चढेको कुरा जग्गा धनी रतनलाल अग्रवालले आयोगमा गरेको बयानमा वताएको आधारमा दुवै जग्गा एकै समयमा श्रेस्ता पूर्जामा चढेको पाइयो । भोडहा गा.वि.स. को मोठ फाँटको सम्पूर्ण जिम्मा प्रहलाद प्रसाद शाहको रहेको र निजले नै श्रेस्ता पूर्जा बनाई पूर्जा वुझ्काएको देखिएबाट कि.नं.४४ को सरकारी पर्ती जग्गा क्षे.फ.वि. ३-१६-० रतनलाल अग्रवालको श्रेस्ता पूर्जामा चढाउने काममा फाँटवाला प्रहलाद प्रसाद शाह नै जिम्मेवार रहेको देखियो। निज प्रहलाद प्रसाद शाहले एउटा महललाई रेखा कोरी दुईवटा वनाई कि.नं. ४४ को जग्गाको विवरण चढाएको व्यहोरा थाहा नहोस भनी सोही ठाउँमा मिति २०५१।१०।९ मा कि.नं. २७१ को जग्गाको कैफियत व्यहोरा लेखेको पाइयो । यसैगरी मिति ०५१।११।२२ मा पारित हुन पेश भएको अंश भरपाईको लिखतमा मोठ भिडाउँदा मोठ ठिक छ भनी निज शाहले नै दस्तखत गरेको तर एउटा महललाई रेखा तानी दुईवटा वनाई कि.नं. ४४ को जग्गाको विवरण चढाएको स्पष्ट रुपमा देखिने कुरा लुकाई सो तर्फ कुनै ध्यान नदिएको देखिएबाट यसमा निजको पूर्ण संलग्नता रहेको पुष्टि हुन आयो । लिखत पारित भएपश्चात दा.खा. गरी श्रेस्ता पूर्जामा चढाउँदा कि.नं. ४४ बाट कित्ताकाट भई रतनलाल अग्रवालको नाउँमा कायम रहेको कि.नं. १७० को ज.वि. २-१६-१२ जग्गा रतनलाल अग्रवालको सोही पाना नं. १२०९ को मोठको पछाडि पट्टिको भागमा चढाउनु पर्नेमा आफूले गरेको बदमासी अन्य कसैले थाहा नपाउन भन्ने मनसाय राखी सो पानालाई वन्द गराई रतनलाल अग्रवालको नाउँमा नयाँ पाना नं. ३०६६ कायम गरी जग्गा चढाएको देखियो । पारित अंश भरपाई बमोजिम रतनलाल अग्रवालको नाउँमा कायम रहेको क्षे.फ.वि. २-१६-१२ जग्गा फाँटवाला खरिदार प्रहलाद प्रसाद शाहले रतनलाल अग्रवालको मोठ पाना नं. ३०६६ मा चढाई दस्तखत गरी मालपोत अधिकृत भवनाथ भट्टराईबाट प्रमाणित गराइ सकेपछि रतनलाल अग्रवालसँग मिलेमतो गरी क्षे.फ.वि. २-१६-१२ को विगाहा जनिने २ लाई सच्याई ३ वनाई जम्मा जग्गा वि. ३-१६-१२ वनाइ दिएको पाइयो । यसप्रकार खरिदार प्रहलाद प्रसाद शाहले रतनलाल अग्रवालसँग मिलोमतो गरी वदनियतपूर्वक सरकारी पर्ती जग्गा व्यक्तिको श्रेस्ता पूर्जामा

चढाई व्यक्तिको नाममा कायम गराई तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा १ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिमको कसूर गरी नेपाल सरकारलाई गैरकानूनी हानी र आफू र रतनलाल अग्रवाललाई गैरकानूनी लाभ पुऱ्याएको देखिन आएकोले निजलाई साविक साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (१) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (१) को खण्ड (ज) बमोजिम हदैसम्म सजायको माग दावी लिई विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

ख. रतनलाल अग्रवालको सम्बन्धमा :

वारा जिल्ला कलैया न.पा. वडा नं. ७ वस्ने रतनलाल अग्रवालले सरकारी पर्ती जग्गा आफ्नो नाउँमा कायम गराउने खराव मनसाय राखी मालपोत कार्यालय बाराको र.नं. १२६४ मिति ०५१।६।४ को पारित राजिनामा बमोजिम निजले रौदी खाँ थारुबाट लिएको भोडहा ५ क को कि.नं. ३७९ को क्षे.फ.वि. ०-०-११ जग्गा मिति ०५१।९।१३ मा निजको श्रेस्ता पूर्जामा चढाउँदा फाँटवाला खरिदार प्रहलाद प्रसाद शाहसँग मिलेमतो गरी भोडहा गा.वि.स. वडा नं. ६ ख को कि.नं. ४४ को ज.वि. ३-१६-० सरकारी पर्ती जग्गा निजको श्रेस्ता पूर्जामा चढाउन लगाएको पाइयो । आफ्नो नाउंमा श्रेस्ता कायम भएपछि मिति २०५१।११।२२ मा अंश भरपाई बमोजिम उक्त कि.नं. ४४ लाई कित्ताकाट गरी कायम भएको कि.नं. १६९ को ज.वि. ०-१६-० आफ्नै श्रीमती उमादेवी अग्रवाललाई दिएको र निजको नाउँमा कायम रहेको कि.नं. १७० को ज.वि. २-१६-१२ लाई फाँटवाला खरिदार प्रहलाद प्रसाद शाहसँग मिलेमतो गरी सच्याउन लगाइ ज.वि. ३-१६-१२ बनाएको र सच्याई कायम भएको ज.वि. ३-१६-१२ मिति २०५८।९।६ मा आमाको नाउँमा वकसपत्र पारित गरी आमाको मृत्यु पश्चात मिति २०६२।३।२७ मा आफ्नो नाउँमा कायम गराएको पाइयो । कि.नं. १६९ को ज.वि. ०-१६-० र कि.नं. १७० को ज.वि. ३-१६-१२ समेत जम्मा ज.वि. ४-१२-१२ निज रतनलाल अग्रवालको परिवारले २०५१ साल देखि २०६२ साल सम्म जोतभोग गरेको देखियो । प्रहलाद प्रसाद शाहको संलग्नतामा सरकारी पर्ती जग्गा आफ्नो नाउँमा कायम गराएको र कित्ताकाट पश्चात आफ्नो नाउँमा कायम रहेको जग्गाको क्षेत्रफल समेत सच्याउन लगाई सो बमोजिमको जग्गा जोतभोग समेत गरेको देखिएबाट निजले भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको कसूर गरी नेपाल सरकारलाई गैरकानूनी हानी र आफूलाई गैरकानूनी लाभ पुऱ्याएको देखिन आएकोले निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (४) बमोजिमको हदैसम्म सजायको मागदावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने । कसूरको विगो सम्बन्धमा कि.नं. ४४ बाट कित्ताकाट भै कायम रहेका कि.नं. १६९ र १७० का जग्गाको रजिष्ट्रेशनको प्रयोजनको लागि कायम भएको न्यूनतम मूल्याङ्कन प्रति कट्ठा रु. ९,०००।- का दरले जम्मा जग्गा विगाहा ४-१२-१२ को मूल्य रु. ८,३३,४००।- विगो कायम गरी सजायको मागदावी लिईयो ।

४. नेपाल बैंक लिमिटेडमा कार्यरत रहेका टाईपिष्ट श्याम महर्जनले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल बैंक लिमिटेडले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गत समेतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/१० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५. राष्ट्रिय प्राथमिक विद्यालय धुर्केश, चन्डीभञ्ज्याङ्ग, चितवनमा कार्यरत रहेका प्राथमिक शिक्षक नरेन्द्र गुरुङले सेवा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी शिक्षा तथा खेलकूद मन्त्रालयले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीबाट प्राप्त पत्रका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/१० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६. हिमालचुली प्राथमिक विद्यालय नागी फलेनी, लमजुङका प्राथमिक विद्यालयका शिक्षक नवराज पाण्डेले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी शिक्षा तथा खेलकुल मन्त्रालयले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बिहार संस्कृत शिक्षा बोर्ड, पटना भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७. नेपाल विद्युत प्राधिकरण अर्न्तगत तौलीहवा शाखाका क्लर्क नारायणवहादुर जि.सी.ले सेवा प्रवेश हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र प्रारम्भिक छानबिनको क्रममा शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल विद्यूत प्राधिकरणले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको

प्रतिवेदन तथा सम्बन्धित माध्यामिक शिक्षा परिषद्, उत्तर प्रदेश इलाहावाद भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौं मुद्दा दायर गरियो ।

८. काठमाण्डौ महानगरपालिका वार्ड नं १० नयाँ बानेश्वरस्थित कि.नं. १८०,१८८,१८९, १९०,१९१,१९२,१९३ र २०८ को जग्गावालाहरु जना ६ (शुभद्रा श्रेष्ठ/स्वयंप्रसाद श्रेष्ठ, योगमाया श्रेष्ठ, उषा मोक्तान, रुक्मीणी श्रेष्ठ र दुर्गालक्ष्मी श्रेष्ठ) ले २०५८ असार महिनामा भवन निर्माणका लागि छुट्टाछुट्टै नक्शा दर्ता गराएको देखिन्छ । ती नक्शाहरु दर्ता भैसकेपछि निवेदकहरु ५ जनाको हुन आउने १-७-३-२.२ जग्गामा व्यवसायिक भवन निर्माणका लागि भनी तत्कालीन नगरप्रमुख समक्ष मिति २०५८/१०/२४ मा संयुक्त निवेदन दिएको, निज नगरप्रमुखले "बन्ने व्यवसायिक भवन बेशमेन्ट अनिवार्यरुपमा पार्किङ्ग प्रयोजनका लागि मात्र प्रयोग गर्न पाउने गरी आ.का." भनी तोकादेश दिएको देखिन्छ । नयाँ नक्शा पेश भएपछि पहिले पेश भएका नक्शाका आधारमा फाराममा उल्लेख भएका मापदण्ड अन्तर्गत पर्ने विवरणहरु (फ्लोर एरिया, FRA, सेट व्याक) लाई केरमेट तथा टिपेक्ससमेतको प्रयोग गरी मापदण्डले पाउने नापभन्दा वढी विवरण उल्लेख गरेको पाइयो । पेश भएका नक्शा भवन निर्माण सम्वन्धी मापदण्ड, २०५० अनुसार नभएको भनी जुनियर इन्जिनियर तथा इन्जिनियरले समेत औल्याइसकेमा र जानीजानी कुनै आधार र कारण नभएको अवस्थामा काठमाण्डौ महानगरपालिका नक्सा शाखाका संयोजक तथा वाड नं ३० का वडाध्यक्ष चिनियामान वज्राचार्यले नगरप्रमुखले दिएको तोकादेश अनुसार स्थाई नक्सा पास स्वीकृति दिने भनी आदेश गरेको तथा प्लीन्थ लेभलसम्म अस्थायी इजाजत दिई सो निर्माण भएको पुष्ट्याँई डिजाइनर तथा शाखा प्रमुख (इन्जिनियर) बाट आइसकेपछि प्लीन्थ लेभलभन्दा माथिको सुपर स्ट्रक्चरका लागि स्थायी इजाजत दिनुपर्ने प्रावधान विपरित एकैपटक प्लीन्थ लेभल माथिको समेत स्थायी इजाजत निज चिनियामान वज्राचार्यले दिएको देखियो । निजको सो कार्य स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५७ विपरित तथा कानूनवमोजिम स्वीकृत मापदण्डको प्रतिकूल गरिएको सो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ को उपदफा (२) र दफा २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(१)(ग) वमोजिम सजाय हुने कसूर देखिएकोले निजका विरुद्ध सोही दफा वमोजिमको मागदावी सहित आयोगको मिति २०६३/४/१७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो । माथि उल्लेखित जग्गावालाहरु शुभद्रा श्रेष्ठ, स्वयंप्रसाद श्रेष्ठ, योगमाया श्रेष्ठ, उषा मोक्तान, रुक्मीणी श्रेष्ठ र दुर्गालक्ष्मी श्रेष्ठले प्रतिवादी चिनियामान वज्राचार्यसँग मिलेमतो गरी काठमाण्डौ उपत्यका नगर विकास समितिले लागू गरेको मापदण्ड, २०५० विरुद्ध भवन निर्माण गर्ने नक्शा बनाउन लगाई महानगरपालिकामा पेश गरी पास गराई आफुलाई गैरकानुनी लाभ हुने कार्य गरेको पुष्टी हुन आएको र निजहरुको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र दफा २९ तथा प्रचलित

भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) ले सजाय हुने कार्य गरेकोले आयोगको मिति २०६३/४/१७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९. तातोपानी भन्सार कार्यालयका बहीदार मानबहादुर चन्दले १ थान कम्बलको मिति ०६२।९।७ मा रु. २३८।- को राजश्व बुझिलिई नगदी रसिदको पहिलो प्रतिमा सो रकमको बिवरण उल्लेख गरी दोश्रो प्रति खाली नगदी रसिद ब्यापारी यज्ञ बहादुर श्रेष्ठलाई दिएको र सो नगदी रसिदमा जम्मा रु. ४,२४,९४६।- राजश्व तिरेको देखाई नक्कली प्रज्ञापन पत्र समेत तयार गरी सो मा किर्ते दस्तखत र छाप समेत लगाई ट्रक/कन्टेनरमा तातोपानी भन्सार कार्यालयको शिलछाप समेत लगाई चोरी पैठारी गरेको सामान ढुवानी गरी काठमाडौं तर्फ ल्याउँदै गर्दा मिति ०६२।९।१३ मा राजश्व अनुसन्धान विभागको गस्ती टोलीले उक्त ट्रक/कन्टेनर, सामान र कागजातहरु बरामद गरेको देखिन्छ । भन्सार लाग्ने सामान चोरी पैठारी गरी भन्सार नतिरी भित्र्याउन नगदी रसिदको खाली पाना उपलब्ध गराई राजश्व चुहावट गर्न मद्धत दिई प्रमुख भूमिका निर्वाह गर्ने वहिदार मानवहादुर चन्दले भ्र.नि. ऐन. २०५९, को दफा ७ को खण्ड (क) (ख) र (घ) अन्तर्गतको कसूर गरेको हुनाले ऐ. ऐनको दफा ७ तथा दफा ३ को उपदफा १(घ) बमोजिम सजायको मागदावि लिई र राजश्व असूल उपर गर्ने कर्मचारीसँग मिलोमतो गरी नक्क्ली प्रज्ञापन पत्र तयार गरी सो मा उल्लेख भएका चोरी पैठारीका सामानहरुको भन्सार महशुल भन्सार कार्यालयमा बुझाएको जस्तो देखिने गरी यज्ञ बहादुर श्रेष्ठ मार्फत प्राप्त खाली नगदी रसिदमा रु. ४,२४,९४६।- उल्लेख गरी भन्सार चोरी पैठारी गरी मालसामान ल्याउने सामानधनी व्यापारी पदम बहादुर श्रेष्ठ उपर भ्र.नि. ऐन, २०५९ को दफा ८(४) का साथै भंसार कार्यालयबाट वहिदार मानबहादुर चन्दसँग मिलेमतो गरी खाली रसिद लिई भंसार महसुल तिरेको जस्तो देखाउने कार्यमा सामानधनी पदम बहादुर श्रेष्ठलाई सहयोग गरेको र भंसार कार्यालयका कर्मचारीहरु बोजराज श्रेष्ठ र गणेश घलेले सामान जाँचपास भै राजश्व समेत तिरी सकेपछि मात्र ट्रक कन्टेनरमा शिलछाप लगाई दिनु पर्नेमा भंसार नाकाबाट प्रवेश नगरी चोरी पैठारी गरी ल्याएको सामान भएको ट्रक कन्टेनरमा भंसार कार्यालयको शिलछाप लगाइ दिएको हुँदा उक्त कार्यमा संलग्न व्यापारी यज्ञबहादुर श्रेष्ठ, भंसारका कर्मचारी बोजराज श्रेष्ठ र गणेश घले उपर भ्र.नि. ऐन, २०५९ को दफा ३ को उपदफा १(घ), दफा ७(क),(ख) र (घ), दफा ८(४) र दफा २२ बमोजिमको कसूर गरेको अभियोगमा ऐ. ऐन बमोजिम जरिवाना र कैद समेतको मागदावी लिई आयोगको मिति २०६३/४/१८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१०. नेपाल टेलिकमका प्रवन्धक प्रमोद कुमार गुरुङले सेवा प्रवेशका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग

दावी लिई आयोगको मिति २०६३।४।१९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

११. जिल्ला शिक्षा कार्यालय, मोरङ अन्तरगत पव्लिक उच्च माध्यमिक विद्यालय धनिवनि गाउं, मोरङका शिक्षक मिलन कुमार विश्वासले वढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गत समेतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/१९को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१२. सरस्वती माध्यमिक विद्यालय, वडहरा-१, मोरङका शिक्षक दिनेश्वर चौधरीले वढुवाको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विश्वविद्यालयबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/१९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१३. जिल्ला शिक्षा कार्यालय, संखुवासभा अन्तरगत विद्योदय संस्कृत माध्यमिक विद्यालय, संखुवासभाका तत्कालीन प्राथमिक शिक्षक उत्तरा घिमिरेले वढुवा प्रयोजनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई प्रस्तुत भएको प्रतिवेदन तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/१९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१४. नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेका हेभी इक्यूपमेन्ट अपरेटर (तह ५) गोविन्द सिंह धामीले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल विद्युत प्राधिकरणमा गठित नक्कली प्रमाण पत्र अध्ययन एवं छानबिन समितिले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा हेर्दा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा

१२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१५. कृषि विकास बैंक, शाखा कार्यालय, धादिङ्ग बेसीमा कार्यरत रहेका महिला कार्यकर्ता (तह ४) सिता दवाडीले सेवा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी कृषि विकास बैंक, मुख्य कार्यालयले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/२६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१६. नेपाल विद्युत प्राधिकरणका फोरमेन रमेश कुमार रिमालले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बोर्ड/परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/४/२९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१७. भन्सार चोरी पैठारी गरी आयात गरिएका र हाल भन्सार कार्यालय, भैरहवामा रहेको सावित को अ ६५१ नंबर हाल लु अ ज ४३२ नंबरको जीप समेत १० वटा जीप र सावित को अ ८३१ हाल लु अ ख २१३५ नंबरको ट्रक समेत ११ वटा ट्रक गरी २१ वटा सवारी साधनहरु यातायात व्यवस्था कार्यालय कोशी ईटहरीमा सावित एक्जुकेटिभ ईन्जिनियर ईलेक्ट्रीकल डिभिजन पूर्व पश्चिम राजमार्ग (एम.आर.एम.) बिराटनगर र ईटहरी सिविरको नाममा दर्ता भएका सवारी साधनहरु मिति २०५३/११/६ गते तुल्सीराम पाण्डेको नाममा नामसारी दर्ता गर्दा गैर कानूनी रुपमा लिलाम सकार गरेको कागजात पेश गरी भ्रष्टाचारजन्य कसूर गरेको भन्ने बिषयमा आयोगको मिति २०६३/५/१२ को वैठकबाट देहायको निर्णय भयो :

अ) यातायात व्यवस्था कार्यालय कोशी ईटहरीमा सावित एक्जुकेटिभ ईन्जिनियर ईलेक्ट्रीकल डिभिजन बिराटनगर र ईटहरी सिविरको नाममा दर्ता भएका उपरोक्त बमोजिमका २१ वटा सवारी साधनहरु बुटबलबाट लिलाम सकार गरी लिएको भन्ने आधारमा सोही यातायात व्यवस्था कार्यालयमा मिति २०५३/११/६ गते तुल्सीराम पाण्डेको नाममा

नामसारी दर्ता गरेको देखियो । यसरी निज तुल्सीराम पाण्डेको नाममा उक्त सवारी साधनहरु नामसारी दर्ता गर्दा उक्त कार्यालयले निज तुल्सीराम पाण्डेले पेश गरेका एम आर एम कम्पनीबाट सन् १०/९/१९८२ र १८/८/१९८२ मा लिलाम सकार गरेको थिएं भन्ने अलग-अलग कागजात, मिति २०५३/३/१९ र २०५३/४/२३ गते तत्कालीन निर्माण तथा यातायात सहायक मन्त्री गणेश बहादुर खड्कालाई सम्बोधन गरी अलग-अलग निवेदन दिई सो निवेदन उपर निज सहायक मन्त्रीले यातायात व्यवस्था कार्यालय कोशीलाई "निवेदकको माग अनुसार आवश्यक कारवाही गरिदिने" भनी तोक लगाएको आधारमा प्राप्त गरेका कागजात, हेभी इक्वीपमेन्ट डिभिजन, बुटवलले यातायात व्यवस्था कार्यालय कोशीलाई पठाएको च.नं ४९ र ५९ मिति २०५३/९/८ र २०५३/९/२३ गतेको 'नामसारी गरिदिने' बारेको पत्र, यातायात व्यवस्था कार्यालय लुम्बिनीले "सवारीको बिबरण प्रमाणित गरिएको छ" भनी यातायात व्यवस्था कार्यालय कोशीलाई पठाएको मिति २०५३/८/१६ गतेको पत्र, सडक बिभाग यान्त्रिक महाशाखा बबरमहलले "खुलाई पठाएको बारे" भनी यातायात व्यवस्था कार्यालय कोशीलाई पठाएको च.नं.१९७, मिति २०५३/५/२५ गतेको पत्र र ट्राफिक प्रहरी कार्यालय, भैरहवा, रुपन्देहीले यातायात व्यवस्था कार्यालय कोशीलाई लेखेको च.नं ७० र ८१ मिति २०५३/९/३ र २०५३/९/२६ गतेको "सिफारिस गरिएको छ" भनी पठाएको पत्रलाई आधार मानी निजको नाममा नामसारी दर्ता गर्ने गरी मिति २०५३/११/६ गते र २०५३/१२/२७ गते टिप्पणी खडा गरी दर्ता गर्ने निर्णय गरेको देखियो । यसरी निज पाण्डेले पेश गरेका कागजातहरु मध्ये हेभी इक्यूप्मेन्ट डिभिजन, बुटवलबाट नामसारी दर्ता गरिदिन सिफारिश गरेको दुवै पत्र कीर्ते देखियो । अतएव ती कीर्ते पत्रमा उल्लेखित सवारी साधन तुल्सीराम पाण्डेले लिलाममा सकार गरी लिएको भन्ने व्यहोरा उल्लेख भएको एम. आर. एम. ईलेक्ट्रीकल डिभिजन-I को सन् १०/९/१९८२ र १८/८/१९८२ को मिसिल संलग्न पत्र समेत स्वतः कीर्ते देखियो ।

आ) सडक विभाग, यान्त्रिक महाशाखा,बबरमहलले उक्त जिप र ट्रकहरु पूर्ण सरकारी सवारी साधनहरु हुन भनी पठाएको सिफारिश पत्र सम्बन्धमा अनुसन्धान गर्दा सो महाशाखाबाट सो च.नं. र मितिको पत्र उक्त कार्यालयलाई पठाएको देखिएतापनि पत्रमा उल्लेखित व्यहोरालाई थपघट गरी सोही च.नं. र मितिको पत्र उक्त कार्यालयमा पेश गरेको देखिएको र तत्कालीन सि.डि.ई.यादवचन्द्र पोखरेलले गरेको दस्तखत पनि कीर्ते देखियो ।

इ) उक्त सवारी साधनहरु नामसारी दर्ता गर्दा यातायात व्यवस्था कार्यालय लुम्बिनीले पठाएको प्राबिधिक जांच प्रतिवेदनलाई आधारमानी दर्ता गरेको देखिन्छ । तर सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ बमोजिम कुनै पनि सवारी साधनहरु नामसारी दर्ता गर्न आउंदा दर्ता गरिने कार्यालयमा साथै ल्याउनु पर्ने र सोही कार्यालयले प्राबिधिक जांच गर्नु पर्ने स्पष्ट व्यवस्था भएकोमा सो व्यवस्थाको उल्लंघन गरी दर्ता गर्न सिफारिस गरेको देखियो ।

ई) यसरी साविकमा यातायात व्यवस्था कार्यालय, कोशीमा साविक एक्जुकेटिभ ईन्जिनियर ईलेक्ट्रीकल डिभिजन पूर्व पश्चिम राजमार्ग (एम.आर.एम.) बिराटनगर र ईटहरी सिविरको नाममा दर्ता भएका उक्त सवारी साधनहरु निज तुल्सीराम पाण्डेले लिलाम सकार गरेको हुं भनी आफ्नो नाममा नामसारी दर्ताको लागि आएपछि सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ र ३७ समेतको अधिनमा रही आवश्यक कागजात प्रमाण हेरी जाँचीबुझी मात्र नामसारी दर्ता गर्ने निर्णय गर्नुपर्ने तथा गाडी नै उपस्थित गराई प्राविधिकबाट जाँचबुझ गर्नु गराउनुपर्ने स्पष्ट कानूनी व्यवस्था छंदा छंदै यातायात व्यवस्था कार्यालय, लुम्बिनी अंचल बुटबलबाट प्राविधिक जाँच गरी पठाएको प्रतिवेदन तथा अन्य कागजातका आधारमा कार्यालयमा उपस्थित नै नगराईएका १० वटा जिप तथा ११ वटा ट्रकहरुको यातायात व्यवस्था कार्यालय, कोशी अंचल, इटहरीका कर्मचारीहरुले कीर्ते कागजात पेश गर्ने तुल्सीराम पाण्डेसंग मिलेमतो गरी गैरकानूनी रुपले दर्ता नामसारी गरी उपरोक्त कानूनी व्यवस्था उल्लंघन गरेको देखियो ।

उ) यसरी लिलाम नै नगरेका गाडीहरुको किर्ते कागजातका आधारमा नामसारी दर्ता गरी दिई बिदेशबाट चोरी पैठारी गरी भन्सार नतिरी ल्याएका गाडीहरुलाई बैधता दिने कसूरजन्य कार्य गरेबाट उक्त १० वटा जिप र ११ वटा ट्रक समेतका कूल २१ वटा सवारी साधनहरु पैठारी गर्दा प्राप्त हुने भन्सार समेतको महशुल रु. ९३,८३,९९६।- (अक्षेरुपी रु त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रुपैंया नेपाल सरकारलाई गैरकानूनी रुपमा हानी नोक्सानी भएको देखियो ।

ऊ) अतः कीर्ते झूठ्ठा कागजात समेत तयार गरी साविकमा एम. आर. एम. का नाममा दर्ता रहेका १० वटा जिप र ११ वटा ट्रक आफूले लिलाम सकार गरी खरिद गरेको भन्ने प्रमाण देखाई दर्ता नामसारी गर्न आउने तुल्सीराम पाण्डे र यातायात व्यवस्था कार्यालय, कोशी अंचल, इटहरीका कर्मचारीहरुले मिलेमतो गरी दर्ता नामसारी गर्ने निर्णय गरी गराई सो दर्ताका आडमा नयां गाडी भंसार छली चोरी पैठारी गरी नेपाल सरकारलाई माथि उल्लेख भए बमोजिम रु. ९३,८३,९९६।- (अक्षेरुपी रु त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रुपैंया हानी नोक्सानी पुऱ्याउने कार्य गरेको र निजहरुबाट भए गरेको सो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) र ८ (४) बमोजिको सजाय हुने कसूर देखिएको हुँदा सो कसूरमा संलग्न निम्न व्यक्तिहरु उपर निम्न सजायको माग दावी लिई विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

क. तुल्सीराम पाण्डेको हकमा :- प्रतिवादी तुल्सीराम पाण्डेले उक्त २१ वटा सवारी साधनहरु नामसारी दर्ता गर्दा नामसारी दर्ता हुने कार्यालयमा नियमानुसार ल्याउनु पर्नेमा सो अनुसार ल्याउदै नल्याई अन्यत्र कार्यालय यातायात व्यवस्था कार्यालय लुम्बिनीका शाखा अधिकृत भरत प्रसाद झवालीसंग मिली सो कार्यालयको प्राबिधिक जांच प्रतिवेदन बनाई, हेभी ईक्वीपमेन्ट डिभिजन कार्यालय, बुटबल, सडक बिभाग यान्त्रिक महाशाखा, बबरमहलको झूट्ठा किर्ते पत्र तथा छाप वनाई प्रयोग गरी किर्ते तथा झूठ्ठा व्यहोराका कागजात पेश

गरी यातायात व्यवस्था कार्यालय, कोशी, ईटहरीका तत्कालीन कार्यालय प्रमुख रामप्रसाद सैजू समेत कर्मचारीहरुलाई आर्थिक प्रलोभन तथा मोलाहिजामा पारी निजहरुसंग मिलेमतो गरी बिदेशबाट चोरी पैठारी गरी भन्सार समेतको राजश्व नतिरी ल्याएको उक्त २१ वटा सवारी साधन दर्ता गरेको देखियो । यस प्रकार गैर कानूनी रुपमा नामसारी दर्ता कायम गराएका गाडीहरुको नामबाट निजले भन्सार छली चोरी पैठारी गरेका गाडी बिभिन्न अञ्चलमा सरुवा दर्ता गरी बिभिन्न व्यक्तिहरुलाई बिक्री गरेको समेत पाईयो । अतः यसरी दर्ता गर्दा नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल १० वटा जिप पैठारी गर्दा रु.६१,६३,४६०।- (अक्षेरुपी एकसठ्ठी लाख त्रिसठ्ठी हजार चारसय साठ्ठी रुपैंया) र ११ वटा ट्रक पैठारी गर्दा रु. ३२,२०,५३६।-(अक्षेरुपी बत्तिस लाख बीस हजार पांचसय छत्तिस) रुपैयासमेत जम्मा रु. ९३,८३,९९६।- (अक्षेरुपी रु त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रुपैंया हानी नोक्सानी पुगेको र निजलाई समेत सो बिगो बराबरको गैर कानूनी लाभ पुगेको देखियो । यसर्थ निजको सो कसूर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ.ऐनको सोही दफा अनुसार हदैसम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गरिएको ।

ख. तत्कालीन यातायात व्यवस्था कार्यालय कोशी, ईटहरीका कार्यालय प्रमुख रामप्रसाद सैजू, शाखा अधिकृतहरु हरिप्रसाद श्रेष्ठ र रामप्रसाद अर्यालको हकमा :- तत्कालीन यातायात व्यवस्था कार्यालय कोशी, ईटहरीका कार्यालय प्रमुख राम प्रसाद सैंजू, शाखा अधिकृतहरु हरिप्रसाद श्रेष्ठ र राम प्रसाद अर्याल समेतले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा २२ र ३७ बमोजिमको रित नपुऱ्याई भन्सार महशुल तिरेको निस्सा समेत पेश नभई, नामसारी दर्ताको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा ल्याउनै पर्ने सवारी साधनलाई ल्याउंदै नल्याई अन्यत्र कार्यालयको प्राबिधिक प्रतिवेदनलाई आधारमानी हेभी ईक्वीपमेन्ट डिभिजन कार्यालय,बुटबल र सडक बिभाग यान्त्रिक माहाशाखा बबरमहलको झूट्ठा किर्ते पत्रको आधिकारिकता जांचबुझ नै नगरी निज तुल्सीराम पाण्डेले नामसारी दर्ताको लागि पेश गरेका कागजातहरु अपर्याप्त, त्रूटीपूर्ण छन भन्ने जान्दा जान्दै गलत आशयले एक्जुकेटिभ ईन्जिनियरिङ्ग ईलेक्ट्रोनिक डिभिजन पूर्व पश्चिम राजमार्ग (एम.आर.एम.) कम्पनी बुटबलमा रहे नरहेको ?, उक्त कम्पनीले लिलाम गरेको हो वा होईन ? सो समेत नबुझी लगभग १५ बर्ष अगाडि लिलाम सकार गरेको थिएं भनी पेश गरेको काल्पनिक तथा मिथ्या कागजातलाई आधार मानी गैर कानूनी रुपमा आर्थिक प्रलोभनमा परी बद्नीयतपूर्वक निज तुल्सीराम पाण्डेसंग मिलेमतो गरी उक्त २१ वटा सवारी साधनहरु नामसारी दर्ता गर्ने निर्णय गरेको देखियो । अतः यसरी कानून विपरित दर्ता गरिएको उक्त १० वटा जिप तथा ११ वटा ट्रकहरु निवेदक तुल्सीराम पाण्डेले भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याई दर्ता गर्दा उक्त सवारी साधनहरु वापत बुझाउनु पर्ने भन्सार महशुल रु. ९३,८३,९९६।- (अक्षेरुपी रु त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रुपैंया निज तुल्सीराम पाण्डेलाई गैर कानूनी लाभ र नेपाल सरकारलाई गैर कानूनी हानी नोक्सानी पुऱ्याएको देखियो । यसर्थ निज तुल्सीराम पाण्डेसंग मिलेमतो गरी निजहरुले गरेको सो कसूर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा

प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ. ऐनको सोही दफा अनुसार हदैसम्मको सजाय र विगो असूल गरी पाउन माग दावी गरिएको ।

ग. **तत्कालीन यातायात व्यवस्था कार्यालय कोशी, ईटहरीमा ठूलो सवारी शाखामा कार्यरत ना.सु.श्रीमती यशोधा खतिवडा र खरिदार युवराज कोईराला, सानो सवारी शाखामा कार्यरत ना.सु.लाल बहादुर बुढाथोकी र खरिदार नारद प्रसाद भट्टराई तथा प्राबिधिक मेकानिकल सुपरभाईजर प्रमोद कुमार चौधरीको हकमा** :- तत्कालीन यातायात व्यवस्था कार्यालय कोशी, ईटहरीमा ठूलो सवारी शाखामा कार्यरत ना.सु.श्रीमती यशोधा खतिवडा र खरिदार युवराज कोईराला, सानो सवारी शाखामा कार्यरत ना.सु.लाल बहादुर बुढाथोकी र खरिदार नारद प्रसाद भट्टराई तथा प्राबिधिक मेकानिकल सुपरभाईजर प्रमोद कुमार चौधरी समेतले सवारी तथा यातायात व्यवस्था ऐन २०४९ को दफा २२ र ३७ बमोजिमको रित तथा प्रकृया नपुऱ्याई भन्सार महशुल तिरेको निस्सा समेत पेश नभई, नामसारी दर्ताको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा ल्याउनै पर्ने सवारी साधनलाई ल्याउँदै नल्याई, सम्बन्धित कार्यालयमा दर्ता गर्नुपर्ने सवारी साधन उपस्थित गराईएपछि मात्र सोही कार्यालयको प्राबिधिक कर्मचारीले प्राबिधिक परिक्षण गरी प्रतिवेदन दिएपछि मात्र दर्ता गर्ने कारवाई उठान गर्नु पर्नेमा सो कार्यालयको प्राबिधिक कर्मचारी मे.सु.प्रमोद कुमार चौधरीले आफूले परिक्षण नै नगरी हेभी ईक्वीपमेन्ट डिभिजन कार्यालय,बुटबल र सडक बिभाग यान्त्रिक माहाशाखा बबरमहलको झूट्टा किर्ते पत्रको आधिकारिकता सम्बन्धमा सम्बन्धित फांटवालाको हैसियतले जांचबुझ नै नगरी निज तुल्सीराम पाण्डेले नामसारी दर्ताको लागि पेश गरेका कागजातहरु अपर्याप्त, त्रूटीपूर्ण छन भन्ने जान्दा जान्दै गलत आशयले एक्जुकेटिभ ईन्जिनियरिङ्ग ईलेक्ट्रोनिक डिभिजन पूर्व पश्चिम राजमार्ग (एम.आर.एम.) कम्पनी बुटबलमा रहे नरहेको ?, उक्त कम्पनीले लिलाम गरेको हो वा होईन ? सो समेत फांटवाला कर्मचारीको हैसियतले बुझ्दै नबुझी लगभग १५ बर्ष अगाडि लिलाम सकार गरेको थिएं भनी पेश गरेको काल्पनिक तथा मिथ्या कागजातलाई आधार मानी वास्तविकता बाहिर गई गैर कानूनी रुपमा आर्थिक प्रलोभन तथा बद्नीयतपूर्वक निज तुल्सीराम पाण्डेसंग मिलेमतो गरी आवश्यक दर्ता प्रमाणको अभाव हुंदा हुंदै निवेदकले पेश गरेका किर्ते कागजातका आधारमा दर्ता नामसारी गरिदिने भनी उठाएको राय सहितको टिप्पणीमा सही गरी आफ्नो सहमति सहित उपल्लो अधिकृत समक्ष टिप्पणी पेश गरी निर्णय गराएको देखियो । अतः यसरी कानून विपरित दर्ता गरिएको उक्त १० वटा जिप तथा ११ वटा ट्रकहरु निवेदक तुल्सीराम पाण्डेले भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याई दर्ता गर्दा उक्त सवारी साधनहरु वापत बुझाउनु पर्ने भन्सार महशुल रु. ९३,८३,९९६।- (अक्षेरुपी रु त्रियानब्बे लाख त्रियासी हजार नौ सय छयानब्बे) रुपैंया निज तुल्सीराम पाण्डेलाई गैर कानूनी लाभ र नेपाल सरकारलाई गैर कानूनी हानी नोक्सानी पुगेको देखियो । यसर्थ निज तुल्सीराम पाण्डेसंग मिलेमतो गरी निजहरुले गरेको सो कसूर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ.ऐनको सोही दफा अनुसार हदैसम्मको सजाय र विगो असूल गरी पाउन माग दावी गरिएको ।

घ) **हालका सवारी धनीहरुको हकमा :** निज तुल्सीराम पाण्डेको नाममा गैर कानूनी तथा बदनीयतपूर्वक दर्ता भएको देखिएका उक्त २१ वटा सवारी साधनहरु निजले बिभिन्न यातायात व्यवस्था कार्यालयमा सरुवा सहमति लिई गई, दर्ता गरी, बिभिन्न व्यक्तिहरुलाई बिक्री गरी बिभिन्न व्यक्तिहरुको नाममा नामसारी भएको देखिदा हाल उक्त सवारी साधन दर्ता भएका निम्न सवारी धनीहरुलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम उक्त सवारी साधनहरु जफत गर्ने प्रयोजनको लागि प्रतिवादी बनाई आरोपपत्र प्रस्तुत गरियो ।

निम्न

१. अशोक कुमार गुप्ता	२. कृष्ण बहादुर सिंह	३. मुनकला खासु मगर भन्ने मुनकला थापा
४. टीकाराम सुवेदी	५. राम प्रसाद वस्याल	६. गणेश कुमार भूसाल
७. लाल प्रसाद गुप्ता	८. तुल्सीराम पाण्डे	९. मनसुर तेली मुसलमान
१०. भोलानाथ पन्थ	११. गोविन्द बहादुर कार्की	१२.गंगाधर पंगेनी
१३. राकेश श्रेष्ठ	१४.रामप्रसाद शाक्य	१५.डिलाराम सापकोटा
१६ श्रीमती प्रतिक्षा राणा	१७ पर्शुराम चौधरी	१८ हस्तबहादुर सिंह
१९ चन्द्र बहादुर महतो		

१८. नेपाल विद्युत प्राधिकरणका सिनियर मिटर रिडर नेत्र प्रसाद भेटवालले स्थायी नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित वोर्ड/परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/५/१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१९. काठमाडौं महानगरपालिका कार्यालयका सह लेखापाल राम बहादुर कुँवरले स्थायी नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित वोर्ड/परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/५/१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२०. "चोरीको गाडी कम हुने" भन्ने शीर्षकमा मिति २०६०/११/१५ गतेको नेपालीपत्र साप्ताहिकमा प्रकाशित समाचारलाई उजूरीको रुपमा ग्रहण गरी अनुसन्धान हुंदा प्रतिबादी

तुल्सीराम पाण्डेले यातायात व्यवस्था कार्यालय राप्तीका कर्मचारीहरु सँग मिलोमतो गरी एक्ज्युकेटीभ इन्जीनियरीङ्ग ब्राञ्च गोरखपुरको नाममा लुम्बिनी अञ्चलमा दर्ता रहेको लु.अं. १५५ नं. को महेन्द्रा विलिस जिप (पेट्रोल) सन १९८०/०९/०९ मा लिलाम सकार गरेको भन्ने किर्ते कागजात पेश गरी यातायात व्यवस्था कार्यालय राप्तीमा आफ्नो नाममा दर्ता गर्न यातायात व्यवस्था कार्यालय लुम्बिनीको च.नं.८६४ मिति २०५६/१/१३ को सरुवा सहमति पत्रमा भएको विवरण मध्ये पेट्रोल ईन्जिनलाई डिजल ईन्जिनमा हेरफेर तथा परिवर्तन गरी सच्याई अर्कै चोरी पैठारी गरी ल्याएको जीप गैरकानुनी रुपमा दर्ता गरे/गराएको देखिन आयो । अतएव आयोगको मिति २०६३।५।२८ को निर्णयानुसार निम्न व्यक्तीहरुले निम्न अनुसारको कसूर गरेको देखिदा कसूर अनुसारको सजायको मागदावी लिई विशेष अदालतमा रितपूर्वकको अभियोग पत्र तयार गरी मुद्दा दायर गर्नुका साथै निम्न बमोजिम गर्ने निर्णय गरियो :

क) **यातायात व्यवस्था कार्यालय राप्तीका तत्कालीन नि.कार्यालय प्रमुख ना.सु. राजुलाल शर्मा, ना.सु. लिलाधर लम्साल, मे.सु. बाबुलाल गुरुङ्ग र खरीदार ध्रुवराज रेग्मीको हकमा** :- एक्जीक्यूटीभ इन्जीनियरीङ्ग नारायणी ब्राञ्च, डिभीजन देवरीया भन्ने नामबाट लु.अं. १५५ नं.को महिन्द्रा जिप लिलाममा प्राप्त गरेको हुँ भनी तुल्सीराम पाण्डेले निवेदन दिएकै भरमा यातायात व्यवस्था कार्यालय लुम्बिनीबाट अञ्चल सरुवा सहमति मगाई राप्तीमा सरुवा दर्ता गरिदिएको देखियो । सामान्य दृष्टीले पनि शङ्कास्पद देखिने निजले पेश गरेको कागजातहरुको सम्बन्धित कार्यालयहरुबाट सत्यता पुष्टि गर्ने कुनै प्रयास नगरेको, केरमेट गरी पेट्रोल ईन्जिनलाई डिजेल ईन्जिन बनाएको स्पष्ट देखिनेमा सो तर्फ विचारै नगरी पेट्रोल इन्जिनलाई डिजेल इन्जिनमा दर्ता गरेको हुनाले यस्तो गैरकानूनी कार्यमा निजहरुको स्पष्ट संलग्नता देखिएको छ । गैरकानुनी रुपमा सवारी दर्ता गर्ने कार्यमा निजहरुले तुल्सीराम पाण्डेसँग मिली आफू समेतलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई रु. ५,८८,८९४।२२ (पाँच लाख अट्ठासी हजार आठ सय चौरानव्वे रुपैयाँ बाइस पैसा) गैरकानूनी हानी नोक्सानी पुऱ्याउने कार्य गरी साबिक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टचार निवारण ऐन २०५९ को दफा ८(३) मा उल्लेखित भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुँदा निजहरुलाई सोही ऐन बमोजिम हदैसम्मको दण्ड सजाय र सरकारलाई हानी नोक्सानी पुगेको विगो निजहरु समेतबाट असूल उपर गर्न मागदावी लिइएको ।

ख) **तुलसीराम पाण्डेको हकमा :-** एक्जीक्यूटीभ इन्जीनियरीङ्ग नारायणी ब्राञ्च, डिभीजन देवरीया भन्ने नामबाट किर्ते पत्र तयार गरी सोही पत्रका आधारमा यातायात व्यवस्था कार्यालय राप्तीका कर्मचारीहरु समेतको मिलोमतोबाट सरुवा सहमति पत्र मगाउन लगाई सो सहमति पत्रमा पेट्रोल भनी उल्लेख भएको विवरण मेटाई सो महलमा डिजल ईन्जिनको विवरण भरी सो नयाँ विवरण भरेको र केरमेट गरिएको सरुवा सहमति पत्रको प्रयोगबाट भन्सार चोरी पैठारी गरी ल्याएको एक थान महिन्द्रा जिप दर्ता गरी आफू समेतलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई रु. ५,८८,८९४।२२ (पाँच लाख अट्ठासी हजार आठ सय चौरानव्वे रुपैयाँ बाइस पैसा) गैरकानुनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टचार निवारण ऐन २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) मा उल्लेखित

भ्रष्टाचारजन्य कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई सोही ऐन बमोजिम हदैसम्मको दण्ड सजाय र सरकारलाई हानी नोक्सानी पुगेको विगो निजबाट असूल उपर गर्न मागदावी लिइएको ।

ग) भन्सार चोरी पैठारी गरी ल्याई गैर कानुनी रुपमा दर्ता भै स्वामित्व हस्तान्तरण हुँदै आई हालका सवारी धनी वर्दिया जिल्ला जमुनी गा.वि.स. वडा नं. ६ बस्ने नन्दलाल गिरीको स्वामित्वमा रहेको उक्त जीप जफत गर्ने प्रयोजनको लागी सवारी धनीलाई प्रतिवादी कायम गरिएको ।

घ) भे.१ज.१२१ नं. को भन्सार छली चोरी पैठारी गरी ल्याएको जिप कीर्ते लिलामीको आधारमा दर्ता भएको देखिएकोले प्रचलित भन्सार ऐन बमोजिम आवश्यक कारवाही गर्न र सो को जानकारी उक्त जिपको हाल कायम भएको देखिएका सवारी धनीलाई फिर्ता दिन सम्बन्धित भंसार कार्यालयमा लेखी पठाइएको ।

२१. गलैंचा तथा ऊन विकास समितिमा तत्काल कार्यरत लेखापाल त्रिलोचन तिवारीले आर्थिक बर्ष २०५२/५३ मा बैंक दाखिला गर्नुपर्ने रकम बैंक दाखिला नगरेको रु. ९,२८,५८०।२३ र सो भन्दा अघिल्लो बर्षको जिम्मेवारी सार्दा घटी जिम्मेवारी सारेको रु. २१,४९९।२० हालसम्म पनि दाखिला गरेको नदेखिएबाट उक्त रकम सम्बन्धमा अनुसन्धानका लागि निजलाई पक्राउ गरी उपस्थित गराउन जिल्ला प्रहरी कार्यालय रौतहटलाई लेखी पठाउंदा समेत उपस्थित नभएकोले मिति २०६३/४/१८ र १९ गतेको गोरखापत्रमा सार्वजनिक सूचना प्रकाशित गर्दा समेत सूचनामा तोकिएको म्यादभित्र निज आयोगमा हाजिर हुन नआएबाट उल्लेखित रकम जम्मा रु. ९,५०,०७९।४३ (नौ लाख पचास हजार उनासी रुपैंया र त्रिचालिस पैसा) निजले हानी नोक्सानी गरी साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १३ र प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १७ अन्तर्गतको कसूर हुने प्रकृतिको भ्रष्टाचार गरेको पुष्टी भएकोले निजका विरुद्ध आयोगको मिति २०६३/५/२८ को निर्णयानुसार उल्लेखित रकमको बिगो कायम गरी हदैसम्मको दण्ड जरिवाना माग गरी विशेष अदालतमा मुद्दा दायर गरियो ।

२२. नेपाल आयल निगममा कार्यरत वरिष्ठ सहायक (पाँचौं तह) लालबहादुर विश्वकर्माले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाण पत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल आयल निगमबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी, उत्तरप्रदेश भारतबाट प्राप्त पत्र एवं निम्न विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झूट्ठा देखिई निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गत समेतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/५/३० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२३. प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्को निर्देशक पदमा कार्यरत विष्णु कोईरालाले भारतबाट नक्कली प्रमाणपत्र खरीद गरी एम. ए..को प्रमाणपत्र बढुवा प्रयोजनको लागि पेश गरेको भन्ने उजूरी उपर यस आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा निजले पेश गरेको प्रमाणपत्रका सम्बन्धमा सम्बन्धित ललित नारायण मिथिला विश्वविद्यालय कामेश्वर नगर, दरभंगा विहारबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गत समेतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/५/३० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२४. व्यापार प्रवर्द्धन केन्द्रको शाखा अधिकृत पदमा कार्यरत अच्युत प्रसाद पोखरेलले वढुवा हुने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित ललित नारायण मिथिला विश्वविद्यालय, कामेश्वरनगर, दरभंगा, विहार भारतबाट प्राप्त पत्रका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२५. मुद्रण विभागमा प्लेट मेकर (रा.प.अनं.द्वि.प्रा.) पदमा कार्यरत पार्वती थापाले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विहार विद्यालय परीक्षा समिति पटना, विहार, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२६. काठमाण्डौं महानगरपालिकामा कार्यरत रहेका अस्थायी खरिदार अनिता के.सी.ले सो पदमा प्रवेश गर्ने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी काठमाण्डौं महानगरपालिकाले यस आयोगमा पठाएको विवरण उपर

आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विहार संस्कृत शिक्षा बोर्ड, पटनाबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२७. रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) मा वरिष्ठ कार्यक्रम संचालक (तह ७) पदमा कार्यरत फणिन्द्रध्वज कार्कीले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित भुपेन्द्रनारायण मण्डल विश्वविद्यालय, लालूनगर, मधेपुरा, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२८. नेपाल वायु सेवा निगममा जुनियर कप्तान पदमा कार्यरत तीर्थबहादुर ओलीले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गत समेतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

२९. भन्सार चोरी पैठारी गरी आयात गरिएको र पक्राउ परी कृष्णनगर भन्सार कार्यालय कपिलवस्तुमा रहेको सावित बा अ स ७१ नंबर हाल से. १ ज. १०६ नंबरको सवारी साधन यातायात व्यवस्था कार्यालय बागमतीमा मिति २०५७/२/१० गते ऋषीराम खरेलको नाममा बा २ च ३१९८ नंबरमा नामसारी दर्ता गर्दा गैर कानूनी रुपमा लिलाम सकार गरेको कागजात पेश गरी दर्ता गरेको भन्ने भ्रष्टाचारजन्य कसूर गरेको बिषयमा अनुसन्धान गर्दा आयोगको मिति २०६३/६/२ को निर्णयानुसार देहाय बमोजिम गर्ने निर्णय गरियो :

अनुसन्धानबाट संकलित कागजात प्रमाण तथा सम्बन्धित व्यक्तिको वयान समेतका आधारमा प्रतिवादी ऋषीराम खरेलले उक्त सवारी साधन यातायात व्यवस्था कार्यालय बागमतीमा

नामसारी दर्ता गर्दा साविक बा अ स ७१ नंबरबाट लिलाम सकार बमोजिम भन्ने आधारमा दर्ता गरेको देखियो । यसरी निजको नाममा नामसारी दर्ता भएको सो सवारी साधनको सम्बन्धमा अनुसन्धान गर्दा निज खरेलले आफ्नो नाममा नामसारी दर्ता हुंदा सो सवारी साधन लिलाम सकार गर्दाका कागजातहरु पेश गरेको देखिंदैन । यातायात व्यवस्था कार्यालय बागमतीबाट उक्त बा अ स ७१ नंबरको सवारी साधनको साविकको दर्ता हुंदाको सक्कल कागजात समेत प्राप्त भएको छैन । यस आधारमा हेर्दा उक्त सवारी साधन कही कतैबाट साविकमा बा अ स ७१ नंबरमा दर्ता भई निज ऋषीराम खरेलले लिलाम सकार गरेको थियो भन्ने अवस्था रहेन । निज ऋषीराम खरेल स्वयंले आफ्नो वयानमा सो सवारी साधन लिलाम सकार गरेको कुरालाई ईन्कार गरेको देखिंदा निजले उक्त सवारी साधन लिलाम सकार गरेको थियो भन्न सक्ने अवस्था देखिएन भने अर्को तर्फ बा अ स ७१ नंबर को सवारी साधनको "स" अल्फावेटले सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली अनुसार निजी साना टेम्पो, अटो रिक्सा आदि जस्ता तीन पांग्रे सवारी साधनलाई जनाउने भन्ने स्पष्ट कानूनी व्यवस्था भएको देखिन्छ । त्यस्तै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ को उपदफा (२) अनुसार "सवारी निर्माता कम्पनीले सवारीको वनौट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेशिफिकेसन) मा परिवर्तन गर्ने गरी स्वीकृत दिईने छैन" भन्ने स्पष्ट कानूनी व्यवस्था देखिंदा सो "स" अल्फावेटको सवारी साधनलाई "च" अल्फावेटमा दर्ता गर्न मिल्ने अवस्था पनि देखिदैन । अतः निज ऋषिराम खरेलले लिलाम नै सकार नगरेको सवारी साधनलाई लिलाम सकार गरेको हुं भनी "बा अ स ७१" नंबरको अल्फावेट एक प्रकारको भएको सवारी साधनलाई "बा २ च ३१९८" नंबरमा अर्कै प्रकृतिको सवारी साधनको रुपमा हेरफेर गरी भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याएको सवारी साधन गैर कानूनी रुपमा दर्ता गरे/गराएको देखिन आयो ।

अतएव लिलाम सकार नै नगरेको, अर्कै स्पेशिफिकेसन भएको सवारी साधन लिलाम सकार गरेको हो भन्ने झूठ्ठा व्यहोरा उल्लेख गरी निज खरेलले यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरुसंग मिलेमतो गरी भन्सार छली चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरी गराई नेपाल सरकारलाई रु.५,८३,१६९।- (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी) रुपैया हानी नोक्सानी पुऱ्याउने कार्य गरेको र निजहरुबाट भए/गरेको सो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र ८(४) बमोजिमको सजाय हुने कसूर देखिएको हुंदा सो कसूरमा संलग्न निम्न व्यक्तिहरु उपर निम्न सजायको मागदावी लिई आयोगको तर्फबाट बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

क. **ऋषीराम खरेलको हकमा :-** निज ऋषीराम खरेलले उक्त सवारी साधन लिलाम सकार गरेको हो भन्ने कुनै पनि कागजात नै पेश नगरी, साविक बा अ स ७१ नंबरको सवारी साधन लिलाम सकार गरेको थिंए भन्ने मिथ्या व्यहोरा उल्लेख गरी नामसारी गर्दा नामसारी दर्ता हुने कार्यालयमा नियमानुसार ल्याउनु पर्ने सवारी साधन सम्बन्धित कार्यालयमा ल्याउदै नल्याई बदनीयतपूर्वक गैर बाटोको प्रयोग गरी यातायात व्यवस्था कार्यालय, बागमतीका तात्कालिन कार्यालय प्रमुख अब्दुल रईस खाँ तथा खरिदार हरिशरण फूयाल समेतका

कर्मचारीहरुलाई आर्थिक प्रलोभन तथा मोलाहिजामा पारी निजहरुसंग मिलेमतो गरी साविक "बा अ स ७१" नंबरको तीन चक्के सवारी साधन टेम्पोको स्पेशिफिकेसन भएको सवारी साधनलाई अर्कै प्रकृतिको सवारी साधन जीपमा स्पेशिफिकेसन नै हेरफेर तथा परिवर्तन गरी "बा २ च ३१९८" अल्फाबेटको जीपमा गैर कानूनी रुपमा चोरी पैठारी गरी ल्याएको सवारी साधन जीप दर्ता गरेको देखियो । अतः यसरी दर्ता गर्दा नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल रु. ५,८३,१६९।- (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी) रुपैया हानी नोक्सानी पुगेको र निजलाई समेत सो बिगो बराबरको गैर कानूनी लाभ पुगेको देखियो । यसर्थ निजको सो कसूर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ.ऐनको सोही दफा अनुसार हदैसम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गरिएको ।

ख. तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खाँ तथा खरिदार हरिशरण फूंयालको हकमा :- तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खाँ तथा ख.हरिशरण फूंयाल समेतले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४,१५, २२, ३७ र ३९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ९ बमोजिम रित पुऱ्याई भन्सार महशुल तिरेको निस्सा समेत पेश नभई, नामसारी दर्ताको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा ल्याउनै पर्ने सवारी साधनलाई ल्याउँदै नल्याई, लिलाम गरेको सवारी साधनको लिलाम सकार गर्ने व्यक्तिले लिलाम सकार गरेको हो भन्ने कागजात नै पेश नगरी, कानूनत कुनै एउटा स्पेशिफिकेसनमा दर्ता भएको सवारी साधनलाई अर्को स्पेशिफिकेसनमा हेरफेर तथा परिवर्तन गरी दर्ता गर्न मिल्दैन भन्ने स्पष्ट कानूनी व्यवस्था हुंदा हुंदै सो व्यवस्थाको उपेक्षा गरी "बा अ स ७१" तीन चक्के सवारी साधन टेम्पोको स्पेशिफिकेसन भएको सवारी साधनलाई अर्कै प्रकतिको सवारी साधन जीपमा स्पेशिफिकेन नै हेरफेर तथा परिवर्तन गरी बा २ च ३१९८ नंबरमा भन्सार चोरी पैठारी गरी ल्याएको जीप दर्ता गरी सवारी दर्ता किताव (ढड्डा) मा समेत कुनै अभिलेख खडा नगरी निज ऋषिराम खरेलसंग मिलेमतो गरी निजको नाममा उक्त सवारी साधन गैर कानूनी रुपमा दर्ता गरेको देखियो । अतः यसरी कानून विपरित दर्ता गरिएको उक्त सवारी साधन निवेदक ऋषीराम खरेलले भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याई दर्ता गर्दा उक्त सवारी साधनहरु वापत बुझाउनु पर्ने भन्सार महशुल रु.५,८३,१६९।- (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी) रुपैया निज ऋषिराम खरेललाई गैर कानूनी लाभ र नेपाल सरकारलाई गैर कानूनी हानी नोक्सानी पुगेको देखियो । यसर्थ निज ऋषिराम खरेलसंग मिलेमतो गरी निजहरुले गरेको सो कसूर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ.ऐनको सोही दफा अनुसार हदैसम्मको सजायको माग दावी गरिएको ।

ग. हालका सवारी धनीको हकमा :- साविक बा. अ. स. ७१ नंबरबाट बिभिन्न यातायात व्यवस्था कार्यालयमा बिभिन्न व्यक्तिहरुको नाममा बिभिन्न नंबरमा दर्ता कायम भई हाल से.

१ ज. १०६ नंबर को सवारी साधन तिलक कुमार रानाभाटको नाममा रहेको देखिएको हुंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सो सवारी साधन जफत गर्ने प्रयोजनको लागि निजलाई समेत प्रतिवादी बनाइएको ।

घ. उक्त से. १ ज. १०६ नंबरको सवारी साधन साविक बा २ च ३१९८ नंबरमा दर्ता हुंदा झूट्ठा लिलामीको आधारमा दर्ता भएको देखिएकोले चोरी पैठारी भई दर्ता भएको भनी प्रचलित भन्सार ऐन बमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित भन्सार कार्यालयमा पठाई सो को जानकारी उक्त जीपको हाल कायम भएको देखिएका सवारी धनीलाई दिनु भनी भन्सार बिभागमा लेखी पठाइएको ।

३०. मिति २०६०/११/१५ गतेको नेपालीपत्र साप्ताहिकमा प्रकाशित भएको समाचारमा "चोरीको गाडी कम हुने" भन्ने व्यहोराको समाचारका आधारमा छानवीन गरिएको प्रतिवेदन आयोगको मिति २०६३।६।२ को बैठकमा पेश हुँदा निम्न बमोजिम गर्ने निर्णय गरिएको :

अ) अनुसन्धानबाट संकलित कागज प्रमाण तथा सम्बन्धित व्यक्तिको वयान समेतका आधारमा प्रतिबादी ऋषीराम खरेलले यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरुसँग मिलोमतो गरी बा.अ.६० नं.बाट लिलाम सकार गरेको सवारी साधन भनी मिति २०५७/४/३० गते बा.३ च.४६७१ नं. मा दर्ता गरेको देखिन्छ । यातायात व्यवस्था कार्यालय बागमतीबाट बा.३ च.४६७१ नं.को फाईल मगाउँदा फाईल फेला नपरेको र उक्त नं.मा मारुती कार दर्ता भएको अभिलेखबाट देखिएको भन्ने जवाफ प्राप्त भएको देखिन्छ । बा.अं.६० नं.बाट लिलाम सकार गरी बा.३च.४६७१ नं. मा दर्ता गरिएको भनिए तापनि यातायात व्यवस्था कार्यालय बागमतीमा सो सम्बन्धी अभिलेख फेला पर्न नसको भन्ने देखियो । यसरी मिति २०५७/४/३० गते बा.३च.४६७१ नं. मा दर्ता गरिएको उक्त जिपलाई सोही मितिमा ऋषीराम खरेलको नामबाट भोजराज भण्डारीको नाममा नामसारी गराई सोही मितिमा नै यातायात व्यवस्था कार्यालय दाङ, राप्तीमा दर्ता गर्न सरुवा सहमति पत्र लिएको यातायात व्यवस्था कार्यालय बागमतीले लेखेको पत्रबाट देखिन आउँछ । यसरी प्रतिबादी ऋषीराम खरेलले अर्कै चोरी पैठारी गरी ल्याएको जीप गैर कानुनी रुपमा दर्ता गरे/गराएको देखिन आएबाट निम्न व्यक्तिहरुले निम्न अनुसारको कसूर गरेको देखिदा कसूर अनुसारको सजायको मागदावी सहित रीतपूर्वकको अभियोग पत्र तयार गरी विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

क. यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन कार्यालय प्रमुख अब्दुल रईस खाँ र खरीदार हरीशरण फुयाँलको हकमा :- यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन कार्यालय प्रमुख अब्दुल रईस खाँ र खरीदार हरीशरण फुयाँलले बा.अं.६० नं.बाट लिलाम सकार गरेको भनी लिलाम सकार गरेको देखिने कागज प्रमाण बेगर नै ऋषीराम खरेलसंग मिली गैरकानुनी रुपमा सवारी दर्ता गरी आफू र ऋषीराम खरेललाई लाभ र नेपाल सरकारलाई रु. ४,३४,५१८।२० (अक्षेरुपी चार लाख,चौतिस हजार,पांच

सय अठार रुपैंया विस पैसा) गैरकानूनी हानी नोक्सानी पुऱ्याउने कार्य गरी साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(३) मा उल्लेखित भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएको हुँदा सोही बमोजिम हदैसम्मको दण्ड सजाय मागदावी गरी मुद्दा दायर गरियो ।

ख. ऋषीराम खरेलको हकमा : - प्रतिवादी ऋषीराम खरेलले अनधिकृत तरिकाले यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खाँ र खरीदार हरीशरण फुँयाल समेतको मिलोमतोबाट लिलाम सकार गरेको भनी भन्सार छली चोरी पैठारी गरी ल्याएको एक थान महिन्द्रा जिप दर्ता गराई विक्री गरेको देखिन आयो । यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरु समेतको मिलो मतोबाट लिलामबाट प्राप्त नै नगरेको काल्पनिक बा.अ.६० नं.को गाडी भन्ने व्यहोरा बनाउन लगाई बा ३ च ४६७१ नं.मा दर्ता गराई सोही दिन भोजराज भण्डारीको नाममा बिक्री नामसारी गरी सोही मितिमा नै यातायात व्यवस्था कार्यालय दाङ, राप्तीमा दर्ता गर्न सरुवा सहमति पत्र बनाउन लगाई सोही सहमति पत्रको आधारमा रा १ ज २५९ नं.को सवारी साधन दर्ता गरेको देखियो । यसरी यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरु प्रतिवादी कार्यालय प्रमुख अब्दुल रईस खाँ र खरीदार हरीशरण फुयाँलसंग मिलेमतो गरी गैरकानूनी तवरबाट भन्सार छली चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरी निजले आफुलाई गैरकानुनी लाभ र नेपाल सरकारलाई रु. ४,३४,५१८।२० (अक्षेरुपी चार लाख,चौतिस हजार,पांच सय अठार रुपैंया विस पैसा) गैरकानुनी हानी नोक्सानी पुऱ्याई साविक भ्रष्टचार निवारण ऐन २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(४) मा उल्लेखित भ्रष्टाचारजन्य कसूर गरेको पुष्टी हुन आएको हुँदा निजलाई सोही ऐन वमोजिम हदैसम्मको दण्ड सजाय माग गरिएको ।

ग. हालका सवारी धनी विनोद सिंह को हकमा :- भन्सार चोरी पैठारी गरी ल्याई गैर कानुनी रुपमा दर्ता भै स्वामित्व हस्तान्तरण हुँदै हालका सवारी धनी दाङ जिल्ला तुलसीपुर नगरपालिका वडा नं. ५ बस्ने विनोद सिंहको स्वामित्वमा रहेको देखिएको उक्त जीप जफतको मागदावी लिई र निज सवारी धनीलाई गाडी जफत प्रयोजनको लागि प्रतिवादी कायम गरिएको ।

घ. रा.१ज.२५९ नं.को भन्सार छली चोरी पैठारी गरी ल्याएको जिप गैरकानूनी रुपमा दर्ता भएको देखिएकोले प्रचलित भन्सार ऐन बमोजिम आवश्यक कारवाही गर्न र सो को जानकारी उक्त जिपको हाल कायम भएको देखिएका सवारी धनीलाई दिन सम्बन्धित भन्सार कार्यालयमा लेखी पठाइएको ।

३१. नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेका क्लर्क शर्मीला मिश्रले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल विद्युत प्राधिकरणमा गठित नक्कली प्रमाण पत्र अध्ययन एवं छानबिन समितिले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत

गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गत समेतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३२. नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेका सिनियर मिटर रिडर बुद्धरत्न तुलाधरले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल विद्युत प्राधिकरणमा गठित नक्कली प्रमाण पत्र अध्ययन एवं छानबिन समितिले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३३. नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेका सिनियर मिटर रिडर मञ्जु आचार्यले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल विद्युत प्राधिकरणमा गठित नक्कली प्रमाण पत्र अध्ययन एवं छानबिन समितिले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३४. सिद्धार्थनगर नगरपालिकामा कार्यरत रहेका मुखिया विजय कुमार गुप्ताले शुरु नियुक्ति पाउने उद्देश्यले पेश गरी नोकरी गरेकोले कारवाही हुन भनी यस आयोगमा दर्ता भएको उजुरी उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३५. नेपाल खाद्य संस्थानमा कार्यरत रहेका हेल्पर (तह-३) चन्द्रवहादुर पुनले स्थायी नियुक्ति पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल खाद्य संस्थानमा गठित शैक्षिक योग्यताको प्रमाणपत्र छानबिन उप समितिले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय, ईलाहावादबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्टा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३६. राष्ट्रिय वाणिज्य बैंकमा सहायक (ख) पदमा कार्यरत श्रीमती जेनी श्रेष्ठले माथिल्लो पदमा बढुवा पाउने प्रयोजनको लागि पेश गरेको इन्टरमिडियट तहमा उत्तीर्ण भएको शैक्षिक योग्यताको प्रमाणपत्र अनुसन्धान तहकिकात तथा माध्यामिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय उत्तर प्रदेश बाराणशीबाट प्राप्त पत्र विवरण समेतका आधारमा ती प्रमाणहरु नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुने मागदावी आयोगको मिति २०६३/६/२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३७. नेपाल खाद्य संस्थानका डिपोप्रमुख पाँचौ तहको पदमा कार्यरत मोहनवहादुर कुँवरले माथिल्लो पदमा बढुवा पाउने प्रयोजनको लागि पेश गरेको इन्टरमिडियट तह उत्तीर्ण भएको शैक्षिक योग्यताको प्रमाणपत्रको अनुसन्धान तहकिकात तथा माध्यामिक शिक्षा परिषद क्षेत्रीय कार्यालय, उत्तरप्रदेश बाराणशीबाट प्राप्त पत्र विवरण समेतका आधारमा ती प्रमाणहरु नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुने मागदावी लिई आयोगको मिति २०६३/६/२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३८. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा वरिष्ठ सहायक (तह ५) पदमा कार्यरत नातीवहादुर महर्जनले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद, क्षे.का. वाराणसीबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं

झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

३९. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडमा सहायक (तह ४) पदमा कार्यरत हरिवहादुर थापाले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद, क्षे.का. वाराणसीबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४०. जनक शिक्षा सामाग्री केन्द्रका उप सहायक तह ३ का श्रीमती गंगा देवी पौडेल (घिमिरे)ले स्थायी नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४१. दि टिम्वर कर्पोरेशन अफ नेपाल लि.का तह ४ सहायक पदमा कार्यरत धर्मजंग शाहले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/२३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४२. दि टिम्वर कर्पोरेशन अफ नेपाल लि.का तह ४ सहायक पदमा कार्यरत बसन्त कुमार रेग्मीले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/२३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४३. नेशनल ट्रेडिङ लिमिटेडमा तह ४ सिनियर असिस्टेन्ट पदमा कार्यरत ममता चालिसेले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित वोर्डबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/२३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४४. नेपाल टेलिभिजनमा बरिष्ठ सहायक कम्प्युटर अपरेटर पदमा कार्यरत कमला कार्कीले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित समितिबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/२३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४५. भन्सार चोरी पैठारी गरी आयात गरिएको र हाल पक्राउ परी भैरहवा भन्सार कार्यालय रुपन्देहीमा रहेको सावित बा अ झ १४९६ नंबर हाल ग १ ज २१३८ नंबरको सवारी साधन यातायात व्यवस्था कार्यालय बागमतीमा मिति २०५६/११/१२ गते रबीन्द्रराज श्रेष्ठको नाममा बा २ च ६१९३ नंबरमा नामसारी दर्ता गर्दा लिलाम नै सकार नगरेको किर्ते कागजात पेश गरी दर्ता गरेको भ्रष्टाचारजन्य कसूर बिषयको अनुसन्धान प्रतिवेदन आयोगको मिति २०६३।६।२४ को वैठकमा पेश हुँदा आयोगबाट देहाय बमोजिम गर्ने निर्णय गरिएको :

अनुसन्धानबाट संकलित कागजात प्रमाण तथा सम्बन्धित व्यक्तिको वयान समेतका आधारमा प्रतिवादी रबीन्द्रराज श्रेष्ठले उक्त सवारी साधन यातायात व्यवस्था कार्यालय बागमतीमा नामसारी दर्ता गर्दा साविक बा अ झ १४९६ नंबरको गाडी लिलाम सकार गरे बमोजिम भन्ने आधारमा दर्ता गरेको देखियो । साविक उक्त बा अ झ १४९६ नंबरको सवारी साधन शुरु दर्ता मिति २०३८/२/२४ गते एम.टी ग्रुप थापाथली ब्यारेक तत्कालीन शाही नेपाली जंगी अड्डाको नाममा भएको देखिन्छ । यसरी निज रबीन्द्रराज श्रेष्ठको नाममा नामसारी दर्ता भएको सो सवारी साधनको सम्बन्धमा अनुसन्धान गर्दा निजले सो सवारी साधन एम.टि.ग्रुप नेपाली जंगी अड्डा थापाथली ब्यारेकबाट लिलाम सकार गरेको कागजातहरु पेश गरेको देखिंदैन । यातायात व्यवस्था कार्यालय बागमतीबाट उक्त बा अ झ १४९६ नंबरको सवारी साधनको साविकको दर्ता हुंदाको सक्कल कागजात समेत प्राप्त नभई मिति २०५६/११/११ गते खडा गरेको छुट्टै दर्ता कार्ड मात्र प्राप्त भएको छ । अर्कोतर्फ लिलाम सकार गरिएको भनिएको उक्त सवारी साधनको लिलाम गर्दाका कागजातहरु एम.टि.ग्रुप नेपाली जंगी अड्डा थापाथली ब्यारेकबाट झिकाई हेर्दा सो सवारी साधन मिति २०५६/८/२३ गते जिल्ला काठमाण्डौ धापासी गा.वि.स. वडा नं.९ निवासी अमरनाथ श्रेष्ठले नामसारी नहुने शर्तमा लिलाम सकार गरेको देखिन्छ । यस आधारमा हेर्दा उक्त सवारी साधन निज रबीन्द्रराज श्रेष्ठले लिलाम सकार गरेको थियो भन्ने अवस्था रहेन । यसरी निज रबीन्द्रराज श्रेष्ठले आफूले लिलाम नै सरकार नगरेको उक्त बा अ झ १४९६ नंबरको सवारी साधन आफूले लिलाम सकार गरेको हुं भनी यान्त्रिक परिवहण गण थापाथली ब्यारेकको प.सं.२०१५, मिति २०५६/९/९ गतेको किर्ते तथा झूठ्ठा पत्र बनाई पेश गरी यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरुसंग मिलेमतो गरी मिति २०५६/११/१२ गते भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याएको बा २ च ६१९३ नंबरको सवारी साधन गैर कानूनी रुपमा दर्ता गरे/गराएको देखिन आयो । यसरी निजले लिलाम नै सकार नगरेको सवारी साधनको लिलाम सकार गरेको थिएं भन्ने किर्ते कागजातका आधारमा निजको नाममा नामसारी दर्ता गर्दा बिदेशबाट चोरी पैठारी गरी भन्सार नतिरी ल्याएका गाडीहरुलाई बैधता दिने कसूरजन्य कार्य गरेबाट सो सवारी साधन पैठारी गर्दा प्राप्त हुने भन्सार समेतको महशुल रु.५,८८,९८४।- (अक्षेरुपी पांच लाख, अठासी हजार नौ सय चौरासी) रुपैंया नेपाल सरकारलाई गैर कानूनी रुपमा हानी नोक्सानी भएको देखियो ।

अतएव लिलाम सकार नै नगरेको सवारी साधन लिलाम सकार गरेको हो भन्ने किर्ते तथा झूठ्ठा व्यहोराको कागजात बनाई निज रबीन्द्रराज श्रेष्ठले यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरुसंग मिलेमतो गरी भन्सार छली चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरी गराई नेपाल सरकारलाई माथि उल्लेख भए बमोजिम रु.५,८८,९८४।-(अक्षेरुपी पांच लाख, अठासी हजार नौ सय चौरासी) रुपैंया हानी नोक्सानी पुऱ्याउने कार्य गरेको र निजहरुबाट भए/गरेको सो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र ८(४) बमोजिमको सजाय हुने कसूर देखिएको हुंदा सो

कसूरमा संलग्न निम्न व्यक्तिहरु उपर निम्न सजायको मागदावी लिई बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

क. **प्रतिवादी रबीन्द्रराज श्रेष्ठको हकमा :-** प्रतिवादी रबीन्द्रराज श्रेष्ठले उक्त सवारी साधन नामसारी गर्दा नामसारी दर्ता हुने कार्यालयमा नियमानुसार ल्याउनु पर्नेमा सो अनुसार ल्याउदै नल्याई एम.टी.ग्रुप थापाथली ब्यारेक नेपाली जंगी अड्डाबाट आफूले लिलाम नै सकार नगरेको सवारी साधन लिलाम सकार गरेको हुं भनी झूट्ठा किर्ते पत्र तथा छाप वनाई प्रयोग गरी पेशी बदनीयतपूर्वक यातायात व्यवस्था कार्यालय, बागमतीका तत्कालीन कार्यालय प्रमुख अब्दुल रईस खाँ, शाखा अधिकृत किरण थापा, मे.सु. राजेन्द्र रिजाल र खरिदार मोहन हमाल समेतका कर्मचारीहरुलाई आर्थिक प्रलोभन तथा मोलाहिजामा पारी निजहरुसंग मिलेमतो गरी बा २ च ६१९३ नंबरमा गैरकानूनी रुपमा चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरेको देखियो । अतः यसरी दर्ता गर्दा नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल रु.५,८८,९८४।- (अक्षेरुपी पांच लाख अठासी हजार नौ सय चौरासी) रुपैंया हानी नोक्सानी पुगेको र निजलाई समेत सो बिगो बराबरको गैरकानूनी लाभ पुगेको देखियो । यसर्थ निजको सो कसूर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ. ऐनको सोही दफा अनुसार हदैसम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल उपर गरी पाउन माग दावी गरिएको ।

ख. **तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खाँ, शाखा अधिकृत किरण थापा, मे.सु.राजेन्द्र रिजाल र खरिदार मोहन हमालको हकमा** :- त्यस्तै तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खाँ, शाखा अधिकृत किरण थापा, मे.सु.राजेन्द्र रिजाल र खरिदार मोहन हमाल समेतले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४,१५, २२ र ३७ र सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ९ बमोजिम रित पुऱ्याई भन्सार महशुल तिरेको निस्सा समेत पेश नभई, नामसारी दर्ताको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा ल्याउनै पर्ने सवारी साधनलाई ल्याउदै नल्याई, एम.टी.ग्रुप थापाथली ब्यारेक, नेपाली जंगी अड्डाले नामसारी नहुने शर्तमा अर्कै व्यक्तिलाई लिलाम गरेको सवारी साधनको लिलाम सकार गर्ने व्यक्तिले लिलाम सकार गरेको हो भन्ने कागजात नै पेश नगरी अर्कै सरोकार नै नभएको व्यक्तिले एम.टी.ग्रुप थापाथली ब्यारेक, नेपाली जंगी अड्डाबाट सो सवारी साधन लिलाम सकार गरेको हुं भनी पेश गरेको कागजातलाई सो कागजातको आधिकारिकता उपर कुनै जांचबुझ नै नगरी पेश भएको झूट्ठा किर्ते पत्र तथा सो पत्रमा उल्लेख नै नभएको सवारी साधनको बिबरण (चेसिस नं., ई.नं.लगायत) लाई मूल दर्ता कार्ड हराएको भनी अर्कै दर्ताकार्ड तयार गरी निज श्रेष्ठसंग मिलेमतो गरी उक्त बा. २ च. ६१९३ नंबरको सवारी साधन निजको नाममा गैरकानूनी रुपमा दर्ता गरेको देखियो । अतः यसरी कानून विपरित दर्ता गरिएको उक्त सवारी साधन निवेदक रबीन्द्रराज श्रेष्ठले भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याई दर्ता गर्दा उक्त

सवारी साधन वापत बुझाउनु पर्ने भन्सार महशुल रु.५,८८,९८४।- (अक्षेरुपी पांच लाख, अठासी हजार नौ सय चौरासी) रुपैंया निज रबीन्द्रराज श्रेष्ठलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुगेको देखियो । यसर्थ निज रबीन्द्रराज श्रेष्ठसंग मिलेमतो गरी निजहरुले गरेको सो कसूर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१)र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ. ऐनको सोही दफा अनुसार हदैसम्मको सजाय मागदावी गरीएको ।

ग. हालका सवारी धनीको हकमा :- साविक बा अ झ १४९६ नंबरबाट बिभिन्न यातायात व्यवस्था कार्यालयमा बिभिन्न व्यक्तिहरुको नाममा बिभिन्न नंबरमा दर्ता कायम भई हाल ग १ ज २१३८ नंबर को सवारी साधन जब्बर बहादुर लामिछानेको नाममा रहेको देखिएको हुंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सो सवारी साधन जफत गर्ने प्रयोजनको लागि निजलाई समेत प्रतिवादी बनाइएको ।

घ. पक्राउ परी हाल भैरहवा भन्सार कार्यालय, बेलहिया रुपन्देहीमा रहेको उक्त ग १ ज २१३८ नंबरको सवारी साधन साविक बा २ च ६१९३ नंबरमा दर्ता हुंदा गैरकानूनी रुपमा भन्सार राजश्व छली चोरी पैठारी गरी किर्ते तथा झूठ्ठा लिलामी कागजातको आधारमा दर्ता गरेको देखिएकोले प्रचलित भन्सार ऐन बमोजिम जो जे गर्नुपर्ने हो आवश्यक कारवाही गर्न सम्बन्धित भन्सार कार्यालयमा लेखी पठाई सो को जानकारी उक्त जीपको हाल कायम भएको देखिएका सवारी धनीलाई दिनु भनी भन्सार बिभागमा लेखी पठाइएको ।

४६. भन्सार चोरी पैठारी गरी आयात भएको र हाल पक्राउ परी भैरहवा भन्सार कार्यालय रुपन्देहीमा रहेको साविक बा अ स ६७ नंबर हाल ग १ ज २५८४ नंबरको सवारी साधन यातायात व्यवस्था कार्यालय बागमतीमा मिति २०५७/२/१० गते ऋषीराम खरेलको नाममा बा २ च ६६०६ नंबरमा नामसारी दर्ता गर्दा गैरकानूनी रुपमा दर्ता गरी भ्रष्टाचारजन्य कसूर गरेको भन्ने उजुरी सम्बन्धी प्रतिवेदन उपर आयोगको मिति २०६३।६।२९ को वैठकमा छलफल हुँदा देहाय बमोजिम गर्ने निर्णय गरिएको :

अनुसन्धानबाट संकलित कागजात प्रमाण तथा सम्बन्धित व्यक्तिको वयान समेतका आधारमा प्रतिवादी ऋषीराम खरेलले उक्त सवारी साधन यातायात व्यवस्था कार्यालय बागमतीमा नामसारी दर्ता गर्दा साविक बा अ स ६७ नंबरबाट लिलाम सकार गरेको भन्ने आधारमा दर्ता गरेको देखियो । यसरी निजको नाममा नामसारी दर्ता भएको सो सवारी साधनको सम्बन्धमा अनुसन्धान गर्दा निज खरेलले आफ्नो नाममा नामसारी दर्ता हुंदा सो सवारी साधन लिलाम सकार गर्दाका कागजातहरु पेश गरेको देखिंदैन । यातायात व्यवस्था कार्यालय बागमतीबाट उक्त बा अ स ६७ नंबरको सवारी साधनको साविकको दर्ता हुंदाको सक्कल कागजात समेत प्राप्त भएको छैन । यस आधारमा हेर्दा उक्त सवारी साधन साविकमा बा.अ.स ६७ नंबरमा दर्ता भई निज ऋषीराम खरेलले लिलाम सकार गरेको थियो भन्ने

अवस्था रहेन । निज ऋषीराम खरेल स्वयंले आफ्नो वयानमा सो सवारी साधनको सम्बन्धमा अनभिज्ञता जाहेर गरेको देखिंदा निजले उक्त सवारी साधन लिलाम गरेको थियो भन्न सक्ने अवस्था देखिएन भने अर्को तर्फ बा अ स ६७ नंबरको सवारी साधनको "स" अक्षरले सवारी तथा यातायात व्यवस्था ऐन तथा नियमावली अनुसार निजी साना (टेम्पो, अटो रिक्सा आदि जस्ता तीन पांग्रे) सवारी साधनलाई जनाउने भन्ने स्पष्ट कानूनी व्यवस्था भएको देखिन्छ । त्यस्तै सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ को उपदफा (२) अनुसार "सवारी निर्माता कम्पनीले सवारीको वनौट सम्बन्धमा निर्धारण गरेको विस्तृत विवरण (स्पेशिफिकेसन) मा परिवर्तन गर्ने गरी स्वीकृती दिईने छैन" भन्ने स्पष्ट कानूनी व्यवस्था देखिंदा सो "स" अक्षरको सवारी साधनलाई "च" अक्षर मा दर्ता गर्न मिल्ने अवस्था पनि देखिंदैन । अत: निज ऋषिराम खरेलले लिलाम नै सकार नगरेको सवारी साधनलाई लिलाम सकार गरेको हुं भनी "बा अ स ६७" नंबरको अक्षर एक प्रकारको भएको सवारी साधनलाई "बा २ च ६६०६" नंबरमा अर्कै प्रकृतीको सवारी साधनको रुपमा हेरफेर गरी भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याएको सवारी साधन गैर कानूनी रुपमा दर्ता गरे/गराएको देखिन आयो ।

यसरी निजले लिलाम नै सकार नगरेको सवारी साधनको लिलाम सकार गरेको थिएं भन्ने नक्कली कागजातका आधारमा नामसारी दर्ता गरिदिई बिदेशबाट चोरी पैठारी गरी भन्सार नतिरी ल्याएका गाडीहरुलाई बैधता दिने कसूरजन्य कार्य गरेबाट सो सवारी साधन पैठारी गर्दा प्राप्त हुने भन्सार समेतको महशुल रु.५,८३,१६९।१६ (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी पैसा सोह्र) नेपाल सरकारलाई गैर कानूनी रुपमा हानी नोक्सानी पुऱ्याएको देखियो । अतएव लिलाम सकार नै नगरेको, अर्कै स्पेशिफिकेसन भएको सवारी साधन लिलाम सकार गरेको हो भन्ने झूठ्ठा व्यहोरा उल्लेख गरी निज खरेलले यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरुसंग मिलेमतो गरी भन्सार छली चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरी गराई नेपाल सरकारलाई माथि उल्लेख भए बमोजिम रु.५,८३,१६९।१६ (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी पैसा सोह्र) हानी नोक्सानी पुऱ्याउने कार्य गरेको र निजहरुबाट भए/गरेको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र ८(४) बमोजिमको सजाय हुने कसूर देखिएको हुंदा सो कसूरमा संलग्न निम्न व्यक्तिहरु उपर निम्न सजायको मागदावी लिई बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

क. तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खाँ तथा खरिदार हरिशरण फूंयालको हकमा :- तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खाँ तथा हरिशरण फूंयाल समेतले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४,१५, २२, ३७ र ३९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली २०५४ को नियम ९ बमोजिम रित पुऱ्याई भन्सार महशुल तिरेको निस्सा समेत पेश नभई, नामसारी दर्ताको लागि सम्बन्धित यातायात व्यवस्था कार्यालयमा ल्याउनै पर्ने सवारी साधनलाई ल्याउंदै नल्याई, लिलाम गरेको

सवारी साधनको लिलाम सकार गर्ने व्यक्तिले लिलाम सकार गरेको हो भन्ने कागजात नै पेश नगरी, कानूनत कुनै एउटा स्पेशिफिकेसनमा दर्ता भएको सवारी साधनलाई अर्को स्पेशिफिकेसनमा हेरफेर तथा परिवर्तन गरी दर्ता गर्न मिल्दैन भन्ने स्पष्ट कानूनी व्यवस्था हुंदा हुंदै सो व्यवस्थाको उपेक्षा गरी "बा अ स ६७" तीन चक्के सवारी साधन टेम्पोको स्पेशिफिकेसन भएको सवारी साधनलाई अर्कै प्रकतिको सवारी साधन पिकअपमा स्पेशिफिकेसन नै हेरफेर तथा परिवर्तन गरी बा २ च ६६०६ नंबरमा भन्सार चोरी पैठारी गरी ल्याएको पिकअप दर्ता गरी सवारी दर्ता किताव(ढड्डा) मा समेत कुनै अभिलेख खडा नगरी निज ऋषिराम खरेलसंग मिलेमतो गरी निजको नाममा उक्त सवारी साधन गैर कानूनी रुपमा दर्ता गरेको देखियो । अतः यसरी कानून विपरित दर्ता गरिएको उक्त सवारी साधन निवेदक ऋषीराम खरेलले भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याई दर्ता गर्दा उक्त सवारी साधनहरु वापत बुझाउनु पर्ने भन्सार महशुल रु.५,८३,१६९।१६ (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी पैसा सोह्र) निज ऋषिराम खरेललाई गैर कानूनी लाभ र नेपाल सरकारलाई गैर कानूनी हानी नोक्सानी पुगेको देखियो । यसर्थ निज ऋषिराम खरेलसंग मिलेमतो गरी निजहरुले गरेको सो कसूर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ. ऐनको सोही दफा अनुसार हदैसम्मको सजायको माग दावी गरिएको ।

ख. ऋषीराम खरेलको हकमा :- निज ऋषीराम खरेलले उक्त सवारी साधन लिलाम सकार गरेको हो भन्ने कुनै पनि कागजात नै पेश नगरी, सावित बा अ स ६७ नंबरको सवारी साधन लिलाम सकार गरेको थिंए भन्ने झूठ्ठा व्यहोरा उल्लेख गरी नामसारी गर्दा नामसारी दर्ता हुने कार्यालयमा नियमानुसार ल्याउनु पर्ने सवारी साधन सम्बन्धित कार्यालयमा ल्याउदै नल्याई बदनियतपूर्वक यातायात व्यवस्था कार्यालय, बागमतीका तात्कालिन कार्यालय प्रमुख अब्दुल रईस खाँ तथा खरिदार हरिशरण फूयाल समेतका कर्मचारीहरुलाई आर्थिक प्रलोभन तथा मोलाहिजामा पारी निजहरुसंग मिलेमतो गरी सावित "बा अ स ६७" नंबरको तीन पांग्रे सवारी साधन टेम्पोको स्पेशिफिकेसन भएको सवारी साधनलाई अर्कै प्रकृतिको सवारी साधन पिकअपमा स्पेशिफिकेसन नै हेरफेर तथा परिवर्तन गरी "बा २ च ६६०६" अल्फाबेटको पिकअपमा गैरकानूनी रुपमा चोरी पैठारी गरी ल्याएको सवारी साधन पिकअप दर्ता गरेको देखियो । अतः यसरी दर्ता गर्दा नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल रु.५,८३,१६९।१६ (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी पैसा सोह्र) हानी नोक्सानी पुगेको र निजलाई समेत सो बिगो बराबरको गैर कानूनी लाभ पुगेको देखियो । यसर्थ निजको सो कसूर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ.ऐनको सोही दफा अनुसार हदैसम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गरिएको ।

ग. दयाराम यादवको हकमा :- प्रतिवादी ऋषीराम खरेलले आफ्नो वयानमा उक्त सवारी साधन दर्ता गर्ने कार्यमा पूर्ण रुपमा संलग्न रहेको भनिएका जिल्ला रुपन्देही दयानगर गा.वि.स.वस्ने दयाराम यादवलाई यस आयोगमा उपस्थित गराउने कार्यको लागि सम्बन्धित जिल्ला प्रहरी तथा जिल्ला प्रशासन कार्यालयमा पत्राचार गर्दा निज हाल भारततर्फ भागी फरार रहेको भन्ने जानकारी प्राप्त हुन आएको हुंदा निजले ऋषीराम खरेल तथा यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन कर्मचारीहरु कार्यालय प्रमुख अब्दुल रईस खाँ र खरिदार हरिशरण फूयाल समेत संग मिलेमतो गरी उक्त सवारी साधन दर्ता गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिंदा निजबाट भएको उक्त कार्यबाट नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल रु.५,८३,१६९।१६ (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी पैसा सोह्र) हानी नोक्सानी पुगेको र निजलाई समेत सो बिगो बराबरको गैर कानूनी लाभ पुगेको देखियो । यसर्थ निजको सो कसूर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ.ऐनको सोही दफा अनुसार हदैसम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गरिएको ।

घ. हालका सवारी धनीको हकमा :- सावित बा अ स ६७ नंबरबाट बिभिन्न यातायात व्यवस्था कार्यालयमा बिभिन्न व्यक्तिहरुको नाममा बिभिन्न नंबरमा दर्ता कायम भई हाल ग १ ज २५८४ नंबरको सवारी साधन कृष्णराज पौडेलको नाममा रहेको देखिएको हुंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सो सवारी साधन जफत गर्ने प्रयोजनको लागि निजलाई समेत प्रतिवादी बनाईएको ।

ङ. उक्त ग १ ज २५८४ नंबरको सवारी साधन सावित बा २ च ६६०६ नंबरमा दर्ता हुंदा झूट्ठा लिलामीको आधारमा दर्ता भएको देखिएकोले चोरी पैठारी भई दर्ता भएको भनी प्रचलित भन्सार ऐन बमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित भन्सार कार्यालयमा लेखी पठाई सो को जानकारी उक्त पिकअपको हाल कायम भएको देखिएका सवारी धनीलाई दिनु भनी भन्सार बिभाग, त्रिपुरेश्वरमा लेखी पठाइएको ।

४७. रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) मा प्रधान सहायक तह-५ पदमा कार्यरत रक्किजंग सिंहले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गत समेतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/६/२९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४८. नेपाल नागरिक उड्डयन प्राधिकरणमा वरिष्ठ कार्यालय सहायक (तह ५) पदका तपबहादुर के.सी.ले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/६/२९को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

४९. बीमा समितिका सहायक द्वितीय पदका दिपेन्द्र खाँण ठकुरीले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/६/२९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५०. भन्सार चोरी पैठारी गरी आयात भएको र हाल पक्राउ परी भैरहवा भन्सार कार्यालय, रुपन्देहीमा रहेको सावित बा अ अ ७९ नंबर हाल ग. १ ज. १६८४ नंबरको सवारी साधन यातायात व्यवस्था कार्यालय, बागमतीमा मिति २०५७/२/१० गते ऋषीराम खरेलको नाममा बा. १ च. ८२२० नंबरमा नामसारी दर्ता गर्दा गैरकानूनी रुपमा दर्ता गरी भ्रष्टाचारजन्य कसूर गरेको बिषयमा अनुसन्धान सम्पन्न गरी पेश गरेको प्रतिवेदन उपर आयोगको मिति २०६३।७।१५ को बैठकमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो :

अनुसन्धानबाट संकलित कागजात प्रमाण तथा सम्बन्धित व्यक्तिको वयान समेतका आधारमा प्रतिवादी ऋषीराम खरेलले उक्त सवारी साधन यातायात व्यवस्था कार्यालय बागमतीमा नामसारी दर्ता गर्दा सावित बा अ अ ७९ नंबरबाट लिलाम सकार गरेको भन्ने आधारमा दर्ता गरेको देखियो । यसरी निजको नाममा नामसारी दर्ता भएको सो सवारी साधनको सम्बन्धमा अनुसन्धान गर्दा निज खरेलले आफ्नो नाममा नामसारी दर्ता हुंदा सो सवारी साधन लिलाम सकार गर्दाका कागजातहरु पेश गरेको देखिंदैन । त्यस्तै निज ऋषीराम खरेलको नाममा दर्ता भएको भनिएको उक्त बा १ च ८२२० नंबरको उक्त सवारी साधनको अभिलेख यातायात व्यवस्था कार्यालय बागमतीबाट झिकाउंदा यान्त्रिक परिवहन गण

थापाथली ब्यारेकको नाममा रहेको बा अ झ १६८१ नंबरको ईसुजु पिकअप भ्यान मिति २०५३/५/१८ गतेको पत्रबाट लिलाम बिक्री गर्ने स्वीकृति भई आएकोमा पटक पटक सूचना प्रकाशित गरी लिलाम बिक्री गर्दा जि.काठमाण्डौ, काठमाण्डौ महानगरपालिका २१ भोटेबहाल निवासी दिनानन्द शाहीको नाममा उक्त लिलाम स्वीकृत भई सोही गणको मिति २०५४/२/१५ गतेको पत्रबाट यातायात व्यवस्था कार्यालय सिनामंगललाई लगत कट्टा गरी नामसारी गरिदिनु भन्ने व्यहोराको पत्र लेखिएको र सोही पत्रको आधारमा निज दिनानन्द शाहीले यातायात व्यवस्था कार्यालय बागमतीमा मिति २०५६/१२/१५ गते बा १ च ८२२० नंबरमा दर्ता गरेको देखिएकाले ऋषीराम खरेलले बा अ ञ ७९ नंबरको सवारी साधन लिलामबाट प्राप्त गरी बा १ च ८२२० नंबरमा दर्ता गरेको भन्ने व्यहोरा झूठ्ठा देखियो । उक्त बा १ च ८२२० नंबरको सवारी साधनको वास्तविक सवारी धनी ऋषीराम खरेल नभई दिनानन्द शाही रहेको र उक्त सवारी साधन महेन्द्रा जीप नभई जापनिज ईसुजु भ्यान भएको तथ्य प्राप्त कागजातहरुबाट स्पष्ट देखिन आएकाले निज ऋषीराम खरेलले यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन कर्मचारीहरु कार्यालय प्रमुख अब्दुल रईस खाँ र खरिदार हरिशरण फूयालसंग मिलेमतो गरी कार्यालयमा अभिलेखको ढड्डा समेत खडा नगरी दिनानन्द शाहीको नाममा दर्ता कायम भै सकेको उक्त बा १ च ८२२० नंबरको जापनिज ईसुजु भ्यानको सवारी नंबरमा गैर कानूनी रुपमा भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याएको अर्कै चेसिस नंबर र ईन्जिन नंबर भएको महेन्द्रा एण्ड महेन्द्रा कम्पनीको सवारी साधनको सवारी दर्ता प्रमाणपत्र तयार गरी नामसारी दर्ता गरे/गराएको र सोही आधारमा सरुवा सहमति पत्र वनाई यातायात व्यवस्था कार्यालय, महाकालीमा पठाएको देखियो ।

यसरी निजले लिलाम नै सकार नगरेको सवारी साधनको लिलाम सकार गरेको भन्ने झूठ्ठा कागजातका आधारमा अर्कै व्यक्तिको नाममा कायम रहेको सवारी नंबर बा १ च ८२२० लाई प्रयोग गरी नयाँ नामसारी दर्ता गराई बिदेशबाट चोरी पैठारी गरी भन्सार नतिरी ल्याएको गाडीलाई बैधता दिने कसूरजन्य कार्य गरेबाट सो सवारी साधन पैठारी गर्दा प्राप्त हुने भन्सार समेतको महशुल रु.६,९८,६३२।४८ (अक्षेरुपी छ लाख अन्ठानब्बे हजार छ सय बत्तिस रुपैंया पैसा अठचालिस) नेपाल सरकारलाई गैर कानूनी रुपमा हानी नोक्सानी पुऱ्याएको देखियो । अतएव अर्कै व्यक्तिको नाममा दर्ता कायम भई सकेको तथा लिलाम सकार नै नगरेको सवारी साधन लिलाम सकार गरेको हो भन्ने झूटटा व्यहोरा उल्लेख गरी निज ऋषिराम खरेलले यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरुसंग मिलेमतो गरी भन्सार छली चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरी गराई नेपाल सरकारलाई माथि उल्लेख भए बमोजिम रु.६,९८,६३२।४८ (अक्षेरुपी छ लाख अन्ठानब्बे हजार छ सय बत्तिस रुपैंया पैसा अठचालिस) हानी नोक्सानी पुऱ्याउने कार्य गरेको र निजहरुबाट भए/गरेको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र ८(४) बमोजिमको सजाय हुने कसूर देखिएको हुंदा सो कसूरमा संलग्न निम्न व्यक्तिहरु उपर निम्न सजायको मागदावी लिई बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

क. तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खाँ तथा खरिदार हरिशरण फूयांलको हकमा :- तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका कार्यालय प्रमुख अब्दुल रईस खाँ तथा खरिदार हरिशरण फूंयाल समेतले माथि उल्लेख भए बमोजिमको गैरकानूनी कार्य गरी भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएकोले निजहरुलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) अनुसार हदैसम्मको सजायको माग दावी गरिएको ।

ख. ऋषीराम खरेलको हकमा :- प्रतिवादी ऋषीराम खरेलले माथि उल्लेख भए बमोजिम यातायात व्यवस्था कार्यालय, बागमतीका तात्कालिन कार्यालय प्रमुख अब्दुल रईस खाँ तथा खरिदार हरिशरण फूयाल समेतका कर्मचारीहरुसंग मिलेमतो गरी चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरी नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल रु.६,९८,६३२।४८ (अक्षेरुपी छ लाख अन्ठानब्बे हजार छ सय बत्तिस रुपैंया पैसा अठचालिस) हानी नोक्सानी पुऱ्याएको र निजलाई समेत सो बिगो बराबरको गैर कानूनी लाभ पुगेको देखियो । यसर्थ निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार हदैसम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गरिएको ।

ग. दयाराम यादवको हकमा :- प्रतिवादी ऋषीराम खरेलले आफ्नो वयानमा उक्त सवारी साधन दर्ता गर्ने कार्यमा पूर्ण रुपमा संलग्न रहेको भनिएका जिल्ला रुपन्देही बलरामपुर गा.वि.स.वस्ने दयाराम यादवलाई यस आयोगमा उपस्थित हुन गोरखापत्र राष्ट्रिय दैनिकमा सूचना प्रकाशित गर्दा समेत निज उपस्थित हुन नआई भागी फरार रहेको हुंदा निजले ऋषीराम खरेल तथा यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन कर्मचारीहरु कार्यालय प्रमुख अब्दुल रईस खाँ र खरिदार हरिशरण फूयाल समेत संग मिलेमतो गरी उक्त सवारी साधन दर्ता गर्ने कार्यमा प्रत्यक्ष संलग्न रहेको देखिंदा निजबाट भएको उक्त कार्यबाट नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल रु.६,९८,६३२।४८ (अक्षेरुपी छ लाख अन्ठानब्बे हजार छ सय बत्तिस रुपैंया पैसा अठचालिस) हानी नोक्सानी पुगेको र निजलाई समेत सो बिगो बराबरको गैर कानूनी लाभ पुगेको देखियो । यसर्थ निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) अनुसार हदैसम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गरिएको ।

घ. हालका सवारी धनीको हकमा :- साविक बा अ अ ७९ नंबरबाट बिभिन्न यातायात व्यवस्था कार्यालयमा बिभिन्न व्यक्तिहरुको नाममा बिभिन्न नंबरमा दर्ता कायम भई हाल ग १ ज १६८४ नंबरको सवारी साधन जिल्ला बाग्लुङ्ग, बाग्लुङ्ग न.पा.११ वस्ने धन बहादुर खड्काको नाममा रहेको देखिएको हुंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा

४७ बमोजिम सो सवारी साधन जफत गर्ने प्रयोजनको लागि निजलाई समेत प्रतिवादी बनाइएको ।

ङ. उक्त ग. १ ज. १६८४ नंबरको सवारी साधन साविक बा. १ च. ८२२० नंबरमा दर्ता हुंदा झूट्ठा बिबरण तथा लिलामीको आधारमा दर्ता भएको देखिएकोले चोरी पैठारी भई दर्ता भएको भनी प्रचलित भन्सार ऐन बमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित भन्सार कार्यालयमा लेखी पठाई सो को जानकारी हाल कायम भएको देखिएका सवारी धनीलाई दिनु भनी भन्सार बिभाग, त्रिपुरेश्वरमा लेखी पठाइएको ।

५१. रेडियो नेपालका कार्यालय सहायक तह ४ पदमा कार्यरत रामचन्द्र आचार्यले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भष्ट्राचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई साविक भष्ट्राचार निवारण ऐन, २०१७ को दफा १२ र २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५२. नेपाल टेलिकममा अप्रेटर तह ४ मा कार्यरत पार्वती वास्तोलाले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल टेलिकमले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५३. काठमाण्डौ महानगरपालिका कार्यालयमा मुखिया (हाल खरिदार) पदमा कार्यरत मञ्जु मिश्रले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी काठमाण्डौ महानगरपालिकाको कार्यालयबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त

दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/१५ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५४. साझा स्वास्थ्य सेवा, केन्द्रीय कार्यालय, काठमाडौंका तत्कालीन सहायक द्वितीय पदका कर्मचारी भिमप्रसाद तिमिल्सिनाले बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी साझा स्वास्थ्य सेवा, केन्द्रीय कार्यालयबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेशबाट प्राप्त पत्र एवं निम्न विवरण समेतका आधारमा ती प्रमाणपत्रहरु नक्कली एवं झुठ्ठा देखिई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/१६ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५५. साझा स्वास्थ्य सेवा, भरतपुर शाखा, चितवनका सहायक स्तर तृतीय श्रेणीको पदमा कार्यरत राम किशोरलाल दमाईले वढुवाको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी साझा स्वास्थ्य सेवाबाट यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विहार विद्यालय परीक्षा समिति पटनाबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम हदैसम्मको दण्ड सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/२३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५६. जिल्ला शिक्षा कार्यालय, काठमाण्डौ अन्तर्गत लप्सिफेदी प्राथमिक विद्यालयकी शिक्षिका विमला तिवारीले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही होस् भनी यस आयोगमा पर्न आएको उजुरीउपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद् क्षेत्रीय कार्यालय वाराणसीबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूठ्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/२३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५७. नेपाल टेलिभिजनमा तह ६ क्यामेराम्यान पदमा कार्यरत रत्नहजुर सेनले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/७/२४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

५८. नेपाल टेलिभिजनमा तह ६ ध्वनी नियन्त्रक पदमा कार्यरत रोशनजंग थापाले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/७/२४ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौंमा मुद्दा दायर गरियो ।

५९. प्रहरी प्रधान कार्यालय अन्तर्गत प्रहरी सहायक निरीक्षक पदमा कार्यरत एकराज घिमिरेले वढुवाको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र नक्कली भएकोले कारवाही हुन भनी आयोगमा प्राप्त भएको उजुरी उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यामिक शिक्षा परिषद्, वारणसी,उत्तर प्रदेशबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम हदैसम्मको दण्ड सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/२६ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गर्न पठाउने निर्णय गरियो ।

६०. घरेलु तथा साना उद्योग विभाग त्रिपुरेश्वरमा कार्यरत अधिकृतहरुले कन्हैया कोल्ड स्टोर प्रा.लि.को दर्ता प्रमाणपत्र दिनका लागि घूस मागेकोले आवश्यक कारवाही गरी पाउँ भनी मिति २०६३।०७।१७ गते यस आयोगमा उजुरी दर्ता गराएकोमा यस आयोगबाट नम्वर टिपि रुजु गरी दिएका नोटहरु निवेदकलाई राख्न दिई आयोगबाट टोली खटाई पठाएकोमा निज

निवेदकले बुझिलगेको दर र नम्वरहरुका नोटहरु नै घरेलु तथा साना उद्योग विभाग त्रिपुरेश्वरमा कार्यरत शा.अ.कर्ण बहादुर खड्काको कार्यकक्षमा रहेको टेवुलबाट वरामद भएको भनी यस आयोगबाट खटिई गएको टोली समेतले वरामद गरी ल्याएको वरामदी मुचुल्का साथै सो विभागमा कार्यरत शा.अ. कर्ण बहादुर खड्काले यस आयोगमा अनुसन्धानको सिलसिलामा दिएको वयानमा मेरै कार्यकक्षबाट वरामद भएको भनी स्वीकार गरेको देखिंदा निज शा.अ.कर्ण बहादुर खड्काले सो उद्योग दर्ताको प्रमाण पत्र दिन रु.५०००।-घूस लिएको पुष्टि भएकोले निजबाट भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) वमोजिमको कसूर भएको हुँदा भ्रष्टाचार निवारण ऐन,२०५९ को दफा ३ को उपदफा (१) को देहाय (क) वमोजिमको सजाय गर्ने माग दावी लिई आयोगको मिति २०६३/७/२८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६१. मुद्रण विभागमा कार्यरत सि.फो.टा.से. (रा.प.अनं.प्रथम) ठानेश्वर न्यौपानेले बढुवाको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी मुद्रण विभागमा गठित प्रमाण पत्र अध्ययन एवं छानविन समितिले यस आयोगमा पठाएको प्रतिवेदन उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यामिक शिक्षा परिषद्, उत्तरप्रदेश, इलाहाबादबाट प्राप्त पत्र समेतका आधारमा उक्त प्रमाणपत्र नक्कली एवं झुट्ठा प्रमाणीत हुन आई निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/७/२८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६२. भन्सार चोरी पैठारी गरी आयात गरिएको र हाल पक्राउ परी भैरहवा भन्सार कार्यालय रुपन्देहीमा रहेको सावित बा अ ५४०४ हाल ना १ ज १३०९ नंबरको सवारी साधन अबैध रुपमा भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याई सवारी तथा यातायात व्यवस्था ऐन नियम विपरीत गैरकानूनी रुपमा दर्ता गरेको भन्ने भ्रष्टाचारजन्य कसूर गरेको बिषयको अनुसन्धान प्रतिवेदन उपर आयोगको मिति २०६३।७।२९ को बैठकमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरिएको :

अनुसन्धानबाट संकलित कागजात प्रमाण तथा सम्बन्धित व्यक्तिको वयान समेतका आधारमा सावित बा अ ५४०४ नंबरको लिलामी सवारी साधनको मिति २०५७/५/२६ गते यातायात व्यवस्था कार्यालय बागमतीबाट जारी भएको सवारी दर्ता प्रमाणपत्र र सवारी सरुवा सहमतिपत्रको आधारमा यातायात व्यवस्था कार्यालय जनकपुरमा ज १ ज ५५ नंबरमा छवीलाल कंडेलको नाममा नामसारी दर्ता भएको उक्त बा अ ५४०४ नंबरको सवारी साधनको यातायात व्यवस्था कार्यालय बागमतीबाट सवारी दर्ता अभिलेख झिकाई हेर्दा कार्यालयको रेकर्ड अनुसार सवारी दर्ता प्रमाणपत्र एवं सवारी सरुवा सिफारिसपत्र जारी गर्नुपर्नेमा सो अनुसार नगरी कमला सिंचाई कार्यालय धनुषाबाट लिलाम भएको रसियन जीपको स्पेसिफिकेशनमा परिवर्तन गरी सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को

दफा १४, १५ र ३९ विपरीत र यातायात व्यवस्था नियमावली २०५४ को नियम ९ ले निर्दिष्ट गरेको बिधी सम्मत प्रकृया पुरा नगरी गैरकानूनी रुपमा भन्सार छली भारतबाट चोरी पैठारी गरी ल्याएको महेन्द्रा जीपको स्पेसिफिकेशन राखी सोही अनुरुपको सवारी यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता रहेको देखाई उक्त कार्यालयका तत्कालीन कर्मचारीहरु शाखा अधिकृत रमण श्रेष्ठ, खरिदार मोहन बहादुर हमाल र खरिदार हरिशरण फूयालले निज छवीलाल कंडेलसंग मिलेमतो गरी सवारी दर्ता प्रमाणपत्र तथा सरुवा सहमति पत्र वनाई यातायात व्यवस्था कार्यालय, जनकपुरमा पठाएको देखियो ।

यसरी निज छविलाल कंडेलले आफूले सकार गरेको बा अ ५४०४ नंबरको रसियन विलिस जीपको स्थानमा बिदेशबाट चोरी पैठारी गरी भन्सार नतिरी ल्याएको महेन्द्रा एण्ड महेन्द्रा कम्पनीको जीपलाई झूट्ठा विवरणको आधारमा बैधता दिने कसूरजन्य कार्य गरेबाट सो सवारी साधन पैठारी गर्दा प्राप्त हुने भन्सार समेतको महशुल रु.५,८३,१६९।१६ (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी पैसा सोह्र) नेपाल सरकारलाई गैरकानूनी रुपमा हानी नोक्सानी भएको देखियो । अतएव आफूले सकार गरेको वास्तविक सवारी साधन भन्दा भिन्दै भन्सार छली चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता रहेको देखाई झूट्ठा व्यहोरा उल्लेख गरी निज छवीलाल कंडेलले यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरुसंग मिलेमतो गरी दर्ता गरी गराई नेपाल सरकारलाई माथि उल्लेख भए बमोजिमको बिगो गैरकानूनी हानी नोक्सानी पुऱ्याउने कार्य गरेको र निजहरुबाट भए/गरेको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र ८ (४) बमोजिमको सजाय हुने कसूर देखिएको हुंदा सो कसूरमा संलग्न निम्न व्यक्तिहरु उपर निम्न अनुसार सजायको मागदावी लिई बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो :

क. यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन शाखा अधिकृत रमण श्रेष्ठ, खरिदार मोहन बहादुर हमाल र खरिदार हरिशरण फूंयालको हकमा :- यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन शाखा अधिकृत रमण श्रेष्ठ, खरिदार मोहन बहादुर हमाल र खरिदार हरिशरण फूंयाल समेतले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १४,१५ र ३९ तथा सवारी तथा यातायात व्यवस्था नियमावली, २०५४ को नियम ९ बमोजिम रित पुऱ्याई भन्सार महशुल तिरेको निस्सा समेत पेश गर्न लगाई दर्ता गर्नु पर्ने सवारी साधनलाई लिलामीको गाडी हो भनी गैरकानूनी रुपमा अर्कै बिबरण भरी यातायात व्यवस्था कार्यालय बागमतीमा बा अ झ ५४०४ नंबरमा दर्ता रहेको देखाई निज छवीलाल कंडेलको नाममा उक्त सवारी साधन गैरकानूनी रुपमा दर्ता गर्न मिलेमतो गरी नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल रु.५,८३,१६९।१६ (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी पैसा सोह्र) छली गैरकानूनी कार्य गरी भ्रष्टाचारजन्य कसूर गरेको देखिन आएकोले निजहरुलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१) र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(३) अनुसार हदैसम्मको सजायको मागदावी गरिएको ।

ख. छवीलाल कंडेलको हकमा :- प्रतिवादी छवीलाल कंडेलले माथि उल्लेख भए बमोजिम यातायात व्यवस्था कार्यालय, बागमतीका तत्कालीन शाखा अधिकृत रमण श्रेष्ठ, खरिदार हरिशरण फूंयाल र खरिदार मोहन हमाल समेतका कर्मचारीहरुसंग मिलेमतो गरी गैरकानूनी रुपमा भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरी नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल रु.५,८३,१६९।१६ (अक्षेरुपी पांच लाख त्रियासी हजार एक सय उनान्सत्तरी पैसा सोह्र) हानी नोक्सानी पुऱ्याएको र निजलाई समेत सो बिगो बराबरको गैरकानूनी लाभ पुगेको देखियो । यसर्थ निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) अनुसार हदैसम्मको सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गरिएको ।

ग. हालका सवारी धनीको हकमा :- साविक बा अ ५४०४ नंबरबाट बिभिन्न यातायात व्यवस्था कार्यालयमा बिभिन्न व्यक्तिहरुको नाममा बिभिन्न नंबरमा दर्ता कायम भई हाल ना १ ज १३०९ नंबरको सवारी साधन जिल्ला बाग्लुङ्ग, बाग्लुङ्ग नगरपालिका वडा नं.-१, रामरेखा वस्ने टिकाराम सापकोटाको छोरा बर्ष ६१ को लालप्रसाद सापकोटाको नाममा रहेको देखिएको हुंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सो सवारी साधन जफत गर्ने प्रयोजनको लागि निजलाई समेत प्रतिवादी बनाइएको ।

घ. उक्त ना १ ज १३०९ नंबरको सवारी साधन साविक बा अ ५४०४ नंबरमा दर्ता हुंदा झूट्ठा बिबरणको आधारमा दर्ता भएको देखिएकोले चोरी पैठारी भई दर्ता भएको भनी प्रचलित भन्सार ऐन बमोजिम आवश्यक कारवाही गर्न सम्बन्धित भन्सार कार्यालयमा लेखी पठाई सो को जानकारी उक्त सवारी साधनको हाल कायम भएको देखिएका सवारी धनीलाई दिनु भनी भन्सार बिभाग, त्रिपुरेश्वरमा लेखी पठाइएको ।

६३. गुठी संस्थानमा कार्यरत रहेका तत्कालीन वरिष्ठ लेखा सहायक राजु भट्टराईले सो पदमा बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी गुठी संस्थानले यस आयोगमा पठाएको विवरण उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेशबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/२९ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६४. नेपाल टेलिकममा कार्यरत रहेका वरिष्ठ सहायक पिताम्वर काफ्लेले सो पदमा बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल टेलिकमले यस आयोगमा पठाएको विवरण उपर आयोगबाट अनुसन्धान भई

अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद् उत्तरप्रदेशबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/३० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६५. नेपाल विद्युत प्राधिकरणमा कार्यरत रहेका सुपरभाइजर खेमराज खतिवडाले सो पदमा बढुवा पाउने उद्देश्यले पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र शंकास्पद देखिन आएकोले कारवाही हुन भनी नेपाल विद्युत प्राधिकरणले यस आयोगमा पठाएको विवरण उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विहार संस्कृत शिक्षा बोर्ड पटनाबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/७/३० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६६. नेपाल विद्युत प्राधिकरणमा क्लर्क पदमा कार्यरत सुनिता श्रेष्ठले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा विहार संस्कृत शिक्षा वोर्ड, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/८/३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६७. धादिङ्ग जिल्ला अन्तरगत पेट्रोलियम पदार्थको डिलरसिप प्राप्त गर्ने कालिका आयल स्टोर, बैरेनी, श्रीरामी ट्रेडर्स, धादिङ्गवेसी र जेनियम ट्रेडर्स, नौविसे समेतलाई धादिङ्ग जिल्लाको नाममा नेपाल आयल निगमको अमलेखगंज डिपो प्रमुखको स्वार्थका कारण अत्यधिक मात्रामा मट्टितेल उपलब्ध गराई भारततर्फ निकासी गराउने, ढुवानी भाडा हिनामिना गर्ने, वढी मुनाफा लिई अन्यत्रै विक्री वितरण गरी जिल्लामा बिक्री वितरण नगर्ने गरेको र विक्रेताहरुको विक्रिस्थल समेत नभएकोले आवश्यक कारवाही गरी पाउँ भन्ने व्यहोराको पेट्रोलियम डिलर्स एसोसियसन जिल्ला समिति, धादिङ्गले गरेको उजुरीका सम्बन्धमा विस्तृत अनुसन्धान गर्दा नेपाल आयल निगम लि. अन्तरगत अमलेखगंज डिपोबाट आ.व. ०५८।५९ देखि ०६१।६२ सम्म धादिङ्ग जिल्लाको बैरेनी गा.वि.स. वा.नं. ९, विक्रिस्थल तोकिएका निगमका मट्टितेल विक्रेता जयकालिका इन्टरप्राइजेज, निलकण्ठ गा.वि.स. वडा नं. ५ मा विक्रिस्थल तोकिएका रामी ट्रेडर्श र नौबिसे गा.वि.स. वा.नं. ५ विक्रिस्थल तोकिएका

जेनियम ट्रेड लिंकले निगमद्वारा तोकिएको उक्त विक्रिस्थलहरुमा मट्टितेल बिक्री गर्न भनी निगमको अमलेखगंज डिपोबाट असीमित मात्रामा मट्टितेल खरीद गरेको देखियो ।

निगमको विक्रेता भएका नेपाल भित्रको सवै ठाउँहरुमा मट्टितेलको एउटै विक्री मूल्य कायम गर्ने नीति बमोजिम निगमको अमलेखगञ्ज डिपोमा कायम भएको मूल्यमा निगमले उक्त अमलेखगंज डिपोबाट विक्रिस्थलहरुको दुरीका आधारमा तोकिएको ढुवानी भाडा रकम घटाई/छुट दिई उक्त ठाउँमा विक्री गर्दा लैजाने मट्टितेलको एक्स डिपो मूल्य कायम गरेको देखियो । यसबाट अमलेखगंज डिपोबाट टाढा पर्ने विक्रिस्थलमा बिक्री वितरण गर्ने गरी बिक्रेताले मट्टितेल खरीद गर्दा ढुवानी भाडा बापतको रकम बढी हुने भै सो ढुवानी वापतको रकम घटाई मूल्य कायम गर्दा एक्स डिपो मूल्य कम पर्ने र डिपोबाट नजिक पर्ने विक्रिस्थलमा विक्री वितरण गर्ने गरी विक्रेताले मट्टितेल खरीद गर्दा ढुवानी भाडा तुलनात्मक रुपमा कम पर्ने भै बढी एक्स डिपो मूल्य हुने देखियो । यसप्रकार डिपोबाट नजिकको विक्रेताको लागि बढी र टाढाको विक्रेताको लागि कम एक्स डिपो मूल्य कायम गरी सबै ठाउँमा एउटै मूल्य कायम गरी विक्री गर्ने व्यवस्था मिलाएको पाईयो ।

धादिङ्ग जिल्ला अन्तर्गत तोकिएका विभिन्न स्थानहरुमा मट्टितेल विक्री गर्ने भनी जय कालिका इन्टरप्राइजेज, रामी ट्रेडर्श र जेनियम ट्रेड लिंकले आ.व. ०५८।५९ देखि ०६१।६२ सम्ममा क्रमशः ९४३, २३९२ र १५९६ किलो लिटर मट्टितेल निगमको अमलेखगंज डिपोबाट खरीद गरेको तर तोकिएको स्थानहरुमा भने मट्टितेल ढुवानी गरी विक्री वितरण कहिल्यै नगरेको व्यहोरा अनुसन्धानबाट पुष्टि हुन आएको हुँदा निगमले ढुवानी बापत जय कालिका इन्टरप्राइजेजलाई सुविधा उपलब्ध गराएको रु. ५,६७,४३४।१५, रामी ट्रेडर्शलाई उपलब्ध गराएको रु. १४,७७,९४१।३६ र जेनियम ट्रेड लिंकलाई उपलब्ध गराएको रु. १०,८५,१५५।९२ गरी जम्मा रु. ३१,३०,५३१।४३ नेपाल आयल निगमका तत्कालीन डिपो प्रमुखहरु मुकुन्द प्रसाद ढुंगेल र महेशजंग राणासँग गैरकानूनी मिलेमतो गरी उक्त विक्रेताहरुले ढुवानी छुट वापतको रकम दुरुपयोग गरी मट्टितेल अन्यत्रै विक्री गरी आफूलाई गैरकानूनी लाभ र नेपाल आयल निगमलाई गैरकानूनी हानी नोक्सानी पुऱ्याएको देखिएकोले उक्त फर्महरुका प्रोप्राइटरहरु क्रमशः रामेश्वर श्रेष्ठ, बालप्रसाद शर्मा पौडेल र सन्तोष राजभण्डारी उपर साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८(४) को कसूरमा सोही दफा बमोजिमको सजायंको माग दाबी र बिगो असूल उपर गर्ने माग दाबी गरी आयोगको मिति २०६३।८।७ को वैठकको निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

निगमको अमलेखगंज डिपो र तोकिएको विक्रिस्थलको दूरीका आधारमा निर्धारण गरिएको मट्टितेल ढुवानी भाडा रकम घटाई एक्स डिपो मूल्य कायम गरी खरीद मूल्य भन्दा कम मूल्य समेतमा अमलेखगंज डिपोबाट विक्रेताहरुलाई मट्टितेल उपलब्ध गराएकोमा अमलेखगंज डिपोका जिम्मेवार कर्मचारीले मट्टितेल उक्त स्थानमा बिक्री भए नभएको तर्फ ध्यानैं नदिई आवश्यक पदार्थ नियन्त्रण गर्ने अधिकारी प्रमुख जिल्ला अधिकारीसँग कुनै सम्पर्कै नगरी र गाउँ विकास समितिलाई कति मट्टितेल आवश्यक पर्छ भन्ने सामान्य मूल्याङ्कन समेत नगरी

बिक्रेतासंग मिलेमतो गरी निगमले उपलब्ध गराएको सुबिधा दुरुपयोग गरी बिक्रेताहरुलाई असिमित मात्रामा मट्टितेल उपलब्ध गराई मट्टितेल विक्रिमा कुनै नियन्त्रण नै नगरी निगमलाई गैरकानूनी हानी नोक्सानी र मट्टितेल विक्रेताहरुलाई गैरकानूनी लाभ गराउने भ्रष्टाचारजन्य कसूर गरेको देखिएकोले तत्कालीन डिपो प्रमुख मुकुन्द प्रसाद ढुंगेल उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) र २९ तथा महेशजंग राणा उपर भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (२) र २९ एवं हाल प्रचलनमा रहेको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) बमोजिम सजायँको मागदावी लिई आयोगको सोही मिति २०६३।८।७ को वैठकको निर्णयानुसार विशेष अदालत, काठमाडौमा मुद्दा दायर गरियो ।

६८. प्रहरी प्रधान कार्यालय अन्तरगत इलाका प्रहरी कार्यालय, मलवार, दाङमा प्रहरी सहायक निरीक्षक पदमा कार्यरत दीपक पौडेलले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/८/७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

६९. राष्ट्रिय वाणिज्य बैंकमा कार्यरत तह-३ सहायक ग विश्वराज न्यौपानेले माथिल्लो पदमा बढुवा पाउनको लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्रहरु उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित शिक्षा परिषद, क्षेत्रीय कार्यालय, बाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं हाल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/८/११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७०. नेपाल प्रज्ञा प्रतिष्ठानमा ना.सु. पदमा कार्यरत शारदा भण्डारीले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, वाराणसी, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा

प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/८/११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७१. नेपाल विद्युत प्राधिकरणमा कार्यरत सहायक लेखापाल कार्यरत सहायक (तह-४) गोपाल प्रसाद शर्माले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यामिक शिक्षा परिषद क्षेत्रिय कार्यालय वाराणसी भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/८/११ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७२. जिल्ला शिक्षा कार्यालय, सिन्धुपाल्चोक अन्तर्गत सिपातिनघरे संस्कृत मा.वि. सिपातिनघरे, बांडेगाऊका शिक्षक शंभुप्रसाद कोइरालाले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बिहार इन्टरमिडियट एजुकेशन काउन्सील, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/८/२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७३. ललितपुर उप-महानगरपालिकामा कार्यरत जाँचकी वावुराजा महर्जनले नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भै अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा त्रिपद्म माध्यमिक विद्यालय, ललितपुर पुल्चोकबाट प्राप्त पत्र समेतका आधारमा ती प्रमाणपत्रहरु र अन्य कुराहरु समेत नक्कली एवं झुट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई उक्त दफा बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/८/२१ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

७४. सर्लाही जिल्ला अर्नाहा गा.वि.स.का गा.वि.स.सचिव (स्थानिय पञ्जिकाधिकारी) रामसकल साहले नागरिकता प्रमाणपत्र दिलाउन गा.वि.स कार्यालयमा रहेको अभिलेख सच्याई भ्रष्टाचार गरे भनी अर्नाहा गा.वि.स., सर्लाहीका जनताहरुले दिएको उजूरी उपर जिल्ला

प्रशासन कार्यालय, सर्लाहीबाट विस्तृत अनुसन्धान भई अभियोग पत्रसाथ आयोगमा प्राप्त हुन आएको उजूरी उपर अनुसन्धान अधिकृतले थप अनुसन्धान गरी पेश गरेको प्रतिवेदन उपर आयोगको मिति २०६३।९।७ को वैठकमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय भयो :

क) जिल्ला सर्लाही अर्नाहा गा.वि.स. वडा नं.९, वस्ने असर्फि साहको मिति २०३५/१०/२४ गते मृत्यू भएको भनी निजको श्रीमतीले मिति २०६१/११/२६ गते गा.वि.स.को कार्यालय अर्नाहामा उक्त गा.वि.स.का सचिव रामसकल साह समक्ष सूचना दिई सोही सूचनाको आधारमा सोही मितिमा उक्त गा.वि.स.को कार्यालयले मिति २०६१/११/२६ गते द.नं.१४ राखी कार्यालयको अभिलेखमा मिति २०३५/१०/२४ गते मृत्यू भएको भन्ने व्यहोरा जनाई कानून सम्मत तवरले मृत्यू दर्ता प्रमाणपत्र प्रदान गरेको देखिन्छ । अर्को तर्फ सोही गा.वि.स.को कार्यालयबाट मिति २०४४/१२/२४ गते जारी भएको जन्मदर्ता प्रमाणपत्रमा निज असर्फि साह कानूको छोरा दिनेश साह कानूको जन्म मिति २०३८/१/५ भएको देखिन्छ । यसरी बाबुको मृत्यू भएको ३ बर्ष पश्चात छोराको जन्म हुन सक्ने अवस्था नहुदाँ निज गा.वि.स. सचिवले निवेदक दिनेश साह कानूलाई नेपाली नागरिकताको प्रमाणपत्र दिलाउने उद्देश्यले अनुसूची नं.१ को फारममा दस्तखत एवं प्रमाणित समेत गरी निवेदकले सम्बन्धित जिल्ला प्रशासन कार्यालय सर्लाहीमा अन्य आवश्यक कागजात सहित पेश गरेको देखिन्छ । पेश भएको कागजातको आधारबाट नागरिकता उपलब्ध गराउन सक्ने अवस्था नदेखी नागरिकताको प्रमाणपत्र लिने मनसायले निवेदक दिनेश साह कानू समेतले पुनः उक्त व्यहोरा निज गा.वि.स. सचिव समक्ष अवगत गराउंदा निज गा.वि.स. सचिवले उक्त कार्य गरिदिए बापत रु. ४,०००।- (चार हजार) घूस/रिसवत लिएको हो भनी आफ्नो वयानमा खुलाएको देखिदा निज गा.वि.स. सचिवले निवेदकबाट रु. ४,०००।- (चार हजार) घूस/रिसवत लिई गा.वि.स.को अभिलेखको रुपमा रहेको मृत्यूदर्ता प्रमाणपत्र दर्ता किताबको अभिलेखमा गैरकानूनी तवरबाट आफू खुशी मिति २०३५/१०/२४ लाई सच्याई मिति २०३९/१०/२४ वनाई सोही द.न.१४, मिति २०६१/११/२६ गतेको मिति राखी अर्को मृत्यूदर्ता प्रमाणपत्र निवेदक दिनेश साह कानूलाई उपलब्ध गराएको देखियो । अतः निज गा.वि.स. सचिव रामसकल साहले गैरकानूनी तवरबाट रु. ४,०००।-(चार हजार) घूस/रिसवत लिई सरकारी कागजपत्रहरु सच्याई भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३(१) र ११ बमोजिमको कसूरजन्य कार्य गरेको देखिएकाले सोही भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ (१) (क) र ११ बमोजिम हदैसम्मको सजायको मागदावी लिई बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

ख) त्यस्तै निवेदक दिनेश साह कानूले आफ्नो वयानमा नेपाली नागरिकताको प्रमाणपत्र प्राप्तिका लागि आफ्ना बाबु असर्फि साह कानूको मृत्यूदर्ता प्रमाणपत्र सच्याई मिति २०३९/१०/२४ वनाई दोहोरो मृत्यू दर्ता प्रमाणपत्र उपलब्ध गराए वापत निज गा.वि.स.सचिव रामसकल साहलाई रु.४,०००।- घूस/रिसवत दिएको हुं भनी स्वीकार गरेको हुंदा उक्त कसूरमा आफू स्वयंमलाई पनि सजाय हुन सक्ने अवस्था देखिंदा देखिंदै

घूस/रिसवत दिएको हुं भनी स्वीकार गरेको कुरा गलत हो भन्न सक्ने अवस्था देखिएन । अतः निज दिनेश साह कानूले उक्त कसूरजन्य कार्य भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ३ को उप दफा (३) बमोजिमको कसूर गर्नुको साथै निज गा.वि.स. सचिवले गैरकानूनी रुपमा सार्वजनिक संस्थामा रहेको कागजात गैरकानूनी केरमेट गर्ने सच्याउने कार्यमा निज मतियार समेत देखिएको र सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर हुनाले निजलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (३) बमोजिम तथा सोही ऐनको दफा ११ को कसूरको मतियारको रुपमा ऐ ऐनको दफा २२ बमोजिम हदैसम्मको सजायको मागदावी लिई बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७५. सर्लाही जिल्ला, हरिपूर्वा गा.वि.स.का तत्कालीन अध्यक्ष हृदय नारायण राय र हरिपूर्वा गा.वि.स. का तत्कालीन सचिव दशरथ रायले गाउँ विकास समितिको कोषको रकम गाउँ परिषदबाट स्वीकृत योजना तथा कार्यहरुको लागि खर्च गर्दा रितपूर्वक बिल भर्पाई राखी, निर्णय गरी, सम्बन्धित व्यक्तिलाई भुक्तानी दिई खर्च गर्नु पर्नेमा सो केही नगरी रित पूर्वकका कागजात नै तयार नगरी चेक काटी कोषको रकम निकाली खाई मासी वदनियतपूर्वक दुरुपयोग गरी सार्वजनिक संस्थालाई रु.५,३९,०००।- हानि नोक्सानी पुऱ्याई प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ र दफा ३(१) को खण्ड (ङ) बमोजिम सजाय हुने कसूर गरेको पाइएको हुँदा निजहरु दुवैजनालाई उपरोक्त ऐनको उपरोक्त दफा बमोजिम सजाय गरी विगो असूल उपर गर्न माग दावी गरी आयोगको मिति २०६३/९/१३ को निर्णयानुसार विशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो । त्यसै गरी तत्कालीन गा.वि.स. सचिव दशरथ रायले विभिन्न मितिमा मालपोत वापत संकलन गरेको राजस्व रकम रु.७,९५८।७२ दाखिला नगरी आफैले खाई मासी हिनामिना गरेको समेत पाइएको हुँदा निजको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ७ को खण्ड (ग) ले सजाय हुने कसूर देखिएबाट निजको हकमा उपरोक्त ऐनको उपरोक्त दफा बमोजिम सजाय गरी विगो असूल गर्ने माग दावी लिई आयोगको मिति २०६३/९/१३ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७६. संस्था दर्ता प्रमाणपत्र दिन रिसवत मागेकोले आवश्यक कारवाही गरी पाउँ भन्ने विषयको उजुरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।१४ को वैठकबाट देहाय बमोजिम गर्ने निर्णय गरियो :

जन सुरक्षा सेवा प्रा.लि. नामक संस्था दर्ता गरी प्रमाण दिने निर्णय कम्पनी रजिष्ट्रारको कार्यालयबाट मिति २०६३।७।१५ मा भई सोही मितिमा प्रमाणपत्र समेत तैयार भई सकेकोमा उक्त कार्यालयका सहायक रजिष्ट्रार उर्वादत्त भट्टले पटक पटक प्रमाणपत्र लिन जांदा नदिई रु.२०००।- घूस रिसवत दिए मात्र दिन्छु भनेकाले निजलाई दिने प्रयोजनका लागि आयोगबाट रकम उपलब्ध गराई पाउँ भनी कुमार खड्काले किटानी पूर्वक उजुरी निवेदन दिएको देखिन्छ । निजको उजुरी निवेदन माग अनुसार घूस रिसवत माग गर्ने उर्वादत्त भट्टलाई दिने प्रयोजनका लागि रु. १०००।- दरको नं. क/५८ ३०४१७८ को नोट थान -१

रु. ५००।- दरको नं क/९४ ३२८८०२ को नोट थान -१ रु. ५००।- दरकै नं. क/९ ७४४२९० को नोट थान -१ गरी रु. २०००।- को ३ थान नोटका नम्बरहरु नोट गरी उजुरकर्ता कुमार खड्कालाई आयोगबाट उपलब्ध गराइएकोमा उल्लेखित दर र नम्बरका नोटहरु निज प्रतिवादी कार्यरत कार्यालयको निजले प्रयोग गर्ने घर्राबाट बरामद भएको छ । अनुसन्धानको क्रममा गोप्य रुपमा घूस लिंदा र दिंदाको अवस्थाको भिडियो रेकर्ड समेत गरिएको देखिन्छ । लिलावहादुर खड्काले संस्था दर्ता गर्न प्रस्तुत गरेको कागजात निजै उर्वादत्त भट्टले निर्णयको लागि पेश गरेको साथै निर्णय पश्चात संस्था दर्ता सम्बन्धी पत्रहरु र मिति २०६३।७।१५ मा तैयार भएको प्रमाणपत्रमा समेत निजैले हस्ताक्षर गरेको पाइंदा जन सुरक्षा सेवा प्रा.लि.नामक संस्थाको फायल निजै उर्वादत्त भट्टको जिम्मा रहेको समेत देखिन आएको छ । अनुसन्धानको क्रममा बयान गर्दा घूस रिसवत मागे लिएकोमा निज इन्कार रहेता पनि उजुरी निवेदन, घूस रिसवत दिनको लागि उजुरीकर्तालाई आयोगबाट नम्बरहरु नोट गरी रु. २०००।- उपलब्ध गराइएको भर्पाई, बरामदी मुचुल्का साथै गोप्य रुपमा खिचिएको भिडियो रेकर्ड लगायतका तथ्यगत प्रमाणहरुबाट निजको इन्कारी बयान असत्य देखिन आई निजले उजुरीकर्ताबाट रु. २०००।- घूस रिसवत मागेको र लिएको स-प्रमाण प्रमाणीत हुन आएकोले निज प्रतिवादी उर्वादत्त भट्टलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिमको कसूर गरेकोमा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३(१)(क) बमोजिम सजायको मागदावी लिइ विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गर्ने निर्णय गरियो । उजुरीकर्ता कुमार खड्काले भ्रष्टाचार हुन लागेको सूचना दिई अनुसन्धान कार्यमा सहयोग समेत गरेकाले निजका हकमा केहि गरिरहनु नपर्ने समेतको निर्णय गरियो ।

७७. नेपाल विद्युत प्राधिकरणका जुनियर एकाउन्टेण्ट धर्मप्रसाद सापकोटाले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित बिहार इन्टरमिडिएट शिक्षा परिषद्, पटना भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/९/२० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७८. कृषि विकास बैंक लिमिटेड अन्तर्गत शाखा कार्यालय लमहीका कार्यालय सहायक गोपालप्रसाद चौधरीले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश इलाहावाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार

निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/९/२० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

७९. श्री अन्नपूर्ण मा.वि. सान्ने, धनकुटाका शिक्षक रामसुन्दर यादवले शुरु नियुक्तिका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित भुपेन्द्रनारायण मण्डल विश्वविद्यालय, बिहार, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/९/२७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८०. गोरखापत्र संस्थानका तात्कालीन पेष्टर (तह चार) पदका लोकराज थपलियाले बढुवा प्रयोजनका लागि लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा माध्यमिक शिक्षा परिषद, क्षेत्रीय कार्यालय, वाराणसी भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/९/२७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८१. कृषि विकास वैंक शाखा कार्यालय इलाम फिक्कलमा कार्यरत लेखा सहायक प्रथमका भूपनारायण चौधरीले सेवा प्रवेशको लागि पेश गरेका प्रमाण पत्र तहका प्रमाण पत्रहरु प्रमाणिकरण गराउँदा सम्बन्धित विहार इन्टर मिडियट शिक्षा काउन्सीलबाट निज भूपनारायण चौधरीले प्राप्त गरेका प्रमाणपत्रहरु नक्कली भनी लेखी आएकोले निजले सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अनुसार कसूर गरेको देखिदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ वमोजिम तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) वमोजिम हदैसम्मको दण्ड सजाय हुन माग दावी लिई आयोगको मिति २०६३/१२/२७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८२. नेपाल आयल निगम लिमिटेड केन्द्रीय कार्यालयका वरिष्ठ सहायक पाँचौ तह टाइपिष्ट गायत्री कार्कीले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर

आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, इलाहाबाद, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६३/१२/२७ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८३. नेपाल बायु सेवा निगममा कोपाइलट पदमा कार्यरत प्रदीप अधिकारीले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विहार इन्टरमिडियट एजुकेशन काउन्सिल, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/१/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८४. कृषि विकास वैंक अन्तरगत कार्यालय सहायक पदमा कार्यरत प्रल्हाद रायले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित विहार इन्टरमिडियट एजुकेशन काउन्सिल, पटना, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/१/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८५. नेपाल विद्युत प्राधिकरणमा सिनियर मिटर रिडर पदमा कार्यरत नारायणसिंह वेल्वासेले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन

२०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/१/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा सहायक कम्प्यूटर अपरेटर पदमा कार्यरत सविता पन्तले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, क्षेत्रिय कार्यालय, वाराणसी, उत्तर प्रदेश, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/१/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८७. प्रहरी प्रधान कार्यालय अन्तरगत क्षेत्रीय प्रहरी तालीम केन्द्र, बुटवलमा प्र.स.नि.पदमा कार्यरत तिलक कुमार प्रधानले वढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/१/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८८. जनक शिक्षा सामाग्री केन्द्र लि. मा उपसहायक तह ३ पदमा कार्यरत सुवोध दाहालले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, उत्तर प्रदेश, भारतबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/१/२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

८९. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत सिराह अस्पतालको मेडिकल सुपरीटेण्डेन्ट पदमा कार्यरत दशौं तहका डा. मुरलीप्रसाद सिंहले सेवा प्रवेशको समयमा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र मध्ये सप्लिमेन्टरी उच्च माध्यमिक परीक्षाको प्रमाणपत्र उपर आयोगबाट छानविन भै अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिबेदन तथा सम्बन्धित बोर्ड विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र तथा विवरण समेतका आधारमा उक्त प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४/१/३ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौंमा मुद्दा दायर गरियो ।

९०. रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) क्षेत्रीय प्रसारण केन्द्र, धनकुटाका नायव प्राविधिक सहायक पदमा कार्यरत टीकाराम राईले शुरु नियुक्ति प्रयोजनका लागि बिहार बिद्यालय परीक्षा समिति, पटना, भारतबाट ल्याई पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित समितिबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/१/४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९१. रेडियो प्रसार सेवा विकास समिति (रेडियो नेपाल) क्षेत्रीय प्रसारण केन्द्र, पोखराका नायव प्राविधिक सहायक पदमा कार्यरत दाताराम पोखरेलले शुरु नियुक्ति प्रयोजनका लागि बिहार बिद्यालय परीक्षा समिति, पटना, भारतबाट ल्याई पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित समितिबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/१/४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९२. गोरखापत्र संस्थान धर्मपथ, काठमाडौंका प्रशासन सेवा समुहको तह ५ को टाईपिष्ट पदमा कार्यरत सुरेन्द्र बिक्रम शाहले बढुवा प्रयोजनको लागी माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश,

भारतबाट ल्याई पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित समितीबाट प्राप्त पत्र एवं बिबरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/१/१३ को निर्णयानुसार बिशेष अदालत काठमाडौंमा मुद्दा दायर गरियो ।

९३. ईलाम जिल्ला चुलाचुली गा.वि.स.का सचिव तेज कुमार श्रेष्ठले गा.वि.स.लाई प्राप्त सामाजिक सुरक्षा भत्ता, सार्वजनिक निर्माण लगायतका विभिन्न शिर्षक अन्तर्गतको रकम अनियमित रुपमा झिकी निजी प्रयोगमा खर्च गरेको भन्ने उजुरी उपर अनुसन्धान गर्दा चुलाचुली गाउँ विकास समितिलाई सरकारबाट सामाजिक सुरक्षा र सार्वजनिक निर्माण शिर्षकमा अनुदान वापत प्राप्त रकम बैंकमा जम्मा रहेकोमा गा.वि.स. सचिव श्री तेज कुमार श्रेष्ठले आफनो नाउँमा चेककाटी रु. १०,७३१३९।९३ पेश्की लिएको र सो पेश्की रकम मध्ये रु.६७३३९१।१५ रकम गा.वि.स. बाट गरिएका विभिन्न कार्यक्रम वापत खर्च गरिएको पुष्टी भएको देखिएता पनि बाँकी रकम रु. २९०७२२।८५ गा.वि.स. ले खर्च गर्नु पर्ने कुनै कार्यमा खर्च भए गरेको नदेखिएको र निजले सो रकम कुन कार्यको लागि कसलाई भूक्तानी गरेका हुन भन्ने कुनै प्रमाण पनि फेला नपरेको तथा सो सम्वन्धमा अनुसन्धान हुँदा निज फरार रहेको समेत अवस्था हुदाँ निज तेज कुमार श्रेष्ठले विना प्रयोजन गाउँ विकास समितिको रकम निकाली हिनामिना गरी भ्रष्टाचार जन्य कार्य गरेको पुष्टी भएकोले सो कसूर साविक भ्र.नि.ऐन २०१७ को दफा १३ र वर्तमान भ्र.नि.ऐन २०५९ को दफा १७ बमोजिम सजाय हुने कसूर हुनाले उल्लेखित ऐन बमोजिम सजाय गर्न र निजले चुला चुली गाउँ विकास समितिलाई पुऱ्याएको हानी नोक्सानी असूल उपर गर्ने माग दावी गरी आयोगको मिति २०६४/१/२१ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९४. नेपाल विद्युत प्राधिकरण, राजविराज वितरण केन्द्रका लेखापाल अशोक कुमार झाले आ.व. २०६१।०६२ मा संकलन भएको विद्युत महसुल हिनामिना गरेको भन्ने उजुरीमा जिल्ला प्रशासन कार्यालय, सप्तरीले छानवीन गरी आयोगमा प्राप्त भएको मिसिल उपर अनुसन्धान गर्दा निज लेखापाल अशोक कुमार झाले आय शाखाको प्रमुखको हैसियतले दैनिक संकलन भएको रकम राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, राजविराजमा दैनिक जम्मा गर्न पठाउनु पर्नेमा बैंकको नक्कली, झुट्टा स्टेटमेण्ट ल्याई मास्केवारी तयार गरेर लेखा प्रमुख (स.ले.अ.) समक्ष पेश गरेको देखियो । यसरी दैनिक संकलित रकम प्राप्त गरी बैंक जम्मा गर्न पठाउने दायित्व भएका लेखापाल अशोक कुमार झाले आ.व. ०६१।६२ को श्रावण १ देखि फागुन १४ गते सम्ममा काउण्टरबाट संकलित विद्युत महसुल समेतको रकम मध्ये जम्मा रकम रु. ९,१४,०५१।५४ बैंक जम्मा नगरी हिनामिना गरेको पुष्टि हुन आयो । उक्त हिनामिना गरेको रकम रु. ९,१४,०५१।५४ मध्ये विभिन्न मितिमा रु. १,८५,०००।- बैंक दाखिला गरेको देखिए तापनि बाँकी रकम रु. ७,२९,०५१।५४ खाई मासी हिनामिना गरेको देखिन आएको हुँदा

निजको सो कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिमको कसूर भएकोले निज लेखापाल अशोक कुमार झालाई सोही ऐनको सोही दफा बमोजिमको सजायको मागदावी लिई आयोगको मिति २०६४/१/३० को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९५. स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत सिंहदरवार वैद्यखाना विकास समितिको प्रवन्धक निर्देशक पदमा कार्यरत आठौं तहका डा. राम नारायण साह नेपालीले सेवा प्रवेशको समयमा पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र मध्ये उच्च माध्यमिक परीक्षाको प्रमाणपत्र उपर आयोगबाट छानविन भै अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिबेदन तथा सम्बन्धित बोर्ड विहार विद्यालय परीक्षा समिति, पटना, भारतबाट प्राप्त पत्र तथा विवरण समेतका आधारमा उक्त प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ र प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४/२/१ को निर्णयानुसार विशेष अदालत, काठमाण्डौंमा मुद्दा दायर गरियो ।

९६. क्वालिटी किचनको नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता कायम रहेको बा २ च २४६७ नंबरको सवारी साधन (पजेरो) तत्कालीन उपत्यका ट्राफिक प्रहरी कार्यालय काठमाडौंले बिभिन्न कारण देखाई कब्जामा लिएको भन्ने बिषयको उजूरी सम्बन्धी अनुसन्धान प्रतिवेदन उपर आयोगको मिति २०६४/२/३ को बैठकमा छलफल गर्दा देहाय बमोजिम गर्ने निर्णय गरियो :

जिल्ला प्रहरी कार्यालय ललितपुरबाट हाल यस आयोगमा पठाईएको बा २ च २४६७ नंबरको सवारी साधनको सम्बन्धमा यातायात व्यवस्था कार्यालय बागमतीको दर्ता कार्डमा "सावित फाईल फेला नपरेकाले ब्लू बुक अनुसार रेकर्ड कायम गरिएको छ ।" भनी राजन नापितको नाउंमा नामसारी दर्ता भएको मिति २०५८/४/१५ बाट मात्र नयाँ रेकर्ड तयार पारेको देखियो तर उल्लेखित मिति भन्दा अघिको शुरु दर्ता हुँदा देखिका सवारी धनी को-को थिए सवारी साधनको बिबरण के थियो, भन्सारको निस्सा प्रमाण के-कस्तो थियो भन्ने सन्दर्भमा शुरु दर्ता फाईल सम्बन्धित कार्यालयमा नहुनुको साथै सो अबधीका भन्सारको प्रमाण जलाई नष्ट गरिसकिएको भन्ने सम्बन्धित कार्यालयहरुबाट जवाफ प्राप्त हुन आएको हुँदा मिति २०५८ साल अघि उक्त सवारी साधन दर्ता, नामसारी, नवीकरण,दर्ता आदि भएको तथा बार्षिक कर समेत तिरे बुझाएको मौज्दात अभिलेखबाट नदेखिंदा उक्त सवारी साधन मिति २०५८ सालपूर्व रितपूर्वक आयात गरी दर्ता गरेको भन्ने नदेखिनाले चोरी पैठारी भई दर्ता हुन आएको देखियो । पहिले नै रितपूर्वक दर्ता भई सकेको सवारी साधन सम्बन्धी कागजात प्रमाण उक्त मितिमा खडा गरिएको अभिलेखमा संलग्न पनि नरहेको र ब्लू बुकका आधारमा रेकर्ड बनाईएको भन्ने व्यहोरा भएपनि गाडी धनी, ब्लू बुक नं.आदि कुनै बिबरण उल्लेख भएको नहुनाले उक्त यातायात व्यवस्था कार्यालय बागमतीका तत्कालीन कर्मचारीहरु मध्ये

ना.सु.कान्छा राना र शाखा अधिकृत रमण श्रेष्ठले प्रतिवादी राजीप महर्जनसंग मिलेमतो गरी चोरी पैठारी भई आएको सवारी साधन गैरकानूनी रुपमा दर्ता नामसारी गरेको पुष्टी भयो ।

अतएव चोरी पैठारी भई आएको सवारी साधनलाई सवारी दर्ता प्रमाणपत्रको आधारमा भनी झूट्टा व्यहोरा लेखी नयाँ अभिलेख खडा गरी झूठ्ठा व्यहोराको कागजात बनाई पेशी निज प्रतिवादी राजीप महर्जन र यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरु मिलेमतो गरी भन्सार छली चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरी गराई नेपाल सरकारलाई रु.१५,९३,४२८।४०-(पन्ध्र लाख, त्रियानब्बे हजार, चार सय अठ्ठाईस रुपैंया चालिस पैसा) हानी नोक्सानी पुऱ्याउने कार्य गरेको र निजहरुबाट भए/गरेको सो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१), ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) र ८(४) बमोजिमको सजाय हुने कसूर देखिएको हुंदा सो कसूरमा संलग्न निम्न व्यक्तिहरु उपर निम्न सजायको मागदावी लिई बिशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

क. प्रतिवादी राजीप महर्जनको हकमा :- प्रतिवादी राजीप महर्जनले उक्त सवारी साधन राजन नापितको नाममा नामसारी गराउंदा झूठ्ठा व्यहोराको कागजात बनाई पेशी यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरुसंग मिलेमतो गरी निजहरुलाई आर्थिक प्रलोभनमा पारी गैरकानूनी रुपमा नयाँ अभिलेख खडा गर्न लगाई भन्सार छली चोरी पैठारी गरी ल्याएको सवारी साधन दर्ता गरे/गराएको देखियो । अत: यसरी दर्ता गर्दा नेपाल सरकारलाई तिर्नुपर्ने कुल भन्सार राजश्व बापतको महशुल रु. १५,९३,४२८।४० (पन्ध्र लाख त्रियानब्बे हजार चार सय अठ्ठाईस रुपैंया चालिस पैसा) हानी नोक्सानी पुगेको र निजलाई समेत सो बिगो बराबरको गैरकानूनी लाभ पुगेको देखियो । सो कसूर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (४) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ.ऐनको सोही दफा अनुसार सजाय र नेपाल सरकारलाई हानी नोक्सानी भएको विगो असूल गरी पाउन माग दावी गरिएको ।

ख. तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका शाखा अधिकृत रमण श्रेष्ठ र ना.सु.कान्छा रानाको हकमा :- तत्कालीन यातायात व्यवस्था कार्यालय बागमतीका ना.सु.कान्छा राना र शाखा अधिकृत रमण श्रेष्ठले आयोग समक्ष गरेको वयानमा नयाँ अभिलेख खडा गरी सवारी नामसारी दर्ता गर्दाका बखत आवश्यक पर्ने सम्पूर्ण कागजात समावेश गरेको भनी उल्लेख गरेतापनि मौजुदा अभिलेखबाट त्यस्ता प्रमाण समावेश गरेको नदेखिएको र राजिप महर्जनको आर्थिक मोलाहिजामा परी निजसंग मिलेमतो गरी निजहरुले सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ तथा यातायात व्यवस्था नियमावली २०५४ विपरित कार्य गरी पुरानो अभिलेख हराएको बहानामा गैरकानूनी रुपमा अर्कै नयाँ अभिलेख खडा गरी उक्त बा २ च २४६७ नंबरको सवारी साधन राजन नापितको नाममा नामसारी दर्ता गरेको देखियो । अत: यसरी कानून विपरित दर्ता गरिएको उक्त सवारी साधन भन्सार राजश्व छली चोरी पैठारी गरी ल्याई दर्ता गर्दा उक्त

सवारी साधन वापत बुझाउनु पर्ने भन्सार महशुल रु. १५,९३,४२८।४०-(पन्ध्र लाख त्रियानब्बे हजार चार सय अठ्ठाईस रुपैंया चालिस पैसा) निज राजीप महर्जनलाई गैरकानूनी लाभ र नेपाल सरकारलाई गैरकानूनी हानी नोक्सानी पुगेको देखियो । यसर्थ निज राजीप महर्जनसंग मिलेमतो गरी निजहरुले गरेको सो कसूर सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७ (१)र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) ले सजाय हुने भ्रष्टाचारजन्य कसूर देखिनाले ऐ.ऐनको सोही दफा अनुसार हदैसम्मको सजायको मागदावी गरिएको ।

ग. हालका सवारी धनीको हकमा :- चोरी पैठारी भई आएको उक्त बा २ च २४६७ नंबरको सवारी साधन बिभिन्न व्यक्तिहरु हुंदै हाल क्वालिटी किचन ईक्वीपमेन्ट प्रा.लि.को नाममा यातायात व्यवस्था कार्यालय बागमतीमा दर्ता कायम रहेको देखिएको हुंदा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ४७ बमोजिम सो सवारी साधन जफत गर्ने प्रयोजनको लागी क्वालिटी किचन एण्ड ईक्वीपमेन्ट प्रा.लि.लाई समेत प्रतिवादी बनाइएको ।

घ. पक्राउ परी हाल यस आयोगमा रहेको उक्त बा २ च २४६७ नंबरको सवारी साधन गैरकानूनी रुपमा भन्सार राजश्व छली चोरी पैठारी भई दर्ता भएको भनी प्रचलित भन्सार ऐन बमोजिम जो जे गर्नुपर्ने हो आवश्यक कारवाही गर्न त्रिभुवन विमानस्थल भन्सार कार्यालय गौचरण, काठमाडौंलाई लेखी पठाई सो को जानकारी उक्त सवारी साधनको हालका सवारी धनी क्वालिटी किचन ईक्वीपमेन्ट प्रा.लि.लाई दिनु भनी भन्सार बिभागमा लेखी पठाइएको ।

ङ. मिति २०५८/४/१५ मा उक्त सवारी साधन राजन नापितको नाममा दर्ता गर्ने रेकर्ड बनाई दर्ता गरिएको भएतापनि सम्पूर्ण कार्य प्रतिवादी राजीप महर्जन र यातायात व्यवस्था कार्यालय बागमतीका कर्मचारीहरुको मिलेमतोमा भएको देखिएको र निज राजन नापितको त्यस्तो कसूरजन्य कार्यमा संलग्नता नपाईएकोले निज बिरुद्ध केही गरी रहनु नपर्ने ।

९७. नेपाल खाद्य संस्थानका मिल हेल्पर तह - ३ (मुखिया सरह) पदमा कार्यरत खगेन्द्रप्रसाद भट्टले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुठ्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/२/२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९८. राष्ट्रिय वाणिज्य बैंक केन्द्रीय कार्यालयका सहायक खजाञ्ची शिवनारायण चौरसियाले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित समितिबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झुट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/२/२२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

९९. गोरखापत्र संस्थानका प्रुफ रिडर, तह - ५ का यमलाल खनालले शुरु नियुक्ति प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषदबाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) वमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४/२/२८ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१००. नेपाल राष्ट्र बैङ्कको सुपरिवेक्षण सम्बन्धी कामको सुदृढीकरणका लागि नेपाल राष्ट्र बैङ्क र IEF INC. Lloyd Hill Oakton, USA in Association of KPMG, Srilanka वीच विश्व बैङ्कको यु.एस. डलर २६,५९,५८०। सहयोगमा मिति ६ फ्रेवुअरी २००६ मा सम्पन्न सम्झौता बमोजिमको दायित्व परामर्शदाताले पूरा नगरेको आधारमा नेपाल राष्ट्र बैङ्कले सम्झौता भंग गरेको र त्यसो गर्दा परामर्शदातासँग हर्जाना वापतको क्षतिपूर्ति रकम मागदावी गर्नु पर्नेमा गभर्नरले व्यक्तिगत स्वार्थको आधारमा परामर्शदाता पक्षसँग रकम लेनदेन गरी करिब तीन करोड नेपाली रुपैया हर्जाना छूट गराई अख्तियारको दुरुपयोग गरेकोले आवश्यक कारवाई गरी पाउँ भनी आयोगमा मिति २०६३।११।१३ मा पर्न आएको उजूरीको वारेमा विस्तृत अनुसन्धान भई आयोगमा पेश भएको प्रतिवेदन उपर आयोगको मिति २०६४।३।३ को बैठकमा छलफल हुँदा निम्न अनुसार गर्ने निर्णय गरिएको :

कार्यवाहक प्रमुख आयुक्त श्री ललितबहादुर लिम्बुको ठहर

क) IEF INC. ले चिट्ठी, पत्र व्यवहार गर्दा तथा सम्झौता गर्दा IEF INC. र info@iefsolutions.com इमेल ठेगाना प्रयोग गर्ने गरेको देखिन्छ भने Letter-head df IEF Solutions उल्लेख गरी त्यसको लोगो प्रयोग गर्ने गरेको देखियो Internet मा IEF Solutions को Website http://www.iefsolutions.com/index.htm भएतापनि सो संस्थाको मुख्य कार्यालय, पदाधिकारी लगायतका Partner तथा सम्पर्क अधिकारीको

वारेमा कुनै जानकारी दिएको देखिदैन । IEF INC. तथा IEF Solutions दुबै संस्था एकै हो वा अलग अलग हुन भन्ने विषयमा भ्रम र शंका देखियो ।

ख) IEF INC. को तर्फबाट सम्झौतामा हस्ताक्षर गर्ने अधिकारपत्र प्राप्त व्यक्ति Mr. S.V. Bharadwaj कुन मुलुकको नागरिक हुन भन्ने कुरा समेतको जानकारीको अभाव र परामर्शदाता पक्षको तर्फबाट हस्ताक्षर गर्ने दुबै संस्थाको शिल छाप सम्झौतामा समेत नलगाईएको त्यस्तो व्यक्ति तथा संस्थासँग भएको सम्झौतामा वदनियत रहेको देखियो।

ग) IEF INC. / KPMG, Srilanka बीच Joint Venture Agreement नै नभएको स्पष्ट हुँदाहुँदै नेपाल राष्ट्र बैङ्कले उक्त दुई कम्पनीबीच Joint Venture भएको भन्ने मान्यतामा गरेको सम्झौतामा वदनियत देखियो ।

घ) Joint Venture को सहयोगी संस्था KPMG Sri Lanka को तर्फबाट सम्झौतामा हस्ताक्षर गर्ने A.N. Fernando ले अधिकारपत्र प्राप्त गरेको देखिदैन भने KPMG Sri Lanka को Partner हरुको सूचीमा रहेको N. Fernando को नामलाई भ्रम पार्ने गरी A.N. Fernando को नाम उपयोग गरेको देखियो । यस्तै परामर्शदाताको तर्फबाट साक्षीको रुपमा हस्ताक्षर गर्ने व्यक्तिको नाम र पहिचान समेत खुलेको छैन । यस वारेमा KPMG Sri Lanka सँग जिज्ञासा राख्दा हालसम्म कुनै प्रतिक्रिया प्राप्त हुन नआएको । अनधिकृत र अमूक व्यक्तिसँग सम्झौतामा हस्ताक्षर गर्ने नेपाल राष्ट्र बैङ्कको कार्य आफैमा एउटा दुराशयपूर्ण भएको देखियो ।

ङ) ६ फ्रेवुअरी, २००६ मा काठमाण्डौमा सम्झौतामा हस्ताक्षर गर्ने तय भएको भनिएको एक दिनअघि ५ फ्रेवुअरी, २००६ मा IEF INC. को तर्फबाट सम्झौतामा हस्ताक्षर गर्ने अधिकारपत्र प्राप्त व्यक्ति Mr. S.V. Bharadwaj व्यक्तिगत जरुरीको कारणले गर्दा उडानबाट काठमाण्डौ आउन नसक्ने भई आफूले हस्ताक्षर गरेको सम्झौता प्रति हस्ताक्षरकोलागि कुनै अमुक व्यक्ति मार्फत नेपाल राष्ट्र बैङ्कमा पठाएको पत्रबाट देखियो। यद्यपि पत्र वाहक रमेश भन्ने व्यक्तिले उक्त सम्झौतापत्र कहिले कहाँ र कुन मुलुकबाट को व्यक्ति मार्फत प्राप्त गरको हो खुल्न आउँदैन । ६ फ्रेवुअरीमा नेपाल आउन नसक्ने भए अर्को मिति तय गर्नु पर्नेमा अमुक स्थानबाट अमुक व्यक्ति मार्फत पठाएको सम्झौतामा नेपाल राष्ट्र बैङ्कको वित्तिय संस्था नियमन विभागको कार्यकारी निर्देशक श्री सुरेन्द्रमान प्रधानले प्रतिहस्ताक्षर गर्नु पर्ने वाध्यतामा वदनियत भएको देखियो । यु.एस. डलर २६,५९,५८० लागतको परियोजनामा परामर्शदाता पक्षबाट नेतृत्व गर्ने पक्षको तर्फबाट सम्झौतामा हस्ताक्षर गर्ने अधिकार प्राप्त व्यक्ति स्वंय र सहयोगी पक्ष समेतको अनुपस्थितीमा नै सम्झौतामा हस्ताक्षर भएको अवस्थालाई विचार गर्दा सम्झौताका पक्षहरुनै काल्पनिक वा वनावटी र समुच्च सम्झौताको सत्यता प्रतिनै आशंका देखिन आयो ।

च) परामर्शदाताले सम्झौता बमोजिमको दायित्व पूरा गर्न असफल भएकोले सम्झौताको Clause 2.6.1 (a) बमोजिम सम्झौता भंग गर्ने र त्यसको ३० दिने पूर्वसूचना परामर्शदातालाई दिने नेपाल राष्ट्र बैङ्कको गभर्नरबाट मिति २०६३।७।२३ मा भएको निर्णर्यनै प्राथमिक निर्णय हो । "बैङ्क र परामर्शदाता विचको सम्झौता भंग गर्ने सम्बन्धमा परामर्शदातालाई दिईएको ३० दिने म्याद समाप्त भइसकेको र परामर्शदाताबाट प्राप्त जवाफ उपर विश्वास गर्न नसकिने अवस्था विद्यमान रहेकोले

उक्त सम्झौता भंग गर्ने" भन्ने नेपाल राष्ट्र बैङ्कको सञ्चालक समितिको मिति २०६३।९।६ को निर्णयले गभर्नरबाट मिति २०६३।७।२३ मा भएको निर्णयको अनुमोदन सम्म भएकोले सञ्चालक समितिको निर्णय कानूनी दृष्टिमा गौण महत्वको छ । गभर्नरबाट मिति २०६३।७।२३ मा भएको निर्णय सञ्चालक समितिले अनुमोदन गरे वा नगरेको दुबै अवस्थामा नेपाल राष्ट्र बैङ्कले १५ नोभेम्वर, २००६ मा सम्झौता भंग गर्ने भनी सम्झौताको Clause 2.6.1 (a) बमोजिम परामर्शदातालाई दिईएको सूचनाको कानूनी अस्तित्वमा असर पर्ने सक्ने अवस्था रहदैन । सम्झौता स्वीकृत गर्ने र सम्झौता भंग गर्ने सारवान महत्वका नीतिगत विषय भएकोले सम्झौता स्वीकृत गर्ने अधिकारीमानै सम्झौता समाप्ती गर्ने अधिकार निहित रहन्छ । परामर्शदाताले सम्झौता बमोजिमको दायित्व पूरा गर्न असफल भएकोले सम्झौताको Clause 2.6.1 (a) बमोजिम सम्झौता भंग गर्ने निर्णय सँगसँगै सम्झौता बमोजिमको दायित्व पूरा नगर्ने पक्षसँग सम्झौताको प्रावधान बमोजिम हर्जाना वापतको क्षतिपूर्ति माग दावी समेत गर्ने सूचना दिई विवाद खडा गर्नु पर्नेमा सो नगरी आफूलाई फाईदा र नेपाल राष्ट्र बैङ्कलाई हानी नोक्शानी हुने गरी नेपाल राष्ट्र बैङ्क सञ्चालक समितिबाट स्वीकृत सम्झौता सञ्चालक समितिको पूर्व स्वीकृति विना समाप्ती गर्ने गरी गर्भनरले प्राप्त नभएको अधिकार प्रयोग गरी स्वेच्छाचारी र वदनियतपूर्ण तरिकाबाट गरेको निर्णय भ्रष्टाचार गर्ने उद्देश्यबाट अभिप्रेरित भएको देखियो ।

छ) परामर्शदाताले Inception Report सँगसँगै कार्य योजना समेत पेश गर्नु पर्ने स्पष्ट प्रावधान सम्झौताको Clause 6.4 मा रहेको । पेश भएको Inception Report अनौपचारिक देखिन्छ । जसमा तयार गर्ने परामर्शदाताहरुको नाम समेत उल्लेख भएको छैन । प्रतिवेदनमा कुनै परामर्शदाताको नाम उल्लेख नहुनुको अर्थ त्यसमा कसैको पनि जिम्मेवारी नहुनु हो । सम्झौता संयुक्त उपक्रमको आधारमा IEF INC. Lloyd Hill Oakton, USA in Association of KPMG, Srilanka को नाममा भएको छ भने पेश गरिएको Inception Report केवल IEF Consultant को नामबाट बनेको देखिन्छ । यस्तो गैर जिम्मेवारी Inception Report लाई स्वीकार गर्ने र सो काम वापत भुक्तानी दिने निर्णय भ्रष्टाचार गर्ने मनसायबाट अभिप्रेरित भएको देखिन्छ ।

ज) Inception Report सँगसँगै कार्य योजना पेश हुन नसकेको तथ्य परामर्शदाता स्वंयमले १९ जुन, २००६ मा पहिलो महिनाको पारिश्रमिक भुक्तानी माग गरेको इमेलमा स्वीकार समेत गरेको देखिन्छ । साथै सम्झौता बमोजिम बुझाउनु पर्ने कार्य योजना नबुझाएको भन्ने कुरा निर्णयकर्ता नेपाल राष्ट्र बैङ्क, वित्तिय संस्था नियमन विभागको कार्यकारी निर्देशक श्री सुरेन्द्रमान प्रधानले आफैले स्वीकार गरी नगरेको काम समेतको लागि पनि प्रथम महिनाको पारिश्रमिक तथा Reimbursable Expenses को विल भौचरको आधारमा यु.एस. डलर ६८,२७७.४९ तत्काल प्रचलित विनिमय दर रु. ७३.४४ को दरले हुन आउने ने.रु ५०,१४,२९८।८६ भुक्तानी दिने मिति २०६३।३।१९ को निर्णय अनियमित मात्र नभई वदनियतपूर्ण र भ्रष्टाचारयुक्त हुन गएको देखियो ।

झ) सम्झौता बमोजिमको दायित्व पालना नगर्ने पक्षसँग हर्जाना वापत करार मूल्य यु.यस. डलर २६,५९,५८०।- तत्काल प्रचलित विनिमय दर ७३.४४ ले हुन आउने ने.रु १९,५३,१९,५५५।२० को कम्तीमा दशप्रतिशतको दरले हुन आउने क्षतिपूर्ति रु.

१,९५,३१,९५५।५२ अक्षेरुपी एककरोड पन्चानब्बे लाख एकतिस हजार नौसय पचपन्न पैसा बाउन्न) माग दावी गर्नु पर्नेमा नगरेको कारणबाट सो बराबरको रकम नेपाल राष्ट्र बैङ्कलाई हानी नोक्सानी पुग्न गएको देखियो ।

ञ) माथि उल्लेखित तथ्य र बुँदागत विवरणको आधारमा नेपाल राष्ट्र बैङ्कका गभर्नर श्री विजयनाथ भट्टराई र कार्यकारी निर्देशक श्री सुरेन्द्रमान प्रधानले सार्वजनिक सम्पति बदनियतपूर्वक हानी नोक्शानी गरे गराएको देखिन आएकोले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसूर गरेको अनुसन्धानबाट देखिन आयो ।

ट) अतः माथि उल्लिखित बुँदागत आधारमा नेपाल राष्ट्र बैङ्कका गभर्नर श्री विजयनाथ भट्टराई र कार्यकारी निर्देशक श्री सुरेन्दमान प्रधान विरुद्ध भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ को उपदफा (३) बमोजिमको कसूर गरेको आरोपमा बुँदा नं ८ बमोजिम कायम गरिएको विगो रु ५०,१४,२९८।८६ (अक्षेरुपी पचासलाख चौधहजार दुईसय अन्ठानब्बे पैसा छयासी मात्र) र बुँदा नं ९ बमोजिम कायम गरिएको विगो रु १,९५,३१,९५५।५२ (अक्षेरुपी एककरोड पन्चानब्बे लाख एकतिसहजार नौसय पचपन्न पैसा बाउन्न मात्र) समेत जम्मा रु २,४५,४६,२५४।३८ (दुईकरोड पैतालिसलाख छयालिस हजार दुईसय चवन्न पैसा अठतीस मात्र) विगो कायम गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को सोही दफाको सोही उपदफा बमोजिम दुईवर्ष सम्म कैद वा विगो बमोजिम जरिवाना सजाय माग दावी गर्दै विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरिएको ।

आयुक्त वेद प्रसाद सिवाकोटीको ठहर

क) प्रस्तुत विषयमा विश्व बैंकको सहयोगमा नेपाल राष्ट्र बैंकको रिइन्जिनीयरिङ्ग कामको लागि परामर्शतदाता नियुक्ति गर्ने देखि परामर्शदातासँग भएको सम्झौता समाप्त गर्ने सम्मका कार्य विश्व बैंकका सम्बन्धित अधिकारीहरु समेतको परामर्शमा भए गरेको देखिन्छ । आवश्यक संख्याका विशेषज्ञ परामर्शदाताबाट Inception Report along with work plan वन्नु पर्नेमा सो नै नवनी रकम भुक्तानी दिइएको र परामर्श दाताले सम्झौता अनुसारको कार्य सम्पन्न गर्न नसक्ने ठहर गरी सम्झौता समाप्त गर्ने निर्णय गर्दा हर्जानाको दावी गर्नुपर्नेमा सो नगरी नेपाल राष्ट्र बैंकलाई हानी नोक्सानी पुऱ्याएको भन्ने अनुसन्धान अधिकृतको प्रतिवेदनबाट देखियो ।

ख) प्राविधिक प्रस्ताव मूल्यांकन समितिले गरेको मूल्यांकनका आधार, प्रकृया र मूल्यांकनको कार्यलाई उपलब्ध कागजात प्रमाणको आधारमा उपयुक्त देखिएको भनी विश्व बैंक तर्फबाट प्रतिक्रिया प्राप्त भएको भन्ने समेत देखिन आएबाट मूल्याङ्कन समितिका पदाधिकारीबाट गरिएको मूल्याङ्कन र सो मूल्याङ्कनलाई स्वीकार गरेको कार्यलाई जानी जानी अयोग्य प्रस्तावकलाई चयन गरी सम्झौता गरेको भनी भन्न सकिने स्थिति देखिएन । प्रस्तावक परामर्शदाताले निजले उल्लेख गरेका विवरण झूठ्ठा पेश गरेको भन्ने तथ्य पनि अनुसन्धानबाट पुष्टी भैसकेको देखिन्न ।

ग) सम्झौताको पक्ष परामर्शदाता IEF INC. LIOYDHILLOAKTON, USA In Association या KPNG, Srilanka ले सम्झौता अनुसार काम सम्पन्न नगरेका कारणबाट नेपाल राष्ट्र बैंकका तर्फबाट सम्झौता भंग गरिएको देखिन्छ । नेपाल राष्ट्र बैंकका गभर्नरको निर्णयबाट सम्झौता भंग गर्ने ३० दिने सूचना दिने निर्णय गरिएको भएतापनि सो निर्णयलाई संचालक समितिबाट अनुमोदन गरिएबाट सम्झौताको अर्को पक्षलाई सम्झौता भंग भएबाट पर्न सक्ने अशर सम्वन्धमा वा सम्झौता भंग भए पश्चात अघि बढाउनु पर्ने कारवाही समेतका सम्बन्धमा कानूनी रुपमा संचालक समितिले गरेको निर्णयलाई गौण मान्न मिल्दैन । अनधिकृत पदाधिकारीबाट सम्झौताभंग गर्ने निर्णय गरिएको कारणबाट मार्का पर्ने अर्को पक्षले कुनै कुराको दावि गरी सम्झौता भंग गर्ने पक्षले क्षति बेहोर्नु पर्ने अवस्थामा भने त्यसरी अनधिकृत रुपमा सम्झौता भंग गर्ने पदाधिकारीलाई त्यस्तो क्षति वा नोक्सानी सम्बन्धमा जिम्मेवार मान्नु पर्ने हुन्छ । तर गभर्नरबाट गरेको निर्णयलाई संचालक समितिले अनुमोदन गरेको हुँदा सो निर्णयलाई कानूनतः संचालक समितिकै निर्णय मान्नुपर्ने हुन्छ। गभर्नरलाई मात्र जिम्मेवार मान्न मिल्दैन ।

घ) सम्झौताको पक्ष परामर्श दाताबाट तयार गरिएको Inception Report मा नेपाल राष्ट्र बैंकबाट व्यक्त प्रतिकृया समेतको आधारमा तयार पारिएको र आवश्यक परे परिमार्जन गर्न सकिने समेतको सहमती भएको भन्ने देखिन्छ । Inception Report का साथै Work Plan समेत संलग्न हुनुपर्नेमा सो Work Plan वनेको नदेखिएको स्थितिमा परामर्श दाता विशेषज्ञहरु ७ जनाको Team हुनुपर्नेमा ५जना मात्रले काम गरी Report तयार गरेको र थप २ जना प्रस्तावमा उल्लेख भएकै व्यक्ति वा त्यस्तै वरावरका वा बढी योग्यता भएका व्यक्ति टीममा समावेश गरी work Plan बनाउन उपयुक्त हुने भनी परामर्श दाताले टीम पुरा गरी काम सम्पन्न गर्ने assurance व्यक्त गरेका हुदाँ सोमा भरोशा राखी रकम भुक्तानी गरिएको स्थिति देखिन्छ । तर टीम पुरा गर्ने सम्बन्धमा पटक पटक नेपाल राष्ट्र बैंकबाट प्रयास भएको देखिएता पनि सम्झौताको अर्को पक्षबाट आवश्यक मात्रामा उपयुक्त विशेषज्ञ समावेश गर्न नसकेकोले त्यस प्रकारको व्यवहारबाट सम्झौता अनुरुपको कार्य हुन नसकी सम्झौता भंग गर्नुपर्ने अवस्था परी सम्झौता भंग गरेको पाईयो ।

ङ) सम्झौताको दफा २.६.१ (क) को आधारमा सम्झौता भंग गरिएतापनि सम्झौता भंग भएका दिन सम्म परस्पर पक्षले सम्पन्न गरेका कार्यको भुक्तानी गर्नुपर्ने र भैसकेको भुक्तानी जुन काम विशेष वापत भनी भुक्तानी भएको हो सो अपूर्ण वा भुक्तानी योग्य नभएको भए भुक्तान गरिएको रकम फिर्ता दिनु पर्ने सम्बन्धित पक्षको दायित्व हुन्छ सम्झौता जुन पक्षबाट Terminate गरिएको भएपनि उपरोक्तानुसार रकम फिर्ता लिनु दिनु पर्ने वा भुक्तानी गर्नुपर्ने दायित्वमा सम्झौता कुन पक्षले भंग गऱ्यो भन्ने प्रश्न महत्वपूर्ण हुँदैन । त्यस्तो दायित्व वा हकमा असर पर्दैन ।

च) सम्झौता भंग भए पछि रकम भूक्तानी गर्ने पक्षले आफूले भूक्तानी गरेको रकम अनुरुप काम भए नभएको र भुक्तानी गरिएको मध्ये के कति रकम फिर्ता गर्नु पर्ने भनी दावी गर्नु पर्ने हो सो कुरा रकम भूक्तान गर्ने पक्षले नै सम्पन्न भै सकेको कार्यको वस्तुगत मूल्याङ्कन गरी उपयुक्तता समेतका आधारमा दावी गर्नु पर्ने वा नपर्ने विषयमा निर्णय गर्नु पर्ने हुन्छ । भुक्तानी दिएको रकमको अनुपातमा सम्पन्न भै सकेको कामको मात्रा र गुणस्तर सम्वन्धित पक्षले नै मूल्याङ्कन गरेर निर्णय गर्नु पर्ने विषय हो । त्यस्तै सम्झौता भंग भएबाट हर्जाना दावी गर्नु आवश्यक हुने नहुने भन्ने विषय पनि बैंकले नै निर्धारण गर्ने विषय हो । सम्पन्न भइसकेको कार्यको अनुपातमा भुक्तानी गरेको रकम कम वा ज्यादा के थियो भनी र बैंकले कति रकम हर्जाना वापत दावी गर्न पर्ने थियो भनी अन्य कसैबाट अनुमान गरी अंक निर्धारण गर्न सकिने विषय होइन ।

छ) अतएव, परामर्श दाता छनौटको प्रकृयामा संलग्न व्यक्तिहरु र Inception report तयार गरे वापत पैसा भुक्तानी बुझ्ने फर्मलाई समेत बुझ्दै नबुझी परामर्श दाता छनौट प्रक्रियामा सम्लग्न नै नरहेका नेपाल राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराई र कार्यकारी निर्देशक सुरेन्द्रमान प्रधानलाई मात्र छनौट प्रकृया देखि नै राष्ट्र बैंकबाट बदनियत साथ काम गरेको भन्ने आरोप समेत संग गाँसी निजहरु विरुद्ध भ्रष्टाचार निवारण ऐन २०५९ को दफा ८(३) को कसूरमा मुद्दा दायर गर्ने माननीय कार्यवाहक प्रमुख आयुक्त ललितवहादुर लिम्बुको राय ठहरसँग म सहमत छैन ।

ज) आजसम्म भएको अनुसन्धानबाट निजहरु विरुद्ध मुद्दा दायर हुन सक्ने पर्याप्त आधार प्रमाण नहुनाले अनुसन्धानको मिसिल तामेलीमा राख्ने तारेखमा रहेका सम्वन्धित सवैको तारेख टुटाई दिई नेपाल राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराईलाई आयोगबाट विदेश जान लगाएको रोक फुकुवा गरी दिई अरु कुरामा प्रचलित कानून बमोजिम गर्नु।

१०१. श्रीखण्ड नि.मा.वि. दुलारी, मोरङका तत्कालीन नि.मा.वि. (तृतीय) शिक्षक चन्द्र प्रसाद अधिकारीले बढुवा प्रयोजनका लागि पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित परिषद्बाट प्राप्त पत्र एवं विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएको र निजको त्यस्तो कार्य साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई साविक भ्रष्टाचार निवारण ऐन २०१७ को दफा १२ र २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६(१) बमोजिम सजाय हुन मागदावी लिई आयोगको मिति २०६४/३/४ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१०२. नेपाल विद्युत प्राधिकरण अन्तर्गत सिनियर मिटर रिडर पदमा कार्यरत दीपकराज ढुङ्गेलले शुरु नियुक्ति/वढुवा हुन पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक

शिक्षा परिषद, उत्तरप्रदेश भारतबाट प्राप्त पत्र एवं निम्न विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४/३/१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

१०३. नेपाल टेलिकम अन्तर्गत आउट साइड सुपरभाइजर पदमा कार्यरत श्यामचन्द्र अगन्जाले शुरु नियुक्ति हुन पेश गरेको शैक्षिक योग्यताको प्रमाणपत्र उपर आयोगबाट अनुसन्धान भई अनुसन्धान अधिकृतले प्रस्तुत गरेको प्रतिवेदन तथा सम्बन्धित माध्यमिक शिक्षा परिषद, उत्तरप्रदेश भारतबाट प्राप्त पत्र एवं निम्न विवरण समेतका आधारमा ती प्रमाणपत्र नक्कली एवं झूट्ठा देखिन आएकोले निजको त्यस्तो कार्य सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२ एवं प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) अन्तर्गतको भ्रष्टाचारजन्य कसूर देखिन आएको हुँदा निजलाई सावित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १२, २९ तथा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिम सजाय हुन माग दावी लिई आयोगको मिति २०६४/३/१२ को निर्णयानुसार विशेष अदालत, काठमाडौंमा मुद्दा दायर गरियो ।

आर्थिक वर्ष २०६३/०६४ मा विशेष अदालतबाट भएका फैसलाहरुको स्थिति

विशेष अदालतबाट गत आर्थिक वर्षमा जम्मा १७१ वटा मुद्दाहरु फैसला भएका छन । ती मध्ये १४० वटा मुद्दामा अभियोग मागदावी वमोजिम कसूर ठहर भएको छ भने ३१ वटा मुद्दामा कसूर ठहर हुन सकेन ।

आर्थिक वर्ष २०६३/६४ मा विशेष अदालतबाट फैसला भएका मुद्दाहरुको हार-जीतको तथ्यांकगत विवरण, अभियोजन र अन्य कारवाहीको विवरण र विशेष अदालतमा दायर गर्न निर्णय भएका मुद्दाहरुको किसिम क्रमशः अनुसूची- ११, १२ र १३ मा दिइएको छ ।

परिच्छेद - ४
पुनरावेदन/पुनरावलोकन गरिएका मुद्दाहरू

आ.ब. २०६३।०६४ मा भ्रष्टाचार सम्बन्धी मुद्दामा जिल्ला अदालत, पुनरावेदन अदालत र विशेष अदालतबाट भएका फैसलाहरू उपर आयोगको चित्त नबुझी गरिएका पुनरावेदन तथा सर्वोच्च अदालतबाट भएको फैसला उपर आयोगको चित्त नबुझी पुनरावलोकनका लागि दिइएको निवेदन सम्बन्धी विवरण देहायमा उल्लेख गरिएको छ । आ.ब. २०६३।०६४ मा भ्रष्टाचार सम्बन्धी मुद्दामा पुनरावेदन अदालत र विशेष अदालतबाट भएका फैसलाहरू उपर आयोगको चित्त नबुझी गरिएका पुनरावेदन सम्बन्धी विवरण देहायमा उल्लेख गरिएको छ ।

१. **नवलपरासी जिल्ला कोल्हुवा गा.वि.स.वडा नं. २ घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका कलंकीमा बस्ने वर्ष ५१ को जिल्ला प्रशासन कार्यालय म्याग्दीका तत्कालीन प्रमुख जिल्ला अधिकारी ज्ञानप्रसाद भट्टराईले अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरेको मुद्दा ।**

फैसला मिति :- २०६३।२।१६

फैसलाको प्रकृति र आधारहरू :

उल्लेखित प्रतिवादी ज्ञानप्रसाद भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३ को उपदफा (१) को खण्ड (ङ) को कसूरमा सजाय गरिपाउँ भनी अभियोग मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश गरिएकोमा प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिई उक्त अदालतबाट फैसला भएको ।

फैसलाका आधारहरू :

(अ) प्रतिवादीले रु. ६ लाख लिएको स्वीकार गरे पनि चन्द्रकुमारी चोखाल मार्फत नलिई गम्बरबहादुर शाही समेतले सापटी स्वरूप उपलब्ध गराएकोले सो रकम फिर्ता गरिसकेको,

(आ) कार्यालयबाट काटिएको चेक कार्यालयको कामको लागि लेखापालको नाउँमा काटिएको भन्ने उल्लेख गरेको,

(इ) वादी नेपाल सरकारबाट आफ्ना साक्षी अदालतमा उपस्थित नगराइएको,

(ई) बीमाको रकम प्राप्त गर्नेले रकम नपाएको भन्ने नदेखिएको ।

(उ) चन्द्रकुमारीले तत्काल रकम नपाए पनि रिसवत बापत लिएको नभनी सापटी स्वरूप प्रतिवादीबाट प्रयोग भएको भनी अनुसन्धानमा बयान गरेको ।

(ऊ) रकम उपलब्ध गराउनेले कुन स्रोत र माध्यमबाट उपलब्ध गरायो भनी खोज्ने कुरा भएन,

(ए) प्रतिवादीको व्यवहारबाट कसैलाई मुलाहिजा र अनिष्ट भएको नदेखिँदा निजी व्यवहार के कसरी गर्ने भन्ने कुरा पदीय दायित्वभन्दा बाहिरको विषय हुन जाने,

(ऐ) पदीय कर्तव्यमा प्रतिकूल प्रभाव नपरेको अवस्थामा आरोपित क्रिया कसूर अन्तर्गत नपर्ने,

(ओ) आनन्द बरालले सापटी स्वरूप दिएको भनी अनुसन्धानको क्रममा बयान गरेकोले रिसवत लिएको नदेखिएको ।

(औ) आरोपपत्रमा रिसवत लिएको भनी तथ्यगत प्रमाण र रिसवतको शब्दावली उल्लेख नगरेको ।

पुनरावेदनका आधारहरू:

(क) प्रतिवादी ज्ञानप्रसाद भट्टराईले मृतककी पत्नी लक्ष्मी चोखालले पाउने रकमबाट रु. ६ लाख लिएको भन्ने निजले अनुसन्धानको क्रममा गरेको कागज तथा उजूरी समेतबाट स्पष्ट हुन्छ । गम्बरबहादुरले सापटी रकम खोजेर ल्याएको भन्ने प्रतिवादीले जिकिर लिए तापनि स्वयम् गम्बरबहादुरले बीमाको भुक्तानी दिँदा प्र.जि.अ.ले. रु. ६ लाख लिएको भन्ने सुनेको हुँ भनी अनुसन्धानको क्रममा बयान गरेबाट निज गम्बरबहादुरलाई सापटी रकम खोज्न लगाएको रहेनछ भन्ने प्रस्ट हुनुका साथै प्रतिवादीका साक्षी विनोद भट्टचन समेतको बकपत्र झूट्ठा देखिन आएको छ । एकमुष्ट बीमाको रकम रु. २२,८६,५८४।१३ मृतक अम्बरबहादुरकी पत्नी लक्ष्मी चोखाललाई दिनुपर्दा २ वटा चेक काटनुको मतलव के हो ? किन एउटै चेकबाट भुक्तानी दिनु नपर्ने अवस्था आयो भन्ने खुलाउन नसक्नुको मतलव भ्रष्टाचारको कसूर गर्ने बदनीयत राखेको प्रस्ट देखिन्छ । बीमाको रकम पाउने लक्ष्मी चोखालका दुईमध्ये रु. ११,९९,०००।- को चेक मृतककी आमा चन्द्रकुमारीलाई दिनु छ भनी प्रतिवादी स्वयम्ले रकम लिएको भनी लक्ष्मी चोखालले कागज गरेको अवस्थामा कसरी बीमाको रकम सम्बन्धित व्यक्तिले पायो भनी अदालतले निराधार अनुमान गर्ने अवस्था आयो भन्ने कुरा फैसलामा खुल्दैन ।

(ख) कार्यालयका तर्फबाट लेखापालका नाउँमा काटिएको रकम कुन प्रयोजनका लागि झिकिएको हो ? के कारणले खर्च हुन सकेन भन्ने कुरा चेकमा दस्तखत गर्ने यी प्रतिवादीले आफ्नो बयानमा लेखाउन सकेका छैनन् । तर पनि विना प्रयोजन रकम झिकी स्वयम्ले लिई खाएपछि उजूरी पऱ्यो भनेपछि रकम दाखिल गराएबाट दूषित मनसायको पुष्टि हुन आएको छ ।

(ग) लक्ष्मी चोखाल र चन्द्रकुमारी चोखाल समेत अनुसन्धानको क्रममा कागज गर्ने सबै व्यक्तिहरूलाई साक्षी गवाहको रूपमा आरोपपत्रमा उल्लेख गरेपछि ती साक्षी फैसला गर्दाको अवस्थासम्ममा पनि उपस्थित हुन आउँदैनन् भने इन्साफ गर्ने मनसाय राखी अ.बं. ११५ नं. को प्रकृया पुऱ्याई अदालत स्वयम्ले म्याद जारी गरी बुझ्न सक्ने अवस्था छँदाछँदै पनि वादीले साक्षी उपस्थित गराउन सकेन भनी भ्रष्टाचार जस्तो गम्भीर फौजदारी मुद्दामा कानूनी प्रकृया पूरा नगरी फैसला भएबाट पुनः साक्षीहरूलाई झिकाई प्रभावकारी न्याय प्रदान गरिनु पर्दछ ।

(घ) बीमाको रकम पूरा पाएको छैन भन्ने लक्ष्मी चोखालसमेतको भनाइ छ । प्रतिवादीले यिनै पीडितको बीमाको रकमबाट रु. ६ लाख लिएको भन्ने वाणिज्य बैंकबाट बुटवल पठाउन ड्राफ्ट गरेको, बुटवलबाट रकम झिकेको र उक्त रकम कर तिरेको समेत सप्रमाण पुष्टि भइरहेको अवस्थामा हचुवा तवरबाट बीमा रकम नपाएको भन्ने छैन भनी गलत तथ्य विश्लेषण गरिएको छ ।

(ङ) एकातिर अदालतले चन्द्रकुमारीले तत्काल रकम नपाए पनि रिसवत बापत लिएको नभनी सापटी स्वरूप प्रतिवादीले प्रयोग गरेको हुँदा रिसवत भनी नलिएको भन्ने अर्कोतर्फ प्रतिवादी आफूले रकम भुक्तानी गर्नुपर्ने दुईवटी महिलाहरूका बीचमा विवाद खडा गरी अनाधिकार एकअर्कोलाई रकम बाँडफाँड गर्ने विषयमा अनुचित प्रभाव देखाई मृतक लोग्नेको पूर्ण बीमाको हकदार श्रीमती लक्ष्मी चोखाललाई भुक्तानी नगरी बाँडफाँड गर्ने अधिकारविहीन काम गरेको भन्ने स्पष्ट हुन्छ ।

श्रीमती लक्ष्मी चोखालले पूरै रकम प्राप्त गरेको भने पनि चन्द्रकुमारी र कमल चोखालको कागजबाट सोही बीमाको रकममध्येबाट प्रतिवादीले रु. ६ लाख लिएको भन्ने कुरा प्रस्ट छ । यसरी आफूले भुक्तानी गरी सेवा प्रदान गर्ने प्रतिवादीले आफ्नो कामसँग सम्बन्धित व्यक्तिसँग रकम लिनुखानु सोझै भ्रष्टाचारको परिभाषाभित्र पर्दा समेत सबूद प्रमाणको अन्देखा गरी फैसला भएको छ । प्रतिवादी चन्द्रकुमारीबाट रकम लिएको नदेखिए तापनि त्यो रकम निजैबाट प्राप्त भएको हो भन्ने गम्बरबहादुर तथा प्रतिवादीकै साक्षीहरू विनोद भट्टचनसमेतले कमल चोखाल (मृतकका दाजु) सँग रकम लिएको भनेबाट पनि प्रतिवादीले आफ्नो कामसँग सम्बन्धित विषयमा रिसवत लिएको प्रस्ट छ । कार्यालयको कामसँग सम्बन्धित व्यक्तिबाट निजले पाउने रकम प्रमुख जिल्ला अधिकारीजस्तो व्यक्तिले लिनुखानु गरेको प्रस्ट हुँदाहुँदै सापटी दिएको वा तेस्रो व्यक्तिलाई माध्यम बनाएर लिएको देखाइएको मात्र कारणले निज प्रतिवादीलाई सफाइ दिन मिल्ने होइन । रकम लिँदा खाँदाको कार्य आचार व्यवहारले नै भ्रष्टाचारको कसूर भएको प्रस्ट छ । जनतामा हल्ला चलेपछि रकम फर्काउँदैमा भ्रष्टाचारको कसूरबाट उन्मुक्ति प्राप्त हुँदैन ।

(च) प्रतिवादीले लिएको रकम गैरकानूनी हो भन्ने विषयमा उजूरी परेपछि पूर्व मिति राखी प्रतिवादीले जहिले सुकैको भरपाई बनाउन सक्ने कागज देखाउँदैमा त्यसलाई अन्य कुनै प्रमाण बनाई समर्थन नभए पनि प्रमाणमा सो कागज लिनु प्रमाण ऐन विपरीत छ । प्रतिवादीले आफूले बीमाको रकम भुक्तानी गरेकै दिन आफ्नो कामसँग सम्बन्धित व्यक्तिसँग सापटी लिने र ड्राफ्ट गरी रकम पठाएको अवस्थामा सापटी लिएको भन्ने पुष्टयाइँ हुँदैन । किनकि जसले पनि सापटी लिँदा कोसँग के कसरी पैसा प्राप्त हुने हो भन्ने जानीबुझी सापटी लिने र तत्काल बनाउन मिल्ने तमसुक बनाउँदैमा सापटी लिएको कुरा पुष्टि हुने होइन । त्यसमा पनि निज प्रतिवादीले उल्लेख गरेको गम्बरबहादुरको भनाइ र प्रतिवादीकै साक्षी गोपाल भट्टचनसमेतको बकपत्रबाट पनि मृतकको हकदारसँग रकम लिएको पुष्टि हुँदा त्यस्तो प्रमाणलाई ग्रहण नगर्नु त्रुटिपूर्ण छ ।

(छ) प्रतिवादीले बीमाको रकम प्राप्त गर्ने हकदारसँग रु. ६ लाख लिई भ्रष्टाचार नियन्त्रण गर्ने पदाधिकारीले बदनीयतपूर्ण कार्य गरेबाट पीडित लक्ष्मी चोखालसमेतलाई अनिष्ट पारेको भन्ने स्पष्ट छ । त्यस्तो रकम लिई अन्यत्र पठाइसकेको सप्रमाण पुष्टि हुँदा न्यायकर्ताबाट के कस्तो अनिष्ट हुनुपर्ने भनेको हो फैसला प्रस्ट छैन । प्रतिवादीले बदनीयतपूर्वक सेवाग्राहीबाट रकम लिने कार्य सर्वथा निजी मामिला होइन र त्यो पद अनुकूल पनि हुँदैन । पदीय कर्तव्यले सेवाग्राहीबाट कुनै पनि किसिमसँग रकम लिनु हुँदैन भनी निर्देशित गरेको छ । यसरी सेवाग्राहीसँग रकम प्राप्त गर्नुलाई निजामती सेवाको आचरण प्रतिकूल हुन्छ र सो आचरण पनि भ्रष्टाचारको कसूर ठहर्छ । प्रतिवादीको काम, व्यवहार र आचरणबाट ऐन अनुसार भ्रष्टाचारको कसूर देखिएको अवस्थामा सो कार्यलाई रिसवत भन्ने शब्द नपरेकै कारणबाट सफाइ दिन मिल्ने होइन ।

(ज) आनन्द बराल भनेको म्याग्दी जिल्लाभित्र पुनर्निर्माण गर्ने ठेकेदार हुन् । निजसँग रकम लिनु भनेको रिसवत बाहेक अरू केही हुन सक्दैन । प्रतिवादीले लिएको सापटी यी व्यक्तिसँग उजूरी पर्नुभन्दा अगाडि लिएका थिएनन् साथै त्यसरी थोरै रकम पारिश्रमिक पाउने व्यक्तिले अत्यधिक सापटी लिँदैमा त्यो रकम सापटी हो भन्ने पुष्टयाइँ हुँदैन । ठेकेदार भनेको प्रतिवादीले रकम भुक्तानी गर्ने कार्यमा संलग्न व्यक्ति हुँदा निजले आफ्नो काम मिलाइदिएमा अथवा अनुचित रूपमा कार्य

गरिदिएमा रिसवत दिएको रकम मात्र प्राप्त गर्ने हुँदा ठेकेदार आनन्द बरालले प्रतिवादीलाई बचावट नै गर्ने नियतले गलत तथ्य उल्लेख गरे तापनि रकम लिएको कुरामा विवाद नहुँदा आनन्द बरालसँग रिसवत लिएको पुष्टि हुन्छ ।

(ञ) सेवाग्राहीसँग उसको बीमाको रकम र निर्माण बिलको भुक्तानी दिए बापत चाहे जुनसुकै बहानामा रकम लिनुखानुको अर्थ घूस रिसवत हो । त्यस्तो कार्य भ्रष्टाचारको परिभाषा भित्र पर्दछ । तर अदालतले आरोपपत्रमा उल्लेख गरेको व्यहोरालाई विश्लेषणात्मक मनन् नगरी प्रतिवादीलाई सफाइ दिने उद्देश्य राखी रिसवतको शब्दावली नपरेको भनी गलत तर्क गरी भ्रष्टाचार निवारण ऐन, २०५९ को मर्म विपरीत व्याख्या गरेको छ ।

(ट) आफूले सेवा दिएको व्यक्ति लक्ष्मी चोखालसँग रु. ६ लाख लिएको सो रकम ड्राफ्ट गरी बुटवल पठाएको र सो रकम कर कार्यालयमा दाखिला गरेको अवस्थामा उजूरी पऱ्यो भनी पछिबाट घरायसी तमसुक बनाई सापटी लिएको र सो रकम तिरिसकेको छु भन्दैमा त्यसलाई आधार मानी अभियोग दाबीबाट सफाइ दिने कार्य प्रत्यक्षतः कानूनी रुपमा त्रुटिपूर्ण छ ।

२. **तनहुँ जिल्ला मिर्लुङ्ग गा.वि.स.वडा नं. १ स्थायी बसोबास भई हाल जिल्ला काठमाडौं धापासी गा.वि.स.वडा नं. ३ बस्ने तत्कालीन साझा भण्डार लिमिटेड निर्माण सामग्री महाशाखा टेकुमा प्रमुख पदमा कार्यरत भिष्मकान्त शर्मा.....**
काठमाडौं महानगरपालिका वडा नं. १७ कुलेश्वर धोबीचौर बस्ने हाल साझाभण्डार लि.भोटाहिटिमा सहायक प्रथम पदमा कार्यरत शरदप्रसाद भट्टराई.....
तनहु जिल्ला मिर्लुङ्ग गा.वि.स.वडा नं. ३ घलेछाप स्थायी बसोबास भई हाल काठमाडौं महाराजगन्ज पञ्चकन्या ४ बस्ने तत्कालीन साझाभण्डार लिमिटेड निर्माण महाशाखा टेकुमा बिक्रेता पदमा कार्यरत अमृतबहादुर के.सी.....
जिल्ला काठमाडौं का.म.न.पा.वडा नं. ७ चाबहिल चन्द्रविनायक मार्ग घर नं. ४६८ मा बसोबास गर्ने तत्कालीन साझाभण्डार निर्माण सामग्री महाशाखा, टेकुमा बिक्रेता पदमा कार्यरत मोहमद हासिम खाँन..... समेत रहेको बैंक भौचर सच्याई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति :- २०६२।१२।२२
फैसलाको प्रकृति र आधारहरू:-

उल्लेखित प्रतिवादीहरूमध्ये भिष्मकान्त शर्मा र शरदप्रसाद भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (१) को खण्ड (ङ) र प्रतिवादीहरू अमृतबहादुर के.सी. र मोहमद हासिम खाँनलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा १६(क) एवं भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय गरिपाउँ भनी विशेष अदालत, काठमाडौंमा अभियोग मागदाबी लिई आरोपपत्र पेश गरिएकोमा प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने ठहऱ्याई उक्त अदालतबाट फैसला भएको ।

फैसलाका आधारहरू:

(अ) मिसिल संलग्न भौचरहरू हेर्दा केहीमा सामान्य केरमेट भएको र केहीमा केरमेट भएको वा व्यहोरा फरक परेको सामान्य शंकासम्म नहुने स्थितिमा भौचरप्रति आशंका गर्नुपर्ने अवस्था नरहेको ।

(आ) अधिकांश भौचरहरू सच्याइएको पनि छैन र केरमेट भएको पनि छैन ।

(इ) रकमको मात्राको हिसाबले यस्तो दुष्परिणाम आउन सक्ने संभावना र सोचसमेत रहन नसक्ने ।

(ई) खराब काम गर्ने दुराशय भए सो भन्दा बढी भौचरको रकम सच्याई दिन सक्ने अवस्था रहेको ।

पुनरावेदनका आधारहरू:

(क) बैंकमा थोरै रकम जम्मा भएको तर साझा भण्डारमा बढी रकम बैंक दाखिल भएका भौचरहरू पेश भई सोही भौचरहरूको आधारमा बढी सिमेण्ट बिक्री वितरण भएको तथ्य विवाद रहित तवरबाट स्थापित भएको छ । साथै सो तथ्यलाई फैसलामा समेत स्वीकार गरिएको छ । प्रतिवादी भिष्मकान्त शर्मासमेतले आफ्नो बयानमा ग्राहकले घर निर्माण गर्नको लागि नक्सा वा वडाको सिफारिस ल्याई सिमेण्ट माग गरी निवेदन दिने गर्दथे । सो निवेदनमा तोक लगाई एक बोराको लागि यति रकम पर्छ भनी आफूहरूले भने पछि त्यही रकमको भौचर भरी रकम बैंक दाखिला गरी भौचर पेश गरेपछि बिल काटी सिमेण्ट दिने गरिन्थ्यो भनी उल्लेख गरेका छन् । यस अतिरिक्त कामको अनुपातमा कोटा निर्धारण गरी एकजना ग्राहकलाई २५ देखि १५० बोरासम्म सिमेण्ट दिइन्थ्यो भन्ने व्यहोरासमेत निजको बयानमा उल्लेख भएको पाइन्छ । ग्राहकको निवेदन परी यति बोरा सिमेण्ट उपलब्ध गराउने भनी निवेदनमा तोक लागिसकेपछि तोकमा उल्लेख भएभन्दा बढी बोराको लागि बैंकमा रकम दाखिल भएका भौचरहरू आफू समक्ष पेश हुनासाथ उक्त भौचरहरूको सत्यतामा स्वतः शंका सिर्जना हुने अवस्था हुन्छ । त्यस किसिमका भौचरहरूलाई स्वीकार गरी प्रतिवादीहरूले सिमेण्ट बिक्री वितरण गरेबाट निजहरूको बदनीयत प्रस्ट रूपमा प्रमाणित भइरहेको अवस्थामा भौचरमा केरमेट भएको र व्यहोरा फरक परेको सामान्य शंकासम्म नहुने स्थिति रहेको भनी प्रतिवादीहरूलाई सफाइ दिई भएको फैसला सरासर त्रुटिपूर्ण छ ।

(ख) फरक परेको रकमको मात्रात्मक हिसाबले दुष्परिणाम आउन सक्ने सम्भावना र सोच रहन नसक्ने भनी फरक परेको रकमलाई फैसलामा न्यून मानिएको छ । घटना बारदात आ.ब. २०४२।०४३ र आ.ब. २०४३।०४४ अर्थात आजभन्दा लगभग २० वर्ष अगाडिको हो । रु. १२१ का भौचरहरूलाई रु. १२००१।- भनी रु. ६०१।- को भौचरहरूलाई ९६०१।- को भनी सच्याइएको भन्ने मिसिल संलग्न भौचरहरूबाट स्पष्ट देखिएको छ । २० वर्षअगाडि मुद्राको क्रयशक्ति आजभन्दा अति नै बढी भएको अवस्थामा यसरी हजारौं रुपैया फरक पारी भौचर सच्याई सिमेण्ट बिक्री वितरण गरेको कार्यलाई सामान्य मानी त्यसलाई प्रतिवादीहरूको निर्दोषिताको आधार मानी गरिएको फैसला न्यायसंगत छैन ।

(ग) भ्रष्टाचारजन्य अपराधको मूल तत्व भनेको दुराशय हो । दुराशययुक्त भावनाले गरेको कुनै एक कार्य मात्रै पनि भ्रष्टाचारजन्य अपराध ठहरिन पर्याप्त हुन्छ । प्रतिवादीहरूले १७ वटा किर्ते नक्कली बैंक भौचरहरू तयार गरी गराई सिमेण्ट बिक्री वितरण गरेको तथ्य प्रमाणित भइरहेको

अवस्थामा दुराशय भएको भए त्यो भन्दा बढी गर्न सक्दथे भन्ने अनुमान गर्दै वस्तुनिष्ठ नभई आत्मनिष्ठ तवरले भएको फैसला त्रुटिपूर्ण छ ।

३. जिल्ला चितवन, गुन्जनगर गा.वि.स.वडा नं. २ स्थायी ठेगाना भई भरतपुर न.पा.वडा नं. १० मा अस्थायी बसोबास गरी बस्ने नेपाल टेलिकम दूरसञ्चार कार्यालय, भरतपुरका तत्कालीन सहायक (चौथो) पदमा कार्यरत (हाल अवकाश प्राप्त) मुक्तिनाथ शर्मा न्यौपानेले नेपाल टेलिकममा दैनिक असुली भएको धरौटी तथा फुटकर आम्दानी रकम हिनामिना गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६३।२।२९

फैसलाको प्रकृति र आधारहरू:

उल्लेखित प्रतिवादीलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ बमोजिम सजाय गरी रु. ९,९३,९६८।- बिगो असुल गरी पाउने मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश गरिएकोमा प्रतिवादीको कसूर ठहर गरी बिगोका हकमा रु. २,६५,९६८।- मात्र कायम गरी सजाय गर्ने ठहऱ्याई उक्त अदालतबाट फैसला भएको ।

फैसलाका आधारहरू:

(अ) प्रतिवादीले रु. २,६५,९३८।- मात्र र बाँकी रकम अन्य कर्मचारीहरूले बुझेको भनी आरोपपत्रमा स्वीकार गरिएको ।

(आ) अन्य कर्मचारीहरूले बुझेको रकम प्रतिवादीलाई बुझाउने गरेको भन्ने निजहरूको बयानबाट देखिए तापनि प्रतिवादीलाई बुझाएको रसिद वा कुनै भर्पाइहरू मिसिल संलग्न रहेको नदेखिएको ।

(इ) काटिएको रसिदको सम्पूर्ण रकम प्रतिवादीले बुझेको भन्ने छानविन प्रतिवेदनमा पनि नदेखाइएको ।

(ई) हिनामिना भएको सम्पूर्ण रकम प्रतिवादीबाट हिनामिना भएको भन्ने देखिन नआएको ।

पुनरावेदनका आधारहरू:-

(क) दैनिक असूली भएको धरौटी तथा फुटकर आम्दानी सम्बन्धित काउण्टर क्लर्कहरूबाट प्रतिवादीले बुझिलिई सो को संक्षेपीकरण टिपोट निजैले तयार गरी क्यासियरलाई बुझाउने गरेको तथ्य छानविन प्रतिवेदन लगायत अनुसन्धानको क्रममा बयान गर्ने मिना लोहनी, प्रकाश भट्टराईसमेतका व्यक्तिहरूको कथनबाट स्थापित भएबाट राजस्व रकम संकलन गरी क्यासियरलाई बुझाउने जिम्मेवार कर्मचारी प्रतिवादी भएको भन्ने प्रस्ट छ । यस्तो पदीय कर्तव्य निर्वाह गर्नुपर्ने प्रतिवादीले उठेको सम्पूर्ण राजस्व रकम नबुझाएपछि त्यसको सम्पूर्ण दायित्व निजैले बहन गर्नुपर्ने कुरा निर्विवाद भएकोमा निज प्रतिवादीका सहायक कर्मचारीले उठाएको रकम प्रतिवादीलाई बुझाएको प्रमाण नभएको भनी भएको फैसला न्यायसंगत छैन ।

(ख) प्रकाश भट्टराई, मिना लोहनी, तारा लामिछाने र शर्मिला खनालसमेतले संकलन गरेको रु. ७,२८,०००।- निजहरूबाट प्रतिवादीले बुझी लिई दाखिला नगरेको भन्ने तथ्य निजहरूको बयान साथै बुझिएका अमलेन्द्र नारायण सिंह स.ले.अ.ऋषिराम आचार्य र क्यासियर नोमे दरै समेतको

भनाइबाट पुष्टि भइरहेको अवस्थामा निजहरूको कथनलाई वास्तै नगरी भएको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी कार्यालयमा हाजिर नभई रकम दाखिल नगरी फरार रहेको अवस्था छ । प्रतिवादीले बुझेकै रसिदमध्येबाट रकम हिनामिना भएको र निजको डेराबाट बरामद भएका रसिदहरू निजले बुझी रकम हिनामिना गरेको मध्येका हुन् भन्ने तथ्य छानविन प्रतिवेदनसमेतका कागजातहरूबाट पुष्टि भएको अवस्था हुँदा निज स्वयम्ले सम्पूर्ण रकम हिनामिना गरेको भन्ने प्रस्ट छ ।

(घ) आ.ब. २०५८।०५९ र २०५९।०६० मा प्रतिवादीबाट काटिएका अधिकांश रसिदहरूमा साल महिना मात्र उल्लेख गरी दाखिलाको समयमा कार्बन पेपर राखी गते थप गरेको पाइएको तर स्वाभाविक रूपमा तत्काल नै लेखिएको साल महिना र गते मध्येका अंक अन्य क्लर्कहरूबाट काटिएका रसिदहरूमा केरमेट गरी एकदेखि डेढ महिनासम्म ढिलो गरी पछिको गते बनाई क्यासियरलाई रकम बुझाउने गरेको भनी छानविन प्रतिवेदनमा उल्लेख भएबाट समेत अन्य कर्मचारीले रसिद काटी बुझाएको रकम निजले नै बुझ्ने गरेको स्पष्ट हुन्छ । यसबाट अन्य कर्मचारीले उठाएको रकमसमेत निज प्रतिवादी एक्लैले हिनामिना गरेको भन्ने प्रमाणित भएको छ ।

(ङ) काउण्टर क्लर्कको रूपमा धेरै वर्षको अनुभव संगाली राजस्व शाखाको कार्य गर्दै आएका प्रतिवादीले भर्खर कार्य सिक्न थालनी गरेका र राजस्वको पर्याप्त ज्ञान नभएका अप्रेटर क्यासियर लगायत कर्मचारीहरूलाई विश्वासमा लिई राजस्व रकम रु. ९,९३,९६८।- संस्थानमा दाखिला नगरी हिनामिना गरेको देखिएको भनी छानविन प्रतिवेदनमा स्पष्ट रूपमा उल्लेख भएकोमा हिनामिना भएको सम्पूर्ण रकम प्रतिवादीबाट हिनामिना भएको भन्ने छानविन प्रतिवेदनमा नदेखाइएको भनी भएको फैसला मिसिल प्रमाणको समुच्च अध्ययन बेगर भएको भन्ने देखिँदा बदरभागी छ ।

(च) संस्थानको छानविन प्रतिवेदन प्रमाण ऐन, २०३१ को दफा २० बमोजिम अदालतले प्रमाण लिई प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने लिखत भएको र प्रतिवादीले सो प्रतिवेदनमा निज उपर लगाइएको आरोप वा प्रतिवेदनको कुनै अंश वा व्यहोराको सत्यतामा विवाद नगरेको अवस्थामा भरपर्दो प्रमाणको रूपमा ग्रहण गर्नुपर्ने हुन्छ । तर संस्थानले गरेको छानविन आयोगबाट भएको अनुसन्धान तहकिकातको समयमा र अदालतबाट जारी गरिएको म्यादसमेतमा हाजिर नभई फरार रहेका प्रतिवादीले नै विवाद गर्न नचाहेको, नसकेको तथ्यमा अदालतले विवाद खडा गरी बिगो घटाउन मिल्ने होइन । अतः विना आधार मनोगत ढंगबाट न्याय प्रकृयालाई समेत उपेक्षा गर्ने फरार अभियुक्तको हकमा बिगो घटाई गरेको फैसला त्रुटिपूर्ण हुँदा सो हदसम्म विशेष अदालतको फैसला बदर गरी मागदाबी बमोजिम सजाय हुनुपर्ने ।

४. **महोत्तरी जिल्ला, औरही गा.वि.स.वडा नं. २ स्थायी घर भई हाल सैबु ४(ग) ललितपुरमा बसोबास गरी आएका विद्युत् विकास केन्द्रका तत्कालीन प्रमुख लेखमान सिं भण्डारी .....**

का.जि.का.म.न.पा.वडा नं. २३ यगालटोल, काठमाडौं बसोबास गरी विद्युत् विकास विभागको सि.डि.ई.पदमा कार्यरत दिव्यनारायण मानन्धर .....
का.जि.का.म.न.पा.वडा नं. १० टंकप्रसाद मार्ग घर भई विद्युत् विकास विभाग, प्रस्ताव मूल्यांकन तथा अनुमतिपत्र शाखाका सि.डि.ई. अंगिरा आचार्य .....समेत रहेको शर्त विपरीत परफरमेन्स वण्ड जफत नगरी भ्रष्टाचार गरे भन्ने मुद्दा ।

फैसला मिति : २०६३।३।५

फैसलाका प्रकृति र आधारहरू:

उल्लेखित प्रतिवादीहरूले नेपाल सरकारलाई रु. ८९,६४,२५०।- हानी नोक्सानी पुर्‌याएको प्रमाणित हुन आएकोले निजहरुलाई भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र २९ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ८ (३) बमोजिम सजाय गरिपाउँ भनी अभियोग मागदाबी लिई विशेष अदालत, काठमाडौंमा आरोपपत्र पेश भएकोमा प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिने ठहर्‍याई उक्त अदालतबाट फैसला भएको ।

फैसलाका आधारहरू:

(अ) बैंक ग्यारेन्टी जफत गर्नुपर्ने दायित्व कसबाट बहन नभएको भन्ने विषयमा मन्त्रालयबाट अन्वेषण भएपछि किटानी रूपमा जिम्मेवार बनाएको नदेखिएको,

(आ) संलग्न कर्मचारीहरू के कति मात्रामा जिम्मेवार बनाउने भन्ने उल्लेखित लाभ लिएको भन्ने आरोपपत्रमा उल्लेख नभएको,

(इ) काम नभएमा बैंक ग्यारेन्टी जफत गर्ने सर्त नरहेकोले तोकिएको कार्य अनुसार नभए जफत हुन सक्ने सम्भावना रहे पनि बैंक ग्यारेन्टीको म्याद थप हुन सक्ने र सर्भेक्षणको म्यादसमेत थप हुने सम्भावना रहेको स्थितिमा निश्चित रूपमा जफत हुने प्रकृतिको नरहेको,

(ई) अनुमतिपत्र बमोजिम काम गरे नगरेको र प्रगति विवरण नबुझाएको स्थितिमा अनुगमनको कामबाट नियन्त्रण हुनेतर्फ उचित ध्यान नदिएबाट बदनीयत नै रहेको भन्ने तथ्य र मिसिल संलग्न प्रमाणबाट नदेखिएको,

(उ) कर्तव्य पालनको सम्बन्धमा भएको त्रुटिलाई बदनीयतको कारण र परिस्थिति निर्माण भएको देखिन नआएको ।

(ऊ) प्यासिफिक हाईड्रो लिमिटेडसँग निज प्रतिवादीहरूको सम्बन्धमा लिनेदिने रूपमा रहेको नदेखिने,

(ए) बैंक ग्यारेन्टी जफत हुने निश्चितता पनि नरहेको,

(ऐ) प्रतिवादीहरूले सरकारलाई हानि नोक्सानी पुर्‍याई बदनीयतले बैंक ग्यारेन्टी जफत नगरेको भन्ने सबुद प्रमाणबाट पुष्टि नभएकोले आरोपपत्रबाट सफाई पाउने ।

पुनरावेदनका आधारहरू:

(क) लिखु र अपर त्रिशुली जलविद्युत् आयोजनाहरू सञ्चालनको लागि Pacific Hydro Limited Australia को कम्पनीलाई सर्वेक्षणको लागि इजाजत दिइएको हो । सो इजाजत पत्रानुसार समयमा काम सम्पन्न गर्ने समेतका उद्देश्यले Performance Bond राख्न लगाइएको थियो । इजाजतपत्र अनुसार समयमा काम सम्पन्न हुन नसकेमा Performance Guarantee जफत गर्ने समेतका शर्त इजाजतपत्रमा उल्लेख भएको कुरामा कसैले विवाद गर्ने ठाउँ छैन । सो

कम्पनीले शर्त अनुसार काम गरे नगरेको हेर्नुपर्ने र राखेका Performance Bond जफत गर्नुपर्ने हुन आएमा जफत गर्ने समेतको काम गर्नुपर्ने दायित्व यी प्रतिवादीमा रहेको कुरा निजहरूकै बयान र मन्त्रालयको प.सं. २०६१।०६२ च.नं. ११४ मिति २०६१।४।२५ को पत्र समेतबाट स्पष्ट छ । साथै स्वयम् अदालतको फैसलाबाट समेत यी प्रतिवादीहरू सबैले Bank Guarantee को म्याद समाप्त नहुँदैको अवस्थामा म्याद थपतर्फको कारबाही गराउने वा जफत गर्नेतर्फ कारबाही अगाडि बढाएको भए सो Bank Guarantee जफत हुन सक्ने आधारहरू रहेको स्वीकार गरेकै छन् । तर यी कुनै पनि प्रतिवादीहरूले त्यसतर्फ ध्यान नदिई सम्बन्धित कार्यालयमा आफूले गर्नुपर्ने पदीय जिम्मेवारी पालन नगरी बसेका र निजहरूले समयमै उक्त Performance Bond जफत गर्नुपर्नेमा सो नगरेबाट जफत गर्दा सरकारलाई प्राप्त हुने रकम निज प्रतिवादीहरूका Inaction का कारणबाट जफत हुन नसकी सरकारलाई नोक्सान पुग्न गएको स्पष्ट छ । मन्त्रालयले यिनै प्रतिवादीहरू उक्त Bank Guarantee को म्याद समाप्त गर्नमा जिम्मेवार रहेको भन्ने किटानी गरेको तर्फ न्यायकर्ताबाट विश्लेषण मनन् नै नगरी हचुवा तवरबाट जिम्मेवारी किटानी नभएको भनी आयोगले गरेको अनुसन्धान तहकिकाततर्फ समेत ध्यान नदिई प्रमाणको समुचित मूल्यांकन नै नगरी फैसला गरेको प्रस्ट छ ।

(ख) अनुमतिपत्र बमोजिम कसैले काम नगर्ला भनी सुरक्षाका लागि मन्त्रिपरिषद्को निर्णयानुसार Bank Guarantee राख्न लगाएको भन्नेतर्फ सबै प्रतिवादीहरूले आफ्ना बयानमा स्वीकार गरेका छन । जब त्यस्तो Bank Guarantee राखिए बमोजिमको कार्य सम्पन्न भएको छैन र म्याद पनि समाप्त भएको छ भने विद्युत् विकास केन्द्र तथा त्यसका पदाधिकारीहरू कसैले पनि जिम्मेवारी वहन गर्नु पर्दैन भनी अदालतको फैसलामा उल्लेख हुनु गैरजिम्मेवारीपनलाई प्रोत्साहन दिनु र त्यस्तो गैरजिम्मेवारीबाट पुग्न गएको क्षतिप्रति उदासीन बन्न प्रेरणा दिनु सरह हो । यसरी एकातिर यी सबै प्रतिवादीहरूले Bank Guarantee जफत गर्नेतर्फ ध्यान नपुऱ्याएको भनी स्वीकार गर्ने अर्कोतर्फ आरोप मागदाबीबाट सफाइ दिने फैसला गर्नु स्वयम्मा विरोधाभाषपूर्ण फैसला हुन पुगेको छ ।

हालसम्म पनि लिखु र अपरत्रिशुली जलविद्युत् आयोजनाहरू सञ्चालनको कार्य सम्पन्न भएको भनी मन्त्रालय तथा प्रतिवादीहरू स्वयम्कै बयानबाट समेत नखुलेको र मिसिल संलग्न Pacific Hydro Limited ,31 Dec 2002 को पत्रबाट पनि काम गर्न नसकिने भनी उल्लेख गरेको अवस्थामा काम समाप्त नभएमा Bank Guarantee जफत गर्नुपर्ने अवस्था धेरै अगाडि नै परिसकेको देखिन्छ । यस्तो अवस्थामा इजाजत प्राप्त कम्पनीले काम नगर्ने भनिसकेपछि जमानत जफत गर्नुपर्ने अनिवार्य स्थिति हुँदाहुँदै पनि “निश्चित रूपमा जफत नै हुने प्रकृतिको रूपमा रहेको देखिँदैन” भनी अर्थ गर्न मिल्दैन । अब अदालतले फैसलामा उल्लेख गरे बमोजिम Bank Guarantee जफत नहुने के कस्तो आधार खोजेको हो फैसलामा नखुलेबाट प्रमाण ऐन २०३१ को दफा ५४ बमोजिम प्रमाणको समुचित मूल्यांकन नगरी फैसला भएको छ ।

(ग) अनुमति पत्र अनुसारको कार्य सम्पन्न नभएमा त्यस्तो अनुगमन गर्ने निकायमा कार्यरत यी सबै प्रतिवादीहरूले समयमा आफ्नो दायित्व निर्वाह नगरेको कारणबाट Bank Guarantee को म्याद समाप्त भएको सप्रमाण पुष्टि भएपछि अब यी सबै प्रतिवादीहरूले कुनै लाभ लिए नलिएको भन्ने

प्रश्न भन्दा पनि नेपाल सरकारलाई हानि नोक्सानी र अरूलाई फाइदा पुगे नपुगेको के हो सो प्रश्न विचारणीय हुने हो । प्रतिवादी लेखमान सिंह भण्डारी, अंगिरा आचार्य र दिव्यनारायण मानन्धरसमेतले Bank Guarantee जफत गर्नेतर्फ एकले अर्कोलाई दोषारोपण गरी आफूहरू उम्किने प्रयास गरेको प्रस्ट देखिन्छ । के कारणबाट कार्यालय प्रमुखसमेतका यी प्रतिवादीहरूले यो आयोजनाको अनुमतिको शर्त पालना गराउने दायित्वबाट उन्मुक्ति पाएका हुन् ? फैसलामा यो प्रश्न अनुत्तरित छ ।

(घ) कर्तव्य पालना गर्ने यी सबै प्रतिवादीहरूले आफ्नो कर्तव्यपालन गर्दा अनभिज्ञताका कारणबाट त्रुटि गरेको होइन भन्ने बयानमा स्वीकार गरेका छन् । जब जानाजान जफततर्फको कारबाही अर्काले उठान गर्नुपर्ने भनी आफू कार्यरत कार्यालयको काम एकअर्काले अरूमाथि दोषारोपण गर्दछन् भने त्यो बदनीयतपूर्ण नभएको भन्ने फैसला ज्यादै नै तर्कहीन तथा अन्यायपूर्ण छ । Pacific Hydro Limited लाई गैरकानूनी फाइदा हुने गरी सरकारलाई नोक्सानी हुने कार्य गर्नु स्वयम्मा अपराधको पुष्टि हुनु हो । यस्तोमा यी सबै प्रतिवादीहरूको कार्यबाट अपराध भएको पुष्टि हुन्छ । कुनै लिनेदिने कार्यको पुष्टि गरिरहनु पर्दैन । अकार्य पनि कसूर हो । निजहरूका अकार्यबाट सरकारलाई नोक्सान भएकोमा विवाद छैन ।

(ङ) नेपाल सरकारसँग Pacific Hydro LImited ले इजाजत प्राप्त गर्दाकै बखत समयमा काम सम्पन्न गर्न नसकेमा मन्त्रिपरिषद्को निर्णयबमोजिम Bank Guarantee राख्न मञ्जुर गरी राखेको Bank Guarantee जफत भएमा स्वीकार गरेको अवस्थामा छ । जुन करार कुनै पनि प्रचलित कानूनको प्रतिकूल छैन भने दुवै पक्षको बीचमा कानून सरह लागू हुने करारको सर्वमान्य कानूनी सिद्धान्त हुँदा मन्त्रिपरिषद्को निर्णयबमोजिम राखिएको र करारका पक्षले स्वीकार गरेको शर्त पालना नगर्ने कम्पनीको Bank Guarantee जफत हुन्छ । यो निश्चित छ । यसमा कुनै द्विविधा हुनु हुँदैन । त्यस्तोमा हचुवा तवरले निश्चितता छैन भन्नु स्वयम्मा गैरकानूनी तर्क गर्नु हो ।

(च) लिखु र अपर त्रिशुलीको काम गर्न सरकारका तर्फबाट आह्वान गरेको प्रस्ताव स्वीकार गरी Pacific HydroLimited ले अनुमति पत्र प्राप्त गर्दाकै अवस्थामा कामको प्रकृति हेरी मन्त्रिपरिषद्ले Bank Guarantee नलिने हो भने समयमा काम सम्पन्न नगर्ने अवस्था आउन सक्दछ जसले गर्दा सरकारको योजना समयमा सम्पन्न हुन सक्दैन भन्ने सोच विचार गरी Bank Guarantee लिने निर्णय गरेको अवस्था छ । त्यसरी शर्त स्वीकार गरी Bank Guarantee राखी काम नगर्ने र प्रगति विवरणसमेत नपठाउने कम्पनीको बदनीयतले नेपाल सरकारलाई योजना सम्पन्न गर्नमा ठूलो नोक्सान पुऱ्याइसकेको अवस्था हुँदाहुँदै सरकारलाई हानि नोक्सानी भएको छैन भनी निराधार एवं गैरकानूनी रूपमा तथ्यको विश्लेषण हुन पुगेको छ । अनुमति पत्र बमोजिम काम नगर्ने कम्पनीले राखेको Bank Guarantee जफत नगरी उन्मुक्ति प्रदान गरेको कारणबाट बदनीयतपूर्वक सरकारलाई हानि पुऱ्याएको प्रस्ट छ ।

५. काठमाडौं जिल्ला साङला गा.वि.स.वडा नं. ९ घर भई काठमाडौं महानगरपालिका वडा नं. २९ सामाखुसी बस्ने चिरागमान सिंह कुँवर ..... आदेश बदर गरि पाउँ भन्ने मुद्दा ।

फैसला मिति : २०६३।३।१६

फैसलाको प्रकृतिः-

उल्लेखित विपक्षी पुनरावेदक प्रतिवादी चिरागमान सिंह कुवँरलाई नेपाल खानेपानी संस्थानको सेवाबाट भविष्यको लागि अयोग्य नठहरिने गरी मिति २०४६।५।१४ मा हटाइएकोमा निज पुनरावेदकले सञ्चालक समिति समक्ष पुनरावेदन गर्दा सदर भई सम्मानित सर्वोच्च अदालतसमेतबाट रिट जारी नहुने ठहरिएपछि आवास तथा भौतिक योजना मन्त्रालयको मिति २०४७।२।१०को निर्णयानुसार पुनर्बहाली गरेको निर्णय क्षेत्राधिकार विहीन हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क र ख बमोजिम दुस्परिणाम सच्याई आवश्यक कारबाही गर्ने भन्ने आयोगको निर्णय बदर हुने ठहऱ्याई विशेष अदालत, काठमाडौंबाट फैसला भएको ।

फैसलाका आधारहरूः-

(अ) के कति आधारमा पुनर्बहाली गर्ने निर्णय भएको हो सो को कारण र आधारको अन्वेषणपछि मात्र निजको पुनर्बहाली कानूनसम्मत भए नभएको कुरातर्फ विचार गर्नुपर्ने हुन्छ । आयोगले त्यसतर्फ कुनै अन्वेषण गरेको देखिएन ।

(आ) आयोगले सेवा सम्बन्धी कारबाही गरेपछि पुनः निजको पुनर्बहाली गर्ने निर्णय नै कानूनसम्मत नभएको भन्ने आयोगको सो निर्णय पनि कुन आधारमा भएको हो स्पष्ट छैन ।

(इ) संस्थान मन्त्रालयको निर्णय कार्यान्वयनसम्म गर्ने निकाय हो । मन्त्रालयको निर्णय सच्याउन मन्त्रालयलाई आदेश गर्नुपर्ने अवस्था रहन्छ तर आयोगले सीधै संस्थानलाई पुनर्बहाली गर्ने निर्णय सच्याउन भनी दिएको आदेश नै क्रमबद्ध प्रणालीको विपरीत देखिन्छ ।

(ई) आयोगको निर्णय प्राकृतिक न्यायको सिद्धान्त विपरीत छ ।

(उ) पुनर्बहाली गर्ने कार्य उपर कारबाही भइसकेपछि मात्र दुष्परिणाम सच्याउनु पर्ने,

(ऊ) आयोगबाट एकपटक कारबाही भइसकेको अवस्थामा सोही विषयमा उजूरी लिई निर्देशन दिने अधिकार आयोगलाई छैन ।

पुनरावेदनका आधारहरूः-

(क) विपक्षी पुनरावेदकलाई संस्थानमा तत्काल लागू हुने कानून लोकसेवा आयोगको संस्थानमा नियुक्ति, बढुवा र विभागीय कारबाही सम्बन्धी सामान्य सिद्धान्त, २०४३ बमोजिम सेवाबाट हटाइएको र सो उपर परेको निजको पुनरावेदनसमेतबाट निर्णय सदर भएकोमा आवास तथा भौतिक योजना मन्त्रालयको निर्णय अनुसार भनी पुनर्बहाली गरेको देखिएको र यसरी सेवाबाट हटाइसकिएको व्यक्तिलाई सेवामा पुनर्बहाली गर्ने कानूनी आधार नहुँदा आयोगले सो पुनर्बहालीलाई कानूनसम्मत नभएको ठहर गरी सो निर्णय सच्याउन अ.दु.अ.आ.ऐन, २०४८ को दफा १२ ख बमोजिम सम्बन्धित मन्त्रालयलाई र आवश्यक कारबाहीका लागि संस्थानलाई लेखी पठाएको कुरा आयोगले मिति २०६२।४।२८ मा गरेको निर्णयबाटै प्रस्ट देखिनेमा आयोगको "आदेश क्रमबद्ध प्रणाली विपरीत भएको" भन्ने भनाइ स्वयम्मा अर्थहीन छ । पुनर्बहाली गर्न लगाउने निर्णय गर्ने मन्त्रालयलाई निर्णय सच्याउन र मन्त्रालयको कानून विपरीत निर्णयबाट

भएको पुनर्बहालीमा कारबाही गर्न संस्थानलाई लेख्नु भन्दा अर्को कस्तो क्रमबद्ध प्रणाली विपरीत भयो भनी भनिएको हो सो को नै कानूनी आधार फैसलामा देखिँदैन ।

(ख) सेवाबाट हटाइ सकिएको व्यक्तिलाई सेवामा पुनर्बहाली गर्ने निर्णय गर्न, पत्र लेख्ने सम्बन्धी मन्त्रालयलाई कुन कानूनले अधिकार प्राप्त थियो सो सम्बन्धी मन्त्रालयबाट नै स्पष्ट हुन नसकेको र सो सम्बन्धी कागजात पनि फेला नपरेको भन्ने जवाफ आएपछि सो निर्णयलाई कानूनसम्मत भन्नुपर्ने कुनै आधार नै छैन । यो यति कारण र यस कानूनले मेरो पुनर्बहाली कानूनसम्मत थियो भनी विपक्षीले भन्न सकेका छैनन् र सम्मानित अदालतले पनि कानूनसम्मत भएको भनी पुष्टि गर्न सकेको छैन । सेवाबाट हटाइएको तथ्यमा कुनै विवाद छैन । यस प्रकार पुनर्बहालीको कानूनसम्मत आधार खोज्नुपर्नेमा अदालतले कानूनसम्मत नभएको भन्ने आधार प्रमाण अन्वेषण पूरा नभएको भन्ने विपरीत तर्कका आधारमा फैसला भएको छ ।

(ग) संस्थानको कर्मचारी प्रशासनमा मन्त्रालयले हस्तक्षेप गरी नियुक्ति बढुवा, विभागीय कारबाहीमा प्रभाव पार्न सक्ने र संस्थानले पनि त्यस्तो आदेश मान्नुपर्ने कानूनी व्यवस्थाको अभावमा संस्थानलाई मन्त्रालयको निर्णय कार्यान्वयन गर्नेसम्म निकाय हो भनी भन्न मिल्ने होइन ।

(घ) संस्थानको आन्तरिक कामकारबाही गर्न संस्थान स्वायत्त हुने कुरा नेपाल खानेपानी संस्थान ऐन, २०४६ को दफा ४.१ मा भएको र कर्मचारी सम्बन्धी व्यवस्था गर्न संस्थानलाई दफा १२ ले अधिकार प्रदान गरेको अवस्थामा कर्मचारी पुनर्बहाली गर्न आदेश/निर्देशन दिने सम्बन्धित मन्त्रालयलाई कुनै अधिकार छैन । सर्वोच्च अदालतको निर्णयबाट पनि सो कुरा स्थापित भइसकेको छ ।

(ङ) आयोगले विपक्षीलाई यथार्थ विवरण पेश गर्न अवसर दिएको र निजले विवरण पेश गर्दा आफू पुनर्बहाली हुन पाउने कानूनी आधार पनि देखाउन नसके पश्चात् मात्र आयोगबाट निर्णय भएको हुँदा प्राकृतिक न्यायको सिद्धान्त विपरीत भएको भन्नु समेत आधारहीन कुरा हो ।

(च) कानूनी आधार विना नै गरिएको पुनर्बहालीको निर्णयलाई अनुचित कार्य भनी सच्याउन लगाउने अधिकार आयोगलाई भएको हुनाले आयोगलाई अधिकार नभएको भन्न मिल्ने देखिँदैन । पुनर्बहाली सम्बन्धमा पहिले निर्णय भएको नहुँदा एकपटक कारबाही भइसकेको कुरामा पुनः उजूरी लिई निर्देशन दिएको भन्न मिल्दैन ।

(छ) अनुचित कार्य उपर कारबाही गर्न पठाएपछि त्यसपछिका प्रकृयाहरू पनि स्वतः सक्रिय हुन्छन् । तर पुनर्बहालीले नै कानूनी मान्यता नपाएको स्पष्टसँग देखिएको अवस्थामा आवश्यक कारबाही अगाडि बढाउन लगाउने दायित्व पनि आयोगकै हुँदा अ.दु.अ.आयोग ऐनको दफा १२(क) र (ख) बमोजिम कारबाही गर्न लेखी पठाउने कानूनसम्मत निर्णय अन्यथा हुन सक्दैन । आयोगको निर्णय बदर हुने भनी कुन ऐन कानून अन्तर्गत बदर हुने हो र पुनरावेदकले पुनर्बहाली पाएको सदर हुने ठहऱ्याएको फैसला प्रमाण ऐन, २०३१ को दफा ५४ समेतको विपरीत छ ।

६. **ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. ३ बस्ने वर्ष ४३ की ज्योती प्याकुरेल ....रकम असुल उपर सम्बन्धी मुद्दा ।**

फैसला मिति : २०६३।३।२९

फैसलाको प्रकृतिः-

उल्लेखित विपक्षी पुनरावेदक समाज कल्याण परिषद्को कोषाध्यक्ष पदबाट बर्खास्त भई श्री सर्वोच्च अदालतबाट पुनर्बहाली गर्ने फैसला भएकोमा बर्खास्त र पुनर्बहाली भएको बीचको अवधिको इन्धन र टेलिफोन सुविधा बापत निज विपक्षी पुनरावेदकले रु. ८५,६५३।- भुक्तानी लिएको रकम गैरकानूनी हुँदा निजबाट असुल उपर गर्ने गरी आयोगबाट निर्णय भएकोमा श्री विशेष अदालतमा विपक्षी पुनरावेदकको पुनरावेदन परी उक्त अदालतबाट आयोगको निर्णय बदर हुने ठहऱ्याई फैसला भएको ।

फैसलाका आधारहरूः-

(अ) आयोगले गैरकानूनी रूपमा रकम दिएको लिएको भनी निर्णय गरेको देखिए तापनि के कुन आधारमा गैरकानूनी भएको भनी निर्णयमा उल्लेख गरेको नपाइएको ।

(आ) परिषद्को कार्य सञ्चालन समितिले रकम दिनुपर्ने निर्णय गरेको देखिँदा त्यस्तो सुविधा दिने निर्णयलाई अनुचित कार्य गरेको ठहर नगरी पुनरावेदकले निर्णय बमोजिम पाएको सुविधा बापतको रकमलाई मात्र कानूनसम्मत नभएको ठहऱ्याएको ।

पुनरावेदनका आधारहरूः-

(क) कुनै पनि पदाधिकारीले इन्धन, टेलिफोन आदि बापतको सुविधा आफ्नो पदमा बहाल रहेको अवस्था र अवधिमा पदीय कर्तव्यपालनको सिलसिलामा मात्र प्राप्त गर्न सक्ने हो । पुनरावेदकले पदमा बहाल नरहेको अवस्थामा प्राप्त गरेको उल्लेखित सुविधा बापतको रकम व्यावहारिक दृष्टिमा जायज छैन ।

(ख) पुनरावेदकले पदमा बहाल नरहेको अवधिको इन्धन र टेलिफोन बापत भुक्तानी लिएको रकम समाज कल्याण परिषद् ऐन र नियमावली बमोजिम प्राप्त गर्न मिल्ने भनी उल्लेखित ऐन र नियमावलीमा प्रस्ट व्यवस्था भएको भनी पुनरावेदकले आयोग समक्ष पेश गरेको स्पष्टीकरण र अदालत समक्ष पेश गरेको पुनरावेदन पत्रमा उल्लेख गर्न नसकेबाट व्यावहारिक दृष्टिमा मात्र नभई कानूनी दृष्टिमा समेत भुक्तानी लिएको रकम गैरकानूनी भएको प्रस्ट छ ।

(ग) प्रचलित कानूनले पदमा बहाल नरहेको अवधिको समेत इन्धन र टेलिफोन आदिको सुविधा प्राप्त गर्न सक्ने प्रस्ट कानूनी व्यवस्था नगरेको स्थितिमा कार्य सञ्चालन समितिले त्यस्तो सुविधा दिन मिल्ने कानूनको अभावमा गरेको गैरकानूनी निर्णयको आधारमा पुनरावेदक लाभाविन्त हुन सक्ने होइनन् ।

७. का.जि.का.म.न.पा.वडा नं. २२ पुरानो भन्सार बस्ने दिनेशबहादुर श्रेष्ठ .....
भारत सारेपुर जिल्ला यु.पी.सारेपुर जोहारनगर एफ ३४ मा घर भई का.जि.का.म.न.पा.वडा नं. १६ ठमेलमा डेरा गरी बस्ने ओम प्रकाश मिश्र .....राजस्व चुहावट गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६३।४।१६
फैसलाको प्रकृति

उल्लेखित प्रतिवादीहरू उपर पुनरावेदन अदालत, पाटनमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरूलाई तत्काल प्रचलित भ्र.नि.ऐन, २०१७ को परिच्छेद २ को संशोधित दफा ८ र २९ समेत बमोजिम सजाय हुने मागदाबी लिइएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिने ठहर गरी फैसला भएको ।

फैसलाका आधारहरू:-

(अ) २०३८ सालमा एल.सी. खोलेको विषयमा २०४४ सालमा अभियोग पत्र दायर भएकोले भ्र.नि.ऐन, २०१७ को दफा २४ बमोजिम हदम्याद नघाई मुद्दा दायर हुन आएको देखिएको ।

(आ) उक्त ऐनको २०३९।९।८ मा संशोधन हुँदा दफा २४ (क) थप भएकोमा वारदात कायम हुँदाको बखतको दाबी नभई उक्त संशोधित भ्र.नि.ऐन, २०१७ को दफा ८ को कसूरमा सोही दफा २४(क) को हदम्याद अँगाली दायर भएको कानूनसम्मत देखिन नआएको ।

(इ) मूल कसूर विदेशमा डलरको भुक्तानी भएको भन्ने देखिए पनि विदेशी मुद्रा अपचलन भएको कुरामा तत्काल कायम रहेको विदेशी विनिमय गर्ने ऐन, २०१९ अन्तर्गत सजायको मागदाबी लिएको नदेखिएको ।

(ई) प्रतिवादीले एल.सी. खोली सामान मगाई अन्यत्र विदेशमा बिक्री गरेको र भन्सार र बिक्री कर छलेको भन्ने कुरा समेत अभियोगपत्रबाट प्रमाणित रूपमा पुष्टि नभएको र एल.सी. को शर्त उल्लंघन गरेको भनी वादीले दाबी लिन नसकेको ।

पुनरावेदनका आधारहरू-

(क) प्रतिवादी दिनेशबहादुर श्रेष्ठले मौकामा सामान नेपालमा पैठारी गराउँछौ भनी एल.सी.को नियम बमोजिम नेपाल बैंक लिमिटेडमा कबुलियत गरी फारम भरी एल.सी.खोलेको र सो मालको लागि भनी उक्त बैंकबाट विदेशी मुद्रा भुक्तानी भइसकेकोमा माल भने अहिलेसम्म नेपालमा आएको छैन । यस सम्बन्धमा दश प्रतिशत रकम मेरो र नब्बे प्रतिशत रकम ओमप्रकाश शर्माले लगाएको भनी बयान गरेको र ओमप्रकाशले मौकामा बयान गर्दा दिनेशबहादुर श्रेष्ठलाई आफूले चोथमल जाटियाकहाँ लगी चिनाजानी गराई व्यापारको व्यवस्था मिलाइदिएको, निजहरूको काम सम्पन्न भएकोले आफूले रु. ४०,०००।- कमिसन प्राप्त गरेको भन्ने स्वीकार गरेका छन् ।

(ख) यसैगरी प्रतिवादी दिनेशबहादुर श्रेष्ठले अदालत समक्ष बयान गर्दा ओमप्रकाश शर्मा भन्ने भारतीयले तपाईंको फर्मबाट म विदेशबाट सामान मगाउँछु र फर्म उपयोग गरे बापत दश प्रतिशत हिस्सा दिन्छु भनेको र मेरा नाउँको फर्म एस इन्टरप्राइजेजबाट पटक पटक गरी तीन लाख बीस हजार डलरको एल.सी. खोलेको हो, सो माल हराए नासिएको समेतमा सोधखोज

नगरेको हुँ भनी बयान गरेबाट यी प्रतिवादीहरूले आपसमा मिली विदेशबाट सामान मगाउने शर्तमा विदेशी मुद्रा प्राप्त गरी शर्त बमोजिम सामान नल्याई विदेशी मुद्रा अपचलन गरेको पुष्टि हुन आएको छ ।

(ग) वारदात हुँदाको बखत (२०३८ सालमा) बहाल रहेको भ्र.नि.ऐन, २०१७ मा हदम्याद सम्बन्धी व्यवस्था नभएको कुरामा विवाद छैन । ऐनमा हदम्याद नभएको अवस्थामा प्रतिवादीहरू उपर जहिलेसुकै पनि मुद्दा दायर हुन सक्ने हुन्छ । मिति २०३९।९।८ को संशोधनले मात्र उक्त ऐनमा हदम्यादको व्यवस्था भएको उक्त दफा २४(क) को अधीनमा रही निज उपर २०४४ सालमा अर्थात् सो ऐन संशोधन भएपछि मुद्दा दायर भएको हुँदा हदम्याद सम्बन्धमा अन्यथा असर पार्ने सक्ने अवस्था छैन । त्यसमाथि पनि उक्त संशोधित ऐनको व्यवस्थाले समेत प्रतिवादीहरू उपर जहिलेसुकै पनि मुद्दा दायर हुन सक्ने अवस्था रहेको छ ।

(घ) २०३९।९।८ मा संशोधित हुनुपूर्वको उक्त ऐनमा समेत प्रचलित अन्य नेपाल कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि ऐन वा यस ऐन अन्तर्गत बनेका नियमहरूमा लेखिएकोमा सोही बमोजिम र अरूमा प्रचलित अन्य नेपाल कानून बमोजिम हुनेछ भन्ने उल्लेख भएकोले मुलुकी ऐन, अदालती बन्दोबस्तको ३६ नं. मा भएको व्यवस्था आकर्षित हुने भई सो ऐनमा हदम्याद नलेखिएको कुरामा जहिलेसुकै नालिस लाग्न सक्ने व्यवस्था रहेबाट समेत प्रस्तुत मुद्दा हदम्याद भित्र दायर नभएको भन्न मिल्ने अवस्था छैन ।

(ङ) विदेशी मुद्रा कानूनले तोकेको शर्तका अधीनमा रही खरिद बिक्री गर्न वा प्रयोग गर्न र राख्न पाइने मुद्रा हो । विदेशबाट सामान खरिद गरी ल्याउने प्रयोजनको एल.सी. खोली विदेशी विनिमय मुद्रा भुक्तान भएकोमा विवाद छैन । विदेशी मुद्रा सरकारी सम्पत्ति हो । यसको अपचलन हुनु सरकारी सम्पत्तिकै अपचलन र हानि नोक्सानी मान्नुपर्ने हुन्छ । जुन प्रयोजनको लागि विदेशी मुद्रा भुक्तान गर्न एल.सी. खोलिएको हो सो प्रयोजन विपरीत कार्य गरेपछि कानूनसंगत ढंगले कार्य गर्दा सरकारलाई प्राप्त हुने राजस्व प्राप्त नभएबाट सरकारलाई हानि नोक्सानी भएको हो । अतःएव, प्रतिवादीको गैरकानूनी कार्यबाट सरकारलाई हानि नोक्सानी परेको कुरा तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ८ अन्तर्गतको कसूर भित्र पर्ने कुरा स्पष्ट छ । पुनरावेदन अदालतले सो तर्फ कुनै विचार विवेचना नै नगरी त्रुटिपूर्ण फैसला गरेको छ ।

(च) तत्काल कायम रहेको विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ अन्तर्गतको कसूरको दाबी नलिएको भन्ने आधार प्रस्तुत मुद्दामा आकर्षित हुने होइन । मागदाबी भएको तथ्यमा प्रवेश गरी प्रतिवादीहरूको कसूर ठहर हुने नहुने के हो ? निर्क्योल गर्नुपर्नेमा ठहर गर्नुपर्ने विषयवस्तुहरू भन्दा बाहिर गई भएको फैसला त्रुटिपूर्ण छ ।

(छ) विदेशबाट सामान ल्याउने शर्तमा विदेशी मुद्रा लिई समयभित्र नल्याउनु नै सो कसूर कायम हुन पर्याप्त हुनेमा प्रतिवादीहरूले एल.सी. खोली सामान मगाई अन्यत्र विदेशमा बिक्री गरेको र भन्सार र बिक्री कर छलेको भन्ने कुरा समेत अभियोगपत्रबाट प्रमाणित रूपमा पुष्टि नभएको साथै एल.सी.को शर्त उल्लंघन गरेको भनी वादीले दाबी लिन नसकेको भनी वादी दाबी नपुग्ने

ठहर गर्न बनाएको आधार पनि त्रुटिपूर्ण छ । अदालतले मागदाबीमा सीमित रही इन्साफ गर्नुपर्ने हुन्छ । भुक्तान भएको विदेशी विनिमयबाट शर्त अनुरूप सामान आयात नहुनु नै विदेशमा बिक्री गरेको प्रत्यक्ष प्रमाण हो । आरोप पुष्टि गर्न अर्को प्रमाण आवश्यक छैन । सो तर्फ ध्यान नदिई त्रुटिपूर्ण फैसला गरिएको छ ।

८. जिल्ला पाल्पा, तानसेन नगरपालिका -१२ साविक घर भई हाल जिल्ला रूपन्देही सिद्धार्थ नगर नगरपालिका वडा नं. ८ बस्ने वर्ष ६४ को तारा राज पाण्डे .....गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मितिः २०६३।७।३०

फैसलाको प्रकृति

उल्लेखित प्रतिवादी उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीलाई साविक भ्र.नि.ऐन, २०१७ को दफा १६(क) तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा २२ बमोजिमको कसूरमा साविक भ्र.नि.ऐन, २०१७ को दफा १६(क) तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा २२ बमोजिमको कैद र जरिवाना समेतको सजाय हुन मागदाबी लिई मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीलाई सफाइ दिई आरोपपत्र खारेज गर्ने ठहर गरी फैसला भएको ।

फैसलाको आधार:-

यसै लगाउको प्रतिवादी गोविन्दराज जोशीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचारको कसूर गरेको विषयमा विशेष अदालत, काठमाडौंमा दायर गरेको २०६० सालको स.फौ.नं. ३११ को भ्रष्टाचार मुद्दामा निज गोविन्दराज जोशीले गरेको कसूरमा मतियार भएको भन्ने आरोपमा तारा राज पाण्डेका नाउँमा सम्पति राखी भ्रष्टाचारको कसूर गरेमा यी प्रतिवादीलाई मतियारको सजाय गरी सो सम्पत्ति जफत गरी पाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी उल्लेखित लगाउको स.फौ.नं. ३११ को भ्रष्टाचार मुद्दामा हदम्याद नघाई दायर भएको कारणबाट खारेज भएकोले सोही मुद्दाको मतियारको कसूरमा सजाय गरिपाउँ भन्ने यो आरोप पत्र पनि खारेज हुने गरी फैसला भएको छ ।

पुनरावेदनका आधारहरू

(क) उल्लेखित स.फौ.नं. ३११ को भ्रष्टाचार मुद्दामा भएको खारेजी फैसला उपर सम्मानित अदालतमा आयोगका तर्फबाट मिति २०६३।११।३ मा पुनरावेदन दायर भई सम्मानित अदालतमा २०६३ सालको पु.नं. ४४६ मा दर्ता भइसकेको छ । सो मुद्दामा सोही पुनरावेदनबाट इन्साफ हुने नै छ ।

(ख) प्रस्तुत मुद्दा भ्रष्टाचारको कसूरमा मतियार भएको व्यक्तिले अनुसन्धानमा सहयोग गरेको कारणले अ.दु.अ.आ.ऐन, २०४८ को दफा १९(१५) तथा भ्र.नि.ऐन, २०५९ को दफा ५५ बमोजिम सजायमा पूर्ण छुट दिने, सजायको मागदाबी नगरी उल्लेखित लगाउको स.फौ.नं. ३११ को मुद्दा दायर भएकोमा यी प्रतिवादी तारा राज पाण्डेले अदालतमा बयान गर्दा आयोगमा गरेको बयान प्रतिकूल हुने गरी बयान दिएकाले निज उपर उल्लेखित कानूनकै आधारमा पुनः मुद्दा दायर

गरिएको हो । प्रस्तुत मुद्दा हदम्याद वा अन्य कुनै कुराको आधारमा खारेज हुने प्रकृतिको नभई निजले आयोगमा दिएको बयान विपरीत हुने गरी अदालतमा बयान दिएको हो होइन भन्ने विषयसँग सम्बन्धित हुनाले विवादित विषयको तथ्यमा प्रवेश गरी इन्साफ गर्नुपर्नेमा तथ्यमा प्रवेश नै नगरी कुनै कानूनी आधार प्रमाण बेगर नै खारेज गर्न मिल्ने होइन ।

९. जिल्ला दाङ, सतबरिया गा.वि.स.वडा नं. ६ गोभेना स्थायी घर भई जिल्ला ललितपुर, ललितपुर उपमहानगरपालिका वडा नं. २ सानेपा बस्ने खुमबहादुर खड्का ...
ऐ.ऐ.बस्ने शीला शर्मा (खड्का) ....
ऐ.बस्ने पुनम खड्का ....गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६३।७।२९

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा उल्लेखित मुद्दा प्रतिवादी खुमबहादुर खड्कालाई तत्कालीन भ्र.नि.ऐन, २०१७ को दफा ७(१), १५ तथा दफा १६ (ग) तथा हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा २०(१) को कसूरमा ऐ. दफा २०(२) बमोजिम सजाय हुन तथा निज प्रतिवादी लगायत अन्य प्रतिवादीहरूका नाममा रहेका सम्पत्ति जफत हुन समेतको मागदाबी लिई दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिने गरी फैसला भएको ।

१. यस आयोगबाट प्रतिवादी खुमबहादुर खड्का समेत विरुद्ध मिति २०६०।१।१५ मा विशेष अदालत, काठमाडौंमा दायर गरिएको गैरकानूनी सम्पत्ति आर्जनसम्बन्धी भ्रष्टाचार मुद्दाको आरोपपत्रमा प्रतिवादीले सार्वजनिक पदमा प्रवेश गरेपछि निज सो पदबाट हटे सम्मको अवधिका निजले आफ्नो र आफ्नी पत्नी तथा छोरी समेतका नाममा जोडेको चल अचल सम्पत्ति उल्लेख गरी सो अवधिमा निजलाई प्राप्त भएका वैध आर्जनबाट बचत हुन सक्ने रकम तथा निजको पैत्रिक सम्पत्ति (जग्गाको कृषि आय) बाट प्राप्त हुन सक्ने आय हिसाब गरी तथा सो आयबाट निजले उल्लेख गरे अनुसारको खर्च कट्टा गरी बाँकी रहने बचत रकमबाट आरोपपत्रमा उल्लेख भएका चल अचल सम्पत्ति खरिद गर्न, जोड्न स्रोत पुग्न सक्ने नसक्ने सम्बन्धमा विश्लेषण गरी स्रोत पुष्टि हुन नसकेको सम्पत्तिलाई गैरकानूनी आर्जनको सम्पत्ति मानी कानूनबमोजिम सजाय हुन र सम्पत्ति जफत हुन मागदाबी गरी आरोपपत्र प्रस्तुत गरिएको हो । जस अनुसार अनुसन्धानको समयको मूल्यको आधारमा निजको रु. २,७५,९८,२६४। सम्पत्तिमध्ये रु. ३९,१०,६३९।८१ को सम्पत्ति स्रोत खुलेको र रु. २,३६,८७,६२४।२४ को सम्पत्ति स्रोत नखुलेको ठहर गरी आरोपपत्र पेश भएको हो ।

भ्र.नि.ऐन, २०५९ को दफा २० को प्रयोजनका लागि सम्पत्तिको गणना तथा स्रोत परीक्षण गर्नुपर्दा सार्वजनिक पदमा प्रवेश गर्दा निजसँग रहे भएको सम्पत्तिको यकिन गरी सो सम्पत्ति र तत्पश्चात् निजलाई वैध आय स्रोतबाट प्राप्त भएका आयबाट निजको पारिवारिक तथा अन्य खर्च कटाई बचत हुन सक्ने आयबाट निजका साथमा अनुसन्धान हुँदा देखिएको सम्पत्तिको स्रोत पुष्टि हुन सक्छ वा सक्दैन भनी सम्पत्ति जोड्दाको समय क्रमका हिसाबले विश्लेषण परीक्षण गर्नुपर्नेमा विशेष अदालत, काठमाडौंले प्रतिवादीको सम्पत्तिको स्रोत गणना र परीक्षण गर्दा निम्न प्रकारका त्रुटि गरी प्रतिवादीलाई सफाइ दिने गरी फैसला गरेको हुनाले फैसलामा चित्त नबुझेका कुरा निम्न प्रकरणमा उल्लेख गरी पुनरावेदन जिकिर लिइएको छ ।

(अ) सर्वप्रथम, विशेष अदालतले प्रतिवादीको सम्पत्तिको वैधता परीक्षण गर्दा निजलाई प्राप्त भएका देखिने र प्राप्त हुन सक्ने आयलाई कुन कुन समयमा के कति आय प्राप्त भयो र सम्पत्ति आर्जन गरेको (बैंकमा जम्मा, घर निर्माण, घर जग्गा र अन्य चल सम्पत्ति खरिद र ठूलो अन्य कार्यमा रकम खर्च गरेको) समयमा निजको कति वैध आय बचत भएको हो सो यकिन गरी परीक्षण गर्नुपर्ने थियो । त्यस्तै, आय आर्जनको मिति यकिन हुन नसक्ने आय सम्बन्धमा पनि साल क्रमका आधारले आय रकम निर्धारण गरी आर्जित सम्पत्तिको स्रोत परीक्षण गर्नुपर्ने अवस्था थियो । तर विशेष अदालतले सबै आयलाई एकमुष्ट गणना गरी सबै आर्जित सम्पत्तिलाई तत्कालको मूल्यसँग परीक्षण गरेको छ । यसबाट पहिले सम्पत्ति आर्जन गर्दा स्रोत नै नभएको सम्पत्ति पनि सो भन्दा धेरै पछि प्राप्त भएका भनिएका तथाकथित आयबाट पुष्टि गर्ने कार्य भएको छ । यो गम्भीर त्रुटि हो ।

(आ) प्रतिवादीका साथमा रहेका चल अचल सम्पत्ति र तत् तत् अवधिमा निजले गरेको विशेष खर्च समेत गरी परीक्षण योग्य सम्पत्तिको परिमाण आरोपपत्रमा रु. २,७५,९८,२६४।- भएको मध्ये निजको पैत्रिक सम्पत्ति जग्गाको कृषि आय समेतका विभिन्न स्रोतबाट प्राप्त आयबाट घर खर्च गरी रु. ३९,१०,६३९।- रकम बचत हुन सक्ने ठहर गरी रु. २,३६,८७,६२४।२४ को सम्पत्ति (नगद बाहेक अन्य जग्गा घर, सुनचाँदी हालको मूल्यमा) गैरकानूनी आर्जनको भन्ने दाबी भएकोमा विशेष अदालतले परीक्षण योग्य सम्पत्ति तत्कालको मूल्यमा हिसाब गरी परीक्षण योग्य सम्पत्ति रु. १,५३,२३,७३०।- कायम गरेको र सोको स्रोत रु. १,४०,६४,७६०।- आय ठहर गरी स्रोत पुष्टि हुन नसकेको रु. १२,९८,९७०।- को सम्पत्तिको स्रोत पुष्टि हुन नसकेको ठहर गरे तापनि त्यति रकमको स्रोत पुष्टि नहुनुलाई अमिल्दो र अस्वाभाविक मान्नु नहुने ठहर गरेको छ । विशेष अदालतको यो ठहर त्रुटिपूर्ण छ ।

विशेष अदालतले प्रतिवादीका गणना गर्न नमिल्ने कतिपय आयहरूलाई पनि गणना गरी (यस सम्बन्ध पछिल्ला बुँदाहरूमा पृथक जिकिर लिइएको छ) सम्पूर्ण आयस्रोतबाट प्राप्त रकम गणना गरी सकेपछि र आय भएको थियो कि भनी आशंकासम्म गर्न सकिने कुनै स्रोत नै बाँकी नभएको अवस्थामा पनि यति ठूलो परिमाणको रकमलाई अस्वाभाविक नमान्ने ठहर गरेबाट सम्मानित अदालतको यस फैसलाले गैरकानूनी सम्पत्ति आर्जनको कसूर गर्ने प्रवृत्तिलाई प्रश्रय मिलेको छ । जे जति सम्पत्तिको वैध आयस्रोत पुष्टि हुँदैन त्यति सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको ठहर गर्नुपर्ने हुन्छ । तर भ्र.नि.ऐन, २०५९ को दफा २०(१) को प्रावधान प्रतिकूल त्यति ठूलो परिमाणको रकमको स्रोत पुष्टि नभएकोमा पनि निजलाई सफाइ दिनु त्रुटिपूर्ण छ ।

३. माथिका बुँदाहरूका पुनरावेदन जिकिरमा प्रतिकूल असर नपारी थप निम्न पुनरावेदन जिकिर लिइएको ।

(क) प्रतिवादीले भक्तपुर कटुन्जेको र काठमाडौं सिनामंगलको जग्गा क्रमशः रु. ५१००००।-, रु. ५३४३७५।- र गौरीघाटको जम्मा रु. ४७०००।- मा खरिद गरी रु.३९६८०००।- मा बिक्री गरेको हुँदा जग्गा बिक्रीबाट रु. २८,७६,६२५।- आर्जन गरेको भनी अदालतले सो रकम आयमा गणना गरेको छ । जुन जग्गा बिक्री गर्दा नाफा भएको भनी आयमा गणना गरिएको हो सो जग्गा खरिद गर्ने नै आयस्रोत तत्काल नपुग्ने आरोपपत्रको दाबीतर्फ विचारै नपुऱ्याएको त

छँदैछ (यसबारे अन्य बुदाँमा जिकिर छ) स्वयम् प्रतिवादीले अदालतमा बयान गर्दा (सवाल ९ को जवाफमा) मोहीलाई जग्गा बिक्री गरेको होइन भनी आफैंले आय नमानेको रु. ३,२५,५००।- लाई समेत अदालतले आय मानी गणना गरी गम्भीर त्रुटि गरेको छ ।

(ख) प्रतिवादीको सम्पत्तिको परीक्षण २०४८ पश्चात्को हो । प्रतिवादीले अदालतमा बयान गर्दा समेत २०५९ सालसम्म जम्मा १२ वर्षको कृषि आय दाबी गरेकोमा अदालतले प्रति बिगाहा सरदर रु. २०,०००।- का दरले मोही नलागेको जग्गाको र सोको आधा रकम मोही लागेको जग्गाको कृषि आय हुने ठहर गरी (यस सम्बन्धमा पुनरावेदन जिकिर अन्य बुँदामा छ) त्रुटि त गरेको छँदैछ, त्यसमाथि प्रतिवादीको आयमा गणना नै गर्न नहुने ०४४ देखि ०४७ सालसम्म चार वर्ष थप गरी जम्मा १६ वर्षको कृषि आय गणना गरी आयमा जोडी दिएको छ । यसबाट प्रतिवादीले दाबी नै नगरेको रु. ६,७१,५००।- आयमा गणना गर्नु गम्भीर रूपमा त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादीको परीक्षण गरिने सम्पत्ति आर्जन भएको अन्तिम मिति २०५८।१०।२६ सानेपाको घर जग्गा खरिद गरेको मितिसम्मको सम्पत्तिको वैधता परीक्षण गर्न सो मितिसम्म आर्जित वैध सम्पत्ति मात्र गणना गर्न मिल्दछ तर विशेष अदालतले प्रतिवादीको दाङस्थित घर मावोदावीले क्षति पुऱ्याए बापत मिति २०५९।६।१६ मा प्राप्त गरेको क्षतिपूर्ति बापतको रु. १५,५५,८६१।- लाई पनि सो भन्दा अघिको सम्पत्ति आर्जन र खर्चको स्रोत पुष्टि गर्न गणना गरी गम्भीर त्रुटि गरेको छ ।

(घ) प्रतिवादीले सानेपाको घरजग्गा रु. ६०,००,०००।- मा खरिद गर्न अन्य आय स्रोतको अतिरिक्त (जुन आयस्रोत पनि गणना गर्न नमिल्ने भनी अन्य बुँदामा जिकिर लिइएको छ) अर्जुनकुमार श्रेष्ठबाट रु. १२ लाख र कृष्णप्रसाद रायबाट रु. १५ लाख ऋण लिएको भनी अदालतमा बयान गर्दा सवाल १६ को जवाफमा (बयानको पृष्ठ ५ र ६) स्पष्ट रूपमा दाबी लिएकोलाई अदालतले आय मान्न अस्वीकार गरेको छ । सो दाबी स्वीकारयोग्य आयमा गणना गर्न मिल्ने अवस्था पनि छैन । उक्त घरजग्गा किन्ने सो आय स्रोत रु. २७,००,०००।- स्वीकारयोग्य नभएपछि अदालतले अस्वीकार गरेकै आधारमा पनि सो घर जग्गामा परेको त्यतिसम्म रकम गैरकानूनी आर्जनको ठहर गर्नुपर्नेमा प्रतिवादीले दाबी नै नगरेका (सो सम्पत्ति खरिद गर्ने सम्बन्धमा) अन्य तथाकथित आय गणना गरी गम्भीर त्रुटि गरेको छ ।

(ङ) प्रतिवादीले सांसद र मन्त्री पदमा प्राप्त गरेको आय भनी क्रमशः रु. ८,०५,३०८।०५, रु. १६,२६,००२।५० गरी जम्मा रु. २४,३१,३१०।- निजको आय भनी अदालतले आय गणना गरी दिएको छ । तर प्राप्त विवरणमा उल्लेख भएका उक्त रकम भित्र पि.ए.को तलब, मसलन्द खर्च, टेलिफोनको रकम, इन्धनको रकम, धारा, पानी, बिजुली, भाडा र सर सफाइ बापतको रकम समेत समावेश भएका छन् । उक्त विषयमा प्राप्त भएका रकम तत् विषयमै खर्च हुने रकम भएकोले बचत गरी अन्य सम्पत्ति जोड्न प्रयोग हुने रकम होइनन् । निजको तलब भत्ताको रकम नै निजको बचत हुन नसक्ने अवस्था छ भने (यस सम्बन्धमा अन्य बुँदामा जिकिर छ) निजको आयको रूपमा गणना नै गर्न नमिल्ने रकम करिब रु. १४ लाखभन्दा बढी रकम निजकै आयमा समावेश गरी अदालतले गम्भीर त्रुटि गरेको छ ।

(च) प्रतिवादीले वैदेशिक भ्रमणमा जाँदा प्राप्त गरेको रकमको ५०% खर्च हुने र ५०% बचत हुने भनी आयोगमा बयान (सवाल १०७ को जवाफ पृष्ठ ३८) गरेका छन् । आयोगमा गरेको सो बयानलाई अदालतमा निजले स्वीकार गरेकै छन् (बयानको सवाल ११ को जवाफ पृष्ठ ३) तर विशेष अदालतले निजको ७०% बचत हुने भनी गणना गरी गम्भीर त्रुटि गरेको । प्रतिवादीले दाबी नै नगरेको आय अदालतले जोड्न मिल्दैन ।

(छ) प्रतिवादीकी छोरी र पत्नीका नाममा बैंकमा धेरै रकम जम्मा गरिएको पाइएको छ । (छोरी पुनम खड्काका नाममा ०५२।९।२५ मा रु. ५,००,०००।- मिति ०५५।९।१२ मा रु.. ४,००,०००।- गरी जम्मा रु. ९ लाख र पत्नी शिला खड्काका नाममा मिति ०५३।१२।१ मा रु. १५,००,०००।- र मिति ०५६।९।१२ मा रु. १०,००,०००।- गरी जम्मा रु. २५ लाख समेत गरी जम्मा मूलधन रु. ३४,००,०००।- जम्मा गरिएको) । तत्तत् अवधिमा सो रकम बैंकमा जम्मा गर्ने स्रोत प्रतिवादीसँग नभएको भनी सो रकम र सोमा पाकेको व्याजलाई गैरकानूनी आर्जनको भनी दाबी गरिएको हो र यसमध्ये छोरीका नामको रकम ०५८।१०।३० मा सानेपाको घर जग्गा खरिद गर्न परेको रु. ११,८५,०००।- लाई सो घर जग्गा नै दाबीमा परेकोले पृथक दाबी गर्नु नपरी बाँकी रकम रु. १६६८२।- र पत्नी शिला खड्काको नाममा रहेको रु. ३६,३९,९१२।६३ समेतको जम्मा रु. ३६,५६,५९४।- लाई गैरकानूनी आर्जनको भनी दाबी भएकोमा बैंकमा जम्मा भएको मूलधनको स्रोत समेत पुष्टि गर्न विशेष अदालतले सोही मूलधन समेतको सम्पत्तिको व्याजलाई स्रोत मानी व्याज बापत रु. १४,४१,५९५।- गणना गरी गम्भीर त्रुटि गरेको छ ।

(ज) प्रतिवादीले आयोगमा बयान गर्दा मासिक घर खर्च रु. ११,०००।- लाग्ने भनी बयान गर्नु भएको छ (आयोगमा भएको बयान सवाल ८२ को जवाफ पृष्ठ २९) । उक्त बयानलाई निजले अदालतमा बयान गर्दा अस्वीकार गरेको छैन । अन्यथा भनिएको छैन । घर खर्च नै नहुने वा घटी हुने भन्ने दाबी जिकिर पनि छैन । २०४८ देखि २०५९ आश्विनसम्मको प्रतिवादीको तलब भत्ता आदि बापतको रकम (निजको आयमा समावेश गर्न नमिल्ने रकम कटाएर) ले उक्त मासिक रु. ११,०००।- ले घर खर्च पुग्ने सम्मको स्थिति पनि देखिँदैन । आयोगले यसै कारण निजको तलब भत्ता आदिको रकम घर खर्च र खानपिनमा खर्च हुने मानी बचतमा गणना पनि नगरेको र खर्च पनि हिसाब नगरेको हो । आरोपपत्रबाट यो स्पष्ट हुन्छ । प्रतिवादीको कृषि आयको सबै रकम बचत माने पछि तलब भत्ता बापत प्राप्त रकम घर खर्च बापत कट्टी गर्नुपर्ने रकम कटाएर मात्र बचत निर्धारण गर्नुपर्नेमा विशेष अदालतले खर्च कट्टी नै नगरी सम्पूर्ण रकम बचत मानेको त्रुटिपूर्ण छ । प्रतिवादीको पारिश्रमिकमै गणना गर्न नहुने रकम गणना गरे सम्बन्धमा माथि अन्य बुँदामा नै जिकिर भइसकेको छ ।

(झ) प्रतिवादीसँग भएको सुनचाँदीमध्ये पछि थप भएको देखिएको रु. ३,७५,१३५।- को स्रोत विवेचना गर्दा कृषि आय र विदेश भ्रमणमा जाँदा प्राप्त रकमबाट खरिद गरेको हुन सक्ने आधारमा आयोगले स्रोत पुष्टि भएको ठहर गरेको हो । प्रतिवादीले सबै सुन ससुराली समेतबाट प्राप्त भएको भनी दाबी गरेकोमा बिना आधार प्रमाण अदालतले निजको भनाइलाई

स्वीकार गरेको छ । भ्र.नि.ऐ., २०५९ को दफा २० को कसूर सम्बन्धी मुद्दामा सम्पत्ति वैध स्रोतबाट आर्जन भएको भनी प्रमाणित गर्ने भार प्रतिवादीको हुने कानूनी प्रावधान विपरीत अनुमानको मात्र आधारमा मन्त्री भइसकेपछि घर ससुरालबाट यति ठूला रकमका गहना प्रतिवादीलाई प्राप्त भएका भन्ने हास्यास्पद दाबी स्वीकार गरेको त्रुटिपूर्ण छ ।

(ञ) प्रतिवादीले दाङको सतबरिया वा.नं. ६ गोभ्केनामा २०५४ सालमा घर बनाएको भन्ने कुरा प्रमाणित नभएको भनी सो सम्बन्धी आरोपपत्रको दाबी पुग्न नसक्ने अदालतले ठहर गरेको छ तर सो घर माओवादीले क्षति पुऱ्याउँदा सो घरको क्षतिपूर्ति लिँदा ०५९ सालबाट अगाडि ५ वर्षको ह्रास कट्टा गरी मूल्य कायम गरी निर्धारण भएको क्षतिपूर्ति निजले बुझेको स्थिति छ । अन्यथा २०४९ सालमै बनेको घर हो भने १० वर्षको ह्रास कट्टी भई क्षतिपूर्तिको रकम निर्धारण हुने अवस्था थियो । जुन घरलाई ०५४ सालमा बनेको भनी क्षतिपूर्ति निजले लिएको हो सो को विपरीत ०४९ सालमा बनेको झूट्ठा दाबी गरे पनि निजले फाइदा लिइसकेपछि सोको प्रतिकूल दाबी गर्न मिल्दैन । प्रतिवादी बिबन्धित हुने कुरालाई ध्यानै नदिई आफूले फाइदा गरेको कुरा उल्टाई पुनः फाइदा लिन मिल्ने ढंगबाट अदालतले आरोपित दाबी अस्वीकार गर्नु त्रुटिपूर्ण छ ।

(ट) प्रतिवादीले ०५३ सालमा गाडी रु. २४,५०,०००।- मा खरिद गर्दा निजसँग सो गाडी खरिद गर्ने आय स्रोत नभएको भन्ने दाबी भएकोमा प्रतिवादीले रु. १४,००,०००।- जितेन्द्रलाल श्रेष्ठसँग ऋण लिएको र अझसम्म ऋण चुक्ता नगरेको भन्ने भनाइ रहेको छ । प्रतिवादीले रु. १४,००,०००।- ऋण लिएको भनिएको समयमा छोरीका नाममा बैंकमा रु. ५,००,०००।- रहेको र तत्पश्चात् पटकपटक बैंकमा नगद जम्मा भएको रकम रु. ३६,५६,५९४।- मौज्दात रहेको अवस्था हुँदा उक्त रु. १४ लाख ऋण लिएको भन्ने कुरा र ऋण लिएकै भए पनि तिर्न बाँकी रहेको भन्ने कुरा विश्वसनीय मान्ने आधार छैन । घरायसमा जुनसुकै बेला पनि बनाउन सकिने तमसुकलाई अदालतले ऋण लिएको प्रमाण नमान्ने अदालतकै निर्णय समेतका आधारमा जीतेन्द्रलालसँग रु. १४ लाख ऋण लिएको दाबी स्वीकार गर्नुपर्ने आधार केही छैन । सम्पत्ति न्यायिक जाँचबुझ आयोगमा पेश गरेको विवरणलाई अदालतले भर पर्ने आधार बनाउन मिल्दैन । किनकि सो कुरा निजले पेश गरेको विवरणसम्म हो । आयोगले ठहर गरेको कुरा होइन ।

(ठ) प्रतिवादीको कृषि आयको गणना त्रुटिपूर्ण छ । अन्य कुनै मुद्दामा आयोगले प्रति बिगाह रु. २० हजार आय हुन सक्ने अनुमान गर्नु त्यस मुद्दाको तथ्यसँग सम्बन्धित विषय हो । सोसँग असम्बन्धित यस मुद्दामा पनि सोही कुरालाई मापदण्ड बनाउनुको आधार छैन । आयोगले प्रथम केही वर्ष वार्षिक जम्मा रु. ५० हजार र तत्पश्चात् केही बढी आय हुनसक्ने अनुमान गरी सो आय निजको बचत र अन्य सम्पत्ति आर्जन वा खर्चमा प्रयोग हुन सक्ने ठहर गरेकोलाई अस्वीकार गर्नुपर्ने आधार छैन । प्रतिवादी र निजको परिवारले कृषि कार्य नगरेको अवस्थामा कृषिबाट त्यति ठूलो रकम प्राप्त हुन सक्ने स्थिति छैन ।

(ड) त्यस्तै निजकी छोरी पुनम खड्का भारत मनिपालमा चिकित्साशास्त्र अध्ययन गर्दा लाग्ने खर्च सोही कलेजमा पढ्ने अन्य छात्रालाई (रामाज्ञा चतुर्वेदीको छोरीलाई) लागे सरह लाग्ने हिसाब गरेकोमा विना आधार कारण सोलाई अस्वीकार गरी प्रतिवादीले रु. ४,५०,०००।- लागेको भनी गरेको दाबीलाई स्वीकार गर्नु त्रुटिपूर्ण छ । प्रतिवादीको दाबीको आधार प्रमाण छैन ।

(ढ) प्रतिवादीले भक्तपुर कटुन्जेमा रु. ५,१०,०००।- मा र काठमाडौं सिनामंगलमा रु. ५,३४,३७५।- मा खरिद गरेका जग्गाको स्रोत पुष्टि तत्काल निजलाई प्राप्त आयबाट परीक्षण गर्नुपर्नेमा सो परीक्षण नगरी उपरोक्त भक्तपुर र सिनामंगलको जग्गा बिक्री गर्दा प्राप्त लाभको रकमलाई अन्य सम्पत्ति खरिद गर्ने स्रोत बनाई त्रुटिपूर्ण निर्णय गरेको छ । भक्तपुर कटुन्जे र काठमाडौं सिनामंगलमा जग्गा खरिद गर्न तत्काल निजको वैध स्रोतबाट अपुग हुने तथ्य आरोपमा विवेचना भइसकेको छ । उक्त जग्गा बिक्रीबाट प्राप्त रकम समेत सानेपाको घर जग्गा खरिद गर्दा परेको र सानेपाको घरजग्गा खरिदको सम्पूर्ण रकम नै वैध स्रोत नपुग्ने ठहर गरी दाबी लिइएकोले उक्त जग्गाको पृथक दाबी नगरिएकोसम्म हो ।

(ण) प्रतिवादीले २०४९ सालमा रु. ३ लाखमा बनाएको भनी दाबी गरेको घर विशेषज्ञले गरेको तत्कालको मूल्यांकनको आधारमा रु. १२,५१,३७५।- मा निर्माण हुने देखिएको छ । प्रतिवादीले मन्त्रिपरिषद्मा सम्पत्ति विवरण पेश गर्दा आफूसँग रहेको भनिएको रु. २,००,०००।- सिनामंगलको जग्गा बिक्रीबाट प्राप्त रु. ९४,०००।- र २ वर्षको कृषि आय रु. १ लाख र पारिवारिक सहयोग समेतबाट प्राप्त हुने सम्भावना रहेका अन्य रकम समेतबाट सो घर निर्माण भएको हुन सक्ने मानी स्रोत खुलेको सम्पत्तिमा गणना गरिएको हो । तर विशेष अदालतले ०४९ सालमा बनिएको सो घरको मूल्य रु.३,००,०००।- मात्र गणना गरी आत्मगत मूल्यांकन गरेको छ। सो घर निर्माणको मूल्य रु. ३ लाख मात्र मान्ने कुनै आधार छैन । अदालतको उक्त निर्णय त्रुटिपूर्ण छ ।

(त) प्रतिवादी छोरी र पत्नीका नाममा बैंकमा ठूलो परिमाणमा रकम जम्मा गरेको पाइएको छ । खेतीको रकम दाङको घरमै राख्ने गरेको र माओवादी आतंक बढेपछि काठमाडौं ल्याइएको भन्ने निजको भनाइ छ । तर २०५२, २०५३, २०५५ र २०५६ सालमा पटकपटक छोरी र पत्नीका नाममा बैंकमा रकम जम्मा भएको र जग्गा खरिद भएको देखिँदा निजको दाबी झूठ्ठो देखिन्छ । यस अवस्थामा बैंकमा रहेको रकम र ललितपुरमा रु. २०,९२,०००।- मा खरिद गरेको जग्गालाई गैर कानूनी आर्जनको मान्नु पर्नेमा अदालतले त्रुटिपूर्ण निर्णय गरेको छ ।

१० **पाल्पा जिल्ला, कसेनी गा.वि.स.वडा नं. ७ घरबास भई हाल काठमाडौं जिल्ला गोठाटार गा.वि.स.वडा नं. ८ (काँढाघारी) बस्ने वर्ष ३७ को नेपाल दूरसंचार तालिम केन्द्रमा मुख्य सहायक पदमा कार्यरत विमल भट्टराई..... रकम हिनामिना गरी भ्रष्टाचार गरेको ।**

फैसला मिति : २०६३।९।२०
फैसलाको प्रकृतिः-

उल्लेखित प्रतिवादी उपर निजको कार्य भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ८ (३) अन्तर्गत समेतबाट कसूर देखिन आएको हुनाले निज प्रतिवादी विमलप्रसाद भट्टराईलाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ तथा दफा ८(३) बमोजिम हदैसम्म सजाय गरी निज प्रतिवादीबाट निजले हिनामिना गरी हानि नोक्सानी गरेको बिगो रु. ४,९०,९२३।६२ असुल उपर गरी दूरसञ्चार तालिम केन्द्र, बबरमहललाई दिलाई भराई पाउँ भन्ने अभियोग मागदाबी लिई आरोपपत्र दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीलाई सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:-

(अ) चेक दाबीमा उल्लेख भएकै मितिमा नै निकालेको भन्ने प्रमाणित नहुने,

(आ) प्रतिवादीबाट मात्र सो चेक निकाल्ने काम भएको भनी कुन आधारमा दाबी लिएको हो, सो कुरा नखुल्ने,

(इ) यी प्रतिवादी उपर मात्र सो कसूर गरेको हो भनी आरोप लगाउनु पर्ने आधार र कारण नदेखिने,

(ई) प्रतिवादीले नै चेक काटी रकम झिकी लिए खाएको भनी किटानी गरेको नदेखिने,

(उ) वादीका साक्षीहरूले बकपत्र गर्दा प्र.विमलप्रसाद भट्टराईले रकम लिए खाएको हो भन्न लेखाउन नसकेको,

(ऊ) अनुमानको भरमा लिएको दाबी पेश भएको प्रमाणबाट समर्थित भएको नदेखिएको ।

पुनरावेदनका आधारहरू:-

(क) तत्कालीन दूरसञ्चार तालिम केन्द्रका नाउँमा हिमालय बैंक, पुल्चोक शाखामा रहेको चल्ती खाता नं. ०४३०८० "ए" को चेक नं. ३६३८३३ बाट मिति २०५९।९।२२ का दिन रु. ४९०९२३।६२ रकम झिकिएको भन्नेमा कुनै विवाद रहेको पाइँदैन । प्रतिवादीमध्येको विमल भट्टराईले चेक काट्ने, सुरक्षित राख्ने जिम्मेवारी पाएकोमा पनि विवाद छैन । तर सो चेकबाट उल्लेखित मितिमा रकम झिक्ने काम यो यति कारणबाट भएको होइन भन्ने फैसलामा उल्लेख नै नगरी भएको फैसला त्रुटिपूर्ण हुन पुगेको छ ।

(ख) प्रतिवादी विमल भट्टराईलाई लेखाको काम लगाइएको भन्ने विषयमा विवाद नभएको र निजले विवादित चेकभन्दा अगाडि पछाडि नम्बरका दुवै चेकहरू लेखेकोमा अस्वीकार नगरेको अवस्थामा निजले सुरक्षित राखेको ठाउँबाट कसरी चेक हराउन गयो भन्ने उल्लेख गर्न नसकेबाटै निजभन्दा पृथक अन्य व्यक्तिले चेक काटी रकम निकाले भनी अनुमान गर्न सकिने अवस्था नै छैन । निजको गलत मनसाय प्रस्टिएको छ ।

(ग) प्रतिवादीले लेखाको काम गर्दा जिम्मा लिएको मध्येबाट चेक काटी रकम झिकिएको अवस्थामा अन्य व्यक्तिबाट यो अवस्थामा परी चेकबाट रकम झिकिएको भन्ने कुरा विपक्षीले खुलाउन नसक्नुबाट प्रतिवादी नै कसूरजन्य कार्यको लागि जिम्मेवार रहेको प्रस्ट छ ।

(घ) वादीका साक्षी रमेशकुमार श्रेष्ठ समेतले उक्त चेक काट्ने, भौचर उठाउने र रकम झिक्ने झिकाउने काम निज विमलकुमार भट्टराईले गरेको हो भन्ने स्पष्टसँग आयोगमा बयान गरी अदालतमा बकपत्र समेत गरिसकेको अवस्थामा सो व्यहोरालाई ध्यानै नदिई गलत तर्क गरी फैसला भएको छ ।

(ङ) चेक जिम्मा लिने र चेक काट्नेको संरक्षणबाट चेक हराएकोले मौकामा अघिल्लो पछिल्लो चेक काट्दा नै निज प्रतिवादी विमल भट्टराईले जानकारी पाइसकेको हुँदा सो कुरा निजले तत्काल नभनेबाट निजको बदनीयत प्रस्ट छ । साथै साक्षी प्रमाणबाट समेत निजको संलग्नतामा चेकबाट रकम झिकिएको भन्ने प्रमाणित भएकोले दाबी पुष्टयाइँ हुने प्रशस्तै आधारहरूको समुचित मूल्यांकन हुन सकेको छैन ।

११. **काठमाडौं जिल्ला डिल्लीबजार धोबीधारा घर भई हाल काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही वस्ने वर्ष ५७ को पूर्व प्रहरी महानिरीक्षक अच्यूतकृष्ण खरेल .....**
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं ४ धुम्बाराही बस्ने वर्ष ४७ की मिना खरेल.
काठमाडौं जिल्ला काठमाडौं महानगरपालिका वडा नं. ४ धुम्बाराही बस्ने वर्ष २५ को आयुष खरेल ..... गैरकानुनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६३।११।२४

फैसलाको प्रकृतिः-

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरूलाई साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा साविक भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ३,७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद र जरिवाना समेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई आरोपपत्र खारेज गर्ने ठहर गरी फैसला भएको ।

१. प्रतिवादी अच्यूतकृष्ण खरेलले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेतको कसूरमा निजलाई सजाय गरी निज र निजका परिवारका नाममा राखिएको रु. १,६३,३६,१३०।४४ बराबरको सम्पत्ति जफत गरी पाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी मूलतः निम्न कानूनी प्रश्नमा सीमित रही आरोपपत्र खारेज हुने ठहर गरेको :-

(क) प्रतिवादी राष्ट्रसेवकको पदमा रहँदाको अवस्थामा तत्काल प्रचलित कानूनले अनिवार्य गरेको अन्य कुनै एक भ्रष्टाचारको आरोप लागेको पूर्वावस्था नभएको अवस्थामा पनि सोही कसूरमा राष्ट्रसेवकको पदबाट हटिसकेपछि लागू भएको ऐनको दफा २०(१) बमोजिम साविकको ऐनले अनिवार्य गरेको पूर्वावस्था नभए पनि निज उपर मुद्दा दायर हुन सक्छ भन्दा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौजदारी न्याय सम्बन्धी हकको प्रतिकूल हुन जाने देखिन्छ । त्यस कारण प्रतिवादी राष्ट्रसेवक पदमा बहाल रहँदा लागू रहेको भ्र.नि.ऐन, २०१७ को दफा १५ ले अनिवार्य गरेको पूर्वावस्थाको अभियोग लागेको भन्ने आरोपपत्रबाट नदेखिएको अवस्थामा सोही दफा १५ र त्यसलाई निरन्तरता दिएको हालको भ्रष्टाचार निवारण

ऐन, २०५९ को दफा २०(१) को कसूरमा सजाय गरिपाउँ भन्ने प्रस्तुत आरोपपत्रलाई कानून बमोजिमको मान्न सकिएन ।

(ख) मिति २०५९।४।३० मा संशोधन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ मा हदम्यादको उल्लेख नै नभएकोले संशोधन हुँदाको समयमा राष्ट्रसेवक नरहेका प्रतिवादी अच्यूतकृष्ण खरेलको हकमा उक्त संशोधनभन्दा पूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशमा भएको एक वर्ष भित्र मुद्दा चलाई सक्नुपर्ने भन्ने कानूनी व्यवस्था नै आकृष्ट हुने देखिँदा कानूनले निर्दिष्ट गरेको हदम्याद समेत नघाई दायर भएको आरोपपत्र खारेज हुने ।

२. **विशेष अदालतले आरोपपत्र खारेज गर्ने फैसलामा गरेको उक्त व्याख्या निम्न आधारमा त्रुटिपूर्ण छन्:-**

(क) आरोपपत्र कानून बमोजिमको नभएको भन्ने सम्बन्धमा:-

(१) राष्ट्रसेवकसँग निजको वैध आय स्रोतसँग अमिल्दो सम्पत्ति हुनु समेतको सावित भ्र.नि.ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको भन्ने कुरामा विशेष अदालत स्पष्ट छ । फैसलामा समेत सो कुरा उल्लेख गरिएको छ । त्यतिसम्म व्याख्या आयोगको धारणा अनुकूल छ । सावितको ऐनको व्यवस्थामा दफा १५ मा उल्लेखित कसूरको आरोप लगाउनको लागि भ्रष्टाचारजन्य कसूर मानिने अन्य कुनै कसूरको आरोप लगाउनु आवश्यक थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनु पर्ने आवश्यकता राखेको छैन । यत्तिमात्र अन्तर रहेको छ ।

(२) विशेष अदालतले सावित भ्रष्टाचार निवारण ऐनको दफा १५ को अनुमानित कसूरलाई नै वर्तमान भ्रष्टाचार निवारण ऐनको दफा २०(१) ले निरन्तरता दिएको कानूनी तथ्यलाई स्वीकार गरेको भए पनि सावितको र वर्तमान ऐनका उक्त प्रावधानमा "अनुमानित कसूर कायम हुन सक्ने अवस्थामा भने फरक रहेको" भन्ने निष्कर्ष निकालेको छ जुन निष्कर्ष सही होइन । सावित ऐनको दफा १५ ले परिभाषित गरेको "आम्दानीको स्रोतको अनुपातमा नमिल्दो आर्थिक साधन अनुमानित कसूर "राष्ट्र सेवकसँग निजको सम्पत्ति हुनु हो र वर्तमान ऐनको दफा २०(१) ले परिभाषित गरेको कसूर पनि सोही बमोजिम सार्वजनिक पद धारण गरेको व्यक्तिसँग अमिल्दो र अस्वाभाविक सम्पत्ति पाइनु रहेको छ । त्यस्तै सावित ऐनको दफा १५ को अनुमानित कसूरमा "वा वर्तमान ऐनको दफा २०(१) अन्तर्गतको सम्पत्ति गैरकानूनी रूपमा आर्जन गरेको" कसूर कायम हुन सक्ने अवस्था पनि फरक छैनन् । सावित ऐनले त्यस्तो अमिल्दो सम्पत्ति रहे भएको पाइएको अवस्थामा अभियुक्तले सन्तोषजनक रूपमा सो सम्पत्तिको स्रोत प्रमाणित गर्नुपर्ने सो गर्न नसकेमा कसूर कायम हुने र गैरकानूनी रूपमा रिसवत लिएको मानी सजाय गरिने व्यवस्था रहेको थियो भने वर्तमान ऐनमा पनि त्यस्तो सम्पत्ति के कस्तो श्रोतबाट आर्जन गरेको हो सो कुरा प्रमाणीत गर्न नसके कसूर कायम हुने र दफा २०(२) वमोजिम सजाय हुने अवस्था छ । सावित तथा वर्तमान दुवै ऐनमा आरोप लगाइएको व्यक्तिले नै त्यस्तो सम्पत्तिको

आर्थिक हैसितको वैध श्रोत प्रमाणीत गर्नुपर्ने कानुनी प्रावधान रहेको स्पष्ट छ । अतएवं, कसूर कायम हुने अवस्था फरक रहेको भनी गरेको विशेष अदालतको निष्कर्ष त्रुटीपूर्ण छ ।

(३) साविक ऐनको दफा १५ मा २ प्रकारका कसूरको उल्लेख भएको छ । वैध आय स्रोतसँग अमिल्दो सम्पत्ति हुनु गैरकानूनी रूपमा रिसवत लिएको मानिने कसूर र उक्त कसूरमा सजायको दाबी गर्न पूर्वावस्थाको रूपमा रहेको अन्य कुनै एक भ्रष्टाचारजन्य कसूर । उपरोक्त कसूरहरू एउटै प्रकृतिका कसूर होइनन् । आपसमा परिपूरक वा सम्पूरक भूमिका भएका कसूर पनि होइनन् । यी छुट्टा छुट्टै प्रकृतिका पृथक पृथक कसूर हुन् । यी कसूर बापत हुने सजाय पनि पृथक छन् । कसूर प्रमाणित गर्ने आधार प्रमाण पनि स्वतन्त्र र पृथक छन् । यी स्वतन्त्र कसूर हुन्, दुवै कसूर स्वतन्त्र रूपले प्रमाणित हुन वा नहुन सक्दछन् । ऐनको बनौटले सो स्पष्ट पारेको छ ।

(४) साविक ऐनको दफा १५ ले "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा कसूरको आरोप लगाई सजायको मागदाबी गर्नका लागि सम्म भ्रष्टाचारजन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने रहेको कारणबाट कसूरको अन्तर्वस्तु, कसूरको तत्व र कसूरको प्रकृतिमा फरक पार्ने अवस्था छैन । सजायको मागदाबी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे वा नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने भनी व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन । कुनै कार्य प्रचलित कानूनले सजाय हुने कसूर हो वा होइन भन्ने कुरा र कुनै कसूरमा सजायको दाबी गर्न कुन कुन पूर्वावस्था पूरा गर्नु वा हुनु पर्दछ भन्ने कुरा अलग विषय हुन् । अतःएव, साविक ऐन बहाल रहँदा पूर्वावस्थाको रूपमा आवश्यक पर्ने अर्को कुनै आरोप नरहँदैमा "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरिने कसूरलाई नै तत्काल प्रचलित कानूनले सजाय भागी नबनाएको मानिने अर्थ गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौजदारी न्याय सम्बन्धी हकको प्रस्तुत मुद्दाको प्रसंगमा विशेष अदालतले गलत व्याख्या गरेको छ । वास्तवमा यस प्रसंगमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) आकृष्ट हुने अवस्था नै छैन ।

(ख) मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमाः-

(१) प्रतिवादी २०५९।२।८ मा राष्ट्रसेवकको पदबाट हटिसकेपछि निज उपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा साविककै व्यवस्थाले १ वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने व्यवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ ।

(२) फौजदारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन । दायर भएको रहेछ भने हदम्याद भित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ । यो सैद्धान्तिक विषयमा विवाद

गर्नुपर्ने अवस्था छैन । तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्याद सम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ ।

(३) अन्य फौजदारी कानूनमा जस्तो साविक र वर्तमान भ्र.नि.ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधिभित्र मुद्दा दायर गरिसक्नुपर्छ भनी हदम्याद किटान गरेका छैनन् । साविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनु पूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सीमासम्म हो । साविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरिसक्नुपर्ने बाध्यता थियो । तर भ्र.नि.ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा दोस्रो संशोधन भएपछि सो समय-सीमा हटिसकेको छ । यस अवस्थामा कानूनले हदम्यादको समय-सीमा हटाइसकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहिँ पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानूनसंगत छैन, त्रुटिपूर्ण छ ।

(४) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजायसम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मुक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधनपश्चात् पनि आयोगको अधिकारलाई सीमाबद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानूनसम्मत हुँदैन ।

(५) राष्ट्र सेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरिसक्नुपर्ने २०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनतः त्रुटिपूर्ण हुन्छ ।

१२. का.म.न.पा.वडा नं. ११ त्रिपुरेश्वरस्थित राष्ट्रिय खेलकुद परिषद, काठमाडौं जिल्ला खेलकुद विकास समितिका सहायक टेबुल टेनिस प्रशिक्षक पदमा कार्यरत धर्ममान बज्राचार्य ..... सेवाबाट हटाउने निर्णय बदर गरी पुनर्बहाली गरिपाउँ भन्ने मुद्दा ।

फैसला मितिः २०६३।११।२५

फैसलाको प्रकृति र आधार :-

आयोगमा परेको उजूरीका आधारमा भएको अनुसन्धानबाट राष्ट्रिय खेलकुद् परिषद्का तत्कालीन टेबुल टेनिस सहायक प्रशिक्षक धर्ममान बज्राचार्यले आफू कार्यरत रहेको संस्थाको लागि अत्यधिक बढी मूल्यमा आफ्नै स्वामित्वको सलिना इन्टरप्राइजेजबाट खेलकुद् सामग्री खरिद गरी गराई रा.खे.कु.

परिषद्लाई हानि नोक्सानी र आफूलाई गैरकानूनी लाभ प्राप्त गर्ने कार्य गरी अनुचित कार्य गरेको ठहर गरी निजलाई परिषद्को सेवाबाट हटाउने र निजको सो कार्यबाट संस्थालाई पर्न गएको हानि नोक्सानी रु. १,७२,०००।- र सोको व्याजसमेत गरी रु. २,३६,६७३।- असुल उपर गर्न लेखी पठाउने गरी आयोगले मिति २०६२।१।१५ मा गरेको निर्णय उपर विपक्षीले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ३५ ग बमोजिम भनी विशेष अदालत, काठमाडौंमा आयोगको सो निर्णय विरुद्ध पुनरावेदन गरेकामा उक्त अदालतले आयोगको उक्त निर्णय बदर गर्ने गरी फैसला गरेको ।

फैसलाको आधार

पुनरावेदकलाई विभागीय कारबाही गर्न र संस्थालाई परेको हानि नोक्सानी असुल उपर गर्न लेखी पठाउन सक्ने ऐनको दफा १२(१) मा व्यवस्था भए तापनि सजाय नै किटान गरी लेखी पठाउने गरी गरेको निर्णय कानूनसम्मत नभएको हुनाले बदर हुने ।

पुनरावेदनका आधारहरू:-

(क) आयोगमा परेको उजूरीको आधारमा आयोगले गरेको अनुसन्धानबाट अनुचित कार्य गरेको देखिए विभागीय कारबाहीको साथै संस्थालाई हानि नोक्सानी पुगेको भए सो नोक्सानी परेको बिगो असुल उपर गर्न लेखी पठाउने व्यवस्था अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ तथा १२ क मा रहेको छ ।

(ख) उपरोक्त व्यवस्था अनुरूप आयोगले लेखी पठाएपछि सेवा सम्बन्धी कानून बमोजिम विभागीय कारबाही गर्ने तथा संस्थालाई भएको नोक्सानी असुल उपर गर्ने कारबाही गर्ने कार्य सम्बन्धित अख्तियारवाला तथा निकायको क्षेत्राधिकार भित्रको विषय हो । आयोगले निर्णय गरेकै आधारमा कार्यान्वित हुने विषय होइन । सम्बन्धित अख्तियारवाला तथा निकायले कानूनी प्रक्रिया पूरा गरी आदेश निर्णय गरेपछि मात्र कार्यान्वित हुन सक्छ । त्यस्ता निकाय वा अधिकारीको आदेश उपर पुनरावेदन लाग्ने कानूनी व्यवस्था भए पुनरावेदनको रोहबाट र पुनरावेदन लाग्ने व्यवस्था नभए रिट क्षेत्रबाट न्याय निरोपण गरिने संवैधानिक तथा कानूनी व्यवस्था रहेकोमा ऐनको दफा ३५ग बमोजिम आयोगको निर्णयलाई नै अन्तिम निर्णय वा आदेश मानी पुनरावेदकीय क्षेत्राधिकार ग्रहण गरी फैसला गरेको विशेष अदालत, काठमाडौंको फैसला क्षेत्राधिकार विहीन भई अ.बं. ३५ ले बदर भागी छ ।

(ग) आयोगले गरेको निर्णय वा आदेश उपर पुनरावेदन गर्न सकिने व्यवस्था दफा ३५ग मा रहेको भए तापनि सो व्यवस्था आयोगले गरेको अन्तिम आदेश वा निर्णय विरुद्ध मात्र पुनरावेदन लाग्ने व्यवस्था हो । तर प्रस्तुत मुद्दामा आयोगले निर्णय गरी लेखी पठाएको विषयमा अन्य अधिकारी वा निकायले निर्णय गरेपछि मात्र कार्यान्वित हुने विषय हुँदा सम्बन्धित निकाय वा अख्तियारवालाको पुनरावेदन सुन्ने अधिकार नै निष्क्रिय हुने गरी आयोगको निर्णयलाई नै अन्तिम निर्णय वा आदेश ठानी पुनरावेदन ग्रहण गर्नु कानूनतः त्रुटिपूर्ण कार्य हो । पुनरावेदकले आयोगको निर्णय विरुद्ध विशेष अदालतमा पुनरावेदन गरेको गैरकानूनी हुनका साथै अनधिकृत निकायमा गरेको न्याय याचना हुँदा सो पुनरावेदनबाट विशेष अदालतले कारबाही नै गर्न नहुनेमा कानून विपरीत कारबाही गरी फैसला गरेकोले अधिकार क्षेत्र विहीन पुनरावेदकीय

क्षेत्राधिकार ग्रहण गरी गरेको फैसला हुँदा सो फैसला मुलुकी ऐन अ.बं. ३५ नं. का आधारमा बदरभागी छ ।

(घ) यसका अतिरिक्त आयोगले गरेको निर्णयमा निज विपक्षीलाई परिषद्को सेवाबाट हटाउने र परिषद्लाई हानि नोक्सानी पुगेको रकम असुल उपर गर्न लेखी पठाउने भनी निर्णय भएको र सो उपर पुनरावेदन परेकोमा विभागीय कारबाही गर्ने निर्णय सजाय किटान गरी लेखी पठाएको हुँदा कानूनसम्मत नभएको भन्ने आधारमा सो हदसम्म बदर हुने भनी भनिएको भए तापनि संस्थालाई पुगेको हानि नोक्सानी असुल गर्न गरिएको निर्णय यो यस कारणले बदर हुने भनी आधार कारण नखुलाई बदर हुने भनी गरिएको फैसला अ.बं. १८५ नं. तथा न्यायिक मन प्रयोग नगरी गरिएको आधार कारण विहीन हुनाले सो आधारमा समेत फैसला बदरभागी छ ।

१३. **गुल्मी जिल्ला अर्जे गा.वि.स. वडा नं. २ घर भई हाल का.म.न.पा.वडा नं. ३४ बुद्धनगर डेरा गरी बस्ने श्रम तथा रोजगार प्रवर्द्धन विभागको शाखा अधिकृत (अनुसन्धान अधिकृत) गणेश अर्याल.....**
ऐ.ऐ.बस्ने श्रीमती भागिरथी भण्डारी अर्याल .....
बागलुङ ग्वालीचौर २ घर भई बालाजु वनस्थली डेरा गरी बस्ने श्रीमती गोमा अर्याल (खरेल) .....
रूपन्देही कहरिया वडा नं. ७ घर भई हाल का.म.न.पा.१६ बालाजु बस्ने नारायण कार्की .....पदीय अधिकारको दुरुपयोग गरी गैरकानुनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मितिः २०६३।१०।२३

फैसलाको प्रकृति र आधारः-

उपरोक्त प्रतिवादीसँगको उपरोक्त मुद्दामा प्रतिवादी गणेश अर्याललाई साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(१), १५ र २९ तथा प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा १६(२) एवं २०(२) वमोजिम सजाय गरी गैरकानूनी आर्जनको सम्पत्ति जफत गरीपाउँन समेतको मागदावी लिइएकोमा विशेष अदालत, काठमाडौंबाट निज प्रतिवादी समेतलाई सफाई दिई फैसला भएको ।

फैसलाका आधारहरूः-

(अ) सबै अशिंयारको नाममा रहेको सम्पत्तिलाई जाँच अवधिमा खरिद बिक्रीको व्यवहारलाई अनुसन्धानको दायरामा राखेबाट प्रतिवादी सगोल परिवारमा रहेको कुरालाई आयोगले मानेको देखिन्छ ।

(आ) नारायण कार्कीको नाममा हस्तान्तरण भएको घरजग्गा सम्पत्ति लुकाउने प्रयोजनको लागि स्वामित्व हस्तान्तरण गरेको विश्वसनीय आधार र कारण र प्रमाणबाट पुष्टि हुनुपर्नेमा अनुमानसम्म गरिएको र अनुमान पनि कुन आधारमा गरिएको भन्ने उल्लेख नभएकोले उक्त जग्गा लुकाउने प्रयोजनले हस्तान्तरण गरेको भन्न मिलेन ।

(इ) गोमा अर्यालको ब.हि.नं. १७८४४ खातामा जम्मा भई झिकिएको मौज्दात रकमसमेत इच्छाएको व्यक्तिका नाम उल्लेख गर्दैमा उक्त रकम प्रतिवादीको भन्न नमिल्ने ।

(ई) भारतीय सैनिक प्रहरीमा काम गर्ने दाजु डिलराम अर्याल र रेडक्रस सोसाइटी गुल्मीमा समेत काम गर्ने भाउजू सरस्वती अर्यालसमेतको आयलाई निजको आयमा समावेश गर्नुपर्ने ।

(उ) प्रतिवादीले विवाहमा दाइजो प्राप्त हुन सक्ने १,५०,०००।- सम्मको रकमलाई आयमा समावेश गर्ने ।

(ऊ) निजको कुल सम्पत्ति जोडेको र खर्च गरेको रकम र निजको परिवारबाट आर्जन भएको स्रोत पुष्टि भएको रकमभन्दा बढीको रकम ५% भन्दा कम रहेको ।

(ए) आय र व्ययबीचको अन्तर स्वाभाविक रहेको र यो सामान्य अन्तरले ऐनले व्यवस्था गरेको अमिल्दो र अस्वाभाविक उच्च जीवनस्तर यापन गरेको कुरा यतिकै आधारमा नदेखिएको ।

<u>पुनरावेदनका आधारहरू:-</u>

(क) प्रतिवादीले आयोगसमेतमा बयान गर्दा गुल्मीको पैतृक जग्गा बिक्रीसमेतबाट आफूले रकम प्राप्त गरेको भनी आयमा उल्लेख गरेकोले निजको के कतिको पैतृक जग्गा बिक्री भएको छ भनी अनुसन्धानको क्रममा हेरिएको सम्म हो । प्रतिवादीका ३ वटा दाजुभाइमा जेठो बुटवलमा माइलो पहाड गुल्मी र कान्छो यी प्रतिवादी काठमाडौंमा रहेको कुरा निजका बाबु देवीराम आर्यालको माइलो छोरा उमाकान्त अर्याल र बुहारी आफैंसँग गुल्मीमा रहेको भन्ने बयान गरेबाट प्रतिवादीका दाजुभाइहरू बेग्लाबेग्लै ३ ठाउँमा बसी आ-आफ्नो खतिउपती गर्दै आएको पुष्टि हुन्छ । एकासंगोलमा रहँदैमा विभिन्न ठाउँमा आ-आफ्नो खतिउपती गर्दै आएको अवस्थामा एउटा भाइले जोडेको सम्पत्तिमा अर्को भाइको रकम परेको भनी अनुमान गर्न र भन्न मिल्दैन ।

(ख) प्रतिवादीका जेठा दाजु भारतीय सैनिक प्रहरीमा काम गरेकोमा निजको आर्जनले रूपन्देही आनन्दवन ५(क) कि.नं. २७७ र २७८ को ०-४-० कट्ठा जग्गा ऐ. ०५५।९।२६ मा खरिद गरी २०५६ मा घरसमेत निर्माण भएको छ । सोही घरजग्गामा निज डिलरामका परिवारहरू बसोबास गर्दै आएका छन् । निजका बाबुले गुल्मीका विभिन्न जग्गाहरू मिति २०४४।१।१६ देखि ०५५।८।२७ सम्ममा रु. १,७८,५००।- र मणिराम अर्यालसमेतको संयुक्त जग्गा ०५३।२।२ मा रु. १,००,०००।- मा बिक्री गर्नुभएको सो मध्ये आधा रकमसम्म निजलाई प्राप्त हुन सक्ने हुँदा ०५५।८।२७ सम्ममा निजका बाबुलाई रु. २,२८,५००।- प्राप्त भएको र ०५५।१२।६ मा रु. १२,०००।- समेत गरी जम्मा रु. २,४०,५००।- प्राप्त भएको देखिन्छ ।
प्रतिवादी गणेश अर्याललले बालाजु ९(ख) कि.नं. ९९१ को ०-१५-०१ जग्गा खरिद गर्नु अघि नै उक्त जग्गा खरिद भई घरसमेत निर्माण भएकोले उक्त जग्गामा प्रतिवादीको आय आर्जनको रकम प्रयोग नभई बाबुको जग्गा बिक्रीको रकम र निज डिलराम अर्यालसमेतका आय आर्जनबाट भएको स्पष्ट छ । आरोपपत्रले दाजु भाउजूसमेतको आयले सो घर निर्माण भएको भनी उक्त घर जग्गालाई स्रोत खुलेको सम्पत्तिको रूपमा लिएको छ । दाजुको नामको घर र जागिरे भाउजूको नाममा रहेको बैंक मौज्दात रकमलाई सोही आधार र कारण खुलाई स्रोत खुलेको सम्पत्ति उल्लेख गरेको आधारमा दाजु भाउजूले कमाएको सम्पत्ति भाइ तथा बुहारीका नाममा रहेको अन्य सम्पत्तिमा प्रयोग भएको भनी अर्थ लगाउन नमिल्नेमा दाजु भाउजूको आयसमेतलाई निज प्रतिवादीको आयमा गणना गर्ने गरी भएको विशेष अदालतको फैसला त्रुटिपूर्ण छ ।

(ग) प्रतिवादी गणेश अर्यालका नाममा का.म.न.पा. १६ बालाजु ५(ख) कि.नं. ९९१ क्षेत्रफल ०-१५-०१ जग्गा ०५७।५।२८ मा खरिद भएको र सो जग्गामा ०५८।४।२५ मा नक्सा पास गरी २$^{१}/_{२}$ तले घर निर्माण भएको छ । सो घर भएको जग्गा ०५८।५।२५ मा नारायण कार्कीको नाममा राजीनामा पास भएको देखिन्छ । नारायण कार्की विदेशमा मानिस पठाउने म्यान पावर कम्पनीमा कार्यरत व्यक्ति हुन् । प्रतिवादी श्रम तथा रोजगार प्रवर्द्धन विभागका शाखा अधिकृत भएको हुँदा यिनसँग सम्बध देखिएको छ । नारायण कार्कीको २४९० नं. मोटर साइकलको ब्लु बुक समेत यी प्रतिवादीकै डेराबाट बरामद हुनु र विभिन्न म्यान पावरसम्बन्धी कागजातसमेत यी प्रतिवादीको घरबाट बरामद भएबाट यी प्रतिवादी नारायण कार्की र गणेश अर्यालको घनिष्ट सम्बन्ध रहेको र सोही सम्बन्धको कारणले निजले आफ्नो नामको घर नारायण कार्कीको नाममा हस्तान्तरण गरेकोसम्म हो । नारायण कार्कीलाई हस्तान्तरण गरेको ०५८।५।२५ को मालपोत कार्यालय, डिल्लीबजारबाट पारित लिखतमा घर उल्लेख नगरी मोटर बाटो भएकोमा नभएको जनाई हस्तान्तरण गरेको र त्यसको केही पछि घरसारको कागजबाट घरसमेत भनी उल्लेख गरेबाट प्रतिवादीहरूले बदनीयतपूर्वक आफ्नो नामको घर जग्गा अर्कोको नाममा (नारायण कार्की) राखी हस्तान्तरण गरी सम्पत्ति लुकाउने छिपाउने र दबाउने कार्य गरेको स्पष्ट हुँदाहुँदै केवल डेराबाट कागजात बरामद भएको भन्ने आधारमा कसूरदार मान्न नमिल्ने भनी प्रतिवादीलाई सफाइ दिने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

(घ) गोमा खरेलका नाममा रा.वा.बैंक, थापाथली शाखामा ०५५।८।२३ देखि ब.हि.नं. ११८७९ को खाता खोली ०५४।४।३१ देखि ०५६।८।१३ सम्ममा रु. ५,९६,०००।- जम्मा समेत भएको छ । उक्त खातामा निजले आफ्ना देवरलाई इच्छाएको व्यक्तिको रूपमा उल्लेख गरेकी छन् । उक्त खाता खोली कारोबार सञ्चालन गरिसकेपछि पुनः रा.वा.बैंक, बानेश्वरमा मिति ०५६।१०।१६ मा खाता खोली ०५७।४।१६ मा रकम जम्मा गरिएको छ । उक्त खातामा इच्छाएको व्यक्तिमा दाजु गणेश अर्यालको नाम उल्लेख गरिएको छ । यसबाट एक बैंकमा खाता हुँदाहुँदै अर्को बैंकमा दाजुलाई इच्छाएको व्यक्तिको रूपमा देखाई खाता खोली रकम जम्मा गर्नुको औचित्य देखिँदैन । एकै समयमा गोमा खरेलको रा.वा.बैंक थापाथली तथा नयाँ बानेश्वरमा कारोबार बराबर भइरहेको र रा.वा.बैंक बानेश्वरमा अक्सर दाजु गणेश अर्यालले रकम जम्मा गरिदिने गरेको कुरा गोमा खरेलले स्वीकार गरेको, थापाथली बैंकबाट क्यास निकालेको रकम निजको घरमा प्रयोग भएको स्पष्ट भई नयाँ बानेश्वर शाखाको रकम प्रतिवादी गणेश अर्यालको भएको पुष्टि हुन्छ । दुवै खाताहरू एउटै वर्षमा बारबार प्रयोग भइरहेको हुनाले गोमा खरेलका पति कुल्तार सिंको नामबाट पठाएको रकम निजको थापाथलीको बैंकका रहेको खातामा जम्मा भएको पुष्टि हुने हुनाले दाजुलाई इच्छाएको व्यक्तिको रूपमा राखेको ब.हि.नं. १७८४४ नं. रा.वा.बैंक, बानेश्वरमा जम्मा भएको रकम निज गोमा खरेलको नभई निज गणेश अर्यालकै गैरकानूनी आर्जन भएको पुष्टि हुन्छ ।

(ङ) विशेष अदालतको फैसलामा प्रतिवादीले विवाहमा रु. १,५०,०००।- दाइजो प्राप्त गरेको हुनसक्ने भन्ने आधारमा रु. १,५०,०००।- आयमा समावेश गरिएको छ । प्रतिवादीले

सार्वजनिक पदमा प्रवेश गरिसकेपछि वि.सं. २०५७ सालतिर काठमाडौंमा विवाह गर्नुभएको र विवाहको पार्टी महेन्द्र पुलिस क्लबमा दिएको कुरा बयानसमेतमा उल्लेख गर्नुभएको छ । ब्राह्मण क्षत्रीय परिवारमा नगद रु. १,५०,०००।- दाइजोमा प्राप्त हुन नसक्ने एकातिर छ भने दाइजो बापतको रकमलाई आयमा गणना गर्दा निजको विवाहमा के कति खर्च लाग्यो सो तर्फ पनि हेरिनु पर्दछ । प्रतिवादी स्वयम्ले विवाह मन्दिरमा भएको २०-२५ हजार सामान्य खर्च गरी गरेको र विवाहको भोजमा ३०-३५ हजार खर्च गरेको भनी उल्लेख गरेबाट निजले ६०,०००।- विवाह बापत खर्च गरेको कुरा स्वीकारसमेत गरेको अवस्थामा विवाहमा भएको खर्चतर्फ दृष्टि नै नदिई दाइजो बापतको आय गणना गरी भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

(च) विशेष अदालतले प्रतिवादी भागीरथी भण्डारीको हिमालयन बैंकमा रहेको खाताबाट ०५८।६।२ देखि ०५८।९।२७ सम्ममा झिकेको रु. १९,००,०००।- मध्ये रु. ३,१३,०००।- रकम बालाजु ९ (ख) कि.नं. ६२७ को ०-६-०१ जग्गा किन्नमा प्रयोग भएको भन्ने उल्लेख गरेको छ । सो जग्गा उक्त निकालेको रकमबाटै खरिद गरेको नभई अन्य रकमबाट खरिद भएको हुँदा सोही झिकेको रकममध्येबाट उक्त जग्गा खरिद गरेको भन्ने फैसला त्रुटिपूर्ण छ ।

(छ) विशेष अदालतले एकातिर दाबीको सम्पत्तिको हालको बिगोलाई आधार नलिई तत्कालीन समयको निजले व्यक्त गरेको मूल्य र लिखत मूल्यलाई निजको सम्पत्ति खरिदतर्फ खर्चको मूल्य कायम गरी सम्पत्तिको बिगो घटाएको छ भने अर्कोतिर प्रतिवादीले उल्लेख गरे बमोजिमको पारिश्रमिक तथा दाजु भाउजूसमेतको आयलाई निजको आयमा समावेश गरी आय बढाई ५% अन्तर देखाई अन्तरलाई अस्वाभाविक अमिल्दो भन्न नमिल्ने भनी ठहर गरेको छ । यसरी आय बढाउँदा र खर्च घटाउँदासमेत आयको तुलनामा खर्च बढी देखिएको अवस्थामा खास अन्तर नदेखिएको भन्ने आधारमा प्रतिवादीलाई सफाइ दिने गरी गरिएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

१४. डोटी जिल्ला दिपायल, सिलगढी न.पा.वडा नं. १ बस्ने राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, डोटीका तत्कालीन सहायक प्रबन्धक कैलाशप्रसाद श्रेष्ठ .....बैंकलाई गैरकानूनी हानि नोक्सानी पुऱ्याई भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति : २०६३।११।३०
फैसलाको प्रकृति र आधार:-

उपरोक्त प्रतिवादी उपर आफूलाई गैरकानुनी लाभ गरी बैंकलाई रु. ४४,२७,६४३।०४ बराबरको रुपैयाँ हानि नोक्सानी पुऱ्याउने कार्य गरी साविक भ्र.नि.ऐन, २०१७ को दफा ७(२), १३ र २९ तथा प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा ३(१)(छ), १७ र ११ बमोजिम सजायको मागदाबी लिई आरोपपत्र श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीले रु.२४,२६,३००।-बिगो बराबरको रकम मात्र हानि नोक्सानी गरेको ठहऱ्याई ३ वर्ष कैद र बिगोबमोजिम जरिवाना हुने फैसला भएको ।

फैसलाका आधारहरुः-

(अ) दाबीको रकममध्ये प्रतिवादीले रु. १९,२०,३००।- चेक काटी रु. ५,०६,०००।- भौचरबाट निकालेको देखिएको ।

(आ) प्रतिवादीले ऋणीको कर्जा खातामा तिरेको भनी जनाएको रकम र ऋणीले तिर्नुपर्ने ब्यालेन्स घटाएको भनी आरोपपत्रमा दाबी लिएको रकम सम्बन्धित कर्जावाला (ऋणी) ले तिरी बुझाइसकेको रकम हो भन्ने आरोपपत्रबाट नदेखिने ।

(इ) ऋणीले कानूनबमोजिम तिर्न बुझाउन बाँकी रकम नतिरी नबुझाई प्रतिवादीले कर्जा खातामा तिरेको जनाइदिएको वा प्राप्त नभएको नगद प्राप्त भएको भनी आम्दानी देखाएको कारणबाट मात्र सो बराबरको रकम बैंकलाई हानि नोक्सानी भएको भन्न नमिल्ने ।

(ई) विगतमा हिनामिना भएको रकम हिसाब मिलान गर्न नगद प्राप्त नभई आम्दानी जनाएको भनी छुट्टै बिगो कायम गर्दा एउटै रकम दोहोरो पर्न जाने ।

पुनरावेदनका आधारहरूः-

(क) राष्ट्रिय वाणिज्य बैंकको सहायक प्रबन्धक जस्तो जिम्मेवार पदमा कार्यरत प्रतिवादीले आफू कार्यरत रा.वा.बैंक, डोटीमा कार्यरत भएको समयमा विभिन्न किर्ते चेक तथा भौचरको आधारबाट रु. २४,२६,३००।- बराबर रकम निकालेको भन्ने कुरा विशेष अदालतको फैसलाले ठहर गरेको नै छ । प्रतिवादीले विभिन्न ऋणीको कर्जा खातामा नगद प्राप्त नभई तिरेको जनाएको वा प्राप्त भएको जनाएको भन्ने कुरालाई समेत ठहर गरेको नै छ । बैंकबाट कर्जा लिने ऋणीको कर्जा खातामा कर्जा बापतको सबै वा केही रकम प्राप्त भएको भन्ने जनाइसकेपछि कर्जा चुक्ता गर्नुपर्नेमा असूल गर्नुपर्ने कार्यको आधार नै समाप्त हुन्छ । बैंक कारोबार लिखतका आधारमा नै गरिन्छ । यस प्रकार असूल हुनु गर्नुपर्ने कर्जा असूल गर्न हुन नसक्ने स्थिति बनाउँदा बैंकलाई नोक्सानी परेको स्पष्ट हुन्छ । कथंकदाचित ऋणीले बुझाउँछ कि भन्ने आधारमा सो रकम प्रतिवादीले नोक्सान पुऱ्याएको नमान्नु त्रुटिपूर्ण हुन्छ । यसरी बैंकलाई आम्दानी नै नभएको विषयमा आम्दानी जनाई बैंकको असूल गर्नुपर्ने रकम घटाएको कार्य भ्र.नि.ऐन, २०५९ को दफा १७ र ११ समेतको कसूर हुँदा सो उपर ध्यान नदिई प्रतिवादीलाई सफाइ दिने ठहऱ्याई भएको फैसला त्रुटिपूर्ण छ ।

(ख) कर्जा खातामा तिरेको भनी प्रतिवादीले जनाएको रकम ऋणीले तिरी बुझाइसकेको रकम हो भनी आरोपपत्रमा नखुलेको भनिएको छ । ऋणीले बैंकमा तिरेको रकम बैंकको आम्दानीमा जम्मा नगरी कर्जा खातामा ब्यालेन्स घटाउन वा तिरेको भनी जनाउनु र ऋणीले तिर्दै नतिरेको रकम कर्जा खातामा तिरेको भनी जनाउनु र ब्यालेन्स घटाउनु बैंकको व्यावसायिक कारोबारमा उही कुरा हो । यसमा खासै भिन्नता रहँदैन । दुवैमा बैंकमा आम्दानी नभई खातामा आसामी घटेको हुन्छ । सहायक प्रबन्धक पदमा रहेको कर्मचारीले बैंकको कर्जा असूल नभई कर्जा खातामा तिरेको वा प्राप्त भएको भन्ने जनाएबाट बैंकले आफूले असूली गर्ने अंकमा गिरावट आउने हुँदा ऋणीले तिरिसकेको रकम हो भन्ने आरोपपत्रमा उल्लेख नभएको भन्ने आधारमा उक्त कसूरबाट सफाइ दिने गरेको हदसम्मको सो फैसला त्रुटिपूर्ण छ ।

(ग) विगतमा भएको हिनामिना गरेको रकम हिसाब मिलान गर्न नगद प्राप्त नभई प्राप्त जनाएको विषय पनि बैंकको हानि नोक्सानीको विषय हो । विगतमा भएको हानिको सन्दर्भमा छुट्टै मुद्दा चलेको नभई सो हानि भएको पत्ता लागेपछि सो हानि भएको विषयमा विपक्षीले प्राप्त भनी जनाएबाट सो हानि ढाकछोप गर्ने प्रत्यत्न गरेको देखिन्छ । बैंकको हानिलाई दबाउने छिपाउने प्रत्यत्नले "प्राप्त" जनाएको कार्य भ्रष्टाचारको कसूरजन्य कार्य हो । के कुन कारणले कुन रकम दोहोरो परेको हो विशेष अदालतको फैसलामा उल्लेख नभएको हुँदा एउटै बिगोमा दोहोरो दाबी पर्न जाने भन्ने आधारमा सो दाबी नठहऱ्याएको हदसम्म उक्त अदालतको फैसला त्रुटिपूर्ण छ ।

(घ) प्रतिवादीले बैंकका खातापाता केरमेट गरी सच्याएको र विवरणसमेत सच्याएको कुरा निजले कर्जा खातामा रकम नै प्राप्त नभई जनाएको समेतबाट देखिएकोमा भ्र.नि.ऐन, २०५९ को दफा ११ समेतको कसूर ठहर गर्नुपर्नेमा सो तर्फ कतै बोलिएको नहुँदा सो समेतको कसूर ठहर गरिपाउँ ।

१५. महोत्तरी जिल्ला सुर्पुल्लो गा.वि.स.वडा नं. ३ घर भई तत्कालीन जिल्ला जनस्वास्थ्य शाखा हुम्लाको अ.हे.व. पदमा कार्यरत राम तपेश्वर साह ..
हुम्ला जिल्ला सकिदेव गा.वि.स.वडा नं. २ रिप घर भई तत्कालीन जिल्ला जनस्वास्थ्य शाखा हुम्लाको पियन पदमा कार्यरत मुनसिंह कार्की ...सरकारलाई गैरकानूनी हानि र आफूलाई गैरकानूनी फाइदा हुने कार्य गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मिति :-२०६३।१२।१८

फैसलाको प्रकृति र आधारहरू:-

उल्लेखित प्रतिवादीहरूसँगको उक्त मुद्दामा प्रतिवादीहरू उपर तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा २९ बमोजिम सजायको मागदाबी लिई हुम्ला जिल्ला अदालतमा अभियोगपत्र दायर गरिएकोमा सो अदालतबाट प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिई फैसला भएको ।

फैसलाका आधारहरू:-

अ) अभियोगपत्रको विरुद्ध खण्डका प्रतिवादीमध्येका अमृतलाल चौधरीको कालगतिले मृत्यु भइसकेको भन्ने मिसिलबाट देखिएको हुँदा मृत्यु भइसकेका प्रतिवादीको हकमा मुलुकी ऐन अ.बं. १७६ नं. का कानूनी व्यवस्था अनुसार जिकिर लिइएको छैन ।

आ) विरुद्ध खण्डका प्रतिवादी जना -२ लाई आरोपित कसूरबाट सफाइ दिँदा सुरु हुम्ला जिल्ला अदालतले निम्नानुसारका आधारहरू अवलम्बन गरेको पाइन्छ ।

इ) अमृतलाल चौधरी हेल्थ पोष्टमा हाजिर नभएको अवधिमा हाजिर गरी तलब भुक्तानी लिएको र सो कार्यमा प्रतिवादी राम तपेश्वर साह र पियन मुनसिंह कार्कीले सघाउ पुऱ्याएको भनी अभियोग दायर भएको ।

ई) मुख्य अभियुक्त अमृतलाल चौधरीको मृत्यु भइसकेकाले निजको हकमा खतबात नलाग्ने भएपछि निजको कार्यमा सघाउ पुऱ्याउने सह-अभियुक्तको हकमा कसूरदार ठहऱ्याई सजाय गर्नु न्यायोचित नहुने ।

उ) दाबी लिएको बिगो भौगोलिक विकटताको कारण सिर्जना हुन सक्ने सामान्य अनियमितता र प्रतिवादीहरूले प्रतिरक्षा गर्न सक्ने असमर्थता समेतबाट सजाय तोक्न न्यायिक विवेकले नमिल्ने ।

<u>पुनरावेदनका आधारहरू:-</u>

(क) प्रतिवादीहरू उपर दायर भएको अभियोगपत्र हेर्दा प्रतिवादीहरू राम तपेश्वर साह, अमृतलाल चौधरी र मुनसिंह कार्की सरकारी सेवामा रहेका राष्ट्रसेवक भएको र तीनै जनाको मिलेमतोमा बदनीयतसाथ सरकारलाई गैरकानूनी हानि र आफूलाई गैरकानूनी फाइदा हुने गरी काल्पनिक व्यक्ति ध्रुव महर्जनलाई हाजिर कापीमा हाजिर गर्न लगाई बनावटी इच्छापत्र खडा गरी आफू अनुपस्थित रहेको अवधिको अमृतलाल चौधरीलाई हाजिर गरी गर्न लगाई बिगो रु. ४२९०।- बराबरको सरकारी रकम हिनामिना गरेकोले प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा २९ अनुसार सजाय गरिपाउँ भन्ने उल्लेख भएको पाइन्छ । कुनै प्रतिवादीलाई मुख्य अभियुक्त र कुनैलाई मतियार वा सहयोगीको रूपमा अभियोग लागेको देखिँदैन । भ्रष्टाचारको कसूरमा मिलोमतो गरी गैरकानूनी लाभ लिने सबैको दायित्व बराबर हुने भएकोले सुरु अदालतले मुख्य अभियुक्त र मतियारको आत्मनिष्ठ व्याख्या गरी मुख्य अभियुक्तले सजाय नपाई मतियारलाई सजाय गर्न नमिल्ने मनोगत तर्कका आधारमा कसूरबाट सफाइ दिन ग्रहण गरिएको आधार तथ्यसंगत नहुँदा सो फैसला बदरभागी छ ।

(ख) भ्रष्टाचारको कसूरमा फैसला नहुँदै कुनै एक जना प्रतिवादीको मृत्यु हुँदैमा कसूरमा मुछिएका सबै प्रतिवादीले सफाइ पाउने आधार सिर्जना हुन सक्दैन । आरोपित कसूरमा संलग्नताको आधार प्रमाणबाट तथ्य, प्रमाण र कानूनको विश्लेषण गरी निष्कर्षमा पुग्नुपर्ने अवस्थामा सुरु अदालत आफैले मुख्य अभियुक्त र मतियारको रूपमा अभियुक्तको वर्गीकरण गरी मुख्य अभियुक्तको मृत्यु भइसकेको भनी अन्य प्रतिवादीहरूलाई सोही आधारमा कसूरबाट सफाइ दिइएको फैसलामा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) र दफा २९ का साथै प्रमाण ऐन, २०३१ को दफा २७(१) र दफा ५४ को प्रत्यक्ष कानूनी त्रुटि हुँदा सो फैसला बदरभागी छ ।

(ग) प्रतिवादीमध्येका राम तपेश्वर साहले मौकामा बयान गर्दा ध्रुव महर्जनका नाउँमा ३ महिनाको तलब खुवाएको तथ्यमा सावितै रहेको र सुरु अदालतबाट जारी भएको म्यादसमेत गुजारी कुनै प्रतिवादसमेत नगरेको, मुद्दा फैसला नहुँदै मृत्यु भएका प्रतिवादी अमृतलाल चौधरीले मौका र अदालतमा समेत आफू कसूरमा सावित भई प्रतिवादी राम तपेश्वर साहलाई स्पष्ट रूपमा पोल गरेको पाइन्छ । सो पोललाई अर्का प्रतिवादी मुनसिंह कार्कीले गरेको बयानबाट पनि पुष्टि भएको छ । आफूले रकम नखाएको भने पनि प्रतिवादी मुनसिंह कार्कीले इच्छापत्रबाट रकम बुझिलिई रु. ४२९०।- राम तपेश्वर साहलाई दिएको भनी पोल गरेको देखिएबाट ती प्रतिवादीसमेतको मिलेमतोबाट सरकारलाई गैरकानुनी हानि र आफूहरूलाई गैरकानूनी लाभ

पुऱ्याउने बदनीयतले काम गरेको स्पष्ट देखिँदा देखिँदै कसूरबाट सफाइ दिइएको फैसलामा प्रमाणको यथोचित मूल्यांकन हुन नसेकेकोले सो फैसला बदरभागी छ ।

(घ) प्रतिवादीहरूले सरकारलाई गैरकानूनी हानि पुऱ्याएको बिगो थोरै हुनु कसूरबाट सफाइ दिने आधार बन्न सक्दैन । त्यसैगरी भौगोलिक विकटताको कारण अनियमितता भए पनि भ्रष्टाचारको कसूरबाट प्रतिवादीले उन्मुक्ति पाउने कानूनी व्यवस्था कही कतै देखिँदैन । प्रत्यर्थीहरूको कसूर स्थापित हुने आधार प्रमाण विद्यमान भएपछि अदालतमा उपस्थितसमेत नभएका र म्यादै गुजारी प्रतिवादसमेत नगर्ने प्रतिवादी राम तपेश्वर साह र आफूले सफाइ पाउने प्रमाणसमेत नगर्ने प्रतिवादी र आफूले सफाइ पाउने प्रमाणसमेत गुजार्न नसकेका प्रतिवादी मुनसिंह कार्कीलाई सफाइ दिने ठहर भएको फैसला त्रुटिपूर्ण हुँदा बदरभागी छ ।

१६ तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. २ दमौली तथा ललितपुर जिल्ला ललितपुर उप महानगरपालिका वडा नं. २० जावलाखेल घर भई हाल ऐ.उ.म.न.पा.वडा नं. २ सानेपा बस्ने पूर्व मन्त्री गोविन्दराज जोशी ..
तनहुँ जिल्ला व्यास नगरपालिका वडा नं. २ दमौली घर भई हाल ऐ.ललितपुर जिल्ला ललितपुर उपमहानगरपालिका वडा नं. २ सानेपा बस्ने दिनेशराज जोशी .....
चितवन जिल्ला, गीतानगर गा.वि.स.वडा नं. ४ देवनगर घर भई हाल का.जि.का.म.न.पा. वडा नं. ९, बत्तीसपुतली स्थायी बसोवास गर्ने नीरकुमारी पन्त .....
चितवन जिल्ला, गीतानगर गा.वि.स. वडा नं. ४ देवनगर घर भई हाल का.जि.का.म.न.पा.वडा न.. ९, बत्तीसपुतली स्थायी बसोवास गरी नेपाल बैंक लिमिटेड शाखा कार्यालय, भोटाहिटीमा वरिष्ठ बहिरक्षक पदमा कार्यरत वासुदेव पन्त .....गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मितिः २०६३।७।३०

फैसलाको प्रकृति र आधारहरूः-

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादीहरूलाई सावित भ्र.नि.ऐन, २०१७ को दफा ३,७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा २०(१) बमोजिमको कसूरमा सावित भ्र.नि.ऐन, २०१७ को दफा ३,७(१) र १५ तथा सो ऐनलाई निरन्तरता दिइएको भ्र.नि.ऐन, २०५९ को दफा २०(२) बमोजिमको कैद र जरिवानासमेतको मागदाबी लिई मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई सफाइ दिई आरोपपत्र खारेज गर्ने फैसला भएको ।

फैसलाका आधारहरूः-

अ) प्रतिवादी गोविन्दराज जोशीले सार्वजनिक पदमा बहाल रहँदा गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरेको भन्ने समेतको कसूरमा निजलाई सजाय गरी निज र निजका परिवार तथा नातेदारसमेतका नाममा राखिएको रु. ३,९३,६२,५७६।४५ बराबरको सम्पत्ति जफत गरिपाउँ भनी आयोगबाट दायर गरिएको मुद्दामा विशेष अदालतले मुद्दाको अन्य तथ्यगत विषयमा प्रवेश नै नगरी मूलतः निम्न कानूनी प्रश्नमा सीमित रही आरोपपत्र खारेज हुने ठहर गरेको छ :-

आ) प्रतिवादी राष्ट्रसेवकको पदमा रहँदाको अवस्थामा तत्काल प्रचलित कानूनले अनिवार्य गरेको अन्य कुनै एक भ्रष्टाचारको आरोप लागेको पूर्वावस्था नभएको अवस्थामा पनि सोही कसूरमा राष्ट्रसेवकको पदबाट हटिसकेपछि लागू भएको ऐनको दफा २०(१) बमोजिम साविकको ऐनले अनिवार्य गरेको पूर्वावस्था नभए पनि निज उपर मुद्दा दायर हुन सक्छ भन्दा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौजदारी न्यायसम्बन्धी हकको प्रतिकूल हुन जाने देखिन्छ । त्यस कारण प्रतिवादी राष्ट्रसेवक पदमा बहाल रहँदा लागू रहेको भ्र.नि.ऐन, २०१७ को दफा १५ ले अनिवार्य गरेको पूर्वावस्थाको अभियोग लागेको भन्ने आरोपपत्रबाट नदेखिएको अवस्थामा सोही दफा १५ र त्यसलाई निरन्तरता दिएको हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) को कसूरमा सजाय गरिपाउँ भन्ने प्रस्तुत आरोपपत्रलाई कानून बमोजिमको मान्न सकिएन ।

इ) मिति २०५९।४।३० मा संशोधन भएको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ मा हदम्यादको उल्लेख नै नभएकोले संशोधन हुँदाको समयमा राष्ट्रसेवक नरहेका प्रतिवादी गोविन्दराज जोशीको हकमा उक्त संशोधन भन्दा पूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशमा भएको एक वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने भन्ने कानूनी व्यवस्था नै आकृष्ट हुने देखिँदा कानूनले निर्दिष्ट गरेको हदम्यादसमेत नघाई दायर भएको आरोपपत्र खारेज हुने ।

<u>पुनरावेदनका आधारहरू:-</u>

(क) आरोपपत्र कानून बमोजिमको नभएको भन्ने सम्बन्धमा:-

(१) राष्ट्रसेवकसँग निजको वैध आयस्रोतसँग अमिल्दो सम्पत्ति हुनु समेतको साविक भ्र.नि.ऐन, २०१७ को दफा १५ को अनुमानित कसूरलाई हालको भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २०(१) ले निरन्तरता दिएको भन्ने कुरामा विशेष अदालत स्पष्ट छ । फैसलामा समेत सो कुरा उल्लेख गरिएको छ । त्यतिसम्म व्याख्या आयोगको धारणा अनुकूल छ । साविकको ऐनको व्यवस्थामा दफा १५ मा उल्लेखित कसूरको आरोप लगाउनको लागि भ्रष्टाचारजन्य कसूर मानिने अन्य कुनै कसूरको आरोप लगाउनु आवश्यक थियो भने हालको ऐनको दफा २०(१) ले त्यस्तो अन्य कुनै आरोप लगाउनुपर्ने आवश्यकता राखेको छैन । यत्तिमात्र अन्तर रहेको छ ।

(२) साविक ऐनको दफा १५ मा २ प्रकारका कसूरको उल्लेख भएको छ । वैध आयस्रोतसँग अमिल्दो सम्पत्ति हुनु गैरकानूनी रूपमा रिसवत लिएको मानिने कसूर र उक्त कसूरमा सजायको दाबी गर्न पूर्वावस्थाको रूपमा रहेको अन्य कुनै एक भ्रष्टाचारजन्य कसूर । उपरोक्त कसूरहरू एउटै प्रकृतिका कसूर होइनन् । आपसमा परिपूरक वा सम्पूरक भूमिका भएका कसूर पनि होइनन् । यी छुट्टाछुट्टै प्रकृतिका पृथक् पृथक् कसूर हुन् । यी कसूर बापत हुने सजाय पनि पृथक् छन् । कसूर प्रमाणित गर्ने आधार प्रमाण पनि स्वतन्त्र र पृथक् छन् । यी स्वतन्त्र कसूर हुन्, दुवै कसूर स्वतन्त्र रूपले प्रमाणित हुन वा नहुन सक्दछन् । ऐनको बनौटले सो स्पष्ट पारेको छ ।

(३) साविक ऐनको दफा १५ ले "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरी सजाय गर्न सकिने भनी परिभाषित गरेको सो कसूरमा कसूरको आरोप लगाई सजायको मागदाबी गर्नका लागि सम्म भ्रष्टाचारजन्य अन्य कुनै कसूरको समेत आरोप लागेको हुनुपर्ने रहेको कारणबाट कसूरको अन्तर्बस्तु, कसूरको तत्व र कसूरको प्रकृतिमा फरक पार्ने अवस्था छैन । सजायको मागदाबी गरी आरोपपत्र प्रस्तुत गर्न आवश्यक पर्ने पूर्वावस्था नरहे वा नभएका कारणले मात्र कानूनले कसूर नै परिभाषित नगरेको वा सजाय हुने भनी व्यवस्था नै नगरेको भनी अर्थ गर्न मिल्दैन । कुनै कार्य प्रचलित कानूनले सजाय हुने कसूर हो वा होइन भन्ने कुरा र कुनै कसूरमा सजायको दाबी गर्न कुन कुन पूर्वावस्था पूरा गर्नु वा हुनुपर्दछ भन्ने कुरा अलग विषय हुन । अतः एव, साविक ऐन बहाल रहँदा पूर्वावस्थाको रूपमा आवश्यक पर्ने अर्को कुनै आरोप नरहँदैमा "गैरकानूनी रूपले रिसवत लिएको" अनुमान गरिने कसूरलाई नै तत्काल प्रचलित कानूनले सजायभागी नबनाएको मानिने अर्थ गरी नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) ले प्रदान गरेको फौजदारी न्यायसम्बन्धी हकको प्रस्तुत मुद्दाको प्रसंगमा विशेष अदालतले गलत व्याख्या गरेको छ । वास्तवमा यस प्रसंगमा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा १४(१) आकृष्ट हुने अवस्था नै छैन ।

(ख) मुद्दा दायर गर्ने हदम्याद सम्बन्धमा:-

(१) प्रतिवादी २०५९।२।८ मा राष्ट्रसेवकको पदबाट हटिसकेपछि निजउपर भ्रष्टाचारको कसूरमा मुद्दा दायर गर्न ऐनको संशोधित व्यवस्थाले हदम्यादको व्यवस्था नगरेको हुँदा निजका सम्बन्धमा साविककै व्यवस्थाले १ वर्षभित्र मुद्दा चलाई सक्नुपर्ने व्यवस्था लागू हुने भनी विशेष अदालतले त्रुटिपूर्ण व्याख्या गरेको छ ।

(२) फौजदारी कसूरको आरोपमा मुद्दा दायर गर्न हदम्याद तोकिएको अवस्थामा तोकिएको हदम्याद समाप्त भएपछि मुद्दा दायर हुन सक्दैन । दायर भएको रहेछ भने हदम्याद भित्र दायर नभएको आधारमा इन्साफ गर्न मिल्दैन, खारेज हुन्छ । यो सैद्धान्तिक विषयमा विवाद गर्नुपर्ने अवस्था छैन । तर प्रस्तुत मुद्दाको सम्बन्धमा अदालतले हदम्यादसम्बन्धी प्रश्न गलत ढंगले व्याख्या गरेको छ ।

(३) अन्य फौजदारी कानूनमा जस्तो साविक र वर्तमान भ्र.नि.ऐन कुनैले पनि यो कसूर गरे भएका मितिबाट यति अवधिभित्र मुद्दा दायर गरी सक्नुपर्छ भनी हदम्याद किटान गरेका छैनन् । साविक ऐनको दफा २४ क ले र २०५९।४।३० मा संशोधन हुनु पूर्व अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले मुद्दा दायर गर्न तोकिदिएको हदम्याद मुद्दा दायर गर्ने जिम्मेवार निकाय वा अधिकारीको अधिकारमा लगाइएको समय-सीमासम्म हो । साविक ऐनहरू बहाल रहँदासम्म उक्त ऐनका प्रावधानमा उल्लेखित समय-सीमाभित्र विशेष प्रहरी विभाग वा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले मुद्दा दायर गरी सक्नुपर्ने बाध्यता थियो । तर भ्र.नि.ऐन, २०५९ जारी भएपछि र अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐनमा दोस्रो संशोधन भएपछि सो

समय-सीमा हटिसकेको छ । यस अवस्थामा कानूनले हदम्यादको समय-सीमा हटाइसकेपछि पनि प्रतिवादीका विरुद्ध मुद्दा दायर गर्न चाहिँ पुरानो ऐनकै हदम्यादको व्यवस्था लागू हुने भनी अर्थ गर्नु कानूनसंगत छैन, त्रुटिपूर्ण छ ।

(४) नेपाल अधिराज्यको संविधान, २०४७ को धारा ९८ को उपधारा (४) अनुकूल बनेको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ आयोगका काम, कर्तव्य, अधिकार र कार्यविधि तोक्ने ऐन भएकाले अपराध र सजायसम्बन्धी ऐनले कसूरदारलाई प्रदान नगरेको उन्मुक्ति आयोगको काम, कर्तव्य र अधिकार निर्धारण गर्ने ऐनले प्रदान गर्दछ भन्नु र २०५९।४।३० को संशोधनले नै हटिसकेको प्रावधानले सो संशोधनपश्चात् पनि आयोगको अधिकारलाई सीमाबद्ध गरी नै राख्दछ भनी अर्थ गर्नु कानूनसम्मत हुँदैन ।

(५) राष्ट्रसेवकका सम्बन्धमा अवकाश भएका मितिले १ वर्षभित्र मुद्दा दायर गरी सक्नुपर्ने ०५९।४।३० मा संशोधन हुनुपूर्वको अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९ को प्रतिबन्धात्मक वाक्यांशले तोकेको हदम्याद उक्त मितिको संशोधनबाट हटिसकेको अवस्थामा निज प्रतिवादीको सम्बन्धमा पुरानै ऐनको हदम्याद लागू हुने भन्ने तर्क कानूनतः त्रुटिपूर्ण हुन्छ । अपराध र सजायको व्यवस्था गर्न बनेको सारभूत ऐनमा नै त्यस्तो प्रावधान भएको भए पनि कुनै प्रतिवादीको सम्बन्धमा हदम्याद बाँकी छँदै हदम्यादसम्बन्धी प्रावधान हटेपछि पुरानो ऐनको प्रावधान लागू हुन्छ भन्नु त्रुटिपूर्ण व्याख्या हुन जान्छ भने आयोगका सम्बन्धमा लागू हुने ऐनको हटिसकेको प्रावधानले प्रतिवादीलाई उन्मुक्ति प्रदान गर्छ भनी अर्थ गर्नु अझ गम्भीर कानूनी त्रुटि हुन जान्छ ।

१७. जिल्ला दाङ, बिजौरी गाउँ विकास समिति वडा नं. ५ स्थायी घर भई हाल काठमाडौं महानगरपालिका वडा नं. ७ गौरीनगर चाबहिल घर नं. २६० बस्ने जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्धक महेन्द्र गौतम .....
ऐ.ऐ.बस्ने त्रिभुवन विमानस्थल भन्सार कार्यालय संकेत सहायक निरीक्षक पदमा कार्यरत दीपा शर्मा..... गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको मुद्दा ।

फैसला मितिः २०६३।१२।७

फैसलाका प्रकृति र आधारः-

उल्लेखित प्रतिवादीहरू उपर विशेष अदालत, काठमाडौंमा दायर गरिएको उल्लेखित मुद्दामा प्रतिवादी महेन्द्र गौतम उपर साविकको भ्र.नि.ऐन, २०१७ को दफा ७(१) तथा १६(ग) र हाल प्रचलित भ्र.नि.ऐन, २०५९ को दफा २०(२) बमोजिम दण्ड सजाय गरी गैरकानूनी रूपमा आर्जन गरेको बिगो रु. ५७,३०,४८९।८७ जरिवाना गरी बिगो जफत हुन र निज प्रतिवादी महेन्द्र गौतमकी श्रीमती दीपा शर्मा उपर निजका नाममा रहेको अवैध आर्जनको सम्पत्ति समेत उक्त भ्र.नि.ऐनको दफा ४७ तथा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २९(ख) बमोजिम जफतसमेत गरिपाउँ भनी मुद्दा दायर गरिएकोमा उक्त अदालतबाट प्रतिवादीहरूलाई आरोपित कसूरबाट सफाइ दिई फैसला भएको ।

पुनरावेदनका आधारहरू:-

(क) प्रतिवादीसँग रहे भएको चल अचल सम्पत्ति गरी कुल सम्पत्ति चलन चल्ती तथा हालको मूल्य र मूल्यांकनको आधारमा स्रोत खुलेको र नखुलेको समेत गरी जम्मा सम्पत्ति रु. १,२७,६७,८८६।४१ को देखिई उक्त कुल सम्पत्तिमध्ये रु. ७०,३७,३८७।५४ को स्रोत खुलेको बाँकी रु. ५७,३०,४९८।८७ गैरकानूनी रूपमा आर्जन गरेको प्रमाणित भएकाले गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिका आधारमा कैद र जरिवाना हुन भनी आरोपपत्र पेश गरेकोमा प्रतिवादीको आर्थिक कारोबारको हिसाबबाट निजले जाँच अवधिमा आर्जन गरेको सम्पत्ति र गरेको खर्च रु. ६४,६३,१६१।- देखिएको र निजको आयस्रोतबाट रु. ६४,०२,८९९।- आय भएको देखिँदा रु. ६०,२६२।- को सम्पत्तिसम्म फरक पर्ने देखिन आएको भनी प्रतिवादीलाई सफाइ दिई फैसला भएको छ । भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २० अन्तर्गतको कसूरमा गैरकानुनी आर्जनको सम्पत्तिको बिगो बराबरको जरिवाना र कैदसमेत हुने व्यवस्था छ । आयोगबाट प्रतिवादीको जुन र जति सम्पत्ति गैरकानूनी आर्जनको भनी दाबी गरिएको छ ती सम्पत्तिहरूको हालको मूल्यलाई आधारमानी बिगो कायम गरिएको हो । गैरकानूनी आर्जनको सम्पत्ति र सोबाट बढेबढाएको सम्पत्ति जफत हुने ऐनको प्रावधानको पृष्ठभूमिमा हाल प्रचलित मूल्यका आधारमा बिगो कायम गरिनु नै कानूनसम्मत हुन्छ । तर अदालतले सम्पत्ति आर्जन गर्दाको अवस्थाको मूल्यलाई आधार मानी बिगो कायम गरेको छ । गैरकानुनी सम्पत्ति आर्जनलाई सोही परिमाणबाट दण्डित गरिनुपर्दछ भन्ने कानूनको मनसाय हो । विगतमा जे जति सम्पत्ति गैरकानूनी रूपमा प्राप्त गरिएको हो सो रकमबाट जोडिएको सम्पत्तिको हाल प्रचलित मूल्य धेरै बढी हुने हुनाले हालको मूल्यका आधारमा जरिवाना कैद नगरेमा गैरकानूनी रूपमा बढे बढाएको सम्पत्ति वा त्यस्तो सम्पत्तिको हालको मूल्यको केही अंशले मात्र नै जरिवानाको रकम पुग्न सक्ने भई कसूरदारले सहुलियत प्राप्त गर्न सक्ने हुन्छ । यसो हुन गएमा गैरकानूनी आर्जनको बिगोको परिमाण बराबर दण्ड गर्ने कानूनको उद्देश्य पराजित हुन गई कसूरदारलाई फाइदा पुग्न जाने स्थिति हुन्छ । तसर्थ हालको मूल्यबाट कायम गरिएको बिगोलाई गैरकानूनी रूपमा आर्जन गरेको सम्पत्तिको बिगो मान्नु नै कानूनसंगत हुन्छ ।

(ख) घर निर्माणको लागत सम्बन्धमा:- प्रतिवादीको का.म.न.पा.वडा नं. ७ कि.नं. १३ क्षेत्रफल ०-८-२-२ रोपनी जग्गामा घर निर्माण गर्दा ०४५।०४६ को दररेट अनुसार रु. २०,८५,८७७।३१ लागत लागेको भनी आरोपपत्रमा उल्लेख भएकोमा ०४४।०४५ मा निर्माण आरम्भ भएको घरको लागत निश्चित गर्दा सहरी विकास तथा भवन निर्माण विभागको दररेटका आधारमा घर निर्माणतर्फ रु. ८,१०,२७३।३० र टहरो निर्माणमा रु. ५२,८२१।- लागेको भनी लागत मूल्य कम ठहर गरिएको छ । नक्सा पास हुनुपूर्व नै घर निर्माण भएको भनी कानूनत: मान्न मिल्ने अवस्था हुँदैन । मिति २०४४।१२।२४ मा घरको नक्सा पास भएको देखिँदा तत्पश्चात् घर निर्माण कार्य प्रारम्भ भएको मान्नुपर्ने हुन्छ । उक्त २०४४।१२।२४ पछि २०४५ साल प्रारम्भ नहुँदै एक हप्ताभित्रै $२^{१}/_{२}$ तल्ले घरको निर्माण पूरा हुन असम्भव हुने हुँदा ०४४।०४५ को दररेटलाई मान्यता दिई २०४५ सालमा निर्माण भएको भन्ने प्रतिवादीको कथनका आधारमा सो लागत मूल्य कम ठहर गरिएको विल्कुलै त्रुटिपूर्ण छ ।

(ग) बैंक मौज्दात सम्बन्धमाः- प्रतिवादीले बैंकमा रकम जम्मा गरे बापत बैंक विवरण अनुसार रु. १२,७१,५७०।- ब्याज प्राप्त गरेको हुँदा रु. २५,९०,९७५।- बैंक मौज्दात रहन गएकोलाई मुनासिव ठहर गरिएको छ । प्रतिवादीलाई कृषि आय र घर भाडाबाट प्राप्त रकम निजले बैंकमा जम्मा गरेको भनी मुनासिव ठहऱ्याउन आधार लिइएको छ । एक त कृषि आय र घरभाडाबाट न्यून रकम प्राप्त हुने भएकाले त्यति बढी रकम जम्मा हुन सक्ने अवस्था हुँदैन भने अर्को कृषि आय र भाडाजस्ता आय स्वाभाविक रूपमा प्रतिवादीको तत् अवधिमा पारिवारिक खर्चमा समेत खर्च हुने हुँदा बैंकमा त्यत्रो रकम जम्मा हुन सक्ने देखिँदैन । यस तथ्यलाई नजरअन्दाज गरी बैंक मौज्दातलाई स्वाभाविक मानिएको मिलेको छैन ।

(घ) कृषि आय सम्बन्धमाः- जग्गाबाट रु. ११,२५,०००।- बराबर प्रतिवादीको कृषि आय बचत भएको भनी फैसलामा उल्लेख भएको छ । प्रतिवादी महेन्द्र गौतमका २ छोरी १ छोरा र लोग्नेस्वास्नी २ जना समेतको परिवार रहेको छ । निज प्रतिवादीलाई आफू लगायत निजको परिवारको पालनपोषण, छोराछोरीहरूको शिक्षादीक्षा र परिवार सञ्चालनको लागि उल्लेख्य खर्च लाग्ने अवस्था देखिन्छ । त्यस तथ्यलाई मनन गरी तलब भत्ता लगायतका स्रोतहरूलाई आयोगले बचत मानिदिएको हो । तसर्थ प्रतिवादीको कृषि आय परिवार सञ्चालन र छोराछोरीको पढाइ लेखाइ आदिमा नै खर्च हुने भएकाले कृषि आय बचत हुने अवस्था छैन । मोही नलागेको जग्गा भएकाले प्रति विगाहा वार्षिक १५०००।- कृषि आय प्राप्त हुने भनी फैसलामा भनिएको छ । प्रतिवादीका छोराछोरीहरू विद्यालयस्तरमै पढ्ने नाबालक भएका, श्रीमती नोकरीमा जग्गा भएको स्थान बाहिर बसेकी साथै प्रतिवादीसमेत जग्गा भएको स्थान बाहिरै बस्ने भएकाले निज लगायत निजका परिवारबाट खेतिपातीको कार्य हुन सक्ने अवस्था छैन । मोही नलागेको जग्गा भए पनि प्रतिवादी स्वयम्ले जग्गा कमाउन नसक्ने भएपछि ठेक्का वा अधियामा लगाउनुपर्ने बाध्यताले गर्दा जग्गाको पूरै आयस्ता प्रतिवादीले प्राप्त गर्न नसक्ने हुँदा मोही नलागेकै कारणबाट जग्गाको पूरै कृषि आय प्रतिवादीले पाएको भन्ने अर्थ गरी कृषि आय निर्धारण गरेको फैसला त्रुटिपूर्ण छ ।

(ङ) प्रतिवादीको खर्च सम्बन्धमाः- प्रतिवादीको सम्पत्तिको जाँच अवधि २०४० सालदेखि २०६०।५।२५ सम्मको छ । यो अवधि भनेको लगभग २० वर्ष हो । प्रतिवादीको तलब, घरभाडाजस्ता रकम मासिक रूपमा आम्दानी हुने कृषि आय वार्षिक एवं अर्धवार्षिक रूपमा हुने र त्यसबाट प्राप्त आय खर्च पनि हुँदै जाने हुँदा तलब, भाडा र कृषि आय उल्लेख्य रूपमा बचत हुन सक्ने स्थिति नै हुँदैन । घरभाडा र कृषि आयजस्ता आयलाई न्यायसंगत भनी अदालतले स्वीकार गर्दा प्रतिवादीले तत् अवधिमा गर्ने पारिवारिक खर्चलाई पनि न्यायसंगत रूपमा अनुमान गरी कटाउनुपर्नेमा आयको मात्र अनुमान गरी आयमा थप गर्न मिल्ने होइन । तसर्थ प्रतिवादीका आयहरूलाई जस्ताको तस्तो बचत हुने तर खर्च नहुने भन्ने मनसाय प्रदर्शित हुने गरी भएको फैसला त्रुटिपूर्ण छ ।

परिच्छेद – ५
पुनरावेदन नगरिएका मुद्दाहरुको संक्षिप्त विवरण

आ.ब. २०६३।०६४ मा विभिन्न अदालतबाट भएका फैसला उपर आयोगको चित्त बुझी पुनरावेदन नगरिएका मुद्दाहरूको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ :

१. वादी नेपाल सरकार प्रतिवादी रामपृत दास भएको राष्ट्रसेवकको पद पाउने उद्देश्यले दोहोरो नागरिकता लिई भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीलाई अभियोग मागदाबीबाट सफाइ दिने ठहर्‍याई मिति २०६३।२।२२ मा फैसला भएकोमा प्रतिवादीले २०३७ सालमा लिएको नेपाली नागरिकताको प्रमाणपत्रमा जन्म मिति २०२०।१०।२२ कायम भएकोमा पछि लिएको नागरिकताको प्रमाणपत्रमा जन्म मिति २०२२।१।१२ उल्लेख गरी अघिल्लो प्रमाणपत्र हराएकोले प्रतिलिपि प्रमाणपत्र माग गरेको, नयाँ नागरिकता बनाई मागेको नभई प्रतिलिपि नागरिकताको प्रमाणपत्र माग गर्दा कार्यालयले पहिलो नागरिकताको अभिलेख नभेटिएको भनी नयाँ नागरिकता बनाइदिएको भन्ने मिसिल संलग्न निवेदन प्रतिलिपिबाट देखिएको, पहिले लिएको नागरिकता नै कायम गरी पछिल्लो नागरिकताको प्रमाणपत्र रद्द भइसकेको भन्ने फैसलामा उल्लेख भएको, रद्द भइसकेको जानकारी सम्बन्धित कार्यालयमा दिइसकेपछि तत्काल वा पछि पनि प्रतिवादीले पछिल्लो नागरिकताबाट अनुचित लाभ लिन सक्ने अवस्था नरहेको, प्रतिवादीले मिति २०५४।१२।२६ मा दिएको निवेदनमा प्रतिलिपि भन्ने शब्द परेपछि व्यहोरा गुम गरी निवेदन गरेको भन्न नमिल्ने देखिएको, प्रतिलिपि नागरिकताको प्रमाणपत्र पाउँ भनी कार्यालयमा निवेदन दिएपछि अभिलेख भिडाउने दायित्व कार्यालयकै हुने देखिएको, प्रतिवादीको २०३२ सालको नाबालकको अभिलेखमा नाम रामपृत दास, जन्म मिति २०२२ भनी लेखिएको भन्ने फैसलामा उल्लेख भएको पाइए समेतबाट आयोगको मिति २०६३।४।१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२. निवेदक धर्ममान बज्राचार्य विपक्षी यस आयोग समेत भएको रा.बा.बैंकको बैंक ग्यारेण्टी रु. ३,४४,६००।- बाट जरिवाना रकम असुल गर्ने संभावना भएको भन्ने मुद्दामा पुनरावेदन अदालत, पाटनबाट निषेधाज्ञाको आदेश जारी हुने ठहरी फैसला भएकोमा आयोगले रकम असुल गर्ने भनि गरेको निर्णय उपर विपक्षीको विशेष अदालत, काठमाडौंमा पुनरावेदन परी कारवाही चलि नै रहेको, विचाराधिन रहेको पुनरावेदनको टुङ्गो नलागेसम्म शुरु निर्णय कार्यान्वयन हुने अवस्था नरहेको, विशेष अदालतबाट पुनरावेदनमा निर्णय भएपछि विगो असुल हुन सक्ने स्थिति बाँकी नै रहेको, विपक्षीले पुनरावेदनको टुङ्गो नलागेसम्मका लागि मात्र निषोधाज्ञाको आदेश जारी गर्ने माग गरेको, यो मुद्दामा पुनरावेदन गरी निषोधाज्ञाको निवेदन खारेज हुँदा र विशेष अदालतबाट फैसला हुने अवस्थासम्म पर्खिदा पनि तात्विक भिन्नता नभै असुलीमा कुनै कानूनी बाधा उत्पन्न नहुने, अन्तिम फैसला नभएसम्म आयोगको निर्णय कार्यान्वयन नहुने भनी कतिपय मुद्दामा श्री सर्वोच्च अदालतबाट सिद्धान्तहरु समेत प्रतिपादन भएको समेतबाट प्रस्तुत मुद्दामा आयोगको मिति २०६३।४।१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

३. वादी नेपाल सरकार प्रतिवादी इन्द्रबहादुर शाहसमेत भएको थानकोट-चित्लाङ सडक निर्माण गर्दा भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादी इन्द्रबहादुर शाह, भजेन्द्र मण्डल, रामजी भण्डारी, महमद नुरुल होदा र प्रकाशकुमार कार्कीले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(१) बमोजिम र प्रतिवादी सूर्यबहादुर कार्की, राजेन्द्र लामा र

होमप्रसाद शर्मा न्यौपानेलाई सोही ऐनको दफा ८ बमोजिमको कसूर गरेमा बिगो रु. १२,३१,८२८।२० पैसा कायम गरी जनही बिगो भराउने र जरिवानासमेत हुने ठहऱ्याई फैसला भएकोमा दाबी लिएको बिगो रकम रु. १३,२४,५४६।५३ भएकोमा अदालतबाट फैसला हुँदा ठेकेदारलाई भुक्तानी गर्दा कर बापत कट्टी गरिसकेको ७% बाहेक गरी बिगो रु. १२,३१,८२८।२० कायम गरेबाट नेपाल सरकारलाई बिगोमा कुनै असर पर्न सक्ने अवस्था नरहेको र आरोपपत्र मागदाबी अनुसार सबै प्रतिवादीहरूले कसूर गरेको ठहर भइसकेको देखिएकाले कम विगो कायम गरी फैसला भए उपर आयोगको मिति २०६३।४।३ को निर्णयानुसार पुनरावेदन नगर्ने निर्णय गरियो ।

४. वादी नेपाल सरकार प्रतिवादी चन्द्रकुमार तामाङ भएको नक्कली परिचयपत्र बनाई नपाएको ओहदा प्रयोग गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीलाई सफाइ दिने ठहऱ्याई मिति २०६३।३।२ मा फैसला भएकोमा प्रतिवादीले प्रहरी निरीक्षकको पोशाक लगाएको फोटो सहितको परिचयपत्र घरमा राखेकोसम्म देखिएको तर सो परिचयपत्रको आधारमा कुनै सुविधा प्राप्त गरेको भन्ने कतैबाट पुष्टि हुन नआएको; बरामद भएको परिचयपत्र विदेशमा गई काम गर्ने उद्देश्यले राजु थापा भन्ने व्यक्तिले बनाइदिएको भनी बयान गरेबाट त्यसको प्रयोग गैरकानूनी रूपमा भइसकेको रहेछ भन्ने पुष्टयाइँ हुन नआएको; प्रतिवादी कुनै राष्ट्रसेवक वा ओहदाधारी नभएको; नक्कली परिचयपत्र बनाइदिने भनिएका राजु थापा भन्ने व्यक्तिलाई प्रतिवादी पनि नबनाइएको र निज राष्ट्रसेवक हुन् भन्ने पुष्टि हुन नसकेको; प्रतिवादीले राष्ट्रसेवक हुँ भनी नक्कली परिचयपत्र नदेखाएको, कुनै सुविधा प्राप्त नगरेको, अरूलाई विश्वास दिलाउने काम गरेको पनि नपाइनुको साथै त्यस्तो मनसायले कुनै काम कुरा गरेको वा देखाएको समेत नपाइएकोले आयोगको मिति २०६३।४।९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

५. बादी नेपाल सरकार प्रतिवादी राम प्रवेश श्रीवास्तब भएको नक्कली प्रमाणपत्र पेश गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीलाई सफाई दिने ठहऱ्याई मिति २०६३।२।२८ मा फैसला भएकोमा प्रतिवादीले आफैले परीक्षा दिई पास गरेकोले सक्कली प्रमाणपत्र हुन भनी कसुरमा इन्कार रही बयान गरेको, विवादित मध्यमा तहको प्रमाणपत्र विहार विद्यालय परिक्षा समिति पटनाको पत्राङ्क नि. ३६७०, दिनाङ्क ३१.१२.२००४ को पत्रसाथ प्राप्त प्रमाणीकरण विवरणमा सि.नं. ४० को अभियुक्ति महलमा 'वर्ष १९८४ क्रमाङ्क ४८४ का व्यवहार नहि कियागया है, प्रस्तुत प्रमाणपत्र सही नही है' भन्ने व्यहोरा उल्लेख भई आएपछि प्रतिवादीले उक्त व्यहोरालाई संशोधन गरी सम्बन्धित समितिले उच्च माध्यामिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरलाई लेखेको मिति ३०.५.२००५ को पत्राङ्क ५३७९ को पत्र झिकाई प्रमाण लगाउन माग गरी अदालतमा निवेदन दिएको देखिएको, अदालतको आदेश बमोजिम उच्च माध्यामिक शिक्षा परिषदलाई पत्र लेखी पठाउँदा छात्रका नाम राम प्रवेश श्रीवास्तब, रोलकोड ५२१८ क्रमाङ्क ४८४ उल्लेख गरी तृतीय श्रेणीमा पास गरेको भनी उल्लेख भई विहार विद्यालय परिक्षा समितिबाट मिति ३० मई २००५ मा सक्कलपत्र प्राप्त भई मिसिल सामेल रहेको, उक्त दुवै सत्यापन मध्ये कुन सत्यापन विवरण आधिकारिक हो, जहाँ जे बुझ्नु पर्छ बुझी जवाफ पठाई दिनु भनी अदालतबाट पत्र पठाएकोमा एउटै विषयमा फरक फरक जवाफ प्राप्त भै परिषदको टोली मार्फत अनुरोध गर्दा निज राम प्रवेश श्रीवास्तब, ३८९ अङ्क प्राप्त गरी तृतीय श्रेणीमा उर्त्तिण गरेको पत्र प्राप्त भएकोले परिषदको मिति २०६२।१२।१० को च.नं. १२२९ को पत्र साथ पठाइएको विहार विद्यालय परिक्षा समितिको पत्र आधिकारिक देखिन्छ भनी उच्च माध्यामाकि शिक्षा परिषद, सानोठिमि, भक्तपुरको च.नं. १४२१ मिति २०६३।१।२८ को पत्र प्रतिलिपि मिसिल संलग्न देखिनुको साथै अदालतबाट समेत उक्त पत्र स्वीकार गरेको व्यहोरा ठहर खण्डमा उल्लेख

भएको पाइएको, उक्त पछिल्लो सत्यापन पत्रलाई नक्कली हो भन्न सक्ने अवस्था नरहेको, यसरी पटक पटक प्रमाणीकरणको अवस्थाबाट समेत प्रतिवादीको कसुर प्रमाणित गर्न सकिने अवस्था नदेखिएको, जुन निकायबाट प्रतिवादीको प्रमाणपत्र नक्कली हो भनी सत्यापन गरेकोछ सोही निकायबाट कार्यालयको भूलबाट त्यस्तो लेखिन गएको भनी पत्र संशोधन गरी प्रतिवादीको योग्यता तृतीय श्रेणीमा उर्त्तिण भएकै हो भनी लेखि पठाई अदालतबाट प्रमाण समेत ग्रहण गरी सकेको अवस्थामा पुनरावेदन गर्दा पनि सफलता हासिल हुने संभावना नरहेकोले आयोगको मिति २०६३।४।१५ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

६. वादी नेपाल सरकार प्रतिवादी कुलबहादुर कुँवर समेत भएको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट २०६३।३।१८ मा फैसला हुँदा प्रतिवादीमध्येका कुलबहादुर कुँवरले तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ७(२) बमोजिम, प्रतिवादी कुशाराम घिमिरे, विनोद श्रेष्ठ, अनिल श्रेष्ठ र मिलन श्रेष्ठले सोही ऐनको दफा ८ बमोजिमको र प्रतिवादी दुर्गादत्त सिग्देल, कृष्णप्रसाद पाठक र शिवप्रसाद अधिकारीले सोही ऐनको दफा १६(क) बमोजिम कसूर गरेकोले जग्गा जफत हुने ठहर भएको, प्र. मध्येका कुलबहादुर कुँवर, कुशाराम घिमिरे, विनोद श्रेष्ठ, अनिल श्रेष्ठ र मिलन श्रेष्ठलाई ऐ.ऐनको दफा ८ र २९ बमोजिम जनही रु. ५०००।- (पाँच हजार) का दरले जरिवाना हुने र अन्य प्रतिवादीहरू कृष्णप्रसाद पाठक, चक्र चुडामणी पौडेल, नारायणप्रसाद उपाध्याय सापकोटा, शिवप्रसाद अधिकारी र दुर्गादत्त सिग्देललाई सोही ऐनको दफा १६(क) बमोजिम जनही रु. २५००।- (दुई हजार पाँच सय) जरिवाना हुने ठहरी फैसला भएकोमा प्रतिवादीहरूले कसूर गर्दा भ्रष्टाचार निवारण ऐन, २०१७ प्रचलनमा रहेको र मुद्दा दायर गर्दाको समयमा भ्रष्टाचार निवारण ऐन, २०५९ लागू भई दुवै ऐनका सम्बद्ध दफाहरू उल्लेख गरी आरोपपत्र दायर गर्दा तत्काल प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ बमोजिम सबै प्रतिवादीहरूलाई सजाय भएको देखिएको, प्र. कुलबहादुर, विनोद श्रेष्ठ र शिवप्रसाद अधिकारीले अदालतबाट तोकिएको तारेख गुजारी बसेकाले निजहरूले पुनरावेदन गर्न नपाउने हुँदा फैसला अन्तिम भइसकेको, प्रतिवादीहरू सबैलाई सामान्य जरिवाना भइसकेको, विवादित जग्गा जफत गरी नेपाल सरकारका नाउँमा दर्ता गर्ने भन्ने फैसलामा उल्लेख भएको, प्र.कृष्णप्रसाद पाठक र चक्र चुडामणी पौडेल समेतलाई मतियार ठहऱ्याई मुख्य कसूरदारलाई भएको जरिवानाको आधा रु. २५००।- (दुई हजार पाँच सय) जरिवाना समेत भएको देखिँदा जरिवाना कम भयो भनी पुनरावेदन गरिरहनुपर्ने अवस्था नदेखिएकाले मिति २०६३।५।३० को आयोगको निर्णयानुसार पुनरावेदन नगरिएको ।

७. वादी नेपाल सरकार प्रतिवादी मोतीलाल भक्त खवास समेत भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीमध्ये मोतीलाल भक्त खवासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको, अर्का प्र. रामचन्द्र गड्तौला तथा चक्रबहादुर कार्कीले सोही ऐनको दफा २२ अन्तर्गतको कसूर गरेको ठहऱ्याई प्रतिवादी मोतीलाल भक्त खवास र चक्रबहादुर कार्कीबाट जनही १५,००,०००।- (पन्ध्र लाख) का दरले बिगो भराई बिगो बमोजिम जरिवाना गर्ने र दुई वर्ष ६ महिना कैद गर्ने र अर्का प्र. रामचन्द्र गड्तौलालाई ऐ.ऐनको दफा २२ बमोजिम आधा बिगो रु. ७,५०,०००।- जरिवाना गरी एक वर्ष तीन महिना कैदसमेत हुने ठहर गरी फैसला भएकोमा प्रतिवादीहरूले आरोपपत्र दाबी बमोजिम कसूर गरेको ठहर भएको देखिएको, बैंकको हानी नोक्सानी बिगो रु. ३०,००,०००।- दाबी बमोजिम नै बैंकलाई भराई दिने ठहर भएको, बैंकलाई हानी नोक्सानी भएको उक्त बिगो प्र.मोतीलाल भक्त खवास र चक्रबहादुर कार्कीबाट जनही रु. १५,००,०००।- (पन्ध्र लाख) बिगो भराई सोही बमोजिम जरिवाना गर्ने ठहर भएको, प्रतिवादीमध्येका रामचन्द्र गड्तौलालाई समेत दाबी बमोजिम कसूर ठहर भई कैद तथा

रु. ७,५०,०००।- जरिवाना गरेको देखिएकोले जरिवानाको रकम कम भयो भनी उक्त फैसला उपर पुनरावेदन गरिरहनुपर्ने नदेखिएकोले आयोगको मिति २०६३।६।८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

८. वादी नेपाल सरकार प्रतिवादीहरू मोतीलाल भक्त खवाससमेत भएको भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट प्रतिवादीमध्ये लक्ष्मणकुमार पोखरेल र मोतीलाल भक्त खवासले भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १७ को कसूर गरेको, अर्का प्र.रामचन्द्र गड्तौलाले सोही ऐनको दफा २२ अन्तर्गतको कसूर गरेको ठहऱ्याई जनही रु. ७५,०००।- (पचहत्तर हजार) का दरले बिगो भराउने र निजलाई सोही ऐनको दफा १७ र दफा ३(१)(ग) अनुसार चार महिना कैद र बिगो रु. ७५,०००।- (पचहत्तर हजार) जरिवाना हुने गरी र अर्का प्रतिवादी रामचन्द्र गड्तौलालाई सोही ऐनको दफा २२ बमोजिम दुई महिना कैद र रु. ३७,५००।- (सैंतीस हजार पाँच सय) जरिवानासमेत हुने ठहर गरी फैसला भएकोमा प्रतिवादीहरूले आरोपपत्र दाबी बमोजिम कसूर गरेको ठहर भएको देखिएको, बैंकको हानि नोक्सानी बिगो रु. १,५०,०००।- भएकोमा प्रतिवादीहरू मोतीलाल भक्त खवास र लक्ष्मणकुमार पोखरेलबाट जनही रु. ७५,०००।- (पचहत्तर हजार) का दरले भराई दिने ठहर भएको पाइएको, प्रतिवादीमध्ये रामचन्द्र गड्तौलालाई समेत दाबी बमोजिम कसूर ठहर भई कैद तथा बिगोको आधा ३७,५००।- (सैंतीस हजार पाँच सय) जरिवानासमेत गरेको देखिएबाट जरिवानाको रकम कम भयो भनी पुनरावेदन गरिरहनुपर्ने अवस्था नदेखिएकाले आयोगको मिति २०६३।६।८ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

९. वादी नेपाल सरकार प्रतिवादी पुरुषोत्तम बरालसमेत भएको बदनीयतपूर्वक कर्जा प्रवाह गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा प्रतिवादीहरूमध्ये सबैले आरोपपत्र माग दाबी बमोजिम कसूर गरेको ठहर भई बिगोको हकमा कम बिगो कायम गरी मिति २०६३।४।२२ मा फैसला भएकोमा प्रतिवादीहरू पुरुषोत्तम बराल, श्यामबहादुर पोखरेल र पुनदेवप्रसाद दास सबैले आरोपपत्र दाबी बमोजिम कसूर गरेको ठहर भएको, बिगोको हकमा नक्कली कागजातका आधारमा प्र.मध्येका पुनदेव प्रसाद दासले किर्ते घर जग्गा धितो देखाई रु. ६,५०,०००।- लिए तापनि निजले सक्कली कागजातका आधारमा लिएको ऋण रु १,५०,०००।- मा बदनीयत नदेखिएको हुँदा सो बिगो कटाई बाँकी बिगो ठहर भएको लाई अन्यथा भन्न सकिने अवस्था नदेखिएको, प्रतिवादी पुनदेव प्रसाद दासबाट बिगो रु. १३,९७,३१०।- सम्म बैंकलाई हानि नोक्सानी पुऱ्याएको ठहर भई सो बिगो भराउने र निजबाट असुल हुन नसकेको बिगो अन्य प्रतिवादीहरूबाट भराउने तथा बिगो बमोजिम जरिवानासमेत हुँदा अदालतको फैसला उपयुक्त नै देखिएको, प्रतिवादीमध्ये बैंकका शाखा प्रबन्धक पुरुषोत्तम बराल र कर्जा इन्चार्ज श्यामबहादुर पोखरेललाई कसूर ठहर भई जनही रु. ५,०००।- (पाँच हजार) जरिवानासमेत भएको पाइएको, मुख्य प्रतिवादी पुनदेव प्रसादबाट असुल हुन नसकेको बिगो मात्र पुरुषोत्तम बराल र श्यामबहादुर पोखरेलबाट असुल गरिपाउने मागदाबी भएको हुँदा पूरै बिगो बराबर जरिवाना हुनुपर्छ भनी मुख्य प्रतिवादीबाट बिगो तथा जरिवाना असुल गर्ने फैसला भइसकेको अवस्थामा पुनरावेदन गर्नुपर्ने औचित्य नभएकोले आयोगको मिति २०६३।७।१ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१०. वादी नेपाल सरकार प्रतिवादी खुमबहादुर खड्का समेत भएको बक्राहा नदी नियन्त्रणसम्बन्धी कार्य गर्दा अख्तियारको दुरुपयोग गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट सम्पूर्ण प्रतिवादीहरूले अभियोग मागदाबीबाट सफाइ पाउने ठहऱ्याई मिति २०६३।३।४ गते गरेको फैसलामा उल्लेखित तर्क एवं बुँदाहरूसँग असहमत हुने अवस्था नदेखिनुको साथै

पुनरावेदन गर्दा पनि सफलता प्राप्त हुने सम्भावना नरहेकोले उक्त मुद्दामा आयोगको मिति २०६३।७।१४ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

११. वादी साझा विकास शाखा, काठमाडौंको पत्रले नेपाल सरकारविरुद्ध प्रतिवादी जगन्नाथ नेपाल भएको संस्थाको रकम हिनामिना गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा पुनरावेदन अदालत, पाटनबाट मिति २०६३।३।१३ मा प्रतिवादीले हिनामिनाको कसूर गरेको ठहऱ्याई बिगोको हकमा रु. २४३५९।२८ सम्म हिनामिना गरेकोले सोही बमोजिम जरिवाना गरी बिगो समेत भराउने ठहऱ्याई फैसलामा प्रतिवादी जगन्नाथ नेपाललाई अभियोग दाबी बमोजिम कसूर गरेको ठहर भई फैसला भएको, बिगोको हकमा दाबीको बिगो रु. १,०२,५१०।७० भए तापनि उक्त बिगो मध्ये रु. ७८,१५१।२५ पैसा जर्ती मिनाहा हुने देखिएको र बिक्री कारोबारको आधा प्रतिशत जर्ती मिनाहा पाउने भन्ने साझा संस्थाहरूको आर्थिक तथा प्रशासनिक नियम, २०३७ को व्यवस्था रहेको पाइनुका साथै प्रतिवादीले पूरै रकम हिनामिना गरेको हो भन्ने स्पष्ट हुने अन्य प्रमाण पनि संकलन नभएको, प्रतिवादीले हिनामिना गरेको रकमसम्म मात्र बिगो कायम हुने देखिएको, मल तथा बोरा सडिगली गएको भन्ने सम्बन्धमा सम्बद्ध कानून बमोजिम मिनाहा हुने नहुने भन्ने यकिन हुने गरी दाबी समेत लिइएको नपाइएकोले बिगो कम ठहर भए उपर पुनरावेदन गर्दा पनि सफलता प्राप्त हुने अवस्था नदेखिएकाले आयोगको मिति २०६३।८।४ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१२. वादी नेपाल सरकार प्रतिवादी तेजराज ढकालसमेत भएको झूठ्ठा विवरणको आधारमा कर्जा लिनु दिनु गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६३।६।३ मा सबै प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई फैसला भएकोमा प्रतिवादी कोमलबहादुर खत्रीको बयानबाट कर्मचारीहरूले कुनै रकम लिनुखानु गरी गराई ऋण लिए दिएको भन्ने नदेखिएको, प्रतिवादीले धितो राखेको ०-४-० जग्गामध्ये ०-३-० जग्गा खोलाले खाई र सडकमा परे पनि बाँकी ०-१-० आना रहेको भन्ने नापीको पत्रबाट देखिएको, थप सुरक्षण बापत कोमलबहादुर खत्रीका दाजु नरबहादुर खत्रीका नाउँको ओखलढुङ्गा जिल्ला गामनाको ११० रोपनी जग्गा धितो रही रोक्का रहेको भन्ने मालपोत कार्यालयको पत्रबाट देखिन आएको, बैंकले कुनै धितो कच्चा ठहरे थप धितो लिन पाउने कानूनी व्यवस्था अनुसार प्रक्रिया पूरा गरेको, प्र.कोमलबहादुर खत्रीले ऋण लिएको रु. ६ लाखमध्ये रु.४०,०००।- बुझ्काई सकेको देखिएको, आफूले लिएको ऋण तिर्न बुझ्काउन प्रतिवादी तयार नै रहेकोबाट उक्त फैसला उपर पुनरावेदन गरेमा पनि सफलता हासिल हुने सम्भावना नदेखिएकोले आयोगको मिति २०६३।९।११ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१३. वादी नेपाल सरकार प्रतिवादी प्रेमप्रसाद कोइरालासमेत भएको बैंकको अभिलेख प्रमाण च्याती भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट मिति २०६३।६।३ मा प्रतिवादीहरू मध्ये प्रेमप्रसाद कोइरालालाई कसूरदार ठहर गरी अर्का प्रतिवादी मोतीलाल चौधरीलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई फैसला भएकोमा दाबी बमोजिम हिनामिना तथा हानि नोक्सानी गरेको रकम अनुसार प्रतिवादी प्रेमप्रसाद कोइरालालाई कसूरदार ठहऱ्याई कैद, जरिवाना र बिगो भराउने फैसला भएको, प्रतिवादीमध्ये मोतीलाल चौधरी मिति २०५९।३।५ गते बाबिया शाखामा काजमा खटाइएको भन्ने फैसलामा उल्लेख भएको, निज मोतीलाल मिति २०६०।२।२२ मा कार्यालयमा हाजिर भएको भन्ने बैंकको मिति २०६०।५।२८ च.नं. २६९ को पत्र मिसिल संलग्न रहेको, कागज च्यातिएको भनिएको मिति २०६०।३।९ गते कार्यालयमा नभई इटहरीस्थित एभरेस्ट गेस्ट हाउसमा बास बसेको भनी गेस्ट हाउसका मालिक सोमनाथ खतिवडाले अनुसन्धानको

क्रममा कागज गरेको पाइएको, उक्त दिन प्रतिवादी मोतीलाल अफिसमा नबसेको थाहा पाए भनी कल्पना भट्टराईले अदालतमा बकपत्र गरेको देखिएको, पूर्वाञ्चल विकास बैंकको प्रतिवेदनबाट पनि यी प्रतिवादी मोतीलाल चौधरीसमेतले रेकर्ड च्यातेको भन्ने नदेखिएको, २०५८ सालदेखि Balance नमिलेको अवस्थामा यी प्रतिवादी मिति २०५९।३।५ देखि मात्र उक्त कार्यालयमा हाजिर रहेको देखिएको, प्रतिवादी मोतीलालको जिम्मामा कार्यालयको साँचो रहेको भन्ने कतैबाट पुष्टयाइँ हुन नआएको, निज प्रतिवादी कसूरमा अनुसन्धान तथा अदालतसमेतमा इन्कार रहेको देखिएबाट प्रतिवादी मोतीलाललाई सफाइ दिई भएको फैसला उपर आयोगको मिति २०६३।९।११ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१४. वादी नेपाल सरकार प्रतिवादी चतुर्भुज भट्टसमेत भएको रिसवत लिने दिने गरी भ्रष्टाचार गरेको भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरूलाई अभियोग दाबीबाट सफाइ दिने ठहऱ्याई मिति २०६३।७।१३ मा फैसला भएकोमा कृषि सामग्री कम्पनीले क्लानपोर्ट कम्पनी मार्फत मल भिकाउने सम्बन्धमा भएको सम्झौता बमोजिम तोकिएको म्यादभित्र मल सिपमेण्ट गर्न नसकेकाले मल खरिद प्रक्रिया समाप्त गर्ने निर्णयानुसार पर्फम्यान्स बण्ड जम्मा गराई पाउनका लागि २ जुन २००३ मा हिमालयन बैंकलाई पत्र लेखिसकेको अवस्थामा प्रतिवादीलाई २१ जुलाई २००३ मा प्रतिवादीमध्येको इन्द्रकुमार थापाले रु. १,५०,०००।- को चेक काटी दीपक भट्ट मार्फत घूस रिसवत बापतको रकम दिनुपर्ने कुनै प्रयोजन बाँकी रहेको नदेखिएको, प्रतिवादी चतुर्भुज भट्टलाई प्रतिवादीमध्येको इन्द्रकुमार थापाले विभिन्न समयमा घूस रिसवत दिएको भन्ने कुनै प्रमाण पेश हुन नसक्नुको साथै चेक मार्फत घूस दिएको भनेको रकम पनि सोझै चतुर्भुज भट्टले लिएको नभई दीपक भट्टको नाममा चेक देखिए तापनि मल आपूर्ति गर्ने सम्झौताको प्रयोजन नै समाप्त भएपछि लिएको देखिँदा सो रकम घूस रिसवत भन्ने पुष्टयाइँ हुन सकेको नपाइएको, प्रतिवादीमध्येको इन्द्रकुमार थापा सहअभियुक्त भएका व्यक्तिले गरेको पोल अन्य स्वतन्त्र सबुद प्रमाणबाट पुष्टि हुन नसकेको हुँदा प्रमाण लाग्ने अवस्था नरहेको, पर्फम्यान्स बण्ड हिमालय बैंकले फिर्ता नपठाइदिएकोले कृषि सामग्री कम्पनीले का.जि.अ.मा पर्फम्यान्स बापतको रकम भराई पाउँ भनी मुद्दा दायर गर्दा सो अदालतबाट रकम भराई पाउने गरी मिति २०६३।१।१२ मा फैसला भएको देखिएको, हिमालय बैंकले क्लानपोर्ट इन्टरनेशनलाई भुक्तानी गरेको एल.सी.को ऋण रकम कृषि सामग्री कम्पनीबाट भराई पाउँ भनी ऋण असुली न्यायाधिकरण समक्ष मुद्दा दायर गरेकोमा सो रकम कृषि सामग्री कम्पनीबाट भराउन नपर्ने भनी भएको फैसला उपर परेको पुनरावेदन समेत सदर भई पुनरावेदन ऋण असुली न्यायाधिकरणबाट मिति २०६२।८।२९ मा निर्णय भएको पाइएको, प्रतिवादी दीपक भट्ट प्रतिवादी चतुर्भुज भट्टको छुट्टी भिन्न भएको छोरा भए तापनि मल आयात निर्यातको कार्यमा निजको कुनै संलग्नता रहेको पुष्टि गराउने सबुद प्रमाण मिसिल संलग्न नरहेको, कृषि सामग्री कम्पनीको तर्फबाट मल आयात गर्न भनी क्लानपोर्ट कम्पनीलाई कुनै रकम भुक्तानी नै नभएकोले घूस प्राप्त गर्ने अवस्था नदेखिएको, प्रतिवादीहरू आरोपित कसूर गरेमा अनुसन्धान तथा अदालतमा समेत इन्कार रहेको पाइएबाट प्रस्तुत मुद्दामा प्रतिवादीहरूलाई सफाइ दिए उपर आयोगको मिति २०६३।१०।१९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१५. वादी नेपाल सरकार प्रतिवादी प्रभात दाहाल भएको राजस्वसमेत मस्यौट गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा प्रतिवादीलाई विशेष अदालत, काठमाडौंबाट अभियोग दाबी बमोजिम कसूरदार ठहऱ्याई बिगो जम्मा रु. २,४०,२०४।६० पैसा मात्र कायम गरी जरिवाना गरेको र ६ महिना कैदको सजाय गर्ने गरी फैसला भएकोमा प्रतिवादीले अभियोग मागदाबी बमोजिम कसूर गरेको ठहर भएको, बिगोको हकमा यकिन रूपमा कति रकम हिनामिना भएको भन्ने नदेखिएको, प्रतिवादीले

निजको कमजोरीले संस्थानको राजस्वमा कमी आएको रु. २,४०,२०४।६९ रकम तिर्न बुझाउन मन्जुर गरेको रकमसम्म हिनामिना गरी मस्यौट गरेको देखिन आएको पाइएबाट कम बिगो ठहर गरी मागदाबी भन्दा कम कैद सजाय गरे सम्बन्धमा आयोगको मिति २०६३।११।१४ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१६. वादी नेपाल सरकार प्रतिवादी लालनारायण सिंह भएको राजस्व हिनामिना गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा प्रतिवादीलाई विशेष अदालत, काठमाडौंबाट अभियोग दाबीबाट सफाइ दिने गरी फैसला भएकोमा प्रतिवादी लालनारायण सिंह वन उपभोक्ता समूहबाट भ्याट बापतको रकम बुझी लिई बैंकमा कम रकम दाखिल गरी भौचर किर्ते गरेको कुरामा अनुसन्धानको क्रममा र अदालतमा बयान गर्दा इन्कार रहेको पाइएको, चारेपानी रानी ओडार सामुदायिक वन उपभोक्ता समूहले बाहिर काठ निकासी गरे बापत सरकारलाई बुझाउनु पर्ने मूल्य अभिवृद्धि कर बापतको जम्मा रकम रु. ४१,४६४।- मध्ये १४६४।- पहिले नै बैंक दखिला भइसकेको बाँकी रकम रु. ४०,०००।- पछि बैंक दाखिला भई पूरा रकम दाखिल भइसकेको देखिएको, गहते सामुदायिक वन उपभोक्ता समूहले सरकारलाई मू.अ.क.बापत बुझाउनु पर्ने जम्मा रकम रु. २२,१३६।२४ रकममध्ये रु. १८५६।२४ पहिला नै र नपुग बाँकी रकमसमेत पछि पूरै बैंक दाखिला भएको देखिएको, वन उपभोक्ता समूहबाट प्राप्त मू.अ.क.बापतको रकम प्रतिवादीले बैंक दाखिला गर्न बाँकी रहेको भन्ने मिसिल संलग्न कागजातबाट नदेखिएको पाइएबाट प्रतिवादीलाई सफाइ दिए उपर आयोगको मिति २०६३।११।१४ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१७. पुनरावेदक डा.प्रभा बस्नेत विपक्षी आयोग भएको हानि नोक्सानी भएको रकम असुल गर्ने भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट आयोगले पुनरावेदकबाट हानि नोक्सानी भएको रकम असुल गर्ने भनी गरेको निर्णय बदर हुने ठहऱ्याई मिति २०६३।९।७ मा फैसला भएकोमा सो फैसला उपर पुनरावेदन गर्दा समेत सफलता प्राप्त हुने सम्भावना नभएको हुनाले आयोगको मिति २०६३।११।२९ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१८. वादी नेपाल सरकार प्रतिवादी कल्याणकुमार तिम्सिनासमेत भएको गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दा श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएकोमा उक्त अदालतबाट निज कल्याणकुमार तिम्सिनाले प्राप्त गरेको पैतृक सम्पत्ति सार्वजनिक सेवामा रहँदा आर्जन गरेको रकम एवं निजको आर्थिक कारोबारबाट निजको जीवनयापनको स्तर आय स्रोत र खर्चको हिसाबबाट अमिल्दो अस्वाभाविक नदेखिएको भन्ने आधारमा मिति २०६३।५।२७ मा अरोपित कसूरबाट सफाइ दिने गरी फैसला भएकोमा उक्त फैसला उपर पुनरावेदन गर्दा समेत सफलता प्राप्त हुने सम्भावना नदेखिएकोले आयोगको मिति २०६३।१२।२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

१९. वादी नेपाल सरकार प्रतिवादी किरणकुमार गौतमसमेत भएको गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दा श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएकोमा उक्त अदालतबाट निज किरणकुमार गौतमले प्राप्त गरेको पैतृक सम्पत्ति सार्वजनिक सेवामा रहँदा आर्जन गरेको रकम एवं निजको आर्थिक कारोबारबाट निजको जीवनयापनको स्तर आय स्रोत र खर्चको हिसाबबाट अमिल्दो अस्वाभाविक नदेखिएको भन्ने आधारमा मिति २०६३।५।२७ मा अरोपित कसूरबाट सफाइ दिने गरी फैसला भएकोमा उक्त फैसला उपर पुनरावेदन गर्दा समेत सफलता प्राप्त हुने सम्भावना नदेखिएकोले आयोगको मिति २०६३।१२।२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२०. वादी नेपाल सरकार प्रतिवादी भरतराज सुवेदीसमेत भएको गैरकानूनी सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरे भन्ने मुद्दामा विशेष अदालत, काठमाडौंबाट प्रतिवादीहरूले आरोपित कसूरबाट सफाइ पाउने ठहऱ्याई मिति २०६३।७।२ मा फैसला भई सो को जानकारी प्राप्त हुन आएकोमा निज समेतको सम्पत्ति आर्जनको स्रोतको मूल्यांकन गरी अदालतबाट भएको फैसला उपर पुनरावेदन गर्दा समेत सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६३।१२।१४ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२१. वादी नेपाल सरकार प्रतिवादी ताराप्रसाद शर्मा भएको नक्कली प्रमाणपत्र (भ्रष्टाचार) मुद्दामा श्री विशेष अदालत, काठमाडौंबाट प्रतिवादी ताराप्रसाद शर्मालाई आरोपित कसूरबाट सफाइ दिई भएको फैसलाको जानकारी प्राप्त हुन आएकोमा प्रतिवादीले मगध विश्वविद्यालयले त्रि.वि.वि.लाई लेखेको भनी अदालतमा पेश गरेको १३-६-२००२ को पत्रमा प्रतिवादीले समाजशास्त्रमा एम.ए.उत्तीर्ण गरेको भन्ने उल्लेख भएको र मगध विश्वविद्यालयले उक्त १३-६-२००२ को आफ्नो पत्र आधिकारिक हो भनी त्रि.वि.वि.लाई लेखेको भन्ने आधारमा अदालतबाट सफाइ दिइएको पाइएकाले अदालतले ग्रहण गरेको उक्त आधारलाई खण्डित गरी आयोगको दाबी पुष्टि गराउन सकिने अवस्था विद्यमान नदेखिएकाले आयोगको मिति ०६४।२।३० को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२२. वादी नेपाल सरकार प्रतिवादी बलराम शर्मा भएको रिसवत लिई भ्रष्टाचार गरेको भन्ने मुद्दामा श्री विशेष अदालत, काठमाडौंबाट आरोपपत्र खारेज हुने ठहऱ्याई भएको फैसलाको जानकारी प्राप्त हुन आएकोमा प्रतिवादीबाट रकम बरामद गर्ने अधिकारीहरू नै सो काम गर्न अख्तियार प्राप्त नभएको र छानबिन गर्ने अधिकारी (प्रमुख जिल्ला अधिकारी) समेत क्षेत्राधिकार प्राप्त अधिकारी नभएको भन्ने समेत आधारमा अदालतबाट आरोपपत्र खारेज गरेको पाइएकाले अदालतले ग्रहण गरेका आधारहरूलाई खण्डित गरी आयोगको दाबी पुष्टि गराउन सकिने अवस्था विद्यमान नदेखिँदा प्रस्तुत मुद्दामा आयोगको मिति २०६४।३।३ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२३. वादी नेपाल सरकार प्रतिवादी वसन्तराज कुँवरसमेत भएको गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी भ्रष्टाचार गरेको भन्ने मुद्दा श्री विशेष अदालत, काठमाडौंमा दायर गरिएकोमा उक्त अदालतबाट निज वसन्तराज कुँवरले प्राप्त गरेको पैतृक सम्पत्ति सार्वजनिक सेवामा रहँदा आर्जन गरेको रकम एवं निजको आर्थिक कारोबारबाट निजको जीवनयापनको स्तर आय स्रोत र खर्चको हिसाबबाट अमिल्दो अस्वाभाविक नदेखिएको भन्ने आधारमा मिति २०६३।१२।६ मा अरोपित कसूरबाट सफाइ दिने गरी फैसला भएकोमा उक्त फैसला उपर पुनरावेदन गर्दा समेत सफलता प्राप्त हुने सम्भावना नदेखिएकोले आयोगको मिति २०६४।३।१२ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

२४. वादी नेपाल सरकार प्रतिवादी बाबुराजा महर्जन भएको भ्रष्टाचार (नक्कली प्रमाणपत्र) मुद्दामा प्रतिवादीलाई आरोपित कसूरबाट सफाइ दिई विशेष अदालत, काठमाडौंबाट मिति २०६४।१।२८ मा फैसला भएकोमा प्रतिवादीको टेष्ट पासको चारित्रिक प्रमाणमा बाबुको नाम गंगालाल महर्जन उल्लेख भएकोमा निज प्रतिवादीले आयोग र अदालतसमेतमा बयान गर्दा आफ्नो बाबुलाई टोल छिमेकमा गंगालाल महर्जन भनेर पनि बोलाउने गरिएको खास नाम नन्दलाल महर्जन हो भनी उल्लेख गरेको, प्रतिवादी बसोवास गर्ने ल.पु.जि.ललितपुर उप-महानगरपालिका छ्याबहाल वडा

नं. २१ को वडा समितिको कार्यालयले गंगालाल महर्जन र नन्दलाल महर्जन भन्ने व्यक्ति एउटै हो भनी प्रमाणित गरिदिएको, प्रतिवादीको नागरिकताको प्रमाणपत्रमा बाबुको नाम नन्दलाल महर्जन नै उल्लेख भएको, ललितपुर उप-महानगरपालिकाबाट अनुसन्धानको क्रममा प्राप्त पत्रमा प्रतिवादीको बाबुको नाम नन्दलाल महर्जन भनी लेखिआएको पाइएको समेतबाट सफाइ दिई भएको फैसला उपर आयोगको मिति २०६४।३।२७ को निर्णयानुसार पुनरावेदन नगरिएको ।

मुद्दा नदोहोऱ्याउने निर्णय गरिएका मुद्दाहरूको संक्षिप्त विवरण

आ.ब. २०६३।०६४ मा विभिन्न अदालतबाट भएका फैसला उपर आयोगको चित्त बुझी मुद्दा नदोहोऱ्याउने निर्णय भएका मुद्दाहरूको संक्षिप्त विवरण देहायमा उल्लेख गरिएको छ:

१. वादी नेपाल सरकार प्रतिवादी बेदपुरण सलामी समेत भएको नक्कली मार्कसिट समेत बनाई भ्रष्टाचार गरे भन्ने मुद्दामा पुनरावेदन अदालत, सुर्खेतबाट वादी दावी खारेज गरी प्रतिवादीहरुलाई सफाई दिने ठहऱ्याई मिति २०६३।२।२ मा फैसला भएकोमा दुई तहको अदालतबाट वादीदावी खारेज गरी फैसला भै सकेको देखिएको, प्रतिवादीहरुले जानाजान सो कार्य गरी उक्त कागजातहरुबाट कुनै फाईदा पनि नलिएको भनि बयान गरेको पाइएको, वादी नेपाल सरकारका तर्फबाट तत्काल दावी लिँदा प्रचलित भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को मात्र दावी लिई दफा १२ लाई छाडेको अवस्थामा योग्यता सम्बन्धी अपराध ठहर हुने अवस्था नदेखिएको, मुद्दा दोहोऱ्याई पाउ भनि श्री सर्वोच्च अदालतमा निवेदन दर्ता गर्दा निस्सा प्राप्त हुने संभावना ज्यादै न्यून देखिएको समेतबाट आयोगको २०६३।४।४ को निर्णयानुसार मुद्दा दोहोऱ्याउन निवेदन नगरिएको ।

२. बादी नेपाल सरकार प्रतिवादी बंशिधर गुप्ता भएको भ्रष्टाचार मुद्दामा प्रतिवादीलाई अभियोग दावीबाट सफाई दिने गरी जिल्ला अदालत, दाङबाट मिति २०५८।५।७ मा भएको फैसला उपर पुनरावेदन अदालत, तुल्सीपुर दाङमा पुनरावेदन गरिएकोमा उक्त अदालतले जिल्ला अदालत, दाङ, तुलसीपुरको मिति २०५८।५।७ को फैसला सदर हुने ठहऱ्याई मिति २०६१।११।१७ मा फैसला गरेकोमा बादीका साक्षी चन्दप्रकाश देवकोटा र श्यामराज खनाल समेतले टेण्डर पारिदे भनी एकलाख रुपैया दिन लाग्यो भनी जाहेरवालाले भनेको सुनेपनि रकम दिएको देखेको भनी बकपत्र गरेका नपाईएको, वरामदी मुचुल्काका अन्य व्यक्ति तथा जाहेरवाला समेत अदालतमा उपस्थित भई वकपत्र गरेको नदेखिएको, टेण्डर खोल्ने अवस्थामा प्रमुख जिल्ला अधिकारी जस्तो मुख्य व्यक्तिलाई मात्र घुस दिन प्रयास गरेको भन्ने कथन विश्वासयोग्य नदेखिएको, भ्रष्टाचार निवारण ऐन, २०१७ को दफा ८ को कसूरमा कसैलाई गैरकानूनी लाभ पुऱ्याउने वदनियतले कसुर गरेको देखिनु पर्नेमा सो नदेखिएको, राष्ट्रसेवकलाई दुरुत्साहन गर्ने दावी हाल आएर मात्र लिने अवस्था नरहेको समेतबाट प्रस्तुत मुद्दामा आयोगको मिति २०६३।५।२७ को निर्णयानुसार मुद्दा दोहोऱ्याई पाउन निवेदन नगरिएको ।

३. वादी नेपाल सरकार प्रतिवादी देवीबहादुर रावल समेत भएको भ्रष्टाचार मुद्दामा पुनरावेदन अदालत, जुम्लाबाट सुरु कर्णाली अञ्चल अदालत, जुम्लाले प्रतिवादी देवीबहादुर रावललाई आरोपित कसुरबाट सफाइ दिने ठहऱ्याएको फैसला सदर हुने ठहऱ्याई मिति २०६३।७।१६ मा फैसला भएकोमा प्रतिवादी देवीबहादुर रावलले खाद्यान्न हिनामिना गरी भ्रष्टाचार गरेमा इन्कार रही बयान गरेको, खाद्यान्न हिनामिना भएको भन्ने समयमा प्रतिवादी देवीबहादुर रावल बिदामा बसेको देखिएको, खाद्यान्न हिनामिना गर्ने प्रतिवादीमध्येको देवीप्रसाद पौडेल लेखा तथा स्टोरको

काम गर्ने हुँदा खाद्यान्न हिनामिना भएको देखेपछि आवश्यक कारबाही अगाडि बढाउने कार्य प्रतिवादीमध्येको देवीबहादुर रावलबाट नै सुरु भएको देखिएको, लेखा तथा गोदामको जिम्मा यी प्रतिवादीको समेत हो भनी प्रतिवादी देवीप्रसाद पौडेलले भन्न लेखाउन नसकेको पाइएबाट मुद्दा दोहोऱ्याउन निवेदन गरेमा पनि सफलता प्राप्त हुने सम्भावना नदेखिएकाले आयोगको मिति २०६३।९।१२ को निर्णयानुसार मुद्दा दोहोऱ्याई पाउन निवेदन नगर्ने निर्णय गरिएको ।

परिच्छेद - ६
विभागीय कारवाही

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ अनुसार सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत गराउने वा कसूरको मात्रा अनुसार कारण र आधार खुलाई विभागीय सजाय गर्न अख्तियारवालालाई लेखी पठाउन सक्ने व्यवस्था छ । सोही अनुरूप आर्थिक वर्ष २०६३/२०६४ मा विभागीय कारबाहीका लागि विभिन्न निकायमा लेखी पठाइएको मन्त्रालयगत विवरण देहाय बमोजिम उल्लेख गरिएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. आन्तरिक राजस्व विभागका महानिर्देशकले राजस्व हानी नोक्सानी गरेको भनी मिति २०६२।१०।१४ मा काठमाण्डौं पोष्टमा प्रकाशित समाचार समेतका आधारमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।२० को निर्णयानुसार महानिर्देशक जस्तो जिम्मेवार पदमा रहेको व्यक्तिले आफ्नो पदीय दायित्व र उही विषयमा आफ्नो पूर्व राय एवं मन्त्रालय एवं आफ्नो विभागबाट भइसकेको निर्णय समेतलाई असंगत व्याख्या गरी उल्टाई निजले गरेको कार्यको प्रकृति समेतलाई गम्भीर रूपमा दृष्टिगत गरी प्रचलित निजामती सेवा ऐन नियमका आधारमा निज तत्कालीन महानिर्देशक (हाल सह-सचिव अर्थ मन्त्रालय) रणबहादुर श्रेष्ठलाई विभागीय सजाय गर्न अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

२. पू.ग्रा.वि.बैकका कर्मचारी ढुकुटीको रकम हिनामिना गरी मासी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान भई आयोगको मिति २०६३।९।२४ को निर्णयानुसार का.मु. एकाउन्टेण्ट राजन प्रसाद बरालले अपचलन गरेको रकमको बैंक नियमानुसार हुन आउने उच्चतम व्याजदरका हिसाबले हुन आउने रकम निजले पाउने तलबभत्ता तथा अन्य सुविधाबाट कट्टा गरी बैंक दाखिला गरी प्रस्तुत कसुरमा निजउपर बैंकको कर्मचारी नियमावली बमोजिम विभागीय कारबाही समेत गरी ३ महिनाभित्र आयोगलाई जानकारी गराउन र फिल्ड सहायक राजनारायण खड्कालाई अपचलन गरेको रु. ४३२००।- सो बैंकको नियमानुसार हुन आउने उच्चतम ब्याजदरबाट हुने रकम निजले पाउने तलबभत्ताबाट कट्टा गरी बैंक दाखिला गराई बैंकको कर्मचारी नियमावली बमोजिम विभागीय कारबाही समेत गरी ३ महिनाभित्र आयोगलाई जानकारी गराउन पूर्वाञ्चल ग्रामीण विकास बैंक विराटनगरलाई लेखी पठाइएको ।

(ख) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. जिल्ला पशु सेवा कार्यालयका तत्कालीन प्रमुख डा. गोविन्द झाले कार्यालय परिसर भित्र रहेका सिसौका रुख काटी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।२० को निर्णयानुसार डा. गोविन्द झालाई विभागीय कारबाही गर्न क्षेत्रीय प्रशासन कार्यालय हेटौंडालाई लेखी पठाइएको ।

(ग) जलस्रोत मन्त्रालय अन्तर्गत

१. नारायणी सिंचाइ व्यवस्थापन डिभिजन नं. ५ वीरगन्जमा कार्यरत अमिन राजेन्द्र महतोको सर्टिफिकेट नक्कली भएको, डि.ई रामचरित्र महतोले विना बोलपत्र तथा दरभाउ पत्र सोझै

संझौता गरी काम गराई अनियमितता गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।२।१४ र २०६३।३।१५ को निर्णयानुसार सि.डि.ई रामचरित्र महतोलाई विभागीय कारबाही गर्न जल स्रोत मन्त्रालयमा लेखी पठाइएको ।

२. मध्यमाञ्चल सिंचाइ डिभिजन कार्यालय प्रमुख सुगम्बर यादव, ई.श्याम नन्दन रायसँग मिलोमतो गरी टेण्डर दिँदा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१।२४ को निर्णयानुसार ओ.सी.हरु. कौशल किशोर ठाकुर, बुद्धिलाल विश्वकर्मा, बन्तिलाल लाहुत, चन्द्र किशोर प्रसाद शाह, परशुराम चौधरी, राम प्रसाद चौधरी, ई. श्यामनन्दन यादव, ई. ध्रुव नारायण प्रसाद, डिभिजन प्रमुख सुगम्बर यादवलाई विभागीय कारबाही गर्न जल स्रोत मन्त्रालयमा लेखी पठाइएको ।

३. स्टोरमा कार्यरत मनोज कुमार सिंह समेतले सामान बिक्री गरी भ्रष्टाचार गरेको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।६ को निर्णयानुसार आयोजनाका सम्बन्धित जिम्मेवार कर्मचारीहरूलाई विभागीय कारबाही गर्न नेपाल विद्युत् प्राधिकरणमा लेखी पठाइएको ।

४. महोत्तरी जलेश्वरको गिरिजा समिलमा विद्युत जडानमा अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।१ को निर्णयानुसार आवश्यक कारबाही गरी जानकारी गराउन नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।

(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. विभिन्न मालपोत कार्यालयहरूमा (काठमाडौं, ललितपुर भक्तपुर समेत) रजिष्ट्रेशन पास गर्दा कम राजस्व दाखिला गरी राजस्व मस्यौट गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको २०६३।४।१६ को निर्णयानुसार कम राजस्व रकम दाखिला गरी गराई जग्गा रजिष्ट्रेशन पास गर्ने, सरकारी राजस्व मस्यौट गर्ने कर्मचारीहरु विरुद्ध विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. घर र पूर्वाधार भएको जग्गामा घर र बाटो नभएको भनी कम मूल्यांकन गरी राजस्व ठगेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।१२ को निर्णयानुसार अमिन श्यामसुन्दर थापालाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

३. नयाँ नैकाप गा.वि.स.का सचिव महेश्वर घिमिरे समेतले सरकारी छाप कीते गरी रु १५ लाख ठगी गरेको उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।६।५ को निर्णयानुसार नापी अधिकृत हेमप्रसाद गौतम र अमिन पूर्णबहादुर खड्कालाई विभागीय कारबाही गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

(ङ) महालेखा नियन्त्रक कार्यालय अन्तरगत

१. मध्यमान्चल सिंचाइ डिभिजन कार्यालय प्रमुख सुगम्बर यादव, ई.श्याम नन्दन रायसँग मिलोमतो गरी टेण्डर दिँदा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१।२४ को निर्णयानुसार लेखा अधिकृत रुद्र कोइराला र लेखापाल लिलाबहादुर थापालाई विभागीय कारबाही गर्न म.ले.नि.का.मा लेखी पठाइएको ।

२. जिल्ला वन कार्यालय, झापाका लेखापाल धर्म प्रसाद पोखरेल समेतले भुक्तानी पाउने गरी बिल भर्पाइ बेगर खाताबाट चेकको भुक्तानी लिई निजी प्रयोग गरी, समयमै राजस्व तथा धरौटी रकम बैंक दाखिला नगरी अनुचित कार्य गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१६ को निर्णयानुसार ले.पा.धर्म प्रसाद पोखरेल र स.ले.पा. सोमनाथ अधिकारीलाई नि.से.ऐ.दफा ५९क(३) बमोजिम विभागीय कारबाही गर्न महा लेखा नियन्त्रकको कार्यालयमा लेखी पठाइएको ।

(च) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत

१. ले.पा. धर्मप्रसाद पोखरेल (जिल्ला वन कार्यालय झापा) स्वयं समेतले भुक्तानी पाउने गरी बिल भर्पाइ बेगर खाताबाट चेकको भुक्तानी निजी प्रयोग गरी, समयमै राजस्व तथा धरौटी रकम बैंक दाखिला नगरी अनुचित कार्य गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१६ को निर्णयानुसार जि.व.का.झापाका जि.व.अ.योगेन्द्र प्रसाद यादवलाई, नि.से.ऐ दफा ५९(ख) १ अनुसार विभागीय कारबाही गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

२. शिवपुरी राष्ट्रिय निकुन्ज ढुकुटी निर्माण र जीर्णोद्धार गर्दा प्रमुख संरक्षण अधिकृत समेतले आफ्नो जिम्मेवारी वहन नगरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।१० को निर्णयानुसार प्रमुख संरक्षरण अधिकृत र तीनचुले क्षेत्रका जिम्मेवार कर्मचारीहरूलाई विभागीय कारबाही गर्न वन मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

३. सहायक वन अधिकृत कृष्णहरि हुमागाईले नि.से.ऐन मिची बिदा दुरूपयोग गरी विदेशमा बसेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।९ को निर्णयानुसार मोरङ जिल्ला वन कार्यालयका सहायक वन अधिकृत कृष्णहरि हुमागाईलाई विभागीय कारबाही गर्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. प्राथमिक स्वास्थ्य केन्द्र गौंडा, लम्जुङका ल्या.अ. सुमन कुमार शाहले दोहोरो हाजिर गरी ल्याब टेक्निसियन कोर्ष अध्ययन गरी भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको २०६३।६।२९ को निर्णय अनुसार जनस्वास्थ्य निरीक्षक चेतबहादुर अधिकारीलाई विभागीय कारबाही गर्न स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको ।

२. सुरेन्द्र राय (आयुर्वेदिक शाखा सर्लाही) ले अनियमित रूपमा अध्ययन गरेको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।७।१६ को निर्णयानुसार कविराज सुरेन्द्र रायलाई विभागीय कारबाहीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।

३. निरोगिताको प्रमाणपत्रमा बुँदाहरू नभरी खाली चिकित्सकको दस्तखत गरी छोडेको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।८।१९ को निर्णयानुसार वरिष्ठ कविराज मुरली मनोहर रौनियार महाकाली अञ्चल आयुर्वेद औषधालय कञ्चनपुरलाई विभागीय कारबाहीको लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।

(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. जि.वि.स. खोटाङको रकम खर्च गर्दा भ्रष्टाचार गरेको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।८।२७ को निर्णयानुसार नि.स्थानीय विकास अधिकारी खगेन्द्र चुडाल र लेखापाल गजेन्द्र कुमार थापालाई ५ वर्ष बढुवा रोक्का गर्नका लागि स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

२. विराटनगर उपमहानगरपालिका कार्यालयका परिचर हेमबहादुर राईले राजस्व रकम बैंक दाखिला नगरी हिनामिना गरी भ्रष्टाचार गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।७।२९ को निर्णयानुसार आम्दानी र खर्चको हिसाब मासिक रूपमा बैंक स्टेटमेन्टसँग भिडाई लेखा दुरुस्त राख्न र राख्न लगाउनु पर्ने कर्तव्य र जिम्मेवारी रहेका विराटनगर उपमहानगरपालिका कार्यालयका लेखा शाखाका कर्मचारीहरू का.मु.लेखा शाखा प्रमुख बाबुराम भट्टराई, खरिदार नारायणप्रसाद गिरी, मुखिया शंकर भट्टराई र लेखापालन मिस्टर के.सी.ले आम्दानी र खर्चको हिसाब बैंक स्टेटमेन्टसँग मासिक रूपमा नभिडाएको कारणले गर्दा २०६१।७।२ देखि ऐ. २५ सम्ममा संकलन भएको राजस्व रकम रु. ११,६३,९७१।८६ समेत हिनामिना हुन गएको त्यस्तै राजस्व शाखाका वरिष्ठ कर अधिकृत भरत आचार्यले राजस्व रकम दाखिला गरेका बैंक भौचर तेरिज लगायतका कागजातहरु आफु समक्ष लामो समयसम्म पेश हुन नआएपछि खोजी नीति गर्नुपर्नेमा सो गरेको नदेखिएको त्यस्तै राजस्व शाखाकै कर्मचारीहरु खरिदार सन्तकुमार न्यौपाने र मुखिया अशोक गुप्ताले राजस्व रकम बैंक दाखिला गर्न पठाए पछि तत्कालै दाखिल गर्न लग्ने व्यक्तिसँग भौचरहरु माग गर्नुपर्नेमा सो गरेको नदेखिएबाट उल्लेखित सबै कर्मचारीहरूसँग माग गरिएको स्पष्टीकरणको निजहरूबाट पेश भएको स्पष्टीकरण सन्तोषजनक नदेखिँदा उल्लेखित सबै कर्मचारीहरूलाई प्रचलित कानूनले तोकेको पदीय दायित्व पूरा नगरी लापरवाही गरेको कसूरमा प्रचलित ऐन, नियम बमोजिम हँदैसम्मको विभागीय कारबाही र सजाय गर्न विराटनगर उपमहानगरपालिकामा लेखी पठाइएको ।

(झ) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. जिल्ला शिक्षा कार्यालयका तनहुँका तत्कालीन जिल्ला शिक्षा अधिकारी लोकप्रसाद उपाध्यायले शिक्षण अनुमति पत्रको परीक्षामा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगको मिति २०६३।४।२ को निर्णयानुसार निजलाई विभागीय कारबाही गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।

२. कम्प्युटर खरिद गाडी मर्मत लगायतका कार्यमा लमजुङ क्याम्पस प्रमुख डा.रवि पौडेलले अनियमितता गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।३ को निर्णयानुसार लमजुङ क्याम्पस प्रमुख डा.रवि पौडेललाई हदै सम्मको विभागीय कारबाही गर्न त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएको ।

३. जापान सरकार जाइकाबाट प्राप्त विद्यालय निर्माण सामग्री र नगद हिनामिना गरी जिल्ला शिक्षा कार्यालय वर्दियाका राकेश श्रीवास्तव समेतले भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।३।२५ को निर्णयानुसार जि.शि.अ. राकेश श्रीवास्तव, शा.अ. नवराज पौडेल, खरिदार सीताराम चौधरीलाई विभागीय कारबाही गर्न शिक्षा

तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।

४. शिक्षक सेवा आयोगबाट प्रकाशित वि. नं. १/०६१।०६२ माध्यमिक तृतीय शिक्षक पदको विभिन्न विषयको प्रश्नपत्र निर्माण, मोडरेसन, उत्तर पुस्तिका परीक्षण लगायतका कार्यहरूमा एकै व्यक्तिलाई संलग्न गराई आफन्तलाई उत्तीर्ण गराई भ्रष्टाचारजन्य कार्य गरे भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।७।१९ को निर्णयानुसार प्रश्नपत्र निर्माणकर्ताको आफ्नो नाता पर्ने कुनै व्यक्ति परीक्षामा सम्मिलित हुने सम्भावना भएमा सोको विवरण समेत खोली पठाउनुपर्ने व्यवस्था शिक्षक सेवा आयोग कार्यविधि २०५९ को अनुसूची ७ को दफा ९ मा भएको र कार्यविधिको उपयुक्त जानकारी निज डिल्लीराम रिमाललाई हुँदा हुँदै निज रिमालले सो विपरीत अनुचित कार्य गरेको देखिदा आगामी ५ वर्षसम्म त्यस आयोगबाट लिइने परीक्षासँग सम्बन्धित प्रश्न पत्र निर्माण, मोडरेशन एवं उत्तर पुस्तिका परीक्षण लगायतका कार्यहरूमा निज डिल्लीराम रिमाललाई संलग्न नगराउन शिक्षक सेवा आयोगलाई लेखी पठाइएको ।

५. कान्तिपुर आयुर्वेद कलेजका संचालक डा.योगेन्द्र ठाकुरले नेपाल संस्कृत विश्व विद्यालयसंग गैरकानूनी तालमेल गरी दुवै पक्षको आपसी मिलेमतोमा नेपाल संस्कृत विश्व विद्यालयले सम्बन्धन खारेज गरेको तथा डा. ठाकुरले पैसा हजम गरी फरार रहेकोले निज डा.ठाकुरलाई कारवाही गरी पाउं भन्ने उजूरी उपर अनुसन्धान हुंदा आयोगको मिति २०६४।२।३ को निर्णयानुसार तत्कालिन महेन्द्र संस्कृत विश्व विद्यालय हाल नेपाल संस्कृत विश्व विद्यालयका प्राचार्य निलमणी ढुङ्गाना र बाल्मिकी बिद्यापीठ, प्रदर्शनीमार्ग, काठमाडौंका प्राचार्य बिनोद कुमार पन्तले आफ्नो पदको प्रकृति अनुसार पालना गर्नुपर्ने कुनै पदीय कर्तव्य पालना नगरी अनुचित कार्य गरेको देखिंदा निजहरुलाई तत्काल कायम रहेको महेन्द्र संस्कृत विश्व विद्यालय नियमावली, २०४४ को नियम १९.८.२.१ सोही नियम बमोजिम विभागीय कारवाही गर्न अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(१) बमोजिम अख्तियारवाला समक्ष लेखी पठाईएको।

(ञ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तरगत

१. वैदेशिक रोजगारीका लागि कामदार पठाउने सम्बन्धमा ड्रिम आचिभर्स प्रा.ली.सँग मिलेमतो गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।१० को निर्णयानुसार निमित्त महानिर्देशक खेमराज कोइराला, निर्देशक माथवर कुमार अधिकारी, शाखा अधिकृत गणेश आचार्य र ना.सु पदम गड्तौलालाई विभागीय कारबाहीको लागि श्रम तथा यातायात मन्त्रालयलाई लेखी पठाइएको ।

परिच्छेद - ७
सचेत

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (१) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले पेश गरेको स्पष्टीकरण आयोगलाई सन्तोषजनक नलागेमा आयोगले निजलाई सचेत वा सजग गराउन सक्ने व्यवस्था गरिएको छ । सोही व्यवस्था अनुरूप आयोगबाट आर्थिक वर्ष २०६३/०६४ मा सचेत गराइएका राष्ट्र सेवकहरूको विवरण देहायमा उल्लेख गरिएको छ ।

(क) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. मकवानपुर इन्जिनियरिङ एण्ड म्यानुफयाक्चरिङ कम्पनीले अमलेखगञ्ज गा.वि.स.का पदाधिकारीहरूलाई आर्थिक प्रलोभनमा पारी सरकारी सम्पत्ति हिनामिना गरी नोक्सानी गरेका, दुधौरा खोलाको पश्चिमतर्फ रहेको वन जंगलको ढुंङ्गा झिकी वसोवास क्षेत्रलाई प्रतिकूल असर पारेकोले उक्त कम्पनीको रोडा ढुंङ्गा संकलनको कार्य रोक्का राखी सम्बन्धित मिलेमतो गर्नेहरूलाई सजाय गरी पाउँ भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।७।३० को निर्णयानुसार घरेलु तथा साना उद्योग कार्यालय बाराले मानव वस्तीबाट विकासका संरचनाहरू- सडक, पुलहरू, प्राकृतिक स्रोतको सीमाबाट कति दूरीमा उद्योगहरू राख्नु पर्ने हो सो को पालना भए नभएको, दर्ता गर्दाको अवस्थाको स्किम र सर्त अनुसार भए नभएको नियमित जाँच बुझ गरिएको नदेखिएको र अनुगमन गरेर सर्तहरू उल्लंघन भएको भए तत्काल सम्बन्धित उद्योगलाई कारबाही गर्नु पर्नेमा सर्तहरूको पालना भयो भएन भन्ने सम्बन्धमा तत्कालीन प्रमुख उद्योग अधिकृतहरू संवेदनशील नभएकोले तत्कालीन नि.प्रमुख उद्योग अधिकृत ज्ञानेन्द्र पराजुली, नि.प्रमुख उद्योग अधिकृत टीका प्रसाद भण्डारी र प्रमुख उद्योग अधिकृत ताराप्रसाद भट्टराई समेतलाई आफ्नो पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरी अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३ (छ) अनुसारको अनुचित कार्य गरेकोले निजहरूलाई सोही ऐनको दफा १२ (१) बमोजिम सचेत गराउन उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

(ख) गृह मन्त्रालय अन्तर्गत

१. जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट फुलमाया थापा क्षेत्रीको नाममा नेपाली राहदानी जारी गर्दा अनियमितता भएको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।८।५ को निर्णयानुसार तत्कालीन प्रशासकीय अधिकृत वेणीमाधव भट्टराईलाई भविष्यमा त्यस्तो गल्ती नदोहोर्‍याउन सचेत गराइएको ।

(ग) जलस्रोत मन्त्रालय अन्तर्गत

१. नेपाल विद्युत प्राधिकरणका निर्देशक युगल किशोर शाह समेतले विभागीय सजाय हुन यस आयोगबाट लेखी गए बमोजिम प्राधिकरणबाट सजायको आदेश दिए तापनि सो आदेश पुनरावलोकन समितिबाट बदर गरी सफाइ दिएको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।२।१० को निर्णयानुसार विनियम बमोजिम सजायको

आदेश दिन पाउने अधिकारीबाट ३ महिना भित्र सो सम्बन्धमा पुनः निर्णय गरी आयोगलाई जानकारी दिन तथा आयोगको निर्णयको प्रभाकारिता उपर नै प्रतिकूल असर पार्ने नियत राख्ने सम्बद्ध पदाधिकारी उपर अनुचित कार्य बापत कारबाही हुन सक्ने व्यहोरा तर्फ सम्बद्ध पदाधिकारीलाई सचेत गराउन नेपाल विद्युत् प्राधिकरणलाई लेखी पठाइएको ।

२. नेपाल विद्युत् प्राधिकरण अन्तर्गत म्याग्दी केन्द्रमा दिनानाथ दाहालले अनियमित कामहरू गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।१८ को निर्णयानुसार एकै पटक खरीद गरे हुनेमा टुका टुका लागत अनुमान तयार गरी पटक पटक कोटेशनबाट जिन्सी मालसामान खरीद गरेको कार्य अनुचित देंखिँदा अब आइन्दा यस्तो कार्य नदोहोऱ्याउन सो तातोपानी साना जल विद्युत् केन्द्रका तत्कालीन प्रमुखलाई सचेत गराउनका लागि नेपाल विद्युत् प्राधिकरणका कार्यकारी निर्देशकलाई लेखी पठाइएको ।

३. नेपाल विद्युत् प्राधिकरणका महाप्रबन्धक श्याम बहादुर श्रेष्ठले मोमेन्टो एपरेल्स झापाको विद्युत् महसुलको बक्यौता हुँदाहुँदै प्राधिकरणको नीति नियम विपरीत पुनः किस्ताबन्दीमा महसुल बुझाउन स्वीकृत गरेको निर्णय उपर परेको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।१८ को निर्णयानुसार विभागीय नीति विपरीत एक पटक किस्ताबन्दीमा बक्यौता बुझाउने स्वीकृति भइसकेकोमा किस्ताबन्दी रकम नबुझाईकन अर्को किस्ताबन्दीको सुविधा दिने गरी महाप्रबन्धक श्यामबहादुर श्रेष्ठले गरेको निर्णय विभागीय नीति निर्णय विपरीत भएकोले अब आइन्दा विभागीय नीति विपरीत निर्णय नगर्न भनी महा-प्रबन्धक श्यामबहादुर श्रेष्ठलाई सचेत गराउन जल स्रोत मन्त्रालयमा लेखी पठाइएको ।

(घ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. मध्यपश्चिमान्चल डिभिजन सडक कार्यालय, बाँके अन्तरगतको मगरवडी जयनगर सडकमा पर्ने राजकुलोको निर्माण कार्यमा डिजाइन स्टीमेट म्याद थपमा भ्रष्टाचार भयो भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।२८ को निर्णयानुसार का.मु. क्षेत्रीय निर्देशक देवन्द्र बहादुर ख्वाउजु, डिभिजन प्रमुख दिनेश प्रकाश बस्नेत, डिभिजन प्रमुख विष्णु प्रसाद श्रेष्ठ, ईन्जिनीयर भक्तराज शाक्य, ओभरसीयर प्रभुराम मालाकारलाई सचेत गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।

२. कटारी-ओखलढुंगा राजमार्गको टोक्सेलघाटमा पक्की पुल निर्माणका लागि बजेट छुट्याए तापनि सडक विभागले नक्सा पास नगरिदिएका कारण सो भेगका जनताले ओहोर-दोहोरको लागि डुँगा प्रयोग गर्ने गरेका र सुनकोशी नदीमा भएको डुंगा दुर्घटनामा परी १० जनाको मृत्यु भएको भनी मिति २०६२।७।१ को नेपाल समाचारपत्र दैनिकमा प्रकाशित समाचारमा आयोगको ध्यानाकर्षण भई अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।१४ को निर्णयानुसार नेपिकोनको एसोसियट कन्सल्टयान्ट इस्ट कन्सल्टले साइटको राम्रो अध्ययन नगरी डिजाइन तयार गरेको, एसोसियट कन्सल्टयाण्टले तयार गरेको डिजाइन नेपिकोनले चेक नगरेको, फिल्डमा कन्सल्ट्यान्टबाट ड्रिलिङको काम हुँदा सडक विभागको जिम्मेवार अधिकृत उपस्थिति नभएको, नेपिकोनले पेश गरेको डिजायन ठीकसँग चेक जाँच नगरी सडक विभागले स्वीकृत गरेको, डिजाइनमा फरक

देखिँदा पनि नेपिकोन र उसको एसोसियट इस्ट कन्सल्ट उपर कुनै कारबाही गरेको देखिन नआएको र योजना कार्यान्वयनमा संलग्न जिम्मेवार अधिकारीले आयोगमा दिएको बयान सन्तोषजनक नभएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ को उप दफा १ बमोजिम त्यस्ता अधिकृतहरूलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको ।

(ङ) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत

१. मकवानपुर इन्जिनियरिङ एण्ड म्यानुफयाक्चरिङ कम्पनीले अमलेखगञ्ज गा.वि.स.का पदाधिकारीहरूलाई आर्थिक प्रलोभनमा पारी सरकारी सम्पत्ति हिनामिना गरी नोक्सानी गरेका, दुधौरा खोलाको पश्चिमतर्फ रहेको वन जंगलको ढुङ्गा झिकी बसोबास क्षेत्रलाई प्रतिकूल असर पारेकोले उक्त कम्पनीको रोडा ढुंङ्गा संकलनको कार्य रोक्का राखी सम्बन्धित मिलेमतो गर्नेहरूलाई सजाय गरी पाउँ भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।७।३० को निर्णयानुसार अमलेखगञ्ज क्षेत्रमा क्रसर उद्योगहरूले ढुङ्गा, गिट्टी, बालुवा संकलन गर्दा वन क्षेत्र र खोलाको सिमाना अतिक्रमण गरेको, जिल्ला वन कार्यालयबाट तयार गरी वन विभागबाट स्वीकृत IEE मा उल्लेख भएको सर्त अनुसार कार्य नगरेको सम्बन्धमा वन क्षेत्रभित्र अनियमितता गरेमा वन ऐन नियमावाली अनुसारको कारबाही गर्ने कार्य वन कार्यालयले जिम्मेवारीपूर्वक गर्नु पर्नेमा क्रसर उद्योगहरूले दुधौरा खोलाबाट कसरी ढुङ्गा, गिट्टी, बालुवा संकलन गरिरहेका छन् भन्ने तर्फ अनुगमन गरिएको देखिन नआएको हुँदा तत्कालीन जिल्ला वन अधिकृत दीपक उपाध्याय र वर्तमान जिल्ला वन अधिकृत गणेश झा समेतलाई आफ्नो पदीय दायित्व जिम्मेवारीपूर्वक पूरा नगरेकोमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ दफा ३ (छ)) अनुसारको अनुचित कार्य गरेकोले निजहरूलाई सोही ऐनको दफा १२(१) बमोजिम सचेत गराउन लेखी पठाइएको ।

(च) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा भवन निर्माण एवं मेसिन उपकरण खरिद समेतमा भ्रष्टाचार भएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२५ को निर्णयानुसार लेखा अधिकृत रामभक्त खड्कालाई सचेत गराउन वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा लेखी पठाइएको ।

(छ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. काठमाण्डौ महानगरपालिका वडा नं १० नयाँ बानेश्वरमा मापदण्ड विपरीत नक्सा पास गराई निर्माण कार्य गरे भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार सुरेश प्रकाश आचार्य, नगर नियोजकलाई सचेत गराउन स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

२. संयुक्त आवासको भवन निर्माण गर्दा साविक संगम विल्डर्स एण्ड डेभलोपर्स प्रा.लि. का.म.न.पा. कुलेश्वर १४ समेतले अनियमित काम गरे भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।११ को निर्णयानुसार प्राविधिक प्रतिवेदन तयार गर्ने जुनियर ईन्जिनीयर उपेन्द्रलाल मास्के र वडा अध्यक्ष नानी मैया महर्जनलाई अब आइन्दा यस्तो काम नगर्न सचेत गराई

पठाइएको । संगम विल्डर्सको प्राविधिक प्रतिवेदन तयार गर्ने वडा अध्यक्ष बद्रीबहादुर थापा र जुनियर ईन्जिनीयर शंखनारायण श्रेष्ठ गोपाल डेभलोपर्स प्रा.लि. को प्राविधिक प्रतिवेदन तयार गर्ने रत्न प्रसाद जोशीलाई सचेत गराउन लेखी पठाइएको ।

३. काठमाण्डौं महानगरपालिका वडा नं. ११ कि.नं. ८२५ मा रहेको पुरातात्विक महत्वको नारायण मन्दिर परिसरमा टहरा निर्माण गर्न स्वीकृति दिन नमिल्ने अवस्थामा पनि काठमाण्डौं महानगरपालिका, नक्सा शाखाका संयोजक चिनिया मान वज्राचार्यले टहरा निर्माण गर्न स्वीकृति दिई अख्तियारको दुरुपयोग गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।६।१ को निर्णयानुसार ऐतिहासिक देवस्थलको दुरुपयोग र वेहिसाव हुने गरी टहरा निर्माण गर्न स्वीकृति दिने तत्कालिन महानगरपालिकाका नक्सा शाखाका संयोजक चिनियामान वज्राचार्य तथा तत्कालिन काठमाण्डौं महानगरपालिका वडा नं. ११ का वडा अध्यक्ष मणी कुंवरलाई सचेत गराउन अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(ज) शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गत

१. जाइका मार्फत जापान सरकारबाट प्राप्त विद्यालय निर्माण सामग्री र नगद हिनामिना गरी बर्दियाका जिल्ला शिक्षा अधिकारी राकेश श्रीवास्तव समेतले भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।३।२५ को निर्णयानुसार ओभरसियरहरू गजेन्द्र प्रसाद राउत, लक्ष्मण के.सी. र दिलीप कुमार शाहलाई सचेत गराउन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।

२. काठमाडौंका जिल्ला शिक्षा अधिकारी लक्ष्मण खनाल समेतले पदको दुरूपयोग गरी आर्थिक प्रलोभनमा परी गैरकानूनी ढंगले पापाज ट्रिनिटी एकेडेमी नामक विद्यालयलाई कक्षा सञ्चालन गर्ने अनुमति दिएको भन्ने समेत उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।३१ को निर्णयानुसार तत्कालीन जिल्ला शिक्षा अधिकारी लक्ष्मण खनाल, शा.अ. संगीता रेग्मी र प्रा.स. भोजकुमार ठकुरीलाई सचेत गराउन जिल्ला शिक्षा कार्यालय, काठमाडौंलाई लेखी पठाइएको ।

झ) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. वैदेशिक रोजगारीका लागि कामदार पठाउने सम्बन्धमा ड्रिम अचिभर्स प्रा.लि.सँग मिलेमतो गरी भ्रष्टाचार गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।१० को निर्णयानुसार शाखा अधिकृत रामजीलाल श्रेष्ठलाई सचेत गराउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. सावित बा. अ. च. ४७०३ हाल लु. १ ज. ७७८ नम्बरको सवारी साधन गैरकानूनी रूपमा दर्ता गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३/९/१७ को निर्णयानुसार यातायात व्यवस्था कार्यालय, बाग्मती अञ्चलका तत्कालीन शाखा अधिकृत दामोदर भण्डारी, मेकानिकल सुपरभाइजर हेमनाथ शर्मा र खरिदार राम प्रसाद ढकाललाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ (१) बमोजिम सचेत गराउन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

परिच्छेद – ८
असूल उपर सम्वन्धमा आयोगबाट भएका निर्णयहरु

सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानि नोक्सानी सम्बन्धित व्यक्तिबाट भरिभराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउन सक्ने व्यवस्था अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क मा भए अनुरूप आर्थिक वर्ष २०६३/०६४ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. बुटवल पावर कम्पनीको आ.व. ०५७।५८ को लाभांश रु. ४,१९,५२,८८५।- राजस्व दाखिला गर्नुपर्ने भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।११ को निर्णयानुसार सो रकम असूल उपर गर्न सचिव, अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

२. कृषि विकास वैंक, पुतली सडक शाखाबाट विगफुट इन्टरनेशनल ट्राभल्स एण्ड टुर्सलाई अनियमित तरिकाले कर्जा प्रवाह गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।९ को निर्णयानुसार कृषि विकास बैंक केन्द्रीय कार्यालयलाई ऋणीले कर्जा लिँदा धितो राखेको सम्पत्तिबाट बैंकको सम्पूर्ण लेना रकम प्रचलित बैंकको कानून बमोजिम असूल उपर गर्न लेखी पठाइएको ।

(ख) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. नेपाल आयल निगमका कर्मचारीको मिलेमतोमा जहाजलाई दिने तेलको बिल सम्बन्धमा व्यापक भ्रष्टाचार भएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा तेलको भुक्तानी हुन बाँकी रकम तीन महिना भित्र असूल उपर गरी आयोगलाई जानकारी दिन आयोगको मिति २०६३।२।९ को निर्णयानुसार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

२. स्वेच्छिक अवकाश भनी नियमको गलत व्याख्या गरी प्रस्ताव पेश गरी अनियमित रूपमा रकम भुक्तानी लिए खाएको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुंदा आयोगको २०६३।६।१० को निर्णयानुसार औद्योगिक व्यवस्थापन लिमिटेडका महाप्रबन्धक जनकबहादुर कार्कीबाट रु. २,१८,९२९।४१ असूल उपर गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. जिल्ला पशु सेवा कार्यालयका तत्कालीन प्रमुख डा. गोविन्द झाले कार्यालय परिसर भित्र रहेका सिसौका रुख काटी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा आयोगको २०६३।९।२० को निर्णयानुसार डा. गोविन्द झाबाट रु. १२,७५०।- असूल उपर गर्न क्षेत्रीय प्रशासन कार्यालय, हेटौंडामा लेखी पठाइएको ।

२. धनुषा जिल्ला अन्तर्गत कृषि विकास योजना नक्टाझिंजको ओपन सेड निर्माण कार्यमा अनियमितता भएको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको २०६३।७।२१ को निर्णयानुसार तत्कालीन ओभरसियर रामसुन्दर ठाकुर र तत्कालीन सहायक कृषि इन्जिनियर फुलगेन प्रधानबाट तत्काल हानी नोक्सानी भएको रु. ६४,७५,४।९६ असूल उपर गर्न अख्तियारवाला समक्ष लेखी पठाइएको ।

(घ) जलस्रोत मन्त्रालय अन्तर्गत

१. स्टोरमा कार्यरत मनोज कुमार सिंह समेतले सामान बिक्री गरी भ्रष्टाचार गरे भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।६ को निर्णयानुसार क्लर्क हरि प्रसाद अधिकारीबाट रु.१,९९,५३६।६९ पैसा र अन्य सम्बन्धित जिम्मेवार कर्मचारीहरूबाट रु. ५,४७,६२६।२४ पैसा असूल उपर गर्न नेपाल विद्युत् प्राधिकरणमा लेखी पठाइएको ।

(ङ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. घर र पूर्वाधार भएको जग्गामा नभएको भनी कम मूल्यांकन गरी राजस्व ठगेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।१२ को निर्णयानुसार द्रौपदा मरासिनीबाट रु २८,५००।- असूल उपर गर्न मालपोत कार्यालय, भक्तपुरमा लेखी पठाइएको ।

२. चन्दननाथ भैरवनाथ गुठी व्यवस्था समितिका तत्कालीन अध्यक्ष जयकृष्ण आचार्यले गुठीको जग्गामा टहराको लागि घडेरी वितरण गर्दा धरौटी राखेको रकम अनियमितता गरे भन्ने उजूरी उपर आयोगबाट अनुसन्धान हुँदा मिति २०६३।७।२६ को निर्णयानुसार गुठी संस्थान ऐन २०३३ को दफा ५६ ले राजगुठीको देवी देवतालाई चढाएको गरगहना तथा अन्य सम्पत्ति कसैले हिनामिना गरेमा निजबाट बिगो असूल गरी बिगो बमोजिमको जरिवाना हुनेछ भन्ने कानूनी व्यवस्था देखिँदा अध्यक्ष जयकृष्ण आचार्यको कार्यकालमा अनियमितता भएको सम्बन्धमा गुठी संस्थान केन्द्रीय कार्यालयले जिल्ला प्रशासन कार्यालय जुम्लासँग समन्वय गरी असूल उपर गर्न गुठी संस्थानमा लेखी पठाइएको ।

३. नापी शाखा, मनाङका नापी निरीक्षक विष्णुप्रसाद पौडेलले २०६० जेठमा रु ५,०००।- पेश्की लिई भाडामा बसेको घरको मर्मत गराएको नक्कली बिल बनाई भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।४ को निर्णयानुसार भाडामा लिएको घरको मर्मत संभार तथा रंग रोगन कार्य घर धनीले गरिदिनुपर्ने र मर्मत आदि काम नगरिदिएमा घर भाडाबाट कट्टा हुने गरी मर्मत आदि काम कार्यालयले गर्न सक्ने सर्त घरबहाल कबुलियतनामामा उल्लेख भएकोमा कार्यालयको तर्फबाट ट्वाइलेट मर्मत गर्दा खर्च भएको रु.२,६९५।- कबुलियतनामा शर्त बमोजिम घर भाडाबाट कट्टा गर्ने वा घरधनीबाट असूल गर्ने कार्य भएको देखिएकोले सो रकम निजबाट असूल गर्नुपर्ने देखिँदा निजले अनुसन्धानको क्रममा जिल्ला प्रशासन कार्यालय, मनाङमा धरौटी बापत राखिएको रकम रु.१०,०००।- बाट रु.२,६९५।- कट्टा गरी सदर स्याहा गरी बाँकी रकम रु.७,३०५।- नियमानुसार फिर्ता दिनु भनी जिल्ला प्रशासन कार्यालय, मनाङमा लेखी पठाइएको ।

(च) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत

१. दि टिम्बर कर्पोरेशन, हेटौंडाका शाखा प्रमुख अनुप अधिकारीले काठ हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।६।२९ को निर्णयानुसार अनुप अधिकारीबाट रु ४१,९९,४१५।१७ असूल उपर गर्न दि टिम्बर कर्पोरेशन अफ नेपाल लिमिटेडमा लेखी पठाइएको ।

(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. प्राथमिक स्वास्थ्य केन्द्र गौंडा, लम्जुङका ल्याब असिस्टेन्ट सुमन कुमार शाहले दोहोरो हाजिर गरी ल्याब टेक्निसियन कोर्ष अध्ययन गरी भ्रष्टाचार गरेको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको २०६३।६।२९ को निर्णयानुसार निज शाहबाट रु ८०,२२३।- असूल उपर गर्न स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको ।

२. आपूर्ति व्यवस्था महाशाखाले मेडिकल उपकरणहरू खरिद गर्दा नक्कली गुणस्तर प्रमाण पेश गरी अडर प्राप्त गर्ने विगतको परम्परा दोहरिन नदिन रजिष्टर भएको प्रमाणित कम्पनीहरूबाट मात्र खरिद गर्ने व्यवस्था होस भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।६ को निर्णयानुसार सर्जिक्राफ्ट काठमाडौंबाट रु. १,१८,७२३।२५ र एभरेष्ट टेड्र्स इन्डियाबाट रु.२९,००७।५७ असूल उपर गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएको ।

(ज) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. जिल्ला विकास समिति, खोटाङको रकम खर्च गर्दा भ्रष्टाचार गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।८।२७ को निर्णयानुसार निमित्त स्थानीय विकास अधिकारी खगेन्द्र चुडालबाट रु १,६५,०८२।९० र लेखापाल गजेन्द्र कुमार थापाबाट रु १,६५,०८२।९० असूल उपर गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाइएको ।

२. पोखरा कमर्सियल अट्टो पार्कले सम्झौता बमोजिम पोखरा उपमहानगरपालिकामा बुझाउनु पर्ने रकम नबुझाएको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२ को निर्णयानुसार पोखरा उपमहानगरपालिकासँग गरेको सम्झौता बमोजिम बुझाउन बाँकी रहेको रकम ३५ दिने म्याद दिई सम्झौता भंग गरी सरकारी बाँकी सरह असूल उपर गर्न पोखरा उपमहानगरपालिकालाई निर्देशन लेखी पठाइएको तथा पोखरा उपमहानगरपालिकाका कार्यकारी अधिकृतले सम्झौता बमोजिमको रकम असूल उपर गर्नेतर्फ तदारुकता नदेखाएको हुँदा निजलाई स्पष्टीकरण सोधी रकम असूल उपर गर्नेतर्फ आवश्यक कारबाही गर्न स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

३. काठमाडौं महानगरपालिका वडा नं. ३१ बागबजार स्थित काठमाडौं महानगरपालिकाको स्वामित्वमा रहेको पुरानो बसपार्कको ४५ कवल पसल १ वर्षको समयावधिको लागि का.म.न.पा. वडा नं. ७ विनायक टोल निवासी श्रीमती दुर्गा कार्की थापालाई भाडा (ठेक्का) मा दिंदा अनियमितता भएको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति

२०६४।३।३ को निर्णयानुसार ठेक्का संझौता बमोजिम निज ठेकेदारले काठमाडौं महानगरपालिकालाई बुझाउनुपर्ने किस्ता रकम सबै पूर्णरूपले समयमै नवुझाएको र बारम्बार ताकेता गर्दा पनि नबुझाएबाट का.म.न.पा. ले निज ठेकेदार श्रीमती दुर्गा कार्की थापाबाट ठेक्का बापत रु. १६,२०,३११।३० असूल उपर गर्न प्रचलित कानून बमोजिम जे जो प्रक्रिया अवलम्बन गर्नुपर्ने हो अविलम्ब गरी रकम असूल उपर गुर्न भनी काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

(झ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. लुम्बिनी विकास कोषका तत्कालीन सदस्य सचिव आङ्गदावा शेर्पाले आफैले निर्णय गरी टेलिफोन सुविधाबापत रु ३४,६००।- लिएको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।९ को निर्णयानुसार निजबाट सो रकम असूल उपर गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएको ।

२. देवघाट क्षेत्र विकास समितिका लेखापाल पुष्पराज पौडेलले आर्थिक अनियमितता गरेको र सो समितिका कार्यकारी निर्देशक शिवदत्त ढकालले अनुचित कार्य गरेको भन्ने उजुरी उपर अनुसन्धान गर्दा आयोगको मिति २०६३।११।११ को निर्णयानुसार कोष तथा लेखा नियन्त्रक कार्यालय, तनहुँका कोष नियन्त्रक भीमप्रसाद दाहालले देवघाट क्षेत्र विकास समितिको आ.व. ०६२।०६३ को लेखा श्रेस्ता परीक्षण गरी आयोगमा प्राप्त प्रतिवेदनको आधारमा उक्त समितिका लेखापाल पुष्पराज पौडेलले नियमानुसार भुक्तानी दिन नमिल्ने रकम भुक्तानी दिएको, आर्थिक प्रशासन सम्बन्धी नियमहरुको प्रक्रिया पूरा नगरी खर्च लेख्ने गरेको, बैंक जम्मा गर्नुपर्ने रकम समयमै बैंक दाखिला नगरेको र अत्यधिक लापरवाही र हेलचेक्राइपूर्वक श्रेस्ता राखेको देखिएको हुँदा प्रतिवेदनमा औंल्याइएका अनियमितताहरुलाई नियमित गराउने र असूल उपर गर्नुपर्ने रकम असूल उपर गरी आर्थिक प्रशासन सम्बन्धी श्रेस्ता व्यवस्थित रुपमा राख्ने व्यवस्था मिलाउन संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएको ।

(ञ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. हरिऔन मिडिया नेटवर्क प्रा.लि., सर्लाहीले इजाजत नलिई केवल च्यानलहरू संचालन गरी आएको भन्ने सम्बन्धमा अनुसन्धान हुंदा आयोगको मिति २०६४।२।१० को निर्णय अुनसार त्यसरी अनियमित तवरले संचालन भइरहेको हरिऔन मिडिया नेटवर्क प्रा.लि.को प्रसारण कानून बमोजिम अविलम्ब बन्द गरी सो प्रा. लि.बाट असूल उपर हुनुपर्ने कर दस्तुर र जरिवाना समेत सम्बन्धित ऐन, नियम बमोजिम यथाशीघ्र असूल उपर गर्न गराउन सूचना तथा संचार मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

(ट) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. प्रविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का सुपरीवेक्षण अधिकृत अर्जुनबहादुर के.सी को अनियमित तरिकाले बिदा स्वीकृत गरेको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान भई आयोगको मिति २०६३/११/२९ को निर्णयानुसार परिषद्का तत्कालीन सदस्य सचिव सरोज

देवकोटाबाट रु. ६,०४,३६५।- असूल उपर गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्मा लेखी पठाइएको ।

२. वन विज्ञान अध्ययन संस्थान पोखराका डिन अशोक कुमार मल्लिकले गाडी खरिद एवं विद्यार्थी भर्नामा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार तपसिलका संस्था तथा व्यक्तिसँग उल्लेखित रकम असूल उपर गर्न रजिष्ट्रारको कार्यालय त्रि.वि.वि.मा लेखी पठाइएको ।
ओभर हेड खाताबाट पेश्की लिई फछ्यौंट हुन बाँकी जम्मा रु. ३,१०,२७१।८०

१. प्रा.डा. अभय कुमार दास	७४८२।७०
२. प्रा. देव नारायण ठाकुर	५०००।
३. स. प्रा. अच्युतराज ज्ञावाली	१०४२१।३०
४. उ.प्रा. केशर प्रसाद काफ्ले	२००००।
५. सं प्रा. देवेद्र प्रसाद लिगल	३००००।
६. स.ले.पा शंभु राज ढुंगेल	१२०००।
७. स.प्रा.ईश्वरेन्द्र प्रसाद इन्द	३८०००।
८. स.प्रा.अशोक कुमार मल्लिक	१००००।
९. ले.अ.दिनानाथ जमरकट्टेल	९२६७।७०
१०.उ.प्रा.कृष्णमोहन श्रेष्ठ	५०००।
११.उ.प्रा.श्याममोहन मिश्र	३००००।
१२.स.प्रा.सुकदेव चौधरि	१५०००।
१३.कर्मचारी ईकाई संघ	१९५००।
१४.स.प्रा समसुहक	३००००।
१५.स.प्रा.मकबुल हुसेन खाँ	१००००।
१६.स.प्रां.केदारनाथ पौडेल	६००।
१७.उ.प्रा.गिरिराज त्रिपाठि	१५०००।
१८.डा.सफेदराज उद्दिन	१२५००।
१९.प्रा.प्रेमकाजी गरुङ	७५००।
२०.मे.न्यायदेव खतिवडा	१२०००।
२१.उ.प्रा.रामप्रसाद शर्मा	१००००।
२२.स.स्टो.कि.देवनारायण यादव	१०००।

<u>वन विज्ञान अध्ययन संस्थान</u>
<u>कार्यालय खर्चको लागि प्रदान गरिएको जम्मा रु.३,४०,०००।-</u>

१. वन विज्ञान अध्ययन संस्थान सम्पर्क कार्यालय	१०००००
२. वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालय	१७००००
३. वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पस	७००००

३. सदस्य सचिव अग्नि प्रसाद काफ्लेले CTEVT का मंगलदास कर्माचार्य शम्भु प्रसाद भट्टराई र रामधारी यादवलाई परिषद्को नियमावली २०४९ अनुसार ५८ वर्ष पूरा भएका कर्मचारीलाई अवकाश दिनुपर्नेमा नदिई आर्थिक मिलेमतोका लागि भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार समयमै विनियममा भएको संशोधनको जानकारी नगराउने र उमेर पुगेपछि अवकाश नदिने तत्कालीन सदस्य सचिव डा. अग्नि प्रसाद काफ्ले र आफ्नो अवकाश उमेर अवधिको सम्बन्धमा स्वयं पनि जानकारी लिनुपर्ने कानूनी व्यवस्था र त्यस्तो जानकारी प्राप्त गर्न सक्ने अवस्था विद्यमान रहँदा रहँदै पनि अवकाश पत्र नदिएको भन्ने गैरकानूनी आधार बनाई अवकाश हुने उमेर पुगेपछि पनि बढी अवधिसम्म सेवामा रहिरहने कर्मचारीहरूबाट सो अवधिमा लिएको तलब भत्ता लगायतका अन्य सुविधाहरू वापतको रकम समेत परिषद्को नियम अनुसार असूल उपर गरी आयोगलाई जानकारी दिन प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई लेखी पठाइएको ।

परिच्छेद - ९
ध्यानाकर्षण

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ मा विद्यमान ऐन, नियम वा प्रचलनमा त्रुटि भए अख्तियार दुरूपयोग अनुसन्धान आयोगबाट सुधार गर्न ध्यानाकर्षण गराउने कानूनी व्यवस्था छ । सोही अनुरूप आ.व.२०६३/०६४ मा विभिन्न निकायहरू र त्यहाँ कार्यरत पदाधिकारीहरूबाट जानाजान वा भूलवश भएका काम कारबाहीहरू उपर उनीहरूको ध्यानाकर्षण गराइएको विवरण निम्न बमोजिम छ ।

(क) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. गलैंचा तथा ऊन विकास समितिका कार्यकारी निर्देशक गेहेन्द्र बहादुर बज्राचार्यले विभिन्न आर्थिक तथा प्रशासनिक अनियमितता गरे भन्ने उजूरी उपर अनुसन्धान हुँदा आयोगको २०६३।७।१ को निर्णयानुसार आर्थिक अनुशासनतर्फ देखिएको उदासीनतातर्फ ध्यानाकर्षण गराई समितिको बेरुजु नियमित गर्न र असूल फछ्यौंट गर्ने तर्फ ध्यानाकर्षण गराई समितिको बेरुजु नियमित वा असूल फछ्यौंट गर्ने तर्फ तदारुकताका साथ कारबाही हुन समितिका अध्यक्ष उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्री समक्ष लेखी पठाइएको ।

(ख) गृह मन्त्रालय अन्तर्गत

१. जिल्ला प्रशासन कार्यालय, काठमाडौंका कर्मचारीहरू समेतलाई मिलाई रिदोर्जे शेर्पाले आफ्नो नाममा २२००९०० नम्बरको नेपाली राहादानी हुँदाहुँदै अनियमित तवरले पासाङ पेम्बाको नाममा नम्बर २५०९८९१ को अर्को राहदानी लिई गैरकानूनी फाइदा लिएको भन्ने उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।७।१५ को निर्णयानुसार आफुले चिन्दै नचिनेको व्यक्तिलाई त्यस्तो सिफारिस गरिदिई गैर कानूनी फाईदा लिन मद्दत गरी अनुचित कार्य गरेको विषयमा त्यस्तो सिफारिस गर्ने सडक विभागका सि.डि.ई दिनेश्वर लाल कर्णलाई सचेत गराइएको, फारममा टाँसेको फोटोमा सिफारिस गर्ने अधिकारीको हस्ताक्षर नभएको अवस्थामा पनि सो तथ्य तर्फ ध्यान नै नदिई कारबाही टुङ्गो लगाउने कार्य गरेको हुँदा काठमाडौका प्रमुख जिल्ला अधिकारीको ध्यानाकर्षण गराइएको ।

२. जिल्ला प्रशासन कार्यालय, ललितपुरबाट फुलमाया थापा क्षेत्रीको नाममा नेपाली राहादानी जारी गर्दा अनियमितता भएको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।८।५ को निर्णयानुसार नेपाली नागरिकताको प्रमाण पत्रको पृष्ठ भागमा नागरिकता वाहकको नाम उल्लेख नहुने भएकोले किर्ते वा नक्कली नेपाली नागरिकताको प्रमाण पत्र बनाउने समूहले नागरिकताको पछाडिको भाग अन्य वास्तविक नागरिकताको प्रमाण पत्रको उपयोग गर्ने गरेको विभिन्न अनुसन्धानबाट देखिन आएकोले यस्ता अवैध धन्दामा कमी ल्याउन नेपाली नागरिकताको प्रमाण पत्रको पृष्ठ भागमा नागरिकता वाहकको नाम उल्लेख गर्नुपर्ने तर्फ गृह मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

३. जिल्ला प्रहरी कार्यालय, हुम्ला र अन्तरगतका सुरक्षा निकायका कर्मचारीहरूले नियमानुसार

रासन सुविधा पनि लिएको र नेपाल खाद्य संस्थानले सुपथ मूल्यमा बिक्री वितरण गर्ने चामल पनि खरिद गर्ने गरेकोले दोहोरो सुविधा उपभोग गरेको भनी आयोगमा पर्न आएको उजूरीको सम्बन्धमा अनुसन्धान हुंदा आयोगको मिति २०६३।८।५ को निर्णयानुसार हिमाली क्षेत्रका पाँचवटा जिल्लामा खाद्य संस्थानले बिक्री वितरण गरेको विवरण माग गरी अध्ययन गर्दा हुम्ला, जुम्ला र मुगु जिल्लामा प्रहरी समेतलाई चामल बिक्री वितरण गरेको देखिएकोले प्रहरी कर्मचारीले एकातर्फ नियमानुसार रासन पाउने र अर्कोतर्फ नेपाल खाद्य संस्थानले सुविधा स्वरूप बिक्री वितरण गर्ने गरेको चामल पनि खरिद गरी दोहोरो सुविधा उपभोग गरेको देखिएको र यस्तो दोहोरो सुविधा अन्य जिल्लामा समेत लिएको हुन सक्ने संभावना समेतलाई विचार गर्दा यस्तो प्रकारको दोहरो सुविधा लिन नपाउने व्यवस्था गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय र गृह मन्त्रालयका सचिवको ध्यानाकर्षण गराइएको ।

(ग) जल स्रोत मन्त्रालय अन्तर्गत

१. स्वेच्छिक अवकाश योजना ल्याउन लागेको अवस्थामा कर्मचारी नियुक्ति गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुंदा उमेरको हद सम्बन्धी संशोधित व्यवस्था विभेदपूर्ण देखिएकाले त्यस तर्फ ध्यानाकर्षणका लागि आयोगको मिति २०६३।८।४ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएको ।

(घ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. राष्ट्रिय सम्पत्ति भ्रष्टाचार गर्ने उपर कारबाही गरी जाली पूर्जा बदर गरियोस् भन्ने लगायतका सुकुम्बासी समस्या समाधान आयोग जिल्ला कार्य समिति मोरङले २०५८ सालमा बिक्री वितरण गरेको जग्गाको सम्बन्धमा यस आयोगमा परेको उजूरी र यसै विषयमा विभिन्न पत्र पत्रिकामा प्रकाशित उजूरी समाचार समेतको आधारमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार मोरङ जिल्ला कन्चनबारी गा.वि.स वडा नं. ३ ख कि नं. १०६० क्षे.फ.वि. १-१८-७ को खदरा खोला अनियमित तवरले नरमाया चौहानको नाममा सुकुम्वासी समस्या समाधान आयोगबाट दर्ता भएको देखिँदा अनियमित रूपमा दर्ता भएको सरकारी जग्गा (खोला) लाई दर्ता बदर गरी सरकारी कायम गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयको ध्यानाकर्षण गराइएको ।

(ङ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. काठमाडौं महानगरपालिका वडा नं. १० वानेश्वरमा मापदण्ड विपरीत नक्सा पास गराई निर्माण गरे भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार डिजाइनर हरिभक्त गुरुङ र नरेश राज आचार्य का.म.न.पा.का इजाजत प्राप्त डिजाइनर भएको र दोश्रो पटक नक्सा पेश गर्दा मापदण्ड विपरीत छ भन्ने थाहा हुँदाहुँदै घर धनी तथा नगरपालिकाका कर्मचारीले भनेकै आधारमा नक्सा बनाएकोले निजहरूको व्यावसायिक आचरण उपयुक्त मान्न नसकिएकोले निजहरूलाई आ.का.का लागि काठमाडौं महानगरपालिका र नेपाल इन्जिनियरिङ परिषदमा लेखी पठाइएको ।

२. मकवानपुर इन्जिनियरिङ एण्ड म्यानुफ्याक्चरिङ कम्पनीले अमलेखगञ्ज गा.वि.स.का पदाधिकारीहरूलाई आर्थिक प्रलोभनमा पारी सरकारी सम्पत्ति हिनामिना गरी नोक्सानी गरेका,

दुधौरा खोलाको पश्चिमतर्फ रहेको वन जंगलको ढुङ्गा झिकी बसोबास क्षेत्रलाई प्रतिकूल असर पारेकोले उक्त कम्पनीको रोडा ढुङ्गा संकलनको कार्य रोक्का राखी सम्बन्धित मिलेमतो गर्नेहरूलाई सजाय गरी पाउँ भन्ने उजूरी सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।७।३० को निर्णयानुसार सडक विभागले अन्य निकायहरूसँग समन्वय गरी स्पष्ट धारणा बनाउनुपर्ने र सडक ऐन नियममा समेत समय अनुसार सुधार हुनुपर्ने देखिँदा डिभिजन सडक कार्यालयले सडकको स्तर बारे अनुगमन गर्ने र उद्योगको तर्फबाट सडक, पुलको संरचनामा नकारात्मक असर पुऱ्याएको अवस्थाको समयमा नै स्थलगत रूपमा समस्याको उचित निरूपण गरी संरचनाको संरक्षण गर्नुपर्ने हुँदा पुल र सडकको नजिकसम्म ढुङ्गा, गिट्टी, बालुवा निकाल्दा समेत संरक्षण तर्फ नैराश्यता देखाएकोले डिभिजन सडक कार्यालय नं. २ मकवानपुर हेटौंडाको ध्यानाकर्षण गराउन सडक विभागलाई लेखी पठाइएको ।

३. नेपाल खानेपानी संस्थानमा विनियम विपरीत अस्थायी, करार र ज्यालादारीमा कर्मचारी नियुक्ति गरेको र अस्थायी, करार र ज्यालादारी कर्मचारीलाई स्वतः स्थायी गर्न लागेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।८।४ को निर्णयानुसार २०६३ सालपछि ११३ पदमा अस्थायी, करार र ज्यालादारीमा नियुक्ति गरेको परिप्रेक्षमा कर्मचारी नियुक्ति गर्दा विनियम बमोजिम प्रतिस्पर्धात्मक प्रक्रिया अपनाउन नेपाल खानेपानी संस्थानको सञ्चालक समितिका अध्यक्ष तथा भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।

(च) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत

१. खोटो संकलनको प्रयोजनको लागि नेपाल रोजिन एण्ड टर्पेन्टाइनलाई प्रदान गरेको क्षेत्र भ्रष्टाचार गरी अन्य कम्पनीलाई प्रदान गरेकोले उक्त कम्पनी हाल निजीकरण मार्फत बिक्री हुन नसक्ने अवस्थामा पुगेको भन्ने सम्बन्धमा आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।१९ को निर्णयानुसार वन नियमावली, २०५१ को नियम ११ को उपनियम (१), (२) र (३) बमोजिम निवेदनको प्रक्रिया बमोजिम खोटो सङ्कलन गर्न अनुमति दिइएका र भविष्यमा दिने विषयमा सम्बन्धित पक्षसँग भएको करारनामामा उल्लेखित सर्तहरूलाई प्रभावकारी रूपमा लागू गराउन अनुगमनको व्यवस्था मिलाउन र वन नियमावली, २०५१ को अनुसूची ३ ले तोकेको जडिबुटीको दस्तुरको दर हाल एक दशकभन्दा बढी अवधि भइसकेको सन्दर्भमा उक्त दरमा आवधिक रूपमा पुनरावलोकन गर्नुपर्ने नपर्ने तर्फ ध्यानाकर्षणको लागि वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएको ।

(छ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. आयुर्वेदिक शाखा, सर्लाहीका कविराज सुरेन्द्र रायले अनियमित रूपमा अध्ययन गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।७।१६ को निर्णयानुसार अब गल्ती नदोहोऱ्याउन ध्यानाकर्षणका लागि स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

२. रुकुम जिल्ला स्वास्थ्य कार्यालयका तत्कालीन प्रमुख डाक्टर माधवप्रसाद ओझाले लेखापालसँग मिली विभिन्न प्रकारका आर्थिक अनियमितता गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको

मिति २०६३।७।१६ को निर्णयानुसार तलबी प्रतिवेदन पास गरी मात्र तलब भत्ता भुक्तानी दिनुपर्नेमा सो नगरी आ.व. ०५९।६० मा रुकुम जिल्ला स्वास्थ्य कार्यालयमा कार्यरत विभिन्न कर्मचारीहरूलाई भुक्तानी दिइएको भनी महालेखा परीक्षकको विभागबाट भएको लेखा परीक्षणमा बेरुजु उठाइएकोले अन्य जिल्लामा पनि यस्तो बेरुजु हुन सक्ने सम्भावना समेतलाई विचार गरी त्यस्तो बेरुजु हुन नदिन र पहिलेका यस्ता प्रकृतिका बेरुजु फछ्यौंट गर्ने तर्फ स्थास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवको ध्यानाकर्षण गरिएको ।

(ज) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. श्री सिंह वाहिनी माध्यमिक विद्यालय, म्याङ्गलुङ्ग, तेह्रथुमको प्रधानाध्यापक पदमा १ वर्ष पनि स्थाई अवधि नभएका परीक्षण कालमा रहेका शिक्षक श्री तेज बहादुर कार्कीलाई अनियमित तरिकाले नियुक्ति गरेको भन्ने उजुरीको विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।२८ को निर्णयानुसार प्र.अ. पदमा नियुक्ति दिंदाको अवस्थामा परीक्षण कालमा रहेकोमा हाल उक्त परीक्षणकाल समाप्त भईसकेको निज तेज बहादुर कार्की प्रधानाध्यापक पदमा स्थायी नियुक्ति हुनुपूर्व पनि नि.प्र.अ. भै कामकाज गर्दै आएको र निजको प्रतिस्पर्धी उमानाथ भट्टराई स्वयंले पनि नि.प्र.अ. बाट राजीनामा दिएको पत्रमा तेज बहादुर कार्कीलाई नै निमित्त प्रधानाध्यापकको रुपमा कामकाज सुम्पेको देखिंदा निजले प्रधानाध्यापक पदमा पाएको नियुक्ति वदर गर्नुपर्ने अवस्था देखिएन । शिक्षक नियुक्ती लगायत सम्पूर्ण शैक्षिक प्रशासनको सन्दर्भमा शिक्षा ऐन तथा शिक्षा नियमावलीमा उल्लेखित प्रकृयाको परिपालना गर्न गराउन सम्वन्धित सबै जिल्ला शिक्षा अधिकारीहरु सतर्क रहनु पर्ने आवश्यकता तर्फ शिक्षा तथा खेलकुद मन्त्रालयको ध्यानाकर्षण गरिएको ।

परिच्छेद - १०
सुझाव

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा २८ मा आयोगले आफ्नो काम कारबाहीको सिलसिलामा जानकारीमा आएका तथ्यहरूको आधारमा सम्बन्धित कार्यालय, पदाधिकारी वा सार्वजनिक संस्थालाई सुझाव दिन सक्ने व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०६३/०६४ मा दिइएको सुझावको विवरण निम्नानुसार छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. ना. १ च ७१८८ नं. को निसान जिप गैरकानुनी रुपमा दर्ता गरी संचालन गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।२ को निर्णयानुसार नेपालमा संचालनार्थ आयोजना वा आयोजनाका ठेकेदारहरुबाट आंशिक भन्सार महसूल वा वैङ्क ग्यारेन्टी वा लगत राखी पैठारी भएका सवारी र ढुवानी साधन, यन्त्र वा अन्य उपकरण कार्य सम्पन्न भएपछि पनि फिर्ता नलगिएका र त्यस्ता सामानको राजस्व समेत नबुझाएको सम्बन्धमा समस्याको पहिचान गरी अल्पकालीन तथा दीर्घकालीन रुपमा कार्यान्वयन गरिने गरी नीतिगत मार्गदर्शनका रुपमा तयार पारिएको प्रतिवेदनमा उल्लेख भएका प्रावधानहरुलाई कार्यान्वयनमा ल्याउँदा आगामी दिनहरुमा आयोजनाका लागि आयात गरिने सवारी साधनहरुमा राजस्व छल्ने तथा गैरकानूनिरुपमा दर्ता हुने लगायतका समस्या नदोहोरिने अवस्थाको सृजना गर्न सहयोगी हुने भएकोले उक्त प्रतिवेदनले औल्याएका तत्कालीन एवं दीर्घकालीन सुझावहरुको अध्ययन गरी उपयुक्त सुझाव कार्यान्वयन गर्न आवश्यक व्यवस्था मिलाउने । लगतवमोजिमका साधन तथा उपकरणहरुका हकमा ती उपकरण के कहाँ कस्तो अवस्थामा छन् र तीनमा लाग्ने राजस्व वाँकी वक्यौता छ, छैन भन्ने सम्बन्धमा समेत सम्बन्धित विभागहरुसँग समन्वय गरी निरन्तर अनुगमन हुने व्यवस्था मिलाउन सचिव, अर्थ मन्त्रालयलाई लेखी पठाइएको ।

२. यू. एण्ड वि. ट्रेडर्सका प्रो. श्रीमती सरला खत्रीको घरमा उजुरीको आधारमा आयोगबाट खानतलासी गर्दा २०० थान मोबाइल बरामद भएको सम्बन्धमा आयोगबाट अनुसन्धान भई आयोगको मिति २०६३।७।१९ को निर्णयानुसार भविष्यमा आयात हुने मोबाइल सेटहरूको विस्तृत विवरण आयात प्रज्ञापन पत्रमा उल्लेख गर्ने व्यवस्था ३ महिना भित्र गरी आयोगलाई जानकारी दिन अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

३. काठमाडौं महानगरपालिका वडा नं. १० वानेश्वर बस्ने नाम्ग्याल भन्ने दिल बहादुर श्रेष्ठले कारोबार गरेका विभिन्न फर्म भाडाँमा लगाएको घरको कर तथा अन्य राजस्वछलेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान भई आयोगको मिति २०६३।९।१८ को निर्णयानुसार छानबिन गरी कारबाही टुङ्गो लगाई आयोगलाई जानकारी पठाउन अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

४. गौर भन्सार अन्तरगतको औरिया मठिया छोटी भन्सारको मुखिया श्याम मण्डलले भन्सार महसुल कम लिएको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान भई आयोगको मिति २०६३।९।२० को निर्णयानुसार आवश्यक छानबिन गरी कारबाहीको प्रतिवेदन पठाउने गरी राजस्व अनुसन्धान विभागलाई लेखी पठाइएको ।

५. राष्ट्रिय वाणिज्य बैंक, थापाथली शाखाका प्रबन्धक रमेश बहादुर जोशीले रा.वा.बैंक बानेश्वर शाखाबाट कर्जा लिई नतिरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान भई आयोगको मिति २०६३।९।१८ को निर्णयानुसार ऋण फरफारक गरी जानकारी पठाउनको लागि रा.वा. बैंक केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।

६. बेलायती दूतावास अन्तरगत कार्यरत नेपाली कर्मचारीले तिर्नुपर्ने आयकर नतिरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुंदा आयोगको मिति २०६३।९।१४ को निर्णयानुसार तदारुकताका साथ कारबाही गरी जानकारी गराउन सचिव, अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

७. पूर्वान्चल ग्रामिण विकास बैंकका कर्मचारी ढुकुटीको रकम हिनामिना गरी मासी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुंदा आयोगको मिति २०६३।९।२४ को निर्णयानुसार कायम मुकायम एकाउन्टेन्ट राजन प्रसाद बरालले अपचलन गरेको रकमको बैंक नियमानुसार उच्चतम व्याजदरका हिसाबले हुन आउने रकम निजले पाउने तलबभत्ता तथा अन्य सुविधाबाट कट्टागरी बैंक दाखिलागरी प्रस्तुत कसुरमा निजउपर बैंकको कर्मचारी नियमावली बमोजिम विभागीय कारबाही गरी ३ महिना भित्र आयोगलाई जानकारी गराउन र फिल्ड सहायक राजनारायण खड्काले अपचलन गरेको रु. ४३,२००।- सो बैंकको नियमानुसार उच्चतम व्याजदरबाट हुने रकम निजले पाउने तलब भत्ताबाट कट्टा गरी बैंक दाखिला गराई बैंकको कर्मचारी नियमावली बमोजिम विभागीय कारबाही गरी ३ महिना भित्र आयोगलाई जानकारी गराउन पूर्वाञ्चल ग्रामीण विकास बैंक, विराटनगरलाई लेखी पठाइएको ।

८. कृषि विकास बैंक, बैंकिङ कार्यालय पुतलीसडकबाट सगरमाथा ट्रेडर्स समेत ७ वटा फर्मलाई ऋण लगानी गर्दा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२९ को निर्णयानुसार लगानी गरिएको कर्जा रकम बैंकको प्रचलित कानून अनुसार असूलउपर गर्न कृषि विकास बैंक, केन्द्रीय कार्यालयलाई लेखी पठाइएको ।

९. नेपाल चिया विकास निगम निजीकरण गर्दा गलत निर्णय गरी करोडौंको भ्रष्टाचार भएको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।३० को निर्णयानुसार नेपाल चिया विकास निगमको निजीकरण सम्बन्धमा नेपाल सरकार, अर्थ मन्त्रालयले गर्ने कार्यको प्रगति विवरण आयोगको अनुगमन शाखामा पठाउन अर्थ मन्त्रालयमा लेखी पठाइएको ।

१०. कोशी स्टोन क्रसिङ प्रा.लि.ले कर राजस्व छलेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२१ को निर्णयानुसार कोशी स्टोन क्रसिङ कम्पनी प्रा.लि.ले आ.व. २०३४।३५ देखि २०३९।४० सम्म र २०४८।४९ देखि २०५०।५१ सम्म कारोबार गरेको कागजबाट पुष्टि हुन आएकाले उक्त कम्पनीबाट कानून बमोजिम कर असूल गर्न आन्तरिक राजस्व विभागमा लेखी पठाइएको ।

११. रक्त चन्दनको अवैध व्यापार सम्बन्धमा विभिन्न संचार माध्यमहरू समेतबाट प्राप्त सूचनाको आधारमा अनुसन्धान भई आयोगको मिति २०६४।१।५ को निर्णयानुसार देहाय बमोजिम गर्न अर्थ मन्त्रालयमा लेखी पठाइएको :

(क) नेपाल समेत पक्ष रहेको दुर्लभ वन्य जन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय महासन्धि Convention on International Trade in Endangered Species of Yield Fauna and Flora (CITIES) अनुसूची - २ मा समावेश भएको रक्त चन्दन समेतको प्रजाति निकासी गर्ने राष्ट्रको व्यवस्थापन निकायबाट त्यस्ता प्रजातिको निकासीबाट त्यस्ता प्रजातिको अस्तित्वमा खतरा छैन भन्ने कुरालाई सुनिश्चित गर्दै महासन्धिको प्रावधान बमोजिम निकासी इजाजत पत्र जारी भएको अवस्थामा मात्र महासन्धिको अनुसूची २ बमोजिमको प्रजाति नेपाल भित्र प्रवेश गराउने ।

(ख) निर्देशन (क) बमोजिम निकासी भएको प्रजाति तेश्रो मुलुकमा पुनः निकासी गर्नु पर्ने भएमा नेपालको तर्फबाट तोकिएको व्यवस्थापन निकायले पनि महासन्धिको प्रावधान बमोजिम निकासी पत्र जारी गरेको अवस्थामा मात्र त्यस्तो प्रजाति तेश्रो मुलुकमा पुनः निकासी गर्न दिने ।

(ग) महासन्धिको प्रावधान कार्यान्वयन गर्न तत्सम्बन्धी कानून हालसम्म नबनेको भएतापनि नेपाल सन्धी ऐन २०४७ को दफा ९ ले महासन्धिको त्यस्तो प्रावधान राष्ट्रिय कानून सरह नै हुने व्यवस्था हुंदा महासन्धिको प्रावधान बमोजिमको राष्ट्रिय कानून निर्माण गर्न आवश्यक व्यवस्था गर्ने ।

१२. गैरकानूनी कार्य गरी आन्तरिक राजस्व विभागका महानिर्देशकले राजस्व हानि नोक्सानी गरेको भनी मिति २०६२।१०।१४ मा काठमाण्डौं पोष्टमा प्रकाशित समाचार समेतका आधारमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।२० को निर्णयानुसार निज महानिर्देशक रण बहादुर श्रेष्ठले भारत निकासीलाई वस्तु विनिमय मानी मिति २०६२।८।१६ मा गरेको निर्णय प्रचलित कानून एवं नीति नियममा आधारित नभई सो निर्णय सम्बन्धित मन्त्रालय एवं आन्तरिक राजस्व विभागको मिति २०६२।२।३० मा भएको निर्णय समेत विपरीत हुँदा र त्यस्तो निर्णयको कुनै कानूनी मान्यता नहुने हुँदा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम सो निर्णय कार्यान्वयन नगर्न आन्तरिक राजस्व विभागमा लेखी पठाइएको ।

१३. नेपाल धितोपत्र विनिमय बजार लिमिटेडले पूँजीगत लाभकर छली भ्रष्टाचार गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।१ को निर्णयानुसार शेयर खरिद बिक्री गर्दा हुने पूँजीगत लाभकर निर्धारण गर्न अर्थ मन्त्रालयबाट २०५८ श्रावणमा जारी गरिएको परिपत्र अनुसार नेपाल धितोपत्र विनिमय बजार लिमिटेडले २०५८।४।१ गतेको शेयर मूल्यलाई आधार मानी पूँजीगत लाभकर निर्धारण गरिने हालको व्यवस्थालाई परिवर्तन गरी एक आर्थिक वर्षमा दुई पटक बजार दर कायम गर्ने व्यवस्था गर्न कानूनी संरचनामा परिमार्जन गरी २०५८ सालदेखि हालसम्म कायम रहेको विभिन्न संस्था/कम्पनीको शेयर मूल्यलाई तत्काल पुनरावलोकन गरी बजार दरसँग समायोजन गर्न, शेयर खरिद बिक्री गर्दा अनिवार्य रूपमा कारोबार नं., खरिद मिति र मूल्य उल्लेख गरी शेयर दाखिल खारेज गर्ने व्यवस्था मिलाउन स्टक एक्सचेन्जलाई अटोमेसन तर्फ लैजान तथा पूँजीगत लाभकर छल्ने प्रवृत्ति रोक्न अपनाउनु पर्ने अन्य आवश्यक उपायहरू अवलम्बन गर्न नेपाल सरकार अर्थ मन्त्रालय मार्फत आन्तरिक राजस्व विभाग र नेपाल धितोपत्र विनिमय बजार लिमिटेडलाई लेखी पठाइएको ।

१४. कृषि विकास बैंक, बैंकिङ कार्यालय, रत्नपार्कबाट ऋण प्रवाह गर्दा धितो नभएको, खोला भीर कामै नलाग्ने जग्गा धितोमा लिई आफूहरूलाई लाभ र बैंकलाई नोक्सानी हुने गरी ऋण प्रवाह गरेकोले बैंकबाट त्यस्ता कर्मचारीहरूलाई बचाउन कारबाही अगाडि नबढाएकोले आयोगबाट छानबिन गरी त्यस्ता कर्मचारी उपर सक्त कारबाही होस् भन्ने विषयमा आयोगमा पर्न आएको उजूरी सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा मिति २०६४।२।७ को निर्णयानुसार बैंकको साँवा रु. ९,००,०००।- र व्याज रु. ३,२५,०००।- उठेको देखिएको, बैंकले ऋणी फरार भएपछि पनि कर्जा असूल गर्नेतर्फ कारबाही अगाडि नबढाएको कारणले अत्यधिक व्याज रकम बढ्न गई धितोले नखामेको, एक पटक व्यापार कर्जा अस्वीकृत भइसकेपछि पनि धितोको अवस्थालाई विचार नगरी कुनै कारण समेत नजनाई पटक पटक व्यापार कर्जा स्वीकृत गरेको देखिएको तथा एक पटक व्यापार कर्जा अस्वीकृत भएका पूर्व धितोलाई नै आधार मानेर कर्जा स्वीकृत गर्दा कुन व्यक्ति जिम्मेवार हुने भन्ने सम्बन्धमा स्पष्ट कानूनी व्यवस्था नभएको देखिएकोले यस सम्बन्धमा बैंक सम्बन्धी नियममा स्पष्ट व्यवस्था गरी बैंकको बाँकी रकम कानून बमोजिम असूल उपर गर्न गराउन कृषि विकास बैंक, मुख्य कार्यालयलाई लेखी पठाइएको ।

१५. गोर्खा ब्रुअरी प्रा.लि.द्वारा उत्पादित जोली स्याण्ड ब्राण्डको पेय पदार्थमा ठूलो परिमाणमा अन्तःशुल्क छली भइरहेको भन्ने सम्बन्धमा आयोगको मिति २०६४।२।१० को निर्णयानुसार गोर्खा ब्रुअरी प्रा.लि. द्वारा उत्पादित जोली स्याण्ड नामक पेय पदार्थमा आर्थिक विधेयक, २०६३ मा तोकिएको ०.५% भन्दा बढी अर्थात ०.७% अल्कोहलको मात्रा पाइएको हुँदा यस प्रकारको पेय पदार्थमा आर्थिक विधेयक, २०६३ अनुसार लाग्ने सम्बन्धित अन्तःशुल्क दरबन्दी अनुसारको कर रकम असूल उपर गर्ने तर्फ आवश्यक व्यवस्था मिलाउन अर्थ मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

१६. श्री मोमेण्टो एपरल्स प्रा.लि. का संचालक श्री चण्डीराज ढकाल समेतले मेची भन्सार कार्यालयबाट तयारी पोशाकका लागि विभिन्न किसिमका कपडा एवं एसेसरिज आयात गर्दाका अवस्थामा मेची

भन्सार कार्यालयमा भन्सार महसुल समेत बापत बैंक ग्यारेन्टी राखेको र सो फुकुवा गर्ने कार्य त्रिभुवन विमानस्थल भन्सार कार्यालयको पत्रबाट मात्र हुने व्यवस्था अनुसार सो कार्यालयबाट फुकुवा गर्न लेखिएको भनिएका पत्रहरूबाट अनियमित तरिकाबाट बढी बैंक ग्यारेण्टी फुकुवा भएको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।११ को निर्णयानुसार राजस्व चुहावट हिनामिना जस्ता कार्य रोक्न तत्काल कुनै नीतिगत निर्णय नलिइएको खण्डमा राजस्व चुहावट हुने क्रम रही नै रहने सम्भावना हुँदा साविक बमोजिम जुन भन्सार कार्यालयबाट सामान आयात गर्दा भन्सार महसुल समेत बापत बैंक ग्यारेण्टी राखिएको हो सोही भन्सार कार्यालयबाट मात्र निकासी सम्बन्धी प्रमाणहरू हेरी जाँची प्रमाणको आधारमा बैंक ग्यारेण्टी फुकाउने व्यवस्था हुन उपयुक्त देखिएकोले सो बमोजिम गर्न अर्थ मन्त्रालयलाई सुझाव लेखी पठाइएको ।

(ख) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. शतप्रतिशत विदेशी लगानी रहेको साविकमा विज्ञापन एजेन्सीको रूपमा काम गर्दै आएको कम्पनी रोयल टच प्रा.लि. लाई आर्थिक प्रलोभनमा पारी टेलिभिजन प्रसारण गर्न अनुमति दिएकोले आवश्यक कारबाही गरी पाउँ भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।६ को निर्णयानुसार शतप्रतिशत विदेशी लगानी भएको साविकमा विज्ञापन सेवा सम्बन्धी काम गर्ने रोयल टच प्रा.लि. नामक कम्पनीलाई उद्योग विभागले मिति २०६३।११।२१ को निर्णयानुसार टि.भी. च्यानल प्रसारण गर्ने गरी उद्देश्य थप गरेकोमा सो निर्णय विद्यमान राष्ट्रिय प्रसारण ऐन, २०४९ विपरीत भएको देखिएकोले टि.भी. च्यानल प्रसारण गर्न साविकको उद्देश्यमा थप गरी भएको उक्त त्रुटिपूर्ण निर्णय सच्याउन उद्योग विभागलाई लेखी पठाइएको ।

२. नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा हिनामिना गरी गैरकानूनी फाइदा लिनेदिने गरेको उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान भई आयोगको मिति २०६३।४।१ को निर्णयानुसार नेपाल सरकारले विशाल बजार कम्पनीलाई उपलब्ध गराएको जग्गा बापत मूल्यांकन भएको रु.३९ करोड ६० लाख बराबरको रकमलाई नेपाल सरकारको शेयरको रूपमा परिणत गर्न आवश्यक कारबाही गरी आयोगलाई जानकारी गराउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

३. पर्वत इन्धन डिपो पोखराका डिपो प्रमुख विजय कुमार र अपरेशन अफिसर शिव प्रसाद भट्टराईले पेट्रोलियम पदार्थमा मिसावट गरी अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा नेपाल आयल निगम, गुणस्तर तथा नापतौल विभाग र वाणिज्य विभागको टोली बनाई यथार्थता आयोगमा पठाउन आयोगको मिति २०६३।२।१६ को निर्णयानुसार उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

४. बोलबम लगायतका मापदण्ड विपरीतका ईंटा भट्टाहरू बन्द गरी स्वच्छ प्रशासनको प्रत्याभूति गरी पाउँ भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।९ को निर्णयानुसार यस

सम्बन्धमा सर्वोच्च अदालतबाट २०६२ मंसिर २४ गते भएको फैसलामा निम्न उल्लेखित बुँदा कायम गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

५. बीमाको रकम (प्रिमियम) उपलब्ध गराई पाउँ भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।३।२३ को निर्णयानुसार तत्कालीन सहायक प्रबन्धक लक्ष्मण प्रसाद आचार्यले बिमा बापत बढी भुक्तानी लिएको रकम असूल उपर गरी ३ महिना भित्र आयोगलाई जानकारी दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएको ।

६. घरेलु तथा साना उद्योग विकास समिति नियमावली बमोजिम पद पूर्ति नभएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१९ को निर्णयानुसार सो समितिमा रिक्त रहेका दरबन्दीमा २ महिना भित्र कानूनी प्रक्रिया पूरा गरी पदपूर्तिको व्यवस्था मिलाउने सो बमोजिम हुन नसके त्यस्ता कर्मचारीलाई खारेजीमा पार्ने, खारेजीमा नपारी त्यस्ता कर्मचारीलाई राखेमा निजहरूले पाउने तलब र अन्य सुविधाको रकम त्यस समितिको अध्यक्षबाट असूल उपर गर्ने लगायतका आवश्यक कारबाही गर्न घरेलु तथा साना उद्योग विकास समितिमा लेखी पठाइएको ।

७. गोरखकाली रबर उद्योग लिमिटेडमा नेपाल सरकारको विभिन्न शीर्षकमा ९६ करोड रुपैयाको लगानी गरिसकेको उद्योगको संचालन साल्ट ट्रेनिङ्ग कर्पोरेशनले लिदै आएको र उद्योगको कच्चा पदार्थको खरिददेखि टायर ट्यूब विक्री गर्दा सम्म गरेको भ्रष्टाचार र अनियमित कार्यले गर्दा उद्योग नै धरासायी अवस्थामा पुगेकोले कारवाही गरी पाउँ भन्ने उजुरको सम्वन्धमा कारवाही हुँदा आयोगको मिति २०६३।७।१५ को निर्णयानुसार उद्योगको लागी आवश्यक कच्चा पदार्थ लगायतका सम्पूर्ण सामान खरिद गर्दा उद्योग प्रमुख सहितको उप समितिले खरिद गर्न सक्ने गरी नियममा भएको व्यवस्था अनुरुप खरिद कार्य हुदै आएको देखिंदा त्यस्तो कार्यलाई अनुचित भन्न मिलेन तापनि उद्योगलाई आवश्यक पर्ने कच्चा पदार्थ लगायतका सामानहरु खरिद गर्ने सम्वन्धी कम्पनीको नियमावलीको नियम २१७ को उक्त व्यवस्थाले नियमावलीको परिच्छेद २१ का अन्य सम्पूर्ण व्यवस्थालाई निस्कृय वनाएको देखिएकोले नियमावलीको उक्त व्यवस्थालाई संशोधन गरी खरिद प्रकृयालाई प्रतिश्पर्धी एवँ पारदर्शी वनाउन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाइएको ।

८. नक्कली भौचर पेश गरी नेपाल आयल निगम विराटनगरका दुई वटा डिलरले लाखौंको भुक्तानी लिएको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।२३ को निर्णयानुसार यादव किराना पसल एण्ड मट्टितेल केन्द्र सप्तरी र धिताल आयल ट्रेडर्स विराटनगरलाई बिक्रेताबाट खारेज गरी आयोगलाई जानकारी दिन नेपाल आयल निगम, केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।

९. उदयपुर सिमेन्ट उद्योग लिमिटेड, जलजले, उदयपुरले १० लाख पर्ने सग्ला पाटपूर्जा कवाडी सामान राख्ने ठाउँमा राखी प्रतिकेजी रु २५ मा बिक्री गर्न लागेको भन्ने उद्योगको छानबिन समितिले

ठहऱ्याएको भन्ने कान्तिपुरमा प्रकाशित समाचार अनुसार उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयबाट गठित छानबिन समिति र आयोगको टोलीले पेश गरेको प्रतिवेदन पेश हुँदा आयोगको मिति २०६३।८।१९ को निर्णयानुसार उद्योगको स्थापना कालदेखि हालसम्म पनि जिन्सी निरीक्षण भई सामानको परिमाण र अवस्था बारे यकिन गर्न मात्र नभई कतिपय सामानहरू आम्दानी नबाँधिएको, आम्दानी बाँधिएको सामान पनि प्रयोग भएको नभएको, मर्मत गरिए नगरिएको, प्रयोग भई परिवर्तन गरिएका पुराना सामानहरू के कति कस्तो अवस्थामा रहेको भन्ने विषयमा समयबद्ध रूपमा मर्मत संभार र लिलाम सम्बन्धी कारबाही भएको नदेखिदा जिन्सी व्यवस्थापन पक्ष कमजोर भई अद्यावधिक अभिलेख नराखेको हुनाले हाल लिलाम बिक्रीको लागि प्रक्रिया बढाएका मालसामान तथा पार्टपूर्जाहरू उद्योगको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६१ अनुसार ३ महिना भित्र अनिवार्य रूपमा जिन्सी सामानको आम्दानी बाँधी निरीक्षण गरी सोको प्रतिवेदन अनुसार नियमावलीमा उल्लेखित प्रक्रिया पूरा गरी लिलाम बिक्री गर्ने व्यवस्था गर्न र भविष्यमा पनि जिन्सी सामानहरूको उचित व्यवस्थापन आर्थिक नियमावली अनुसार दुरुस्त राख्ने प्रबन्ध मिलाउने कार्य गर्न उद्योग वाणिज्य तथा आपूर्तिका सचिवलाई लेखी पठाइएको ।

१०. उदयपुर सिमेण्ट उद्योग लिमिटेड, जलजले, उदयपुरका उच्चपदस्थ कर्मचारीहरूले ACC India बाट म्याग्नेसिया क्रोम ब्रिक खरिद गर्दा भ्रष्टाचार जनित कार्य गरे भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।३१ को निर्णयानुसार म्याग्नेसिया क्रोम जस्तो महँगो तर उद्योगको लागि नभई नहुने संवेदनशील सामान खरीद गर्दा हचुवाको भरमा ब्राण्ड, उत्पादक कम्पनी, उत्पादक देश तोकिनु भन्दा ब्रिकको सेप साइज, स्पेशिफिकेशन, तथा केमिकल कम्पोजिशन तथा टेष्ट सर्टिफिकेट बारे अध्ययन गरी निर्णय गराई प्रि-क्वालिफिकेशन गराएर ब्राण्ड उत्पादक, कम्पनी, उत्पादक देश तोक्ने गर्न र उद्योगमा चुस्त व्यवस्थापन प्रक्रिया अपनाई उद्योग संचालनको असामान्य अनुत्पादक समय घटाउन उदयपुर सिमेण्ट उद्योगलाई निर्देशन दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयलाई लेखी पठाइएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. साझा भण्डार संस्था लिमिटेडका अध्यक्ष जय कुमार खड्काले अनियमित तरिकाले भवन भाडामा लगाई भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान भई मिति २०६३।६।३० को निर्णयानुसार सम्पत्ति भाडामा लगाउने र सो प्रक्रियाको सम्बन्धमा समेत स्पष्ट रूपमा संस्थाको विनियममा व्यवस्था गर्ने र विनियममा व्यवस्था नहुन्जेल अब भाडामा दिनुपर्दा पारदर्शी ढंगले प्रतिस्पर्धात्मक प्रक्रियाद्वारा संस्थालाई अधिकतम लाभ हुने गरी गर्न राष्ट्रिय सहकारी बोर्डमा लेखी पठाइएको ।

(घ) गृह मन्त्रालय अन्तर्गत

१. दाङ जिल्ला, त्रिभुवन नगरपालिका वडा नं. ११ स्थित देवराज पाण्डेको कित्ता नं. ३३८२ को जग्गामा सार्वजनिक जग्गा मिची घर निर्माण गर्न अनुमति दिएको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा

आयोगको मिति २०६३।१२।१५ को निर्णयानुसार नक्सा पास गर्दा कुनै दस्तुर बुझाएको नदेखिँदा हालको दररेट अनुसार लाग्ने दस्तुर असूल उपर गर्न र देवराज पाण्डेले सार्वजनिक जग्गा मिची घर निर्माण गरेको देखिएकोले सो मिचिएको सार्वजनिक जग्गामा निर्मित घरको भागलाई कानूनी प्रक्रिया पुऱ्याई भत्काउन लगाउन जिल्ला प्रशासन कार्यालय, दाङका प्रमुख जिल्ला अधिकारीलाई लेखी पठाइएको ।

२. काठमाडौं जिल्ला, डाँछी गा.वि.स. वडा नं. ७ र ८ स्थित सार्वजनिक पर्ति जग्गाहरू मालपोत कार्यालयका कर्मचारीहरू समेतको मिलेमतोमा विभिन्न व्यक्तिहरूले मिच्ने कार्य बढ्दै गएकोले २०२१ सालको नापी बमोजिम उक्त गा.वि.स.मा कायम सार्वजनिक पर्ति जग्गाहरूको सुरक्षा सम्बन्धमा अभिलेख राख्ने व्यवस्था गरी वितरण कार्यमा रोक लगाई पाउँ भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा मिति २०६३।१२।२१ को निर्णयानुसार नापी शाखा चावहिलबाट झिकाइएको फिल्ड बुक उतार अनुसार डांछी गा.वि.स वडा नं. ८ (ग) को कि.नं.२ क्षे.फ.०-१३-०-० र वडा नं. ८ (ख) को कि.नं. २४२, २५८, ३७९ क्षे.फ. क्रमशः ०-१०-०-०, ३-५-०-० र १५-५-०-० जग्गाहरू सार्वजनिक पर्ति जग्गाको रूपमा दर्ता कायम रहेको देखिए तापनि नापी विभाग मार्फत प्राप्त स्थलगत निरीक्षण प्रतिवेदन अनुसार डांछी वडा नं. ८(ख) कि.नं.२४२, २५८ र ३७९ का पर्ति जग्गाहरूको नक्सा र जग्गाको सिमाना यथास्थानमा नरहेको र डांछी ड (ग) कि.नं.२ को पर्ति जग्गा पूरै व्यक्तिको भोगचलनमा रहेको भन्ने देखिन आएको हुँदा उक्त सार्वजनिक प्रति जग्गाहरू स्थानीय प्रशासन ऐनको दफा १० बमोजिम संरक्षणका लागि आवश्यक व्यवस्था गर्न प्रमुख जिल्ला अधिकारी, काठमाडौंलाई लेखी पठाइएको ।

३. रक्त चन्दनको अवैध व्यापार सम्बन्धमा विभिन्न संचार माध्यमहरू समेतबाट प्राप्त सूचनाको आधारमा अनुसन्धान भई आयोगको मिति २०६४।१।५ को निर्णयानुसार देहाय बमोजिम गर्न गृह मन्त्रालयमा निर्देशन पठाइएको ।

(क) नेपाल समेत पक्ष रहेको दुर्लभ वन्य जन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय महासन्धि Convention on International Trade in Endangered Species of Yield Fauna and Flora (CITIES) अनुसूची - २ मा समावेश भएको रक्त चन्दन समेतको प्रजाति निकासी गर्ने राष्ट्रको व्यवस्थापन निकायबाट त्यस्ता प्रजातिको निकासीबाट त्यस्ता प्रजातिको अस्तित्वमा खतरा छैन भन्ने कुरालाई सुनिश्चित गर्दै महासन्धिको प्रावधान बमोजिम निकासी इजाजत पत्र जारी भएको अवस्थामा मात्र महासन्धिको अनुसूची - २ बमोजिमको प्रजाति नेपाल भित्र प्रवेश गराउने ।

(ख) निर्देशन क बमोजिम निकासी भएको प्रजाति तेश्रो मुलुकमा पुनः निकासी गर्नुपर्ने भएमा नेपालको तर्फबाट तोकिएको व्यवस्थापन निकायले पनि महासन्धिको प्रावधान बमोजिम निकासी पत्र जारी गरेको अवस्थामा मात्र त्यस्तो प्रजाति तेश्रो मुलुकमा पुनः निकासी गर्न दिने ।

(ग) महासन्धिको प्रावधान कार्यान्वयन गर्न तत् सम्बन्धी हालसम्म नबनेको भए तापनि नेपाल सन्धि ऐन २०४७ को दफा ९ ले महासन्धिको त्यस्तो प्रावधान राष्ट्रिय कानून सरह नै हुने

व्यवस्था भए तापनि महासन्धिको प्रावधान बमोजिमको तत् सम्बन्धी राष्ट्रिय कानून बनिसकेको नदेखिँदा त्यस्तो कानून निर्माण गर्न आवश्यक व्यवस्था गर्ने ।

(घ) निर्देशन ग बमोजिम राष्ट्रिय कानून नबनेसम्मको लागि महासन्धिको प्रावधान कार्यान्वयन गर्न केन्द्रीय तथा जिल्लास्तरमा आवश्यक संयन्त्रको विकास गर्न गृह एवं वन तथा भूसंरक्षण मन्त्रालयले आवश्यक व्यवस्था गर्ने ।

४. जनहित स्वावलम्वन विकास तथा बचत ऋण सहकारी संस्था लि. को भोगचलनमा रही भवन निर्माण कार्य समेत सम्पन्न भइसकेको बर्दिया जिल्ला, ढोढरी गा. बि. स. वडा नं. ९ विपतपुरको कि. नं. १५८ क्षेत्रफल ०-४-०-० सरकारी ऐलानी जग्गा सुकुम्बासी समस्या समाधान आयोग बर्दियाको निर्णयले सुन्दरीया थरुनीका नाउँमा जग्गा धनी दर्ता प्रमाण पूर्जा उपलब्ध गराएको कार्य अनियमित भएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।२३ को निर्णयानुसार सुन्दरीया थरुनी र निजका पति जृजमान चौधरीका नाममा सुकुम्बासी समस्या समाधान आयोगको मिति २०५५।८।१५ को निर्णय बमोजिम उपलब्ध जिल्ला बर्दिया, ढोढरी गा.वि.स. वडा नं ९ कि.नं. १४७ र कि.नं. १६२ क्षेत्रफल ०-४-५ बिगाहा र निज सुन्दरीया थरुनीका नाममा पाएको प्रयोगमा आउन नसक्ने तालको ०,०७६५ ब.मि. बाहेक अन्यत्र अन्य जग्गा भएको नदेखिएको । विवादित कि.नं. १५८ क्षेत्रफल ०-४-० बिगाह जग्गा सुकुम्बासी समस्या समाधान आयोगको निर्णयले सुन्दरीया थरुनीका नाममा श्रेस्ता पूर्जा तयार भइसकेको देखिएको हुँदा सुकुम्बासी समस्या समाधान आयोग जस्तो अधिकार प्राप्त निकायले निर्णय गरी उपलब्ध गराएको जग्गा जनहित स्वावलम्बन बिकास तथा बचत ऋण सहकारी संस्था लिमिटेडले सम्बन्धित सरकारी निकायको निर्णय एवम् स्वीकृति बेगर गैरकानूनी रूपमा आफूखुसी भवन निर्माण गरेको देखिँदा सो जग्गा खाली गर्न लगाई सुन्दरीया थरुनीले नै भोगचलन गर्न पाउने व्यवस्था मिलाउन जिल्ला प्रशासन कार्यालय, बर्दियालाई लेखी पठाइएको ।

(ङ) जलस्रोत मन्त्रालय अन्तर्गत

१. नारायणी सिंचाइ व्यवस्थापन डिभिजन नं. ५ वीरगन्जमा कार्यरत अमिन राजेन्द्र महतोको सर्टिफिकेट नक्कली भएको, डि.ई रामचरित्र महतोले विना बोलपत्र तथा दरभाउ पत्र सोझै सम्झौता गरी काम गराई अनियमितता गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।२।१४ र मिति २०६३।३।१५ को निर्णयानुसार लामो समयसम्म अस्थाई कर्मचारी राखी रहनुको कारण र औचित्य समेत स्पष्ट नभएको हुँदा दरबन्दी भएको पदमा स्थाई रूपमा पदपूर्ति गर्न जल स्रोत सचिवलाई लेखी पठाइएको ।

२. मध्यमाञ्चल सिंचाइ डिभिजन कार्यालयका प्रमुख सुगम्बर यादव र ईन्जिनीयर श्याम नन्दन रायसँग मिलोमतो गरी टेण्डर दिँदा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१।२४ को निर्णयानुसार यस्ता कार्यहरू दोहोरिन नदिने व्यवस्था गर्न आ.व. २०६०।६१ को लेखा परीक्षण प्रतिवेदन र मध्यमान्चल क्षेत्रीय सिंचाई निर्देशनालयका लेखा अधिकृत रामनारायण

रिजाल र शाखा अधिकृत सोमराज बरालले दिएको प्रतिवेदनमा औल्याइएका सबै कैफियतहरूमा यथाशीघ्र कारबाही गरी सोको जानकारी आयोगमा पठाउन जलस्रोत मन्त्रालयमा लेखी पठाइएको ।

३. नेपाल विद्युत प्राधिकरण, कावासोती नवलपरासीका ई.सि.सुरोद पण्डितलाई भ्रष्टाचारको खुलासा गरेको भनी विना कारण निष्काशन गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।१० को निर्णयानुसार प्रबन्धक सूर्यनारायण मल्लिक समेतको छानबिन प्रतिवेदनको राय अनुसार कारबाही गरी आयोगलाई जानकारी दिन नेपाल विद्युत प्राधिकरण केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।

४. नेपाल विद्युत प्राधिकरण, राजविराज वितरण केन्द्रका लेखापाल अशोक कुमार झाले आ.व. २०६१।०६२ मा संकलन भएको विद्युत् महसुल हिनामिना गरेको भन्ने उजूरीमा जिल्ला प्रशासन कार्यालय, सप्तरीले छानबिन गरी आयोगमा प्राप्त भएको मिसिल उपर अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।३० को निर्णयानुसार विगत आ.व. को हिसाब नमिलेको सम्बन्धमा नेपाल विद्युत प्राधिकरण, राजविराज वितरण केन्द्रको राष्ट्रिय वाणिज्य बैंक, शाखा कार्यालय, राजविराजमा रहेको च.हि.नं. ११३८ खातामा २०६० सालको श्रावण १ मा गत महिनाको बैंक मौज्दात बैंक स्टेटमेण्टबाट रु. १,५४,००,३५४।९३ मात्र देखिएको तर कार्यालयको श्रेस्तालेरु. १,६४,३३,५०२।४३ देखाएको, यसैगरी बैंक स्टेटमेण्टले आ.व. २०६०।६१ को अन्त्यमा बैंक बाँकी रु. ३,३३,१०६।४९ मात्र देखाएको तर श्रेस्ताबाट रु. ३,५३,३९६।४० देखिएको हुँदा आ.व. २०५९।६० र २०६०।६१ समेतमा बैंक मौज्दात रकममा के कसरी फरक पर्न गएको हो ? कार्यालयमा नगदी रसिद अनुसार प्राप्त भएको रकम बैंक जम्मा भएको छ, छैन सो समेतमा छानबिन गरी १ महिना भित्र आयोगमा प्रतिवेदन पठाउन नेपाल विद्युत प्राधिकरण, वितरण तथा ग्राहक सेवालाई लेखी पठाइएको ।

(च) परराष्ट्र मन्त्रालय अन्तर्गत अन्तरगत

१. संयुक्त राज्य अमेरिका स्थित नेपाली राजदूतावासका कर्मचारी रुद्र कुमार नेपालले बिदेशी नागरिकता प्राप्त गरिसकेका चिन्तामणी लामिछानेको नेपालमा रहेको अचल सम्पत्ति बिक्री गर्न आफूलाई अधिकृत वारेसनामा प्रमाणित गर्ने अधिकार नभएकोमा त्यस्तो वारेसनामा प्रमाणित गरेको र निज चिन्तामणीले अमेरिकाको नागरिकता लिए/नलिएको सम्बन्धमा भएको पत्राचारको जवाफ समेत राजदूतावासले नपठाएको भन्ने बिषयको उजूरी उपर अनुसन्धान हुंदा आयोगको मिति २०६३।६।८ को निर्णयानुसार संयुक्त राज्य अमेरिका स्थित नेपाली दूतावासका तत्कालिन राजदूत स्व.जयप्रताप राणा सिकिस्त बिमारी भई अचेत अवस्थामा अस्पतालमा रहनु भएको अबधीमा उप-नियोग प्रमुख श्री रुद्र कुमार नेपालले का.वा.राजदुतको हैसियतले गरेको प्रशासनिक काम कारवाही न्यायसंगत नै देखिएकोले प्रस्तुत उजुरी सम्वन्धमा केही गर्नु परेन । तर यसरी लामो समयसम्म नियोग प्रमुख नियोगमा अनुपस्थित रहंदा कानूनी बाधा ब्यवधान आई पर्न सक्ने प्रतिकूल अवस्थालाई ध्यानमा राखी सर्वसाधारणको काम कारवाही सरल र सुलभ प्रकारले सम्पन्न गर्नको निम्ति नियोग प्रमुख लामो समयसम्म अनुपस्थित रहंदा उप-नियोग प्रमुखले गर्ने काम कारवाही सम्बन्धी स्पष्ट नीति बनाई लागू गर्न परराष्ट्र मन्त्रालयमा लेखी पठाइएको ।

(छ) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत

१. मेची र सगरमाथा धान चामल निर्यात कम्पनीले लिक्विडेसन कार्य सम्पन्न नगरी करोडौं भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२२ को निर्णयानुसार नेपाल सरकारलाई देहाय अनुसार कार्यान्वयन गर्न लेखी पठाइएको :

(क) लिक्विडेटरले वर्षौंसम्म पनि कार्य सम्पन्न नगरेको देखिँदा, एक वर्षभन्दा बढी समयदेखि लिक्विडेसनको प्रक्रियामा रही कार्य सम्पन्न नभएका कम्पनीहरूको हकमा २०६४ आषाढ मसान्तभित्र कम्पनी रजिष्ट्रारले लिक्विडेसनको कार्य सम्पन्न गराई आयोगलाई जानकारी गराउने,

(ख) लिक्विडेसनमा रहेका कम्पनीको सम्पत्तिमध्ये अझै केही मुद्दामा रहेका, केही सम्पत्ति लिक्विडेटरको जिम्मामा नआइसकेको अवस्था पनि देखियो । यस्ता कम्पनीहरूको हकमा २०६४ असार मसान्त भित्र गर्न सक्ने कामहरू लिक्विडेटरले तुरुन्तै गरी साधारण सभा मार्फत स्विकृत गराई कम्पनीको हर हिसाब फरफारक गर्ने, मुद्दामा रहेका वा विवादमा रही तत्कालै सुल्झिन नसक्ने सम्पत्ति एवं दायित्वको हकमा सम्बन्धित निकाय वा अर्थ मन्त्रालयको निजीकरण महाशाखामा २०६४ असार मसान्तभित्र हरहिसाब बुझाई लिक्विडेसनको काम सम्पन्न गर्ने,

(ग) यसरी लामो समयदेखि नियुक्त भएका सबै कम्पनीका लिक्विडेटर, निजका सहायकहरूबाट संचालन गरी आएका काम एवं कार्यालयहरू पनि २०६४ श्रावण १५ भित्र अनिवार्य रूपमा बन्द गर्ने,

(घ) कम्पनी रजिष्ट्रारको कार्यालयले आफूबाट नियुक्त र म्याद थप भएका लिक्विडेटरहरूले के काम गरिरहेका छन् भन्ने सम्बन्धमा निरन्तर अनुगमन तथा मूल्याङ्कन विगतमा गर्ने गरेको नदेखिंदा लिक्विडेसनको चरणमा रहने कम्पनीहरूको प्रत्येक ६।६ महिनामा नियमित अनुगमन, मूल्याङ्कन एवं समीक्षा गर्ने,

(ङ) लिक्विडेटर सतीशचन्द्र लालले लिएको पारिश्रमिक सम्बन्धमा कम्पनी रजिष्ट्रारको कार्यालयबाट छुट्टै छानबिन गरी त्यस उपर भएको निर्णय आयोगलाई जानकारी दिने ।

२. आयोगले आफ्नो कार्यसम्पादनको सिलसिलामा विविध विषयहरूमा अनुसन्धान गर्दा कृत्रिम रूपमा तयार भएका जग्गाधनी प्रमाणपूर्जा, नक्सा सिट, नागरिकताको प्रमाणपत्र, राहदानी, व्यक्तिगत घटना दर्तासँग सम्बद्ध कागजात लगायतका अन्य व्यक्तिगत कागजात तथा अभिलेख, भन्सार प्रज्ञापन पत्र, बैंक भौचर, बैंक ग्यारेण्टीपत्र लगायत विविध प्रकृतिका बैंकिङ कागजपत्र, नगदी रसिद जस्ता विविध प्रकृतिका नक्कली अभिलेख तथा कागजातहरू सम्बद्ध अधिकार प्राप्त अधिकारी वा कार्यालयबाट तयार नभई बाहिरी व्यक्ति वा समूहबाट नक्कली रूपमा तयार भई प्रशस्त मात्रामा उपयोग गर्ने

गरेको पाइएको र सो बाट सार्वजनिक सम्पत्ति हिनामिना भएको देखिएकोले सर्वसाधारण नागरिक लगायतका अन्य व्यक्तिले झेल्नुपरेको यस्ता अनावश्यक दुखःदपूर्ण अवस्थालाई न्यूनीकरण गर्ने एवं राजस्व लगायतका सार्वजनिक संस्थामा जम्मा हुनुपर्ने रकमका विषयमा आयोगमा छलफल हुँदा देहायको विषयमा नेपाल सरकारको ध्यानाकर्षण गराउँदै देहाय बमोजिमको व्यवस्थाको लागि आयोगको मिति २०६४।१।२४ को निर्णयानुसार नेपाल सरकारको मुख्य सचिव मार्फत नेपाल सरकारलाई सुझावका लागि लेखी पठाइएको :

(क) मालपोत, नापी, जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति, नगरपालिका, यातायात व्यवस्था कार्यालय, जिल्ला प्रहरी कार्यालय लगायतका सर्वसाधारणको पहुंच बढी भइ भीडभाड हुने र जनसरोकार राख्ने सार्वजनिक सेवाजन्य कार्यालयबाट सम्पादन गरिने सर्वसाधारणको काम सम्बद्ध कार्यालयबाट इजाजत प्राप्त व्यक्ति मार्फत मात्र कार्य सम्पन्न गराउने,

(ख) सम्बद्ध कार्यालयको परिसर बाहिर इजाजतपत्र व्यक्ति वाहेकको कार्यालय स्थापना गर्नुपर्ने र त्यस्तो कार्यालयमा सबैले देख्न र पढ्न सक्ने स्थितिमा इजाजतपत्र राख्नुपर्ने,

(ग) इजाजतपत्र वाहकको तर्फबाट काम गर्ने व्यक्तिहरूको नाउँमा सम्बद्ध कार्यालयले निज सम्बद्ध रहेको इजाजतपत्र वाहक समेत खुलेको परिचयपत्र बनाई जारी गर्ने, त्यस्तो परिचयपत्र नलगाएका व्यक्तिलाई सामान्यतः कार्यालय परिसरमा प्रवेश निषेध गर्ने,

(घ) सार्वजनिक सेवाजन्य कार्यालयबाट उपलब्ध गराइने सेवामा कुनै प्रकारको त्रुटि हुन गएको अवस्थामा त्यस्तो त्रुटिको लागि सम्बद्ध इजाजतपत्र वाहकलाई पनि जिम्मेवार बनाउन इजाजतपत्र वाहकको काम, कर्तव्य र अधिकार एवं जिम्मेवारी तोकिनुपर्ने,

(ङ) इजाजतपत्र वाहकले उपलब्ध गराउने सेवा वापत लिन पाउने दस्तुर सम्बद्ध कार्यालयले निर्धारण गरी सार्वजनिक जानकारीमा ल्याउने,

(च) उपलब्ध गराइने सेवा सम्पन्न गर्दा लाग्ने अनुमानित समय समेत सम्बद्ध कार्यालयले सार्वजनिक जानकारीमा ल्याउने,

(छ) सम्बद्ध कार्यालयमा पेश हुन आएका जग्गाधनी प्रमाणपूर्जा, नक्सा सिट, नागरिकताको प्रमाणपत्र, राहदानी, व्यक्तिगत घटना दर्तासँग सम्बद्ध कागजात लगायतका अन्य व्यक्तिगत कागजात तथा अभिलेख, भन्सार प्रज्ञापन पत्र, बैंक भौचर, बैंक ग्यारेण्टीपत्र लगायत विविध प्रकृतिका बैकिङ कागजपत्र, नगदी रसिद जस्ता विविध प्रकृतिका अभिलेख तथा कागजात सामान्यत सम्बधित कार्यालय /बैंकबाट प्रमाणीकरण गराएर मात्र त्यस्तो कागजात प्रयोगमा ल्याउने ।

(ज) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. विभिन्न मालपोत कार्यालयहरूमा (काठमाडौं, ललितपुर भक्तपुर समेत) रजिष्ट्रेशन पारित गर्दा कम राजस्व दाखिला गरी राजस्व मस्यौट गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१६ को निर्णयानुसार नियमानुसार लाग्ने राजस्व रकम भन्दा कम राजस्व असूल हुने गरी लिखत पारित भएका जग्गाको नियमानुसार लाग्ने नपुग राजस्व रकम ३ महिनाभित्र असूल गरी

रोक्का रहेका जग्गा फुकुवा गर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

२. काठमाडौ जिल्ला मनमैजु गा.वि.स. वडा नं. ५ कित्ता नं.२२५ क्षेत्रफल ३-६-०-० जग्गा दर्ता नै नभएको कृत्रिम मोठ खडा गरी तहतह नामसारी गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।२।२९ को निर्णयानुसार उक्त जग्गा अशोक विनायक गुठीको जग्गा हो होइन छानबिन गरी गुठीको हो भने ३ महिनाभित्र दर्ता गराई आयोगलाई जानकारी गराउन प्रशासक, गुठी संस्थान, केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।

३. काठमाण्डौं महानगरपालिका वडा नं. १९ मा अवस्थित चामुण्डा मन्दिरको नाममा रहेको ४० रोपनी जग्गा व्यक्तिहरूले दर्ता गरी बिक्री समेत गरेको हुँदा मन्दिरको नाममा दर्ता गर्नुपर्ने भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।१५ को निर्णयानुसार पत्ता लाग्न बाँकी जग्गा यथाशीघ्र पत्ता लगाई उक्त गुठी जग्गाको कानून बमोजिम संरक्षण गरी आयोगलाई जानकारी दिन गुठी संस्थान, केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।

४. जावलाखेल स्थित ललितपुर उपमहानगरपालिका वडा नं. ४ (झ) स्थित कित्ता नं. ७० को जग्गामा अनियमित तरिकाले व्यक्ति समेतको मिलेमतोमा घर निर्माण गर्न लागेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।१४ को निर्णयानुसार स्थानीय प्रशासन ऐन २०२८ अनुसार सार्वजनिक जग्गामा निर्माण भएका घर टहराहरू हटाई जग्गा यथावत खुल्ला राखी सोको जानकारी आयोगलाई दिन जिल्ला प्रशासन कार्यालय, ललितपुरलाई लेखी पठाइएको ।

५. सुकुम्बासी समस्या समाधान आयोग, मोरङले वितरण गरेको जग्गामा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार अनियमित रूपमा मालपोत ऐन २०३४ को प्रतिकूल हुने गरी दर्ता भएको सरकारी जग्गालाई दर्ता बदर गरी सरकारी जग्गा कायम गर्न मातहतको विभाग कार्यालयलाई निर्देशन दिनु पर्ने दायित्व भएको मन्त्रालयले सो नगरी सचिव स्तरबाट भएको रोक्का निर्णयलाई मिति २०५८।११।१५ मा मन्त्रिस्तरीय निर्णय गराई फुकुवा गरी सरकारी जग्गा संरक्षण गर्ने दायित्वबाट पन्छिएको देखिन आएको हुँदा मालपोत ऐन २०३४ को दफा २४ (२) लाई प्रभावकारी कार्यान्वय गरी कानूनले तोकेको दायित्व पूरा गर्न र जालसाजीपूर्ण तरिकाले झूटा व्यहोरा पेश गरी गैरसुकुम्बासी, गैर अव्यवस्थित बसोबासी र क्षेत्रीय कार्यालय विराटनगरले वितरण नगरेको जग्गालाई तत्कालीन बसोबास प्रशासकको दस्तखतसँग मिल्लोजुल्दो गरी जालसाजी श्रेस्ता पूर्जा पेश गरी अनधिकृत रूपमा जग्गा दर्ता गराएको हुन सक्ने देखिएकोले यस सम्बन्धमा सम्बन्धित मन्त्रालयले कुनै पदाधिकारी तोकी वा समिति गठन गरी यकिन गर्नुपर्ने हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यनीति २०५६ (संशोधन सहितको) दफा ५ र सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ अनुसार कारबाही गरी सोको जानकारी ६ महिनाभित्र आयोगलाई गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

६. नापी नक्सा केरमेट गरी सार्वजनिक पोखरीको कम क्षेत्रफल कायम गरी व्यक्तिको नाममा दर्ता गराएकोमा बदर गरी सार्वजनिक पोखरी कायम गरी पाउँ भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार सार्वजनिक पोखरीको जग्गा व्यक्तिको नाममा दर्ता भएको भए यकिन गरी मालपोत ऐनको दफा २४ बमोजिम दर्ता बदर गर्न मालपोत कार्यालय, बाँकेलाई लेखी पठाइएको ।

७. काठमाण्डौं महानगरपालिकाका विभिन्न वडामा अवस्थित जग्गाहरू मालपोत कार्यालय चावहिल डिल्लीबजार कलंकीका प्रमुख मालपोत अधिकृतको संलग्नतामा अनियमित रूपमा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।२३ को निर्णयानुसार रावल आयोगले रोक्का राखेको जग्गा फुकुवा गर्दा तत्कालीन सचिव योद्धा शाहको संयोजकत्वमा गठित समितिले गरेका निर्णयहरूको सम्बन्धमा मन्त्रालयबाट विशेष टोली गठन गरी छानबिन गरी सोको जानकारी आयोगमा पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

८. काठमाण्डौं महानगरपालिका वडा नं. ३४ स्थित वीरेन्द्र ऐश्वर्य पार्क निर्माण स्थलको सार्वजनिक जग्गा व्यक्ति विशेषले आफ्नो नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२८ को निर्णयानुसार सार्वजनिक जग्गा व्यक्तिको नाउँमा दर्ता गरेको निर्णय बदर गरी उक्त जग्गा सार्वजनिक कायम गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंमा लेखी पठाइएको ।

९. काठमाण्डौं महानगरपालिका वडा नं. ३४ स्थित बाग्मती किनारको राजकुलो समेतको सार्वजनिक जग्गा भि.एस.निकेतन स्कूलले समेत मिली कब्जा गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।३ को निर्णयानुसार का.म.न.पा. ३४ स्थित जग्गा नगर सिट नं. ११८७-०१ बाट जग्गा नाप हुँदा कि.नं. १०७ क्षेत्रफल ४-१-०-० सार्वजनिक जग्गा देखिएकोले नेपाल सरकारका नाममा दर्ता गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

१०. ६ नं नापी गौश्वारामा कार्यरत टोली प्रमुख संजय कुमार ठाकुर र हाल नापी शाखा ललितपुरमा कार्यरत अमिन गंगालाल कर्णले आफ्नो नाममा रहेको जग्गा प्रमाणपूर्जा भन्दा दशौं गुणा सार्वजनिक जग्गा अतिक्रमण गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।१० को निर्णयानुसार साविक वाग्मती नदीको सरकारी सार्वजनिक जग्गाको जम्मा क्षेत्रफल ०-११-१-३ जग्गा आफ्नो जग्गामा घुसाई अमिन संजय कुमार ठाकुरले भोगचलन गरेको देखिएको र अमिन गंगालाल कर्णले कि.नं २८२, २८४ र २२६ साँधमा रहेको कि.नं. २२४ र २२५ को साविक वाग्मती नदीको सरकारी सार्वजनिक जग्गाको जम्मा क्षेत्रफल ०-४-३-० जग्गा समेत आफ्नो जग्गामा घुसाई सो जग्गामा टहरा सहित बनाई भोगचलन गरेको देखिएकोले उल्लेखित सरकारी सार्वजनिक जग्गा लगायत वाग्मती नदीको दुवैतर्फको सरकारी सार्वजनिक जग्गा अतिक्रमित भएको देखिँदा कानून बमोजिम आवश्यक कारबाही गरी अतिक्रमित जग्गाको संरक्षण गर्न भूमिसुधार तथा

व्यवस्था मन्त्रालय, भौतिक योजना तथा निर्माण मन्त्रालय एवं जिल्ला प्रशासन कार्यालयमा लेखी पठाइएको ।

११. राष्ट्रिय सम्पत्ति भ्रष्टाचार गर्ने उपर कारबाही गरी जाली पूर्जा बदर गरियोस भन्ने लगायतका सुकुम्बासी समस्या समाधान आयोग जिल्ला कार्य समिति मोरङले २०५८ सालमा बिक्री वितरण गरेको जग्गाको सम्बन्धमा मिति २०५९।१०।४ मा यस आयोगमा परेको उजूरी र यसै विषयमा विभिन्न पत्र पत्रिकामा प्रकाशित उजूरी समाचार समेतको आधारमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार का.मु. बसोबास प्रशासक मेघनाथ काफ्लेको दस्तखतसँग नभिडेका, दर्तावाला जग्गा धनीहरूले हालसम्म भोगचलन नगरेको र झूटो व्यहोरा र प्रमाणको आधारमा सुकुम्बासी समस्या समाधान आयोग जिल्ला कार्य समिति मोरङको मिति २०५८।३।६ र २९ गतेको निर्णय समेतबाट दर्ता भएका ६१-१७-१८.५ बिगाहा जग्गाहरू अनियमित रूपमा दर्ता भएको प्रमाणित भएको पुष्टि भएकोले दुष्परिणाम सच्याउनुपर्ने देखिएको हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ तथा मालपोत ऐन, २०३४ को दफा २४(२) अनुसार ३ (तीन) महिनाभित्र दुष्परिणाम सच्याई यस आयोगलाई जानकारी गराउन र मोरङ जिल्ला साविक बखरी गा.वि.स वडा नं. ६ ख कि.नं. २०१ र २०५ को जग्गाका सम्बन्धमा दर्ता श्रेस्तामा तत्कालिन बसोबास प्रशासकको सक्कली दस्तखतसँग भिड्न नआएकोले कानून बमोजिम गर्न लेखी पठाइएको।

साथै सुकुम्बासी समस्या समाधान आयोग जिल्ला समिति मोरङको मिति २०५८।३।६ र २९ गतेको बैठकहरुबाट मात्र जम्मा ३४८९ सुकुम्बासी तथा अव्यवस्थित बसोबासीहरूलाई जग्गा वितरण तथा क्षेत्रीय बसोबास कार्यालय विराटनगरबाट भएको दर्तालाई नियमित गरेको देखियो, उक्त दुई बैठकबाट मात्र यति धेरै निर्णय हुन सक्ने सम्भावना नहुने हुँदा आयोगबाट छानबिन कार्य पूरा भई अनियमित रूपमा दर्ता भई दुष्परिणाम सच्याई दर्ता बदरको लागि लेखिएका माथि उल्लेखित राजेन्द्र बहादुर चौहान समेत २९ जनाको नाममा दर्ता भएको बाहेक बाँकी अन्यको सम्बन्धमा पनि यस्तै प्रकृतिले जालसाजीपूर्ण कार्य गरी झूट्ठा व्यहोरा पेश गरी गैरसुकुम्बासी, गैर अव्यवस्थित बसोबासी र क्षेत्रीय बसोबास कार्यालय विराटनगरले वितरण नगरेको जग्गालाई तत्कालीन बसोबास प्रशासकको दस्तखतसँग मिल्दोजुल्दो गरी जालसाजी श्रेस्ता पूर्जा पेशगरी अनधिकृत रूपमा जग्गा दर्ता गराएको हुन सक्ने अवस्था देखिएकोले यस सम्बन्धमा सम्बन्धित मन्त्रालयले कुनै पदाधिकारी तोकी वा समिति गठन गरी यकिन गर्नुपर्ने हुँदा सुकुम्बासी समस्या समाधान आयोगको गठन, काम, कर्तव्य र अधिकार सम्बन्धी कार्यनीति २०५६ (संशोधन सहितको) दफा ५ र सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ अनुसार कारबाही किनारा लगाई ६ महिनाभित्र यस आयोगमा सोको जानकारी गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

१२. काठमाडौं जिल्ला साविक भिमसेनगोला १/ग कित्ता नं. १२ को क्षेत्रफल १-५-२-० सार्वजनिक जग्गा हरिप्रसाद गिरी समेतका व्यक्तिहरूका नाममा दर्ता गरेकोले सरकारी जग्गाको संरक्षण गरी पाउँ भन्ने समेत व्यहोराको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२८ को निर्णयानुसार साविक पर्ती जनिई हाल व्यक्तिका नाममा दर्ता रहेको देखिएका

का.म.न.पा. वडा नं. १० को ३ रोपनी जग्गाहरू र फिल्डबुकमा खाली जनिई सरकारका नाममा जान बाँकी रहेका कित्ता नं. ३५, ११५, ३६८ र ४९० का जग्गाहरू कानूनको रीत पुऱ्याई मालपोत ऐन २०३४ को दफा २४ बमोजिम व्यक्तिको नामबाट लगतकट्टा गरी नेपाल सरकारका नाममा कायम गरी जानकारी दिन मालपोत कार्यालय, डिल्लीबजारलाई लेखी पठाइएको ।

१३. मालपोत कार्यालय, ललितपुरका कर्मचारीहरूले म समेतका ५ जनाको नाममा दर्ता भएको निजी गुठीको जग्गालाई गैरकानूनी रूपमा जग्गा धनी मछिन्द्रनाथ गुठी र मोही कान्छा महर्जन कायम गरी दोहोरो श्रेस्ता खडा गरी भ्रष्टाचार गरे भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।६ को निर्णयानुसार जग्गाको दोहोरो श्रेस्ता कायम भएको सम्बन्धमा उल्लेखित जग्गा धनी नरसिंहलाल श्रेष्ठ तथा गुठी संस्थान शाखा कार्यालय ललितपुर समेतले उक्त दोहोरो श्रेस्ता कट्टा गरी आफ्नो मात्र कायम गरी पाउँ भनी मालापोत कार्यालय ललितपुरमा दिएको निवेदन कारबाही युक्त अवस्थामा रहेको भन्ने मालपोत कार्यालय ललितपुरको च.नं. १०८० मिति २०६३।११।३ को पत्रबाट देखिन आएको र यस्तो दोहोरो दर्ता हुन गएकोमा मालपोत कार्यालयले आवश्यक जाँचबुझ गरी सो कुरा सच्याई दर्ता कायम गर्न सक्नेछ भन्ने मालपोत ऐन २०३४ को दफा ७ (३) मा व्यवस्था भएको देखिंदा प्रस्तुत विवादको दोहोरो श्रेस्ता कायम सम्बन्धमा त्यस कार्यालयमा कारबाही युक्त अवस्थामा रहेको निवेदनमा कानून वमोजिम यथाशीघ्र निर्णय गर्नु भनी मालपोत कार्यालय, ललितपुरमा लेखी पठाइएको ।

(झ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. काठमाण्डौं महानगरपालिकाका ईन्जिनीयर सुरेशहर्ष बज्राचार्यले एकै समयमा दुई ठाउँमा काम गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा निज बज्राचार्यले कार्यालय समयमा अध्ययन गरेको अवधिमा निजले पाएको तलबभत्ता निजबाट असूल उपर गरी महानगरपालिकामा जम्मा गर्न र निजले दिवा समयमा अध्ययन गरेको अवधिलाई असाधारण बिदामा परिणत गर्न आयोगको मिति २०६३।५।५ को निर्णयानुसार भौतिक योजना तथा निर्माण मन्त्रालय र काठमाण्डौं महानगरपालिकामा लेखी पठाइएको ।

२. काठमाण्डौं महानगरपालिका वडा नं. १० मा मापदण्ड विपरीत नक्सा पास गराई निर्माण गरे भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार काठमाडौं उपत्यका नगर विकास समितिले लागू गरेको मापदण्ड २०५० विपरीत काठमाण्डौं महानगरपालिकाले नक्सा पास गरी घर धनीहरूले स्वीकृत मापदण्ड विपरीत तथा पास भएको नक्सा भन्दा बढी संरचना समेत निर्माण गरेको देखिदा नगर विकास ऐन बमोजिम कारबाही गरी ३ महिना भित्र आयोगलाई जानकारी दिन काठमाडौं उपत्यका नगर विकास समिति कार्यालयमा लेखी पठाइएको ।

३. अरनिको राजमार्ग वरिपरि केही ठाउँमा सडक अतिक्रमण गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।१० को निर्णयानुसार मालपोत कार्यालयसँग लेखापढीको कार्यलाई प्राथमिकताका साथ अगाडि बढाउन सडक विभागमा लेखी पठाइएको ।

४. ग्रामीण आवास कम्पनी र वन विभाग बीच अधिकार र उत्तरदायित्वमा भ्रम रहेकोले उक्त विषयमा कुनै टुङ्गोमा नपुगी गैरकानूनी रूपमा निर्माण गरेको संरचनाको सम्बन्धमा पनि कुनै टुङ्गोमा नपुगी आवश्यक कारबाही नभएको देखिएको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१५ को निर्णयानुसार कुन निकायको के कस्तो हक अधिकार हुनुपर्ने हो सोको आधारमा उक्त अधिकार प्रयोगको हकमा के कसो गर्नुपर्ने हो स्पष्ट व्यबस्था गरी आयोगलाई ३ महिना भित्र जानकारी गराउन वन तथा भू-संरक्षण मन्त्रालय र भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएको ।

५. नगर विकास कोषको कार्यकारी निर्देशकको पदपूर्ति गर्दा अनियमितता भयो भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।९ को निर्णयानुसार नगर विकास कोष ऐन, २०५३ को दफा १८ को उपदफा (१) बमोजिम खुल्ला प्रतिस्पर्धाको आधारमा कार्यकारी निर्देशकको नियुक्त गर्ने आधार ऐनको दफा २ को खण्ड ड बमोजिम नियम वा विनियममा तोकी ३ महिनाभित्र कोषको कार्यकारीको पद पूर्ति गर्न कोष संचालक समितिको अध्यक्ष तथा भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

६. काठमाडौं महानगरपालिका वडा नं. ३५ को सिनामङ्गलदेखि मनोहरा पुलसम्मको सडक मर्मत सुधार एवं पूर्वाधार विकास गर्ने सिलसिलामा सडक केन्द्रविन्दुबाट दुबैतर्फ ७।७ मिटर सडक सीमा कायम गर्दा दक्षिणतर्फ बढी च्यापिन गई स्थानीय बासिन्दालाई मर्का परेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।१६ को निर्णयानुसार काठमाडौं उपत्यका नगर विकास समितिबाट २०५० सालमा स्वीकृत मापदण्ड बमोजिम नै उक्त सडकको चौडाइ क्षेत्रफल कायम राख्न र त्यस क्षेत्रका बासिन्दाको जग्गा अतिक्रमण हुन गएको भन्ने सन्दर्भमा सम्बद्ध नापी कार्यालयसँग समन्वय कायम राखी आवश्यक काम कारबाही गर्न सडक विभाग डिभिजन सडक कार्यालय नं. २, मीनभवनलाई लेखी पठाइएको ।

७. टीकापुर विकास समितिको कर्मचारी प्रशासन र आर्थिक प्रशासनमा विविध प्रकृतिका अनियमितता भएको, जग्गा बिक्री वितरण लगायतका अन्य काम कारबाहीमा पारदर्शी नभएको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।२४ को निर्णयानुसार विकास समिति ऐन, २०१३ बमोजिम मिति २०२८।४।३१ मा टीकापुर विकास समिति गठन भई म्याद थप भई २०६४ असार मसान्तसम्म ३५ वर्षभन्दा बढी अवधिदेखि कायम रहिआएको छ । समितिले आफ्नो नियम बनाउन सक्ने आदेशको दफा ३ बमोजिम मिति २०२८।५।२८ मा बनेको नियमावलीमा जग्गा बिक्री वितरणको बारेमा विविध व्यवस्था निर्धारण गरेको भए तापनि उक्त नियमावली समयानुकूल परिमार्जन नभएको र कार्यान्वयनमा पनि ल्याएको देखिएन । यति लामो

अवधिसम्म नियमावली समेत नबनेको सन्दर्भमा समितिको काम कारबाही पारदर्शी हुन सकेको देखिएन । अतः समितिको काम कर्तव्य अधिकारसँग सम्बन्धित विषय र समितिद्वारा सञ्चालित शैक्षिक संस्थाहरूलाई नियमसँगत र पारदर्शी तरिकाबाट सञ्चालन तथा व्यवस्थापन गर्नको लागि तत्काल आवश्यक नियमहरू स्वीकृत गरी सोही नियमावली बमोजिम समितिको कार्य सम्पादन गर्ने र त्यस्तो नियमावली नबनेसम्म कर्मचारी नियुक्ति तथा जग्गा बिक्री वितरण सम्बन्धमा कुनै निर्णय नगर्न अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम टीकापुर विकास समितिलाई आवश्यक निर्देशन दिने र समितिमा करारमा नियुक्त कानूनी सल्लाहकार चन्द्रभूषण सिंह स्वाँरले पारश्रमिक नपाएको विषयमा आफैले उपयुक्त निर्णय गर्न टीकापुर विकास समितिलाई आवश्यक निर्देशन दिन समेत भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएको ।

(ञ) वन तथा भू- संरक्षण मन्त्रालय अन्तर्गत

१. जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडलाई प्रत्यक्ष अप्रत्यक्ष हानि नोक्सानी पुऱ्याई व्यक्तिगत लाभ लिएको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।२३ को निर्णयानुसार थप छानबिन गर्नुपर्ने भए छानबिन गर्ने, असूल उपर गर्नुपर्ने भए असूल उपर गर्ने, विभागीय कारबाही गर्नुपर्ने भए सोसमेत गरी ३ महिना भित्र आयोगलाई जानकारी दिन जडिबुटी उत्पादन तथा प्रशोधन कम्पनी लिमिटेडलाई लेखी पठाइएको ।

२. तातोपानी नाकाबाट विभिन्न जडिबुटी भन्सार कर्मचारीको मिलेमतोमा तस्करी गरी राजस्व छलेको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२१ को निर्णयानुसार रक्त चन्दन पक्रिएको/भेटिएको बिषयमा सबैलाई एकै प्रकारको कारबाही हुनु पर्दछ र रक्त चन्दन तस्करी गर्दा जुन जुन मुद्दामा जो जो संलग्न छन् ती सबैलाई त्यहाँबाटै कारबाही गरी आयोगलाई जानकारी दिन वन तथा भू-संरक्षण सचिवलाई लेखी पठाइएको ।

३. मकवानपुर इन्जिनियरिङ एण्ड म्यानुफयाक्चरिङ कम्पनीले अमलेखगञ्ज गा.वि.स.का पदाधिकारीहरूलाई आर्थिक प्रलोभनमा पारी सरकारी सम्पत्ति हिनामिना गरी नोक्सानी गरेका, दुधौरा खोलाको पश्चिमतर्फ रहेको वन जंगलको ढुङ्गा झिकी बसोबास क्षेत्रलाई प्रतिकूल असर पारेकोले उक्त कम्पनीको रोडा ढुङ्गा संकलनको कार्य रोक्का राखी सम्बन्धित मिलेमतो गर्नेहरूलाई सजाय गरी पाउँ भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।७।३० को निर्णयानुसार निम्न व्यहोरा रहेको :

(क) अमलेखगञ्जमा स्थापना भएका क्रसर उद्योगहरू पर्सा वन्यजन्तु आरक्ष कार्यालय अन्तर्गतको मध्यवर्ती क्षेत्र घोषणा भए पश्चात सो क्षेत्र भित्र परिसकेको अवस्थामा मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ को परिच्छेद ५ को नियम १७ खण्ड (ग), नियम १८ को उप नियम (१) र सोही नियमावालीको नियम २० को उप नियम (४) बमोजिमको परिधिभित्र रही कार्य गर्न गराउन वन तथा भू-संरक्षण मन्त्रालय, राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग, पर्सा वन्यजन्तु आरक्ष कार्यालय र त्यसै गरी वन क्षेत्रभित्रको हकमा वन

नियमावली, २०५१ को नियम १४ को उपनियम (२) र (३) बमोजिमको परिधिभित्र रही कार्य गर्न गराउन जिल्ला वन कार्यालय बारालाई निर्देशन दिन वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएको,

(ख) मकवानपुर इन्जिनियरिङ एण्ड म्यानुफ्याक्चरिङ प्रा.लि.ले क्रसर उद्योग सञ्चालन गर्न प्रयोग गरेको जग्गालाई नै अमलेखगंज गाउं विकास समितिले आफ्नो हकभित्रको ऐलानी पर्ति जग्गा हो भनी सो उद्योगसँग मिति २०५७।५।६ मा सम्झौता गरी भाडामा दिएकोमा उक्त उद्योगलाई आफ्नो मेसिनरी, औजार एवं सरसमान हटाई वन क्षेत्रको जग्गा खाली गरिदिन र खाली नगरेमा सो उद्योगलाई ढुङ्गा, गिट्टी उपलब्ध नगराउने भनी जिल्ला वन कार्यालय बाराले सम्बन्धित ईलाका वन कार्यालयलाई च.नं.२०५४ मिति २०६१।१२।१८ को पत्रबाट आदेश गरेकोमा सो आदेशको विरुद्ध उक्त क्रसर उद्योगले पुनरावेदन अदालत हेटौंडामा रिट निवेदन दायर गरेको (रिट निवेदन मिति २०६२/४/३०) मा उक्त अदालतबाट रिट खारेज हुने गरी आदेश भएको हुँदा उक्त उद्योगको सम्बन्धमा पर्सा वन्यजन्तु आरक्ष कार्यालयलाई मध्यवर्ती क्षेत्र व्यवस्थापन नियमावली २०५२ अनुसार गर्न गराउन लेखी पठाइएको ।

४. रक्त चन्दनको अवैध व्यापार सम्बन्धमा विभिन्न संचार माध्यमहरू समेतबाट प्राप्त सूचनाको आधारमा अनुसन्धान भई आयोगको मिति २०६४।१।५ को निर्णयानुसार वन तथा भूसंरक्षण मन्त्रालयमा देहाय बमोजिम गर्न निर्देशन पठाइएको :

(क) नेपाल समेत पक्ष रहेको दुर्लभ वन्यजन्तु र वनस्पतिको अन्तर्राष्ट्रिय महासन्धि Convention on International Trade in Endangered Species of Yield Fauna and Flora (CITIES) अनुसूची - २ मा समावेश भएको रक्त चन्दन समेतको प्रजाति निकासी गर्ने राष्ट्रको व्यवस्थापन निकायबाट त्यस्ता प्रजातिको निकासीबाट त्यस्ता प्रजातिको अस्तित्वमा खतरा छैन भन्ने कुरालाई सुनिश्चित गर्दै महासन्धिको प्रावधान बमोजिम निकासी इजाजत पत्र जारी भएको अवस्थामा मात्र महासन्धिको अनुसूची २ बमोजिमको प्रजाति नेपालभित्र प्रवेश गराउने ।

(ख) निर्देशन **क** बमोजिम निकासी भएको प्रजाति तेश्रो मुलुकमा पुनः निकासी गर्नुपर्ने भएमा नेपालको तर्फबाट तोकिएको व्यवस्थापन निकायले पनि महासन्धिको प्रावधान बमोजिम निकासी पत्र जारी गरेको अवस्थामा मात्र त्यस्तो प्रजाति तेश्रो मुलुकमा पुनः निकासी गर्न दिने ।

(ग) महासन्धिको प्रावधान कार्यान्वयन गर्न तत् सम्बन्धी कानून हालसम्म नबनेको भए तापनि नेपाल सन्धि ऐन २०४७ को दफा ९ ले महासन्धिको त्यस्तो प्रावधान राष्ट्रिय कानून सरह नै हुने व्यवस्था भएकाले महासन्धिको प्रावधान बमोजिमको तत् सम्बन्धी राष्ट्रिय कानून बनिसकेको नदेखिँदा त्यस्तो कानून निर्माण गर्न आवश्यक व्यवस्था गर्ने ।

(घ) निर्देशन ग बमोजिम राष्ट्रिय कानून नबनेसम्मको लागि महासन्धिको प्रावधान कार्यान्वयन गर्न केन्द्रीय तथा जिल्ला स्तरमा आवश्यक संयन्त्रको विकास गर्न गृह एवं वन तथा भूसंरक्षण मन्त्रालयले आवश्यक व्यवस्था गर्ने ।

५. जिल्ला वन कार्यालय, चितवनका जिल्ला वन अधिकृतले गैंडाको खाग तस्करको सम्बन्धमा गरेको फैसला अनुचित तथा अनियमित किसिमले गरे भन्ने विषयको कान्तिपुर दैनिकमा प्रकाशित समाचारका आधारमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।२६ को निर्णयानुसार कानूनी अधिकारको प्रयोग गर्ने अर्धन्यायिक निकायका अधिकारीहरूले आफूलाई प्राप्त कानूनी अधिकारको प्रयोग गर्दा कानूनसम्मत तरिकाले नगरेको कुरा विभिन्न अनुसन्धानबाट देखिएको हुँदा अनुसन्धान, थुनछेक आदेश तथा फैसलामा एकरूपता ल्याउने कार्यमा जानकारी प्रदान गर्न एक निर्देशिका तयार पारी लागू गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई लेखी पठाइएको ।

(ट) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. वि.पि.कोइराला मेमोरियल क्यान्सर अस्पतालमा भवन निर्माण एवं मेसिन उपकरण खरिद समेतमा भ्रष्टाचार भएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२५ को निर्णयानुसार अस्पतालबाट निर्माण हुने काममा थपघट गर्दा अब उप्रान्त संचालक समितिबाट स्वीकृति लिएर मात्र गर्न र ATL को HDI 3500 Colour Duppler Ultra Sound Machine खरिद गर्न र Price included factor मा समावेश भएको Training र Conference अस्पतालले प्राप्त गरेको नदेखिँदा Training र Conference समेत प्राप्त गर्ने तर्फ शीघ्र पहल गर्न वि. पि. कोइराला मेमोरियल क्यान्सर अस्पताललाई लेखी पठाइएको ।

२. आपूर्ति व्यवस्था महाशाखाले मेडिकल उपकरणहरू खरिद गर्दा नक्कली गुणस्तर प्रमाण पेश गरी अर्डर प्राप्त गर्ने विगतको परम्परा दोहरिन नदिन दर्ता भएको प्रमाणित कम्पनीहरूबाट मात्र खरिद गर्ने व्यवस्था होस भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।६ को निर्णयानुसार देहाय बमोजिमको सुझाव स्वास्थ्य सेवा विभागमा लेखी पठाइएको :

क) स्पेसिफिकेसन तयार गर्दा सम्बन्धित विज्ञहरूबाट गराई बहु अर्थ दिने शब्द प्रयोग नगर्ने,

ख) बोलपत्र कागजात पेश गर्दा विदेशी कागजपत्रको हकमा प्रमाणित सक्कल प्रति स्वीकार गर्ने,

ग) बोलपत्र फारम साथ पेश भएका उपकरणहरूको क्याटलग लगायतका कागजपत्रहरू स्पेशिफिकेशन बमोजिम छ, छैन सम्बन्धित विज्ञहरूको समिति गठन गरी आपूर्ति भएको उपकरणको परीक्षण गराउने,

घ) स्पेशिफिकेशनमा लेखिए भन्दा फरक रहेको स्वास्थ्य उपकरण ठीक छ भनी सम्बन्धित विज्ञले सिफारिस गर्दा पुष्ट्यांई हुनुपर्ने ।

(ठ) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. काठमाण्डौं महानगरपालिका वडा नं. १० मा मापदण्ड विपरीत नक्सा पास गराई निर्माण गरे भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार काठमाडौं उपत्यकामा तीव्र रूपमा भइरहेको बस्ती विस्तारसँगै निर्माण भएका घरहरूमा एक रूपता कायम नभएको, ढाँचा मनपरी रहेको र तोकिएको मादण्ड उल्लंघन भई शहर अव्यवस्थित र अनियन्त्रित रूपमा विस्तार भइरहेको हुँदा भवन निर्माण सम्बन्धी मापदण्डलाई पुनरावलोकन गरी

समयानुकूल तुल्याउन आवश्यक भए पुनरावलोकन गर्न र मापदण्ड विपरीत निर्माण कार्य गर्न नदिनेतर्फ आवश्यक व्यवस्था गर्न काठमाडौं महानगरपालिकामा लेखी पठाइएको ।

२. काठमाडौं महानगरपालिका मेकानिकल शाखामा सामान खरिद गर्दा भ्रष्टाचार भयो भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।३ को निर्णयानुसार कति सामान टेण्डरबाट खरिद गरियो, कुन गाडीमा कति सामान फेरियो भन्ने समेतको अभिलेख स्पष्टसँग राखिएको नपाइएबाट आर्थिक वर्षभरि चाहिने मर्मत संभारका स्पेयरपार्टस, ल्युब आयल लगायतका सामानहरूको आर्थिक वर्ष अगावै लगत इष्टिमेट बनाई आवश्यक पर्ने बेलामा मात्र खरिद गर्न मिल्ने गरी टेण्डर वा घटाघट लगायतका नियम अनुसारका प्रतिपर्स्धाका माध्यमबाट मात्र पारदर्शी तरिकाले खरिद गर्नएवं मर्मत कार्य गराउन र प्रत्येक सवारी साधन वा भारी उपकरणहरूको शुरुदेखि हालसम्मको सबै अवस्था खुल्ने गरी अभिलेख राख्ने व्यवस्था तत्कालै गर्न स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

३. काठमाण्डौ महानगरपालिकाका कार्यकारी अधिकृत कृष्ण देवकोटाले मापदण्ड विपरीत घर निर्माण गर्न स्वीकृत दिई ठूलो भ्रष्टाचार गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२८ को निर्णयानुसार महानगरपालिकाले अनुगमन गर्ने सम्बन्धी कर्तव्य पालन गरेको नदेखिएबाट नियम र मापदण्ड विपरीत बनेको घरलाई स्थानीय स्वायत्त शासन ऐन तथा नियमावली बमोजिम कारबाही गर्न र अनुगमन तथा निरीक्षण सम्बन्धी कार्यलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्न काठमाण्डौ महानगरपालिकालाई लेखी पठाइएको ।

४. काठमाडौं जिल्ला साविक भिमसेनगोला १/ग कित्ता नं. १२ को क्षेत्रफल १-५-२-० सार्वजनिक जग्गा हरिप्रसाद गिरी समेतका व्यक्तिहरूका नाममा दर्ता गरेकोले सरकारी जग्गाको संरक्षण गरी पाउँ भन्ने समेत व्यहोराको उजूरी निवेदनका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२८ को निर्णयानुसार सार्वजनिक जग्गा (कि.नं. ३६, ४९०, २८७) मा घुसाई निर्माण गरिएका घर टहरा र कित्ता नं. ३३१ को उत्तर पश्चिममा घुसेको घरको टप हटाउन काठमाण्डौ महानगरपालिकालाई लेखी पठाइएको ।

(ङ) संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विमानस्थल नागरिक उड्डयन कार्यालयमा स्टोरमा रहेका सामानहरूमा भ्रष्टाचार भएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।९ को निर्णयानुसार त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका कार्यालय प्रमुखलाई लेखी पठाएको :

(क) खरिद गरिएका र विभिन्न परियोजनाहरूबाट हस्तान्तरण गरिएका जिन्सी सामानहरूको नियमानुसार निरीक्षण गरी निरीक्षण प्रतिवेदन तयार गर्ने, सो प्रतिवेदन तयार गर्दा परियोजनाहरूबाट खरिद गरिएका सामानहरूको साबिक र हालको लगत भिडाई सामान नपुग भए सामान बुझ्ने बुझाउने जिम्मेवार र उत्तरदायी व्यक्ति समेत पहिचान गरी सोको विवरण तयार गर्ने,

(ख) मासिने नासिने प्रकृतिका सामानहरू र खर्च नहुने प्रकृतिका सामानहरूको लगत लिई प्रचलित कानून बमोजिम मिनाहा गरी मिनाहा नहुने प्रकृतिका सामानहरू कसका जिम्मा छन् पत्ता लगाई सामानहरूको सोधभर्ना गराउने, नभए कुन कर्मचारी उपर कानूनी कारबाही हुनु पर्ने हो विवरण तयार गर्ने,

(ग) कार्यालयका कर्मचारीहरूको कार्य विवरण लागू गरी उत्तरदायित्व र जिम्मेवारी तोक्ने ।

२. नेपाल पर्वतारोहण संघमा सरकारबाट प्राप्त राजस्व भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।२९ को निर्णयानुसार पर्यटन ऐन २०३५ को दफा ३८(१) को खण्ड (ट) मा नेपाल सरकारको आदेश निर्देशन पालना नगर्ने पर्वतारोहण संघलाई सोही ऐनको दफा ३७(२) बमोजिम सुम्पिएको अधिकार फिर्ता लिन वा पर्वतारोहण प्रयोजनको लागि प्रदान गरिएको मान्यता रद्द गर्न सक्ने अधिकार नेपाल सरकारलाई नै भएको देखिँदा यस सम्बन्धमा जे जो निर्णय गर्नुपर्ने हो गरी आयोगलाई जानकारी गराउन संस्कृति, पर्यटन तथा नागरिक उड्डययन मन्त्रालयमा लेखी पठाइएको ।

३. श्री भाष्करदेव संस्कृत केश चन्द्रकृत परावत महाविर इटुम्बहालका गुठियार रामकाजी र नजरमानले पौराणिक वास्तुकलाको अस्तित्व नै समाप्त पार्ने गरी जीर्णोद्धार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।१ को निर्णयानुसार आवश्यक कारबाही गरी आयोलाई जानकारी दिन काठमाडौ महानगरपालिकामा लेखी पठाइएको ।

४. नेपाल पर्यटन बोर्डका कार्यकारी प्रमुख टेकबहादुर डाँगीले नक्कली शैक्षिक योग्यताको प्रमाणपत्र पेश गरी नोकरी गरिरहेको, आ.व. २०६१।०६२ मा विना टेण्डर विदेशमा काम दिई विदेशी मुद्रा अपचलन गरेको, प्रवर्द्धनात्मक सामग्री उत्पादन र वितरणमा अनियमितता गरेको, बिना टेण्डर नियम विपरीत कोटेशनमा मात्र काम दिने गरेको, लगायतका विषयको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।१० को निर्णयानुसार संस्था संचालनको लागि छुट्टै बोर्ड गठन भई पर्यटन प्रवर्द्धनसम्बन्धी कार्य बोर्डको प्रमुख जिम्मेवारी भए पनि कार्य प्रकृति र विद्यमान कानून (खास गरी आर्थिक तथा प्रशासनिक विनियमावली) को प्रक्रिया र प्रावधानमा सन्तुलन नदेखिएको कारण आर्थिक विनियमको पूर्ण पालन गरी कार्य संचालन गरेको नदेखिएकोले कानून बमोजिमका प्रक्रिया एवं कार्यविधि अवलम्बन गरी कार्य सम्पादन गर्नु प्रत्येक संस्थाको अनिवार्य दायित्व भएकोले बोर्डको कार्यप्रकृतिसँग मिल्दोजुल्दो आर्थिक र प्रशासनिक नियम बनाई व्यवस्थित रूपमा संस्था संचालन गर्न लगाउन समितिका अध्यक्ष एवं संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

५. नेपाल नागरिक उड्डयन प्राधिकरण अन्तर्गतको हवाई उड्डयन सुरक्षा विभागका कर्मचारीहरू आफैले नियमन गर्ने नेपालका निजी वायुसेवा कम्पनीहरूको आर्थिक सहयोगमा पटक पटक विदेश जाने गरेका र नेपाल नागरिक उड्डयन प्राधिकरणबाट ठेक्कापट्टा लगाउँदा अनियमितता हुने गरेको भन्ने उजूरीहरूका सम्बन्धमा नेपाल नागरिक उड्डयन प्राधिकरणका महानिर्देशक समेतको

उपस्थितिमा छलफल भई देहाय बमोजिम गर्न नेपाल नागरिक उड्डयन प्राधिकरण, प्रधान कार्यालयलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ क बमोजिम लेखी पठाइएको :

(क) नेपालमा ल्याउन लागिएको विमानको Certificate of Airworthiness Issue/Validation गर्ने, विमानको मर्मत संभारको निरीक्षण गर्ने समेतका काममा नेपाल नागरिक उड्डयन प्राधिकरणबाट सम्बन्धित विषय हेर्ने कर्मचारीलाई सम्बन्धित वायु सेवाले नै खर्च व्यहोरी विदेश लैजाने गरेको कुरा अनुसन्धानबाट खुल्न आयो । यसरी सम्बन्धित वायु सेवाकै खर्चमा नियामक निकायका पदाधिकारीलाई विदेश भ्रमण गराउने कुरा उपयुक्त मान्न सक्ने अवस्था आएन । तसर्थ अब उप्रान्त COA/Validation गर्ने, विमानको मर्मत संभारको निरीक्षण गर्ने जस्ता विषयमा प्राधिकरणले नियम बनाई सेवा दस्तुर तोकी रकम असूल उपर गरेर मात्र आफ्ना विशेषज्ञ कर्मचारीलाई प्राधिकरणबाटै खर्च व्यहोरिने गरी काजमा पठाउने व्यवस्था गर्ने ।

(ख) नेपाल नागरिक उड्डयन प्राधिकरणबाट बन्दोबस्त गरिने ठेक्कापट्टासँग सम्बन्धित कार्यमा पारदर्शिता र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न आर्थिक प्रशासनसँग सम्बन्धित प्रचलित नेपाल कानूनको प्रतिकूल नहुने गरी नेपाल नागरिक उड्डयन प्राधिकरणको आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५७ लाई समसामयिक सुधार र संशोधन गर्ने, सो कार्य नभएसम्म प्रचलित आर्थिक प्रशासन र ठेक्कापट्टा सम्बन्धी ऐन नियम अनुसार मात्र ठेक्कापट्टाको बन्दोबस्त गर्ने ।

(ढ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. साविकमा विज्ञापन एजेन्सीको रूपमा काम गर्दै आएको रोयल टच प्रा.लि.लाई आर्थिक प्रलोभनमा परी टेलिभिजन प्रसारण गर्न अनुमति दिएकोले आवश्यक कारबाही गरी पाउँ भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।६ को निर्णयानुसार राष्ट्रिय प्रसारण ऐन, २०४९ को दफा ९ अनुसार शतप्रतिशत विदेशी लगानी भएको कम्पनीलाई टेलिभिजन प्रसारणको स्वीकृति दिन नमिल्ने देखिएकोले उक्त रोयल टच प्रा.लि.लाई टेलिभिजन प्रसारण गर्न स्वीकृति दिन नमिल्ने व्यहोरा सूचना तथा सञ्चार मन्त्रालयलाई लेखी पठाइएको ।

(ण) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. गुहेश्वरी माध्यमिक विद्यालय, सिनामंगलमा कार्यरत नै नभएका शिक्षकको नामबाट तलब निकासा गरी आफूखुसी नियुक्त शिक्षकलाई तलब खुवाई विद्यालयको रकम हिनामिना गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।११ को निर्णयानुसार निम्नानुसार गर्न लेखी पठाइएको :

(क) शिक्षा ऐन २०२८ तथा शिक्षा नियमावली २०५९ बमोजिम विद्यालयको सम्पत्ति संरक्षण गर्न आवश्यक व्यवस्था मिलाउन जिल्ला शिक्षा कार्यालय, काठमाडौंमा लेखी पठाइएको,

(ख) विद्यालयबाट बिक्री गरिने टाई, वेल्ट, भर्ना फाराम, पुस्तकको हिसाब किताब पारदर्शी ढंगले राखी विद्यालयको शैक्षिक कार्यमा खर्च गर्न व्यवस्थापन समितिलाई लेखी पठाइएको,

(ग) विद्यालयमा कार्यरत नै नरहेका शिक्षकहरूको नामबाट तलब माग गरी आफूखुसी भर्ना गरिएका शिक्षकहरूलाई वितरण गर्ने गरेको देखिँदा अधिराज्यभरका विद्यालयहरूमा यस्तो अव्यवस्था हुन नदिन र खुल्ला विज्ञापनबाट प्रतिस्पर्धात्मक व्यवस्था गरेर मात्र शिक्षक भर्ना गर्ने व्यवस्था गर्न शिक्षा विभागमा लेखी पठाइएको,

(घ) सो गुहेश्वरी माध्यमिक विद्यालय, सिनामंगलमा कार्यरत नै नभएका शिक्षकको नामबाट तलब निकासा गरी आफूखुसी नियुक्त शिक्षकलाई तलब खुवाई विद्यालयको रकम हिनामिना गरेको भन्ने उजूरीका सम्बन्धमा प्रधानाध्यापक पद्यमराज भुसालले अनुचित कार्य गरी कानूनले तोके भन्दा बढी लिएको लेखापाल गौतम भट्टलाई समेत दिलाएको भत्ता रकम विद्यालय कोषमा दाखिला गर्न, निज प्रधानाध्यापक भुसाललाई अन्यत्र सरुवा गरी बिभागीय कारवाही गर्न र अस्थाई शिक्षक गौतम भट्टलाई सेवाबाट हटाउन जिल्ला शिक्षा कार्यालय, काठमाडौँमा लेखी पठाइएको ।

२. अखिल नेपाल फुटबल संघका अध्यक्ष गणेश थापाले विदेशी संघ संस्थाबाट प्राप्त र प्रायोजकबाट प्राप्त रकम अनियमितता गरी गैरकानूनी सम्पत्ति आर्जन गरेको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।३० को निर्णयानुसार आर्थिक विनियमावली तयार गरी कार्यान्वयनमा ल्याई सोको जानकारी आयोगलाई दिन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएको ।

३. राजेन्द्र रेवती निम्न माध्यमिक विद्यालय, सप्तरीको आयस्रोत हिनामिना गरी गैरकानूनी तरिकाले खर्च गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२ को निर्णयानुसार प्रधानाध्यापक मुरारी प्रसाद सिंहबाट भएको बेरुजु सम्बन्धमा १ महिनाभित्र टुंगो लगाई आयोगलाई जानकारी दिन जिल्ला शिक्षा कार्यालय, सप्तरीलाई लेखी पठाइएको ।

४. दि एलाइट को-एड माध्यमिक विद्यालय, काठमाडौंको सम्पत्ति बिक्री गरी मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२।६।१० र २०६३।११।२ को निर्णयानुसार पुरानो दायित्व सम्बन्धमा कुनै निर्णय नै नगरी व्यवस्थापन करारमा दिन स्वीकृति प्रदान गर्ने निर्णय प्रक्रियाका सम्बन्धमा कर्मचारी उपर कारबाही गर्न र दि एलायटको पूर्व शिक्षक तथा कर्मचारीहरूको तलब सुविधासम्बन्धी हिसाव फरफारक गरी ३ महिनाभित्र समस्या समाधान गरी आयोगलाई जानकारी दिन शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखी पठाइएको ।

५. नेपाल राष्ट्रिय माध्यमिक विद्यालय, पिपरपाती, पचरौताका प्रधानाध्यापक राजेन्द्र प्रसादले विद्यालयको सम्पत्ति हिनामिना गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२ को निर्णयानुसार आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिन जिल्ला प्रशासन कार्यालय, बारामा लेखी पठाइएको ।

६. सरस्वती माध्यमिक विद्यालय, स्याङ्जाका यामबहादुर कुँवर समेतका ६ जनाले बालिङ क्याम्पसमा पूर्णकालीन प्राध्यापकको रूपमा कार्य गरी दोहोरो सुविधा लिएको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।८ को निर्णयानुसार थप अनुसन्धान गरी कारबाही टुंगो लगाई आयोगलाई जानकारी दिन जिल्ला प्रशासन कार्यालय स्याङ्जामा लेखी पठाइएको ।

७. उच्च माध्यमिक शिक्षा परिषद्, सानोठिमी, भक्तपुरले आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२२ को निर्णयानुसार परिषद्का शा.अ. बालकृष्ण मिश्रले पेश्की फछ्यौंट गरी पाउँ भनी पेश गरेको कागजातको आधिकारिकता, प्रामाणिकता एवं सत्य तथ्यको समेत यकिन गरी मात्र नियमानुसार पेश्की फछ्यौंट गरी आयोगलाई जानकारी गराउन उच्च माध्यमिक शिक्षा परिषद्लाई लेखी पठाइएको ।

८. जिल्ला शिक्षा कार्यालय, रौतहटका जिल्ला शिक्षा अधिकारी सदानन्द झाले अनियमित तरिकाले शिक्षकहरूको सरुवा गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२३ को निर्णयानुसार शिक्षक राम नारायण चौधरीलाई दोलखाबाट, मनोज कुमार यादवलाई दैलेखबाट र प्रभास कुमार ठाकुरलाई सिन्धुपाल्चोकबाट रौतहट जिल्ला अन्तर्गत जिल्लान्तर गरेको सरुवा शिक्षा ऐन तथा नियमावली विपरीत भए गरेको देखिँदा उक्त सरुवा निर्णयहरू रद्द गरी आयोगलाई जानकारी दिन शिक्षा विभागलाई लेखी पठाइएको ।

९. वन विज्ञान अध्ययन संस्थान, पोखराका डिन अशोक कुमार मल्लिकले गाडी खरिद र विद्यार्थी भर्नामा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार उप-प्राध्यापक शैलेन्द्रनाथ अधिकारीलाई त्रिभुवन विश्वविद्यालय सेवा शर्त सम्बन्धी नियम, २०५० बमोजिम सेवाबाट बर्खास्त गर्न रजिष्टार त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाइएको ।

१०. कृषि विकास बैंक, बैंकिङ कार्यालय पुतली सडकबाट सगरमाथा ट्रेडर्स समेत ७ वटा फर्मलाई ऋण लगानी गर्दा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२९ को निर्णयानुसार साविक कित्ता नं. २६४ (हाल कि.नं. ९८२ र ९८३) को जग्गा र २०३३ वैशाख ७ गतेको राजपत्रमा सूचना प्रकाशित गरी त्रिभुवन विश्वविद्यालयका लागि प्राप्त गरिएको सम्पूर्ण जग्गाको जग्गाधनी दर्ता प्रमाणपूर्जा प्राप्त गरिसक्नु भनी त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाइएको ।

११. त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पतालमा टेलिफोन एक्सचेन्ज बोर्ड, एयर कन्डिसन, सेनिटरी मर्मत र भवन निर्माणमा समेत अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजूरीको सम्बन्धमा

अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।१७ को निर्णयानुसार संयोजक मुरारीनाथ शर्मा समेतको समितिले औल्याएका तथ्यहरू उपर कारबाही तथा कार्यान्वयन गरी आयोगलाई जानकारी दिन त्रिभुवन विश्वविद्यालय, केन्द्रीय कार्यालयमा लेखी पठाइएको ।

१२. बालिका छात्रवृत्ति रकम दुरुपयोग गरेको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२९ को निर्णयानुसार फछ्यौंट गर्न बाँकी रकम असूल उपर गर्न जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुमा लेखी पठाइएको ।

१३. काठमाडौं, जोरपाटी स्थित बुद्ध एकेडेमी माध्यमिक विद्यालयको व्यवस्थापन समितिका सदस्य आङ्छिरिङ्ग लामा समेतले गैरकानूनी कार्य गरी सार्वजनिक सम्पत्ति हिनामिना र भ्रष्टाचार समेत गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।१३ को निर्णयानुसार उक्त एकेडेमी निजी शैक्षिक गुठीमा दर्ता भएको सम्बन्धमा शिक्षा विभागबाट क्षेत्रीय शिक्षा निर्देशनालय, मध्यमान्चलका उप-निर्देशकको संयोजकत्वमा गठित छानबिन समितिले पेश गरेको सुझावको पूर्ण परिपालना र कार्यान्वयन ३ महिना भित्र गरी आयोगलाई जानकारी गराउन शिक्षा तथा खेलकूद मन्त्रालयका सचिवलाई निर्देशन पठाइएको ।

१४. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडका प्रबन्ध संचालक रामप्रसाद शर्मा 'प्रदीप' ले केन्द्रको सेवा शर्त विनियमावली विपरीत तह-९ का उपनिर्देशकहरू अर्जुन विलास पन्त, सुबोध कुमार श्रेष्ठ र ब्रजेश कुमार उपाध्यायलाई तह १० को निर्देशक पदमा कायम मुकायम मुकरर गरी अनियमित रूपमा तलब भत्ता समेत खुवाएको हुँदा कारबाही गरी पाउँ भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।३० को निर्णयानुसार केन्द्रको प्रबन्ध संचालक जस्तो जिम्मेवार पदाधिकारीबाट यस प्रकारको अनियमितता हुन गएकोमा अब आइन्दा यस्तो अनियमित कार्य पुनः नदोहोऱ्याउन जनक शिक्षा सामग्री केन्द्रका प्रबन्ध संचालकलाई लेखी पठाइएको ।

१५. शिक्षा तथा खेलकूद मन्त्रालय र सो मातहतका अधिकृत कर्मचारीहरूले एम. फिल र पि.एच.डि. को अध्ययन गर्न सन् १९९९ देखि २००३ सम्म छात्रवृत्तिको सुविधा लिई सुविधाको दुरुपयोग गरे भन्ने उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२७ को निर्णयानुसार अध्ययनको लागि मनोनयन भएका कर्मचारीले बीचमै अध्ययन छाड्न नपाउने र अध्ययन पूरा भएपछि हाजिर हुन जाँदा अनिवार्य रूपमा प्रमाण-पत्र पेश गर्ने व्यवस्था गर्ने भनी शिक्षा तथा खेलकूद मन्त्रालयलाई लेखी पठाइएको ।

१६. जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले आ.व. २०५९।६०, २०६०।६१ समेतमा कागज खरिद गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२८ को निर्णयानुसार जनक शिक्षा सामग्री केन्द्र लिमिटेडले पटक पटक बोलपत्र/कोटेशन लिई बोलपत्र/कोटेशन दाताहरूसँग वार्ताद्वारा बोलपत्र/कोटेशनमा उल्लेख भएभन्दा केही कम मूल्य तय गरी कागज खरिद गर्ने गरेको तथा बोलपत्र आह्वान नभएको अवस्थामा समेत वार्ता गरी मूल्य

घटाघट गर्ने गरेको पाइएको हुँदा देहाय बमोजिम गर्न जनक शिक्षा सामग्री केन्द्र लि.मा लेखी पठाइएको :

(क) केन्द्रलाई एक आर्थिक वर्षमा आवश्यक पर्ने कागजको परिमाण आर्थिक वर्षको शुरुमा नै निर्णय गरी ग्लोवल टेण्डरको माध्यमबाट खरिद गर्ने,

(ख) केन्द्रबाट गरिने खरिद बिक्री, छपाई, निर्माण समेतका कार्यमा पारदर्शिता र प्रतिस्पर्धात्मक वातावरण सिर्जना गर्न आर्थिक प्रशासनसँग सम्बन्धित नेपाल कानूनको प्रतिकूल नहुने गरी जनक शिक्षा सामग्री केन्द्र लिमिटेड आर्थिक प्रशासन विनियमावली, २०५८ लाई समसामयिक सुधार र संशोधन गर्ने ।

१७. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का वरिष्ठ निर्माण प्रशिक्षक निर्मल कुमार आचार्यले प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्मचारी सेवा सर्त विनियमावली (संशोधन सहित) २०४९ विपरीत मिति २०५५।८।१ देखि १ वर्ष, मिति २०५६।९।१ देखि १ वर्ष गरी २ वर्ष एम. एस्सी. गर्न र मिति २०६०।५।१५ देखि २०६२।५।१४ सम्म २ वर्ष समेत गरी जम्मा ४ वर्षको तलबी अध्ययन बिदा अनियमित तरिकाले बसेको र निजको बिदा स्वीकृत गर्ने र सोको लागि राय दिने पदाधिकारी समेतले अनुचित कार्य गरेको सम्बन्धमा अनुसन्धान गर्दा आयोगको मिति २०६३।११।१२ को निर्णयानुसार अध्ययन बिदा स्वीकृति लगायतका विषयमा निर्णय गर्दा प्रचलित ऐन, नियम, विनियममा भएका व्यवस्थाहरू कडाइका साथ पालना गर्न प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्लाई लेखी पठाइएको ।

१८. काठमाण्डौ महानगरपालिका वडा नं. ४ स्थित धुम्रवराह निम्न माध्यमिक विद्यालय, धुम्वाराहीको आ. व. २०५६।५७ को अवधिको विद्यालयको रकम हिनामिना भएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।३।२६ को निर्णयानुसार देहाय बमोजिम जिल्ला शिक्षा कार्यालय काठमाडौंलाई पठाइएको :

(क) संशोधित लेखापरीक्षण प्रतिवेदनबाट देखिएको बेरुजु बापतको रकम सम्बन्धित शिक्षक तत्कालीन प्रधानाध्यापक श्रीमती पुष्पालक्ष्मी शाह र शिक्षक श्री रत्नकुमार थापाले अनुसन्धानको क्रममा नै क्रमशः रु. ३५,५००। र २४,२६५।०१ बैंक जम्मा गरिसकेको देखिंदा शुरुको लेखापरीक्षण प्रतिवेदनबाट त्रुटिपूर्ण तवरले औंल्याइएको रकम पछिल्ला वर्षहरूको लेखापरीक्षण प्रतिवेदनमा पनि प्रतिविम्बित हुँदै आउन सक्ने वा आएको हुँदा अब लेखापरीक्षण हुँदा रत्नकुमार थापा र पुष्पालक्ष्मी शाहका नाममा बाँकी रहेको सो अवधि (२०५६।५७) को बेरुजु सोही अनुरूप हिसाब मिलान गरी गराई लेखापरीक्षण गराउन भनी विद्यालयलाई निर्देशन दिने,

(ख) लेखापरीक्षक राम दाहालले सम्पूर्ण स्रेस्ता हेरेर मात्र लेखापरीक्षण प्रतिवेदन पेश गर्नु पर्नेमा सो नगरेको र स्रेस्ताबाट नदेखिएको रकम समेत उल्लेख गरेको देखिन आएको हुँदा आइन्दा लेखापरीक्षण गर्दा सजगता अपनाई गर्ने भनी लेखापरीक्षकलाई लेखी पठाउने निर्देशन दिइएको,

(ग) विद्यालयको बैंक खाता विद्यालयलाई पायक पर्ने स्थान मध्ये सबैभन्दा नजिकको बैंकमा खोल्ने खुलाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न र विद्यालयको आम्दानी रकम प्राप्त भएको भोलिपल्टै बैंकमा दाखिला गर्ने गराउने व्यवस्था मिलाउन लगाउन निर्देशन दिईएको ,

(घ) लामो समयसम्म विद्यालयमा प्रधानाध्यापक नियुक्त नभई निमित्त प्रधानाध्यापकबाट मात्रै काम चलाउँदै आएको देखिँदा ३ महिना भित्र प्रधानाध्यापक स्थायी तवरले नियुक्ति गर्न निर्देशन दिईएको,

(ङ) विद्यालयको जग्गाको उचित हेरचाह एवं सुरक्षा सम्बन्धमा विशेष सतर्कता अपनाई अद्यावधिक रूपमा सुरक्षित राख्ने व्यवस्था मिलाउन धुम्रवराह निम्न माध्यमिक विद्यालयलाई लेखी पठाउन निर्देशन दिईएको ।

(त) श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत

१. वैदेशिक रोजगार संचालनको लागि इजाजत पत्र दिँदा श्रम तथा रोजगार विभागबाट घूस मागे भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।६ को निर्णयानुसार धितो प्रयोजनको लागि जग्गा स्वीकार गर्दा प्रलोभनमा पार्ने वा झुक्यानमा पारी इजाजत प्रदान गर्ने निकायलाई नै घाटामा पार्ने अवस्था आउन सक्ने हुनाले म्यानपावर कम्पनी दर्ता गर्नका लागि लिइने धितो जग्गाको सट्टा नगद वा बैंक ग्यारेन्टी लिने प्रक्रिया अपनाउने सम्बन्धी प्रचलित ऐन, नियम एवं कार्यविधिमा आवश्यक व्यवस्था गर्न श्रम तथा रोजगार प्रवर्द्धन विभागलाई लेखी पठाइएको ।

२. रोजगार प्रवर्द्धन आयोगका सदस्य सचिव सुवर्णमान श्रेष्ठले दरबन्दी नै नभएको ठाउँमा नियम विपरीत करारमा कर्मचारी नियुक्ति गरेको उजूरीको सम्बन्धमा आयोगबाट अनुन्धान हुँदा आयोगको मिति २०६३।४।८ को निर्णयानुसार नोकरी दिलाउने उद्देश्यले सो काम गर्न आवश्यक पर्ने जनशक्तिको विकल्पको कुनै प्रयास नै नगरी प्रारम्भमा गैरकानूनी रूपमा नियुक्त भएका कर्मचारीहरूलाई नै करारमा नियुक्ति गरी निरन्तरता दिएको कार्य प्रचलित कानूनको प्रतिकूल भएकोले प्रचलित ऐन, नियम बमोजिम गरी आयोगलाई जानकारी दिन श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

३. श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत रहेको श्रम तथा रोजगार विभाग काठमाडौं एवं यातायात व्यवस्था कार्यालय एकान्तकुनाले जनसाधारणलाई सेवा प्रवाह गर्ने सम्बन्धमा सेवाग्राही समेतका गुनासाहरू बारम्बार पर्ने गरेका सन्दर्भमा आयोगको मिति २०६४।२।९ को निर्णयानुसार श्रम तथा यातायात व्यवस्था मन्त्रालयलाई निम्न सुझावहरू लेखी पठाइएको ।

१) यातायात व्यवस्था विभाग तर्फ :-

(क) राजस्व संकलन गर्ने निकायमा रहने अभिलेख अव्यवस्थित भई सर्वसाधारण जनताको सम्पत्ति लापरबाहीपूर्ण तरिकाले राखेको कारणबाट नष्ट हुने पर्याप्त गुन्जाइस रहेकोले बजेटको उचित व्यवस्था गरी छिटोभन्दा छिटो व्यवस्थित अभिलेख प्रणाली लागू गरी संरक्षणको व्यवस्था गर्ने,

(ख) काठमाडौं उपत्यकाको यातायात व्यवस्था कार्यालय एकान्तकुना, ललितपुरले मात्र सबै प्रकारका गाडीहरूको व्यवस्थापन गर्नुपर्दा अत्यधिक चाप भई विविध समस्याहरू सृजना भएको देखिएकोले कार्यालयको चाप अनुसार सवारीको वर्गीकरण गरी थप कार्यालयहरू शीघ्र स्थापना गर्ने,

(ग) सेवाग्राहीलाई सर्वसुलभ उचित र व्यवस्थित सेवा प्रदान गर्न सहयोग पुऱ्याउन तेस्रो व्यक्ति वा संस्था दर्ता गरी त्यस्ता सहयोगीको विवरण तयार गरी आवश्यक परिचयपत्र समेतको व्यवस्था गरी अनधिकृत व्यक्तिलाई कार्यालय प्रवेशमा रोक लगाउने,

(घ) हतार हतारमा सेवाग्राहीलाई सेवा प्रदान गर्दा काम त्रुटिपूर्ण हुन जाने संभावना हुँदा पेश भएका कागजातहरूको छानबिन र मूल्याकन गरी निर्णय गर्न लाग्ने उचित समय विचार गरी सेवा उपलब्ध गराउने समय तोक्नुपर्ने ।

२) श्रम तथा रोजगार व्यवस्था विभाग तर्फ :-

(क) कार्यालयको काम, अवस्था, प्रकृति सुहाउँदो र दिगो प्रकृतिको सरकारी भवनको व्यवस्था हुनुपर्ने,

(ख) वैदेशिक रोजगार कम्पनीले वैदेशिक रोजगारको आकर्षण अनुसार करोडौं रकम उठाई फरार रहने गरेको पाइएको हुँदा सर्वसाधारणलाई ठगीबाट बचाउने भरमग्दुर प्रयत्न स्वरूप कारोबारका अनुपातमा धरौटी रकम बढाउन उचित हुने । यसै गरी वैदेशिक रोजगार सम्बन्धी कम्पनीको ख्याति, विश्वसनीयता र समयको अन्तराल समेतलाई मध्यनजर गरी कम्पनीलाई वर्गीकरण गरी ख्याती प्राप्त कम्पनीलाई विशेष सुविधा प्रदान गर्ने । साथै एउटै परिवार वा समूहलाई एउटा भन्दा बढी वैदेशिक रोजगारी सम्बन्धी कम्पनी दर्ता गर्न नपाउने कानूनी बन्दोबस्त मिलाउने,

(ग) वैदेशिक रोजगार आर्थिक आम्दानीको महत्वपूर्ण स्रोत भएकोले वैदेशिक रोजगारमा जाने व्यक्तिलाई पहुँच देशसम्म पुग्न कठिनाइ हुने भएकोले वैदेशिक रोजगार सहयोगीको उचित व्यवस्था हुनुपर्ने,

(घ) पूर्व स्वीकृति प्रदान गर्नु अघि मागपत्र पेश गर्नु अनिवार्य भएको पाइए पनि माग पत्रको वैधानिकता यकिन गरेर मात्र पूर्व स्वीकृति दिने व्यवस्था गरेमा नेपाली कामदार नठगिने अवस्था सृजना हुन सक्ने हुँदा यस विषयमा तत्काल लागू हुने गरी मागपत्र र भिसाको प्रमाणीकरण गर्ने र प्रमाणीकरण भएपछि मात्र कामदारलाई वैदेशिक रोजगारीमा पठाउने व्यवस्था मिलाउने ।

परिच्छेद - ११
आयोगबाट भएका अन्य कारवाहीहरु

अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२ (क) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले अनुचित कार्य गरी नेपाल सरकार वा सार्वजनिक संस्थालाई हानि, नोक्सानी पुऱ्याएकोमा त्यस्तो हानी नोक्सानी सम्बन्धित व्यक्तिबाट भरी भराउ गर्न वा आयोगले उपयुक्त ठानेको अन्य आवश्यक कारबाही गर्नका लागि सम्बन्धित निकाय वा अधिकारीलाई लेखी पठाउने र ऐनको दफा १२ (ख) मा सार्वजनिक पद धारण गरेको व्यक्तिले गरेको अनुचित कार्यबाट उत्पन्न दुष्परिणाम सच्याउनका लागि आयोगले सम्बन्धित अधिकारी वा निकायलाई लेखी पठाउन सक्ने व्यवस्था भए अनुरूप आर्थिक वर्ष २०६३/०६४ मा आयोगबाट निम्न बमोजिम गर्ने गरी अख्तियारवालालाई लेखी पठाइएको छ ।

(क) अर्थ मन्त्रालय अन्तर्गत

१. कर्णाली शारदा डिष्ट्रिलरी समेतले राजस्व छलेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।८।३० को निर्णयानुसार यसमा आवश्यक कारबाही गरी सोको जानकारी आयोगमा पठाईदिन राजस्व अनुसन्धान विभागमा लेखी पठाइएको ।

२. नारायणदेवी तण्डुकारको नाममा यातायात व्यवस्था कार्यालय, वागमतीमा मिति २०५६।१२।१५ मा दर्ता रहेको वा ९ प ८२३५ नं. को हिरो होण्डा (इष्ट्रिट) मोटर साइकल मिति २०६१।७।२९ मा हराएकोमा तत्कालीन ट्राफिक प्रहरी कार्यालय, रामशाहपथले भन्सार चोरी पैठारी अन्तर्गत कारबाहीका लागि त्रि.वि. भन्सार कार्यालयमा बुझाई दिई उक्त भन्सार कार्यालयबाट लिलामीको प्रक्रियामा चढाएकोले उक्त लिलामी कार्य रोकी मोटरसाइकल फिर्ता दिलाई पाउँ भनी पर्न आएको उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।२७ को निर्णयानुसार नारायणदेवी तण्डुकारको कानून बमोजिम दर्ता कायम रहेको उक्त मोटरसाइकल कारबाहीकर्ताले सम्बन्धित यातायात व्यवस्था कार्यालय समेत बुझ्दै नबुझी निर्णय गरिदिएबाट विना कारण भन्सार चोरी पैठारी अन्तर्गत जफत भई निजले सरकारी निकायको त्रुटिपूर्ण निर्णय आदेशबाट अनावश्यक नोक्सानी व्यहोर्नुपर्ने स्थिति देखिएको हुँदा यस सम्बन्धमा यातायात व्यवस्था कार्यालय समेत बुझी न्यायोचित निर्णय हुनको लागि भन्सार विभागलाई लेखी पठाइएको ।

(ख) उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत

१. जनकपुर चुरोट कारखाना लि. का अधिकृत छैठौं तहका कर्मचारी शंकरप्रसाद सिंहको शैक्षिक प्रमाण-पत्र सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२० को निर्णयानुसार निज सिंहले माथिल्लो योग्यता देखाउने उद्देश्यले उक्त कारखानामा पेश गरेको बिहार बिश्व बिद्यालयबाट सन् १९७३ मा प्राप्त गरेको भनिएको रोल नं. १६८२१ उल्लेखित आई. ए. तहको शैक्षिक प्रमाण-पत्र प्रमाणिकरणकालागि त्रिभुवन विश्व विद्यालय, शिक्षाध्यक्षको कार्यालय मार्फत बाबासाहेब भिमराव अम्वेडकर बिहार विश्वविद्यालयमा पठाउँदा उक्त विश्वविद्यालयको Ref No. C/ 1370 मिति फरबरी २४, २००३ को पत्रबाट निज शंकरप्रसाद सिंहले उक्तानुसारको

प्रमाण-पत्र प्राप्त गरेको विश्वविद्यालयको अभिलेखबाट नदेखिएको भनि लेखि आएबाट उक्त प्रमाण-पत्र नक्कली एवम् झुट्ठा देखिन आएकोले निज शंकरप्रसाद सिंह राजिनामा स्वीकृत गराई कारखानाको सेवाबाट हटिसकेको र निजले पाउने सुविधा पनि जीवन वीमा रकम बाहेक अरु बुझि सकेको भन्ने समेत देखिदा निज सिंहले कारखानाको सेवाबाट हटेपछि पाउने सुविधाहरु मध्ये भुक्तानी पाउन बांकी देखिएको जीवन बिमा बापतको रकम भुक्तानी रोक्का गर्न जनकपुर चुरोट कारखाना लिमिटेड, जनकपुरमा लेखि पठाईएको ।

(ग) कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत

१. जिल्ला कृषि विकास कार्यालयका प्रमुख संजय कुमार यादवले अनियमित तरिकाले मलाई गयल कट्टी गरेको भनी सोही कार्यालयका तत्कालीन कृषि प्रसार अधिकृत शिवरत्न शाहले दिनु भएको उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।१५ को निर्णयानुसार कुनै पनि कर्मचारीलाई कारबाही गर्दा निजलाई आफ्नो सफाइ पेश गर्न उचित समय समेतको मौका दिनु पर्नेमा सो नदिई निज शिव रत्न शाहलाई गयल कट्टी जस्तो वृति विकासमा नै असर पर्ने खालको सजाय गरेको तथ्यलाई विचार गरी यस विषयमा प्रचलित कानुन बमोजिम जे जो निर्णय गर्नुपर्छ गर्नु भनी कृषि तथा सहकारी मन्त्रालयका सचिवलाई लेखी पठाइएको ।

(घ) गृह मन्त्रालय अन्तर्गत

१. खलंगा कुमिण्डेदह वालुवा संग्राही कृषि सडक खन्ने काममा जिल्ला विकास समितिका कर्मचारी र प्राविधिक कार्यालयका कर्मचारीहरुले भ्रष्टाचार गरे भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।२८ को निर्णयानुसार जिल्ला विकास समिति सल्यानले खलंगा कुमिण्डेदह वालुवा संग्राही कृषि सडक खन्ने कामको लागि उपभोक्ता समितिसंग आर्थिक वर्षको अन्त्यतिर सम्झौता गरी आषाढको मध्य तिर मात्र पेश्की उपलब्ध गराएको र उक्त कार्य उपभोक्ता समितिले आफै नगरी समिति वाहिरका व्यक्तिलाई गैरकानूनी रुपमा जिम्मा लगाएको र हालसम्म उक्त काम सम्पन्न नभई अधुरो रहेको देखिन आयो । यस सम्वन्धमा पेश्की वुझेर काम सम्पन्न नगर्ने व्यक्ति गेविलाल वुढा सार्वजनिक पद धारण गरेको व्यक्ति नभएको तथा यस प्रकरणमा सरकारी कर्मचारीको संलग्नता यकिन गर्न पर्याप्त प्रमाण समेत नभेटिएकोले उक्त रकम असूल उपर गर्न जे जो गर्नु पर्ने हो प्रचलित कानूनका आधारमा आवश्यक कारवाही गर्न जिल्ला प्रशासन कार्यालय, सल्यानलाई लेखि पठाईएको ।

२. तत्कालीन प्र.जि.अ. समेतले हडकङबाट स्थायी आवासीय अनुमति पत्र लिने सम्बन्धमा भ्रष्टाचार गरेको भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।६ को निर्णयानुसार आवश्यक अनुसन्धान गरी नतिजाको जानकारी यथाशीघ्र आयोगमा पठाउन जिल्ला प्रहरी कार्यालय, सुनसरीमा लेखी पठाइएको ।

३. प्रहरी नायव महानिरीक्षक अशोक श्रेष्ठको वानेश्वर स्थित घरमा नक्कली नम्बर राखी बा. २ च. ३३२९ नम्बरको Scorpio Turbo कालो रंगको गाडी र बा.१ च. ९६८५ नम्बरको Toyota Qualits कालो रंगको गाडी प्रयोग गर्ने गरेको र गाडी तस्करहरूसंग मिली तस्करी गर्ने गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।६।२ को निर्णयानुसार सो

गाडीहरू नेपाल अधिराज्यभरि खोजतलास गरी पक्राउ परेमा आयोगमा बुझाउन प्रहरी महानिरीक्षकलाई लेखी पठाइएको ।

४. काठमाण्डौ जिल्ला डांछी गा.बि.स. वडा नं. ७ र ८ स्थित सार्वजनिक पर्ति जग्गाहरू मालपोत कार्यालयका कर्मचारीहरू समेतको मिलेमतोमा विभिन्न व्यक्तिहरूले मिच्ने कार्य बढ्दै गएकोले उक्त गा.वि.स. स्थित २०२१ सालको नापी बमोजिम कायम सार्वजनिक पर्ति जग्गाहरूको सुरक्षा सम्बन्धमा अभिलेख राख्ने व्यवस्था गरी वितरण कार्यमा रोक लगाई पाउं भन्ने समेत व्यहोराको उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा मिति २०६३।१२।२१ को निर्णयानुसार नापी विभाग मार्फत प्राप्त स्थलगत निरीक्षण प्रतिवेदन अनुसार डांछी ८(ख) कि.नं. २४२, २५८ र ३७९ का प्रति जग्गाहरूको नक्सा र जग्गाको सिमाना यथास्थानमा नरहेको र डांछी ८(ग) कि.नं. २ को पर्ति जग्गा पूरै व्यक्तिको भोगचलनमा रहेको भन्ने देखिन आएको हुँदा उक्त सार्वजनिक पर्ति जग्गाहरू स्थानीय प्रशासन ऐनको दफा १० बमोजिम संरक्षणका लागि आवश्यक व्यवस्था गर्नु भनी प्रमुख जिल्ला अधिकारी, काठमाडौंलाई लेखी पठाइएको ।

५. जिल्ला प्रशासन कार्यालय, रुकुमका प्र.जि.अ. बलबहादुर मल्लले विविध प्रकारका भ्रष्टाचारजन्य कार्य गरेको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२९ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय रुकुमले राहादानी सिफारिश दस्तुर, नागरिकताको फारम, मालपोत रजिष्ट्रेशन फारम लगायत राहादानी जारी गर्दा र मालमोत कार्यालयबाट रजिष्ट्रेशन पास गर्दा तोकिएको राजस्व भन्दा बढी लिई सामाजिक सेवा कोष स्थापना गरी हाल उक्त रकम जिल्ला विकास समितिले उठाउने गरेकोमा उक्त कोष संस्थाको रूपमा दर्ता नभएको भनी क्षेत्रीय प्रशासन कार्यालय मध्यपश्चिमाञ्चल विकास क्षेत्रको मिति ०६३।५।२७ को प्रतिवेदनमा उल्लेख भएको परिप्रेक्षमा सर्वसाधारण नागरिकबाट त्यसरी रकम संकलन गर्न मिल्ने नमिल्ने तर्फ विचार गरी आवश्यक निर्णय गर्न गृह मन्त्रालयलाई लेखी सो को बोधार्थ स्थानीय विकास मन्त्रालयलाई दिइएको ।

६. निवेदककी आमा जीवा पौडेलका नाममा दर्ता रहेको दाङ घोराही गा.वि.स वडा नं. १/क कित्ता नं. १७३५ जग्गाको मोठ श्रेस्तामा रहेको नाम निजको मृत्युपश्चात सच्याई बाबु रिखीराम पौडेलको नाम थर र तीन पुस्ते विवरण उल्लेख गरी विक्री समेत गरेकोले दोषी उपर कारवाही गरी पाऊँ भन्ने उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२१ को निर्णयानुसार यसमा मिति २०६२/१०/३० का दिन कार्यालय भित्रै मेरै हस्तलिपीबाट जीवा पौडेल लेखेको श्रेस्तालाई रिखुराम पौडेल बनाई म आफैले सच्याएको हो, उक्त सच्याउने काम टोपाराम पौडेल (निवेदकका दाजु) र मेरा सल्लाहबाट मात्र भएको हो । प्रस्तुत कार्य मैल कार्यालयका अरू कसैलाई थाहा नदिई गरेको हुँदा यस कार्यमा कार्यालयका अन्य कुनै कर्मचारीको मिलोमतो छैन भन्ने समेत व्यहोराको मालपोत कार्यालय दाङका पिउन भिमबहादुर कुमालले अनुसन्धान अधिकृत समक्ष उपस्थित भै बयान दिएको देखिएको, मिसिल संलग्न कागजातहरुबाट उक्त कार्यमा मालपोत कार्यालय, दाङका अन्य कर्मचारीहरुको संलग्नता भएको नदेखिएको र गलत नियतबाट सरकारी कागज सच्याउने निज पिउन भिमबहादुर कुमाल हाल राजिनामा स्वीकृत गराई सेवाबाट अलग भै सकेको देखिन आएको र अन्य प्रचलित कानुन

बमोजिम हुने कारवाही हुन सक्ने नै हुँदा अनुसन्धानको सिलसिलामा जिल्ला प्रशासन कार्यालय, दाङ्बाट रोक्का रहेको जग्गा फुकुवा गर्न जिल्ला प्रशासन कार्यालय, दाङ्लाई लेखी पठाइएको ।

(ङ) जलस्रोत मन्त्रालय अन्तर्गत

१. नुवाकोट जिल्लाको चौघडा स्थित क्षेत्रपाल मा.वि. संरक्षण गर्ने सम्बन्धमा जल उत्पन्न प्रकोप नियन्त्रण कार्यालय नुवाकोटबाट अनियमितता भएको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।१८ को निर्णयानुसार आवश्यक जे गर्नुपर्ने हो कारबाही गर्न जल उत्पन्न प्रकोप विभागमा लेखी पठाइएको ।

२. नेपाल विद्युत प्राधिकरण अन्तर्गत म्याग्दी केन्द्र कार्यालयका दिनानाथ दाहालले अनियमित कामहरू गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।१८ को निर्णयानुसार नेपाल विद्युत् प्राधिकरण र मातहतका कार्यालयमा सालभरी खर्च हुने जिन्सी मालसामानहरू अनुमान गरी प्राधिकरणको आर्थिक प्रशासन विनियमावलीको विनियम ५.२ खण्ड (घ) बमोजिमको बोलपत्रको माध्यमबाट फर्म वा कम्पनी छनौट गरी आवश्यकता अनुसार सामानहरू खरिद गरेमा पारदर्शी र प्रतिस्पर्धात्मक हुने र सोबाट रकमको बचत हुने हुँदा अब आइन्दा सोही बमोजिम कडाइका साथ कार्य गर्न गराउन नेपाल विद्युत प्राधिकरणका कार्यकारी निर्देशकलाई लेखी पठाइएको ।

३. नेपाल विद्युत् प्राधिकरण इन्जिनियरिङ सेवा अन्तर्गत कंक्रिट पोल प्लान्ट अम्लेखगन्जका एकाउन्टेन्ट कुवेर पुडासैनी समेतले विस्धारी पेट्रोल पम्पबाट डिजेल खरिद गर्दा अनियमित कार्य गरेको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२५ को निर्णयानुसार नेपाल विद्युत प्राधिकरण इन्जिनियरिङ सेवा अन्तर्गत कंक्रिट पोल प्लान्ट अमलेखगन्जमा २०६३।११।१० गते विस्धारी अम्लेखगन्जबाट ६ हजार लिटर डिजेल खरिद भई उक्त पोलप्लान्टमा प्रयोग भएको र उक्त डिजेलको नमुना संकलन भई नेपाल आयल निगम केन्द्रीय प्रयोगशाला बबरमहलमा परीक्षण हुँदा Kinematic Viscosity cst at 40°c को मान २.५ हुन पर्नेमा १.८१ भई गुणस्तरयुक्त नभएको भन्ने प्रयोगशाला प्रतिवेदनबाट देखिन आएको हुँदा सो फ्युल सेन्ट्ररलाई प्रचलित कानून बमोजिम कारबाही गर्न नेपाल आयल निगमलाई लेखी पठाई आइन्दा गुणस्तरयुक्त डिजेलमात्र खरिद गर्न नेपाल विद्युत प्राधिकरणलाई लेखी पठाइएको ।

(च) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत

१. जनकपुर चुरोट कारखाना लि. मा सूर्ती खरिद गर्दा महाप्रबन्धक श्यामकुमार महतोबाट अनियमित कार्य भएको उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।२० को निर्णयानुसार जनकपुर चुरोट कारखानाका महाप्रबन्धक श्याम कुमार महत्तोलाई भविष्यमा कुनै सार्वजनिक पद नदिनका लागि अभिलेख राखी आयोगलाई जानकारी दिन प्रधान मन्त्री तथा मन्त्री परिषद् कार्यालयमा लेखी पठाइएको ।

(छ) भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत

१. सुकुम्बासी समस्या समाधान आयोग महोत्तरीका तत्कालीन अध्यक्ष देव नारायण महतोले शिवनारायण महतोको नाममा अनियमित ढंगले जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।१८ को निर्णयानुसार २०५१ सालमा मालपोत कार्यालयले सरकारको नाममा दर्ता गरिसकेको र हाल हाटबजार लाग्ने सार्वजनिक क्षेत्रको उल्लेखित पर्ती जग्गा तत्कालीन सुकुम्बासी समस्या समाधान आयोगका अध्यक्ष देवनारायण महतोका सहोदर भाई शिवनारायण महतोलाई बिक्री वितरण गर्ने गरी भएको निर्णय अनियमित भएकोले अ.दु.अ.आयोग ऐन २०४८ को दफा १२(ख) अनुसार दुष्परिणाम सच्याई आयोगलाई जानकारी दिन मालपोत कार्यालय महोत्तरीलाई लेखी पठाइएको ।

२. सुकुम्बासी समस्या समाधान आयोग, मोरङले बिक्री वितरण गरेको जग्गामा अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको २०६३।११।२७ को निर्णयको बुदाँ नं. २ मा उल्लेखित कित्ता नं. का जग्गाहरू अनियमित रूपमा दर्ता भएको प्रमाणित भएको पुष्टि भएको हुँदा अ.दु.अ. आयोग ऐन २०४८ को दफा १२ (ख) अनुसार दुष्परिणाम सच्याउनु पर्ने देखिएको हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ तथा मालपोत ऐन २०३४ बमोजिम ३ महिना भित्र दुष्परिणाम सच्याई आयोगलाई जानकारी गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

३. काठमाडौं महानगरपालिका वडा नं. ४ मा रहेका सार्वजनिक सरोकारका विभिन्न कित्ता जग्गा मालपोत कार्यालय, डिल्लीबजारका कर्मचारीहरूले भू-माफियाहरूसँग मिलोमतो गरी रुक्म शमशेर, हेमाद्री शमशेर र हाटक शमशेर समेतका नाममा दर्ता गरी अरबौंको सरकारी जग्गा घोटाला गरेका हुँदा उक्त जग्गा बिक्री वितरणमा रोक लगाई मालपोत कार्यालयबाट भएका निर्णय बदर गरी दोषी उपर कानूनी कारवाही गरी पाऊँ भन्ने उजुरी उपर अनुसन्धान हुंदा आयोगको मिति २०६४।२।२० को निर्णयानुसार काठमाडौं महानगरपालिका वडा नं. ४ बालुवाटार क्षेत्रमा साविकमा सुवर्ण शमशेरका नाममा दर्ता भएको जग्गा २०१७ सालमा राजनीतिक कारणले राष्ट्रियकरण भै समरजङ्ग कम्पनीद्वारा संरक्षण तथा भोगचलन भएको र सोही आधारमा २०२१ सालको सुरु नापीमा समरजङ्ग कम्पनीका नाममा नापी समेत भएकोमा २०४७ सालको राजनैतिक परिवर्तन पश्चात राजनीतिक पूर्वाग्रहका कारण जफत भएको सम्पत्ति फिर्ता दिने गरी भएका तत्कालीन मन्त्रिपरिषद्का विभिन्न मितिका निर्णयका आधारमा मालपोत कार्यालयको मिसिल नं. १०२४, १०२५ मिति २०४९।९।२३ मा भएको निर्णयले सुवर्ण शमशेरका हकवाला शैलजा राणा, हेमन शमशेर ज.ब.रा., हाटक शमशेर ज.ब.रा.का नाममा संयुक्त दा.खा. दर्ता गरी दिने निर्णय भएकोमा काठमाडौं उपत्यकामा भएको दोहोरो नापीमा उक्त जग्गाहरू पुरानै श्रेस्ताका आधारमा पुनः समरजङ्ग कम्पनीका नाममा नापजाँच हुन गएकोमा निवेदकहरूको माग बमोजिम मालपोत कार्यालयबाट २०५९ सालमा हालसाविक निर्णय गरी साविक २०४९ सालको निर्णय बमोजिमका कित्ता सुवर्ण शमशेरका हकवालाहरूले पाएको जग्गा हालसाविकबाट हकवालाका नाममा नयाँ पूर्जा दिएको देखियो । उक्त काम गैरकानुनी भएको भनी आयोगमा परेको उजुरीमा अनुसन्धान भै उजुरी तामेलीमा राख्ने भनी २०६०।३।१८ मा आयोगबाट निर्णय भएकोमा पुनः यस आयोगमा उजुरी परेको र उक्त उजुरी उपर प्रारम्भिक छानवीन गर्दा पछि

भएको हालसाविक पनि २०४९ सालमा मालपोत कार्यालय डिल्लीबजारबाट भएको निर्णय बमोजिमकै कित्ता भएको देखिएको हुँदा समरजङ्ग कम्पनीका नाममा हाल बाँकी रहेका यस आयोगको प.सं. १ भूमि ३२५/०६३/०६४ च.नं. ७२५ मिति २०६३/१२/९ को पत्रद्वारा रोक्का राख्न भनी मा.पो.का. डिल्लीबजारमा लेखिपठाएको र मालपोत कार्यालय डिल्लीबजारको च.नं. ९७१३ मिति २०६३।१२।२२ को पत्रद्वारा रोक्का राखी जानकारी दिइएका जग्गाहरू नेपाल सरकारका नाममा दर्ता गरी जग्गाधनी प्रमाणपूर्जा जिल्ला प्रशासन कार्यालय, काठमाडौंमा पठाई आयोगलाई जानकारी दिन र आयोगको माथि उल्लेखित पत्रमा काठमाडौं महानगरपालिका वडा नं. ४ सिट नं. १०२५-२० कित्ता नं. १ र ८ रोक्का राख्नु भनी लेखि गएकोमा उक्त दुई कित्ताजग्गाहरू मालपोत कार्यालयको मिति २०४९।९।२३ को निर्णयले सुवर्ण शमशेरकै हकवालाका नाममा दर्ता भै हक हस्तान्तरण हुँदै आएको देखिएको हुँदा उक्त सिट नं. १०२५-२० कित्ता नं. १ र ८ का जग्गा फुकुवा गर्न मालपोत कार्यालय, डिल्लीबजारलाई लेखि पठाईएको ।

४. काठमाडौं महानगरपालिका वडा नं. ३४ स्थित वागमती किनारको राजकुलो समेतको सार्वजनिक जग्गा विनायक सुधा उच्च माध्यमिक विद्यालय (भि.एस.निकेतन) स्कूल समेतले मिली कब्जा गरेकोमा सम्बन्धित निकाय मौन बसेको र सार्वजनिक सम्पत्ति हानि नोक्सानी भइहरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।३ को निर्णयानुसार काठमाडौं महानगरपालिका वडा नं. ३४ स्थित जग्गा नगर सिट नं. ११८७-०१ बाट जग्गा नाप जांच हुँदा कि.नं. १०७ क्षे.फ. ४-१-०-० भएको मोही जग्गाधनी खाली रहेको, उक्त जग्गा सम्बन्धमा वागमती क्षेत्र ढल निर्माण सुधार आयोजना कार्यान्वयन तथा अनुगमन समितिबाट रोक्का राखेको अवस्था भई हाल कुनै काम कारवाही अगाडि नबढाइएको भनी मालपोत कार्यालय डिल्लीबजारको मिति २०६२।११।१९ को पत्र समेत मिसिल संलग्न रहेकोले उक्त जग्गा सार्वजनिक जग्गा देखिएकोले नेपाल सरकारका नाममा दर्ता गर्न गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको ।

५. आफूले जग्गा मात्र विक्री गरेकोमा घर समेत पाएको भनी उक्त घर जग्गा पुनः विक्री भएकाले कारवाही गरी पाउँ भन्ने उजुरी उपर अनुसन्धान हुंदा आयोगको मिति २०६४।३।१२ को निर्णयानुसार तेजमान श्रेष्ठले श्रीमती साङ्गेलामा (श्रेष्ठ) का नाउमा रहेको ल.पु.उ.म.न.पा. वडा नं. ४ (घ) कि.नं. ९५ को ०-२-२-० जग्गा २०५१ सालमा सुरेश ताम्राकारलाई सो जग्गा विक्री गरेकोमा निज सुरेश ताम्राकारले २०५९ सालमा सोही जग्गा योगमाया थापालाई विक्री गर्दा मैले विक्री नै नगरेको सो जग्गामा रहेको घर समेत देखाई विक्री गरेको हुँदा कारवाही गरी पाउँ भन्ने समेतको उजुरी उपर यस आयोगबाट अनुसन्धान हुँदा सुरेश ताम्राकारले योगमाया थापालाई २०५९ सालमा सो कि.नं. ९५ को जग्गा विक्री गर्दा सो जग्गामा रहेको ५१३.८० वर्ग फिटको घर देखाई सो वापत लाग्ने राजश्व तिरी घर जग्गा रजिष्ट्रेशन पारीत भएको देखियो । तर सोही जग्गा २०५१ सालमा सुरेश ताम्राकारले खरिद गर्दा घर नदेखाई जग्गा मात्र देखाई रजिष्ट्रेशन पारित गरेको देखिएकोले २०५१ साल मा सो घर समेत बिक्री भएको मानि त्यसमा लाग्ने रजिष्ट्रेसन दस्तुर सम्बन्धित पक्षबाट लिई उक्त जग्गाको रोक्का फुकुवा गर्न मालपोत कार्यालय, ललितपुरमा लेखी पठाइएको ।

६. राजेश्वरी खड्का (कँडेल) को नाममा काठमाडौं जिल्ला बत्तीसपुतली गा.वि.स. वार्ड नं. १ हाल काठमाडौं महानगरपालिका वाडर्न नं. ९(ग) कि.नं. २१४ समेतको जग्गा रोपनी ५-३-२ दर्ता रहेकोमा साविक २०२२ सालको नापी नक्साको कि.नं. १६ समेतको पर्ती जग्गाहरू समेत २०४२ सालमा नयाँ नापीमा घुसाई दर्ता गराई कि.नं. २०७ मा रोपनी ७-३-०-१, कि.नं. ७१ मा ०-०-२-१ गरी जम्मा रोपनी ७-३-२-२ कायम गरी रोपनी १-१५-३-२ भन्दा बढी जग्गा प्राप्त गरेकोले सार्वजनिक र सरकारी जग्गा समेत राजेश्वरी खड्काको नाममा कायम भएकोले कारबाही गरी पाउँ भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।१४ को निर्णयानुसार मालपोत ऐन, २०३४ को दफा २४(२) मा "कसैले यो दफा प्रारम्भ हुनुभन्दा अघि वा पछि कुनै सरकारी वा सार्वजनिक जग्गा व्यक्ति विशेषको नाउँमा दर्ता गरी आवाद गरेमा त्यस्तो दर्ता स्वत: बदर हुनेछ" भन्ने कानूनी व्यवस्था भएकोमा सार्वजनिक वा सरकारी जग्गा व्यक्ति विशेषले दर्ता गराएमा स्वत: बदर हुने नै हुँदा उल्लेखित साविक नापीको नक्सामा पर्ती जनिएको कि.नं. १६, १७, २४४ का जग्गाहरू सार्वजनिक वा सरकारी जग्गा के हो ? राजेश्वरी खड्काको साविक कि.नं. २१४ हाल कि.नं. २०७ मा यी जग्गाहरू घुसेको छ छैन ? रावल आयोगको प्रतिवेदन समेतलाई दृष्टिगत गर्दै रीतपूर्वक छानबिन गरी उक्त कानूनी व्यवस्था अनुसार आवश्यक कारबाही र निर्णय गर्न मालपोत कार्यालय, डिल्लीबजार, काठमाडौंलाई लेखी पठाइएको ।

(ज) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. नवलपरासी जिल्ला पंचनगर गा.वि.स. अन्तर्गत महेन्द्र राजमार्गको दक्षिण तर्फ रहेको सरकारी स्वामित्वको वन तथा सार्वजनिक जग्गा गा.वि.स.का तत्कालिन पदासीन व्यक्तिहरुले अधिकार दुरुपयोग गरी स्थायी घर वनाई विक्री गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१५ को निर्णयानुसार ग्रामिण आवास कम्पनी र वन विभाग विच अधिकार र उत्तरदायित्वको भ्रम रही गैरकानूनी रुपले निर्माण गरिएको संरचनाका सम्वन्धमा कुनै टुङ्गोमा पुगी आवश्यक कारवाही नभएको व्यहोरा उक्त दुई निकाय वीच भएका लेखापढीवाट देखिन आएको हुँदा ३ महिना भित्र कुन निकायको कस्तो हक अधिकार हुनुपर्ने हो ? सोको आधारमा उक्त अनाधिकार प्रयोगको हकमा के कसो गर्नु पर्ने हो ? सो गरी आयोगलाई जानकारी गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखि पठाइएको ।

२. काठमाडौं महानगरपालिका वडा नं. १० वानेश्वरमा मापदण्ड विपरीत नक्सा पास गराई निर्माण गरे भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार डिजाइनर हरिभक्त गुरुङ र नरेशराज आचार्य का.म.न.पा.का इजाजत प्राप्त डिजाइनर भएको र दोस्रो पटक नक्सा पेश गर्दा मापदण्ड विपरीत छ भन्ने थाहा हुँदाहुँदै घर धनी तथा नगरपालिकाका कर्मचारीले भनेकै आधारमा नक्सा बनाएकोले निजहरूको व्यावसायिक आचरण उपयुक्त मान्न नसकिएकोले निजहरूलाई आवश्यक कार्यवाहीको लागि नेपाल इन्जिनियरिङ परिषद्मा लेखी पठाइएको ।

३. जिल्ला विकास समितिको कार्यालय, काभ्रेबाट एसियाली विकास बैंकको ऋणमा संचालित ग्रामीण पूर्वाधार विकास कार्यक्रम अन्तर्गत आ.व. ०६१/०६२ मा भएको खोपासी–तालढुङ्गा

ग्रामीण सडक निर्माणमा अनियमितता गरी भ्रष्टाचार गरे भन्ने उजूरीको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।११ को निर्णयानुसार ग्रामीण पूर्वाधार विकास कार्यक्रम आयोजना व्यवस्थापन इकाइबाट गठित अध्ययन समितिले मिति २०६२/३/१४ मा स्थानीय पूर्वाधार तथा कृषि सडक विभागमा प्रतिवेदन पेश गरिसकेपछि सो प्रतिवेदन उपर छानबिन गर्न अर्को छानबिन समिति गठन गरी सो समितिले समेत प्रतिवेदन बुझाएको वर्षौं बितिसक्दा पनि उल्लेखित प्रतिवेदनहरू उपरको कारबाही टुङ्गो लगाएको अवस्था विद्यमान नदेखिँदा सो सम्बन्धमा यथाशीघ्र कारबाही किनारा लगाउन र सो छानबिनबाट सडक निर्माण कार्यमा भ्रष्टाचार भएको देखिएमा आयोगमा लेखी पठाउन स्थानीय पूर्वाधार तथा कृषि सडक विभागमा लेखी पठाइएको ।

(झ) वन तथा भूसंरक्षण मन्त्रालय अन्तर्गत

१. नवलपरासी जिल्ला पंचनगर गा.वि.स. अन्तर्गत महेन्द्र राजमार्गको दक्षिण तर्फ रहेको सरकारी स्वामित्वको वन तथा सार्वजनिक जग्गा गा.वि.स.का तत्कालिन पदासीन व्यक्तिहरुले अधिकार दुरुपयोग गरी स्थायी घर वनाई विक्री गरे भन्ने उजुरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।१५ को निर्णयानुसार ग्रामिण आवास कम्पनी र वन विभाग विच अधिकार र उत्तरदायित्वको भ्रम रही गैरकानूनी रुपले निर्माण गरिएको संरचनाका सम्वन्धमा कुनै टुङ्गोमा पुगी आवश्यक कारवाही नभएको व्यहोरा उक्त दुई निकाय वीच भएका लेखापढीवाट देखिन आएको हुँदा ३ महिना भित्र कुन निकायको कस्तो हक अधिकार हुनुपर्ने हो ? सोको आधारमा उक्त अनाधिकार प्रयोगको हकमा के कसो गर्नु पर्ने हो ? सो गरी आयोगलाई जानकारी गराउन वन तथा भूसंरक्षण मन्त्रालयमा लेखि पठाइएको ।

(ञ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत

१. जनकपुर अंचल अस्पतालका डा. विजय कुमार सिंह डा. के.पी सिंह र अ.हे.व सर्वदानन्द मिश्रले विभागीय स्वीकृति नलिई जानकी मेडिकल कलेज जनकपुर समेतमा काम गरी दुवैतिर हाजिर गरी दोहोरो तलब भत्ता खाएको भन्ने उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।१७ को निर्णयानुसार निजहरूले स्वीकृति नलिई काम गरेको देखिंदा निज तीनै जना व्यक्तिहरूका सम्बन्धमा प्रचलित स्वास्थ्य सेवा सम्बन्धीत नेपाल स्वास्थ्य सेवा ऐन, नियम तथा नीति बमोजिम कारबाही गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएको ।

(ट) स्थानीय विकास मन्त्रालय अन्तर्गत

१. काठमाण्डौ महानगरपालिका वडा नं १० नयाँ बानेश्वर स्थित कि.नं. १८०,१८८,१८९, १९०,१९१,१९२,१९३ र २०८ का जग्गावालाहरु जना ६ (शुभद्रा श्रेष्ठ/स्वयंप्रसाद श्रेष्ठ, योगमाया श्रेष्ठ, उषा मोक्तान, रुक्मीणी श्रेष्ठ र दुर्गालक्ष्मी श्रेष्ठ) ले २०५८ असार महिनामा भवन निर्माणका लागि छुट्टाछुट्टै नक्शा दर्ता गराएको सम्बन्धमा अनुसन्धान हुंदा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार ती घरधनीको नक्शा तयार गर्ने डिजाइनरहरु हरिभक्त गुरुङ्ग र नरेशराज आचार्य दुवैजना काठमाण्डौ महानगरपालिकाबाट इजाजत प्राप्त "क" वर्गका डिजाइनरहरु भएको तथा दोश्रोपटक नक्शा पेश गर्दा मापदण्ड विपरित छ भन्ने थाहा हुँदाहुँदै घरधनी तथा नगरपालिकाका कर्मचारीले भनेको मात्र आधारमा नक्शा वनाईदिएको देखिदा

निजहरुको व्यवसायिक आचरणलाई उपयुक्त मान्न नसकिएकोले निजहरुको लाइसेन्स नम्वर उल्लेख गरी आवश्यक कारवाहीका लागि काठमाडौं महानगरपालिकामा लेखी पठाइएको ।

२. काठमाडौं महानगरपालिकाको थानकोट चेकपोष्टबाट कर असुली गर्दा भ्रष्टाचार भयो भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।८।२४ को निर्णयानुसार काठमाडौं महानगरपालिकाले थानकोट नाकाबाट प्रवेश गर्ने सवारी साधनमा पटके सवारी कर लिइरहेको तर उक्त राजमार्ग नेपाल सरकारको भएको भन्ने बुझिएको र यस प्रकारको समस्या देशको अन्य भागमा पनि हुन सक्ने हुँदा यस विषयमा भौतिक योजना तथा निर्माण मन्त्रालयसँग छलफल गरी समाधानको टुङ्गो लगाई १ महिनाभित्र आयोगलाई जानकारी दिन स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएको ।

३. काठमाडौं महानगरपालिका वडा नं. ३४ स्थित वागमती किनारको राजकुलो समेतको सार्वजनिक जग्गा विनायक सुधा उच्च माध्यमिक विद्यालय (भि.एस.निकेतन) स्कूल समेतले मिली कब्जा गरेकोमा सम्बन्धित निकाय मौन बसेको र सार्वजनिक सम्पत्ति हानि नोक्सानी भइहरेको भन्ने समेतको उजुरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।३ को निर्णयानुसार उक्त जग्गामा काठमाडौं महानगरपालिका कार्यालयको मिति २०६४।२।२५ च.नं. ४५४६ को पत्र एवं प्रतिवेदन बमोजिम उक्त विनायक सुधा निकेतनले नक्सा पास विना एवं प्रचलित मापदण्ड विपरित ८ वटा टहरा निर्माण गरेको समेत देखिएकोले प्रचलित कानून बमोजिम उक्त घर टहरा एक महिनाभित्र भत्काउन काठमाडौं महानगरपालिकालाई लेखी पठाइएको ।

(ठ) सूचना तथा संचार मन्त्रालय अन्तर्गत

१. आर्थिक विनियम बमोजिमको प्रक्रिया अवलम्बन नगरी विभिन्न सामग्रीहरू खरीद गरेको उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।१।२४ को निर्णयानुसार गोरखा पत्र संस्थानका महाप्रवन्धक किशोर नेपाललाई भविष्यमा सार्वजनिक पदमा नियुक्ति नगर्ने प्रयोजनका लागि अभिलेख राख्न प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा लेखी पठाइएको ।

(ड) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. जापान सरकार जाइकाबाट प्राप्त विद्यालय निर्माण सामग्री र नगद हिनामिना गरी जिल्ला शिक्षा अधिकारी राकेश श्रीवास्तव समेतले भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।३।२५ को निर्णयानुसार इन्जिनियर इन्द्र नारायण शाहलाई अस्थायी/करार सेवाबाट मुक्त गर्न जिल्ला शिक्षा कार्यालय, सप्तरीमा लेखी पठाइएको ।

२. शिक्षक सेवा आयोगबाट प्रकाशित वि.नं. १/०६१-६२ माध्यमिक तृतीय श्रेणीको शिक्षक पदको लेखा विषयको प्रश्नपत्र निर्माण, मोडरेशन, उत्तरपुस्तिका परीक्षण लगायतका कार्यहरुमा एकै व्यक्तिलाई संलग्न गराई आफन्तहरुलाई उत्तीर्ण गराई भ्रष्टाचारजन्य कार्य गरे भन्ने उजुरीको सम्बन्धमा अनुसन्धान हुंदा आयोगको मिति २०६३।५।२९ को निर्णयानुसार शिक्षक सेवा आयोगबाट प्रकाशित वि.नं. १/०६१-६२ माध्यमिक तृतीय श्रेणीको शिक्षक पदको लेखा विषयको प्रश्नपत्र निर्माण एवं मोडरेशनको कार्यमा विशेषज्ञको रुपमा शिक्षा तथा खेलकुद मन्त्रालय

अन्तर्गतका रा.प. द्वितीय श्रेणीका अधिकृत डिल्लीराम रिमालको संलग्नता रहेको देखिन आयो । यसै गरी सोही विषयको उत्तरपुस्तिका परीक्षणको कार्य पनि निज डिल्लीराम रिमालले नै गरेको देखियो । लेखा विषयकै परीक्षामा निज डिल्लीराम रिमालकै भाइ नाता पर्ने लेखनाथ रिमाल पनि उम्मेदवार भएको र निजले लिखित परीक्षा उत्तीर्ण गरी अन्तरवार्तामा सामेल समेत भएको पनि छानविनबाट देखिन आयो । प्रश्नपत्र तयार गर्दाकै अवस्थामा प्रश्नकर्ताको नाता पर्ने कुनै व्यक्ति त्यस्तो परीक्षामा सम्मिलित हुने सम्भावना भए उम्मेदवारको नाम र उम्मेदवारसँगको नाता समेत खोली पठाउनुपर्ने भनी अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यविधि, २०५९ मा स्पष्ट व्यवस्था भइरहेकै अवस्थामा सोही व्यक्तिलाई नै प्रश्नपत्रको मोडरेशन र उत्तरपुस्तिका परीक्षण जस्ता कार्यहरुमा संलग्न गराएको देखिएबाट पनि सो परीक्षाको क्रममा निर्विवाद रुपमा स्थापित हुनुपर्ने गोपनीयता र निष्पक्षता जस्ता परीक्षाका स्थापित एवं सर्वस्वीकृत मूल्य र मान्यताहरुको पालना भएको भन्न सकिने अवस्था देखिएन । लेखा विषयका सम्पूर्ण उत्तरपुस्तिकाहरु एउटै पोकामा राखी कोडिंग गरी परीक्षण गराउने कार्य भएको र ती उत्तरपुस्तिकाहरुको परीक्षणमा निज रिमालको मात्र संलग्नता रहेको भन्ने शिक्षक सेवा आयोगको भनाइ रहेबाट पनि आफ्नो भाइ नाताका लेखनाथ रिमालको उत्तर पुस्तिका समेत निज डिल्ली रिमालले नै परिक्षण गरेको तथ्य स्पष्ट रुपमा स्थापित भएको छ । त्यसै गरी तत्कालीन अवस्थामा निज डिल्लीराम रिमाल सिरहा जिल्लाको जिल्ला शिक्षा अधिकारी पदमा कार्यरत रहेको भए पनि उक्त कार्यालयबाट विदा लिई काठमाडौं आएको र लेखा विषयका उत्तरपुस्तिकाहरु परीक्षण गरेको कुरा निज रिमाल स्वयंले नै आयोग समक्ष गरेको बयानमा स्वीकार गरेको देखिएबाट पनि उक्त परीक्षामा सम्पूर्ण रुपले निष्पक्षता कायम भयो होला भनी विश्वास गर्न सकिने आधार र अवस्था देखिएन । शिक्षक सेवा आयोगको कार्यविधि, तहाँबाट प्राप्त कागजात एवं जानकारीहरु र सो आयोगका अध्यक्ष एवं सदस्यहरुसँग यस आयोगमा भएका छलफल एवं अन्तरक्रियाको आधारमा पदपूर्तिको लागि विज्ञापन देखि सिफारीश गर्दासम्म अपनाइने प्रक्रियाहरुको उपयुक्तताको वारेमा प्रश्न उठाउने ठाउँ नदेखिए पनि यस केसका सम्बन्धमा उपर्युक्त कारण र अवस्थाहरुले गर्दा निर्दिष्ट प्रक्रियाहरुको उपयोग गलत एवं दूषित तवरबाट हुन गई परीक्षाको परिणाम नै अन्यथा हुनसक्ने सम्मको स्थिति देखिएकोले सो नतीजालाई विधिसम्मत ढंगबाट प्रकाशित भएको भनी मान्न सकिने अवस्था देखिएन । अतः यस विषयमा आयोगको नीति नियम, कार्यविधि एवं निर्देशिका तथा प्रतियोगितात्मक परीक्षासँग सम्बन्धित सर्वस्वीकृत मान्यता र पद्धतिहरुको पूर्ण पालना भएको वास्तविक अनुभूति हुने गरी परीक्षाको परिणामलाई सर्वथा शुद्ध, निष्पक्ष, वैज्ञानिक एवं वस्तुगत तुल्याउने सिलसिलामा नियमानुसार गर्न शिक्षक सेवा आयोगमा लेखी पठाइएको ।

३. त्रि चन्द्र क्याम्पसका क्याम्पस प्रमुख राजेन्द्रप्रसाद चौधरीले अधिकारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।६ को निर्णयानुसार छानविन समितिको प्रतिवेदनले औल्याए बमोजिम आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिन रजिष्ट्रार/उपकुलपति त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाइएको ।

४. उच्च माध्यमिक शिक्षा परिषद्ले सगुन बस्नेत समेतका व्यक्तिहरूलाई उच्च माध्यमिक शिक्षा परिषद्को विनियमावली विपरीत ज्यालादारीमा नियुक्ति गरी अनियमित काम भएको भन्ने उजूरी

उपर अनुसन्धान हुँदा आयोगको मिति २०६३।८।२२ को निर्णयानुसार अब उप्रान्त आवश्यक पर्ने जनशक्ति पूर्ति गर्दा ऐन नियम अनुसार प्रतिस्पर्धा गराएर मात्र नियुक्ति गर्ने व्यवस्था मिलाउन उच्च माध्यमिक शिक्षा परिषदमा लेखी पठाइएको ।

५. जनकपुर चुरोट कारखानाका अधिकृत छैठौं तहका कर्मचारी शंकरप्रसाद सिंहको शैक्षिक प्रमाण-पत्र सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२० को निर्णयानुसार निज सिंहले माथिल्लो योग्यता देखाउने उद्देश्यले उक्त कारखानामा पेश गरेको बिहार बिश्व बिद्यालयबाट सन् १९७३ मा प्राप्त गरेको भनिएको रोल नं. १६८२१ उल्लेखित आई. ए. तहको शैक्षिक प्रमाण-पत्र प्रमाणिकरणकालागि त्रिभुवन विश्व विद्यालय, शिक्षाध्यक्षको कार्यालय मार्फत बाबासाहेब भिमराव अम्वेडकर बिहार विश्वविद्यालयमा पठाउँदा उक्त विश्वविद्यालयको Ref No. C/ 1370 मिति फरबरी २४, २००३ को पत्रबाट निज शंकरप्रसाद सिंहले उक्तानुसारको प्रमाण-पत्र प्राप्त गरेको विश्वविद्यालयको अभिलेखबाट नदेखिएको भनि लेखि आएबाट उक्त प्रमाण-पत्र नक्कली एवम् झुट्ठा देखिन आएकोले निज शंकरप्रसाद सिंह राजिनामा स्वीकृत गराई कारखानाको सेवाबाट हटिसकेको र निजले पाउने सुविधा पनि जीवन वीमा रकम बाहेक अरु बुझि सकेको भन्ने समेत देखिदा निज सिंहको उल्लेखित प्रमाण-पत्र झुट्ठा भएको व्यहोरा लोक सेवा आयोगलाई समेत जानकारी गराई नेपालका सवै विश्वविद्यालयहरुलाई जानकारी गराउन शिक्षा तथा खेलकुद मंत्रालयलाई लेखि पठाइएको ।

परिच्छेद १२
विभागीय वा अन्य कारवाही गर्न लेखिएका विषयमा कार्यान्वयन भई आएको विवरण
आ.व.२०६३/६४

भ्रष्टाचार तथा अनुचित कार्यको अनुसन्धानको सिलसिलामा विभागीय कारबाही लगायत अन्य कारबाही गर्ने गरी आयोगले गरेका निर्णयहरुको कार्यान्वयनका लागि विभिन्न मन्त्रालय, विभाग तथा अन्तर्गत कार्यालयहरुलाई लेखी पठाउने गरिएको छ । प्रत्येक महिनाको कार्यालय खुल्ने अन्तिम दिनमा हुने बैठकमा प्रत्येक मन्त्रालयबाट फोकल प्वाइन्टको रुपमा प्रतिनिधित्व गराई छलफल गराउँदा आयोगका निर्णयहरुको कार्यान्वयन स्थितिमा सुधार आएको देखिएको छ । यस प्रकार आयोगका अघिल्ला बैठकहरुले विभागीय कारबाही लगायत विविध कारबाही गर्ने गरी भएका निर्णयहरु मध्ये आ.व. २०६३।०६४ को अवधिमा कार्यान्वयन भई आयोगको जानकारीमा आएका निर्णयहरुको विवरण निम्न तालिकामा प्रस्तुत गरिएको छ ।

(क) विभागीय कारवाही

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६२।८।२७	जि.वि.स. खोटाङ्गको रकम खर्च गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा नि.स्थानीय विकास अधिकारी खगेन्द्र चुडाल र लेखापाल गजेन्द्र कुमार थापालाई ५ वर्ष वढुवा रोक्का गर्नका लागि स्थानीय विकास मंत्रालयर म.ले.नि.का मा लेखी पठाइएको ।	रक्षा मन्त्रालयको च.नं ३१२८ मिति ०६२।१२।१६ को पत्रानुसार खगेन्द्र चुडालको ५ वर्ष वढुवा रोक्का भएको र म.ले.नि.का को च.नं. ४८१ मिति २०६३।१।२२ को पत्रानुसार लेखापाल गजेन्द्र कुमार थापाको ५ वर्ष वढुवा रोक्का भएको जानकारी प्राप्त ।
२.	२०६३।४।२	जिल्ला शिक्षा कार्यालय, तनहूंका तत्कालिन जिल्ला शिक्षा अधिकारी लोक प्रसाद उपाध्यायले शिक्षण अनुमति पत्रको परीक्षामा अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा विभागीय कारवाही गर्न शिक्षा तथा खेलकुद मंत्रालयमा लेखी पठाइएको ।	शिक्षा तथा खेलकुद मंत्रालयको च.नं. २४१ मिति २०६४।२।६ को पत्रानुसार ५ (पाँच) वर्ष बढुवा रोक्का भएको जानकारी प्राप्त ।
३.	२०६३।२।१४ र २०६३।३।१५	नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५ विरगंजमा कार्यरत अमिन राजेन्द्र महतोको सर्टिफिकेट नक्कली भएको, डि.ई रामचरित्र महतोले विना बोलपत्र तथा दरभाउ पत्र सोझै संझौता गरी काम गराई अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा सि.डि.ई रामचरित्र	जलश्रोत मंत्रालयको मिति २०६३।११।२ को पत्रानुसार अनिवार्य अवकाश भएको जानकारी प्राप्त ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		महतोलाई विभागीय कारवाही गर्न जलश्रोत मंत्रालयमा लेखी पठाइएको ।	
४.	२०६३।१।२४	मध्यमान्चल सिंचाई डिभिजन कार्यालय प्रमुख सुगम्बर यादव, ई.श्याम नन्दन राय संग मिलोमतो गरी टेण्डर दिदाँ अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा ओ.सीहरु. कौशल किशोर ठाकुर, बुद्धिलाल विश्वकर्मा, बन्तिलाल लाहुत, चन्द्र किशोर प्रसाद शाह, परशुराम चौधरी, राम प्रसाद चौधरी, ई. श्यामनन्दन यादव, ई. ध्रुव नारायण प्रसाद, डिभिजन प्रमुख सुगम्बर यादवलाई विभागिय कारवाही गर्न जलश्रोत मंत्रालयमा तथा ले.अ. रुद्र कोइराला र ले.पा. लिला बहादुर थापालाई विभागीय कारवाही गर्न म.ले.नि.का मा लेखी पठाइएको ।	जलश्रोत मन्त्रालयको च.नं १६६६, मिति २०६४।१।२४ को पत्रानुसार दुईतलव वृद्धि रोक्का भएको जानकारी प्राप्त । म.ले.नि.काको च.नं. ५७७,५७८, मिति २०६४।१।१० को पत्रानुसार दुवैजनालाई नसिहत दिएको जानकारी ।
५.	२०६३।१।२४	मध्यमान्चल सिंचाई डिभिजन कार्यालय प्रमुख सुगम्बर यादव, ई.श्याम नन्दन राय संग मिलोमतो गरी टेण्डर दिदाँ अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा यस्ता कार्यहरु दोहोरिन नदिने व्यवस्था गर्न आ.व. २०६०।६१को ले.प. प्रतिवेदन र म.क्षे.शि.नि.मा लेखा अधिकृत रामनारायण रिजाल र शा.अ. सोमराज बरालले दिएको प्रतिवेदनमा औल्याएको सबै कैफियतहरुमा यथाशिघ्र कारवाही गरी आयोगमा सोको जानकारी पठाउन जलश्रोत मंत्रालयमा निर्देशन पठाइएको ।	जलश्रोत मन्त्रालयको च.नं. १४०३ , मिति २०६३।१२।६ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
६.	२०६३।५।१२	घर र पूर्वाधार भएको जग्गामा घर नभएको भनी कम मूल्यांकन गरी राजश्व ठगेको भन्ने उजुरीका सम्बन्धमा अमिन श्याम सुन्दर थापालाई विभागीय कारवाही गर्न भूमि सुधार तथा व्यवस्था मंत्रालयमा लेखी पठाइएको।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको च.नं. १९२७ मिति २०६३।१२।१९ को पत्रानुसार २ तलव वृद्धि रोक्का भएको जानकारी प्राप्त ।
७.	२०६४।१।९	सहायक वन अधिकृत कृष्णहरि हुमागाईले निजामती सेवा ऐन मिची विदा दुरुपयोग गरी विदेशमा बसेको भन्ने सम्बन्धमा मोरङ्ग जिल्ला वन कार्यालयका सहायक वन अधिकृत कृष्णहरि हुमागाईलाई विभागीय कारवाही गर्न वन तथा भूसंरक्षण मंत्रालयमा लेखी पठाइएको ।	वन तथा भूसंरक्षण मंत्रालयमाको च.नं. १८०५, मिति २०६४।२।७ को पत्रानुसार सहायक वन अधिकृत कृष्णहरि हुमागाईलाई सेवाबाट हटाईएको जानकारी प्राप्त ।

(ख) सचेत

क.सं.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६३।४।२८	मध्यपश्चिमांचल डिभिजन सडक कार्यालय, बाँके अन्तरगतको मगरवडी जयनगर सडकमा पर्ने राजकुलो १ को निर्माण कार्यमा डिजाइन स्टीमेट म्याद थपमा भ्रष्टाचार भयो भन्ने उजुरीका सम्बन्धमा का.मु. क्षे. निर्देशक देवन्द्र ब. ख्वाउजु, डि.प्रमुख दिनेश प्रकाश वस्नेत, डि. प्रमुख विष्णु प्रसाद श्रेष्ठ, इ. भक्तराज शाक्य, ओ.सी. प्रभुराम मालाकार लाई सचेत गर्न भौतिक योजना तथा निर्माण मंत्रालयमा लेखी पठाइएको।	भौतिक योजना तथा निर्माण मन्त्रालयको च.नं. ४७८, ४७९, ४८०, ४८१, को पत्रानुसार सचेत गराईएको जानकारी प्राप्त
२.	२०६३।११।२५	वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा भवन निर्माण एवं मेशिन उपकरण खरिद समेतमा भ्रष्टाचार भयो भन्ने सम्बन्धमा लेखा अधिकृत रामभक्त खड्कालाई सचेत गराउन वि.पि. कोईराला मेमोरियल क्यान्सर अस्पताल भरतपुरमा लेखि पठाइएको।	वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल को प.सं. ०६३।०६४ च.नं. १८९१, मिति २०६४।१।२४ को पत्रानुसार निजले करार सेवाबाट अवकाश पाएको जानकारी प्राप्त भएको ।

(ग) सुझाव निर्देशन

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६३।२।१४ र २०६३।३।१५	नारायणी सिंचाई व्यवस्थापन डिभिजन नं. ५ वीरगंजमा कार्यरत अमिन राजेन्द्र महतोको सर्टिफिकेट नक्कली भएको, डि.ई रामचरीत्र महतोले विना बोलपत्र तथा दरभाउ पत्र सोझै संझौता गरी काम गराई अनियमितता गरेको भन्ने उजुरीको सम्बन्धमा लामो समय सम्म अस्थाई कर्मचारी राखी रहनुको कारण र औचित्य समेत स्पष्ट नभएको हुदाँ दरवन्दी भएको पदमा स्थाई रुपमा पदपूर्ति गर्न जलश्रोत मन्त्रालका	जलश्रोत मंत्रालयको मिति २०६३।११।२८, च.नं. १४४० अनुसार प्रत्येक वर्ष अस्थायी दरवन्दी सृजना गरी पदपूर्ति गर्ने जानकारी प्राप्त भए अनुसार आयोगको मिति २०६३।१२।२३ को निर्णयले तामेली ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		सचिवलाई निर्देशन पठाइएको ।	
२.	२०६३।२।१६	पर्वत इन्धन डिपो पोखराका डिपो प्रमुख विजय कुमार र अपरेशन अफिसर शिव प्रसाद भट्टराईले पेट्रोलियम पदार्थमा मिसावट गरी अनियमितता गरेको भन्ने उजुरीका सम्बन्धमा नेपाल आयल निगम, गुणस्तर तथा नापतौल विभाग र वाणिज्य विभागको टोली बनाई यथार्थ विवरण आयोगमा पठाउन उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालयमा निर्देशन पठाइएको।	उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालयको च. नं. १३७८ मिति २०६३।८।७ को पत्रानुसार छानवीन टोलीको प्रतिवेदन अनुसार कुनै प्रकारको अनियमितता भएको प्रमाण नभेटिएको उल्लेख भई आएको हुंदा आयोगको मिति २०६३।९।५को निर्णयानुसार तामेली ।
३.	२०६३।४।८	रोजगार प्रवर्द्धन आयोगका सदस्य सचिव सुर्वणमान श्रेष्ठले दरवन्दी नै नभएको ठाउँमा नियम विपरित करारमा कर्मचारी नियुक्ति गरेको उजुरीको सम्बन्धमा नोकरी दिलाउने उद्देश्यले सो काम गर्न आवश्यक पर्ने जनशक्तिको विकल्पको कुनै प्रयास नै नगरी प्रारम्भमा गैर कानूनी रुपमा नियुक्त भएका कर्मचारीहरुलाई नै करारमा नियुक्ति गरी निरन्तरता दिएको कार्य प्रचलित कानूनको प्रतिकूल भएकोले प्रचलित ऐन नियम बमोजिम गरी आयोगलाई जानकारी दिन श्रम तथा यातायात व्यवस्था मंत्रालयमा निर्देशन पठाइएको ।	श्रम तथा यातायात व्यवस्था मंत्रालयको च.नं. ६११, मिति २०६३।७।२९ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।
४.	२०६३।४।१९	घरेलु तथा साना उद्योग विकास समिति नियमावली बमोजिम पद पूर्ति नभएको भन्ने उजुरीका सम्बन्धमा सो समितिमा रिक्त रहेका दरवन्दीमा २ महिना भित्र कानूनी प्रकृया पूरा गरी पदपूर्तिको व्यवस्था मिलाउने सो बमोजिम हुन नसके त्यस्था कर्मचारीलाई खारेजीमा पार्ने, खारेजीमा नपारी त्यस्ता कर्मचारीलाई राखेमा निजहरुले पाउने तलव र अन्य सुविधाको रकम त्यस समितिको अध्यक्षबाट असूलउपर गर्ने लगायतका आवश्यक कारवाही गर्न घरेलु तथा साना उद्योग विकास समितिमा निर्देशन पठाईएको ।	उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयको च.नं. २०८४ मिति २०६३।११।१४ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
५.	२०६३।५।६	वैदेशिक रोजगार संचालनको लागि इजाजत पत्र दिदाँ श्रम तथा रोजगार प्रवर्द्धन विभागबाट घुस मागे भन्ने उजुरीका सम्बन्धमा धितो प्रयोजनको लागि जग्गा स्विकार गर्दा प्रलोभनमा पार्ने वा झुक्यानमा पारी इजाजत प्रदान गर्ने निकायलाई नै घाटामा पार्ने अवस्था आउन सक्ने हुनाले म्यान पावर कम्पनी दर्ता गर्नका लागि लिईने धितो जग्गाको सट्टा नगद वा बैंक ग्यारेन्टी लिने प्रकृया अपनाउन त्यस तर्फ ऐन, नियम, कार्यविधिमा आवश्यक व्यवस्था गर्न श्रम तथा रोजगार प्रबर्द्धन विभागलाई निर्देशन पठाइएको।	आयोगको २०६३।९।५ को निर्णयानुसार ऐन संशोधनका लागि मन्त्रालयबाट पहल भईसकेको हुँदा तामेली ।
६.	२०६३।७।१९	यु. एण्ड वि. ट्रेर्डसका प्रो.श्रीमती सरला खत्रीको घरमा खान तलासी गर्दा २०० थान मोबाइल बरामद भएको उजुरीका सम्बन्धमा आयात हुने मोबाइल सेटहरुको विस्तृत विवरण आयात प्रज्ञापन पत्रमा उल्लेख गर्ने व्यवस्था ३ महिना भित्र गरी आयोगलाई जानकारी दिन अर्थ मंत्रालयमा निर्देशन पठाइएको।	अर्थ मंत्रालयको च.नं १९२९ मिति २०६३।९।१७ को पत्रानुसार निर्देशन पालना भएको जानकारी प्राप्त भएको ।
७.	२०६३।८।४	स्वेच्छिक अवकाश योजना ल्याउन लागेको अवस्थामा कर्मचारी नियुक्ति गरेको भन्ने उजुरीका सम्बन्धमा कर्मचारी नियुक्ति गर्दा विनियम बमोजिम प्रतिस्पर्धात्मक प्रकृया अपनाउने व्यवस्था मिलाउन नेपाल खानेपानी संस्थानमा निर्देशन पठाइएको।	निर्देशन पालना भएको जानकारी प्राप्त भएको ।
८.	२०६३।९।१८	राष्ट्रिय वाणिज्य वैंक, थापाथलीका प्रवन्धक रमेश बहादुर जोशीले राष्ट्रिय वाणिज्य वैंक शाखाबाट कर्जा लिई नतिरेको सम्बन्धमा ऋण फरफराक गरी जानकारी पठाउन राष्ट्रिय वाणिज्य वैंक केन्द्रिय कार्यालयमा निर्देशन पठाइएको।	अर्थ मन्त्रालयको च.नं. २४६० मिति २०६३।१२।७ को पत्रानुसार ऋण फरफराक गरेको जानकारी प्राप्त भएको ।
९.	२०६३।९।२३	नक्कली भौचर पेश गरी नेपाल आयल निगम विराटनगरका दुईवटा डिलरले लाखौंको भुत्तानी लिएको भन्ने सम्बन्धमा यादव किराना पसल एण्ड मट्टितेल केन्द्र सप्तरी र धिताल आयल	नेपाल आयल निगम, केन्द्रिय कार्यालयको च.नं. १००८ र १००९ मिति २०६३।१२।१९को पत्रानुसार यादव किराना पसल

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
		ट्रेडर्स विराटनगरलाई विक्रेताबाट खारेज गरी आयोगलाई जानकारी दिन नेपाल आयल निगम केन्द्रिय कार्यालयमा निर्देशन पठाइएको।	एण्ड मट्टितेल केन्द्र सप्तरी र धिताल आयल ट्रेडर्स विराटनगरलाई विक्रेताबाट खारेज गरेको जानकारी प्राप्त ।
१०.	२०६३।११।२५	वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पतालमा भवन निर्माण एवं मेशिन उपकरण खरिद समेतमा भ्रष्टाचार भयो भन्ने सम्बन्धमा अस्पतालबाट निर्माण हुने काममा थपघट गर्दा अब उप्रान्त संचालक समितिवाट स्वीकृति लिएर मात्र गर्न र ATL को HDI 3500 colour duppler ultra sound machine खरिद गर्न price included factor मा समावेश भएको Tranning र Conference अस्पतालले प्राप्त गरेको नदेखिंदा उक्त सामान आपूर्ति कर्ता Agent Implese Speedways तथा मेशिन विक्रि गर्ने ATL कम्पनिबाट Tranning र Conference प्राप्त गर्ने तर्फ शिघ्र पहल गर्न वि.पि. कोईराला मेमोरियल क्यान्सर अस्पताललाई लेखि पठाइएको।	वि.पि. कोइराला मेमोरियल क्यान्सर अस्पताल को प.स. ०६३।६४ च.नं. १८९१, मिति २०६४।१।२४ को पत्रानुसार निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त ।

(घ) असूल उपर

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६३।३।२३	विमाको रकम (प्रिमियम) उपलब्ध गराई पाउँ भन्ने उजुरीका सम्बन्धमा तत्कालीन सहायक प्रवन्धक लक्ष्मण प्रसाद आचार्यले विमा बापत बढी भुत्तानी लिएको रकम असूल उपर गरी ३ महिना भित्र आयोगलाई जानकारी दिन उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालयमा लेखी पठाइएको।	उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालयको च.नं. ५५७ मिति २०६३।५।१२ को पत्रानुसार रकम असूलीको लागि कुमारी चोक तथा केन्द्रिय तहसिल कार्यालयमा लगत नं. १८६१ मा लगत कसिएको जानकारी प्राप्त ।
२.	२०६३।४।९	लुम्विनी विकास कोषका तत्कालिन सदस्य सचिव आङ्गदावा शेर्पाले आफैले निर्णय गरी टेलीफोन सुविधाबापत रु.३४,६००।- लिएको भन्ने उजुरीको सम्बन्धमा निजबाट सो रकम असूल उपर गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मंत्रालयमा लेखी पठाइएको	संस्कृति पर्यटन तथा नागरिक उड्डयन मंत्रालयको च.नं. ९४०, मिति २०६३।९।२४को पत्रानुसार रकम असूल उपर भएको जानकारी प्राप्त ।

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
३.	२०६३।६।१०	स्वेच्छिक अवकाश भनी नियमको गलत व्याख्या गरी प्रस्ताव पेश गरी अनियमित रुपमा रकम भुत्तानी लिए खाएको भन्ने उजुरीका सम्बन्धमा औद्योगिक व्यवस्थापन लिमिटेडका महाप्रवन्धक जनक बहादुर कार्कीबाट रु २,१८,९२९।४१ असूल उपर गर्न उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालयमा लेखी पठाइएको।	उद्योग वाणिज्य तथा आपूर्ति मंत्रालयको च.नं २०३८, मिति २०६३।११।८ को पत्रानुसार रकम असूल भएको जानकारी प्राप्त ।
४.	२०६३।५।१२	घर र पूर्वाधार भएको जग्गामा घर नभएको भनी कम मूल्यांकन गरी राजश्व ठगेको भन्ने उजुरीका सम्बन्धमा द्रौपदा मराशिनीबाट रु २८,५००।- असूल उपर गर्न मालपोत कार्यालय भक्तपुरमा लेखी पठाइएको ।	भूमि सुधार तथा व्यवस्था मन्त्रालयको ज.गु. व्य. को च.नं. १७५ मिति २०६४।१।३० को पत्रानुसार रकम असूल उपर भएको जानकारी प्राप्त भएको ।
५.	२०६२।८।२७	जिल्ला बिकास समिति, खोटाङ्गको रकम खर्च गर्दा भ्रष्टाचार गरेको भन्ने उजुरीको सम्बन्धमा नि.स्थानीय विकास अधिकारी खगेन्द्र चुडाल बाट रु १,६५,०८२।९० र लेखापाल गजेन्द्र कुमार थापा बाट रु १,६५,०८२।९० असूल उपर गर्न स्थानीय विकास मंत्रालयमा लेखी पठाइएको।	नि.स्थानीय विकास अधिकारी खगेन्द्र चुडालले ने.रा.वै. भौचर नं. १६१०४१३६, मिति २०६४।२।१ बाट आयोगको क-१-१-०९१ मा रकम जम्मा गरेको भौचर प्रतिलिपि प्राप्त भएको र म.ले.नि.का.को च.नं ५८४ मिति ०६३।१०।१८ को पत्रानुसार लेखापाल गजेन्द्र कुमार थापाबाट रकम असूल उपर भएको जानकारी प्राप्त ।

(घ) अन्य कारवाही

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
१.	२०६३।१।२४	आर्थिक विनियम बमोजिमको प्रकृया अवलम्बन नगरी विभिन्न सामाग्रीहरु खरीद गरेको उजुरीका सम्बन्धमा गोरखा पत्र संस्थानका महा प्रवन्धक किशोर नेपाललाई भविश्यमा सार्वजनिक पदमा नियुक्ति नगर्ने प्रयोजनका लागि अभिलेख राख्न प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालयमा लेखी पठाइएको।	प्रधान मन्त्री तथा मन्त्री परिषद्को कार्यालयको च.नं वै.शा.९६५/०६३, मिति २०६३।११।९ को पत्रानुसार अभिलेख राखेको जानकारी प्राप्त भएको

क.स.	आयोगको निर्णय मिति	उजुरीको विषय र निर्णयको व्यहोरा	कार्यान्वयनको व्यहोरा
२.	२०६३।८।४	स्वेच्छिक अवकाश योजना ल्याउन लागेको अवस्थामा कर्मचारी नियुक्ति गरेको भन्ने उजुरीका सम्बन्धमा आयोगबाट अनुसन्धान भई आयोगको निर्णय अनुसार उमेरको हद सम्बन्धी संशोधित व्यवस्था विभेदपूर्ण देखिएको तर्फ ध्यानाकर्षणका लागि नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएको।	भौतिक योजना तथा निर्माण मन्त्रालयको च. नं. ४३२ को पत्रबाट खाने पानी संस्थानलाई प्रतिस्पर्धात्मक प्रक्रिया अपनाउन निर्देशन दिईएको जानकारी प्राप्त भएको हुंदा आयोगको मिति २०६३।९।२४ को निर्णय अनुसार तामेली ।

परिच्छेद - १३
कार्यान्वयन हुन बाँकी विभागीय वा अन्य कारबाहीहरुको विवरण
(आ.व. २०६३/६४ सम्मको)

आयोगको स्थापनाकालदेखि भ्रष्टाचार तथा अनुचित कार्यको छानविन तथा अनुसन्धानका क्रममा विभागीय कारवाही लगायत अन्य कारवाही गर्ने गरी भएका निर्णयहरु कार्यान्वयनका लागि विभिन्न सरकारी मन्त्रालय, विभाग र अन्तरगत कार्यालयहरुलाई लेखिएकोमा केही निर्णयहरुको कार्यान्वयन अहिलेसम्म पनि हुन सकिरहेको देखिदैन । आ.व. २०६३।०६४ सम्ममा कार्यान्वयन हुन बांकी रहेका आयोगका निर्णयहरुको विवरण निम्न अनुसार रहेको छ ।

(क) **अर्थ मन्त्रालय अन्तर्गत**

१. नेपाल लिभर लिमिटेड र फुन्सोलिङ ह्याण्डीक्राफ्ट इन्डष्ट्रिजले राजस्व छलेको भन्ने सम्बन्धमा परेको उजुरीका सम्बन्धमा आवश्यक कारवाहीको लागि आयोगको मिति २०५५।६।६ को निर्णयानुसार राजस्व अनुसन्धान विभागमा लेखिपठाएकोमा कारवाहीको अन्तिम टुंगो लागेको जानकारी प्राप्त नभएको ।

२. राष्ट्रिय वाणिज्य बैंक, मुख्य कार्यालयका व्यवस्थापक एवं कर्मचारीहरुले विदेशी कम्पनीको मिलेमतोमा प्रतीतपत्रको भुक्तानी गरी नोक्सानी पुऱ्याएको भन्ने उजुरीका सम्बन्धमा आयोगको मिति २०५५।११।४ को निर्णयानुसार राष्ट्रिय वाणिज्य बैंकका एकाउन्टेण्ट लक्ष्मणकृष्ण ताम्राकार तथा एल.सी. इञ्चार्ज कृष्णबहादुर पन्त उपर विभागीय कारबाही गर्न राष्ट्रिय वाणिज्य बैंकमा लेखी पठाएकोमा निजहरुलाई सफाई दिने गरी राष्ट्रिय वाणिज्य बैंकबाट निर्णय भएको जानकारी प्राप्त भएको तर आयोगको पूर्व निर्णयानुसार नै निज कर्मचारीहरु उपर विभागीय कारवाही गरी जानकारी गराउन पुनः लेखी पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

३. नेपाल सरकारको नीति अनुसार ट्याक्सी क्याबहरु झिकाउंदा ५० प्रतिशत भन्सार छुट दिई झिकाइएका ट्याक्सीहरुले नियमानुसार लाग्ने आयकर नतिरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगमा परेको उजुरीमा आयोगको मिति २०५९।३।२७ को निर्णयले आन्तरिक राजस्व विभागका महानिर्देशकले ३ महिना भित्र आयकर राजस्व असूली गराउने भनी निर्देशन भएकोमा उक्त निर्देशन प्रकृयामा नै रहेको भनी निर्देशन कार्यान्वयन नभएको ।

४. राष्ट्रिय बाणिज्य बैंक, शाखा कार्यालय, नेपालगंजबाट वी.डी. ट्रेडर्स तथा नेपाल ट्रेडिङ सेन्टरका नाममा कम मूल्यांकनको धितो सुरक्षण गरी अनियमित कर्जा प्रवाह भएको सम्बन्धमा र नेपाल बैंक लिमिटेड, धम्बोजी शाखा, बाँकेबाट वी.डी. ट्रेडर्सका नाममा कर्जा प्रवाह गर्दा भएको अनियमिताका सम्बन्धमा उक्त अनुचित कार्यमा संलग्न उल्लिखित दुवै बैंकका कर्मचारीहरु उपर कारवाही गरी ऋण असूलीको जानकारी गराउन आयोगको मिति २०६०।१०।२७ को निर्णयानुसार लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

५. जनकपुर नगरपालिकाका तत्कालिन प्रमुख बजरंग प्रसाद शाह समेतले नगरपालिकाको चुंङ्गी तथा सवारी कर उठाउने समेतका विभिन्न कर ठेक्का दिने र ठेक्का रकम उठाउने विषयमा समेत वदनियतपूर्वक गरेको कामकारवाहीको सम्बन्धमा पंकज हार्डवेर्यस स्टोर्सका प्रो. रामचन्द्र महतोबाट प्रचलित कानून बमोजिम लाग्ने भन्सार रकम असूल उपर र कारवाही गर्न भन्सार विभागमा लेखी पठाइएकोमा निजका सम्बन्धमा राजश्व न्यायाधिकरण काठमाडौंमा पुनरावेदन परी कारवाहीको प्रकृयामा रहेको भनी जानकारी आएको तर आयोगको निर्णयानुसार असूल उपर भएको जानकारी प्राप्त हुन नआएको ।

६. व्लेसिङ्ग इन्टरनेसनलका प्रोप्राइटर विष्णुकुमार मित्तलले विभिन्न सामान आयातमा प्रतितपत्र खोली सामान आयात गरी वैंकलाई रकम नवुझाई भ्रष्टाचार गरेको सम्वन्धमा आयोगको मिति २०६१/९/८ को निर्णयानुसार प्रोप्राइटर विष्णुकुमार मित्तलबाट असूलउपर गर्नुपर्ने रकम असूल उपर गर्न तथा सम्वन्धित ट्रान्सपोर्ट कम्पनीलाई कानूनी कारवाही गर्न नेपाल राष्ट्र बैंकलाई लेखी पठाइएकोमा ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर भई निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. कृषि विकास बैंक, भक्तपुरमा व्याज र हर्जाना मिनाहामा भ्रष्टाचार भयो भन्ने विषयमा आयोगको २०६२।२।३ को निर्णयानुसार शाखा प्रबन्धक गोपाल बहादुर थापा, शाखा प्रबन्धक शशी प्रसाद जोशी, ऋण अधिकृत जगदिश प्रसाद पोखरेल र शाखा अधिकृत शिव अधिकरीलाई विभागीय कारवाही गर्न र कृषि विकास बैंक भक्तपुर शाखाले मिति २०५६।९।१५ मा सकारेको रु २८,५५,३६०।- को धितो लिलाम विक्री कानून सम्मत नदेखिएकोले उक्त लिलाम बदर गरी गंगा प्रसाद सुवाल र निजको पिता शेर बहादुर सुवाल संग बैंकले असूल उपर गर्नु पर्ने बाँकी ऋण र हालसम्मको व्याज निजहरुले ऋण लिदा धितो राखिएको गंगा प्रसाद सुवालको कि.नं. ११ समेतबाट असूल उपर गर्न कृषि विकास बैंक मुख्य कार्यालयमा लेखीपठाइएकोमा ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर भई निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. नेपाल बैंक लिमिटेड, विराटनगरका तत्कालीन प्रबन्धक चिरञ्जीवीप्रसाद घिमिरे समेतले अधिक मूल्यांकन गरी रु १० करोड भन्दा बढी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको २०६१।१२।१० को निर्णयानुसार बाबा अम्ब्रेला इन्डस्ट्रिज र सो संग सम्बन्धित फर्महरुलाई प्रदान भएको कूल बाँकी ऋणको हालसम्मको सावाँ व्याज प्रचलित ऐन नियमानुसार असूल गरी आयोगलाई जानकारी दिन नेपाल बैंक लिमिटेड प्रधान कार्यालयलाई लेखीपठाइएकोमा ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर भई निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. राष्ट्रिय बाणिज्य बैंक, नेपालगंज शाखाबाट श्याम सुन्दर खेतान समेतलाई धितोको अधिक मूल्यांकन गराई ऋण प्रदान गराई बैंकलाई हानी नोक्सानी पुऱ्याएको भन्ने विषयमा सहस्त्र फुड प्रोडक्टस प्रा.लि.लाई गएको ऋण मध्ये बाँकी ऋणको हालसम्मको सावाँ व्याज प्रचलित कानून बमोजिम कारवाही गरी ६ महिना भित्र असूल उपर गरी आयोगलाई जानकारी दिन राष्ट्रिय बाणिज्य बैंक केन्द्रीय कार्यालयलाई लेखी पठाइएकोमा असूल उपर भएको जानकारी प्राप्त नभएको ।

१०. किर्ते तामाङ सहित ११ जना ऋणीहरुलाई कर्जा प्रवाह गर्दा अनियमितता गरेको सम्बन्धमा किर्ते तामाङ सहित ९ जना ऋणीको हकमा प्रवाह भएको ऋण र ब्याज समेतको रु. २९,५०,०००।- धितो लिलामी प्रक्रियाबाट असूल उपर गर्ने, सो अनुसार नभए प्रचलित कानुन बमोजिम महाप्रबन्धकले असूल उपर गर्न र ढकाल पोल्ट्री फर्म प्रा.लि.लाई प्रवाह गरेको ऋण रकम मध्येको जोखिममा परेको रु २४,६८,७८४।- र सो को हालसम्मको ब्याज जमानत दाता रामप्रसाद ढकालको धितोबाट असूल उपर गर्ने, सो अनुसार नभए तत्कालीन प्रबन्धक सुशील कुमार उपाध्यायको जेथा जमानतबाट असूल गर्ने भनी आयोगको मिति २०६२।४।१० को निर्णयानुसार महाप्रवन्धक, कृषि विकास वैंकलाई लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

११. कानून अधिकृत केदार मैनालीले कायमी धितोलाई कम मूल्यांकन गरी आफ्नै सालीलाई धितो सकार गर्न लगाई रा.वा.वैंक मैतिदेवीको धितो हिनामिना गरी अनुचित कार्य गरे भन्ने सम्बन्धमा ऋणी धर्मानन्द अवस्थीले लिएको रकम रु. १०,००,०००।- असूलउपर गर्नका लागि राखेको धितोबाट असूल उपर हुन नसकेमा धर्मानन्द अवस्थीबाट र निजबाट पनि असूलउपर हुन नसकेमा कि.नं. १५ को ३-११-० जग्गाको लिलाम स्वीकृत गर्ने व्यक्तिहरुउपर कानूनवमोजिम मुद्दा दायर गरी असूलउपर गर्न राष्ट्रिय वाणिज्य वैंक, केन्द्रिय कार्यालयमा आयोगको मिति २०६२।५।३० को निर्णयानुसार लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

१२. सन्तोषी निर्माण सेवा प्रा.लि. ले राजस्व छलेको सम्वन्धमा सन्तोषी निर्माण सेवा प्रा.लि. ले छलेको कर रकम यकिन गरी निज ठेकेदारउपर आवश्यक कारवाही गर्न र सो कर छल्ने कार्यमा सरकारी कर्मचारीसमेतको संलग्नता देखिन आएमा सोको जानकारी आयोगमा गराउन आयोगको मिति २०६२।९।५ निर्णयानुसार राजस्व अनुसन्धान विभागमा निर्देशन पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

१३. राष्ट्रिय वाणिज्य वैंक, रानीशाखा, विराटनगरबाट मंगतुराम समूहलाई कर्जा लगानी गर्दा भ्रष्टाचार भयो भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।२।१९ को निर्णयानुसार मंगतुराम ऋणि समूहलाई कर्जा दिँदा धितो लिएको सम्पत्ति कानूनवमोजिम कारवाही गरी असूल उपर गर्ने, शाखा कार्यालयहरुबाट कुन कुन पार्टिलाई के कति ऋण प्रवाह भएको र प्रवाहित ऋण अख्तियारी भन्दा वढी छ छैन नियमसंगत छ छैन सो समेत नियमित अनुगमनको व्यवस्था मिलाई आगामी दिनमा अपनाइने व्यवस्था तथा उपायको यकिन गर्न रा.वा.वैंक केन्द्रिय कार्यालयमा र ऋणी समूह नारायण भेजिटेवल ई. प्रा. लि. ले अमेरिकी डलर १७,६२१।८४ बराबरको विदेशी मुद्रा अपचलन गरेको सम्बन्धमा विदेशी विनिमय नियमित गर्ने ऐन, २०१९ बमोजिम कारवाही गरी सो को जानकारी आयोगलाई उपलव्ध गराउन राजश्व अनुसन्धान विभागमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

१४. नमोकार केवुल ई.प्रा.लि. का संचालक निरज सुराना र विजय सुरानाले नविल वैंक र वैंक अफ काठमाण्डौबाट रु. ७ करोड ऋण लिई उद्योग वन्द गरी फरार भए भन्ने सम्बन्धमा अनुसन्धान

हुँदा आयोगको मिति २०६२।९।१५ को निर्णयानुसार नेपाल राष्ट्र बैंकको सुपरिवेक्षण प्रतिवेदन समेतले बैंक अफ काठमाण्डौबाट नमोकार केवल इ. प्रा.लि. समेतको कर्जा लगानीको विषयमा अनियमितता र कैफियतहरु औंल्याएको देखियो । ती अनियमितता र कैफियतहरुमा नेपाल राष्ट्र बैंकले कानूनद्वारा प्रदत्त अधिकारको प्रयोग गरी आवश्यक कारवाही गरेको भन्ने नदेखिएको हुँदा यस सम्बन्धमा ऐन कानूनवमोजिम गरी आयोगलाई जानकारी गराउन नेपाल राष्ट्र बैकमा पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

१५. कृषि विकास बैंक, पुतलीसडकबाट कर्जा लगानी गर्दा अनियमितता भयो भन्ने सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।९।२५ को निर्णयानुसार प्रचलित कानूनवमोजिम कारवाही गरी बैंकको बाँकी असूल गरी आयोगलाई जानकारी दिन कृषि विकास वैंकमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

१६. राष्ट्रिय वीमा संस्थानबाट आयोगको मिति २०६०।७।४ को निर्णय कार्यान्वयन नगरेको सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६०/७/४ र २०६२।१०।४ निर्णयानुसार २०६०/७/४ को निर्णय कार्यान्वयनमा राष्ट्रिय विमा संस्थानबाट हालसम्म आलटाल भएको देखिदा निर्णय कार्यान्वयन गराउन राष्ट्रिय विमा संस्थानमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

१७. राष्ट्रिय वाणिज्य वैंक, पुल्चोकका ऋणी कन्या कुमारी इन्टरप्राइजेजका प्रोपराइटर सुनिता श्रेष्ठलाई व्याज मिनाहा सम्वन्धमा रा.वा.वैंकले अनियमितता गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६१।११।१३ को निर्णयानुसार ऋणी सुनिता श्रेष्ठबाट रु. २५,०००,००।- असूल उपर गर्न राष्ट्रिय वाणिज्य वैंक, केन्द्रिय कार्यालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

१८. स्पेशटाइम नेटवर्कका सञ्चालक जमिम शाहले उठेको राजश्व नबुझाई करौडौ रकम हिनामिना गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।९।११ को निर्णयानुसार आन्तरिक राजस्व कार्यालय काठमाण्डौ क्षेत्र नं १ बाट मात्र विभिन्न व्यापारीहरुसँग रु. ३५,१३,४०,७४४।- बाँकी रहेको रकम र विभिन्न कर कार्यालयहरुमा यस्ता खालका रहेका वक्यौताहरु ऐन, नियम र कार्यविधिअनुरुप वक्यौता उठाउने र त्यसको तीन महिनासम्मको कारवाहीको प्रतिवेदन आयोगमा पठाउन अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

१९. वा.१ ख. ६४७४ नं. को सवारी साधनमा जडान भएको इन्जिन गैरकानुनी रुपमा प्रयोग गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।११।१९ को निर्णयानुसार सवारी धनीले यातायात व्यवस्था ऐन, २०४९ को दफा ३९ र नियमावली २०५४ को नियम १२ बमोजिम अधिकारप्राप्त अधिकारीको स्वीकृति नलिई साविक सन् १९९२ मोडलको इन्जिन अवैध रुपमा झिकी फेरी अर्कै चोरी पैठारी गरी ल्याएको सन् १९९२ भन्दा पछिको मोडलको TURBO CHARGED ENGINE/TATA COMMUNIS ENGINE जडान गरी प्रयोग गरेको देखिंदा उक्त

TURBO CHARGED ENGINE जडान भएको ट्रकको मूल्य निर्धारण गरी नियमानुसार कारवाही गर्न भैरहवा भन्सार कार्यालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२०. कृषि विकास वैंक वैंकिङ्ग कार्यालय, दाङ्ग, घोराहीका तत्कालिन प्रवन्धक कमलवहादुर के.सी. र का.स. दिपकराज श्रेष्ठले धितोको बढी मूल्यांकन गरी ऋण प्रवाह गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।११।१७ को निर्णयानुसार राना मेडिकल स्टोर, सुजिता ग्रिल उद्योग, तेजनाथ योगी, हरिनाथ योगी, हिमा सिस्नेरी इन्टरप्राइजेज, त्रिचन्द्र इन्टरप्राइजेजलाई लगानी गरेको कूल रकम रु. ५५,७९,९५०।- धितोको लिलामी मूल्य ६७,०९०,६५।- निर्धारण भएकोले ६ महिनाभित्र असूल उपर गर्न कृषि विकास वैंक, मुख्य कार्यालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२१. नेपाल बैंक लिमिटेड, नवलपरासी शाखाबाट खराव कर्जा प्रवाह गरी अनियमितता गरे भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।८।७ को निर्णयानुसार यस्तो खराव कर्जा ६ महिनाभित्र असूलउपर गरी जानकारी गराउन कार्यकारी अधिकृत, नेपाल वैंक लि. प्रधान कार्यालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२२. आफूले पाउनुपर्ने रकम कलम पाउँ भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।८।१ को निर्णयानुसार छानविन गरी आवश्यक कारवाही गर्न कार्यकारी निर्देशक, राष्ट्रिय वाणिज्य वैंक, केन्द्रीय कार्यालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२३. बुटवल पावर कम्पनीको आ.व.२०५७।०५८ को लाभांस रु.४,१९,५२,८८५।- राजश्व दाखिला नगरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।५।११ को निर्णयानुसार वुटवल पावर कम्पनीबाट रु.४,१९,५२,८८५।- असूल उपर गर्न सचिव अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२४. काठमाण्डौ-१० वानेश्वर बस्ने नामग्याल भन्ने दिलबहादुर श्रेष्ठले कारोबार गरेका विभिन्न फर्म भाडामा लगाएका घरको कर तथा अन्य राजश्व छलेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।१८ को निर्णयानुसार छानवीन गरी कारवाही टुंगो लगाई जानकारी पठाउन अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२५. गौर भन्सार अन्तर्गतको औरिया मठिया छोटी भन्सारका मुखिया श्याम मण्डलले भन्सार महशुल कम लिएको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।२० को निर्णयानुसार आवश्यक छानविन गरी कारवाहीको प्रतिवेदन पठाउन राजश्व अनुसन्धान विभागमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२६. बृटिस दूताबास अन्तर्गत कार्यरत नेपाली कर्मचारीले तिर्नुपर्ने आयकर नतिरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।१४ को निर्णयानुसार तदारुकताका साथ कारवाही

गरी जानकारी गराउन अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२७. पूर्वाञ्चल ग्रामिण विकास बैंकका कर्मचारीले ढुकुटीको रकम हिनामिना गरी मासी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।२४ को निर्णयानुसार का.मु. एकाउन्टेन्ट राजन प्रसाद बरालले अपचलन गरेको रकमको बैंक नियमानुसार हुन आउने उच्चतम व्याजदरका हिसावले हुन आउने रकम निजले पाउने तलवभत्ता तथा अन्य सुविधाबाट कट्टा गरी बैंक दाखिला गरी प्रस्तुत कसुरमा निजउपर बैंकको कर्मचारी नियमावली बमोजिम विभागीय कारवाही समेत गरी ३ महिनाभित्र आयोगलाई जानकारी गराउने र फिल्ड सहायक राजनारायण खड्काले अपचलन गरेको रु. ४३,२००।- सो बैंकको नियमानुसार हुन आउने उच्चतम व्याजदरबाट हुने रकम निजले पाउने तलवभत्ताबाट कट्टा गरी बैंक दाखिला गराई बैंकको कर्मचारी नियमावली बमोजिम विभागीय कारवाही समेत गरी ३ महिनाभित्र आयोगलाई जानकारी गराउन पूर्वान्चल ग्रामिण विकास वैंक विराटनगरमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२८. कोशि स्टोन क्रसिङ प्रा.ली.ले कर राजश्व छलेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२१ को निर्णयानुसार कोशि स्टोन क्रसिङ कम्पनी प्रा.लि.ले आ.व. ०३४।३५ देखि ०३९।४० सम्म र ०४८।४९ देखि ०५०।५१ सम्म कारोवार गरेको कागजवाट पुष्टि हुन आएकाले उक्त कम्पनीबाट कानुन बमोजिम लाग्ने राजश्व असूल गर्न आन्तरिक राजश्व विभागमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

२९. विगुफुट इन्टरनेशनल ट्राभल्स एण्ड टुर्सलाई अनियमित तरिकाले कर्जा प्रवाह गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।९ को निर्णयानुसार ऋणीले कर्जा लिदाँ धितो राखेको जग्गाबाट बैकको सम्पूर्ण लेना रकम प्रचलित बैंकको कानून बमोजिम असूल उपर गर्न कृषि विकास बैंक केन्द्रिय कार्यालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

३०. आन्तरिक राजश्व विभागका तत्कालिन महानिर्देशक रण बहादुर श्रेष्ठले राजश्व हानीनोक्सानी गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।२० को निर्णयानुसार निज रण बहादुर श्रेष्ठलाई विभागीय कारवाही गर्न अर्थ मंत्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

३१. कर्णाली शारदा डिष्टीलरी समेतले राजश्व छलेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।८।२० को निर्णयानुसार यसमा आवश्यक कारवाही गरी सोको जानकारी आयोगमा पठाई दिन आन्तरिक राजश्व विभागमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

३२. काठमाडौं महानगरपालिका अन्तर्गत टेकूमा विभागीय भवन ब्लक "ए र वि" निर्माण गर्दा व्यापक भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।९।२९ र २०६३।११।२२ को निर्णयानुसार लेखा परीक्षण प्रतिवेदन अनुसार छलेको कर रकम असूल उपर गरी ३ महिना भित्र आयोगलाई जानकारी दिन अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

३३. नेपाल चिया विकास निगम निजीकरण गर्दा गलत निर्णय गरी करोडौंको भ्रष्टाचार भएको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।३० को निर्णयानुसार नेपाल चिया विकास निगमको निजीकरण सम्बन्धमा नेपाल सरकार अर्थ मन्त्रालयले गर्ने कार्यको प्रगति विवरण आयोगको अनुगमन शाखामा पठाउन अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

३४. मोमेन्टो एपरल्स प्रा.लि.का संचालक चण्डीराज ढकाल समेतले अनियमित तरिकाबाट बढी वैंक ग्यारेण्टी फुकुवा भएको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६४।३।११ को निर्णयानुसार राजश्व चुहावट हिनामिना जस्ता कार्य रोक्न तत्काल कुनै नीतिगत निर्णय नलिएको खण्डमा राजश्व चुहावट हुने क्रम रही नै रहने संभावना हुँदा साविक बमोजिम जुन भन्सार कार्यालयबाट सामान आयात गर्दा भन्सार महशुल समेत वापत वैक ग्यारेन्टी राखिएको हो सोही भन्सार कार्यालयबाट मात्र निकासी सम्बन्धी प्रमाणहरु हेरी जाँची प्रमाणको आधारमा वैक ग्यारेन्टी फुकाउने व्यवस्था हुन उपयुक्त देखिएकोले सो अनुसार हुन अर्थ मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

(ख) <u>उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गत</u>

१. उदयपुर सिमेन्ट उद्योगको लागि Pot Transmiter, Single Bar-graph Indicator / Moving Coil Indicator मिति २०५४।४।२२ को बीलबाट खरीद गरी रु. ८१,३४०।- र Switching Power Supply, PCB Handfree Master / Dynamic Selfcheck Amp. मिति २०५४।९।१६ को बीलबाट खरीद गरी रु. १,०४,८६८।- लालिमा ट्रेड इम्पेक्स ललितपुरलाई भुक्तानी दिइएको तथा RI Converter र Photo Cell मिति २०५५।१२।२७ को बीलबाट खरीद गरी रु. ४३,२१८।- अशोक श्री ट्रेड कन्सर्न, सप्तरीलाई भुक्तानी दिइएको सम्बन्धमा सामान नयाँ हो भन्न सकिने विश्वसनीय आधार नदेखिंदा नदेखिंदै उक्त सामानको गुणस्तर प्रमाणित गर्ने इन्जिनियर महेश साह र सामान साथ प्राप्त बीलहरु सामान्यरुपमा हेर्दा नै शंकास्पद देखिएको कुरालाई वेवास्ता गर्दै उक्त बील प्रमाणित गर्ने वरिष्ठ अधिकृत ध्रुवबहादुर देवकोटाले अनुचित कार्य गरेको देखिन आएको हुंदा निजहरुबाट प्रमाणित भई दाखिला हुन आएको भनिएका सामानहरुको परल मूल्य रु. २,२९,४२६।- दुवै जनाबाट असूलउपर गरी उद्योगलाई शोध भर्ना गर्न आयोगको मिति २०५९।४।२२ को निर्णयानुसार उदयपुर सिमेन्ट उद्योग लिमिटेडमा लेखी पठाइएकोमा सर्वोच्च अदालतबाट हाल रकम असूल नगर्ने भन्ने आदेश प्राप्त भएको हुँदा आयोगको निर्णय कार्यान्वयन नभएको ।

२. नेशनल ट्रेडिङ लिमिटेडका अध्यक्ष कृष्णचन्द्र झाले नेपाल सरकारले तोकेको भन्दा वढी सुविधा लिनु खानु गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५९।३।२६ मा निर्णय हुंदा तोकिएको हदभन्दा बढी भुक्तानी लिएको रकम निज झाबाट असूल उपर गराई आयोगलाई जानकारी दिन उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखीएकोमा रकम असूल उपर भएको जानकारी प्राप्त नभएको ।

३. बुटवल धागो कारखाना लिमिटेडमा आर्थिक अनियमितता भएको सम्बन्धमा बढी सुविधा लिने संस्थानका तत्कालिन अध्यक्ष र सदस्यहरुबाट बढी लिए जति रकमहरु असूल उपर गर्ने भनी आयोगबाट मिति २०६०।७।४ र मिति २०६०।७।१८ मा भएको निर्णय कार्यान्वयन गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. जावलाखेल पेट्रोल पम्प, एकान्तकुनाले पेट्रोलियम पदार्थमा मिसावट गरी बिक्री गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।२।२१ को निर्णयानुसार विभागले जे जुन कानुन अन्तर्गत बजार अनुगमन गरी कारबाहीको उठान गरेको हो सोही कानुन अन्तर्गत कारबाहीको टुंगो लगाई आयोगलाई जानकारी गराउन बाणिज्य बिभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. नेपाल सरकारको स्वामित्वमा रहेको जग्गा हिनामिना गरी गैरकानूनी फाइदा लिने गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।४।१ को निर्णयानुसार नेपाल सरकारले विशाल बजार कम्पनीलाई दिएको जग्गा बापत मूल्यांकन भएको रु. ३९ करोड ६० लाख बराबरको रकमलाई नेपाल सरकारको शेयरको रुपमा परिणत गर्न आवश्यक कारबाही गरी आयोगलाई जानकारी गराउन उद्योग वाणिज्य तथा आपुर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. घरेलु तथा साना उद्योग कार्यालय, काभ्रेपलान्चोकबाट उद्योग दर्ता सम्बन्धमा अनियमित कार्य भएको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।३।२६ को निर्णयानुसार ख.पुरुषोत्तम अर्याललाई बढीमा दुई तलबवृद्धि रोक्का गर्न, कार्यालय प्रमुख कृष्णबहादुर कार्कीलाई दुई वर्ष बढुवा रोक्का गर्न उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. नेपाल आयाल निगमका कर्मचारीको मिलोमतोमा जहाजलाई दिने तेलको विल सम्बन्धमा व्यापक भ्रष्टाचार भएको सम्बन्धमा आयोगको मिति २०६३।२।९ को निर्णयानुसार तेलको भुक्तानी हुन बाँकी रकम तीन महिना भित्र असूल उपर गरी आयोगलाई जानकारी दिन संचालक समिति नेपाल आयल निगममा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. बोलबम लगायत मापदण्ड विपरितका इंट्टाभट्टाहरु बन्द गरी स्वच्छ प्रशासनको प्रत्याभूति पाउँ भन्ने सम्बन्धमा परेको उजुरीमा छानवीन भै आयोगको मिति २०६३।५।९ को निर्णयानुसार यस सम्बन्धमा सर्वोच्च अदालतबाट २०६२ साल मार्ग २४ गते भएको फैसलामा उल्लेखीत ४ बुँदा

कार्यान्वयन गर्न उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ग) <u>कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्रालय अन्तर्गत</u>

१. कानून अधिकृत कलानिधि पौडेलले कार्यालयमा रुजु हाजिर रही विदा स्वीकृत नगराई दिवा कक्षामा अध्ययन गरेको भन्ने विषयमा आयोगको मिति २०६१/८/२ को निर्णयबाट निजले अध्ययन गरेको अवधिको कार्यालय खुलेको दिनमा क्याम्पस अध्ययन गरेको अवधिको हिसाव गरी सो वमोजिमको हुन आउने रकम निजसँग भरिभराउ गरी आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा असूल उपरको जानकारी प्राप्त नभएको ।

२. अधिग्रहणमा परेको जग्गा युनियन फाइनान्सका प्रबन्धकले धितो राखी अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६१।६।६ को निर्णयानुसार कानून व्यवसायी (अधिवक्ता) रविन्द्र बज्राचार्यलाई आचार संहिता विपरीत काम गरेको देखिन आएकोले प्रचलित कानून बमोजिम कारवाही गर्न नेपाल कानून व्यवसायी परिषद्मा लेखी पठाइएकोमा कुनै जानकारी प्राप्त नभएको ।

(घ) <u>कृषि तथा सहकारी मन्त्रालय अन्तर्गत</u>

१. सह-लेखापाल निलाबहादुर रायमाझीले हिनामिना गरेको रकम रु. २,०६,०७१।३६ आन्तरिक लेखा परीक्षण हुंदा बेरुजु भई क-१-६ बेरुजु खातामा जम्मा गरी सकेको भएपनि उक्त विवाद आर्थिक वर्ष २०५२।०५३ को देखिंदा उक्त रकम मस्यौट गरेको दिन देखिको दशौंदका हिसावले सूद समेत असूल गराई निजलाई विभागीय कारबाही गरी सोको जानकारी आयोगमा गराउन अख्तियारवाला कहां लेखीएकोमा पनि कुनै जानकारी प्राप्त हुन नआएको ।

२. कृषि सामाग्री संस्थान, अमलेखगञ्जको गोदामबाट विषादी औषधी हटाउने भनी आयोगबाट मिति २०५५।३।५ मा नेपाल सरकारलाई भएको निर्देशन कार्यान्वयन प्रकृयामा समस्या रहेकोले हटाउने कार्य तत्काल संभव नभएको भनी लेखी आएकोले आयोगको उक्त निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

३. कृषि अनुसन्धान परिषद्का कार्यकारी निर्देशक ध्रुव जोशीले आर्थिक अनियमितता गरेको भन्ने सम्बन्धमा अस्थायी कर्मचारीलाई नियम विपरीत ग्रेड बृद्धि दिएको रकम असूल उपर गर्न आयोगबाट मिति २०६०।४।१३ मा निर्णय भई अध्यक्ष, संचालक समिति, कृषि अनुसन्धान परिषद्लाई दिएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

४. साझा भण्डार संस्था लि.का अध्यक्ष जयकुमार खड्काले अनियमित तवरले भवन भाडामा लगाई भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।६।३० को निर्णयानुसार सम्पति भाडामा लगाउने र सोको प्रकृया सम्बन्धमा समेत स्पष्ट रुपमा वोर्डले विनियममा व्यवस्था गर्ने र विनियमका व्यवस्था नहुञ्जेल अव भाडामा दिनु पर्दा पारदर्शी ढंगले प्रतिष्प्रर्धात्मक प्रकृयाद्वारा

वोर्डलाई अधिकतम लाभ हुने गरी गर्न लेखी पठाइएकोमा उक्त निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

५. जिल्ला पशुसेवा शाखा, पर्साका तत्कालिन प्रमुख डा. गोविन्द झाले कार्यालय परिसरभित्र रहेको सिसौका रुख काटी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगको मिति २०६३।९।२० को निर्णयानुसार डा. गोविन्द झालाई विभागीय कारवाही गर्न र निजबाट रु. १२,७५०।-असूलउपर गर्न कृषि तथा सहकारी मन्त्रालयमा लेखी पठाइएकोमा उक्त निर्देशन कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ङ) **<u>गृह मन्त्रालय अन्तर्गत</u>**

१. गैरनेपाली नागरिक राजकुमार गुप्तालाई वंशजको नाताले नागरिकता दिई गैरकानूनी कार्य गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०५३।३।५ को निर्णयानुसार जिल्ला प्रशासन कार्यालय, चितवनका तत्कालीन प्रमुख जिल्ला अधिकारी मदनप्रसाद अर्याललाई विभागीय कारवाही गर्न लेखी गएकोमा हाल उक्त निर्णय सर्वोच्च अदालतमा विचाराधिन रहेको जानकारी प्राप्त भएको ।

२. जिल्ला प्रहरी कार्यालय, महोत्तरीले घोडाको दरवन्दी नभएको ठाँउमा घोडाको दाना खर्च लिई अनियमिता भएको सम्वन्धमा आयोगको मिति २०६१/१२/१० को निर्णयानुसार उल्लेखीत विषयमा सम्वन्धित मन्त्रालयबाटै कारवाही टुंगो लगाई आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. धापासी - ७ को कि.नं. ९० को क्षेत्रफल १८-३-३ जग्गा अतिक्रमण भएको भन्ने सम्वन्धमा आयोगको मिति २०६२/४/१३ को निर्णयानुसार उक्त धापासी ७ को कि.नं. ९० को जग्गासँग जोडिएको संधियारहरुबाट अतिक्रमण भएको जग्गा छुट्याई सार्वजनिक पर्ति नै कायम गरी आयोगलाई जानकारी गराउन प्र.जि.अ. काठमाडौंलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. धनुषा जिल्ला देवपुरा रुपैठा गाविस वाड नं ५ वस्ने धुरनदासको छोरा रामपृत दासले दोहोरो नागरिकता लिएको भन्ने सम्वन्धमा आयोगको मिति २०६२/५/२८ को निर्णयानुसार कार्यालयमा सक्कल रेकर्ड हुदाहुदै फेला नपरेको भनी दस्तखत गर्ने जिल्ला प्रशासन कार्यालय, धनुषाका कर्मचारीउपर विभागीय कारवाही गर्न गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. कैलाली जिल्ला मालाखेती गा.वि.स. वाड नं ६ मा वस्ने जोगी रानाले अर्काको बाबु जग्गु रानालाई आफ्नो वावु उल्लेख गरी गराउन लगाई नागरिकता लिएको भन्ने सम्वन्धमा आयोगको मिति २०६२/९/२६ को निर्णयानुसार छानविन गरी कारवाही टुंगो लगाउन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. आ.व. २०५६/५७ मा मणि अफसेट प्रेसले मतदाता परिचय पत्र छपाई गर्दा भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६१/११/१७ को निर्णयानुसार मणि अफसेट प्रेसबाबाट रु.

१५,६९,५७१।७८ असूलउपर गर्न र अब आइन्दा मातहतका पदाधिकारीहरुबाट यस्तो लापरवाही नगर्ने नगराउने व्यवस्था मिलाउने र त्रुटिपूर्ण मतदाता परिचयपत्रका सम्बन्धमा जो जे गर्न उपयुक्त हुन्छ मन्त्रालयबाटै निर्णय गरी आयोगमा जानकारी गराउन गृह मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. तत्कालीन प्र.जि.अ. समेतले हडकडबाट स्थाई अनुमतिपत्र दिलाउने कार्यमा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।५।६ को निर्णयानुसार आवश्यक अनुसन्धान गरी नतिजाको जानकारी यथाशिघ्र आयोगमा पठाउन जिल्ला प्रहरी कार्यालय सुनसरीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. श्री ने.रा.मा.वि., पिपरपाती, पचरौताका प्र.अ. राजेन्द्र प्रसाद विद्यार्थीले विद्यालयको सम्पत्ति हिनामिना गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।११।२ को निर्णयानुसार आवश्यक कारबाही गरी आयोगलाई जानकारी दिन जिल्ला प्रशासन कार्यालय बारामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. सरस्वती मा.वि., स्याङ्जाका यम बहादुर कुँवर समेतका ६ जनाले वालिङ्ग क्याम्पसमा पूर्णकालिन प्राध्यापकको रुपमा कार्य गरी दोहोरो सुबिधा लिएको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।११।८ को निर्णयानुसार थप अनुसन्धान गरी कारबाही टुङ्गो लगाई आयोगलाई जानकारी गराउन जिल्ला प्रशासन कार्यालय, स्याङ्जामा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. जावलाखेल ल.पु उ.प.न.पा. वडा नं. ४ झ स्थित कि. नं. ७० को जग्गामा अनियमित तरिकाले व्यक्ति समेतको मिलेमतोमा घर निर्माण गर्न लागेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।१२।१४ को निर्णयानुसार स्थानीय प्रशासन ऐन २०२८ अनुसार सार्वजनिक जग्गामा निमार्ण भएका घर टहराहरु हटाई जग्गा यथावत खुला राखी सोको जानकारी आयोगलाई दिन जिल्ला प्रशासन कार्यालय ललितपुरमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. दाङ जिल्ला त्रिभुवन न.पा. वाड न.ं११ स्थित देवराज पाण्डेको कि.न.ं ३३८२ को जग्गामा सार्वजनिक जग्गा मिची घर निर्माण गर्न अनुमति दिइएको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।१२।१५को निर्णयानुसार नक्सा पास गर्दा कुनै दस्तुर नबुझाएको देखिदा हालको दररेट अनुसार लाग्ने दस्तुर असूलउपर गर्न लगाउन र देवराज पाण्डेले सार्वजनिक जग्गा मिची घर निर्माण गरेको देखिएकोले सो मिचिएको सार्वजनिक जग्गामा निर्मित घरको भागलाई कानुनी प्रकृया पुऱ्याई भत्काउन लगाउन प्र.जि.अ दाङलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(च) <u>जलश्रोत मन्त्रालय अन्तर्गत</u>

१. स्टोरमा कार्यरत मनोज कुमार सिंह समेतले सामान विक्री गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा

आयोगको मिति २०६३।५।६ को निर्णयानुसार आयोजनाका सम्बन्धित जिम्मेवार कर्मचारीहरुलाई विभागिय कारवाही गर्न तथा क्लर्क हरिप्रसाद अधिकारीबाट रु.१,९९,५३६।६९ र सम्बन्धीत जिम्मेवार कर्मचारीहरुबाट रु.५,४७,६२६।२४ असूल उपर गर्न नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. महोत्तरी जलेश्वर नगरपालिकाको गिरिजा स मिलमा विद्युत जडानमा अनियमितता गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।११।१ को निर्णयानुसार आवश्यक छानविन गरी आयोगलाई जानकारी गराउन नेपाल विद्युत प्राधिकरण केन्द्रिय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. नेपाल विद्युत प्राधिकरणका कर्मचारीहरु आफू खुसी विदेश गै लामो अवधिसम्म गैर हाजिर रहेको अवधिको विशेष विदा स्वीकृत गराई हाजिर गराएको भन्ने सम्वन्धमा आयोगको मिति २०६२/५/२८ को निर्णयानुसार प्रशासन अधिकृत विश्वनाथ शर्मा र सहायक प्रशासन अधिकृत श्यामप्रसाद भण्डारीलाई आतेजाते हवाई टिकट दैनिक तथा भ्रमण भत्ता, भिसा तथा पासपोर्ट खर्च वापत उपलव्ध गराइएको रकम निजहरुबाट असूलउपर गर्न कार्यकारी निर्देशक, नेपाल विद्युत प्राधिकरणमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(छ) <u>प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय अन्तर्गत</u>

१. विभिन्न संस्थान र समितिहरुमा रहेको संचालक समितिका अध्यक्ष र सदस्यहरुलाई दिइ आएको सुविधाहरुको हकमा तत्कालीन श्री ५ को सरकार, मन्त्रिपरिषद्बाट मिति २०५७।२।२ मा निर्णय भैरहेकोमा उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय अन्तर्गतका समितिहरुका हकमा पुनः २०५९।३।२० मा बेग्लै निर्णय भएको तथा त्यसै गरी अन्य केही संस्थान र समितिहरुमा बढी र फरक किसिमका सुविधाहरु संचालक समिति स्वयमले निर्णय गरी सुविधा उपलब्ध गराएको भन्ने सम्वन्धमा आयोगको मिति २०६०।७।४ को निर्णयानुसार संस्थानको संचालक समितिले आफूखुशी निर्णय गर्न नपाउने समेतका उपयुक्त व्यवस्थाहरु ३ महिनाभित्र गरी यस आयोगलाई जानकारी दिन मन्त्रिपरिषद् सचिवालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. नेपाल रेडक्रश सोसाइटीले रक्त संचार केन्द्रको लागि किट्स केमिकल खरिद गर्दा भ्रष्टाचार भयो भन्ने सम्वन्धमा आयोगको मिति २०६१।११।१४ र २०६२।५।१६ को निर्णयानुसार टेण्डर स्वीकृत प्रक्रियामा भएको अनियमितताबाट नेपाल रेडक्रश सोसाइटीलाई नोक्सान पर्न गएको रु १९,१७,५००।- का सम्बन्धमा नेपाल रेडक्रस सोसाइटी केन्द्रिय कार्यसमितिको वैठकमा पेश गरी केन्द्रिय कार्यसमितिबाट भएको निर्णयको जानकारी ३ महिना भित्र आयोगमा पठाउन मन्त्रिपरिषद् तथा नेपाल रेडक्रस सोसाइटी र यस्तै राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरका गैरसरकारी संगठनलाई आर्थिक अनुशासनमा बाँधी नियमन गर्ने कुनै निकाय भए आयोगलाई जानकारी दिने, नभए शिघ्र कानूनी व्यवस्था गर्न लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. मकालु वरुण राष्ट्रिय निकुन्ज, संखुवासभाको मध्यवर्ती क्षेत्रको कार्ययोजना काल्पनिकरुपमा तयार गरी गैरसरकारी संस्थाबाट रकम लिई भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६२।१२।९ को निर्णयानुसार कतिपय मन्त्रालय, विभाग तथा कार्यालयहरुले विभिन्न अन्तर्राष्ट्रिय गैरसरकारी संस्था लगायत अन्य अन्तर्राष्ट्रिय संस्थाहरुबाट आर्थिक सहयोग रकम स्वीकार गर्दा भैरहेको कानूनको परिपालन नगरी सोझै सहयोग रकम लिने र आफनै खातामा राखी आफूखुसी खर्च गर्ने गरेको अनुसन्धानबाट देखिएकोले यसरी सहयोग स्वीकार गर्दा कानूनी प्रक्रिया पूरा गरी लिने परीपाटी बसाल्न मुख्य सचिव, प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. जनकपुर चुरोट कारखाना लि. मा सुर्ती खरिद गर्दा अनियमितता गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६४।१।२० को निर्णयानुसार जनकपुर चुरोट कारखाना लिमिटेडका महाप्रवन्धक श्याम कुमार महतोलाई भविश्यमा कुनै सार्वजनिक जिम्मेवारीको पद नदिनको लागि अभिलेख राखी आयोगलाई जानकारी दिन प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. मेची र सगरमाथा धान चामल निर्यात कम्पनीले लिक्विडेशनको कार्य संपन्न नगरी करोडौं भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६४।२।२२ को निर्णयानुसार आयोगको निर्णयमा उल्लेखीत पाँच बुदाँ अनुसारका मेची र सगरमाथा धान चामल निर्यात कंपनीको लिक्विडेशन सम्बन्धी सबै कार्य सम्पन्न गरी गराई आयोगलाई जानकारी पठाउन प्रधानमन्त्री तथा मन्त्री परिषदको कार्यालय लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ज) <u>भूमिसुधार तथा व्यवस्था मन्त्रालय अन्तर्गत</u>

१. सुकुम्बासी समस्या समाधान जिल्ला समिति सिन्धुलीका अध्यक्ष समेतले अनियमितता गरेको विषयमा आयोगको मिति २०५४।२।१५ को निर्णयानुसार अनुचित तवरले दर्ता गरेको जग्गा पुनरावलोकन गरी हिनामिना भएको रकम सम्बन्धितहरुबाट असूल उपर गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाइएकोमा आयोगको निर्देशन सुझाव अनुसारका सबै कार्य कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

२. ललितपुर जिल्ला टिकाथली गा.वि.स. वडा नं. ९ कि.नं. २७८, ३४१ र २७१ का जग्गाहरु श्रेस्ता संशोधन गरी पूर्जा दिएपछि विभिन्न व्यक्तिका नाममा लिखत पारित भई गएकोमा स्वामित्वमा नै असर परेकोले पुनः साविक बमोजिम नै कायम गर्ने गरी मालपोत अधिकृत बुद्धिराज घिमिरेले गरेको निर्णय उपर आवश्यक कारवाही गर्न सोही कार्यालयका प्रमुख मालपोत अधिकृतले विशेष प्रहरी विभागमा पठाएको पत्रानुसार अनुसन्धान गर्दा नाप नक्सा भई दर्ता गर्नसम्म छुट भएको जग्गाको दर्ता तोकिएको समितिको सिफारिशमा मालपोत कार्यालयले गर्न सक्ने व्यवस्था भएकोले त्यसरी दर्ता नै नभएको जग्गाको प्रतिलिपि दिन र तिनपुस्ते कायम गर्न नमिल्ने तर्फ समेत ध्यान पुऱ्याएको नदेखिदा उक्त कार्यमा संलग्न मालपोत अधिकृत वुद्धिराज घिमिरेलाई अव आइन्दा विचार पुऱ्याई काम गर्न सचेत गराउन र श्रेस्तामा दर्ता वाँकी नामसारी वाँकी जनिएको व्यहोरा तर्फ ध्यान नदिई मालपोत अधिकृतले गरेको तोक आदेशको आधारमा मात्र तिनपुस्ते

कायम गर्ने र उपाध्यायलाई रिमाल वनाई संशोधन गर्ने कार्यमा संलग्न खरिदार लोक प्रसाद वास्कोटा, कित्ता नं. २७१ को जग्गा दर्ता वाँकी नामसारी वाँकी जनिएको तर्फ ध्यान नदिई उक्त जग्गा विक्री गर्न ल्याउदा मोठ भिडाउने, मालपोत अधिकृतले गरेको उक्त तोक आदेश अनुसार पुर्जाको नक्कल दिने कार्यमा संलग्न मुखिया दिलकुमारी न्यौपाने र नामसारी वाँकी दर्ता वाँकी जनिएको जग्गा विक्री भई कायम हुन आएको जग्गाहरु विक्री गर्न ल्याउदा समेत मोठ भिडाउने कार्यमा संलग्न खरिदार जयहरी चालिसे समेत जना ३ ले आफ्नो ओहदा सम्वन्धी काम गर्दा विचार पुऱ्याई काम गरेको नदेखिदा निजहरुलाई पनि अव आइन्दा विचार पुऱ्याई काम गर्न सचेत गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा आयोगको मिति २०६०।९।२१ को निर्णयानुसार लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. साविक विष्णु गा.वि.स. वडा नं. ४ कि.नं.२८ को निजी गुठी जग्गा सट्टापट्टा गर्दा बाटो नदेखाई लिखत पारित गरेको सम्बन्धमा आयोगको मिति २०६०।१०।२८ को निर्णयले नपुग राजस्व प्रत्येक व्यक्तिबाट असूल उपर गर्न, सबै नगरोन्मुख गा.वि.स.हरुको नक्शालाई फिल्ड अनुसारको घरबाटो नक्शामा अद्यावधिक गर्न र जग्गाको मूल्यांकन गर्दा स्थलगत निरीक्षण गरी बाटो भए नभएको व्यहोरा निर्णय पुस्तिकामा खोली निर्णय गर्ने परिपाटी बसाल्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई भएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

४. कडेंलचोक भगवती गुठीको जग्गाको फायल गायब गरी भ्रष्टाचार गरे भन्ने विषयमा आयोगबाट मिति २०६१।२।१३ मा निर्णय भई ३ महिना भित्र लगत अद्यावधिक गराई आयोगलाई जानकारी दिन भनी गुठी संस्थानलाई दिएको निर्देशन अनुसारको कार्य सम्पन्न भएको जानकारी प्राप्त नभएको ।

५. युनियन फाइनान्सका प्रवन्ध सञ्चालक सुरेन्द्र हमालले त्रिभुवन विश्वविद्यालयका लागि अधिग्रहण गरिएको कलंकी ९/क कि.नं. ३१७ को जग्गा धितो राखी अनियमित तरिकाले ऋण लिएको सम्वन्धमा आयोगको मिति २०६१/६/६ को निर्णयानुसार त्रिभुवन विश्वविद्यालयका नेपाल भित्रका अचल सम्पत्तिको दर्ता गराई ६ महिनाभित्र जग्गा धनी प्रमाणपूर्जा प्राप्त गरी सो को जानकारी आयोगमा पठाउन त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

६. काठमाडौं महानगरपालिका वडा नं. १६ को कि.नं ६ को १-१-३-० जग्गा गैरकानूनी किसिमले व्यक्तिको नाउँमा रैकरतर्फ दर्ता गरे भन्ने सम्वन्धमा आयोगको मिति २०६१/५/३१ को निर्णयबाट गलत निर्णय र पर्चाको आधारमा भएका निर्णयका परिणामस्वरुप मालपोत कार्यालय डिल्लीवजार र भूमिसुधार कार्यालय काठमाण्डौमा खडा भएका स्रेस्ताहरुलाई वदर गर्न गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएको तथा गुठी जग्गालाई गैरकानुनीरुपले रैकरमा परिणत गरी गराई विभिन्न व्यक्तिका नाउँमा स्रेस्ता कायम गरे गराएको सम्पूर्ण कार्य गुठी संस्थान ऐन, २०२३ को दफा ३९ वमोजिम वदर गरी संस्थानको नाउँको सो जग्गाको लगत वमोजिमको साविक अवस्थामा कायम राखी जग्गा धनी प्रमाणपुर्जा प्राप्त गरी आयोगलाई जानकारी दिन गुठी संस्थानका प्रशासकलाई लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको ।

७. सुकुम्वासी समस्या समाधान आयोग, चितवनका अध्यक्षसहित अन्य पदाधिकारीहरुले गैरसुकुम्वासीलाई जग्गा वितरण गरी भ्रष्टाचार गरेको सम्वन्धमा आयोगको मिति २०६१/५/३१ र ऐ. २०६१/८/१४ को निर्णयानुसार वछ्यौली गा.वि.स. वाड नं १ ख को कि.नं ३६, ३७ र ३८ का जग्गा धनीका नाममा गैरकानुनी रुपमा दर्ता कायम गरिएका जग्गाको दर्ता वदर गरी नेपाल सरकारको नाउँमा दर्ता कायम गर्न लेखी पठाइएकोमा सो को जानकारी प्राप्त नभएको ।

८. गुठी अधिनस्थ विभिन्न जग्गाहरु अनियमित किसिमले दर्ता र वेचविखन गरी गुठी संस्थानका मुख्य अधिकृत समेतले भ्रष्टाचार गरे भन्ने सम्वन्धमा आयोगको मिति २०६१/१०/४ को निर्णयबाट कि.नं. ६५ को जग्गाको हकमा गुठी संस्थान केन्द्रीय कार्यालयको मिति २०५२/२/१ को निर्णय तीन महिनाभित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिन पठाइएकोमा जानकारी प्राप्त नभएको ।

९. सुकुलढोका केदारेश्वर महादेवस्थानको नाममा दर्ता भएको गुठीको जग्गा गुठी संस्थानका कर्मचारीहरुको मिलेमतोमा अनधिकृत व्यक्तिलाई गुठियार कायम गर्न खोजी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६१/९/२ को निर्णयानुसार गुठी संस्थान ऐन, २०३३ को दफा ३९ वमोजिम जे जस्तो निर्णय गर्नुपर्ने हो गरी ३ महिनाभित्र आयोगलाई जानकारी दिने भनी लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. झापा अनारमुनी गा.वि.स. वडा नं. ३ को कि.नं. २९२ र २९४ को जग्गा नापीको समयका फिल्डवुकमा सडक र पैनी जनिएको सार्वजनिक जग्गा व्यक्तिविशेषको नाउँमा दर्ता भएकोले उक्त दर्ता वदर गरी त्यहाँ वसोवास गर्ने सुकुम्वासीहरुको नाउँमा दर्ता गरी पाऊँ भन्ने सम्वन्धमा आयोगको मिति २०६२/१२/३ को निर्णयानुसार व्यक्तिका नाउँमा दर्ता भएका उल्लेखीत सार्वजनिक जग्गाहरुका सम्वन्धमा प्रचलित नियम कानून वमोजिम आवश्यक कारवाही गरी ६ महिनाभित्र आयोगमा प्रतिवेदन पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. मालपोत कार्यालय र नापी शाखा सुनसरीका कर्मचारीहरु समेतको मिलेमतोमा इटहरीस्थित सुकुम्वासी वसोवास गरेको सार्वजनिक जग्गा व्यक्ति विशेषकानाममा दर्ता गरी भ्रष्टाचार गरे भन्ने सम्वन्धमा आयोगको मिति २०६२/१२/२ को निर्णयानुसार जिल्ला सुनसरी इटहरी ५ घ का सार्वजनिक जग्गाहरु व्यक्तिविशेषका नाममा दर्ता भएको हुँदा मालपोत ऐन २०३४ को दफा २४ (२) वमोजिम स्वत: वदर हुने प्रष्ट प्रावधान रहेकोले यसमा जे जो गर्नुपर्दछ प्रचलित कानूनवमोजिम ३ महिनाभित्रमा कार्वाही टुंगो लगाई जानकारी दिन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको कुनै जानकारी प्राप्त नभएको ।

१२. नवलपरासी गैंडाकोट ३ (ख) कि.नं. ३३,३७ र ३८ को जग्गा नारायणी नदी किनारको सार्वजनिक जग्गा वीरबहादुर पाण्डेको मिलेमतोमा आफ्ना नातेदारको नाममा दर्ता गराई भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६२।११।२१ को निर्णयानुसार स्थलगत निरीक्षण गरी

छानबिनबाट कानूनसम्मत दर्ता देखिएमा सोही बमोजिम कारबाहीको टुंगो लगाई रोक्का फुकुवा समेत गर्ने र साबिक लगत र पोता नभिड्ने जग्गा निवेदकको नाममा दर्ता भएको र सरकारी सार्वजनिक जग्गा देखिन आएमा उक्त सरकारी जग्गा मालपोत ऐन २०३४ को दफा २४ अनुसार ३ महिनाभित्र कारबाही सम्पन्न गरी सो को जानकारी आयोगमा पठाउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. वीरगन्ज उपमहानगरपालिको वडा नं. १७ को कि.नं. २८० को ०-०-१०-० जग्गा मालपोत कार्यालय पर्सा वीरगन्जबाट रजिष्ट्रेसन पास गर्दा राजस्व छलेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।३।२२ को निर्णयानुसार शंकर कुमार खड्का, (वीरगन्ज-७) बाट रु. ३४,७२६।५३ र सोको ब्याज असूल उपर गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. विभिन्न मालपोत कार्यालयहरुमा (कठमाण्डौ, ललितपुर र भक्तपुर समेत) रजिस्ट्रेसन पास गर्दा कम राजस्व दाखिला गरी राजस्व मश्यौट गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।४।१६ को निर्णयानुसार कम राजश्व दाखिला गरी गराई जग्गा रजिष्ट्रेशन पास गर्ने मश्यौट गर्ने कर्मचारीहरु विरुद्ध विभागीय कारवाही गरी आयोगलाई जानकारी गराउन भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा र नियमानुसार लाग्ने राजस्व रकम भन्दा कम राजस्व असूल हुने गरी लिखत पारित भएका जग्गाको नियमानुसार नपुग राजश्व ३ महिना भित्र असूल गरी रोक्का रहेका जग्गा फुकुवा गर्ने व्यवस्था मिलाउन भूमिसुधार तथा व्यवस्था विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. काठमाडौं जिल्ला मनमैजु गा.वि.स.५ कि.नं २२५ क्षेत्रफल ३-६-०-० जग्गा दर्ता नै नभएकोमा कृत्रिम मोठ खडा गरी नामसारी गरी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।२।२९ को निर्णयानुसार का.जि.मनमैजु गा.वि.स.५ स्थित उक्त कि.नं २२५ को जग्गा अशोक विनायक गुठीको जग्गा हो, होइन ? छानवीन गरी गुठीको हो भने ३ महिनाभित्र दर्ता गराई आयोगमा जानकारी गराउन गुठी संस्थान केन्द्रीय कार्यालयका प्रशासकलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. नयाँ नैकाप गा. बि. स. सचिव महेश्वर घिमिरे समेतले सरकारी छाप किर्ते. गरी रु पन्ध्र लाख ठगी गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।५।१२ को निर्णयानुसार नापी अधिकृत हेम प्रसाद गौतम र अमिन पूर्ण बहादुर खडकालाई विभागीय सजाय गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. सुकुम्बासी समस्या समाधान आयोग, महोत्तरीका तत्कालीन अध्यक्ष देवनारायण महतोले शिवनारायण महोतोका नाममा अनियमित ढंगले जग्गा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।११।१८ को निर्णयानुसार २०५१ सालमा मालपोत कार्यालयले सरकारको नाममा दर्ता गरिसकेको र हाल हाट बजार लाग्ने सार्वजनिक क्षेत्रको उल्लेखित पर्ति जग्गा तत्कालिन सुकुम्बासी समस्या समाधान आयोगका तत्कालीन अध्यक्ष देवनारायण महतोका

सहोदर भाई शिवनारायण महतोलाई बिक्री वितरण गर्ने गरी भएको निर्णय अनियमित भएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को १२(ख) अनुसार दुष्परिणाम सच्याई आयोगलाई जानकारी गराउन मालपोत कार्यालय महोत्तरीमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. काठमाडौं महानगरपालिका वडा नं. १९ मा अवस्थित चामुन्डा मन्दिरको नाममा रहेको ४० रोपनी जग्गा व्यक्तिहरुले दर्ता गरी बिक्री समेत गरेको हुँदा मन्दिरको नाममा दर्ता गर्नु पर्ने भन्ने सम्वन्धमा आयोगको मिति २०६३।१२।१५ को निर्णयानुसार पत्ता लाग्न बाँकी जग्गा यथाशिघ्र पत्ता लगाई मन्दिरको नाममा रहेको गुठीको जग्गाको कानून बमोजिम संरक्षण गरी आयोगलाई जानकारी दिन गुठी संस्थान केन्द्रिय कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. सुकुम्बासी समस्या समाधान आयोग, मोरङ्गले बिक्री बितरण गरेको जग्गामा अनियमितता भयो भन्ने सम्वन्धमा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार अनियमित रुपमा मालपोत ऐन २०३४ को प्रतिकूल हुने गरी दर्ता भएको सरकारी जग्गालाई दर्ता बदर गरी सरकारी जग्गा कायम गर्न मातहतको विभाग कार्यालयलाई निर्देशन दिनु पर्ने दायित्व भएको मंत्रालयले सो नगरी सचिव स्तरबाट भएको रोक्का निर्णयलाई मिति २०५८।११।१५मा मन्त्री स्तरीय निर्णय गराई फुकुवा गरी सरकारी जग्गा संरक्षण गर्ने दायित्वबाट पन्छिएको देखिन आएको हुँदा मालपोत ऐन २०३४ को दफा २४ (२) लाई प्रभावकारी कार्यान्वय गरी कानूनले तोकेको दायित्व पुरा गर्न र जालसाजीपूर्ण कार्यगरी झुटा व्यहोरा पेश गरी गैर सुकुम्बासी गैर अव्यवस्थित बसोबासी र क्षेत्रिय कार्यालय विराटनगरले वितरण नगरेको जग्गालाई तत्कालिन बसोबास प्रशासकको दस्तखत संग मिल्लोजुल्दो गरी जालसाजी श्रेष्ता पुर्जा पेश गरी अनधिकृत रुपमा जग्गा दर्ता गराएको हुन सक्ने देखिएकोले यस सम्बन्धमा सम्बन्धित मंत्रालयले कुनै पदाधिकारी तोकी वा समिति गठन गरी एकिन गर्नु पर्ने हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यनीति २०५६ (संशोधन सहितको) दफा ५ र सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ अनुसार कारबाही गरी सोको जानकारी ६ महिना भित्र आयोगलाई गराउन तथा आयोगको मिति २०६३।११।२७ को निर्णयको बुदाँ नं. २ तपसिलमा उल्लेखीत कित्ता नं. का जग्गाहरु अनियमित रुपमा दर्ता भएको प्रमाणित भएको पुष्टि भएकोले अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन २०४८ को दफा १२ ख अनुसार दुष्परिणाम सच्याउनु पर्ने देखिएको हुँदा सुकुम्बासी समस्या समाधान आयोग कार्यविधि २०५७ को दफा २१ तथा मालपोत ऐन २०३४ बमोजिम ३ महिना भित्र दुष्परिणाम सच्याई आयोगलाई जानकारी गराउन भूमि सुधार तथा व्यवस्था मंत्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. नापी नक्सा केरमेट गरी सार्वजनिक पोखरीको क्षेत्रफल कम कायम गरी व्यक्तिको नाममा दर्ता गराएकोमा बदर गरी सार्वजनिक पोखरी कायम गरी पाउँ भन्ने सम्वन्धमा आयोगको मिति २०६३।१२।२, २०६४।२।४ को निर्णयानुसार सार्वजनिक पोखरीको जग्गा व्यक्तिको नाममा दर्ता भएको भए यकिन गरी मालपोत ऐन को दफा २४ बमोजिम दर्ता बदर गर्न मालपोत कार्यालय बाँकेमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. रावल आयोगले रोक्का राखेको जग्गा फुकुवा गर्दा तत्कालिन सचिव योद्धा शाहको संयोजकत्वमा गठित समितिले गरेको निर्णय सम्बन्धमा मालपोत कार्यालय कलंकी, डिल्ली बजार र चावहिलका प्रमुख मालपोत अधिकृतको संलग्नतामा अनियमितता भएको भन्ने सम्वन्धमा आयोगको मिति २०६४।१।२३ को निर्णयानुसार रावल आयोगले रोक्का राखेको जग्गा फुकुवा गर्दा तत्कालिन सचिव योद्धा शाहको संयोजकत्वमा गठित समितिले गरेका निर्णयहरुको सम्बन्धमा मन्त्रालयबाट विशेष टोली गठन गरी छानविन गरी छानविनको जानकारी आयोगमा पठाउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२२. काठमाडौं महानगरपालिका वडा नं. ३४ स्थित श्री ५ विरेन्द्र ऐश्वर्य पार्क निर्माण स्थलको सार्वजनिक जग्गा व्यक्ति विशेषले आफ्ना नाममा दर्ता गरी भ्रष्टाचार गरे भन्ने सम्वन्धमा आयोगको मिति २०६४।२।२८ को निर्णयानुसार सार्वजनिक जग्गा व्यक्तिको नाउमा दर्ता गरेको निर्णय बदर गरी सार्वजनिक कायम गरी आयोगलाई जानकारी दिन मालपोत कार्यालय डिल्ली बजार र अनियमित निर्माण कार्य भत्काउन का.म.न.पा.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२३. काठमाडौं महानगरपालिका वडा नं. ३४ स्थित वाग्मती किनारको राजकुलो समेतको सार्वजनिक जग्गा भि.एस. निकेतन स्कूल समेत मिली कब्जा गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६४।३।३ को निर्णयानुसार का.म.न.पा. ३४ स्थित जग्गा नगर सिट नं. ११८७-०१ बाट जग्गा नाप हुँदा कि.नं. १०७ क्षेत्रफल ४-१-०-० सार्वजनिक जग्गा देखिएकोले नेपाल सरकारका नाममा दर्ता गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा र विनायक सुधा निकेतन (भि.एस. निकेतन) ले नक्सा पास विना एवं प्रचलित मापदण्ड विपरित ८ वटा टहरा निर्माण गरेको देखिएकोले प्रचलित कानून बमोजिम उक्त घर टहरा १ महिना भित्र भत्काई आयोगलाई जानकारी दिन का.म.न.पा.मा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२४. सुकुम्बासी समस्या समाधान आयोग, चितवनका अध्यक्ष सहित अन्य पदाधिकारी हरुले गैर सुकुम्बासीलाई सुकुम्बासी भनी जग्गा बितरण गरी भ्रष्टाचार गरे भन्ने सम्वन्धमा आयोगको मिति २०६१।५।३१ र २०६१।८।१४ को निर्णयानुसार बछौली गा.वि.स. १ ख को कि.नं.३६को ०-४-० जग्गा गगनकेशरी अधिकारी र डिल बहादुर नेपालीका नामको कि.नं.३७ को ऐजन जग्गा तथा रीता शर्माका नामको कि.नं.३८ को विनोल पौडेलका नामको दर्ता बदर गरी नेपाल सरकारको नाममा कायम गर्न र उमेश पौडेल, नेपाली कांग्रेस, जिल्ला सचिव चितवनलाई सचेत गराउन भूमि सुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२५. हजारिया गा.वि.स. सर्लाहीको करिब ५०० विघा जति सार्वजनिक जग्गा व्यक्ति विशेषका नाममा प्रमुख मालपोत अधिकृत समेतको मिलेमतोमा दर्ता गरी भ्रष्टाचार गरे भन्ने सम्वन्धमा आयोगको मिति द्द०६०।७।१४ को निर्णयानुसार भ्रष्टाचार तर्फ अदालतमा मुद्दा दायर भै सकेको सन्दर्भ एवं विशेष प्रहरी विभागबाट दर्ता बदर गर्न लेखी सकिएको देखिदा यस्मा मन्त्रालय र अन्तर्गतबाट

कार्यान्वयन हुनु पर्ने देखिदा जो जे बुझ्नु पर्दछ बुझी कानून बमोजिम निर्णय गर्न सचिव भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२६. गुठी अधिनस्थ विभिन्न जग्गाहरु अनियमित किसिमले दर्ता र बेच बिखन गरी गुठी संस्थानका मुख्य अधिकृत प्रेमहरि ढकाल समेतले भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगको २०६१।१०।४ र २०६१।१२।८ निर्णयानुसार कि.नं. ६५ को जग्गाको हकमा गुठी संस्थान केन्द्रिय कार्यालयको मिति २०५२।२।१ को निर्णय ३ महिना भित्र कार्यान्वयन गरी आयोगलाई जानकारी दिन गुठी संस्थान केन्द्रिय कार्यालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२७. मालपोत कार्यालय डिल्लीवजारले दूषित मनसाय राखी गरेको निर्णय उपर कारवाही गरी मिसिल उपलव्ध गराई पाऊँ भन्ने सम्बन्धमा आयोगको मिति २०६२/५/९ को निर्णयानुसार मालपोत कार्यालय डिल्लीवजारबाट मोहीका नाउँमा रै.प. दर्ता गर्ने गरी मिति २०५९/१२/२७ मा भएको निर्णय कानूनको ठाडै प्रतिकूल भएको देखिदा उक्त मितिको निर्णयको दुष्परिणाम सच्याउने र मिति २०४१/१०/१ मा वितावालको तर्फबाट र मिति २०५३/३/२८ मा मोहीको तर्फबाट परेका निवेदनहरु साथै राखी कानून वमोजिम बुझ्नुपर्ने कुराहरु वुझी निर्णय गर्ने गरी मालपोत कार्यालय, डिल्लीवजारमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२८. सुकुम्वासी समस्या समाधान आयोग, चितवन जिल्ला समितिले सरकारी वनको जग्गा व्यक्तिको नाउँमा दर्ता गरी अनियमितता गरेको सम्वन्धमा आयोगको मिति २०६२।६।५ को निर्णयानुसार ईश्वरी आचार्यको अध्यक्षतामा गठित सुकुम्वासी समस्या समाधान आयोग २०५५ (चितवन) को विभिन्न मितिको वैठकवाट कार्यक्षेत्र एवं म्याण्डेट नाघेर भएका निर्णयहरु आफन्तजनको नाउँमा वा कुनै प्रलोभनमा परेर वितरण गर्ने गरी भएका निर्णयहरु, सुकुम्वासी समस्या समाधान आयोगको कार्यविधि र कार्यनिति विपरित वा प्रचलित कानून विपरित भएका निर्णयहरुका सम्वन्धमा मन्त्रालयबाटै ६ महिनाभित्र तथ्यगत छानविन गरी गराई भए गरेका गलत निर्णयहरु वदर गर्न भूमिसुधार तथा व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२९. इचंगु ९ ग कि.नं. २९९ को जग्गाको कम मूल्यांकन गराई भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगको मिति २०६२/२/६ को निर्णयानुसार गुठी संस्थान संचालक समितिको मिति २०५६/४/१४ को त्रुटिपुर्ण निर्णयका आधारमा ५-१४-० जग्गा दिने निर्णय कानून विपरित हुँदा नक्सामा देखिएअनुसार घर र घरले चर्चेको ०-१०-० जग्गामात्र गुठी संस्थान कार्यव्यवस्था विनियम २०४९ को विनियम ११ (३) वमोजिमको मूल्य लिई सम्वन्धित घरवाला गोपिलाल श्रेष्ठको नाउँमा रैतान दर्ता गर्नु र वाँकी जग्गा गुठी संस्थानको नाउँमा श्रेस्ता कायम गरी जानकारी दिने गरी गुठी संस्थान केन्द्रिय कार्यालयलाई निर्देशन दिईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३०. पशुपति गुठी सम्बन्धी जग्गा अमालकोट कचहरीले हेरचाह गर्दै आएकोमा गुठी संस्थान ऐन, २०३३ र पशुपति विकास कोष ऐन, २०४४ लागू भै सके पछि सो ऐन अनुसार हुनुपर्ने काम नभई अनियमितता भएको भन्ने सम्बन्धमा आयोगबाट मिति २०५३।१२।२६ मा भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई अनियमित तरीकाले दर्ता गराएको जग्गाहरु साविक श्रेस्ता अभिलेख हेरी कानून बमोजिम गर्न सुझाव दिएकोमा उक्त सुझाव कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

(झ) भौतिक योजना तथा निर्माण मन्त्रालय अन्तर्गत

१. इलाम बजार क्षेत्रमा नेपाल दूर संचार संस्थानले पिच सडक खनी केबुल विछ्याएको ठाउंमा डिभिजन सडक कार्यालय, इलामबाट लागत अनुमान अनुसार मर्मत सम्भार कार्य नभएको भन्ने सम्बन्धमा डिभिजन सडक कार्यालय, इलामका डि.इ. गोपालप्रसाद सिंहलाई सचेत गराउन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखिएकोमा सो सम्बन्धमा कुनै जानकारी प्राप्त हुन नआएको ।

२. पर्सा जिल्ला पोखरीया नगर विकास समितिमा जग्गा खरीदमा भएको अनियमितताका सम्बन्धमा आयोगबाट मिति २०५८।४।१ मा ठोस निर्णय गरी विवाद टुंग्याउने भनी भौतिक योजना तथा निर्माण मन्त्रालयलाई दिइएको निर्देशन कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

३. निजामती कर्मचारीको सेवा समूह परिवर्तन गर्दा प्रचलित कानून बमोजिमको प्रकृया पूरा नगरी सेवा समूह परिवर्तन गरेको भन्ने सम्बन्धमा तत्कालीन सचिव हिरण्यलाल रेग्मीको हकमा निजले सेवाबाट अवकास पाइसकेको हुंदा मन्त्रिपरिषद् सचिवालयमा अभिलेख राख्न लेखिएको र अन्य अधिकृतहरु आत्माराम रिजाल, चेतनारायण यादव, शम्भुप्रसाद कोइराला र भूपालबहादुर पाण्डेको हकमा लोकसेवा आयोगबाट परामर्श लिई आवश्यक कारबाही गर्न आयोगको मिति २०५८।११।१७ को निर्णयबाट लेखी गएकोमा यस विषयमा सर्वोच्च अदालतबाट अन्तरिम आदेश जारी भएकोले निर्णय कार्यान्वयन नभएको ।

४. डोल्पा जिल्लाको ईला हेल्थपोष्ट निर्माणमा अनियमितता भएको भन्ने विषयमा उक्त निर्माणको सुपरीवेक्षण परामर्शदाता श्री मल्टी डिसिप्लीनरी कन्सल्टान्टस (प्रा.) लि. र निर्माण व्यवसायी सिद्धवावा निर्माण सेवाले आफूलाई तोकिएको ठेक्का सम्झौता अनुसारको जिम्मेवारी ठीकसंग पूरा नगरेकोमा प्रचलित ऐन, नियम अनुसार कारवाही गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी स्वास्थ्य मन्त्रालयलाई समेत आयोगको मिति २०६१।१।३ को निर्णयानुसार जानकारी दिइएकोमा कारवाहीको जानकारी प्राप्त नभएको ।

५. सरकारी सार्वजनिक जग्गा व्यक्तिको नाउँमा दर्ता गरी धितो राखी ऋण लिएको भन्ने विषयमा आयोगको मिति २०६१/८/२३ को निर्णयानुसार आफ्नो सम्पत्ति कव्जामा लिन सडक विभाग र काठमाण्डौ उपत्यका नगर विकास समितिलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. सडक विभाग अन्तर्गत डिभिजन सडक कार्यालय, दोलखा समेतले नियम विपरित ल्याप्स, चेयर्स र वेष्ट वापतको रकम भुक्तानी गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६२।१२।१८ को निर्णयानुसार अनियमितरुपमा रकम भुक्तानी दिने कर्मचारीउपर विभागीय कारवाही गरी आयोगमा जानकारी पठाउने र डिभिजन सडक कार्यालय, जनकपुरबाट रु. १३,७६२।६६ र डिभिजन सडक कार्यालय, हेटौडाबाट रु. १,११,२७७।०६ असूलउपर गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

७. काठमाडौं महानगरपालिका अन्तर्गत टेकुमा विभागीय भवन ब्लक "ए र वि" निर्माण गर्दा व्यापक भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६२।९।२९ र २०६३।११।२२ को निर्णयानुसार एभरेष्ट कन्ट्रक्सन प्रा.लि लाई निर्माण व्यवसाय ऐन बमोजिम खारेज गरी ४५ दिन भित्र आयोगलाई जानकारी दिन भौतिक योजना तथा निर्माण मन्त्रालयलाई निर्देशन दिईएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. काठमाडौं महानगरपालिका वडा नं. १० मा मापदण्ड विपरित नक्सा पास गराई भवन निर्माण गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार काठमाडौं उपत्यका नगर विकास समितिले लागू गरेको मापदण्ड २०५० विपरित काठमाडौं महानगरपालिकाले नक्शा पास गरी दिई घर धनीहरुले स्वीकृत मापदण्ड विपरित तथा पास भएको नक्सा भन्दा बढी संरचना समेत निर्माण गरेको देखिंदा नगर विकास समिति ऐन बमोजिम गर्नु पर्ने कार्यवाही गरी ३ महिना भित्र आयोगलाई जानकारी दिने भनी काठमाडौ उपत्यका नगर विकास समितिलाई निर्देशन दिइएको र डिजाइनर हरिभक्त गुरुङ र नरेशराज आचार्य, का.म.न.पा.का इजाजत प्राप्त डिजाईनर भएको र दोश्रो पटक नक्शा पेश गर्दा मापदण्ड विपरित छ भन्ने थाहा हुंदा हुंदै घर धनी तथा नगरपालिकाका कर्मचारीले भनेकै आधारमा नक्शा बनाएकोले निजहरुको व्यवसायिक आचरण उपयुक्त मान्न नसकिएकोले निजहरुलाई आवश्यक कार्यवाहीको लागि का.म.न.पा.,नेपाल इन्जिनियरिङ परिषद्लाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. अरनिको राजमार्ग वरीपरी केही ठाउँमा सडक अतिक्रमण गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।११।१० को निर्णयानुसार मालपोत कार्यालयसँग लेखापढीको कार्यलाई प्राथमिकताका साथ अघि बढाउन सडक विभागमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. ग्रामिण आवास कम्पनी र वन विभाग विच अधिकार र उत्तरदायित्वको भ्रम रही उक्त विषयमा कुनै टुंगोमा नपुगी गैरकानूनी निर्माण गरेको संरचानाको संबन्धमा पनि कुनै टुंगोमा नपुगी आवश्यक कारवाही नभएको देखिएको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।४।१५ को निर्णयानुसार कुन निकायको कस्तो हक अधिकार हुनु पर्ने हो ? सो को आधारमा उक्त अधिकार प्रयोगको हकमा के कसो गर्नु पर्ने हो ? सो गरी यास आयोगलाई ३ महिना भित्र जानकारी गराउने गरी वन तथा भू संरक्षण र भौतिक योजना तथा निर्माण मन्त्रालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. काठमाण्डौं महानगरपालिका अन्तरगत टेकूमा बिभागीय भवन (ब्लक ए, ब्लक बि) निर्माण गर्दा व्यापक भ्रष्टाचार गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।९।२९ र मिति २०६२।११।२२ को निर्णयानुसार ईन्जिनीयर ज्योति भूषण प्रधानलाई सचेत गर्न भौतिक योजना तथा निर्माण मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ञ) **<u>महिला बालवालिका तथा समाज कल्याण मन्त्रालय अन्तर्गत</u>**

१. वैदेशिक रोजगारका लागि कामदार पठाउने सम्बन्धमा ड्रिम अचिर्भस प्रा लि संग मिलेमतो गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६३।१०।१० को निर्णयानुसार ना.सु पदम गड्तौलालाई विभागीय कारबाही गर्न लेखी पठाइएकोमा कार्यान्वयनको कुनै जानकारी प्राप्त नभएको ।

(ट) **<u>महालेखा नियन्त्रक कार्यालय</u>**

१. जिल्ला वन कार्यालय, झापाका लेखापाल धर्मप्रसाद पोखरेल स्वयं समेतले भुक्तानी पाउने गरी विल भरपाई वेगर खातावाट चेकको भुक्तानी लिई निजी प्रयोग गरी समयमा राजस्व तथा धरौटी रकम बैंक दाखिला नगरी अनुचित कार्य गरे भन्ने सम्बन्धमा अनुसन्धान गर्दा आयोगको मिति २०६३।४।१६ को निर्णयानुसार लेखापाल धन प्रसाद पोखरेललाई नि.से.ऐन २०४९ को दफा ५९ (ख) र स.ले.पा. सोमनाथ अधिकारीलाई नि.से.ऐन २०४९ को दफा ५९(क)२ बमोजिम विभागीय कारबाही गर्न महालेखा नियन्त्रक कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयनको कुनै जानकारी प्राप्त नभएको ।

(ठ) **<u>वन तथा भू-संरक्षण मन्त्रालय अन्तर्गत</u>**

१. अर्घाखाँची जिल्लाको ठाडा र सिमलपानी गा.वि.स.का सरकारी वन क्षेत्रका विभिन्न ४२ कित्ता जग्गा व्यक्ति विशेषका नाममा नापी दर्ता गरेको सम्बन्धमा तत्कालिन जिल्ला वन कार्यालयका कर्मचारीहरु र फिल्डमा खटिएका प्रतिनिधिहरु उपर आवश्यक कारवाही गर्न र प्रत्येक जिल्ला/केन्द्रमा सरकारी वनको सीमाना कायम गरेको अभिलेख राख्ने भनी आयोगवाट दिइएको निर्देशन कार्यान्वयन नभएको सम्बन्धमा सो अनुरुपको अभिलेख ३ महिना भित्र लिपीबद्ध गरी गराई आयोगलाई जानकारी गराउन वन तथा भू संरक्षण मन्त्रालयका सचिवलाई मिति २०६१।१।१० को निर्णयानुसार लेखी पठाइएकोमा निर्णय कार्यान्वयन भएको कुनै जानकारी प्राप्त नभएको ।

२. वन तथा भू-संरक्षण मन्त्रालयका रेञ्जरहरुको वेतलवी अध्ययन विदालाई तलवी अध्ययन विदामा परिणत गरी अनियमितता गरेको भन्ने विषयको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त मन्त्रालय र अन्तर्गतका बिभागहरुमा कार्यरत रेञ्जरहरु रामप्रसाद वगाले, महेन्द्रराज वाग्ले, धनन्जय लामिछाने, विष्णुहरी आचार्य, राजुवावु थापा, राजेश्वरमान श्रेष्ठ, रामशरण गौतम, भ्यामनारायण सापकोटा, नथुनी गोहियार यादव र घनश्याम झाले निजी प्रयासमा वि.एस्सी फरेष्ट्री अध्ययन गर्नको लागि पहिले वेतलवी अध्ययन विदा लिएको र पछि निवेदन दिई सोही विदालाई तलवी अध्ययन विदामा परिणत गरेको देखिएकोले उल्लिखित रेञ्जरहरुको बेतलवी अध्ययन विदालाई अनुचित तवरबाट तलवी विदामा परिणत गराई अध्ययन अवधि भरको तलव,

भत्ता लगायतका रकम वुझी नेपाल सरकारलाई हानिनोक्सानी पुऱ्याएको हुँदा ती रेन्जरहरुवाट त्यस्तो रकम असूल उपर गर्न वन तथा भू-संरक्षण मन्त्रालयलाई आयोगको मिति २०६०।५।१५ को निर्णयानुसार लेखी पठाइएकोमा सर्वोच्च अदालतबाट आन्तरिम आदेश जारी भई निर्णय कार्यान्वयन नभएको ।

३. राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक तिर्थमान मास्केले भ्रष्टाचारजन्य कार्यहरु गरे भन्ने विषयमा आयोगको मिति २०६१/१०/१ को निर्णयानुसार महानिर्देशक मास्केले निजामती सेवा ऐन र नियमको ठाडै उल्लधंन गरेको कुरा छानविन समितिको प्रतिवेदनमा स्पष्ट उल्लेख भएबाट निजलाई निजामती सेवा ऐन नियम अनुसार के कस्तो कारवाही गर्नुपर्ने हो तीन महिनाभित्र गरी आयोगलाई जानकारी दिन वन तथा भूसंरक्षण मन्त्रालयका सचिवलाई लेखी पठाइएकोमा कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

४. खोटाङ्ग जिल्ला खार्मी गा.वि.स. मा पर्ने सामुदायिक वन अवैध रुपमा कटान गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा आयोगको मिति २०६२/७/२४ को निर्णयानुसार खिसापत्रे सामुदायिक वन उपभोक्ता समितिका पदाधिकारीवाट वरावरीका हिसावले हिनामिना भएको रु. २,०९,२८०।- असूलउपर गर्न वन मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

५. वन तथा भू संरक्षण मन्त्रालय अन्तर्गत शाही शुक्ला फाँटा वन्यजन्तु आरक्ष क्षेत्रभित्र व्यवसाय संचालन गरे वापत एक ठेकेदारसँग रु. ३,९९,०००। तीन किस्तामा वुझाउने गरी सम्झौता भएकोमा पहिलो किस्ता वुझाएको र दुई किस्ता वापतको रु. २,६६,०००। र वार्षिक २० प्रतिशतले हुने जरिवानासमेत रु. ३,१९,०००। असूल हुनुपर्ने भन्ने म.ले.प. विभागको वार्षिक प्रतिवेदन २०६१ अनुसार असूली सम्वन्धमा आयोगको मिति २०६२/११/२२ को निर्णयानुसार शाही शुक्ला फाट आरक्ष अन्तर्गत पर्यटन व्यवसाय संचालन गर्ने साइलेन्ट सफारी प्रा.लि. का प्रो. हिक्मतवहादुर विष्टवाट असूलउपर गर्नुपर्ने आ.व. २०५९/६० सम्मको जम्मा रु. ७, ८०, ०४१।८५ सरकारी वाँकी सरह असूलउपर गर्न केन्द्रीय तहसिल कार्यालयमा २०६२/१०/१९ मा शाही शुक्ला फाँट वन्यजन्तु आरक्षले लेखी पठाएकोमा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्ने कार्य वाँकी रहेकोले उक्त प्रा.लि.बाट असूलउपर गर्नुपर्ने रकम प्रचलित कानूनवमोजिम लगत कस्न लगाउने कार्य सम्पन्न गरी उक्त प्रा.लि. ले करारनामाको उल्लघंन गरेकोमा सम्झौतावमोजिम गर्नुपर्ने कारवाही समेत तीन महिनाभित्र टुंगो लगाई आयोगमा जानकारी गराउन वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

६. मकालु वरुण राष्ट्रिय निकुञ्ज संखुवासभाको मध्यवर्ती क्षेत्रको कार्य योजना काल्पनिकरुपमा तयार गरी गैरसरकारी संस्थाबाट रकम लिई भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६२/१२/९ को निर्णयानुसार तत्कालिन निमित्त प्रमुख संरक्षण अधिकृत निलाम्वर मिश्रको २ ग्रेड रोक्का राख्न वन तथा भू-संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

७. लेखापाल धर्मप्रसाद पोखरेल (जिल्ला वन कार्यालय झापा) समेतले भुक्तानी पाउने गरी विल भरपाई वेगर खातावाट चेकको भुक्तानी निजी प्रयोग गरी समयमा राजस्व तथा धरौटी रकम बैंक दाखिला नगरी अनुचित कार्य गरे भन्ने सम्वन्धमा अनुसन्धान गर्दा आयोगको मिति २०६३।४।१६ को निर्णयानुसार जिल्ला वन कार्यालय झापाका जिल्ला वन अधिकृत योगेन्द्र प्रसाद यादवलाई नि.से.ऐन को दफा ५९(ख) १ अनुसार विभागीय कारवाही गर्न वन तथा भू संरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

८. शिवपुरी राष्ट्रिय निकुन्ज कुटी निर्माण र जिर्णोद्वार गर्दा प्रमुख संरक्षण अधिकृत समेतले आफ्नो जिम्मेवारी ग्रहण नगरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६४।१।१० को निर्णयानुसार प्रमुख संरक्षण अधिकृत र तिनचुले क्षेत्रका जिम्मेवार कर्मचारीहरुलाई विभागीय कारवाही गर्न बन तथा भू- संरक्षण मंत्रालयमा लेखी पठाइएकोमा कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

९. तातोपानी नाकाबाट भन्सार कर्मचारीको मिलेमतोमा जडिबुटी तस्करी गरी राजश्व छलेको भन्ने सम्वन्धमा आयोगको मिति २०६४।२।२१ को निर्णयानुसार रक्त चन्दन पक्रिएको /भेटिएको केशमा सबैलाई एकै प्रकारको कारवाही हुनु पर्दछ । रक्त चन्दन तस्करी गर्दा जुन जुन केशमा जो जो सम्लग्न छन् ती सबैलाई त्यहाँबाट कारवाही गरी आयोगलाई जानकारी दिन वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

१०. टिम्बर कर्पोरेशनको हेटौडा शाखा प्रमुख अनुप अधिकारीले काठ हिनामिना गरी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।६।२९ को निर्णयानुसार निज अनुप अधिकारीबाट रु.४१,९९,४१५।१७ असूल उपर गर्न वन तथा भूसंरक्षण मन्त्रालयमा लेखी पठाइएकोमा कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

(ङ) वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत

१. वातावरणीय हिसावले खतरापूर्ण मानिएको क्लोरोफ्लोरो कार्बन (सी.एफ.सी.) ग्यासको आयात भएको विषयमा जनसंख्या तथा वातावरण मन्त्रालयबाट नेपाल राष्ट्र बैंकलाई त्यस्ता पदार्थ आयात गर्नको लागि प्रतितपत्र खोल्नुअघि मन्त्रालयको पूर्व अनुमतिका लागि मिति २०५७।७।१७ को पत्रबाट अनुरोध गरिएकोमा नेपाल राष्ट्र बैंकबाट सबै वाणिज्य बैंकहरुलाई मिति २०५७।७।२५ मा आवश्यक व्यवस्था मिलाउन लेखिएतापनि विभिन्न वाणिज्य बैंकहरुले आयात इजाजत पत्र प्राप्त नगरेका पक्षहरुलाई सो मिति पछि मन्त्रालयको पूर्व अनुमति बिना प्रतितपत्र खोलिदिएको र नेपाल राष्ट्र बैंकले पनि यस सम्बन्धमा अनुगमन गर्न नसकेको विषयमा सम्बन्धित वाणिज्य बैंकका पदाधिकारीहरु तथा नेपाल राष्ट्र बैंकका तर्फवाट आवश्यक अनुगमन गर्न तोकिएका कर्मचारीहरु यकिन गरी निजहरुलाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ एवं नेपाल राष्ट्र बैंक, कर्मचारी नियमावली, २०४९ बमोजिम ३ महिना भित्र कारवाई गर्न आयोगको मिति २०६०।३।२७ को निर्णयानुसार नेपाल राष्ट्र बैंकका गभर्नरलाई लेखी पठाइएकोमा तदनुरुपको कारवाही भएको जानकारी प्राप्त नभएको । यसका साथै वातावरण संरक्षण सम्बन्धमा नेपालले अन्तर्राष्ट्रिय स्तरमा गरेको प्रतिवद्धतामा आँच आउने गरी मुनाफालाई मात्र लक्ष बनाई अन्तर्राष्ट्रिय क्षेत्रमा

नेपालकै दुर्नाम हुने गरी मिति २०५७।६।९ पश्चात् प्रतितपत्र खोली यस्तो ग्यास आयात गर्ने सम्पूर्ण आयातकर्ताहरुलाई वातावरण संरक्षण ऐन, २०५३ बमोजिम ३ महिना भित्र कारवाही गर्न माननीय जनसंख्या तथा वातावरण मन्त्रालयलाई लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

२. पूर्व अनुमतिपत्र जारी नभई सि.एफ.सी. ग्यास हिलटेक कम्पनीले आयात गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६०।३।२७ को निर्णयानुसार सम्पूर्ण आयातकर्ताहरुलाई वातावरण संरक्षण ऐन, २०५३ बमोजिम ३ महिना भित्र कारवाही गर्न वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको जानकारी प्राप्त नभएको ।

३. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्का सुपरिवेक्षण अधिकृत अर्जुन बहादुर के. सीको अनियमित तरिकाले विदा स्विकृत गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६२।११।२९ को निर्णयानुसार तत्कालिन सदस्य सचिव सरोज देवकोटाबाट रु. ६ लाख ४ हजार ६ सय पैंतिस रुपैंया असूल उपर गर्न वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

४. वैदेशिक रोजगारका लागि कामदार पठाउने सम्बन्धमा ड्रिम अचिर्भस प्रा.लि संग मिलेमतो गरी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।१०।१० को निर्णयानुसार निर्देशक माथवर कुमार अधिकारीलाई विभागीय कारबाही गर्न वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालयमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

(ढ) <u>स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत</u>

१. नेपाल रेडक्रस सोसाइटीले रक्त सञ्चार केन्द्रको लागि किट्स केमिकल खरिद गर्दा भ्रष्टाचार भयो भन्ने सम्वन्धमा आयोगको मिति २०६१/११/१४ को निर्णयानुसार टेण्डर स्वीकृत प्रकृयामा भएको अनियमितताबाट नेपाल रेडक्रश सोसाइटीलाई नोक्सान पर्न गएको रु. १९,१७,५००।- का सम्वन्धमा नेपाल रेडक्रश सोसाइटी केन्द्रीय कार्यसमितिको वैठकमा पेश गरी केन्द्रीय कार्यसमितिबाट भएको कारवाहीको जानकारी ३ महिनाभित्र आयोगमा पठाउन नेपाल रेडक्रश सोसाइटीका अध्यक्षलाई लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

२. सेती अंचल अस्पताल, धनगढीको पसल भाडामा दिँदा अनियमितता गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६२/७/२४ को निर्णयानुसार तत्कालिन मे.सु.डा. कृष्णकुमार राईबाट दामासाहीबाट हुन आउने रकम रु २१,८८६।- असूलउपर गर्न स्वास्थ्य मन्त्रालयमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

३. अ.हे.व. सुश्री दुर्गा वजगाँईले कार्यालय समयमा काठमाण्डौमा अध्ययन गरी अनुचित कार्य गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६२/९/७ को निर्णयानुसार अ.हे.व. सुश्री दुर्गा वजगाईलाई स्वास्थ्य सेवा ऐन नियम बमोजिम आवश्यक कारवाही गर्न मध्यमाञ्चल क्षेत्रीय

स्वास्थ्य निर्देशनालयमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

४. नेपाल स्वास्थ्य अनुसन्धान परिषदमा दरवन्दी विना ५ जनालाई नियुक्ती गरे भन्ने सम्वन्धमा आयोगको मिति २०६२/९/२१ को निर्णयानुसार नेपाल स्वास्थ्य अनुसन्धान परिषद कार्यसञ्चालन विनियमहरु २०४८ को विनियम १५.८ मा अविलम्व आवश्यक पुनरावलोकन गरी संशोधन गर्न नेपाल स्वास्थ्य अनुसन्धान परिषदमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

५. प्राथमिक स्वास्थ्य केन्द्र, गौडा, लमजुङका ल्या.अ.सुमन कुमार साहले दोहोरो हाजिर गरी ल्याव टेक्नीसियन कोर्ष अध्ययन गरी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।६।२९ को निर्णयानुसार जन स्वास्थ्य निरिक्षक चेत बहादुर अधिकारीलाई विभागीय कायवाही गर्न स्वास्थ्य सेवा विभागमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

६. निरोगिताको प्रमाणपत्रमा बूंदाहरु नभरी खाली चिकित्सकको दस्तखत गरी छोडेको भन्ने सम्वन्धमा आयोगको मिति २०६३।८।१९ को निर्णयानुसार महाकाली अञ्चल आयुर्वेद औषधालयका वरिष्ठ कविराज मुरली मनोहर रौनियारलाई विभागीय कारवाही गर्न स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

७. आपूर्ति व्यवस्था महाशाखाले मेडिकल उपकरणहरु खरिद गर्दा नक्कली गुणस्तर प्रमाण पत्र पेश गरी अडर प्राप्त गर्ने विगतको परम्परा दोहोरिन नदिन रजिष्टर भएको प्रमाणित कम्पनीहरुबाट मात्र खरीद गर्ने व्यवस्था मिलाइयोस भन्ने सम्वन्धमा आयोगको मिति २०६४।२।६ को निर्णयानुसार (१) स्पेशिफिकेशन तयार गर्दा सम्बन्धित विज्ञहरुबाट गराइ बहु अर्थ दिने शब्द प्रयोग नगर्ने । (२) वोलपत्र कागजात पेश गर्दा प्रमाणित विदेशी कागजपत्रको हकमा सक्कल प्रति स्वीकार गर्ने । (३) वोलपत्र फारम साथ पेश भएका उपकरणहरुको क्याटलग लगायतका कागजपत्रहरु स्पेशीफिकेशन बमोजिम छ छैन सम्बन्धित विज्ञहरुको समिति गठन गरी सप्लाई भएको उपकरणको परीक्षण गराउने । (४) स्पेशिफिकेशनमा लेखिए भन्दा फरक रहेको स्वास्थ्य उपहरण ठीक छ भनी सम्बन्धित विज्ञले सिफारिस गर्दा पुष्ट्याई उल्लेख भएको हुनु पर्ने र सर्जिक्राफ्ट काठमाडौंबाट रु. १,१८,७२३।२५ तथा एभरेष्ट टेड्र्स इन्डियाबाट रु.२९,००७।५७ असूल उपर गर्न स्वास्थ्य सेवा विभागमा लेखी पठाइएकोमा तदनुरुपको कारवाहीको कुनै जानकारी प्राप्त नभएको ।

(ण) <u>स्थानीय विकास मन्त्रालय अन्तर्गत</u>

१. वीरगञ्ज उपमहानगरपालिकाका प्रमुख विमलकुमार श्रीवास्तवले सम्वन्धित निकायको स्वीकृति नलिई वीरगञ्ज भन्सारदेखि गण्डक सम्मको माटो पुर्ने कामको प्रकृति अनुसार एकै लागत अनुमान तयार गर्नुपर्नेमा टुक्रा टुक्रा गरी तयार गरेको लागत अनुमान स्वीकृत गरेको देखिंदा निजलाई सचेत गराउनको लागि स्थानीय विकास मन्त्री र स्थानीय विकास मन्त्रालयलाई लेखिएकोमा कारवाहीको कुनै जानकारी प्राप्त हुन नआएको ।

२. जिल्ला विकास समिति, सल्यान र सामुदायिक वन उपभोक्ता संघ, सल्यान शाखाका अध्यक्ष खुम वहादुर खत्री वीच आयमूलक (जडिवुटी) समायो जातका विरुवा उत्पादन तथा वितरण गर्ने कार्यक्रममा रु. १,५०,०००।- अनुदान दिने गरी सम्झौता भएकोमा संझौता अनुसार विरुवा वितरण नगरी हानी नोक्सानी पुऱ्याएको भन्ने उजूरी सम्वन्धमा अनुसन्धान हुँदा ३८ हजार विरुवा वितरण गरेको भर्पाई गलत देखियो । उपभोक्ता संघले पेश गरेको सम्झौता संवन्धी प्रस्ताव अनुसार १ थान विरुवाको रु १।५० पर्ने भै ३८ हजार विरुवाको जम्मा रु ५७,०००।- हानी नोक्सानी भएको । तर अरु जातका विरुवाहरु वितरण गर्दा लगभग रु. १९,०००।- खर्च भएको देखिँदा वास्तविक नोक्सानी भएको रकम रु ३८,०००।- निजबाट कानून बमोजिम असूल उपर गर्न जि.वि.स. सल्यानमा आयोगको मिति २०६०।१०।१४ को निर्णयानुसार लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको कुनै जानकारी प्राप्त नभएको ।

३. ग्रेड थपको निर्णय गर्ने अधिकारीलाई कारवाही गरी पाउँ भन्ने विषयको उजूरी उपर छानविन हुँदा ग्रेड सम्वन्धी कारवाही रीत पूर्वक भएको नदेखिएकोले काठमाण्डौ महानगरपालिका काठमाडौं महानगरपालिका का नि. कार्यकारी अधिकृत (न.पा. सचिव) सूर्य प्रसाद सिलवालको तहबाट गरिएको ३ ग्रेड थप विषयक २०५९।३।१२ को निर्णय रद्द गराउन र अव आयन्दा यस्तो वेरीतको निर्णय हुन नदिन सम्वन्धित अधिकारीलाई सचेत गराउन स्थानीय विकास मन्त्रालय मार्फत् काठमाडौं महानगरपालिका कार्यालयलाई निर्देशन दिन आयोगको मिति २०६०।१०।२९ को निर्णयानुसार लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको कुनै जानकारी प्राप्त नभएको ।

४. इटहरी नगर पालिकाले नयां वसपार्क जोड्ने लिङ्केज ब्रिज निर्माण गराउदा भ्रष्टाचार गरे भन्ने विषयमा अनुसन्धान गर्दा सो नगरपालिकाका इन्जिनियर अर्जुन कुमार दाहाल र जुनियर इन्जिनियर कैलाश तिमल्सिनाले उक्त कामहुने स्थानको विस्तृत अध्ययन नै नगरी तथा भौगर्भिक अवस्थाको विश्लेषण पनि नगरी मेशीनरी प्रयोग हुने उक्त कामलाई उपभोक्ता समिति मार्फत काम गराउने गलत मनशायबाट हचुवा रुपमा डिजाईन इष्टिमेट तयार गरेको र पछि मेशीनरी औजारको प्रयोग समेत गर्नु परेकोले लागत इष्टिमेट बढेको भनि शुरु इष्टिमेटको ५५ प्रतिशत भन्दा बढी फरक लागत बढाएको देखिएको कार्य अनुचित भएकोले सो कार्यमा संलग्न उपर्युक्त प्राविधिकहरुलाई अव आईन्दा यस्तो कार्य नदोहऱ्याउन सचेत गराउन र ठूलो मात्रामा लागत इष्टिमेट फेर वदल हुंदा पनि सम्वन्धित व्यक्तिहरुलाई कुनै कारवाही नगरी उक्त काम गराई भुक्तानी दिई अनुचित कार्य गरेको देखिएकोले सो कार्यमा संलग्न देखिएका सो नगरपालिकाका तत्कालीन सचिव दिलीप कुमार चापागांईलाई पनि अव आईन्दा यस्तो कार्य नदोहऱ्याउन सचेत गराउन आयोगको मिति २०६१।२।५ को निर्णयानुसार लेखी पठाइएकोमा कार्यान्वयनको कुनै जानकारी प्राप्त नभएको ।

५. सप्तरी जिल्लाको वकधुवा गा.वि.स. ७ र ९ मा पर्ने पर्ति जग्गालाई नेपाल सरकारको स्वीकृति नै नलिई सोही गा.वि.स.का तत्कालीन अध्यक्ष र सचिव समेतको मिलेमतोमा विभिन्न व्यक्तिहरुलाई बिक्री वितरण गरी भ्रष्टाचार गरे भन्ने सम्बन्धमा नेपाल सरकारले निर्णय गरे बाहेकको अवस्थामा सरकारी जग्गा कुनै प्रयोजनार्थ कसैलाई दिन नमिल्ने हुँदा उक्त बकधुवा

गाउ विकास परिषद् र गाउँ विकास समितिले निर्णय गरी विभिन्न व्यक्तिहरुलाई वितरण गरेको कार्य अनुचित भएको हुँदा कानून विपरित जग्गाहरुको संरक्षण गर्न र सो जग्गामा कुनै संरचना बनिसकेको भए ऐन बमोजिम कारवाही गर्न सप्तरीका प्रमुख जिल्ला अधिकारीलाई आयोगको मिति २०६१।२।१४ को निर्णयानुसार लेखी पठाइएकोमा निर्णय कार्यान्वयनको कुनै जानकारी प्राप्त नभएको ।

६. जनकपुर नगरपालिकाका तत्कालीन प्रमुख बजरंगप्रसाद साह समेतले नगरपालिकाको चुंगी तथा सवारी कर उठाउने समेतका विभिन्न कर ठेक्का दिने र ठेक्का रकम उठाउने विषयमा बदनियतपूर्वक नगरपालिकाको सार्वजनिक सम्पत्ति दुरुपयोग गरेको सम्बन्धमा जनकपुर नगरपालिकाका प्रमुख, उप-प्रमुख, वडा अध्यक्ष तथा सदस्यहरु (१०० जना) ले गैरकानूनी रुपमा लिनु खानु गरेको देखिएको जम्मा रु. ६५,५७,६९०।- लिने खाने तत् तत् व्यक्तिहरुबाट प्रचलित कानूनबमोजिम सरकारी बाँकी सरह असूल उपर गर्न, आ.व. २०५७१।४ देखि २०६०।१।४ सम्मका लागि रु.१,१५,००१।- मा जनकपुर-६ स्थित गोडधोई पोखरी ठेक्का लिने ठे. नन्दलाल साहले तिर्नु बुझाउनु पर्ने देखिन आए जति रकम असूल गर्न तथा दीर्घसार पोखरी रु. २,००,०००।- मा र ठाडी पोखरी रु. ८४,०००।- मा ठेक्का लिने प्रमोद साहले भोग चलन गरेको अवधि अनुसारको तिर्नु बुझाउनु पर्ने ठेक्का रकम जति असूल गर्नका साथै आ.व. २०५७।५८ र २०५८।५९ को हाटबजार करका ठेकेदार क्रमशः मनोजकुमार साह र मनोजकुमार चौधरीका हकमा निजहरुले तिर्न बुझाउन पर्ने बाँकी रकममध्ये कर उठाएको अनुपातमा असूल गर्न बाँकी रहेको रकमको नियमसम्मत निक्यौंल गरी असूल उपर गर्न आयोगको मिति २०६१।२।४ को निर्णयानुसार सम्बन्धित नगरपालिका र स्थानीय विकास मन्त्रालयलाई लेखी पठाइएकोमा अदालतमा रीट परी निर्णय कार्यान्वयन हुन नसकेको जानकारी प्राप्त भएको ।

७. काठमाण्डौं महानगरपालिकाका विभागीय प्रमुख शान्ताराम पोखरेल र देवकुमार राईको नक्कली प्रमाणपत्रवारे अनुसन्धान भै आयोगको मिति २०६१/४/२९ को निर्णयबाट स्थानीय निकायका कर्मचारीहरुको वढुवा गर्दा हाल वहाल रहेको पदलाई चाहिने आवश्यक न्यूनतम शैक्षिक योग्यता आवश्यक पर्ने वा नपर्ने भन्ने सम्वन्धमा नियमावलीमा स्पष्ट व्यवस्था भएको नदेखिदा सो स्पष्ट गर्ने तथा कार्यसम्पादन मूल्यांकन फाराममा सुपरीवेक्षक, पुनरावलोकन तथा पुनरावलोकन समितिबाट मूल्यांकन गर्ने समयावधि वारे नियमावलीमा उल्लेख भएको नदेखिदा कर्मचारीहरुको का.स.मु. फाराम व्यवस्थित गर्ने गराउने भनी लेखी गएकोमा सो निर्णय कार्यान्वयन भएको कुनै जानकारी प्राप्त नभएको ।

८. जि.वि.स., सप्तरीका तत्कालिन सभापति दिनेशकुमार यादव समेतले जिल्ला परिषदले निर्णय गरी छुट्टयाए भन्दा वढी आर्थिक सहायता रकम वितरण गरी अनुचित कार्य गरेको सम्वन्धमा आयोगको मिति २०६१/८/१ को निर्णयानुसार त्यसरी हानीनोक्सानी पुऱ्याएको रकम निज सभापति दिनेशकुमार यादव, देवकी सुत यादव, रामप्रसाद मण्डल, भिमराज यादव, इब्राइम मिया, विश्वेश्वरप्रसाद विमल यादवबाट जम्मा रु. १,९५,०००।- तीनमहिनाभित्र असूलउपर गर्ने र म्यादभित्र असूल उपर हुन नसकेमा सरकारी वाँकी सरह असूल उपर गर्न कुमारीचोक तथा केन्द्रीय तहसिल कार्यालयमा लगत कस्न लगाई आयोगलाई जानकारी दिन स्थानीय विकास

मन्त्रालयमा लेखी पठाइएकोमा अदालतमा विचाराधिन भई सो निर्णय कार्यान्वयनको कुनै जानकारी प्राप्त नभएको ।

९. जिल्ला विकास समिति सल्यानका स्थानीय विकास अधिकारी समेतले खरीद र विकास निर्माणमा अनियमितता गरेको भन्ने सम्वन्धमा अनुसन्धान हुँदा आयोगको मिति २०६२/३/२७ को निर्णयानुसार नि.स्था.वि.अ. दण्डपाणी बरालबाट रु.३५,०००। असूलउपर गर्न राष्ट्रिय सर्तकता केन्द्रमा लेखी पठाइएकोमा उक्त विषय अदालतमा विचाराधिन रहेको हुँदा रकम असूल उपर नभएको ।

१०. दोश्रो पर्यटन विकास आयोजना अन्तर्गत पोखरा वातावरण सुधार आयोजनामा अनियमितता भएको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति ०६१/७/१० को निर्णयबाट सो आयोजनामा संलग्न कालिका कन्स्ट्रक्सनबाट रु. ३,८९,७४८।८० अनक कन्स्ट्रक्सनबाट रु. १५,२८,८००।- र सन्तोषी टि.एस.जि. जेभीबाट रु. १७,४२,००१।९२ असूलउपर गर्न पोखरा उपमहानगरपालिकालाई लेखी पठाइएकोमा असूलउपरको जानकारी प्राप्त नभएको ।

११. जिल्ला विकास समिति, सल्यानका निमित्त स्थानिय विकास अधिकारी समेतका व्यक्तिले खरिद र विकास निर्माणमा अनियमितता गरेको भन्ने विषयमा अनुसन्धान हुँदा आयोगको मिति २०६२।३।२७ को निर्णयानुसार ओ.सि. मिन प्रसाद बस्नेत जि.वि.स. सल्यान, सव-ओ.सि. जिवराज गिरी जिल्ला प्राविधिक कार्यालय सल्यानलाई सचेत गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएकोमा जानकारी प्राप्त नभएको र निमित्त स्थानिय विकास अधिकारी वरालबाट रु ३५ हजार र लेखापाल विमल कुमार श्रेष्ठबाट रु. ४ हजार असूल उपर गर्न लेखी पठाइएकोमा अदालतमा रिट परी निर्णय कार्यान्वयन नभएको ।

१२. काठमाडौं काठमाण्डौं महानगरपालिकाले गरेका विकास निर्माण र खरिदमा भ्रष्टाचार भएको भन्ने विषयमा आयोगको मिति २०६०।१०।२ को निर्णयानुसार लेखापरीक्षणबाट कायम भएको बेरुजु फछ्यौंट गर्ने गराउने दायित्व निकासा दिने अधिकारीको भएको हुँदा ०६१ असार मसान्तभित्र फछ्यौंट गर्न लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. काठमाडौं महानगरपालिका वडा नं. ६ र ७ को सिट नं. १०२-२०२७-२३ नक्सामा पर्ने सार्वजनिक जग्गा, कुलो, वाटो व्यक्तिको नाममा दर्ता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगको मिति २०६२/१०/३ को निर्णयानुसार उक्त क्षेत्रफल ०-९-३-१.२५ को सार्वजनिक जग्गा काठमाडौं महानगरपालिका वडा नं. ६ र ७ मा पर्ने हुंदा जिल्ला प्रशासन कार्यालय, काठमाडौंको समेत सहयोगमा उक्त जग्गामा निर्मित संरचनाहरु भत्काउन लगाई दुई महिनाभित्र आयोगमा जानकारी दिन काठमाडौं महानगरपालिका मा लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. जनकपुर नगरपालिकामा अनियमित तवरले स्थायी ओभरसियर नियुक्ति गरिएको भन्ने विषयमा आयोगको मिति २०६३/२/४ को निर्णयानुसार कार्यकारी अधिकृत शिवदत्त भट्टराईलाई

विभागीय कारवाही गर्न स्थानीय विकास मन्त्रालयमा लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. सागर प्रसाद वाग्लेको हकमा धितो दिएको पिस्तादेवी अग्रवालको नाममा रहेको जग्गा का.म.न.पा.का शाखा अधिकृत ज्ञानेन्द्र कार्कीले फुकुवा गरी दिई भ्रष्टाचार गरे भन्ने र चुंगीकर ठेक्कामा दिंदा केशव स्थापितले भ्रष्टाचार गरे भन्ने विषयमा आयोगको मिति २०६२।२।१३ को निर्णयानुसार रु. ३,८५,५०,११३।२७ धितो जग्गाबाट र नगुग रकम तत्कालीन प्रमुख केशव स्थापितबाट असूल उपर गर्न का.म.न.पा.मा लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. ईन्जिनीयर सुरेशहर्ष बज्राचार्यले एकै समयमा दुई ठाउँमा काम गरेको भन्ने विषयमा आयोगको मिति २०६३।५।५ को निर्णयानुसार इन्जिनियर सुरेशहर्ष वज्राचार्यले कार्यालय समयमा अध्ययन गरेको अवधिमा निजले पाएको तलव भत्ता निजवाट असूल उपर गरी नगरपालिकामा जम्मा गर्न र निजले दिवा समयमा अध्ययन गरेको अवधि असाधारण विदामा कायम गर्न काठमाडौं महानगरपालिकामा निर्देशन पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. काठमाडौं महानगरपालिका वडा नं. १० मा मापदण्ड विपरित नक्सा पास गराई भवन निर्माण गरे भन्ने विषयमा आयोगको मिति २०६३।४।१७ को निर्णयानुसार काठमाडौ उपत्यकामा तिब्र रुपमा भई रहेको वस्ती विस्तारसँगै यहा बन्ने घरहरुमा एकरुपता कायम नभएको, ढांचा मनपरी रहेको र तोकिएको मापदण्ड उलंघन हुंदा शहर अव्यवस्थित र अनियन्त्रित रुपमा विस्तार भई रहेको हुंदा भवन निर्माण सम्बन्धी मापदण्डलाई पुनरावलोकन गरी समयानुकुल तुल्याउनु पर्ने भए सो गर्न र मापदण्ड विपरित कार्य हुन नदिने तर्फ आवश्यक व्यवस्था गर्न काठमाडौं महानगरपालिकामा सुझाव लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. श्री भाष्करदेव संस्कारित केशचन्द्र कृत परावत महाविर इटुम्बहालका गुठियार रामकाजी र नजरमानले पौराणिक वास्तुकलाको अस्तित्व नै समाप्त पार्ने गरी जिर्णोद्धार गरेको भन्ने विषयमा आयोगको मिति २०६३।१२।१ को निर्णयानुसार आबश्यक कारवाही गरी आयोगलाई जानकारी दिन काठमाडौं महानगरपालिकामा निर्देशन दिइएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(त) <u>संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत</u>

१. नेपाल वायुसेवा निगमको रकम खाई मासेकोमा कारवाही होस् भन्ने विषयको उजूरी उपर अनुसन्धान हुंदा निगमको जर्मनी स्थित कार्यालयमा कार्यरत युरोप क्षेत्रका क्षेत्रिय निर्देशक विष्णुप्रसाद वस्याल, अर्थ प्रबन्धक जीतेन्द्र बहादुर श्रेष्ठ र स्टेशन म्यानेजर श्रीधर विक्रम राणाले नियम विपरीत भुक्तानी लिएको रकम ३ (तीन) महिना भित्र असूल उपर गर्न गराउन र रकम फिर्ता नगर्ने नगराउने अर्थ विभागका सम्वन्धित पदाधिकारीलाई आवश्यक कारवाही गर्न आयोगको मिति २०६०।७।१७ को निर्णयानुसार लेखी पठाइएकोमा उक्त विषय सर्वोच्च अदालतमा विचाराधिन रहेकोले निर्णय कार्यान्वयन हुन नसकेको जानकारी प्राप्त भएको ।

२. नेपाल वायुसेवा निगमको हङकङ स्थित कार्यालयमा कार्यरत कर्मचारीहरुले तलब रकम भ्रष्टाचार गरेको सम्बन्धमा नियम विपरीत बढी भुक्तानी लिएको रकम मेनेजर हरिभक्त मानन्धर, ब.ले.अ. दामोदर खत्री, मेनेजर गौतमदास श्रेष्ठ, ले.अ. मेनेजर यादव लामिछाने, ब.ले.अ. मदनमान बज्राचार्य, अधिकृत कृष्णवीर सुवेदी, बरिष्ठ लेखा अधिकृत प्रकाशमान श्रेष्ठ, प्रबन्धक मन बहादुर खड्का, ब.ले.अ. केशबराज शर्मा, अधिकृत ध्रुव कुमार प्रधान, प्रवन्धक वासुदेव प्रसाद गौतम, अधिकृत कृष्ण गोपाल जोशी, ब.सहायक प्रकाश प्रसाद लोहनी, ब.ले.अ. गोविन्दमान श्रेष्ठ समेतबाट हङकङ डलर ३,७२,४५७।५९ र सिंगापुर स्थित कार्यलयमा कार्यरत मेनेजर नागेश्वर राय, ब.अधिकृत गणेशमान बरुण, ले.अ. हरिहर प्रसाद शर्मा, प्रबन्धक राघव प्रसाद जोशी,अधिकृत शंकर निधि शर्मा, ले.अ. शान्त कुमार श्रेष्ठ, ब.सहायक अनुप कुमार श्रेष्ठबाट सिंगापुर डलर ९,२७९।१० हाल प्रचलित विनिमय दरको हिसावले हुने रकम निजहरुबाट असूल उपर गरी सोको जानकारी ३ (तिन) महिना भित्र आयोगलाई दिन नेपाल वायु सेवा निगमका महा-प्रवन्धक र निगमको सञ्चालक समिति तथा अर्थ विभाग समेतलाई आयोगको मिति २०६०।१०।२० को निर्णयानुसार लेखी पठाइएकोमा उक्त विषय हाल सर्वोच्च अदालतमा विचाराधिन रहेको भन्ने भएकोले निर्णय कार्यान्वयन हुन नसकेको जानकारी प्राप्त भएको ।

३. पुरातत्व विभाग अन्तर्गतको इवावही जिर्णोद्धार परियोजनाका लागि आ.व. २०४७।४८ मा काठ खरीद गर्दा हिनामिना भएको देखिएको रकम रु. १,५९,११९।३० र सो को १०% ले हुने व्याज समेत जोडी ठेकेदार छत्र बहादुर ओलीबाट २ महिना भित्र अशुल उपर गरी निज ठेकेदारलाई कालो सूचिमा राख्न र उक्त अवधिमा निजबाट अशुल हुन नआएमा सो म्याद नाघे पछिको १ महिना भित्र ईन्जिनियर भाइकाजी तिवारीबाट अशुल उपर गरी आयोगमा जानकारी दिन पुरातत्व विभागका महानिर्देशकलाई लेखी भौतिक योजना तथा निर्माण मन्त्रालयका सचिव र संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयका सचिवलाई समेत आयोगको मिति २०६१।१।३० को निर्णयानुसार जानकारी दिइएकोमा उक्त विषय हाल सर्वोच्च अदालतमा विचाराधिन रहेकोले निर्णय कार्यान्वयन हुन नसकेको जानकारी प्राप्त भएको ।

४. अमेरिकाको मायामीमा भएको सेमिनारमा भाग लिन गएका नेपाल नागरिक उड्डयन प्राधिकरणका उप-निर्देशक विनोद गिरी र प्रमुख अधिकृत टेकराज पोखरेल निर्धारित समयमा नफर्की काज थप गराई प्राधिकरणलाई अमेरिकी डलर २,१००।- को थप व्ययभार पारेको भन्ने विषयमा उपरोक्त बढि व्ययभार परेको रकम निज उपनिर्देशक विनोद गिरी र प्रमुख अधिकृत टेकराज पोखरेलको तलवबाट एक वर्ष भित्र मासिक रुपले दामाशाहीले हुन आउने रकम कट्टा गरी असूल उपर गर्न र बढि काज स्वीकृत गरेको दिन निजहरुको कुनै पनि संचित विदाबाट कट्टा गरी निर्णय कार्यान्वयनको जानकारी यस आयोगमा पठाउन नेपाल नागिरक उड्डयन प्राधिकरणका महा-निर्देशकलाई आयोगको मिति २०६१।२।७ को निर्णयानुसार लेखी पठाइएकोमा उक्त विषय हाल सर्वोच्च अदालतमा विचाराधिन रहेकोले निर्णय कार्यान्वयन हुन नसकेको जानकारी प्राप्त भएको ।

५. नेपाल वायुसेवा निगम, बजार व्यवस्था विभागका प्रबन्धकले उडान भाडामा अनियमितता गरी परिपत्र गरेको कारणबाट निगमलाई अमेरिकी डलर ५,१५,४३५।१७ नोक्सानी परेको भन्ने विषयमा अनुसन्धान गर्दा निगमले विगतको गल्तीलाई सच्याई उपर्युक्त परिपत्र गरेको देखिन्छ । यसरी सम्झौता लागू गराउँदाको अवस्थामा हेलचक्राई गरिएको भए तापनि कोरियन एयरलाइन्सलाई निगमले बढी रकम तिरी नसकेको र दुवै एयरलाइन्सका विचमा आपसी छलफल चलिरहेकोले निगमको हितलाई ख्याल गरी सकेसम्म चाँडो उक्त विवाद सुल्झाई यस आयोगलाई जानकारी दिन र त्यसरी सम्झौता लागू गर्दा हेलचक्राई गरी परिपत्र निकाल्ने निर्णय गर्ने सम्बन्धित अधिकृतहरुलाई सचेत गराउन अख्तियारवालालाई आयोगको मिति २०६१।२।१३ को निर्णयानुसार लेखी पठाइएकोमा उक्त निर्णय कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

६. वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका निमित्त कार्यकारी निर्देशक शम्भुनाथप्रसाद शाहले विभिन्न अनियमितता र भ्रष्टाचार गरे भन्ने सम्वन्धमा अनुसन्धान भै आयोगको मिति २०६०/७/१२ को निर्णयानुसार वृहत्तर जनकपुर क्षेत्र विकास परिषदका अध्यक्षको सुविधा तोक्दा परिषदको ऐन, नियम र नेपाल सरकारबाट भएको मिति २०५७/२/२ को नीतिगत निर्णयको पालना भएको नदेखिदा यस सम्वन्धमा ध्यानाकर्षण गराउँदै कानून वमोजिम गर्ने गराउने व्यवस्थाको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा लेखी पठाइएकोमा सो को कार्यान्वयनको कुनै जानकारी प्राप्त नभएको ।

७. नक्कली पासपोर्ट र भिसामा यात्रु पठाएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६१/७/११ को निर्णयबाट नेपाल वायुसेवा निगमले वेलायतको होम अफिसलाई तिरेको जरिवानासम्बन्धी फाइल आयोगमा उपलव्ध हुन नसकेकोले उक्त निर्णय फाइल कसको जिम्मा रहेको छ ? क-कसको लापरवाहीले फाइल उपलव्ध हुन नसकेको हो ? सम्वद्ध जिम्मेवार पदाधिकारीलाई विभागीय कारवाही समेत गरी तीन महिनाभित्र आयोगलाई जानकारी दिन लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. नेपाल वायुसेवा निगमले दिनुपर्ने भन्दा बढी रकम भुक्तानी गरी असूल उपर नगरेको २०५९।४।२३, २०६०।९।३ र २०६०।९।२१ को आयोगको साविक निर्णय ४ महिनाभित्र कार्यान्वयन गर्नू भनी लेख्ने र अर्थ निर्देशक उपेन्द्रप्रसाद उपाध्याय आयोगबाट दायर भएको मुद्धामा प्रतिवादी भई निलम्बित भएकोले मुद्धाको टुंगो लागेपछि अग्रिम कारबाही गर्न लेखी पठाइएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

९. नेपाल वायुसेवा निगमले हिमाल वर्ल्ड सर्भिस, जापानलाई टिकट विक्री गर्न दिँदा गैरकानूनी रुपमा इन्सेन्टीभ प्रदान गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२/५/२९ को निर्णयानुसार हिमाल वर्ल्ड सर्भिस, जापानबाट एक करोड नौ लाख रुपैंया असूल उपर गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

१०. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलको टर्मिनल भवनमा रहेका पसलको वक्यौता भाडा असूल उपर सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२/८/६ को निर्णयानुसार त्रि.अ.वि.स्थल नागरिक उड्डयन कार्यालयको च.नं ६१ मिति २०६२/७/१४ को पत्रमा उल्लेखित प्रतिवद्धता ३ महिनाभित्र सम्पन्न गरी आयोगलाई जानकारी दिन त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा लेखी पठाइएकोमा कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

११. नेपाल वायु सेवा निगम इन्जिनियरिङ्ग विभाग एयरपोर्टमा कार्यरत इन्जिनियर वद्रीवहादुर कार्की नेपालगञ्ज क्षेत्रीय कार्यालयमा रहँदा इन्जिनियरिङ्ग कम्प्लेक्समा करिव २१ महिना वसेको तर वाहिर डेरामा वसेको भनी ढाँटी लेखा शाखाबाट मोटो रकम लिई दोहोरो आर्थिक लाभ लिएको भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२/१२/१० को निर्णयानुसार दोहोरो सुविधा रकम (१) इन्जिनियर वद्रिवहादुर कार्कीबाट रु ९९,९३३।, (२) प्राविधिक अधिकृत बसन्तराम कार्कीबाट रु ६०,१००।- (३) प्राविधिक अधिकृत निरञ्जनप्रसाद रेग्मीबाट रु. ३५,०००।- तीन महिनाभित्र असूलउपर गरी आयोगलाई जानकारी गराउन कार्यकारी निर्देशक, नेपाल वायु सेवा निगममा लेखी पठाइएकामा कार्यान्वयन भएको जानकारी प्राप्त नभएको ।

१२. निर्माण मर्मत र सरसफाई कार्यको टेण्डर छल्ने अभिप्रायले टुक्रा टुक्रा गरी लागत अनुमान तयार गरी प्रतिस्पर्धा वेगर कार्य गराएको भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३/२/१४ को निर्णयानुसार (१) पुण्यराज शाक्य (२) योगेन्द्र प्रसाद राउत (३) कुमार प्रसाद लामिछाने (४) शालिकराम पौडेलको तीन तलव वृद्धि रोक्का राख्न र (१) दिनेशप्रसाद श्रेष्ठ (२) अनन्तकुमार देवकोटा (३) केशवराज खनाल (४) मुकुन्दप्रसाद भण्डारीको एक तलव वृद्धि रोक्का गर्न संस्कृति पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयमा स्टोरमा रहेका सामानहरुमा भ्रष्टाचार भएको भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२।१०।९ को निर्णयानुसार क) उल्लेखित त्रुटिहरुका सम्बन्धमा खरिद गरिएका र विभिन्न परियोजनाहरुबाट हस्तान्तरण गरिएका जिन्सी सामानहरुको नियमानुसार निरीक्षण गरी निरीक्षण प्रतिवेदन तैयार पार्ने । सो प्रतिवेदन तैयार पार्दा परियोजनाहरुबाट खरिद गरिएका सामानहरुको साविक र हालको लगत भिडाई सामान नपुग भए सामान बुझ्ने बुझाउने उत्तरदायी व्यक्ति समेत पहिचान गरी सो को विवरण तैयार गर्ने । ख) मासिने नासिने सामानहरु र खर्च नहुने सामानहरुको लगत लिई मिन्हा गरी मिन्हा नहुने सामानहरु को कसका जिम्मामा छन् पत्ता लगाई सामानहरुको सोध भर्ना गराउने नभए कुन कर्मचारी उपर कानूनी कारवाही हुनुपर्ने हो विवरण पेश गर्ने । ग) त्यस कार्यालयका कर्मचारीहरुको कार्य विवरण लागू गरी उत्तरदायित्व र जिम्मेवारी तोक्न त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उड्डयन कार्यालयका कार्यालय प्रमुखलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. नेपाल पर्वतारोहण संघमा सरकारबाट प्राप्त राजश्व भ्रष्ट्राचार गरेको भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।२९ को निर्णयानुसार पर्यटन ऐन २०३५ को दफा ३८ (१) को (ट) मा नेपाल सरकारको आदेश निर्देशन पालना नगर्ने पर्वतारोही संघलाई ऐ. ऐन को दफा ३७ (२) बमोजिम सुम्पिएको अधिकार फिर्ता लिन वा पर्वतारोहणको प्रयोजनको लागि प्रदान गरेको मान्यता रद्द गर्न सक्ने अधिकार नेपाल सरकारलाई रहे भएको देखिदा यस सम्बन्धमा जे जो निर्णय कारबाही गर्नु पर्ने हो गरी आयोगलाई जानकारी गराउन संस्कृति पर्यटन तथा नागरिक उड्यन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(थ) सामान्य प्रशासन मन्त्रालय अन्तर्गत

१. ना.१ च. ७१८८ नं. को निशान जिप गैरकानुनीरुपमा दर्ता गरी संचालन गरेको भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२/६/४ को निर्णयानुसार तत्कालिन खरिदार हाल ना.सु. हरिभक्त पोखरेललाई विभागीय कारवाही गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. वैदेशिक रोजगारका लागि कामदार पठाउने सम्बन्धमा ड्रिम अचिर्भस प्रा.लि संग मिलेमतो गरी भ्रष्टाचार गरेको भन्ने सम्वन्धमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।१०।१० को निर्णयानुसार शाखा अधिकृत गणेश आचार्यलाई विभागीय कारबाही गर्न सामान्य प्रशासन मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(द) शिक्षा तथा खेलकूद मन्त्रालय अन्तर्गत

१. त्रिभुवन विश्वविद्यालय अन्तर्गत महेन्द्र मोरङ आ.वहुमुखी क्याम्पस, विराटनगरका तत्कालिन क्याम्पस प्रमुख उपेन्द्र कुमार कोइरालाले विभिन्न अनियमितता गरेको सम्बन्धमा आयोगको मिति २०५९।११।२० को निर्णयानुसार अनियमितता गर्ने उपर कारवाही गरी डा. सूर्यमणी अधिकारीको प्रतिवेदन लागू गर्न उपकुलपति, त्रिभुवन विश्वविद्यालयलाई लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. कपिलवस्तु बहुमुखी क्याम्पसका मुखिया पशुपतिप्रसाद मिश्रले रकम हिनामिना गरेको सम्बन्धमा आयोगबाट मिति २०६०।३।३१ मा निज मिश्रले रकम हिनामिना गरे नगरेको यकिन गरी मुलुकी ऐन किर्ते कागजको महलको आधारमा आवश्यक कारवाही गर्ने भनी कपिलवस्तु बहुमुखी क्याम्पसलाई लेखी पठाएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३. जुडो प्रशिक्षक खड्ग बहादुर दाहालले राष्ट्रिय खेलकूद परिषदको जुडो प्रशिक्षक पदमा स्थायी नियुक्ति लिनका लागि वास्तविक उमेर घटाई विद्यमान ऐन कानूनको व्यवस्थालाई जानाजान उल्लंघन गरी उमेर ढांटेर नोकरीमा प्रवेश गरेकोमा हालको पदबाट वर्खास्त गर्नेतर्फ विभागीय कारवाही गर्न र रेकर्ड नभिडाई परिषद्का जिम्मेवार व्यक्तिले निजलाई सहयोग गरे, नगरे तर्फ अनुसन्धान गरी आवश्यक कारवाही गरी आयोगलाई जानकारी दिन खेलकूद परिषदका सदस्य सचिवलाई आयोगको मिति २०६०।५।१६ को निर्णयानुसार निर्देशन भै गएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

४. प्रभात उच्च माध्यमिक विद्यालय, देहीमाडौं, डोटीमा महिला छात्रावास भवन निर्माण गर्दा अनियमितता भएको भन्ने सम्बन्धमा हिनामिना भएको रु. १,३३,०२८।१२ सम्बन्धित व्यक्तिहरुबाट प्राप्त गरी बाँकी रकम समेत सदुपयोग गरी त्यसै छात्रावासको सुरक्षा र शौचालय समेतका अन्य उपयुक्त काम जिल्ला शिक्षा कार्यालय, डोटीको सुपरीवेक्षणमा गराई काम सम्पन्न गर्न र उक्त अनुचित कार्यमा संलग्न जिल्ला प्राविधिक कार्यालय, डोटीका स.ओ.सी. बाबुराम दाहाललाई विभागीय कारवाही गरी यस आयोगलाई जानकारी गराउन प्रमुख जिल्ला अधिकारी, डोटीलाई आयोगको मिति २०६०।१२।२३ को निर्णयानुसार लेखी पठाइएकोमा सो को कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

५. पूर्वाञ्चल विश्वविद्यालयमा नियम विपरित अस्थायी कर्मचारी भर्ना गरिएको भन्ने सम्वन्धमा आयोगको मिति २०६१/५/७ को निर्णयानुसार आगामी ६ महिनाभित्र अस्थायी, करार वा ज्यालादारीमा रहेका सवै पदमा स्थायी तवरले पदपूर्तिको व्यवस्था मिलाउन तथा उपयुक्त अवधिभित्र स्थायी पदपूर्तिको व्यवस्था नमिलाए नियुक्त भएका अस्थायी, करार वा ज्यालादारी पदमा कार्यरत सम्पूर्णलाई उपलव्ध गराएको तलव भत्ता नियुक्ति स्वीकृत गर्ने उपकुलपति तोरणवहादुर कार्कीबाट असूलउपर गर्न पूर्वाञ्चल विश्वविद्यालय तथा सो विश्वविद्यालय सेवा आयोगमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

६. राष्ट्रिय खेलकूद परिषदले अनावश्यक दरवन्दी सृजना गरी नयाँ कर्मचारी भर्ना गरेर राहदानीको समेत दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगको मिति २०६१/९/१६ को निर्णयानुसार परिषदका डा. प्रकाश प्रधानबाट रु.३,३३,८३०।- असूल गरी आयोगलाई जानकारी दिन राष्ट्रिय खेलकूद परिषद्लाई लेखी पठाइएकोमा सर्वोच्च अदालतबाट अन्तरिम आदेश भई निर्णय कार्यान्वय नभएको ।

७. विश्वभाषा क्याम्पस प्रशासन समेतबाट कार्यक्रम सञ्चालन र सामान खरिदमा भ्रष्टाचार भयो भन्ने सम्वन्धमा आयोगको मिति २०६१/९/९ को निर्णयानुसार पेश्की दिएको रकम असूलउपर गरी सो को जानकारी आयोगलाई दिन लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

८. बारा जिल्लाका जिल्ला शिक्षा अधिकारी वलवहादुर परियार समेतले अनियमित तवरले शिक्षक नियुक्ति गरी भ्रष्टाचार गरे भन्ने सम्वन्धमा आयोगको मिति २०६१/१०/११ को निर्णयानुसार अनियमित तवरले नियुक्त भई खर्च लेखिएको तलव रकम रु. २८,१६,७००।- असूलउपर गर्ने लगायतका सम्पूर्ण आवश्यक कारवाही अख्तियारवालाबाटै गरी त्यसको जानकारी आयोगलाई गराउन शिक्षा तथा खेलकूद मन्त्रालयका सचिवलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको।

९. जिल्ला शिक्षा कार्यालय, पर्साका तत्कालीन जिल्ला शिक्षा अधिकारी योगेन्द्र बहादुर बस्नेतले दरबन्दी भन्दा बढी अस्थायी शिक्षक नियुक्ति गरेको भन्ने विषयमा आयोगको २०६२।२।२५ को

निर्णयानुसार नेपाल सरकारलाई हानी नोक्सानी पुगेको रकम निज जिल्ला शिक्षा अधिकारीबाट असूल उपर गर्न शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखी पठाएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१०. सिनियर बुक बाइन्डर पदको परीक्षाको उत्तर पुस्तिकामा परिक्षण गर्दा धांधली गरे भन्ने विषयमा आयोगको मिति २०६२।३।१२ को निर्णयानुसार विज्ञापन नं. ३/०६०-६१ को स्टाफ नर्स परीक्षाको सि.नं. १४२ कोड नं. ३०७ को टेबुलेसनमा सुधार गरी उत्तर पुस्तिकामा दिइएको अंकनै राखी सुधार गर्न तथा त्रिभुवन विश्वविद्यालय सेवा आयोगबाट लिइएको वि.नं. १५/०५८-५९ को राजनीति शास्त्र उप-प्राध्यापक पदको लिखित परीक्षाको कोड नं. ८३८ को उत्तर पुस्तिकामा पहिले प्रदान गरिएकै अंक कायम गरी नतिजा प्रकाशन गरी दुष्परिणाम सच्याउन त्रिभुवन विश्वविद्यालय सेवा आयोगलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको । साथै त्रिभुवन विश्वविद्यालयका तत्कालीन अध्यक्ष डा.चुडाराज उप्रेती र सदस्य डा.पन्नाकाजी अमात्यलाई जिम्मेवार पदमा नराख्ने वा महत्वपूर्ण कार्य जिम्मा नदिन त्रिभुवन विश्वविद्यालय सेवा आयोगलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

११. आठौं साफ खेलकूदको नेपाल टेलिभिजनबाट हाइलाइट गरेको बखत प्रशारण गरेको विज्ञापन वापतको रकम हिनामिना गरे भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको २०५८।४।३१ को निर्णयानुसार अनियमितता भएको रकम असूल उपर गर्न शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१२. नेपाल गुणस्तर तथा नापतौल विभागको मेकानिकल इन्जिनियर पदमा कार्यरत विष्णु अधिकारीले त्रिभुवन विश्वविद्यालय अन्तर्गत पाटन संयुक्त क्याम्पसको उपप्राध्यापक पदमा २०५४/६/१५ देखि स्थायी नियुक्ति पाई दोहोरो सुविधा लिएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको २०६२/४/१२ को निर्णयानुसार निजले पाउने उपदान नदिने र निजले त्रि.वि. सेवामा स्थायी नियुक्ति पाएका मितिबाट कर्मचारी संचयकोषमा जम्मा भएको रकम मध्ये आधा रकम निजबाट असूल उपर गर्न त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१३. विद्यालयको शैक्षिक दरबन्दी मिलान र काज सरुवा गर्दा अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको २०६२/८/३ को निर्णयानुसार पर्साका तत्कालिन जिल्ला शिक्षा अधिकारी लक्ष्मीराम पौडेललाई विभागीय कारवाही गर्न शिक्षा मन्त्रालयमा लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१४. विश्वभाषा क्याम्पसको दक्षिण मोहडामा भएको एकेडेमिक कर्मशियल कम्प्लेक्स निर्माण समेतमा अनियमितता भएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२/११/२९ को निर्णयानुसार पुल्चोक इन्जिनियरिङ्ग अध्ययन संस्थानका सहप्राध्यापक हरिदर्शन श्रेष्ठ र ल्याव असिस्टेन्ट अर्जुन के.सी. लाई नसिहत दिन त्रिभुवन विश्व विद्यालयलाई र गोर्खा शुभ

जे.सी.कन्ट्रक्सन कम्पनीबाट रु ८२,२८७।०२ असूल उपर गर्न त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रारको कार्यालयलाई लेखी पठाइएकोमा कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१५. कम्प्युटर खरिद र गाडी मर्मत लगायतका कार्यमा लमजुङ क्याम्पस प्रमुख डा. रवि पौडेलले अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।४।३ को निर्णयानुसार लमजुङ क्याम्पस प्रमुख डा. रवि पौडेललाई हदैसम्मको विभागीय कारबाही गर्न त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१६. गुहेश्वरी मा.वि. सिनामंगलमा कार्यरतनै नभएका शिक्षकको नामबाट तलव निकासा गरी आफूखुशी नियुक्त शिक्षकलाई तलव ख्वाई विद्यालयको रकम हिनामिना गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२।१२।११ को निर्णयानुसार -

(क) शिक्षा ऐन, २०२८ तथा शिक्षा नियमावली २०५९ बमोजिम विद्यालयको सम्पत्तीको संरक्षण गर्न आवश्यक व्यवस्था मिलाउने र प्र.अ. पद्मराज भुषाललाई अन्यत्र सरुवा गर्ने, अनुचित कार्य गरी कानूनले तोके भन्दावढी लिएकोमा लेखापाल गौतम भट्टलाई दिलाएको भत्ता रकम विद्यालय कोषमा दाखिला गर्न जिल्ला शिक्षा कार्यालय, काठमाडौंमा लेखी पठाइएको ।

(ख) विद्यालयवाट बिक्री गरिने टाई, बेल्ट भर्ना फारम पुस्तकको हिसाव किताव पारदर्शी ढंगले राखी विद्यालयको शैक्षिक कार्यमा खर्च गर्ने निर्देशन विद्यालय व्यवस्थापनमा समितिमा पठाइएको ।

(ग) समिति तथा विद्यालयमा कार्यरत नै नभएका शिक्षकहरुको नामबाट तलव माग गरी आफु खुशी भर्ना गरिएका शिक्षकहरुलाई वितरण गर्ने गरेको देखिदा देश भरीका विद्यालयहरुमा यस्तो अव्यवस्था हुन नदिन र खुला विज्ञापनबाट प्रतिस्पर्धात्मक व्यवस्था गरेर मात्र शिक्षक भर्ना गर्ने प्रभावकारी व्यवस्था अवलम्बन गर्ने निर्देशन शिक्षा विभागमा लेखी पठाइएकोमा माथिका कुनै पनि निर्णयहरुको कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१७. जापान सरकार, जाईकाबाट प्राप्त विद्यालय निर्माण सामग्री र नगद हिनामिना गरी जिल्ला शिक्षा अधिकारी राकेश श्रीवास्तव समेतले भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।३।२५ को निर्णयानुसार जिल्ला शिक्षा अधिकारी राकेश श्रीवास्तव, शा.अ. नवराज पौडेल, ख.सिताराम चौधरीलाई विभागीय कारवाही गर्न र ओ.सि.गजेन्द्र प्रसाद राउत, ओ.सि. लक्ष्मण के.सी., ओ.सि. दिलिप कुमार साहलाई सचेत गराउन तथा ई. इन्द्रनारायण साहलाई सेवाबाट मुक्त गर्न शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१८. अखील नेपाल फुटबल संघका अध्यक्ष गणेश थापाले विदेशी संघ संस्था र प्रायोजकबाट प्राप्त रकम अनियमितता गरी गैरकानूनी सम्पत्ती आर्जन गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।९।३० को निर्णयानुसार आर्थिक विनियमावली तयार गरी

कार्यान्वयनमा ल्याई आयोगलाई जानकारी दिन शिक्षा तथा खेलकूद मन्त्रालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

१९. सप्तरी स्थित राजेन्द्र देवकी नि.मा.वि.को आयश्रोत हिनामिना गरी गैरकानूनी तरिकाले खर्च गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२ को निर्णयानुसार विद्यालयका प्र.अ. मुरारी प्रसाद सिंहबाट भएको बेरुजु सम्बन्धमा एक महिना भित्र टुङ्गो लगाई आयोगलाई जानकारी दिने जिल्ला शिक्षा कार्यालय, सप्तरीमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२०. दि एलायटको-एड मा.वि. काठमाडौंको सम्पत्ति विक्री गरी मिलेमतोमा भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२ को निर्णयानुसार पुरानो दायित्व सम्बन्धमा कुनै निर्णय नै नगरी व्यवस्थापन करारमा दिन स्विकृति प्रदान गर्ने निर्णय प्रक्रियामा सम्बद्द कर्मचारी उपर कारवाही समेत गर्न र दि एलायटकोएड पूर्व शिक्षक तथा कर्मचारीहरुको तलव सुविधा सम्बन्धी हिसाव फरफारक गरी तीन महिना भित्र समस्या समाधान गरी आयोगलाई जानकारी दिन शिक्षा तथा खेलकुद मन्त्रालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२१. त्रि-चन्द्र बहुमुखी क्यापसका क्याम्पस प्रमुख राजेन्द्र चौधरीले अधिकारको दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।६ को निर्णयानुसार छानविन समितिको प्रतिवेदनले औंल्याए बमोजिम आवश्यक कारबाही गरी एक महिना भित्र आयोगलाई जानकारी दिन उपकुलपति त्रिभुवन विश्वविद्यालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२२. वन विज्ञान अध्ययन संस्थान पोखराका डीन अशोक कुमार मल्लिकले गाडी खरिद, विद्यार्थी भर्नामा अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२७ को निर्णयानुसार उप-प्रा.शैलेन्द्रनाथ अधिकारीलाई त्रिभुवन विश्वविद्यालय कर्मचारी सेवा शर्त सम्बन्धि नियम २०५० बमोजिम सेवाबाट वर्खास्त गर्न रजिष्ट्रार त्रिभुवन विश्वविद्यालयमा र ओभर हेड खाता बाट पेश्की लिई फर्यौट हुन बाँकी जम्मा रु. ३,१०२७१।८० मध्ये प्रा.डा. अभय कुमार दासबाट रु.७४८२।७०, प्रा. देव नारायण ठाकुरबाट रु. ५,०००।-, स. प्रा. अच्युतराज ज्ञावालीबाट रु १०,४२१।३०, उ.प्र. केशव प्रसाद काफ्लेबाट रु.२०,०००।-, सं प्रा. देवेद्र प्रसाद लिगलबाट रु.३०,०००।-, स.ले.पा शंभु राज ढुंगेलबाट रु. १२,०००।-, स.प्रा.ईश्वरेन्द्र प्रसादबाट रु.३८,०००।-, स.प्रा.अशोक कुमार मल्लिकबाट रु. १०,०००।-, ले.अ.दिनानाथ जमरकट्टेलबाट रु. ९,२६७।७०, उ.प्रा.कृष्णमोहन श्रेष्ठबाट रु. ५,०००।-, उ.प्र.श्याममोहन मिश्रबाट रु.३०,०००।-, स.प्रा.सुकदेव चौधरीबाट रु. १५,०००।-, कर्मचारी ईकाई संघबाट रु. १९,५००।-, स.प्रा समसुल हकबाट रु. ३०,०००।-, स.प्रा.मकबुल हुसेन खाँबाट रु. १०,०००।-, स.प्रां.केदारनाथ पौडेलबाट रु. ६००।-, उ.प्र.गिरिराज त्रिपाठीबाट रु. १५,०००।-, डा.सफेदराज उद्दिनबाट रु. १२,५००।-, प्र. प्रेमकाजी गुरुङबाट रु. ७,५००।-, मे.न्यायदेव खतिवडाबाट रु. १२,०००।-, उ.प्र.रामप्रसाद शर्माबाट रु.१०,०००।-,

स.स्टो.कि.देवनारायण यादवबाट रु. १,०००।-, र वन विज्ञान अध्ययन संस्थान कार्यालय खर्चको लागि प्रदान गरिएको जम्मा रु.३,४०,०००।- मध्ये वन विज्ञान अध्ययन संस्थान सम्पर्क कार्यालय रु. १,००,०००।-, वन विज्ञान अध्ययन संस्थान डिनको कार्यालय बाट रु १,७०,०००।-, वन विज्ञान अध्ययन संस्थान पोखरा क्याम्पसबाट रु ७०,०००।- असूल उपर गर्न त्रिभुवन विश्वविद्यालय, रजिष्ट्रार कार्यालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२३. उच्च माध्यमिक शिक्षा परिषद, सानोठिमी, भक्तपुरले आर्थिक अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२२ को निर्णयानुसार परिषद्का शा.अ. बालकृष्ण मिश्रले पेश्की फछ्यौंट गरिपाउँ भनी पेश गरेका कागजातहरुको आधिकारिकता, प्रामाणिकता एवं सत्य तथ्यताको समेत एकिन गरेर मात्र नियमानुसार पेश्की फछ्यौंट गरी आयोगलाई जानकारी दिन उच्च माध्यमिक शिक्षा परिषदमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२४. जिल्ला शिक्षा कार्यालय, रौतहटका जिल्ला शिक्षा अधिकारी सदानन्द झा ले अनियमित तरिकाले शिक्षकहरुको सरुवा गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।११।२३ को निर्णयानुसार रौतहट जिल्ला अन्तर्गतका शिक्षक प्रभास कुमार ठाकुरलाई जिल्ला शिक्षा अधिकारी सदानन्द झा ले गरेको सरुवा शिक्षा ऐन नियमावली विपरित भए गरेको देखिँदा उक्त सरुवा निर्णयहरु रद्द गरी आयोगलाई जानकारी दिन शिक्षा विभागमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२५. सदस्य सचिव अग्नी प्रसाद काफ्लेले CTEVT का मंगलदास कर्माचार्य, शम्भुप्रसाद भट्टराई र रामधारी यादवलाई परिषद्को नियमावली २०४९ अनुसार ५८ वर्ष पुरा भएका कर्मचारीलाई अवकाश दिनु पर्नेमा नदिई आर्थिक मिलेमतोमा लागि भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६३।१२।२७ को निर्णयानुसार समयमै विनियममा भएको संशोधनको जानकारी नगराउने र उमेर पुगेपछि अवकास नदिने तत्कालीन सदस्य सचिव डा. अग्नि प्रसाद काफ्ले र आफ्नो अवकास उमेर अवधिको सम्बन्धमा स्वयंले पनि जानकारी लिनु पर्ने कानूनी व्यवस्था र त्यस्तो जानकारी प्राप्त गर्न सक्ने अवस्था विद्यमान रहँदा रहदै पनि अवकास पत्र नदिएको भन्ने गैरकानूनी आधार बनाई अवकास हुने उमेर पुगेपछि पनि बढी अवधिमा लिएको तलव भत्ता लगायतका अन्य सुविधाहरु वापतको रकम समेत परिषद्को नियम अनुसार असूल उपर गरी आयोगलाई जानकारी दिन प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद्मा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२६. काठमाडौं, जोरपाटी स्थित बुद्ध एकेडेमी मा.वि. व्यवस्थापन समितिका सदस्य आङ्गछिरिङ्ग लामा समेतले गैर कानूनी कार्य गरी सार्वजनिक सम्पत्ति हिनामिना र भ्रष्टाचार गरे भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।१।१३ को निर्णयानुसार उक्त बुद्ध एकेडेमी मा.वि.को निजी शैक्षिक गुठीमा दर्ता भएको सम्बन्धमा शिक्षा विभागबाट क्षे. शि. नि. मध्यमान्चलको उप निर्देशकको संयोजकत्वमा गठित छानविन समितिले पेश गरेको सुझावहरुको

पूर्ण परिपालना र कार्यान्वयन ३ महिना भित्र गरी आयोगलाई जानकारी गराउने निर्देशन सचिव शिथा तथा खेलकुद मंत्रालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२७. भ्रष्टाचार एवं अनुचित कार्यको नियन्त्रण गरी सदाचार नैतिकता अनुशासन कायम गर्दै अनुशासन प्रवर्द्धन गर्न भ्रष्टाचार तथा अनुचित कार्य नियन्त्रण सम्बन्धी विषयलाई विद्यालय तथा विश्वविद्यालय स्तरको पाठ्यक्रममा समावेश गर्ने भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२।१२।२८ को निर्णयानुसार आयोगमा पेश भएको मस्यौदा बमोजिम भ्रष्टाचार तथा अनुचित कार्य नियन्त्रण सम्बन्धी विषयलाई विद्यालय तथा विश्वविद्यालयको पाठ्यक्रममा समावेश गर्न उपर्युक्त देखिदाँ आवश्यक कारवाही गरी आयोगलाई जानकारी गराउन शिक्षा तथा खेलकुद मंत्रालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२८. कान्तिपुर आयुर्वेदिक कलेजका संचालक डा.योगेन्द्र ठाकुरले विद्यार्थी भर्ना शुल्कको रकम लिई फरार भएको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।३ को निर्णयानुसार प्राचार्य निलमणी ढुङगाना र प्राचार्य विनोद कुमार पन्त वाल्मिकि विद्यापिठलाई नेपाल संस्कृत विश्व विद्यालय नियमावलीको नियम १९.८.२.१ बमोजिम विभागीय कारवाही गरी आयोगलाई जानकारी दिन नेपाल संस्कृत विश्व विद्यालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२९. टेलीफोन एक्चेन्ज बोर्ड, एयर कण्डिसन सेनीटरी मर्मत र भवन निर्माणमा समेत अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।१७ को निर्णयानुसार संयोजक मुरारीनाथ शर्मा समेतको समितिले औंल्याएका तथ्यहरु उपर कारवाही तथा कार्यान्वयन गरी आयोगलाई जानकारी दिन निर्देशन त्रिभुवन विश्वविद्यालय, केन्द्रिय कार्यालय, कीर्तिपुरमा पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३०. बालिका छात्रवृति रकम दुरुपयोग गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२९ को निर्णयानुसार फर्स्यौट गर्न बांकी रकम असूल उपर गर्न जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुमा पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

३१. जनक शिक्षा सामाग्री केन्द्र लि. का महा प्रवन्धक रमेशनाथ जोशीले कागज खरिद गर्दा विभिन्न किसिमले अनियमितता गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६४।२।२८ को निर्णयानुसार केन्द्रलाई एक आर्थिक वर्षमा आवश्यक पर्ने कागजको परिमाण आ.व.को शुरुमै निर्णय गरी ग्लोबल टेण्डरको माध्यमबाट खरिद गर्ने र केन्द्रबाट खरिद बिक्री, छपाई निमार्ण कार्यमा पारदर्शिता र प्रतिस्पर्धात्मक वातावरण सृजना गर्न आ.प्र.सम्बन्धी नेपाल कानूनको प्रतिकूल नहुनेगरी केन्द्रको आ.प्र. सम्बन्धी नियमावली २०५८ लाई सुधार र संशोधन गर्न जनक शिक्षा सामाग्री केन्द्रमा पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(ध) **श्रम तथा यातायात व्यवस्था मन्त्रालय अन्तर्गत**

१. ना.१ च. ७१८८ नं. को निशान जिप गैरकानुनी रुपमा दर्ता गरी संचालन गरेको भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२/६/४ को निर्णयानुसार ना.सु. शोभाखर पोखरेललाई विभागीय कारवाही गर्न श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

२. यातायात व्यवस्था विभागले ८० ग्रामको कागजमा व्लु वुक छपाई गर्नुपर्नेमा ५८ ग्रामको कागजमा छपाई गराई भ्रष्ट्राचार गरे भन्ने विषयमा आयोगबाट अनुसन्धान हुँदा आयोगको मिति २०६२/११/१५ को निर्णयानुसार ना.सु.(स्टोरकिपर) मनोहर पुरीलाई विभागीय कारवाही गर्न यातायात व्यवस्था विभाग, श्रम तथा यातायात व्यवस्था मन्त्रालयमा लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

(न) **स्वास्थ्य तथा जनसंख्या मन्त्रालय अन्तर्गत**

१. नेपाल यातायात संस्थानका तत्कालीन महाप्रवन्धक प्रकाशकुमार पौडेलले अनियमित किसिमले कार्यालयको टेलिफोनबाट कारोवार नै नभएको मुलुकमा गरेको ट्रंककलको रकम भुक्तानीको सिफारिस गरी संस्थानबाटै भुक्तानी दिने तत्कालीन लेखा प्रमुख उपेन्द्रराज उप्रेतीलाई विभागीय कारबाही गर्न नेपाल यातायात संस्थानलाई लेखी पठाइएकोमा सो निर्णय कार्यान्वयनको जानकारी प्राप्त नभएको ।

परिच्छेद - १४
तामेली

आयोगमा पर्न आएको उजूरीमा प्रारम्भिक छानबिन गर्ने क्रममा ऐनको हदम्याद नाघेको, आयोगको अधिकार वा कार्यक्षेत्र भित्र नपरेको, प्रथम दृष्टिमै तथ्ययुक्त नदेखिएको, अदालतमा मुद्दा परिरहेको, कुनै कारणले कारबाही गर्न सम्भव नभएको, गोलमटोल, अत्यन्त सामान्य र मामुली विषयको सम्बन्धमा उजूरी परेको भएमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग नियमावली, २०५९ को नियम १० बमोजिम आयोगबाट त्यस्ता उजूरीहरू तामेलीमा राख्ने निर्णय गरिन्छ । अधुरा, अपुरा प्रमाणहरू भएका, कुनै तथ्यगत आधार नभएका र व्यक्तिगत रिस ईबी साध्ने खालका उजूरीहरू बाहेक गत आ. व. २०६३/०६४ मा विस्तृत अनुसन्धान भई तामेलीमा राख्ने निर्णय गरिएका उजूरीहरू देहाय बमोजिम छन् ।

१. महाकाली माध्यमिक विद्यालय श्रीनगर, मुगुका शिक्षक हिकमत बहादुर मल्लको शैक्षिक योग्यताको प्रमाणपत्र सम्बन्धमा अनुसन्धान हुँदा निज हिकम्मतबहादुर मल्लको नामको माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेशबाट सन १९८५ मा इन्टरमिडियट परीक्षा उत्तीर्ण गरेका प्रमाणपत्र माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेश इलाहावादमा प्रमाणीकरणको लागि पठाउँदा उक्त परिषद्को पत्रबाट "परीक्षाफल CP सूची में रुका गया है" भनी लेखी आएपछि अनुसन्धान अधिकृत तोकी विस्तृत अनुसन्धान भइरहेकै अवस्थामा निजबाट दिनांक २८।०३।१९८६ मा नै WE सूचीबाट परीक्षाफल फुकुवा गरेको पत्रको र दिनांक २८।०८।२००४ मा जारी भएको भनिएको द्वितीय प्राप्तांक पत्रको प्रतिलिपि लगायतका अन्य कागजातहरू पेश हुन आई पुनः प्रमाणीकरणको लागि पठाउँदा माध्यमिक शिक्षा परिषद्, उत्तरप्रदेश इलाहावादले "परीक्षाका नाम इन्टर १९८५, अनुक्रमांक ६८९८४७ छात्रका नाम हिकम्मतबहादुर मल्ल, पिताका नाम कृष्णबहादुर मल्ल, प्राप्तांक २३९/५०० परीक्षाफल द्वितीय उल्लेख गरी मा. शि. प. की आख्या महलमा पुष्टि की जाति है, दिनांक २८।८।२००४ परिषद् कार्यालयद्वारा निर्गत किया गया है" भनी उल्लेख भई आएको हुँदा सोही आधारमा आयोगको २०६३।४।१ को निर्णयानुसार निजको उल्लिखित शैक्षिक प्रमाणपत्रको छानबिन कार्य तामेलीमा राखिएको ।

२. नेपाल बैंक लिमिटेड लिड बैंक भई राष्ट्रिय वाणिज्य बैंक, नेपाल औद्योगिक विकास निगम र कर्मचारी सञ्चय कोष सदस्य रही कास्की जिल्ला, छिनेडाँडा, पोखरामा निर्मित रिसोर्ट होटल द फूलबारी लि.लाई सह वित्तीय कर्जा प्रवाह गर्दा बैंक तथा वित्तीय संस्थाका पदाधिकारीहरू तथा कर्मचारीहरू र दि फूलबारी लिमिटेडका अध्यक्ष पियूषबहादुर अमात्य र अन्य संचालक सदस्यहरूले आपसी मिलेमतोमा आंफूहरूलाई गैरकानूनी लाभ र आफू कार्यरत बैंक तथा वित्तीय संस्थाहरूलाई गैरकानूनी हानि पुऱ्याई भ्रष्टाचारजन्य कार्य गरेकोले आवश्यक अनुसन्धान तथा कारबाहीको लागि भनी नेपाल बैंक लिमिटेडका प्रमुख कार्यकारी अधिकृत जे. क्रेग म्याक एलिस्टरले दिएको उजूरी निवेदन उपर अनुसन्धान हुँदा उक्त परियोजनामा वर्तमान अवस्थामा कर्जाको सुरक्षणको दृष्टिबाट हेर्दा बैंकले लगानी गरेको रकम भन्दा ज्यादा रकमको धितो जमानत

बैंकलाई लेखी लेखाई दिएको देखिएको र हाल पूँजीकृत ब्याज, ब्याज र जरिवानासमेत गरी होटलले तिर्नुपर्ने रकमको अंक बढ्न गए पनि मिति २०५८।५।८ र २०५८।५।१५ को सहवित्तीय बैठकमा निर्णय भएझैं बैंक र होटलबीच आपसी वार्ता भई सहमति हुन सकेको अवस्थामा होटल अझै पनि सावाँ ब्याज तिर्न सक्षम हुन सक्ने देखिएको आधारमा सावाँ ब्याज असूलीको लागि सम्बन्धित बैंक तथा वित्तीय संस्थाहरूको तर्फबाट सावाँ ब्याज समेत कुल रु. ३,६४,५९,८७,८७०।१७ को मागदाबी लिई मिति २०६३।२।२५ मा ऋण असूली न्यायाधिकरणमा उजूरी समेत परिसकेको देखिएको र नेपाल बैंक लगायतका बैंक तथा वित्तीय संस्थाबाट प्रवाहित खुद कर्जा रकम र परियोजनाको सम्पत्ति मूल्याङ्कनबाट देखिन आउने रकममा खास अन्तर नदेखिएको, ऋणीले सम्पूर्ण परियोजना नै लगानीकर्ता बैंकहरूको नाउँमा धितोमा दिएको तथा परियोजनाको प्रमुख सञ्चालक पियूषबहादुर अमात्यको व्यक्तिगत जमानी समेत लिएको देखिंदा धितोले नखाम्ने गरी कर्जा प्रवाह भएको भन्न सक्ने अवस्था नदेखिएको र कर्जाको सावाँ ब्याज रकम ऋणीबाट उठाई भराई पाउन सहवित्तीय लगानीकर्ताहरूको तर्फबाट लिड पार्टनर नेपाल बैंक लिमिटेडले कुल रु ३,६४,५९,८७,८७०।१७ को मागदाबी लिई मिति २०६३।२।२५ मा ऋण असूली न्यायाधिकरणमा मुद्दा दायर समेत गरिसकेको अवस्थामा बैंकको लेना रकम प्रचलित कानून बमोजिम असूल उपर गर्न सकिने नै देखिँदा प्रस्तुत उजूरीलाई आयोगको मिति २०६३/४/१ को निर्णयानुसार तामेलीमा राखिएको ।

३. जिल्ला विकास समिति, सप्तरीका तत्कालीन मनोनीत सभापति मुक्तिनाथ मण्डलले आफू मनोनीत भएको चार महिना भित्रै गत वर्ष ६८ लाखमा लागेको ठेक्का ठाडो निवेदन लिई रु. १० लाख घूस खाई आफ्नै गा.वि.स. का व्यक्ति सत्य नारायण यादवलाई रु. १३ लाखमा ठेक्का लगाए भन्ने व्यहोराको मिति २०६२।८।१७ मा आयोग समक्ष पर्न आएको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा जिल्ला विकास समिति, सप्तरीबाट आ.व. २०६२।०६३ मा जिल्ला भित्र संकलन गरिने बालुवा, ढुङ्गा, गिट्टी समेतका विभिन्न सामग्रीको राजस्व संकलनका ठेक्का लगायतका लागि मिति ०६२।२।२२ र मिति २०६२।३।२९ मा न्यूनतम अंक तोकी गोरखापत्रमा सूचना प्रकाशित गरी बोलपत्र आह्वान गरेकोमा कुनै पनि बोलपत्र प्राप्त हुन नआएकोले पुनः न्यूनतम अंक घटाई मिति २०६२।५।११ मा डाँक बढाबढको सूचना गोरखापत्रमा प्रकाशित गर्दा पनि कुनै व्यक्तिको बोलपत्र नपरे पछि उक्त राजस्व संकलन कार्य गर्नका लागि जि.वि.स. मा परेका निवेदनहरू मध्ये बढी अंक कबोल गर्ने सत्यनारायण यादवलाई निजले निवेदनमा कबुल गरेको रकममा एक लाख थपी पछि जिल्ला विकास समितिको बोर्डबाट अनुमोदन गर्ने गरी भनी सभापति मुक्तिनाथ मण्डलले निर्णय गरेको देखियो । उक्त निर्णय मिति २०६२।९।६ मा बसेको जि.वि.स. बोर्डले अनुमोदन समेत गरेको र स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०५६ को नियम ८४ क. र नियम ८४ ख. मा उल्लिखित प्रक्रिया पूरा गर्दा पनि ठेक्का लाग्न नसकेको अवस्थामा सभापतिबाट पछि अनुमोदन गराउने गरी निर्णय गरेको देखिँदा सो निर्णय बदनीयत साथ भएको भन्न सकिने अवस्था नदेखिएको हुँदा आयोगको मिति २०६३/४/२ को निर्णयानुसार उक्त उजूरीलाई तामेलीमा राखिएको ।

४. झूट्ठा जन्म दर्ता बदर गरीपाउँ भनी उर्मिला कुमारी महतोले मिति २०५८।१०।२१ मा जिल्ला प्रशासन कार्यालय नवलपरासीमा दर्ता गराएको निवेदन उपर जि.प्र.का.प्रमुख तथा जि.वि.स. प्रमुखसँग पटक पटक सम्पर्क गर्दा पनि निर्णय दिन आलटाल गरिरहेको र विपक्षीसँग १ लाख

रूपैयाँ लिई मलाई हानि र विपक्षीलाई फाइदा पुऱ्याई अख्तियारको दुरूपयोग गरेकोले कारबाही गरिपाउँ भनी निज महतोले यस आयोगमा दिएको उजूरी निवेदनमा आवश्यक निर्णय गरी आयोगमा पठाउन जिल्ला प्रशासन कार्यालय, नवलपरासीमा लेखी पठाइएकोमा जिल्ला प्रशासन कार्यालय, नवलपरासीबाट प्राप्त भएको प्रतिवेदन उपर छलफल हुँदा उजूरी उपर प्रारम्भिक छानबिन भइरहेकै अवस्थामा सोही विषयलाई लिई उजूरीकर्ता उर्मिलाकुमारी महतोबाट धनुषा जिल्ला अदालतमा किर्ते जालसाजी मुद्दा परी अदालतमा विचाराधीन रहेको देखिएको तथा राष्ट्रिय विधिविज्ञान प्रयोगशालाको मिति २०६२।६।१२ को पत्रसाथ संलग्न परीक्षण प्रतिवेदन अनुसार सूचक सूर्यदेव महतोको ल्याप्चे छाप परीक्षण गर्दा सबै ल्याप्चे सहीछाप निजैसँग मिलेको भन्ने विशेषज्ञको राय भएको र महान्यायाधिवक्ताबाट मिति २०६२।११।१६ मा यस विषयमा हाल कोही कसै उपर मुद्दा नचलाउने गरी निर्णय समेत गरेको वस्तुस्थिति देखिन आएकोले आयोगको मिति २०६३/४/४ को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

५. नेपाल बैंक लिमिटेडका वरिष्ठ पियन (निम्न स्तर) राजकुमार कलवारले माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेशबाट सन् १९९७ मा हाइस्कूल परीक्षा उत्तीर्ण गरी पेश गरेको शैक्षिक प्रमाणपत्रको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा प्रतिवादी राजकुमार कलवार मिति २०३६।४।१ मा पियन पदमा शुरु नियुक्ति भएको र मिति २०५२।१।११ मा वरिष्ठ पियन पदमा बढुवा भएको देखियो । पियन पदमा नियुक्ति हुँदाको शैक्षिक योग्यताको सम्बन्धमा बैंकको कर्मचारी नियमावली २०४८ को अनुसूची ३ को दफा १० (१) को (क) मा पियन पदहरू पूर्ति गर्दा कम्तीमा नेपाली र अंग्रेजी लेखपढ गर्न जान्ने योग्यता भएको र साइकल चल्ने स्थानमा साइकल चलाउन जान्ने आधारमा नियुक्त गरिने तथा बढुवा हुने व्यवस्थामा शैक्षिक योग्यता अनिवार्य नरहेको भनी नेपाल बैंक लिमिटेडबाट लेखी आएको पत्रका आधारमा हेर्दा निजले सो प्रमाणपत्रबाट शुरु नियुक्ति एवं बढुवा पाएको नदेखिएको, निज निम्नस्तर (श्रेणी विहीन) पियन जस्तो पदमा रही सेवाबाट मिति २०६०।७।३० मा नै राजीनामा दिइसकेको देखिएकोले निज राजकुमार कलवारको उल्लेखित अनुसन्धान कार्य आयोगको मिति २०६३/४/९ को निर्णयानुसार तामेलीमा राखिएको ।

६. नेपाल बैंक लिमिटेडका वरिष्ठ पियन (निम्न स्तर) हंशजंग शाहले माध्यमिक शिक्षा परिषद्, उत्तर प्रदेशबाट सन् १९९७ मा हाइस्कूल परीक्षा उत्तीर्ण गरी पेश गरेको शैक्षिक प्रमाणपत्रको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा प्रतिवादी हंशजंग शाह मिति २०३७।३।२३ मा पियन पदमा शुरु नियुक्ति भएको र मिति २०५२।४।१ मा वरिष्ठ पियन पदमा बढुवा भएको देखिन आयो । पियन पदमा नियुक्ति हुँदाको शैक्षिक योग्यताको सम्बन्धमा बैंकको कर्मचारी नियमावली २०४८ को अनुसूची ३ को दफा १० (१) को (क) मा पियन पदहरू पूर्ति गर्दा कम्तीमा नेपाली र अंग्रेजी लेखपढ गर्न जान्ने योग्यता भएको र साइकल चल्ने स्थानमा साइकल चलाउन जान्ने आधारमा नियुक्त गरिने तथा बढुवा हुने व्यवस्थामा शैक्षिक योग्यता अनिवार्य नरहेको भनी नेपाल बैंक लिमिटेडबाट लेखी आएको पत्रका आधारमा हेर्दा निजले सो प्रमाणपत्रबाट शुरु नियुक्ति एवं बढुवा पाएको नदेखिएको, निजले निम्नस्तर (श्रेणी विहीन) पियन जस्तो पदमा रही सेवाबाट मिति २०६०।७।३० मा नै राजीनामा दिइसकेको देखिन आएकोले निज हंशजंग शाहको उल्लेखित अनुसन्धान कार्य आयोगको मिति २०६३/४/९ को निर्णयानुसार तामेलीमा राखिएको ।

७. आ.व. २०६०।०६१ मा धादिङ जिल्लाको नीलकण्ठ गा.वि.स.वडा नं.२ स्थित शीतलडाँडा स्प्रिङ्कलर सिंचाइको लागि जि.वि.स. धादिङबाट विनियोजन भएको रु. १,८०,०००।- उपभोक्ता मार्फत काम गराउनका लागी भनी लगेकोमा काम नै नगराई जिल्ला विकास समिति, धादिङका ओ.सी. ज्ञानेन्द्र बहादुर शाह र उपभोक्ता समितिका अध्यक्ष ज्ञानबहादुर सिंह ठकुरीसमेतको मिलोमतोमा काम नै नभई काम गरेको भनी नक्कली बिल भर्पाइ बनाई भ्रष्टाचार गरेकोले आवश्यक कारबाही होस् भनी यस आयोगमा पर्न आएको उजूरी उपर अनुसन्धान हुँदा हाल गाडिएको पाइपदेखि पानीको मुहानसम्मको दूरी करिब ४५०० मिटर टाढा भएको भन्ने भनाइ प्राविधिकको रहेको र उक्त योजना उल्लेखित कार्यबाट पूरा हुन नसक्ने देखिन आएको तर पाइप बिच्छ्याउने कार्य सम्पन्न भए तापनि योजना अधुरै देखिन आएको हुनाले उक्त योजना पूरा गराउने तर्फ आवश्यक कारबाही गर्ने र योजना पूरा हुन नसक्ने अवस्था भएमा हाल गाडिएको पाइप सदुपयोग गर्नेतर्फ कारबाही गर्न जि.वि.स., धादिङलाई लेखी आयोगको मिति २०६३/४/१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

८. चोरीको भारतीय नम्बर वि.आर. २४ ई। २५७३ भएको नयाँ वलेरो गाडीलाई नियम विपरीत एम्बुलेन्समा परिवर्तन गरी राजस्व रकम समेत नतिरी गैरकानूनी तरिकाबाट संचालन गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान हुँदा उक्त सवारी साधन नेपालमा दर्ता नै नभएको कारणले सवारी साधन आयात गर्दा अनियमितता गरे वा गरेनन् भनी अनुसन्धान गर्नुपर्ने अवस्था भएन । जिप धनी भनिएका शम्भुप्रसाद महतोको नाममा सवारी साधन नामसारी भई नसकेको कारणले निजले के कसरी सवारी साधन खरिद गरे भनी अनुसन्धान गर्न सकिने अवस्था रहेन । सो सवारी साधन नेपाल प्रवेश गर्दा पटके राजस्व तिरे नतिरेको पनि अनुसन्धानबाट खुल्न सकेन । एम्बुलेन्स सामाजिक काममा लाग्ने र सामाजिक काममा संलग्न भएको बेलामा (विरामी लिन वा पुऱ्याउन जाँदा) रोकटोक भएमा अप्रिय अवस्था आउन सक्ने भएकोले सो एम्बुलेन्सलाई बेरोक टोक संचालन गर्न दिनु भनी सिफारिस दिने सम्बन्धित प्रहरी निरीक्षकलाई पनि निजले त्यस्तो पत्र लेखेकै कारणले कारबाही गर्नुपर्ने अवस्था नदेखिएकोले आयोगको मिति २०६३/४/२३ को निर्णयानुसार उक्त उजूरी तामेलीमा राखिएको ।

९. मलेखु इलाका हुलाक कार्यालय, धादिङका अवकाश प्राप्त हल्कारा भूमिप्रसाद त्रिपाठीले २०२९ सालमा नेपाली शिक्षा परिषद्बाट एस.एल.सी. उत्तीर्ण गरी प्राप्त गरेका भनिएका शैक्षिक योग्यताको प्रमाणपत्रहरूबाट निजले कुनै किसिमको नाजायज फाइदा लिएको नपाइनुका साथै निजले अवकाश समेत पाइसकेकोले निजको एस.एल.सी. परीक्षाको प्रमाण पत्रका सम्बन्धमा छानबिन गरिरहनुपर्ने अवस्था नदेखिएकाले प्रस्तुत कारबाही आयोगको मिति २०६३।५।९ को निर्णयानुसार तामेलीमा राखिएको ।

१०. २०६१ माघ १९ देखि २०६३ वैशाख ११ सम्म सूचना तथा संचार मन्त्रालयबाट अनुदान प्राप्त गर्ने विभिन्न पत्रकार र सञ्चार संस्थाहरूको नामावली पत्रिकामा सार्वजनिक भएपछि आफूले मन्त्रालयबाट त्यस्तो कुनै रकम नबुझेकोले यस विषयमा यथार्थ रूपमा छानबिन हुन भनी विभिन्न पत्रकार एवं लेखकहरूबाट परेका उजूरी, सूचना तथा संचार मन्त्रालयबाट भएको छानबिन प्रतिवेदन र आर्थिक तथा सामाजिक सचेतनाका लागि सञ्चारका महासचिव ओजस्वी गौतमको उजूरी

समेतका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा अनुदान रकम लिनेको विवरण सार्वजनिक भएपछि अनुदान लिएका भनिएका ८४ मध्ये १४ जनाले आफूले रकम नलिएको, आफ्ना नाममा अर्कैले रकम लिएको दावी गरी मन्त्रालयमा नै निवेदन गरेको र सो निवेदनहरू उपर मन्त्रालयबाट भएको छानबिन प्रतिवेदन समेत संलग्न राखी थप छानबिन र अनुसन्धानका लागि यस आयोगमा पठाएकोमा आयोगबाट सम्बन्धित व्यक्तिहरूको बयान तथा दस्तखत र हस्ताक्षर नमूना संकलन गरी राष्ट्रिय विधिविज्ञान प्रयोगशाला, खुमलटारबाट वैज्ञानिक परीक्षण गराउँदा रकम नलिएको दाबी गर्ने १४ जनामध्ये दृष्टि साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठको दस्तखत र हस्ताक्षर नमूना उल्लेखित निवेदन र भरपाइमा भएका हस्ताक्षर र दस्तखतसँग मेल खाएको तर अन्य कसैको पनि नमूना र विवादास्पद दस्तखत र हस्ताक्षर नमिलेको भन्ने उल्लेख भई आएको छ । प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिको बैठकले यो विषयमा तत्कालीन सूचना तथा सञ्चारमन्त्री टंक ढकालले अनियमित, बदनीयतपूर्ण र गैरजिम्मेवार ढंगले खर्च गरेको रकम प्रचलित कानून बमोजिम असूल गरी जानकारी दिन नेपाल सरकार, प्रधानमन्त्रीको कार्यालय तथा मन्त्रिपरिषद् सचिवालय र सूचना तथा सञ्चार मन्त्रालयलाई निर्देशन दिने निर्णय गरेको देखिन आयो । यसरी खर्च भएको पूरै रकम असूल उपर गर्ने निर्णय प्रतिनिधि सभा, सार्वजनिक लेखा समितिबाट भइसकेपछि सो मध्ये केही रकम निवेदकहरूले पाएका हुन् होइनन् वा कसले लियो भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान गरिरहनु प्रासंगिक देखिएन । आर्थिक तथा सामाजिक सचेतनाका लागि सञ्चारका महासचिव ओजस्वी गौतमले सूचना तथा सञ्चार मन्त्रालयबाट आफ्नो संस्थाका नाममा अर्कैले रकम लिएको भन्ने सम्बन्धमा सो रकम नेपाल इन्भेष्टमेण्ट बैंक, पुतलीसडक शाखामा रहेको भिडियो लाइन प्रा.लि.को खातामा जम्मा भएको र सो कम्पनीसँग सम्बन्धित पुरुषोत्तम ढकालसँग यथार्थ व्यहोरा खुलाउन अनुरोध गर्दा आफूले रकम बुझेको हो, उक्त समयमा ओजस्वी गौतम र म सँगै काम गर्दथ्यौं भन्ने समेतको व्यहोरा लेखी पेश गरेबाट उक्त विषय आयोगको कार्यक्षेत्रभित्र नपर्ने भएकोले सो निवेदन उपर समेत थप छानबिन गर्नुपर्ने देखिएन । किर्ते छाप वा दस्तखत प्रयोग गरेको भन्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अधिकार प्राप्त निकाय मार्फत आवश्यक कारबाही चलाउन सकिने नै देखिनाले निवेदक ओजस्वी गौतमलाई सोही व्यहोरा जानकारी दिने गरी आयोगको मिति २०६३।५।१८ को निर्णयानुसार प्रस्तुत विषयको कारबाही तामेलीमा राखिएको ।

११. काठमाडौं जिल्ला मूलपानी गा.वि.स. मा जग्गा सम्याउने नाउँमा सशस्त्र प्रहरी बल पशुपतिनाथ वाहिनीबाट टेण्डर आह्वान गरी अनियमित मिलेमतोमा श्री वटुक भैरव बालुवा प्रशोधन उद्योग प्रा.लि. लाई स्वीकृति दिई सम्याउनु पर्ने ठाउँमा उल्टै ४०/५० फिट गहिरो खाडल बनाइ दिएको, लाखौंको बालुवा स्थानीय स्वायत्त शासन ऐन नियम विपरीत राजस्व छली बिक्री वितरण गरेको हुँदा सम्बन्धित पक्षहरूलाई यथाशीघ्र कारबाही गरी अनियमित बालुवा बिक्री वितरण गर्ने कार्य बन्द गरी पाउँ भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा ४०/५० फिट गहिरो खाडल बनाई बालुवा निकालिएको भन्ने उजूरीको बुँदाका सम्बन्धमा आयोगबाट स्थलगत अवलोकन गर्दा त्यस्तो भए गरेको देखिन आएन । सम्झौता अनुसार सम्झौताको मितिभन्दा अगाडिको समयमा निकासी भएको बालुवाको सशस्त्र प्रहरीबल प्रधान कार्यालयबाट प्रमाणित परिमाणको आधारमा र सम्झौता भएपश्चात २०६३ आषाढ मसान्तसम्म जि.वि.स. मा रकम प्राप्त भएको समेत देखिएको हुनाले प्रस्तुत उजूरीलाई आयोगको मिति २०६३।५।२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

१२. मिति २०६०/११/१५ गतेको नेपालीपत्र साप्ताहिकमा " चोरीको गाडी कम हुने" भन्ने शीर्षकमा प्रकाशित समाचारका सम्बन्धमा आयोगबाट चोरी पैठारीको आशंकामा पक्राउ परी विभिन्न भन्सार कार्यालयहरूमा रहेका सवारी साधनहरूको सक्कल फायल झिकाउँदा प्राप्त हुन आए मध्येको भे.१ज. ८९ नं. को जीप गैरकानूनी रूपमा दर्ता गरेको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा हाल भे.१ज ८९ कायम हुन आएको प्रस्तुत जीप शुरुमा बा.अ.झ १०९८ नम्बरमा सावित शाही नेपाली सेनाका नाममा दर्ता भएको र २०५२।८।११ मा लिलाम गर्दा महेन्द्र कुंवर क्षेत्री (के.सी.) ले लिलाम सकार गरेको व्यहोरा नेपाली जंगी अड्डाको पत्रबाट पुष्टि हुन आयो । सो जीप निजले बागमतीमा नै बा.अ.ञ ६०७ मा दर्ता गरेको व्यहोरा सहमति पत्रबाट देखिन आउँछ । बा.अ.ञ ६०७ नं. को जीप निजकै नाममा यातायात व्यवस्था कार्यालय, महाकालीमा लगी सरुवा दर्ता गरेको देखिन आयो । सरुवा सहमति दिंदा शुरु दर्ता भएको भन्दा फरक इन्जिन नम्बर उल्लेख भएको र महाकालीमा दर्ता गर्दा सहमति पत्रमा उल्लेख भए भन्दा फरक मोडल नम्बर उल्लेख गरी दर्ता गरेको देखियो । महाकालीबाट सरुवा गरी गण्डकी अञ्चलमा दर्ता गर्दा पनि सहमति पत्रमा उल्लेख भएको ४ सिटका ठाउँमा ११ सिट कायम गरी दर्ता गरेको देखियो । सावित दर्तावाला शाही नेपाली सेनाबाट महेन्द्र के.सी.(कुंवर क्षेत्री) ले लिलाम सकार गरेको, निजकै नाममा बा.अ.ञ ६०७ नम्बरमा दर्ता भएको र निजकै नाममा नै सरुवा सहमति लिई यातायात व्यवस्था कार्यालय महाकालीमा दर्ता भएको देखिन आएबाट हाल भे.१ज ८९ नम्बर कायम हुन आएको जीपको दर्ता पूर्ण रूपमा अवैधानिक छ भन्न सकिने आधार देखिएन । बा.अ.झ १०९८ र बा.अ.ञ ६०७ को सक्कल फायल फेला पर्न नसकेको हुनाले इन्जिन परिवर्तन भएको व्यहोरा स्पष्ट हुन सकेन तापनि तत्कालीन शाखा अधिकृत डिलबहादुर बानियाँको बयानबाट रीतपूर्वक इन्जिन परिवर्तन भएको हुनसक्ने देखियो । तत्कालीन महाकाली र गण्डकी अञ्चल यातायात व्यवस्था कार्यालयका कार्यालय प्रमुखहरूलाई सहमति पत्रमा उल्लेख भए भन्दा मोडल नम्बर र सिट संख्या फरक पारी दर्ता गरिदिएकोमा जिम्मेवारीको समुचित पालना नगरेकोमा विभागीय कारबाही गर्नुपर्ने हो तापनि निजहरू क्रमशः शाखा अधिकृत नरेन्द्रबहादुर थापा र ना.सु. धनबहादुर अधिकारी सेवा निवृत्त भइसकेकोले विभागीय कारबाही तर्फ अनुसन्धान गर्नुको औचित्य देखिएन । जीपको इन्जिन नम्बर रिपञ्च भएको व्यहोरा प्राविधिक जाँचबाट देखिन आएकोले शुरु दर्ताको सक्कल फायल फेला नपरेको कारणबाट कसूर गर्ने व्यक्ति र समय यकिन हुन नसक्ने देखिएको र कर्मचारीहरूको मिलोमतो छ, छैन पुष्टि हुन नसक्ने हुँदा आयोगबाट यसमा केही गरिरहनु परेन । सो जीपको इन्जिन नम्बर रिपञ्च भएको भन्ने सम्बन्धमा प्रचलित कानून बमोजिम अनुसन्धान गरी कारबाही गर्न सम्बन्धित भन्सार कार्यालयमा लेखी पठाउने गरी आयोगको मिति २०६३।६।१ को निर्णयानुसार प्रस्तुत विषयको फायल तामेलीमा राखिएको ।

१३. जनकपुर नगरपालिका वडा नं. ८ स्थित भगवान राधाकृष्ण मन्दिर वीरपुर कुटीको नाममा दर्ता रही विभिन्न व्यक्तिहरू मोही कायम रहेको जग्गाको कूतवाली मोहीले मन्दिरका पुजारीलाई बुझाउँदै आएको निजी कुटीको जग्गालाई गुठी संस्थान शाखा कार्यालय जनकपुरका कार्यालय प्रमुख समेत मोहीसँग मिलेमतो गरी अतिरिक्त ठूलो धनराशी लिई कृत्रिम कागजातका आधारमा उक्त जग्गाहरू रैतान नम्बरी गर्न लागेकाले रोकीपाउँ भन्ने व्यहोराको सो मन्दिरका पुजारी श्यामदास वैष्णवको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा सर्वप्रथम १९८३ सालको लगतमा प्रस्तुत राधाकृष्ण भगवान वीरपुर कुटीको कुनै लगत प्राप्त नभई सावित २०२६ सालको नापीमा भारत बस्ने सुदर्शन दासको

नम्बरी जग्गा हो भनी फिल्ड बुकमा उल्लेख भई नापी भएको जग्गामा राधाकृष्ण भगवान मन्दिर वीरपुर कुटी कायम हुन आई निज जग्गा धनी सुदर्शन दासको निवेदन समेतका आधारमा गुठी संस्थान संचालक समितिका निर्णयानुसार उक्त राधाकृष्ण भगवान वीरपुर कुटीलाई राजगुठीमा कायम गरी सो मन्दिरका नाममा रहेको जग्गालाई गुठी संस्थानका नाममा लिई सो मन्दिरको पूजा आजा समेतको व्यवस्था गरी उक्त जग्गामा कायम रहेका मोहीहरूबाट नियमानुसार कुतवाली असूल गर्ने व्यवस्था गरी कानून बमोजिम संचालन गरेको देखियो । प्रस्तुत गुठीको जग्गालाई सोही मन्दिरकै पुजारी रहेका निवेदकले उक्त जग्गाको जग्गाधनी दर्ता श्रेस्ताबाट आफ्नो नाम हटाइ दिए पश्चात राज गुठीमा गएको जग्गालाई निजी गुठीको जग्गा किर्ते कागजात समेतको आधारमा रैतान नम्बरी गर्न लागेकाले रोकी पाउँ भनी निवेदन दिएको देखिँदा यसमा गुठी संस्थानबाट अनियमितता भए गरेको नदेखिँदा प्रस्तुत उजूरीलाई आयोगको मिति २०६३।६।५ को निर्णयानुसार तामेलीमा राखिएको ।

१४. काठमाडौं जिल्ला गोकर्ण गा.वि.स. वार्ड नं. ९ (क) कि.नं. १३ को जग्गामा गैरकानूनी तवरले भूमिसुधार कार्यालय, काठमाडौंका भूमिसुधार अधिकारीले मोटो रकम लिई मोही कायम गरी भ्रष्टाचार गरेको भन्ने विषयमा आयोगबाट विस्तृत अनुसन्धान हुँदा जिल्ला काठमाडौं गोकर्ण गा.वि.स. वार्ड नं. ९ (क) कि.नं. १३ को ३-१-३-० रोपनी जग्गा गैरकानूनी रूपले मोही कायम गरी मोटो रकम लिई श्याम श्रेष्ठलाई मोही कायम गरेको भन्ने उजूरीका सम्बन्धमा मोही कायमको निर्णय गर्ने तत्कालीन भूमि सुधार अधिकारी बैद्यनाथ चौधरीले मिति २०६२।१।५ मा गरेको निर्णय हेर्दा उक्त जग्गा मिति २०४३।३।८ मा दोर्जेरिम्पोछे लामाले खरीद गर्दाको स्रेतामा मोहीको महलमा रामकृष्ण श्रेष्ठ रहेको, सोही जग्गा निजले मिति २०४९।१०।२० मा श्यार्मीनुव फाउण्डेशन दरबार मार्गलाई बिक्री गर्दा समेत मोहीको महलमा निजै रामकृष्ण श्रेष्ठको नाम रहेको देखियो । निज रामकृष्ण श्रेष्ठको मृत्यु भई मोहीको हकदार छोरा श्याम श्रेष्ठ हुन् भनी गोकर्ण गा.वि.स. को सिफारिश समेत भएको, जग्गाधनी श्यार्मीनुव फाउण्डेशन दरबारमार्गले मोही श्याम श्रेष्ठ हुन् भनी भूमि सूधार कार्यालय काठमाडौंमा आई सहमति जनाई मोही हक छाडे वापत रु.४,१७,०००।- मोहीलाई बुझाई मोहीको लगत कट्टा गरेको देखियो । सो विषयमा सरकारी हानि नोक्सानी भएको देखिएन । आरोपित भूमिसुधार अधिकारीको गैरकानूनी मिलेमतो समेत नदेखिएकोले प्रस्तुत उजूरी सम्बन्धी फायल आयोगको मिति २०६३।६।९ को निर्णयानुसार तामेलीमा राखिएको ।

१५. मालढुंगा - बेनी सडक आयोजनामा बस, ट्रक, जीपहरूलाई प्रति ट्रिप शुल्क लगाई रु. २८ लाख सम्म उठ्ने गरेको तर सो सडकको राम्रोसँग मर्मत सम्भार नभएको तथा जिल्ला विकास समितिले चालू सडकको मर्मत एवं नयाँ सडकको निर्माण कार्यका लागि रु. ४५ लाख विनियोजन गरेकोमा निर्माण समितिका पदाधिकारीहरूले निर्माण कार्यमा खर्च नगरी हिनामिना गरेको सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा सवारी करबाट उठेको प्रत्येक वर्षको रकम लगायत आयोजनाको लागि प्राप्त भएको रकम मालढुंगा बेनी सडक आयोजनाको निर्माण एवं मर्मत कार्यमा खर्च गरेको पाइएको तथा आयोजनाको लेखापरीक्षण प्रतिवेदनबाट समेत उक्त कार्यमा अनियमितता भएको भन्ने कहीं कतै उल्लेख भएको नदेखिँदा प्रस्तुत उजूरी आयोगको मिति २०६३।६।९ को निर्णयानुसार तामेलीमा राखिएको ।

१६. जिल्ला शिक्षा कार्यालय, रूपन्देहीको फ्रिज भइसकेको रकम झिकी अनियमितता गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा जिल्ला शिक्षा कार्यालय, रूपन्देहीको आ.व. २०६१।०६२ को रकम खर्च गरी सम्पन्न भएको काम सम्बन्धमा महालेखा परीक्षकको विभागको प्रारम्भिक प्रतिवेदन अनुसार ब.उ.शी.नं ६५-४-४१७, ६५-४-४३०, ६५-४-८०४ र ६५-४-८३० तर्फ औंल्याइएका बेरुजु व्यहोराहरू हेर्दा कुनै पनि दफामा असूल उपर गर्नुपर्ने वा भ्रष्टाचार भएको भनी औल्याइएको पाइएन । कार्यालयबाट निकासा अनुसार खर्च गरेको र खर्च अनुसार काम भएको तर कुनै कुनै कामको प्रक्रियागत केही त्रुटि औल्याई त्यसमा सुधार होस् भन्ने मनसाय उक्त प्रतिवेदनले राखेको पाइन्छ । अनुदान प्राप्त गर्ने संस्था वा निकायले काम गर्दा भौगोलिक अवस्था, आफ्नो आर्थिक एवं भौतिक क्षमता र दक्ष जनशक्तिको उपलब्धता समेतलाई विचार गर्दा काममा सानातिना फरक पर्न सक्ने हुँदा त्यतिकै आधारमा मात्र लागत इष्टिमेट एवं नर्म्स अनुसार काम भएन भन्न मिल्ने देखिएन । निकासा अनुसार खर्च भएको, नर्म्स बमोजिम काम सम्पन्न भएको र म.ले.प. बाट यो यति रकमको अनियमितता भयो भनी बेरुजु समेत औल्याएको नदेखिएकोले यो उजूरी उपर केही गरिरहनुपर्ने नदेखिएकाले आयोगको मिति २०६३।६।१० को निर्णयानुसार तामेलीमा राखिएको ।

१७. मिति २०६०/११/१५ गतेको नेपाली पत्र साप्ताहिकको समाचारलाई उजूरीको रूपमा ग्रहण गरी "डि.डि.डि. ३६४९ नम्बरको भारतीय सवारी साधन (मारुती भ्यान) गलत प्रज्ञापन पत्रको आधारमा साविक बा.अ.ञ. ३९४६ नम्बरमा गैरकानूनी रूपमा दर्ता गरी भ्रष्टाचार गरेको" भन्ने विषय उपर अनुसन्धान हुँदा चेसिस नं. एस.टी.९१ आई एन ७४९७००, इन्जिन नं.२२६७७०, सि.सि. ८००, मोडेल १९८७ को भारतमा बनेको सवारी साधन मारुती भ्यान यातायात व्यवस्था कार्यालय, बाग्मतीले झूट्ठा प्रज्ञापन पत्रका आधारमा मिति २०५०/३/२४ गते ललित ब्यास भन्ने व्यक्तिको नाममा बा.अ.ञ. ३९४६ नं. मा शुरु दर्ता गरी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर प्रारम्भिक छानबिन हुदाँ उक्त कार्यालयले राखेको सो सवारीको सक्कल अभिलेख फायलमा प्रज्ञापन पत्र तथा राजस्व तिरेको रसिदको विवरण उल्लेख गरे तापनि सोको प्रतिलिपिहरू संलग्न भएको नदेखिएकोले सो को अभिलेखमा उल्लेख गरेको प्रज्ञापनपत्र तथा राजस्व तिरेको रसिदको विवरण झूट्ठा हो होइन भन्ने सम्बन्धमा विस्तृत अनुसन्धान गर्दा ललित ब्यासले मिति २०५०/३/१८ गते उक्त सवारी साधन त्रिभुवन विमानस्थल भन्सार कार्यालय मार्फत झिकाई नं. १८४९३ प्रज्ञापन भरेको र सो सवारी पैठारी गरे बापत लाग्ने रु. १,०९,५३८।- राजस्व तिरेको र.नं. ६८८४१९ को रसिद का अतिरिक्त त्रि.वि. भन्सार कार्यालयले राजस्व असूल गरेपछि राख्ने तहबिल टिपोटमा समेत मिति २०५०/३/१८, ललित ब्यासले राजस्व तिरेको व्यहोरा त्रि. वि. भन्सार कार्यालयबाट प्राप्त कागजातहरूबाट खुल्न आएको देखिन्छ । यातायात व्यवस्था कार्यालयले उल्लेखित प्रज्ञापनपत्र र राजस्व तिरेको रसिदका अतिरिक्त ललित ब्यासको नामको परिवहन विभाग, दिल्लीको मोटर वाहन पञ्जीकरण प्रमाणपत्र र न्यू दिल्ली रजिष्ट्ररिङ अथरिटीले दिएको No Objection Certificicate निजकै नामबाट उक्त सवारीको तत्कालीन काठमाडौं नगरपालिकामा कर तिरेको रसिद तथा निजको नेपाली नागरिकताको फोटोकपी सहित संलग्न गरी पेश गरेको सवारी दर्ता प्रमाणपत्र दरखास्त फारमका आधारमा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ को दफा १५ अनुसार विदेशबाट पैठारी गरेको सवारी शुरु दर्ता गर्दा अवलम्बन गर्नुपर्ने कानूनी प्रक्रिया बमोजिम ललित ब्यासको नाममा उक्त सवारी दर्ता भएको पुष्टि हुन आउँछ । अतः अनुसन्धानको क्रममा संकलित

कागजात तथा खुल्न आएको तथ्यबाट उक्त सवारी साधन प्रज्ञापनपत्र भरी राजस्व तिरेको रसिद सहित संलग्न दरखास्तको आधारमा नियम बमोजिम दर्ता हुन आएको देखिएको हुँदा पछि कानून बमोजिम ठहरे अनुसार हुने गरी सो सवारी सम्बन्धी सक्कल फायल एवं कागजातहरू सम्बन्धित यातायात व्यवस्था कार्यालयलाई फिर्ता पठाई आयोगको मिति २०६३।६।२३ को निर्णयानुसार सो सम्बन्धित फायल तामेलीमा राखिएको ।

१८. भोजपुर जिल्ला धोदलेखानी गा.वि.स. का कृष्णप्रसाद ढकालको नाममा वाणिज्य विभागमा मिति २०५१।४।१४ मा दर्ता भएको न्यू बारा इन्टरप्राइजेजले शुरुमा कम रकमको एल.सी. खोली सोही एल.सी. लाई पटक पटक संशोधन गरी यू.एस.डलर ७,०५,६००।- पुऱ्याई नक्कली कागजातको आधारमा "कम्प्रेसर सन्दन" आयात भएको भनी यू.एस.डलर ७,०५,६००।- अपचलन भएको भन्ने उजूरी उपर आयोगबाट अनुसन्धान गर्दा वाणिज्य विभागमा मिति २०५१।४।१४ मा दर्ता भएको न्यू बारा इन्टरप्राइजेजका प्रोप्राइटर कृष्णप्रसाद ढकालले अमेरिकी डलर ७,०५,६००।- बराबरको एल.सी. खोली आयात हुनुपर्ने सामान नेपाल नभित्र्याई रकम मात्र भुक्तानी भई विदेशी मुद्रा अपचलन भएको सम्बन्धमा उक्त फर्मका प्रोप्राइटर कृष्णप्रसाद ढकाललाई प्रतिवादी बनाई काठमाडौं जिल्ला अदालतमा राजस्व अनुसन्धान विभागबाट मुद्दा दायर भइसकेको र प्रतिवादीले विदेशी विनिमय (नियमित गर्ने) ऐन, २०१९ को दफा ४ को (३) र (४) नं. बमोजिमको कसूर गरेकोमा सोही ऐनको दफा १७ (१) बमोजिम ३ वर्ष कैद र बिगो बमोजिम रु.३,५७,३८,६४०।- जरिवाना हुने फैसला मिति २०६१।३।१८ मा काठमाडौं जिल्ला अदालतबाट भइसकेकोले प्रस्तुत विषयमा थप अनुसन्धान गर्नुपर्ने अवस्था नदेखिँदा प्रस्तुत फायल आयोगको मिति २०६३।६।२४ को निर्णयानुसार तामेलीमा राखिएको ।

१९. बर्दिया जिल्लाको नेउलापुर गा.वि.स. वडा नं. ७ स्थित कि.नं. १०४ को झोलाहा थारुको नामको जग्गा पुनः नापजाँच गर्दा उक्त जग्गामा नरबढी हुन आएकोले उक्त जग्गाको कागज मिलाउने भनी अमिन मुरारी त्रिपाठीले रु. ६०,०००।- (साठी हजार) नगद रिसवत लिएको भन्ने उजूरीको सम्बन्धमा जिल्ला प्रशासन कार्यालय बर्दियाका प्रमुख जिल्ला अधिकारीले अनुसन्धान गरी पेश गरेको प्रतिवेदन समेत उपर छलफल हुँदा उक्त जग्गा निज झोलाहा थारुको नाममा कानून बमोजिम नरबढी कायम रहेको र मालपोत कार्यालय, बर्दियाको मिति २०५७।११।१९ को निर्णयानुसार निजका नाममा नरबढी ठहर गरी ३-१३-० कायम गरेको देखियो । यस्तोमा कानून बमोजिम नै जग्गा धनीले उक्त ०-१८-५ जग्गा नरबढी कायम गरी लिएको अवस्थामा केवल जग्गा धनी झोलाहा थारुको पोलको आधारमा मात्र जिल्ला प्रशासन कार्यालय, बर्दिया समेतको राय अनुसार अमिन मुरारी त्रिपाठीले रु. ६०,०००।- (साठी हजार) रिसवत लिए खाएको भनी भ्रष्टाचारमा मुद्दा चलाउन सकिने नदेखिएको; नापी निरीक्षक युगल किशोर मण्डल तथा टोली प्रमुख कमलेश लाल कर्णले प्रस्तुत जग्गा नरबढी कायम गर्ने सम्बन्धमा कुनै अनियमित कार्य गरेको नदेखिएकोले निजहरू उपर कारबाही गर्न नमिल्ने देखिएकाले आयोगको मिति २०६३।६।३० को निर्णयानुसार उक्त विषयको उजूरी तामेलीमा राखिएको ।

२०. आदर्श माध्यमिक विद्यालय, मझकोट, जाजरकोटका शिक्षक अनुपलाल चौधरीले भुपेन्द्रनारायण मण्डल विश्वविद्यालय, विहार, भारतबाट सन् १९९२ मा बी.ए. अनर्स परीक्षा उत्तीर्ण गरेको शैक्षिक

योग्यताको प्रमाणपत्र सम्बन्धमा अनुसन्धान हुँदा अनुसन्धान अधिकृतले पेश गरेको प्रतिवेदन र सम्बन्धित विश्वविद्यालयबाट लेखी आएको पत्र एवं विवरणका आधारमा निजको उल्लिखित शैक्षिक योग्यताको प्रमाणपत्र ठीक देखिन आएको हुँदा निजको शैक्षिक योग्यता सम्बन्धी कारबाही फायल आयोगको मिति २०६३।७१ को निर्णयानुसार तामेलीमा राखिएको ।

२१. तत्कालीन जनकपुर नगर पञ्चायत वडा नं. १(ख) कि.नं. १३५ को जानकी मन्दिर गुठी जनक सरोवरको करिब ३ कट्ठा पोखरीको जग्गा गुठी संस्थान शाखा कार्यालय, जनकपुरधामका कर्मचारी र अञ्जनी कुमार सिंह समेतको मिलेमतोमा रैकरमा परिणत गरी दर्ता गरेको भनी आ.व. २०६२।६३ मा यस आयोगमा दर्ता हुन आएको बेनामी उजूरी उपर अनुसन्धान हुँदा २०२६ सालको नापीमा गुठी संस्थान श्री जानकी मन्दिर गुठी कायम भई पोखरी जनिई नाप नक्सा भएको तत्कालीन जनकपुर नगरपालिका वडा.नं. १(ख) कि.नं.१३५ क्षे.फ.वि.०-३-० को जग्गा २०४४ सालमा शहरी क्षेत्रको नापी हुँदा शहरी नापी क्याम्प जनकपुरले मोही अञ्जनी कुमार सिहको भोग जनाउने निर्णय गरी नापी गरेकोमा गुठी संस्थान शाखा कार्यालय, जनकपुर वादी भई निर्णय वदर हक कायम जग्गा खिचोला चलन मुद्दा जिल्ला अदालत, धनुषामा दायर भएको देखियो । गुठी संस्थान शाखा कार्यालय, जनकपुरको वादी दाबी नपुग्ने गरी मिति २०५४।२।२३ मा भएको जिल्ला अदालतको फैसलालाई पुनरावेदन अदालत, जनकपुरले मिति २०५५।३।३० मा सदर गरेको र सर्वोच्च अदालतबाट समेत मिति २०५७।४।२८ मा उक्त मुद्दा दोहोऱ्याई हेर्ने निस्सा दिन नमिल्ने भनी गरेको अन्तिम फैसलालाई आधार मानी गुठी संस्थान, केन्द्रीय कार्यालयबाट अञ्जनी कुमार सिंहलाई मोही कायम गरी रैतानी परिणत गर्न आदेश दिएको देखियो । सोही आधारमा गुठी संस्थान शाखा कार्यालयले मोही कायम गरी २०५९।१।१२ मा रैतानी परिणत गर्ने गरी निर्णय गरेको देखियो । मनखपमा कमाई आएका निज अञ्जनी कुमार सिंहको भोग जनाई मोही कायम गरेको विषयलाई जिल्ला अदालत र पुनरावेदन अदालतको फैसलाले सदर गरी सर्वोच्च अदालतबाट उक्त मुद्दा दोहोऱ्याई हेर्ने र निस्सा नदिने गरी मिति २०५७।४।१८ मा भएको अन्तिम फैसला समेतको आधारमा गुठी संस्थानले मिति २०५८।२।८ मा कानून बमोजिम गर्न शाखा कार्यालयलाई निर्देशन दिने भनी गरेको निर्णय र यसअघि गुठी संस्थानबाटै मोही कायम गरी रैतानी परिणत गरी दर्ता गरिदिने भनी शाखा कार्यालयलाई दिएको आदेशलाई अन्यथा गरेको भन्न सकिने अवस्था छैन । अदालतको ३ तहको फैसला र गुठी संस्थान केन्द्रीय कार्यालयको निर्णय समेतको आधारमा अदालतको फैसलाबाट कायम भएका मोही अञ्जनी कुमार सिंहको नाममा मिति २०५९।१।१२ मा रैतानी परिणत भएको निर्णय गुठी संस्थान ऐन, २०३३ को विपरीत भए गरेको नदेखिएकोले आयोगको मिति २०६३।७१ को निर्णयानुसार तामेलीमा राखिएको ।

२२. जिल्ला अदालत, काठमाडौंको फैसलाले बैंक ठगी तथा किर्ते मुद्दाका प्रतिवादी मधुसूदन पुरी र बन्टी गिरीलाई दोषी ठहऱ्याई कैद तथा जरिवानाको सजाय तोकेको र विशेष अदालतले भ्रष्टाचार मुद्दामा प्रतिवादी निज मधुसूदन पुरीलाई दोषी ठहऱ्याई कैद र जरिवानाको सजायं तोकी फैसला भई निजहरू कैदमा रहेकोमा निज बन्दीहरूको दुवै अदालतको फैसला बमोजिम कैद बापतको सजाय भुक्तान भएको र जरिवाना तथा बिगो वापतको रकम बुझाउन नसकी कारागार शाखा, नख्खुमा थुनामा रहेकोमा मिति २०६२/१/१४ गते कारागार शाखा मार्फत जिल्ला अदालत, काठमाडौं र

विशेष अदालत, काठमाडौंलाईले सम्बोधन गरी जरिवाना वापतको उक्त रकम समेत जम्मा गरी पठाएकोमा जेलर रामप्रसाद भट्टराईले "अदालतमा दाखिला गर्नुपर्ने रकम दाखिला नगरी हिनामिना तथा भ्रष्टाचार गरेकोले निजलाई आवश्यक कारबाही गरी पाउँ" भन्ने व्यहोराको उजूरी उपर अनुसन्धान हुँदा जिल्ला अदालत, काठमाडौं तथा विशेष अदालत, काठमाडौंको फैसला अनुसार थुनामा रहेका मधुसूदन पुरी र बन्टी गिरीले जरिवाना बापतको रकम जेलर रामप्रसाद भट्टराईलाई बुझाएको भन्ने विषयमा अनुसन्धान गर्दा कारागार सम्बन्धी कानूनी व्यवस्थालाई समेटेको कारागार नियमावली, २०२० को नियम १६ मा जरिवाना बमोजिमको रकम तिर्न नसकी थुनामा बसिरहेको व्यक्तिले जरिवाना वापतको बाँकी रकम बुझाई थुनामुक्त हुन चाहेमा सम्बन्धित कारागार प्रशासनले त्यस्तो व्यक्तिबाट कानून बमोजिम बाँकी जरिवाना बापतको रकम बुझी सदर स्याहा गरी लगत पुस्तिकाबाट जरिवाना तथा सो बापतको कैद लगत समेत कट्टा गरी थुनाबाट मुक्त गरिदिनु पर्ने अनिवार्य कानूनी व्यवस्था भएको देखिन्छ । सोही अनुरूप उपरोक्त कैदीहरूका हकमा दुवै अदालतबाट कैद सजाय भुक्तान भए पश्चात् जरिवाना बापतको रकम दाखिला गर्न ल्याएमा थुनाबाट मुक्त गरिदिनु भनी कारागार प्रशासनलाई पठाएको कैद तथा जरिवाना ठेकिएको पत्रमा स्पष्ट उल्लेख भएको र सो को बोधार्थ प्रति सम्बन्धित कैदीद्वयलाई समेत दिएको देखियो । अतः कैद मुक्त हुन अदालतमा बुझाउन जेलर रामप्रसाद भट्टराईलाई रकम दाखिला गरेको भन्ने व्यहोरा कानूनी एवं सारभूत रूपमै मिलेको देखिएन । सोही कारागारमा तत्कालीन अवस्थामा थुनामा रहेका अन्य कैदीहरू र कारागारमा कार्यरत कर्मचारीहरूले घटना विवरण कागजबाट समेत कैद सजायबाट उम्कन निज मधुसूदन पुरी तथा बण्टी गिरीले रकम जम्मा गरेको भनी झूट्ठा विवरण बनाई सरकारी छाप दस्तखत किर्ते गरेका हुन् भनी एकै मिलानको घटना विवरण कागजमा उल्लेख गरेको हुँदा र त्यसलाई पुष्टि गर्ने कैदीहरूको आपराधिक पृष्ठभूमि भएको तथ्यहरूलाई समेत विश्लेषण गर्दा जरिवाना वापत कुनै रकम निजहरूले जेलर राम प्रसाद भट्टराईलाई दिएको भन्ने तथ्य पुष्टि हुन आएन । त्यसका अतिरिक्त रकम बुझाउन पठाइएको भनिएको कारागार शाखा नख्खुको चलानीपत्रहरू र त्यसमा भएका छाप तथा दस्तखतहरू झूट्ठा हुन् भनी विशेषज्ञको राय समेत प्राप्त भई निज कैदीहरूका विरुद्धमा सरकारी छाप दस्तखत किर्ते मुद्दामा जिल्ला अदालत, पाटनमा समेत मुद्दा चलिरहेकाले निजहरूले जेलर रामप्रसाद भट्टराईलाई रकम दाखिला गरेको र सो अनुसार कारागार शाखा नख्खुले सम्बन्धित अदालतलाई पत्राचार गरेको तर उक्त रकम जम्मा नगरी जेलर रामप्रसाद भट्टराईले भ्रष्टाचार गरेको भन्ने व्यहोरा प्रमाणित हुन आएन । अतएव अनुसन्धानको क्रममा संकलित कागजात, विशेषज्ञको राय तथा अन्य सबुद प्रमाण र खुल्न आएको तथ्यबाट मधुसूदन पुरी तथा बण्टी गिरीले मिति २०६२/१/१४ गते जिल्ला अदालतको फैसला बमोजिम ठेकिएको जरिवाना रकम रु ८५,५४,७९३।३२ र विशेष अदालतको फैसला बमोजिम ठेकिएको जरिवाना रकम रु. १७,४१,९१७।६७ नगद जेलर रामप्रसाद भट्टराईलाई बुझाएकोमा निजले उक्त रकम अदालतमा दाखिला नगरी भ्रष्टाचार गरेको भनी यस आयोगमा दिएको उजूरी सत्य साबित हुन नसकेको र सोही सम्बन्धमा निज पीडित भनिएका मधुसूदन पुरी र बण्टी गिरी समेतका विरुद्धमा सरकारी छाप तथा दस्तखत किर्ते मुद्दा दायर भई ललितपुर जिल्ला अदालतमा उक्त मुद्दा विचाराधीन रहेको देखिएको हुँदा जिल्ला अदालत, काठमाडौंबाट मिति २०६२।८।१९ को पत्रसाथ प्राप्त हुन आएको निज मधुसूदन पुरी समेतको नामको पाना २ को सक्कलै निवेदन सम्बन्धित अदालतलाई फिर्ता पठाई प्रस्तुत मुद्दाको मिसिल आयोगको मिति २०६३।७।१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

२३. मध्य पश्चिमाञ्चल क्षेत्रीय स्वास्थ्य निर्देशनालयले क्षेत्रीय अस्पताल, सुर्खेतको लागि आ.ब. २०६२।०६३ मा औजार, उपकरण खरीद गर्ने क्रममा पर्न आएका ३ वटा बोलपत्रहरूमध्ये सबैभन्दा कम दर रेट भएको बोलपत्र स्वीकृत गर्नुपर्नेमा बढी दर रेट भएको बोलपत्र स्वीकृत गरी अनियमितता गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त क्षेत्रीय अस्पतालको लागि म.प.क्षे.स्वा.नि., सुर्खेतले औजार, उपकरण खरीद गर्दा नियम ६६ (१४) बमोजिम बोलपत्र फाराममा नै नियम ६६(१४) को देहाय बमोजिमका मूल्यांकनका आधारहरू समावेश गरी प्राविधिक र आर्थिक प्रस्ताव एउटै खाममा लिएको र सबैभन्दा कम अंक कबोल गर्ने सिवाज मेडिसिन कन्सर्नको बोलपत्र मू.अ.कर दर्ता नभएको, औजार उपकरणको कारोबार नगर्ने, औषधिको थोक व्यापार मात्र गर्ने देखिएको कारण प्राविधिक मूल्यांकनमा योग्य नदेखिएकोले नियम ६६ (१४ क) बमोजिम मान्यता दिन मिल्ने नदेखिएको, रीतपूर्वक र प्राविधिक मूल्यांकनमा योग्य देखिएका बाँकी २ वटा कमला इन्टरनेसनल, नेपालगञ्ज र हस्पिटेक इन्टरप्राइजेज, काठमाडौंको बोलपत्र मध्ये आर्थिक रूपमा तुलना गर्दा कम अंक कबोल गरेको हस्पिटेक इन्टरप्राइजेजको बोलपत्र, बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम स्वीकृत गरेको अवस्था देखिएकोले अनियमितता भए गरेको नदेखिंदा आयोगको मिति २०६३।७।२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

२४. इचङगुनारायण गा.वि.स.क्षेत्रभित्र द कम्फोर्ट हाउजिङ प्रा.लि.ले व्यक्ति विशेषको जग्गा र सार्वजनिक जग्गा समेत आफ्नो जग्गाको डिमार्केशन लाइन भित्र घुसाई व्यापारिक प्रयोजनले नक्सा पास नगरी भवनहरू निर्माण गरेको र सो कार्यमा तत्कालीन गा.वि.स.सचिव समेतको संलग्नता रहेको भनी परेको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा इचंगुनारायण गाउँ विकास समितिको कार्यालयबाट नक्सा स्वीकृत नलिई तथा काठमाण्डौ उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको कार्यालयबाट प्लानिङ पर्मिट नलिई द कम्फोर्ट हाउजिङ कम्पनी प्रा.लि.ले व्यापारिक प्रयोजनार्थ भवनहरू निर्माण गरिरहेको देखिए तापनि हाल सो कम्पनीलाई तत् तत् निकायहरूले भवन निर्माण गर्न स्वीकृति तथा प्लानिङ पर्मिट दिइसकेको देखिएको र कम्पनीको जग्गाको डिमार्केशन लाइन भित्र सार्वजनिक पर्ति जग्गा तथा व्यक्ति विशेषको जग्गा घुसाइएको नदेखिएको भनी मालपोत कार्यालय, कलंकीको पत्रमा उल्लेख भएको देखिदा प्रस्तुत उजूरी उपर कोही कसैलाई केही गर्नुपर्ने नदेखिएकोले उक्त उजूरी आयोगको मिति २०६३।७।३० को निर्णयानुसार तामेलीमा राखिएको ।

२५. उदयपुर सिमेन्ट उद्योगका तत्कालीन महाप्रबन्धक अशोक प्रसाद मल्ल समेतले जि.वि.एफ.फ्यान, एक्सरे ट्युव, स्क्रयापर चेन, चेन कन्भेयर, बसको चेसिस, कोइला खरिद र कर्मचारी परिवार संलग्न अधिकृत विक्रेता सम्बन्धमा अनियमितता तथा भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा अनुसन्धान गर्दा उद्योगबाट विभिन्न मितिमा प्राप्त भएका कागजातहरू र उपसचिव (प्राविधिक) सुरेन्द्र सुवेदी, मेकानिकल इन्जिनियर विपिन राजभण्डारी तथा अनुसन्धान अधिकृतको स्थलगत निरीक्षण तथा अनुसन्धान प्रतिवेदनको अध्ययनबाट भ्रष्टाचारजन्य तथा अनुचित कार्य गरे गराएको भन्ने तथ्यगतरूपमा पुष्टि हुन नसकेको हुँदा पछि तथ्ययुक्त प्रमाण प्राप्त भएमा पुनः कारबाही अगाडि बढाउने गरी हाललाई प्रस्तुत मिसिल आयोगको मिति २०६३।९।६ को निर्णयानुसार तामेलीमा राखिएको ।

२६. त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल नागरिक उडड्यन कार्यालयले बा. १ ग. १२६३, १-०-१५ र बा. १ भ. ३५०८ को ल्याण्डक्रुजर गाडीहरू चल्न नसक्ने भई मर्मतको लागि इष्टिमेट प्रस्तुत गरी मर्मत सम्पन्न गर्दासम्म मर्मत खर्च रु.३,८५,९९०।- लागेकोमा मर्मतको सिलसिलामा कारखानामा भएकै समयमा तेल खर्च भनी रु. ६१,२७५।- खर्च गरिएको देखिएकोले छानबिन गरी आवश्यक कारबाही हुनुपर्ने भनी महालेखा परीक्षकको विभागको आ.व. ०६०/०६१ को लेखा परीक्षणको प्रारम्भिक प्रतिवेदनलाई उजूरीको रूपमा ग्रहण गरी उक्त उजूरीमाथि अनुसन्धान गर्दा त्यसरी गाडीहरूको मर्मत तथा तेल खपत एकै समयमा परेको भन्ने सम्बन्धमा त्रिभुवन अन्तर्राष्ट्रिय नागरिक उडड्यन कार्यालय, गौचरबाट कागजातहरू मगाई अनुसन्धान गर्दा उक्त गाडीहरू मर्मत गरेको देखिएको र बिल भुक्तानी अगावै इन्जिन चेकजाँचको लागि तथा कार्यालय प्रयोजनको लागि गाडी गुडेको गाडीको किलोमिटरबाट स्पष्ट देखिएको हुँदा मर्मतकै अवस्थामा इन्धन भुक्तानी भएको नदेखिएको । अनुसन्धानबाट सो कार्यालयमा कार्यरत कर्मचारीहरूको मिलेमतोबाट अनुचित कार्य एवं भ्रष्टाचारजन्य कसूर गरेको अवस्था नदेखिएको हुँदा आयोगको मिति २०६३।१०।१ को निर्णयानुसार प्रस्तुत विषय तामेलीमा राखिएको ।

२७. उच्च माध्यमिक शिक्षा परिषद्का तत्कालीन उपाध्यक्ष डा. तीर्थराज खनियाले यू.एन.डि.पी.सँग सम्झौता गरी प्राप्त ५० हजार अमेरिकी डलर हिनामिना गरेको भन्ने समेत विषयको उजूरीको सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा सम्झौता बमोजिम NEP/91/012 Sub Project No. 3 Support to the Council for Higher Secondary Education को लागि प्राप्त हुने भनिएको सम्पूर्ण रकम ५०,०००।- डलर परिषद्को खातामा जम्मा नभएको, त्यसमध्ये १३ हजार डलर बराबरको नेपाली रुपैयाँ यू.एन.डि.पी. र नेशनल प्रोजेक्ट डाइरेक्टरको सिफारिसमा परिषद्को नाममा खोलिएको अलग्गै खातामा जम्मा गरी तालिम, गोष्ठी, म्यानुअल तयारी, पाठ्यक्रम संरचना निर्माण, परीक्षा प्रणालीमा सुधार समेत आदिमा खर्च गरेको, बाँकी ३७,०००।- डलर यू.एन.डि.पी. बाटै खर्च भएको, संझौता बमोजिम खर्च व्यवस्थापन लेखा, श्रेस्ता परीक्षण लगायतका सबै कार्यहरू यू.एन.डि.पी. बाटै भएको निज डा. तीर्थराज खनियाले परियोजनाको शुरुवातको अवस्थामा नभई समाप्त हुने समयमा मात्र परियोजना प्रमुखको रूपमा रही काम गरेको र निजले नै यू.एन.डि.पी.सँग परियोजनाको लागि सम्झौता गरेको नभई बृहत शिक्षा परियोजना अन्तर्गतको सब प्रोजेक्ट (घ) को लागि मंत्रालयले प्रोजेक्ट डाइरेक्टरको रूपमा तोकेको र नेशनल प्रोजेक्ट डाइरेक्टरबाट प्रमाणित गराई आफ्नो जिम्माको परियोजनासम्बन्धी प्रतिवेदन, आय, व्यय विवरण र अन्तिम श्रेस्ताको विवरण यू.एन.डि.पी.मा पठाई, यू.एन.डि.पी. कै तर्फबाट पी. पी. प्रदहा एण्ड कं.बाट लेखापरीक्षण समेत गराई परियोजना सफल भनी उल्लेख गरेको देखिंदा उजूरी व्यहोरा बमोजिम डा. तीर्थराज खनियाले यू.एन.डि.पी.सँग संझौता गरी ५० हजार अमेरिकी डलर हिनामिना गरेको भन्ने कुरा अनुसन्धानबाट पुष्टि हुन आएको नदेखिँदा उक्त उजूरी आयोगको मिति २०६३।१०।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

२८. द माउन्टेन इन्स्टिच्युटको टोलीले अनुमति बेगर मकालु वरुण राष्ट्रिय निकुञ्जको अध्ययन अनुसन्धान गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा मकालु वरुण राष्ट्रिय निकुञ्ज, संखुवासभामा उक्त इन्स्टिच्युटले विदेशी र नेपाली वैज्ञानिकहरूको संयुक्त टोलीबाट स्वीकृति नलिई

जैविक विविधता अध्ययन अनुसन्धान समेत गरेको भनी मकालु बरुण राष्ट्रिय निकुञ्जका प्रमुख संरक्षण अधिकृत समेतको प्रतिवेदन परी कारबाही उठेकोमा सो इन्स्टिच्युटले २३ नोभेम्बर २००५ मा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु विभागलाई लेखेको पत्रमा सो निकुञ्ज क्षेत्रमा कुनै जैविक प्रजातिहरूको संकलन, अध्ययन, अनुसन्धान नभएको र ट्रेकिङ रुटमा जैविक प्रजातिहरूको दृश्यावलोकन तथा लिष्टिङ गरेको भन्ने र उल्लेख भएको मिसिल कागजात अध्ययन गर्दा तत्कालीन महानिर्देशकको मौखिक आदेशमा उक्त इन्स्टिच्युटले जैविक विविधताको अध्ययन, अनुसन्धानका कार्य गरेको भन्ने देखिन आयो । साथै सोही अवधिमा २५ अक्टोबरदेखि २९ नोभेम्बर २००५ सम्म सो निकुञ्जमा Crowin's Quest Realm of the Yeti" र "Mission Himalayas Footage of Nepal" नामक डकुमेन्ट्री छायांकन गर्न सूचना तथा सञ्चार मन्त्रालयको अनुरोधमा सो निकुञ्जका प्रमुख संरक्षण अधिकृतसँग सम्पर्क गरी छायांकन गर्न राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सहमति दिएको पनि देखियो । उक्त इन्स्टिच्युटलाई जैविक विविधताको अध्ययन अनुसन्धान गर्न मौखिक अनुमति दिने भनिएका तत्कालीन महानिर्देशक डा. तीर्थमान मास्केको २०६३ असोजमा हेलिकप्टर दुर्घटनामा परी निधन भइसकेको अवस्था रहेकोले सो सम्बन्धमा अन्य वस्तुस्थिति खुल्न आउने देखिएन । तसर्थ यसमा उजूरी प्रतिवेदन समेतको अवस्था हेर्दा उक्त निकुञ्ज क्षेत्रमा लिखित स्वीकृति बिना अध्ययन अनुसन्धानको कार्य भएको र डकुमेन्ट्री छायांकन पनि इन्स्टिच्युटले प्रमुख संरक्षण अधिकृतसँग समन्वय नगरी गरेको भए तापनि सो कार्यबाट नेपाल सरकारलाई प्रत्यक्ष हानि नोक्सानी भएको नदेखिएको एवम् जिम्मेवारी वहन गर्नु पर्ने तत्कालीन महानिर्देशकको दुर्घटनामा परी मृत्यु भएकोले यसमा अब केही गरिरहनु नपर्ने भई आयोगको मिति २०६३।१०।१० को निर्णयानुसार तामेलीमा राखिएको ।

२९. नेपाल टेलिकमबाट CDMA फोन सेट खरिद सम्बन्धी टेण्डरमा ६ वटा फर्मले टेण्डर भरेको र टेण्डरको सर्त भित्र नपर्ने कोरियन हण्टेल कम्पनीलाई टेण्डर प्रदान गरी भ्रष्टाचार गरेको भन्ने उजूरीबारे अनुसन्धान हुँदा CDMA फोन सेट आपूर्ति गर्न विड डकुमेन्ट पेश गर्ने दुई वटा फर्महरूबाट प्राप्त टेण्डर डकुमेन्ट मूल्यांकन हुँदा प्राविधिक मूल्यांकनमा दुईवटा फर्महरूको विड डकुमेन्टमा उल्लेखित शर्त तथा जानकारीहरू पूर्ण रूपमा उपलब्ध गराउन नसकेको आधारमा Non Responsive देखिएको तथा त्यसमा अन्य चार वटा फर्महरू, मे.हन्टेल कम्पनी, कोरिया समेतको डकुमेन्ट Responsive पाइएको हुनाले तिनीहरूको Financial Evaluation सम्म गरिएको देखिन्छ । जसको आधारमा मे. हण्टेल कम्पनी लि. कोरियाको प्राप्त सक्कल डकुमेण्टबाट यसले टेण्डर डकुमेण्टका सर्तहरू पूरा गरेको तथा सबैभन्दा घटी रकम उल्लेख गरी बुझाएको देखिँदा नेपाल टेलिकमबाट निजको बिड डकुमेण्ट स्वीकृत गरेको हुनाले यसमा केही गरिरहनु नपर्ने देखिएकोले आयोगको मिति २०६३।१०।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

३०. नेपाल खानेपानी संस्थानका तत्कालीन महाप्रबन्धक धर्मकुमार बजिमयले संस्थानमा रहँदा विभिन्न अनियमित कामहरू गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा यसमा आयोगबाट भएको अनुसन्धान र नेपाल खानेपानी संस्थानले दिएको जानकारी अनुसार आ.व. ०५८/०५९ देखि ०६२/०६३ सम्मको अवधिमा संस्थानबाट पानी मिटर खरीद गर्दाको विवरण हेर्दा टेण्डरबाट खरीद हुँदै आएको मिटरहरू आ.व.०६१/०६२ मा मात्र २३०० थान टेण्डरबाट र ५३०० थान कोटेशनबाट संस्थानको आर्थिक विनियमावली २०५५ बमोजिम नै खरीद गरेको देखियो । एकै

आ.व.मा एक पटक टेण्डरबाट र अर्को पटक कोटेशनबाट खरीद गरेकोलाई हेर्दा सो आ.व.मा मेलम्ची विकास समितिबाट १० हजार थान मिटर प्राप्त हुने लिखित आश्वासन पाएकोले आवश्यक संख्यामा मिटर खरीद गर्न टेण्डर नगरेको तर सो समितिबाट मिटर समयमा प्राप्त हुन नसकी पानी कम खपत गर्ने ग्राहकहरूबाट अनमिटर वापतको महसुल बुझाउनु पर्ने अवस्थामा तीव्र विरोध हुने गरेको, बढी पानी खपत हुने ग्राहकहरूको धारामा मिटर जडान गर्न सकिएमा संस्थानको आर्थिक चुहावटमा नियन्त्रण हुने जस्ता कारणले संस्थानको रिभल्विङ फण्डमा भएको मौज्दातले धान्ने परिमाणमा मात्र विभिन्न २१ शाखा कार्यालयहरूबाट आर्थिक विनियमावली बमोजिम कोटेशनबाट मिटर खरीद गरिएको भनी संस्थानले दिएको जानकारीलाई प्राप्त प्रमाण तथा कागजातहरूको आधारमा अन्यथा भन्न मिल्ने अवस्था देखिएन । कोटेशनबाट मिटर खरीद भएको उक्त समयमा मिटर खरीद गरिएको भनिएको शाखाहरूमा मिटर मौज्दात भएको पनि नदेखिँदा अनावश्यक र अनियमित किसिमले मिटर खरीद गरेको भन्ने उजूरी पुष्टि हुन आएन । अतः प्रस्तुत उजूरीलाई आयोगको मिति २०६३।१०।२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

३१. पर्सा जिल्ला अलौ गा.वि.स. वडा नं. ६ को कि.नं. १२१ को पर्ती जग्गाको फिल्ड बुक नापी शाखाका कर्मचारी समेतको मिलेमतोमा सच्याई अनधिकृत रूपले कब्जा गरे भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा उक्त कि.नं. १२१ को जग्गाको मिति २०६१/९/६ मा नापी शाखा पर्साबाट फिल्डबुक उतार प्रमाणित दिँदा किसानको व्यहोरा महल खाली नै रहेको र तत्पश्चात् मिति २०६२/१०/२ तथा २०६२/१०/१७ मा उतार प्रमाणित दिँदा किसानको व्यहोरा महलमा "यो जग्गा ऐलानी हो, मैले १० वर्षदेखि घर बनाई बसी आएको छु ।" भन्ने वाक्यांश थप भई सही छाप समेत भएको पाइएको । यसमा वास्तविकता के हो भन्ने सम्बन्धमा यस आयोगबाट भएको अनुसन्धान, जिल्ला प्रशासन कार्यालय पर्साको च.नं. ७४ मिति २०६३/४/२८ को पत्र र नापी शाखा पर्साको च.नं १०३४ मिति २०६३/६/३१ को पत्रको आधारमा मिति २०६१/९/६ भन्दा अगाडि उक्त कि.नं. को जग्गाको फिल्ड बुकको किसानको व्यहोरा महल खाली नै रहेको पुष्टि हुन आएको छ । उजूरी निवेदक रहमान मिया अन्सारीको उजूरी निवेदन र सम्बद्ध व्यक्तिहरूको बयान समेतबाट उक्त जग्गाको सम्बन्धमा पर्सा जिल्ला अदालतमा मुद्दा चलिरहेको देखिएकोले स्वामित्वको सम्बन्धमा अदालतको फैसला अनुसार हुने नै हुँदा हाल आयोगबाट केही गरिरहनु परेन । मिति २०६१/९/६ पश्चात उक्त किसानको व्यहोरा महलमा थप गर्ने कार्य को बाट भयो भन्ने सम्बन्धमा जिल्ला प्रशासन कार्यालय, पर्साबाट भएको अनुसन्धान र यस आयोगबाट सम्बद्ध कर्मचारी, उजूरीमा आरोपित व्यक्तिहरूसँगको बयान एवं हस्ताक्षर नमूना परीक्षण र अन्य अनुसन्धानबाट समेत खुल्न आएन । फोटोकपी लगायतका कामको सिलसिलामा फिल्डबुकहरू कार्यालय परिसर भन्दा बाहिर पनि लग्ने गरेको व्यहोरा अनुसन्धान प्रतिवेदनबाट देखिएको हुँदा फिल्ड बुकमा उक्त व्यहोरा थप गर्ने कार्य को बाट भयो भनी पत्ता लगाउन मुस्कील देखियो । तर मिति २०६१/९/६ पश्चात उक्त जग्गाको फिल्ड बुकमा भएको किसानको व्यहोरा महलमा उक्त व्यहोरा थप गरिएको पुष्टि भएको हुँदा अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा १२(क) अनुसार उक्त जग्गाको किसानको व्यहोरा महलमा थप भएको वाक्यांश हटाई मिति २०६१/९/६ भन्दा अघि रहेको खाली नै कायम गर्न नापी शाखा, पर्सालाई निर्देशन दिई नापी विभाग समेतलाई जानकारी गराई प्रस्तुत उजूरी आयोगको मिति २०६३।११।१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

३२. शुक्रराज ट्रोपिकल तथा सरुवा रोग अस्पताल, टेकुको हाताभित्र रहेको विपुल फार्मेसीले अस्पताललाई बुझाउनु पर्ने लाखौं रकम नबुझाई कार्यालयका कर्मचारी र फार्मेसी बीच मिलोमतो गरी भ्रष्टाचार गरे भन्ने उजूरी उपर अनुसन्धान हुँदा मिति २०५८।९।१ देखि मासिक भाडा रु. ४६,०००।- लिने गरी ट्रोपिकल तथा सरुवा रोग अस्पताल, टेकूले अस्पतालभित्र रहेको दुई कोठा औषधी पसल राख्न विपुल फार्मेसीका प्रोप्राइटर दिलबहादुर विसुराललाई मिति २०५८।१२।७ को सम्झौता बमोजिम उपलब्ध गराएकोमा पटक पटकको पत्राचार पश्चात् पनि सम्झौता बमोजिम भाडा नबुझाएको कारणले भाडा असूल गराइदिन सो अस्पतालबाट जिल्ला प्रशासन कार्यालय, काठमाडौंलाई अनुरोध गरेकोमा सो कार्यालयबाट यस विषयमा आवश्यक कारबाही भई भाडा बापत उठाउनु पर्ने (करिब रु. १४ लाख) रकमको दोब्बर मूल्य पर्ने ३ महिनाभित्र बुझाउने शर्तमा विपुल फार्मेसीको प्रोप्राइटर दिलबहादुर विसुरालबाट जग्गा धरौटी लिई खरीद बिक्री गर्न नपाउने गरी रोक्का समेत राखेको देखिँदा भाडा वापत उठाउनु पर्ने रकम सुरक्षित नै रहेको पाइयो । औषधी पसलको भाडा सम्बन्धी विवादलाई लिएर विपुल फार्मेसीको तर्फबाट जिल्ला अदालत, काठमाडौंमा फिरादपत्र दायर गर्नुको अलावा सर्वोच्च अदालतमा समेत उत्प्रेषणको आदेश माग गरी रिट दायर गरेको र सो मुद्दाहरू हाल अदालतमा विचाराधीन अवस्थामा रहेको देखिँदा प्रस्तुत उजूरी उपर हाल आयोगबाट केही गरिरहनुपर्ने देखिन आएन । अतः प्रस्तुत उजूरी आयोगको मिति २०६३।११।२५ को निर्णयानुसार तामेलीमा राखिएको ।

३३. मकवानपुर, बज्रवाराही गा.वि.स. ४ का भीमबहादुर ठकुरीले दिलबहादुर सिं ठकुरीका नामको मकवानपुर, टिष्टुङ वडा नं. ६ कि.नं. ४६० को क्षे.फ. ४-७-२-० जग्गा नाम थर संशोधन गराई आफ्नो नाममा गराए भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा उजूरीमा उल्लेखित मकवानपुर, टिष्टुङ वडा नं. ६ कि.नं. ४६० क्षे.फ. ४-७-२-० जग्गाका जग्गा धनी दिलबहादुर सिं ठकुरी ५०।५५ वर्ष अघिदेखि गाउँ छोडी हिँडेको र विगत धेरै वर्षअघि देखि उक्त जग्गा भीमबहादुर ठकुरीले कमाई आएको देखिन आएको एवं उक्त नाम थर संशोधन तथा तीनपुस्ते कायम गर्ने क्रममा कुनै पनि राष्ट्रसेवकले अनियमित रूपमा रकम लिनु खानु गरी भ्रष्टाचार गरेको भन्ने देखिन नआएकोले गाउँ छोडी हिँडेको दिलबहादुर सिंह ठकुरी फर्की आएमा वा निजको हक खाने कोही व्यक्ति भएमा एकाको जग्गा अर्काले दर्ता गराई खाएको जस्तो निजी व्यवहारमा अदालतबाट उपचार पाउन सक्ने नै हुँदा यस विषयमा आयोगबाट केही गरिरहनुपर्ने अवस्था नदेखिएकोले आयोगको मिति २०६३।११।२८ को निर्णयानुसार तामेलीमा राखिएको ।

३४. उदयपुर सिमेन्ट उद्योगबाट म्याग्नेसिया क्रोम ब्रिक्स खरिद गर्दा निम्न गुणस्तरको खरिद गरी अनियमितता गरी भ्रष्टाचार गरेको भन्ने उजूरी उपर अनुसन्धान हुँदा उदयपुर सिमेन्ट उद्योगबाट मिति २०६२/१०/७ मा "दि राइजिङ नेपाल" मा प्रकाशित सूचना तथा २ मार्च २००६ मा सम्झौता गरी खरिद गरिएको म्याग्नेसिया क्रोम ब्रिक्स निम्न गुणस्तरको रहेको भन्ने सम्बन्धमा उद्योगबाट मिति २०६३/३/२५ मा गठित प्राविधिक समितिले दिएको प्रतिवेदनमा उल्लेख भएको क्लिंकरको परिमाण भन्दा धेरै बढी सत्तरी हजार मे.ट. क्लिंकर उत्पादन भएको देखिंदा म्याग्नेसिया क्रिम ब्रिक्स निम्न गुणस्तरको भन्ने उजूरीको व्यहोरामा सत्यता देखिएन । तसर्थ प्रस्तुत उजूरी आयोगको मिति २०६३।११।२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

३५. कृषि विकास बैंक, बैंकिङ कार्यालय, पुतलीसडक शाखाबाट न्यू लक्ष्मी इन्टरप्राइजेजलाई अनियमित तवरले कर्जा दिएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा कोमल कुमारी भन्ने कमल कुमारीको नाममा रहेको भनिएको काठमाडौं महानगरपालिका वडा नं १४ साविक कलंकी कि.नं. ९८३ क्षेत्रफल १-४-१-० को जग्गा धितो राखी सो जग्गा मालपोत कार्यालय, कलंकीमा कृषि विकास बैंकको नाममा दृष्टिबन्धक पास भई न्यू लक्ष्मी इन्टरप्राइजेजका प्रोप्राइटर लक्ष्मी लामालाई रु १२,००,०००। कर्जा प्रवाह गरेको देखिन आयो । धितो राखिएको भनिएको उल्लिखित जग्गा २०३३ साल वैशाख ७ गते नेपाल राजपत्रमा सूचना प्रकाशित गरी त्रिभुवन विश्वविद्यालयको लागि प्राप्त गरिएका कि.नं. २६४ (कि.नं २६४ मध्येबाट कित्ताकाट भई ९८३ कायम हुन आएको) को जग्गा रहेको देखिन आयो । धितो राखिएको जग्गा २०३३ वैशाख ७ गते त्रिभुवन विश्वविद्यालयको नाममा अधिग्रहण भए तापनि त्रिभुवन विश्वविद्यालयले सोही समयमा नै अधिग्रहणमा परेको जग्गाको लगत कट्टा गर्न वा रोक्का राख्न मालपोत कार्यालयमा नपठाएको कारण मालपोत कार्यालयको लगतमा सो जग्गा कमल कुमारीकै नाममा रहन गई मालपोत कार्यालय, कलंकीबाट मिति २०५३।१२।६ मा कृषि विकास बैंकको नाममा दृष्टिबन्धक पास भई न्यू लक्ष्मी इन्टरप्राइजेजलाई कर्जा प्रवाह भएको देखिन आएबाट कर्जा प्रवाह हुँदा बैंकका सम्बन्धित एवं मालपोत कार्यालयका कर्मचारीहरूबाट भ्रष्टाचारजन्य कार्य भएको भनी भन्न सक्ने अवस्था देखिन नआएको तथा सो कर्जा प्रवाह सम्बन्धमा बैंकको केन्द्रीय कार्यालयबाट समेत छानबिन भएको देखिँदा प्रस्तुत उजूरी आयोगको मिति २०६३।११।२९ को निर्णयानुसार तामेलीमा राखिएको ।

३६. काठमाडौं जिल्ला, गोंगबु गा.वि.स. वार्ड नं. ४ ग कि. नं. २९१ समेत जम्मा क्षेत्रफल रोपनी ९-८-०-० मुक्तिप्रसाद थपलिया समेतले सार्वजनिक जग्गा श्रीपशुपतिनाथ अमालकोट कचहरीसँगको मिलोमतोमा जग्गाधनी अमालकोट कचहरी मोही मुक्तिप्रसाद थपलिया समेतले सार्वजनिक जग्गा मिति २०३६।११।१७ मा दर्ता गरी खाएको भन्ने सम्बन्धमा अनुसन्धान हुँदा गोंगवु गा.वि.स. वडा. नं. ४ ग कि.नं. २९१, २९२, २९३, २९८,२७१, २७२, ७७२, ७७३, ७७४, २७३, २९९, २८९ र ३०० को जम्मा क्षेत्रफल रोपनी ९-८-०-० जग्गा २०२१ सालको सर्वे नापीको फिल्डबुक हेर्दा मोही मुक्तिप्रसाद, योगप्रसाद, भूपकुमारी थपलिया र माधवप्रसाद अर्याल समेत उल्लेख भई विरहमा मकै बाली जनिएको । फिल्डबुकको कैफियत महलमा यो जग्गा गल्को पाखा बस्ने लक्ष्मीकुमारी मानन्धर, मंगलसिद्धी तुलाधर र गणेशस्थान बस्ने मोहनलाल डंगोल र मोहनलाल प्रधान भनी विभिन्न कित्तामा विभिन्न व्यक्तिको नाम उल्लेख गरेको देखिएको र फिल्डबुकको कैफियत महलमा देखिएका कतिपय व्यक्तिहरूसँग तेरो मेरोमा अदालतमा मुद्दा परी मिलापत्र समेत भएको र २०२१ सालको फिल्डबुकमा मकै, धान बाली लगाएको देखिएको । सम्बन्धित जोताहाहरूले भूमिसुधार कार्यालयबाट २०२१ सालमा नै मोाहियानी हकको प्रमाणपत्र प्राप्त गरेको । भूपकुमारी थपलिया समेत मुक्तिप्रसाद थपलियाहरू बीचमा २०१६ साल जेठ ८ गते भएको अंशवण्डाको प्रतिलिपि पेश गरेको र सो अंशवण्डाको कागजमा समेत उक्त जग्गा मोहीको हैसियतले कमाएको कुरा उल्लेख भएको र उजूरकर्तामध्येका प्रकाशमान सिंहको श्रीमतीले उल्लेखित जग्गा मध्ये केही जग्गा खरिद गरी अन्य व्यक्तिलाई हक हस्तान्तरण गरी बिक्री समेत गरेको देखियो । उक्त जग्गाहरू व्यक्तिका हकभोगमा रही नक्सा पास गरी घर निर्माण गरी बसेको अवस्थामा विशेष प्रहरी विभागबाट २०५२।१२।१६ मा भ्रष्टाचार मुद्दा चलाउन स्पष्ट आधार नदेखिएको भनी निर्णय समेत गरेको र पेश भएका प्रमाणका

आधारमा उक्त जग्गाहरू सार्वजनिक भन्न सकिने अवस्था नदेखिएको हुँदा आयोगको मिति २०६३।१२।८ को निर्णयानुसार तामेलीमा राखिएको ।

३७. भूमिसुधार कार्यालय, बर्दियाले हदबन्दी भन्दा बढी भई छाड्नेमा परेको गुलरिया न.पा वडा नं. ६ (क) साबिक कि.नं ८ को ०-९-१५ जग्गा गैरकानूनी तवरले गैर व्यक्तिहरूलाई बिक्री वितरण गरी भ्रष्टाचार गरेको भन्ने व्यहोराको जिल्ला प्रशासन कार्यालय, बर्दिया मार्फत यस आयोगमा प्राप्त भएको उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा २०२१ सालमा भूमिसुधार लागू हुँदा जग्गा धनी कृष्णप्रसाद गौतमको हदबन्दी भन्दा बढी भई छाड्नेमा परेको मोही बदलु गोडिया भएको बर्दिया जिल्ला गुलरिया न.पा. वडा नं. ६ (क) साबिक कि.नं. ८ को ०-९-१५ जग्गा मोहीको मृत्यु भएपछि भूमिसुधार कार्यालय, बर्दियाका कर्मचारी समेतको मिलोमतोमा मिति २०५९।६।११ गते सो जग्गाको मोही नै नभएका बकरिदी अली धोबीलाई ६ कठ्ठा र प्रमोद गोडियालाई ३ कठ्ठा १५ धुर जग्गा बिक्री वितरणमा दिने निर्णय गरी भ्रष्टाचार गरेकोले छानबिन गरी दोषीलाई कारबाही गरी पाऊँ भन्ने सुकइ गोडिया र रुक्साना गोडियाको उजूरी सम्बन्धमा अनुसन्धान हुँदा हदभन्दा बढीको जग्गा बिक्री वितरण गर्ने सम्बन्धमा भूमिसम्बन्धी नियमहरू, २०२१ को नियम २३ बमोमिजको प्रक्रिया पूरा गरेको देखिएन । कानूनी प्रक्रिया पूरा गरे पनि तराईको शहरी इलाकामा २ कठ्ठासम्म र सो पनि मालपोत कार्यालयले तय गरेको न्यूनतम मूल्यांकन अनुसार हुन आउने रकम एकमुष्ठ वा बढीमा १० वार्षिक किस्तासम्ममा लिनुपर्नेमा रु. ५४।- मा ६ कठ्ठा र रु. ३६।- मा ३ कठ्ठा १५ धुर बिक्री वितरण गरेको कानूनसम्मत भएको देखिएन । बिक्री वितरणमा जग्गा प्राप्त गर्नेहरू बकरिदी अलि धोवी र प्रमोद गोडियाको पनि अन्यत्र जग्गा छ भन्ने कुरा अनुसन्धानबाट नदेखिएको हुँदा यिनीहरूलाई पनि नियमानुसार २/२ कट्ठासम्म जग्गा बिक्री वितरण गरी बाँकी जग्गाका हकमा जो जे गर्नुपर्ने हो नियमानुसार गर्नु गराउनु भनी भूमिसुधार तथा व्यवस्था मन्त्रालयलाई लेखी पठाएको । भूमिसुधार कार्यालय बर्दियाका तत्कालीन भूमिसुधार अधिकारीलाई विभागीय कारबाही गर्नुपर्ने हो तापनि निज सेवाबाट अवकाश भइसकेको देखिएबाट केही गर्न परेन । जिल्ला सिंचाइ कार्यालय बर्दियाका तत्कालीन लेखापाल डिल्लीराज आचार्य समेतका व्यक्तिहरूको संलग्नता सम्बन्धमा अनुसन्धान हुँदा प्रमाणको अभावका कारण भ्रष्टाचार गरे भन्ने कुरालाई पुष्टि गर्न सकिने अवस्था नदेखिएकोले केही गर्न नपर्ने देखी प्रस्तुत उजूरीलाई आयोगको मिति २०६३।१२।८ को निर्णयानुसार तामेलीमा राखिएको ।

३८. कृषि विकास बैंक, बैंकिङ कार्यालय, पुतली सडक, काठमाडौंबाट कर्जा लगानी गर्दा अनियमित गरी बैंक डुबाउने काम भएकोले उल्लिखित ऋणीहरूको फायल छानबिन होस् भन्ने उजूरीको सि.नं.६ मा उल्लिखित बिग फूट इन्टरनेशनल ट्राभल्स एण्ड टुर्स, रकम रु. १२,००,०००। धितो अत्यधिक मूल्यांकन, परियोजना नभएको, धितो हाइटेन्सन लाइन मुनि रहेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा ऋणीले कर्जा लिँदा धितो राखेको जग्गाबाट बैंकको सम्पूर्ण लेना रकम प्रचलित बैंकको कानून बमोजिम असूल उपर गर्न कृषि विकास बैंक लिमिटेड, मुख्य कार्यालयलाई लेखी पठाइएको । बैंकका तत्कालीन प्रबन्धक एवं धितो मूल्यांकनकर्ता तथा ऋण कमिटीका सदस्य नारायण प्रसाद थपलियाले बैंकको नियम विपरीत धितो मूल्यांकन गरी ऋण कमिटीमा समेत बसी कर्जा स्वीकृत गरेको कार्य अनुचित कार्य देखिएतापनि निजले बैंकको सेवाबाट अवकाश लिइसकेको देखिँदा निज उपर अनुचित कार्य गरेकोमा विभागीय कारबाही हुन

सक्ने स्थिति देखिएन । अर्का धितो मूल्यांकनकर्ता एवं ऋण कमिटीका सदस्य तत्कालीन कार्यालय सहायक श्रीराम अर्यालको मृत्यु भइसकेको देखिँदा निज उपर कारबाही हुन सक्ने देखिएन । ऋण कमिटीका अर्का सदस्य तत्कालीन का.मु.शाखा अधिकृत सुमन कुमार सिंहको ऋण प्रवाह गर्ने सम्बन्धमा बैंकको नियमानुसार खास भूमिका नदेखिएको र निजले बैंकको सेवाबाट अवकाश समेत प्राप्त गरिसकेको हुँदा निज उपर पनि कुनै कारबाही गर्नुपर्ने देखिएन । त्यस्तै अर्का धितो मूल्यांकनकर्ता एवं ऋण कमिटीका सदस्य लक्ष्मणकुमार सिंहले धितोको मूल्यांकन गर्दा असुरक्षित जग्गा बैंकको नियम निर्देशन विपरीत हुने गरी मूल्यांकन गरी प्रतिवेदन पेश गरेको तथा ऋण कमिटीमा समेत बसी कर्जा दिने निर्णय गरेको देखिन आएबाट निजलाई विभागीय कारबाही हुनुपर्ने देखिन आए तापनि सोही बैंकको यस्तै कर्जा लगानी सम्बन्धी अर्को मुद्दामा निज उपर आयोगबाट विशेष अदालतमा मुद्दा दायर भई स्वत: निलम्बनमा रहेको देखिँदा थप विभागीय कारबाही गरिरहनुपर्ने देखिएन । बिगफुट इन्टरनेशनल ट्राभल्स एण्ड टुर्सका प्रोपाइटर सुनिल जोशी एवं विमलराज पाण्डे तथा धितो राख्न मन्जुरीनामा दिने प्रनाथ के.सी.लाई केही गर्नु नपर्ने गरी आयोगको मिति २०६३।१२।९ को निर्णयानुसार प्रस्तुत फायल तामेलीमा राखिएको ।

३९. तातोपानी भन्सार कार्यालय, कैलाली भन्सार कार्यालय र कञ्चनपुर भन्सार कार्यालयका कर्मचारीहरूले राजस्व छली रकम लिने खाने गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा तातोपानी भन्सार कार्यालय, कैलाली भन्सार कार्यालय र कञ्चनपुर भन्सार कार्यालय हुँदै आयात भएका विभिन्न सामानहरू अलग अलग मितिमा चेक जाँच गर्दा प्रज्ञापन पत्रमा उल्लेख भए भन्दा बढी सामान आयात गरेको देखिएबाट राजस्व अनुसन्धान विभागले सो सबै सामान जफत गरी विगो बमोजिम जरिवाना समेत गरेको अवस्था मिसिल संलग्न प्रमाणबाट देखियो । यसमा कर्मचारीको मिलोमतो भएको हो होइन भन्ने सम्बन्धमा संलग्न कागजात अध्ययन गर्दा कर्मचारीको मिलोमतोबाट नै भन्सार चोरी कार्य भयो भनी यकिन गर्ने प्रमाणको अभावमा त्यसतर्फ हाल विचार गरिरहन परेन । आफ्नो पद अनुसारको आचरण नगरेको भनी सम्बद्ध कर्मचारीहरूलाई अख्तियारवालाबाट विभागीय कारबाही समेत भएको देखिएबाट प्रस्तुत फायल आयोगको मिति २०६३।१२।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४०. जिल्ला शिक्षा कार्यालय, धनुषाका तत्कालीन जिल्ला शिक्षा अधिकारी मित्रनाथ गड्तौला र मध्यमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयका तत्कालीन निमित्त निर्देशक अशोक कुमार अर्यालले माध्यमिक शिक्षक रामस्वरूप यादवलाई रौतहटबाट र प्रयागराज काफ्लेलाई सिरहाबाट धनुषामा शिक्षा ऐन, नियमावली २०५९ को नियम ९९ (३) विपरीत अनियमित तरिकाले सरुवा गरेको भन्ने उजूरीका सम्बन्धमा मिति २०६३।११।११ को निर्णय अनुसार निजहरूलाई निजामती सेवा ऐन, २०४९ बमोजिमको सामान्य सजाय अन्तर्गत हदैसम्मको विभागीय कारबाही किन नगर्ने ? भनी स्पष्टीकरण माग गरिएकोमा निजहरूबाट पेश हुन आएका स्पष्टीकरण समेतको आधारमा मिति २०५१।८।१५ मा रौतहट जिल्लामा माध्यमिक शिक्षक चतुर्थ श्रेणीमा स्थायी नियुक्ति भई सो पदलाई लियन राखी २०५१ सालमा नै धनुषा जिल्ला शिक्षा कार्यालयमा स्रोत व्यक्ति नियुक्ति भई २०६२ आषाढ मसान्तसम्म जिल्ला शिक्षा कार्यालय धनुषामा नै कार्यरत रही २०६२।४।१ देखि पदाधिकार रहेको ज.मा.वि. कटहरिया (रौतहट) मा फिर्ता भई मिति २०६२।५।१७ को पत्रबाट शिक्षक रामस्वरूप यादवलाई रौतहट जिल्लाबाट धनुषा जिल्लामा सरुवा गरेको र मिति २०५४।११।२५ मा

धनुषा जिल्ला अन्तर्गत गंगाप्रसाद माध्यमिक विद्यालय ठेरा बजारमा अस्थायी माध्यमिक शिक्षकमा नियुक्ति भई मिति २०६०।१२।५ मा सिरहा जिल्ला अन्तर्गत जनता वनवली उच्च माध्यमिक विद्यालय वर्छवामा माध्यमिक शिक्षक तृतीय श्रेणीमा स्थायी नियुक्ति भएका शिक्षक प्रयागराज काफ्लेलाई सिरहाबाट धनुषामा सरुवा गरिएको, २०५९ सालमा शिक्षा नियमावली आउनु अगावै भए गरेका कामको सन्दर्भलाई विचार गरी तथा तत्कालीन जिल्ला शिक्षा अधिकारी मित्रलाल गडतौला र तत्कालीन निमित्त क्षेत्रीय निर्देशक (मध्यमाञ्चल क्षेत्रीय निर्देशनालय) अशोक कुमार अर्यालबाट मिति २०६३।१२।२ मा पेश भएका स्पष्टीकरणमा उल्लेखित बुँदाहरू समेतका आधारमा निजहरूलाई केही गर्न नपर्ने भएकाले प्रस्तुत उजूरी आयोगको मिति २०६३।१२।१५ को निर्णयानुसार तामेलीमा राखिएको ।

४१. पशु सेवा विभाग अन्तर्गतका कर्मचारीहरू विना सूचना कार्यालयमा लामो समय देखि हाजिर नभए पनि कारबाही नभएको भन्ने विषयको उजूरी उपर अनुसन्धान हुँदा पशु सेवा विभाग र अन्तर्गतका विभिन्न कर्मचारीहरू वर्षौंदेखि कार्यालयलाई कुनै जानकारी नदिई स्वदेश तथा विदेशमा रहेका र कतिपय कर्मचारीले विभिन्न अनियमितता गरेको भन्ने उजूरीको विषय उपर कृषि तथा सहकारी मन्त्रालय र पशु सेवा विभागबाट जानकारी माग गर्दा केही त्यस्ता कर्मचारीहरू रहेको खुल्न आयो । आयोगबाट त्यस्ता कर्मचारीहरूको कारबाहीको बारेमा जानकारी माग गर्दा प.वि.अ.डा. उमा कार्की, प.चि.डा. कृष्ण प्रसाद शाक्य, प.चि.डा. विजय अधिकारी, प.चि.डा अञ्जन कुमार चालिसे, प्रा.स.मो.मजिद आलम, कृ.अर्थ.विज्ञ श्रुति खड्का, ना.प.से.प्रा.शम्भु झा, ना.प्रा.स. पदमा सिंह विष्ट, प.से.प्रा. रामु यादव, ना.प. स्व. प्रा. दानालाल नायक, ना.प.से. प्रा. भारतप्रसाद मुराउ, र क्षे.स.कृष्ण लामा, पियन योगेन्द्र यादवलाई सेवाबाट बरखास्त गरिएको, प.चि.डा.जिवछ साह, ब.प.वि.अ. लीलाबहादुर कार्की, ना.प.स्वा.प्रा. शंकर विश्वकर्माको राजीनामा स्वीकृत गरेको खुल्न आयो । उल्लेखित कर्मचारीहरू लगायत हालसम्म ३५ जना कर्मचारीहरू उपर कारबाही थालिएको र कतिपय अझै प्रक्रियामै रहेको समेत खुल्न आयो । उजूरीकर्ताले उल्लेख गरे अनुसारका कर्मचारीहरू मध्ये कतिपय उपर कारबाही भइसकेको र बाँकी कर्मचारी उपर पनि कडाइका साथ कारबाहीको प्रक्रिया चलिरहेको पाइएकोले आयोगको मिति २०६३।१२।१९ को निर्णयानुसार तामेलीमा राखिएको ।

४२. हरिकृष्ण तामाङ्गलाई नक्कली बाबु बनाई मंगलबहादुर तामाङ्गले अधिकृत वारेसनामा लिई काठमाण्डौ महानगरपालिका वडा नं. ६ कि.नं. १९२ र १९३ का बाबु लामाको नामका जग्गाहरू मंगलबहादुर तामाङ्गले २०६३।२।२३ मा मालपोत कार्यालय, चावहिलबाट लिखत पारित गराई उमाकान्त उपाध्याय रिजाललाई बिक्री गरी ठगी गरेको सम्बन्धमा मंगलबहादुर तामाङ्ग समेतका व्यक्तिहरू विरुद्ध काठमाण्डौ जिल्ला अदालतमा अभियोग पत्र दर्ता गरी उक्त जग्गाको जग्गाधनी प्रमाण पूर्जामा फोटो टाँस लगायतका कार्यमा मालपोत कार्यालय, चावहिलका शाखा अधिकृत शालिकराम आचार्य, कम्प्युटर अपरेटर (ना.सु.) अर्जुन पाण्डे र खरिदार प्रियकुमार नेम्वाङ्गले पदीय कर्तव्य पालन गरे नगरेको सम्बन्धमा अनुसन्धानका लागि जिल्ला प्रहरी कार्यालय, काठमाडौंबाट प्राप्त उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त उजूरीमा उल्लेखित काठमाडौं जिल्ला, काठमाण्डौं महानगरपालिका वडा नं. ६ कि.नं. १९२ र १९३ का बाबु लामाको नामका जग्गाहरू काठमाण्डौ जिल्ला अदालतबाट मिति २०६२।१२।३१ मा प्रमाणित अधिकृत

वारेसनामाको आधारमा २०६३।२।२३ मा मालपोत कार्यालय, चावहिलबाट लिखत पारित भई बिक्री भएको देखिएको एवं उक्त जग्गाको जग्गाधनी प्रमाण पूर्जामा फोटो टाँस र बिक्रीको लिखत पारित प्रक्रियामा संलग्न मालपोत कार्यालय चावहिलका शाखा अधिकृत शालिकराम आचार्य, कम्प्युटर अपरेटर (ना.सु.) अर्जुन पाण्डे र खरिदार प्रियकुमार नेम्वाङ्गले अनियमित रूपमा कुनै रकम लिनु खानु गरेको वा बदनियतपूर्वक काम गरेको भन्ने व्यहोरा प्राप्त प्रमाण कागजातहरूबाट स्थापित हुन सक्ने अवस्था नदेखिएको हुँदा प्रस्तुत उजूरीलाई आयोगको मिति २०६३।१२।२१ को निर्णयानुसार तामेलीमा राखिएको ।

४३. मानसिक अस्पताल, ललितपुरमा कार्यरत अ.हे.व. टोपेन्द्रनाथ योगीले आफ्नो योग्यता M.D. H.E. साइकियाट्रिक डिजिजेज त्रि.वि M.H.T. (W.H.O.) P.H.D. साइकियाट्री कोलम्बो योग्यता देखाई डा. टी. एन. योगी मानसिक रोग विशेषज्ञ उल्लेख भएको प्रेसक्रिप्सन बनाई आफ्नो नभएको योग्यता छ, भनी ढाँटी झुक्याई बिरामी चेक जाँच गरी अवैध एवं गैरकानूनी तवरले शुल्क असूली मनुष्य जीवनमा खेलबाड गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान गर्दा निज अ.हे.व. योगीले C.M.A. चिकित्सा शास्त्र अध्ययन संस्थान त्रिभुवन विश्वविद्यालयबाट गरेको । निजले एस. एल. सी. देखि स्नातकोत्तर सम्मको अध्ययन नेपालबाटै गरेको र Faculty of Medical studies, Medicine, Alternative Institute Colombo बाट सन् २००२ मा Ph.D. (Psychiarty) गरेको प्रमाण पेश गरेको तर त्रिभुवन विश्वविद्यालयले उक्त Ph.D. को उपाधिलाई मान्यता नदिएको भए पनि प्रमाणपत्र नै नक्कली हो भन्ने प्रमाणित भएको देखिन आएन । निज अ.हे.व. योगीले उक्त विश्वविद्यालयबाट प्राप्त तर त्रिभुवन विश्वविद्यालयले मान्यता नदिएको योग्यताको उपाधि निजी क्लिनिकमा प्रयोग गरेको देखिए पनि सरकारी कामकाजमा प्रयोग भएको देखिन नआएको र मिति ०५९।८।१ गतेदेखि निजको राजीनामा स्वीकृत भई अवकाश पाइसकेको अवस्था देखिन आएकोले आयोगको मिति २०६४।१।१० को निर्णयानुसार प्रस्तुत उजूरी तामेलीमा राखिएको ।

४४. नेपाल नागरिक उड्डयन प्राधिकरणले वैदेशिक सहयोग रकम दुरुपयोग गरी भ्रष्टाचार गरेको भन्ने सम्बन्धमा आयोगको मिति २०६२।१०।२ को निर्णयानुसार ११ महिना अवधिको फ्रेन्च प्रोजेक्ट लामो अवधिसम्म सम्पन्न नभएको सम्बन्धमा र वार्षिक कार्यक्रमका कार्यहरू अनियमित रूपमा टुक्राटुक्रा गरी गराइएको विषयमा अनुसन्धान हुँदा नेपालस्थित फ्रान्सेली राजदूतावासको ५ मे २००० को पत्र बाट Amended Implementation Deadline and Expiry of Protocol को म्याद ३१ डिसेम्बर २००१ सम्म रहेको । आयोजना लागू भइसकेपछि दातृ मुलुक र प्राधिकरणको द्विपक्षीय सहमति र स्वीकृतिमा संलग्न संशोधनहरू सहित २३ मार्च २००१ मा आयोजनाका सम्पूर्ण कार्यहरू सफलतापूर्वक सम्पन्न भई हाल सबै सम्बन्धित विमानस्थलहरूमा जडित उपकरणहरू सन्तोषजनक रूपमा संचालन भइरहेको व्यहोरा प्राप्त भएको देखिएको हुँदा उजूरी बमोजिम ११ महिना अवधिको फ्रेन्च प्रोजेक्ट लामो अवधिसम्म सम्पन्न नभएको भन्ने स्थिति नरहेको । केही समययता नेपालका सम्पूर्ण विमानस्थलहरू सुरक्षाको दृष्टिकोणले अत्यन्तै सम्वेदनशील अवस्थामा रहेको तथा विगत एक दशकको अवधिमा मुलुक एकदम अप्ठेरो परिस्थितिबाट गुज्रिरहेको अवस्थामा विमानस्थल संचालन सुचारु रूपले गर्न संचार तथा उड्डयन सहाय उपकरणहरूको उपयोगितालाई ध्यानमा राखी कुनै पनि विमानस्थलमा आवश्यक पर्नासाथ

अति छिटो साधनबाट समस्या निराकरण गर्न प्राधिकरण हरदम अग्रसर हुनुपर्ने कारणले प्रस्तुत खरीद कार्यहरू गराउनु परेको, उल्लेखित परिस्थितिका आधारमा केही कार्यहरू टुक्राटुक्रा गरी गराउँदैमा यथार्थमा भ्रष्टाचार भएकै हो भन्न सकिने अवस्था नदेखिएकाले प्रस्तुत उजूरी आयोगको मिति २०६४।१।१२ को निर्णयानुसार तामेलीमा राखिएको ।

४५. जिल्ला शिक्षा कार्यालय, रौतहटका जिल्ला शिक्षा अधिकारी सदानन्द झाले शिक्षा ऐन तथा नियमावली विपरीत शिक्षकहरूको सरुवा गरेको, २०६० सालको टेष्ट परीक्षामा अनुत्तीर्णलाई सोही वर्षको एस.एल.सी. परीक्षामा सामेल गराएको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा निजले शिक्षा विभागको निर्देशन विपरीत शिक्षकको जिल्लान्तर सरुवा गरेको देखिँदा नि.से. ऐन, २०४९ (संशोधन सहित) को दफा ६० को देहाय (ज) बमोजिम पदीय दायित्व पूरा नगरेको कसूर गरेको देखिएकोले सोही ऐनको दफा ५९ को खण्ड (क) को देहाय (२) बमोजिम दुई तलब वृद्धि रोक्का गरिएको कुरा लेखी आएको देखिँदा प्रस्तुत उजूरीका सम्बन्धमा निज जि.शि.अ.सँग आयोगबाट स्पष्टीकरण माग गरिएको भए पनि निजलाई शिक्षा तथा खेलकुद मन्त्रालयबाट सोही विषयमा सजाय भइसकेकोले प्रस्तुत फायल आयोगको मिति २०६४।१।१६ को निर्णयानुसार तामेलीमा राखिएको ।

४६. भारतीय नागरिक बिहार सितामढी जिल्ला, चौतारा डाकघर, चरनसैना गाउँ बस्ने रिझन झाको छोरा केवल झाका नाउँमा रहेको जनकपुर नगरपालिका वडा नं. ८ कि.नं. ३७ क्षे.फ. ०-१-२-० बिगाह जग्गा निज केवल झाको भारतमा हुँदा हुँदै मृत्यु समेत भै सकेकोमा निजका परिवार समेतलाई जानकारी नदिई महोत्तरी पिप्रा-२ निवासी रामलला मिश्र समेतका व्यक्तिहरुले मालपोत कार्यालय, धनुषाका कर्मचारीहरुको मिलेमतोमा फर्जि सहीछाप गरी २०५९।३।२० मा रजिष्ट्रेशन पारित गरी लिएको हुँदा कारबाही गरि पाउँ भन्ने उजुरीमा अनुसन्धान हुँदा प्रस्तुत बिबादको जग्गाको जग्गा धनी केवल झा रहेको र उक्त जग्गा केवल झा कै नामबाट मिति २०५९।३।२० मा रिजिष्ट्रेशन पारित गरी नेपाली नागरिक (धनेशी ठाकुर) लाई बिक्री गरेको कुरामा बिबाद देखिएन । बिदेशी नागरिकका नाउँमा रहेको जग्गा नेपाली नागरिकलाई बिक्री गर्न नपाइने भनी प्रचलित कानूनले प्रतिवन्ध लगाएको नदेखिएको र २०५९।३।२० मा मालपोत कार्यालय, धनुषाबाट पारित लिखत निज केवल झा स्वयंले पारित गरिदिएको हुँ भनी अनुसन्धान अधिकृत समक्ष उपस्थित भई बयान गरिदिएको देखिदा उक्त लिखत पारित गर्ने कार्य जालसाँझपूर्ण हो र उक्त कार्यमा संलग्न कर्मचारीहरु दोषी हुन् भन्न सक्ने आधार नदेखिएको हुँदा क्षेत्रीय प्रशासन कार्यालय, हेटौँडाको राय मनासिव देखिएकोले प्रस्तुत उजुरीका सम्वन्धमा तारेखमा राखिएका व्यक्तिहरुलाई फुर्सद दिन, नगद धरौटी लिएकाको धरौटी फिर्ता गर्न, जेथा जमानत बापत जग्गा रोक्का भएकाहरुको रोक्का फुकुवा गर्न र धनेशी ठाकुरको नामको बिबादित जग्गाको रोक्का फुकुवा गर्न आयोगको मिति २०६४।१।२३ को निर्णयानुसार क्षेत्रीय प्रशासन कार्यालय, मध्यमाञ्चल बिकास क्षेत्र, हेटौँडामा लेखी पठाई तामेलीमा राखिएको ।

४७. लभ ग्रिन नेपाल नामक संस्थाद्वारा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, साना सहयोग कार्यक्रमबाट Conservation of Endangered Orchids and Cultivation of Hybrid Orchids Through Participatory Approach नामक परियोजनालाई प्राप्त रकम दुरुपयोग भयो भन्ने

उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा उक्त संस्थाले ने.रु. २७,६२,५५०।- (३८,०००।-) अमेरिकी डलर) अनुदान प्राप्त गरी सञ्चालन गरेका क्रियाकलाप समेतको स्थलगत अध्ययन, अनुसन्धान तथा सो को विश्लेषण गर्दा सो रकम पूरै सदुपयोग भएको भन्न सकिने अवस्था नदेखिएको व्यहोरा संयुक्त राष्ट्रसंघीय विकास कार्यक्रम, साना सहयोग कार्यक्रमलाई जानकारी दिई प्रस्तुत फायल आयोगको मिति २०६४।२।१ को निर्णयानुसार तामेलीमा राखिएको ।

४८. वीरगन्ज उपमहानगरपालिकामा अवस्थित ठाकुरराम बहुमुखी क्याम्पसका संचालक (हाल क्याम्पस प्रमुख) उदय बहादुर सिलवाल समेतका क्याम्पस प्रमुखहरूले क्याम्पसमा कार्यरत शिक्षक एवं कर्मचारीहरूको ऐन कानूनबमोजिम आयकर कट्टा गरी आन्तरिक राजस्व कार्यलयमा बुझाउनुपर्ने आयकर नबुझाई व्यक्तिगत सम्पति बनाई भ्रष्टाचार गरेको भन्ने उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा तत्कालीन क्याम्पस प्रमुखहरूले क्याम्पसको आर्थिक श्रोतलाई ध्यान नदिई शिक्षक तथा कर्मचारीहरूको पारिश्रमिकबाट कट्ठा गरिएको आयकर क्याम्पस संचालन, संचयकोष तथा ऋण सापटी वापतको रकममा खर्च गरेको पाइयो । तत्कालीन क्याम्पस प्रमुखहरू हाल क्याम्पस प्रमुख पदबाट हटिसकेको विद्यमान अवस्था र त्यसपछिका क्याम्पस प्रमुखबाट समेत जाँचबुझ टोलीले पेश गरेको प्रतिवेदन अनुसार केन्द्रबाट प्राप्त गर्नुपर्ने रकम लिन नसक्दा उक्त रु १७,९२,२७०।२४ आयकर दाखिला गर्न बाँकी रहेको देखियो । क्याम्पस प्रमुख उदय बहादुर सिलवालको कार्यकालमा २०६० माघ पछि नियमित रूपमा आयकर दाखिला भएको पाइयो । आयकर वापतको रकम निकासा भए नभएको सम्बन्धमा त्रि.वि.वि. रजिष्टारको कार्यालयको पत्रबाट ठाकुरराम बहुमुखी क्याम्पस वीरगन्जको आ.व.२०५८।५९ देखि आ.व. २०६२।०६३ सम्मको नियमित शीर्षक अन्तर्गत निकासा गरिएको बजेट विवरण संलग्न गरी पठाएको र आ.व. २०५८।०५९ मा उक्त क्याम्पसलाई त्रि.वि.वि डेढ वर्ष ऋण सापटी र क.सं कोष शीर्षक अन्तर्गत मिति २०५८।१२।२८ को निर्णयानुसार थप बजेट रु. ३०,२४,४०८।- निकासा भएको व्यहोरा जानकारी भएबाट प्रस्तुत उजूरी आयोगको मिति २०६४।२।२ को निर्णयानुसार तामेलीमा राखिएको ।

४९. चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत (रा. प. द्वितीय प्रा.) गोपालप्रसाद उपाध्यायले याक्चे भन्ने पेम्वा लामा सहितको १६ जना प्रतिवादी भएको गैंडा मारी खाग बिक्री व्यवसाय गरेको सम्बन्धी मुद्दाको फैसला गरेको सम्बन्धमा निजले गरेको फैसला विवादास्पद एवं शंकास्पद देखिएकोले अधिकारको दुरुपयोग सम्बन्धमा वन तथा भू-संरक्षण मन्त्रालयबाट अनुरोध भई आएकोमा आयोगबाट अनुसन्धान हुँदा काठमाण्डौं, का.म.न.पा. वडा नं. ७ मा बस्ने याक्चे भन्ने पेम्वा लामा समेत १६ जना प्रतिवादी भएको गैंडा मारी खाग बिक्री व्यवसाय गरेको मुद्दामा चितवन राष्ट्रिय निकुञ्ज कार्यालयका प्रमुख संरक्षण अधिकृत गोपालप्रसाद उपाध्यायले गरेको फैसलामा प्रतिवादीहरूले राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण ऐन २०२९ को दफा ५ (क) र १९ (१) को कसूर गरेकोले सोही ऐनको दफा २६(१) बमोजिम भिन्न भिन्न व्यक्तिलाई भिन्न भिन्न दण्ड सजायं हुने गरी फैसला गरेको देखिएको र सो फैसला गर्दा आफूलाई प्राप्त स्वविवेकीय अधिकार बदनियत साथ प्रयोग गरेको भन्ने पुष्टि हुने प्रमाणको अभाव र उक्त मुद्दा उपर पुनरावेदन समेत परेको अवस्था देखिंदा हाल निजलाई केही गरिरहन नपर्ने भएकाले प्रस्तुत मिसिल आयोगको मिति २०६४।२।२ को निर्णयानुसार तामेलीमा राखिएको ।

५०. जनक शिक्षा सामग्री केन्द्रका का.मु. नायव प्रवन्ध संचालक रामचन्द्र सिलवाल माथि तत्कालीन सेती महाकाली धान चामल निर्यात कम्पनी लिमिटेडमा निज कार्यरत हुँदाको पद लगायत गयल खारेज भएको, सरुवा स्वीकृति, एकै समयमा दुई संस्थामा नोकरी गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा रामचन्द्र सिलवालको पद सहायक वा छैटौं तह के हो भन्ने सम्बन्धमा ०३५।१।५ को शुरुको नियुक्ति पत्र छैटौं तहमा ६ महिनाको परीक्षणकाल भनी दिएको देखियो । परीक्षणकाल भन्नाले साधारणतया स्थाई नियुक्ति हुने सन्दर्भमा देखिने हुँदा र मिति ०३७।७।१० मा महाप्रबन्धकले सही गरेको सरुवा स्वीकृति पत्रले पनि सोही कुरा पुष्टि गरेको र मिति ०३८।१२।६ को सरुवा पत्रबाट समेत छैटौं तह भन्ने उल्लेख भएबाट उजूरी झूटा देखिन आयो । गयल खारेजी भएको सम्बन्धमा निजले सेती महाकाली धान चामल निर्यात कम्पनीमा ०३७।१२।१९ मा गयल खारेज रद्द गरी बिदा पाऊँ भनी दिएको निवेदन कम्पनीले जनक शिक्षा सामग्री केन्द्रमा पठाएको व्यक्तिगत फायलको पञ्जिकाको क्रम संख्या ६९ मा उल्लेख गरिएको र सो पत्रमा नै गयल खारेज रद्द भएको निर्णय भएको कुरा पञ्जिकामा देखिएको तर सो पत्र पछि जनक शिक्षा सामग्री केन्द्रबाट यस आयोगमा फायल पठाउँदा झिकिएको पाइयो । सेती महाकाली धान चामल निर्यात कम्पनीको च.नं. १९६ मिति ०३८।१२।६ को पत्रमा एक वर्षको असाधारण बिदा स्वीकृत भएको कुरा उल्लेख गरेकोले गयल खारेज रद्द भएको पुष्टि भएको पाइएको हुँदा निज गयल खारेजमा परेको कुरा पनि पुष्टि भएन । सरुवा स्वीकृति सम्बन्धमा सरुवा स्वीकृति दिने व्यक्ति हाल नभएको र यस सम्बन्धमा धान चामल निर्यात कम्पनीको पत्रद्वारा "मिति ०३७।७।१० को सरुवा स्वीकृति पत्र अनुसार हाजिर हुन जानु" भनी लेखिएको पत्रबाट उक्त कुरा पुष्टि भएको पाइयो । दुवै संस्थामा एकै पटक कार्य गरेको सम्बन्धमा असाधारण बेतलबी बिदा लिएको अवस्थामा कार्य गरेको देखिएकोले दुवैतर्फ पारिश्रमिक लिएको नदेखिएको, जनक शिक्षा सामग्री केन्द्रबाट यस आयोगमा प्राप्त भएका फायलमा, पञ्जिका अनुसारका पत्रहरू नभेटिएका हुँदा त्यस संस्थामा फाइलिङ गर्ने, गोप्य कागजात राख्ने जस्ता कुरा अव्यवस्थित भएको समेत देखिएकोले यस सम्बन्धी कार्य गर्ने सम्बन्धित कर्मचारीलाई सचेत गराउने र आइन्दा व्यवस्थित रूपमा राख्ने व्यवस्था मिलाउने निर्देशन दिई उक्त उजूरी सम्बन्धी फायल आयोगको मिति २०६४।२।२ को निर्णयानुसार तामेलीमा राखिएको ।

५१. पाटन अस्पताल, ललितपुरको फिजियोथेरापी विभागमा विभागीय प्रमुख पदमा कार्यरत मञ्जु प्रधानले फिजियोथेरापी सम्बन्धी कुनै पनि अध्ययन नगरिकन नै सिनियर फिजियोथेरापी सातौं (७) तहमा कार्यरत रहेको, निजले नेपाल स्वास्थ्य व्यवसायी परिषद् ऐन, २०५३ बमोजिम उक्त परिषद्मा नाम दर्ता नगरी दर्ता प्रमाणपत्र विना काम गरेकोले पदको व्यापक दुरुपयोग गरेको भन्ने उजूरी सम्बन्धमा अनुसन्धान हुँदा निज मञ्जु प्रधानको विषयमा नेपाल स्वास्थ्य व्यवसायी परिषद्मा निजको नाम दर्ता भएको नदेखिएको र निजलाई हाल त्यस अस्पतालमा स्वास्थ्य व्यवसायमा संलग्न नगराउनु भन्ने व्यहोराको पत्र उक्त परिषद्बाट गएको देखिएकोले प्रस्तुत उजूरी आयोगको मिति २०६४।२।२ को निर्णयानुसार तामेलीमा राखिएको ।

५२. "कर्मचारी हराएको सूचना" विषयक साप्ताहिक विमर्शको समाचारमूलक लेखलाई आधार मानी काज र बिदामा गएका कर्मचारी स्वीकृत काज वा बिदा सकिए लगत्तै कार्यालयमा हाजिर नभई लामो अवधिसम्म गैरहाजिर हुने गरेको भन्ने सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निजामती

सेवा ऐन, २०४९ तथा नियमावली, २०५० र स्वास्थ्य सेवा ऐन, २०५३ तथा नियमावली, २०५५ अनुसार कर्मचारीलाई काजमा खटाउने, उनीहरूको बिदा स्वीकृत गर्ने र कुनै कसूर गरेमा कसूर मुताविकको विभागीय कारबाही गर्ने अधिकार सम्बन्धित अख्तियारवालालाई दिइएको र छानबिन तथा अनुसन्धानको क्रममा सम्बन्धित अधिकारीहरूबाट कारबाही भइरहेको भन्ने व्यहोरा समेत लेखी आएको हुँदा गैरहाजिर कर्मचारीको सम्बन्धमा कुनै उजूरी परेको बखत आयोगले छुट्टै छानबिन गरी आवश्यक कारबाहीको लागि विगतमा पनि निर्देशन दिएको र आगामी दिनमा समेत त्यस्ता विषयहरूमा आयोगमा उजूरी परेका बखत छानबिन तथा अनुसन्धान गरी कारबाहीको लागि सम्बन्धित अधिकारीलाई निर्देशन दिइने नै हुँदा प्रस्तुत उजूरीलाई आयोगको मिति २०६४।२।१४ को निर्णयानुसार तामेलीमा राखिएको ।

५३. ग्लोबल बैंक लि. को सर्वसाधारणका लागि छुट्याएको ४९ प्रतिशत शेयर ३० प्रतिशतमा घटाइएको भनी आयोगमा परेको उजूरीको सम्बन्धमा अनुसन्धान हुँदा प्रचलित कानून बमोजिम बैंक वा वित्तीय संस्था दर्ता गरी स्थापना गर्न चाहने व्यक्तिले सोको लागि दर्ता गर्न निवेदन दिनु अघि संस्थापकहरूले निवेदन दिनु भन्दा तत्काल अघिल्लो आर्थिक वर्षसम्मको कर चुक्ता गरेको प्रमाणसमेत नेपाल राष्ट्र बैंकमा पेश गर्नुपर्ने व्यवस्था बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ४ को खण्ड (च) मा भएको र सो प्रयोजनको लागि ग्लोबल बैंक लिमिटेड, वीरगन्जका संस्थापक शेयरधनीहरूले पेश गरेको कर चुक्ता गरेको प्रमाण हेर्दा शेयर वापत भुक्तानी गरेको रकमको तुलनामा कर तिरेको रकम अत्यन्त न्यून देखिएको र केही संस्थापकले कर नतिरी ठूलो रकम उक्त बैंकको शेयरमा लगानी गरेको देखिएकोले बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा ४(च) को प्रभावकारी कार्यान्वयन भएको देखिएन । तसर्थ नेपाल राष्ट्र बैंक केन्द्रीय कार्यालयबाट मिति २०६४।२।१४ को पत्रसाथ प्राप्त ग्लोबल बैंक लिमिटेडको शेयर धनीको दर्ता किताब र कर चुक्ता गरेको प्रमाणको प्रतिलिपि समेत संलग्न गरी कर छलेको वा चुवाहट भए नभएको सम्बन्धमा आवश्यक छानबिन र कारबाही गर्न राजस्व अनुसन्धान विभागलाई निर्देशन दिने साथै विगत ५ वर्षभित्र नेपाल राष्ट्र बैंकको स्वीकृतिबाट स्थापना भएका सबै प्रकारका बैंक र वित्तीय संस्थाहरूको बारेमा समेत नेपाल राष्ट्र बैंकबाट आवश्यक विवरण मगाई आवश्यक कारबाही गर्न राजस्व अनुसन्धान विभागमा लेखी पठाइएको । सर्वसाधारणका लागि छुट्याएको ग्लोबल बैंक लि. को ४९ प्रतिशत शेयर ३० प्रतिशतमा घटाएको भन्ने विषयमा नेपाल राष्ट्र बैंकबाट यस विषयमा कुनै निर्णय भइसकेको नदेखिनुका साथै बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐनको दफा ७ को उपदफा (१) ले सर्वसाधारणका लागि ३० प्रतिशत शेयर छुट्याउनु पर्ने स्पष्ट कानूनी व्यवस्था भएको देखिएकोले आयोगबाट यसमा कुनै निर्देशन दिइरहन नपर्ने भएकाले प्रस्तुत उजूरी आयोगको मिति २०६४।२।२० को निर्णयानुसार तामेलीमा राखिएको ।

५४. त्रिभुवन विश्वविद्यालय, शिक्षण अस्पताल महाराजगन्जमा स्टाफ नर्स पदमा कार्यरत विन्दादेवी शर्माले विहार संस्कृत शिक्षा बोर्ड पटनाबाट मध्यमा परीक्षा उत्तीर्ण गरेको शैक्षिक प्रमाणका सम्बन्धमा आयोगबाट अनुसन्धान हुँदा निज विन्दादेवी शर्माले वि.सं. २०४८ सालमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, सानो ठिमी, भक्तपुरबाट माध्यमिक प्राविधिक एस.एल.सी. उत्तीर्ण गरेको, सन् १९९१ मा विहार संस्कृत शिक्षा बोर्ड पटना भारतबाट मध्यमा

परीक्षा उत्तीर्ण गरेको तथा २०५६ सालमा त्रिभुवन विश्वविद्यालयबाट चिकित्साशास्त्र प्रविणता प्रमाणपत्र परीक्षा प्रथम श्रेणीमा उत्तीर्ण गरेको देखिन आयो । निजले विहार संस्कृत शिक्षा बोर्डबाट मध्यमा परीक्षा उत्तीर्ण गरेको भनिएको प्रमाणपत्र प्रमाणीकरणबाट अन्यथा देखिन आएको । निजले त्रिभुवन विश्वविद्यालय सेवा आयोगमा स्टाफ नर्स (रा.प. अनं. प्रथम) पदका लागि पेश गरेको आवेदन फारमको शैक्षिक योग्यता महलमा प्रवेशिका परीक्षातर्फ २०४८ मा जि.प्रा.शि.जि. दोलखा र प्रविणता प्रमाणपत्र वा सो सरहमा वीरगन्ज नर्सिङ क्याम्पस, TU उल्लेख गरेको देखिन आई सो सम्बन्धमा त्रिभुवन विश्वविद्यालय सेवा आयोगको कार्यालयलाई सोधनी गर्दा सेवा आयोगको पत्रबाट नर्सिङ क्याम्पस वीरगन्जबाट नर्सिङ विषयमा प्रविणता प्रमाणपत्र तह उत्तीर्ण गरेको प्रमाणको आधारमा निजको आवेदन फारम स्वीकृत भएको व्यहोरा लेखी आएको समेतका आधारमा हेर्दा निजले विहार संस्कृत शिक्षा बोर्डबाट प्राप्त गरेको शैक्षिक प्रमाणपत्र नर्सिङ पढ्नको लागि पेशसम्म गरेको तर स्टाफ नर्स पदमा नियुक्तिको लागि आवेदन फारम पेश गर्दा विहार संस्कृत शिक्षा बोर्डको पेश नगरी माध्यमिक प्राविधिक एस.एल.सी. र नर्सिङ प्रविणता प्रमाणपत्रको प्रमाणपत्र पेश गरी नियुक्ति भएको देखिँदा निजले राष्ट्रसेवकको पदमा नियुक्ति पाउने उद्देश्यले विहार संस्कृत शिक्षा बोर्डको शैक्षिक योग्यता पेश गरेको हो भनी भन्न सकिने अवस्था नदेखिँदा निजको विहार संस्कृत शिक्षा बोर्डबाट प्राप्त गरेको भनिएको मध्यमा (हाइस्कूल) स्तरको शैक्षिक प्रमाणपत्र खिची मिसिलसाथ राखी प्रस्तुत फायल आयोगको मिति २०६४।२।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

५५. नेपाल राष्ट्र बैंकका गभर्नर विजयनाथ भट्टराईले नेपाल राष्ट्र बैंक ऐन, २०५८ र विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९ समेत विपरीत सुरक्षा निकायहरूलाई प्रयोजन नखुल्ने गरी मागे जति विदेशी मुद्रा भुक्तानी गरेको, बैंकको कार्यालय समयभन्दा अघिपछि पारेर भुक्तानी गरेको, बिदाको समयमा पनि ढुकुटी खोलिएको, बैंकको अतिथि गृह निशुल्क उपलब्ध गराएको घटनाबारे छानबिन नगराई आफनो दोषलाई ढाकछोप गर्न खोजेको समेतबाट तत्कालीन सत्तालाई सहयोग गरेको, बैक जस्तो स्वायत्त संस्थाभित्र प्रहरी बोलाई लोकतन्त्र पक्षधर कर्मचारीलाई गिरफ्तार गराएको तथा आन्दोलनको समाचार संकलन गर्न गएका पत्रकारलाई समेत प्रवेश निषेध गरी जनआन्दोलनलाई निस्तेज पार्न बहुआयामिक तवरले संलग्न विजयनाथ भट्टराईले पदको दुरुपयोग गरेको देखिंदा निजलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ बमोजिम अनुचित कार्य सम्बन्धमा थप अनुसन्धान गरी कारबाही हुनुपर्ने भन्ने समेत व्यहोराको उच्चस्तरीय छानबिन आयोगको प्रतिवेदन (उजूरी) सम्बन्धमा विस्तृत अनुसन्धान हुँदा नेपाल राष्ट्र बैकका गभर्नर निज विजयनाथ भट्टराईले बैक जस्तो स्वायत्त संस्था भित्र प्रहरी बोलाई लोकतन्त्र पक्षधर कर्मचारीलाई गिरफ्तार गराएको तथा आन्दोलनको समाचार संकलन गर्न गएका पत्रकारलाई प्रवेशमा रोक लगाएको कार्य आरोपहरूको सम्बन्धमा उक्त आरोपहरू संविधान तथा प्रचलित कानूनद्वारा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई प्रदत्त गरेको क्षेत्राधिकार भित्र नपर्ने भएको, कार्यालय समयभन्दा अघिपछि पारेर रकम भुक्तानी गरेको र बिदाको समयमा पनि ढुकुटी खोलिएको घटना सम्बन्धमा मिति २०६२/१२/०३ गते देखि मिति २०६३/१/१२ गते सम्मको अवधिमा जम्मा ८ दिन सार्वजनिक बिदा पर्न गएकोमा सो अवधिमा नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, थापाथली बैंकको Daily Computer Payment Sheet बाट उक्त अवधिमा सो कार्यालयको ढुकुटी कार्यालय समय अघि पछि तथा बिदाको दिन खोलेको देखिएन । मिति

२०६२/१२/०३ देखि मिति २०६३/१/१२ सम्मको बैंकिङ कारोबार सम्बन्धी प्रत्येक दिनको Closing र Opening मौज्दात अंकबाट Cross Check गरी भिडाउँदा सार्वजनिक बिदाको दिनअघिको Closing Balance र बिदाको दिन पछिको Opening Balance मिल्न गएको हुँदा उक्त अवधिमा सार्वजनिक बिदाको दिनहरूमा बैकिङ कारोबार भएको देखिएन । उक्त अवधिमा नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, थापाथलीको ढुकुटी कार्यालय समय अघि पछि वा बिदाको दिन खोली नगद कारोबार गर्न प्रयोजनका लागि कुनै कर्मचारीलाई ओभर टाइममा नखटाइएको साथै उल्लेखित समयमा बैंकको कारोबार संचालन गर्ने प्रयोजनले अन्यत्र कार्यालयबाट कुनै कर्मचारी काज, दरबन्दी वा सरुवा गरी पठाइएको खुल्न आएन । उच्चस्तरीय छानबिन आयोगको प्रतिवेदनमा संलग्न पत्रिकाको कटिङमा उल्लेखित १६ थान चेकहरू २०६२/१२/०३ गतेदेखि मिति २०६३/१/१२ गतेसम्मको अवधिमा बिदाको दिन वा कार्यालय समय अघि पछि गरेर साटेको देखिएन, नेपाल राष्ट्र बैंक, बैंकिङ कार्यालय, थापाथलीको ढुकुटी खोल्दा र बन्द गर्दा सुरक्षाकर्मीको समेत दस्तखत रहने गरी खडा गरिएको Vault Register बाट मिति २०६२/१२/०३ देखि मिति २०६३/१/१२ सम्मको अवधिमा पर्ने बिदाका दिनहरूमा ढुकुटी खोलेको देखिएन । तर सो अवधिभरि सामान्यतया ढुकुटी कार्यालय समयमा खुल्ने गरे तापनि २०६३/१/४ गते बिहान ०९:०० बजे ढुकुटी खोली ०९:१० बजे बन्द गरेको देखिन्छ । मिति २०६३/१/४ गते ०९:०० बजे ढुकुटी खोलिएको सम्बन्धमा नेपाल राष्ट्र बैंकका कर्मचारीहरूको संगठनले मिति २०६२ चैत्र २४ गतेदेखि आफ्ना मागहरू पूरा गराउन हडतालमा उत्रिएको र माग पूरा नहुँदा कडा प्रतिकारको रूपमा मिति २०६३/१/३ गते बैंकको ढुकुटी ११:०० बजेमात्र खोल्न दिएको हुँदा यसरी ढुकुटी ढिलो खोल्दा सेवाग्राहीहरू बैंकिङ सेवाबाट पनि वञ्चित भएकोले सम्बन्धित ग्राहकहरूबाट दवाव आएको र मिति २०६३/१/४ गते पनि बैंकका कर्मचारीहरूको संगठनले बैंकको ढुकुटी १२:०० बजेसम्म खोल्न नदिने कार्यक्रम निर्धारण गरेको हुँदा बैंकिङ सेवा सेवाग्राहीहरूलाई उपलब्ध गराउन सामान्य ढुकुटी खोल्ने समयभन्दा अगावै ढुकुटी घेराउ गर्ने कार्यक्रमलाई छल्ने गरी बैंकका कार्यकारी निर्देशकको मौखिक आदेशमा २०६३/१/४ गते बिहान ९:०० बजे ढुकुटी खोली नगद सम्बन्धित डिभिजनलाई आवश्यक व्यवस्थाको लागि रकम उपलब्ध गराइए तापनि बैंकको कारोबार कार्यालय समय बिहान १०:०० बजेबाट शुरु गरिएको देखियो । उपर्युक्त तथ्यहरूबाट विदाको दिन बैंकको कारोवार संचालन भएको देखिएन । नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्य निर्देशिका २०५७ को परिच्छेद १२ बमोजिम "कार्यालयको कारोवार कार्यालय समयदेखि नै शुरु गर्नु पर्ने हुंदा" भन्ने वाक्यांश रहेकोले सो अनुसार कार्यालयको समय १०:०० बजेबाट बैंक कारोवार संचालन गर्न मिति २०६३/१/४ गते बिहान ०९:०० बजे ढुकुटी खोली ०९:१० बजे बन्द गरेको कार्यलाई अन्यथा भन्न सकिएन । साथै बैंक सेवामा आधारित आर्थिक मुनाफा आर्जन गर्ने संस्था भएको हुंदा सेवाग्राहीको हितलाई ध्यानमा राखेर कार्यालय समय अगाडि ढुकुटी खोलिएको कार्य बैंकको उद्देश्य अनुरूप नै देखिन आयो । नि:शुल्क अतिथि आवास सुविधा उपलब्ध गराएको भन्ने सम्बन्धमा मिति २०६१/१०/१९ देखी २०६३/१/११ को अवधिमा पोखरा, वीरगञ्ज, विराटनगर, जनकपुर नेपालगञ्ज, धनगढी र सिद्धार्थनगर स्थित बैंकहरूको अतिथि आवास गृहमा अतिथिहरूले आवास सुविधा लिए वापत बक्यौता रकम मध्ये नेपाल राष्ट्र बैंक जनकपुरले रु. ९८,३३३।७५ र विराटनगर बैंकले रु. ८००।- असूल गरी माथि उल्लेखित बैंकहरूमा क्रमश: रु १५,६००।००, ६२,३१४।८१, ७,५७५।००, ९८,३३३।७५, २७,०५०।००, ५४,६००।०० र ५८,०५०। गरी जम्मा २,२५,१८९।८१ बक्यौता

रहेकोमा उक्त बैंकहरूले बक्यौता रहेको रकम असूलीको लागि सम्बन्धित व्यक्ति तथा कार्यालयहरूलाई ताकेता गरेको र उक्त रकम हाल असूल उपर गर्नु पर्ने रकम Sundry Debtor हिसाबमा बांकी रहेको भन्ने खुल्न आएकोले नेपाल राष्ट्र बैंक, बैंकिङ्ग कार्य निर्देशिका, २०५७ को नं.२२ मा कुनै पनि फाँटले कार्य गर्दा नपुग हुन गएको रकम वा कर्मचारीले कुनै कारणले तिर्नु पर्ने रकम भएमा डिभिजन कार्यालय उप-प्रमुख वा कार्यालय प्रमुखबाट सो कुराको स्वीकृति लिई Sundry Debtor हिसावमा खर्च लेखी सो को रेकर्ड सम्बन्धित फाँटले राखी हिसाब मिलान गर्नुपर्नेछ भनी उल्लेख भएको देखिँदा उक्त रकम असूली प्रक्रियामा रहेको पाइएकोले सो सम्बन्धी रकम हिनामिना गरेको नभई बक्यौता रहेको र नियम संगत ढंगबाट नै रकम उठाउन पहल गरेको खुल्न आएको हुँदा आयोगबाट कुनै निर्णय गर्नु पर्ने देखिएन । नेपाल राष्ट्र बैंक ऐन, २०५८ र विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९ समेत विपरीत सुरक्षा कार्यालयहरूलाई प्रयोजन नखुल्ने गरी मागे जति विदेशी मुद्रा भुक्तानी गरेको, बैंकको कार्यालय समय भन्दा अघिपछि पारेर भुक्तानी गरेको भन्ने सम्बन्धमा मिति २०६१/१०/१९ देखि २०६३/१/११ सम्मको अवधिमा यु.एस. डलर ३०,०००। भन्दा बढी रकम प्रतित-पत्र बाहेक टि. टि. मार्फत सटही गरेको सम्बन्धमा तथ्य कुरा पत्ता लगाउन नेपाल राष्ट्र बैंकबाट उच्चस्तरीय छानबिन आयोगलाई उपलब्ध गराएको विवरणलाई केलाउंदा सो अवधिमा १९ पटकमा यु.एस. डलर ७२,८७,२०३।५५ र ५ पटकमा युरो १४,२०,६६८।८४ र ३ पटकमा भारतीय रुपैयाँ २,१४,३०,४५६।५६ समेत गरी नेपाली सेनालाई विभिन्न प्रयोजनका लागि टि. टि.मार्फत सटही गरी भुक्तानी गरेको । सो नेपाली सेनाका लागि सटही गरिएको रकम १५ पटक स्पेयर पार्टस (हेलिकप्टर खरिद), १ पटक इन्जिन मर्मत, १ पटक Night Vision Equipments, २ पटक जहाज तथा हेलिकप्टर खरिद, ५ पटक हेलिकप्टर ओभरहल (जम्मा २४ पटक) गर्ने प्रयोजनका लागि सटही गरिएको कुरा देखिएबाट विना प्रयोजन विदेशी मुद्रा भुक्तानी भयो भन्ने कुरा प्रमाणित हुन सकेन । नेपाली सेनाले के प्रयोजनका लागि विदेशी मुद्रा सटही गरेको थियो ? उक्त निकासा भए बमोजिमको प्रयोजनमा उक्त विदेशी मुद्रा खर्च भएको थियो थिएन ? भन्ने सम्बन्धमा सो अवधिमा नेपाल अधिराज्यको संविधान, २०४७ लागू रहेको र उक्त संविधानको धारा ९८ तथा अख्तियार दुरूपयोग अनुसन्धान आयोग ऐन, २०४८ को दफा ४(क) ले उक्त कार्य अख्तियार दुरूपयोग अनुसन्धान आयोगको क्षेत्राधिकार भित्र नपर्ने भएकोले त्यस सम्बन्धमा आयोगबाट अनुसन्धान गरिरहनु परेन । उच्चस्तरीय छानबिन आयोगको प्रतिवेदनमा उल्लेख भएका आरोपहरूका सम्बन्धमा आयोगबाट अनुसन्धानको क्रममा हालसम्म संकलित कागजात, सम्बन्धित पदाधिकारीहरूको बयान तथा अन्य सबूद प्रमाण र खुल्न आएको तथ्यबाट नेपाल राष्ट्र बैकका गभर्नर विजयनाथ भट्टराई समेतले बिदाको दिनमा ढुकुटी खोल्ने कार्य समेत गरी रकम भुक्तानी दिई नेपाल राष्ट्र बैंक ऐन, २०५८ र विदेशी विनिमय (नियमित) गर्ने ऐन, २०१९ समेत विपरीत कार्य गरी पदको दुरूपयोग गरेको भन्ने आरोपहरू पुष्टि हुने आधार प्रमाण नदेखिएको हुँदा सो सम्बन्धमा पछि थप प्रमाण प्राप्त हुन आएमा कानूनले ठहरे बमोजिम हुने गरी हाललाई प्रस्तुत मुद्दाको मिसिल आयोगको मिति २०६४।३।३ को निर्णयानुसार तामेलीमा राखिएको ।

५६. आ.व. २०६१।६२ मा गरिबको लागि अनिवार्य शिक्षा परियोजना, काठमाडौं र भक्तपुरमा नयाँ कार्यालय खुलेको भनी हाल कारागार शाखा डिल्लीबजारमा थुनामा रहेका कृष्ण जि.सी. भन्ने

केदार के.सी. ले सरकारी छाप दस्तखत किर्ते गरी तयार पारेको नक्कली कागजात पेश गरी क्षेत्रीय कोष निर्देशनालय, काठमाडौंबाट रु. ५४ लाख ७९ हजार ५ सय र कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरबाट रु. २२ लाख ५० हजार रकम ठगी गरी सरकारी रकम हानी नोक्सानी पुऱ्याई कर्मचारीहरू समेतको मिलेमतोमा भ्रष्टाचारजन्य कार्य गरेको सम्बन्धमा अनुसन्धान हुँदा कृष्ण जि.सी. भन्ने केदार के.सी. को हकमा निज केदार के.सी.ले किर्ते कागज पेश गरी ठगी गरेको सम्बन्धमा काठमाडौं र भक्तपुर जिल्ला अदालतमा किर्ते र ठगीमा मुद्दा दायर भएको र भक्तपुर जिल्ला अदालतबाट किर्ते र ठगीको महल बमोजिम कसूर ठहर भई कैद सजायँ र जरिवानाको फैसला भइसकेको अवस्थामा एउटै कसूरमा छुट्टा छुट्टै अदालतमा मुद्दा चलाउन कानून सम्मत नहुने तर भ्र.नि. ऐन २०५९ को दफा १५ अनुसार नपाएको पगरी पाएँ भन्ने कसूरमा मुद्दा चलाउन सकिने हो तापनि त्यसको सजाय नगण्य भएको र किर्ते ठगीमा सो भन्दा बढी सजाय हुने र भइसकेको अवस्था देखिँदा यसमा मुद्दा दायर गर्न युक्तिसंगत देखिएन । क्षेत्रीय कोष निर्देशनालय, काठमाडौंका तत्कालीन प्रमुख कोष नियन्त्रक लबराज श्रेष्ठ, कोष नियन्त्रक बद्रीप्रसाद घिमिरे, कोष नियन्त्रक दिलीप राज जोशी, सह लेखापाल सुनिता दुरा, कोष तथा लेखा नियन्त्रक कार्यालय, भक्तपुरका तत्कालीन प्रमुख कोष नियन्त्रक ऋषिराम शर्मा, सोही कार्यालयका लेखापालद्वय हरिकृष्ण ह्याजु र शंकर बहादुर बुढाथोकीको हकमा अन्य कार्यालयबाट खाता खोल्न र रकम निकासा गर्नको लागि पेश भए जस्तै गरी पेश भएका कागजातका आधारमा खाता खोल्ने र रकम निकासा दिने कार्य भएकोमा, आ.व. को अन्त्यमा हिसाब भिडान गर्ने, लेखापरीक्षण गर्ने गराउने जिम्मेवारी भएका कर्मचारीहरूले नै किर्ते कागज हो भन्ने जानीजानी भोलि आफै फस्ने गरी रकम निकासा दिई मिलेमतो गरी भ्रष्टाचारजन्य कार्य गरे भन्ने कुरामा विश्वास गर्ने आधार नदेखिएको हुँदा उक्त रकम निकासा सम्बन्धमा भविष्यमा निजहरूका विरुद्ध कुनै तवरबाट प्रमाण फेला परेमा पुनः अनुसन्धान गर्ने गरी प्रस्तुत उजूरीलाई आयोगको मिति २०६४।३।४ को निर्णयानुसार तामेलीमा राखिएको ।

५७. जिल्ला वन कार्यालय, बाँकेका कर्मचारीहरू, ठेकेदार, माओवादी कार्यकर्ता तथा उपभोक्ता समूहका पदाधिकारीहरू समेतको मिलेमतोमा अबैध ढंगले वन कटानी, फंडानी गरी निकासी गरेको भन्ने विभिन्न पत्र पत्रिकामा प्रकाशित समाचार उपर अनुसन्धान हुँदा जिल्ला वन कार्यालय, बाँके अन्तर्गतका विभिन्न ११ वटा सामुदायिक वन क्षेत्रहरू समेतबाट करिब रु ६५ लाखको वन पैदावार (काठ दाउरा) जिल्ला वन कार्यालयबाट स्वीकृत भएको वार्षिक कार्य योजनामा तोकिएको भन्दा बढी परिमाण र फरक जातका वन पैदावार छपान र कटान भएको देखिन आयो । वन नियमावली २०५१ को नियम ३२ (१) मा उपभोक्ता समूहले कार्य योजना बमोजिम प्राप्त हुने वन पैदावारको मात्र संकलन तथा बिक्री वितरण गर्नुपर्ने प्रावधान रहेको पाइयो । सामुदायिक वनहरूमा रुख छपान कटान र घाट गद्दी गर्ने कार्यलाई नियन्त्रण गर्न समूचित रूपमा प्राविधिक सहयोग उपलब्ध गराउने व्यवस्था मिलाउन र प्रभावकारी अनुगमन गर्ने गराउने कार्य वन नियमावली २०५१ को नियम २९ (५) अनुसार जिल्ला वन अधिकृतलाई दिएको समेत देखियो । तर उल्लेखित सामुदायिक वनका पदाधिकारीहरू र जिल्ला वन कार्यालयका सम्बद्ध कर्मचारीहरूले प्रचलित ऐन नियम विपरीत गई वन क्षेत्रका काठ छपान, कटान तथा संकलन गरी अनुचित काम कारबाही भएको कुरा प्राप्त कागजात/प्रमाणबाट खुल्न आयो । तत्कालीन समयमा द्वन्द्व तथा असहज राजनैतिक परिस्थितिले सम्बन्धित रेन्ज पोष्टहरू

सदर मुकाममै रहेको र सुरक्षाको कारण वनका सम्बद्ध कर्मचारीहरूले तोकिएको कार्यहरू (वन क्षेत्रको अनुगमन तथा निरीक्षण) गर्न असमर्थ भएकोले नै उक्त अनुचित वा अनियमित काम कारबाही भएको हो भन्ने सम्बन्धित कर्मचारीहरूले बयानमा खुलाएको सन्दर्भमा हेर्दा सोलाई तत्कालीन परिस्थितिमा अन्यथा भन्न सकिएन । यथेष्ट प्रमाणको अभावमा जिल्ला वन कार्यालयका कर्मचारीहरूको मिलेमतोमा नै सो अनुचित कार्य भएको हो भन्न सकिने अवस्था रहेन । तसर्थ यसमा वन ऐन २०४९ र वन नियमावली २०५१ विपरीत गई संकलन भएको उल्लेखित वन पैदावारहरू दिन प्रतिदिन सडी गली जाने अवस्था विद्यमान भएकोले सो संकलित वन पैदावारहरू वन विभागको मागबमोजिम प्रचलित वन ऐन र नियमावली बमोजिमको प्रक्रिया अवलम्बन गरी लिलाम बिक्री वितरण गरी सोबाट प्राप्त रकम धरौटी खातामा राखी सो को जानकारी आयोगलाई दिन वन विभागमा लेखी प्रस्तुत उजूरी आयोगको मिति २०६४।३।११ को निर्णयानुसार तामेलीमा राखिएको ।

५८. यातायात व्यवस्था विभागले तीन महिनामा रु.४ लाख भन्दा बढीको मसलन्द तथा छपाइको कार्य जि.पी. इन्टरप्राइजेजलाई दिएको, ८० ग्रामको कागजमा ब्लू बुक छपाइ गर्नुपर्नेमा ५८ ग्रामको कागजमा छपाइ गरे गराएको भन्ने उजूरी तथा यातायात व्यवस्था कार्यालय बागमतीले सवारी दर्ता प्रमाणपत्रहरू विभिन्न कम्पनीहरूलाई वितरण गर्दा अनियमितता भए नभएको भन्ने विषयमा अनुसन्धान हुँदा तत्कालीन अवस्थामा यातायात व्यवस्था कार्यालय, बागमती गौशालामा रहेको र सो कार्यालयको मोटरसाइकल शाखा एकान्तकुना स्थित तत्कालीन यातायात व्यवस्था विभागको परिसरमा रहेको हुँदा विभागबाट सोही शाखाका पियन बिक्रम बहादुर खड्काले सोझै यातायात व्यवस्था विभागबाट बुझी लिई उक्त शाखाका कर्मचारीहरू तथा सवारी साधन बिक्री गर्ने विभिन्न कम्पनीहरूलाई रजिष्टरमा जनाई ब्लू बुक बितरण गरेको देखियो । यातायात व्यवस्था कार्यालय, बागमतीको स्टोर शाखाबाट माग गरिएका सामानहरू स्टोर शाखामा नै खर्च भई जाने जिन्सी खातामा आम्दानी बाँधी माग फाराम मार्फत खर्च गरेको उक्त जिन्सी खाता तथा माग फारमबाट समेत देखियो । यातायात व्यवस्था विभागबाट सवारी दर्ता प्रमाणपत्र लगायतका सामानहरू पठाउँदा मोटरसाइकल शाखा तथा यातायात व्यवस्था कार्यालय, बागमती भनी पत्रमा छुट्टाछुट्टै सम्बोधन गरी पठाएको देखिँदा आम्दानी बाँध्ने कार्य पनि सोही अनुसार भएको देखिए तापनि आ.व. २०६०/६१ मा मोटर साइकल शाखाका पियन बिक्रम बहादुर खड्काले विभागबाट बुझी लिएका ब्लू बुकहरू नियमानुसार आम्दानी नबाँधी रजिष्टरमा चढाई सोझै विभिन्न सवारी साधन बिक्री गर्ने कम्पनीहरूलाई बुझाएको देखियो । त्यसैगरी आ.व.०६१/६२ मा समेत मोटरसाइकल शाखाले उक्त शाखाबाटै बिभागमा पत्राचार गरी सामान मगाउने तथा खर्चगर्ने गरेको देखियो भने यातायात व्यवस्था कार्यालय बागमतीको स्टोरबाट सामानहरू छुट्टै माग गरी स्टोरमा आम्दानी बाँधी खर्च गरेको देखियो । त्यसैगरी आ.व.२०६०/०६१ र २०६१/०६२ मा के-कति संख्यामा सवारी बिक्री गर्ने कम्पनीहरूलाई ब्लू बुक उपलब्ध गराइयो, उपलब्ध गराइएका ब्लू बुकहरू के-कुन सवारी साधनमा प्रयोग भयो र के-कति मौज्दात रहेको छ भन्ने यातायात व्यवस्था कार्यालय, बागमतीमा अभिलेख राखिएको देखिएन । साथै यातायात व्यवस्था कार्यालय, बागमतीबाट प्राप्त माग फाराम हेर्दा मिति २०६१/५/४ देखि ०६१/७/२६ सम्मका माग फारामहरू स्वीकृत नगराई २,५१४ थान सवारी दर्ता प्रमाणपत्र विभिन्न फाँटहरूलाई वितरण गरेको देखियो भने मिति २०६१/५/४ देखि

२०६१/८/७ सम्म माग फाराम स्वीकृत नगराई १,७६८ प्याड नगदी रसिद विभिन्न फाँटहरूलाई वितरण गरेको देखियो । यसरी आ.व. २०६०/०६१ र २०६१/०६२ मा विभागबाट पठाइएका पत्रानुसारको ब्लू बुक तथा नगदी रसिद संख्या यातायात व्यवस्था कार्यालय, बागमतीको जिन्सी खातामा आम्दानी बाँधी खर्च गरिएको संख्यामा न्यून मात्रामा भिन्न देखिए तापनि उक्त भिन्नतामा आय भन्दा खर्च बढी देखिएको हुँदा यातायात व्यवस्था कार्यालय, बागमतीका तत्कालीन कर्मचारीहरूको अभिलेख व्यवस्थापनको कमजोरी तथा लापरबाहीपूर्ण कार्यबाट फरक पर्न गएको देखियो । त्यसैगरी आ.व. २०६०/०६१ को उक्त कार्यालयको जिन्सी खातामा नगदी रसिद तथा ब्लू बुक समेतको अभिलेख रहेको रजिष्टरमा टिपेक्स लगाई अभिलेख सच्याएको र माग फाराम समेतमा संकेत अंक काटी अर्को अंक लेखी अभिलेख मिलाएको देखियो । यस सम्बन्धमा आयोगबाट यस पूर्व गरिएको सवारी सम्बन्धी अनुसन्धानको क्रममा अभिलेख दुरुस्त नभएको भनी यातायात व्यवस्था कार्यालय, बागमतीलाई निर्देशन दिँदा हाल सवारी दर्ता प्रमाणपत्र आवश्यकता अनुसार विभागमा माग गरी विभागबाट चलानी पत्रसाथ बुझी लिई सो बमोजिमको जिन्सी खातामा आम्दानी बाँधी सोको दाखिला रिपोर्ट विभागमा पठाउने व्यवस्था भएको, आम्दानी बाँधेका सवारी दर्ता प्रमाणपत्रहरू शाखा/शाखाबाट आवश्यकता अनुसार माग भई शाखाका ना.सु. र खरिदार कर्मचारीहरूद्वारा गन्ती गरी माग फाराममा बुझी लिएपछि कसले बुझी लिएको हो निजको नाम थर र दर्जा बुझी लिएको मिति समेत स्पष्ट खुलाउने गरिएको शाखा/शाखाबाट सम्बन्धित कम्पनीहरू तथा व्यक्तिहरूलाई सवारी दर्ता प्रमाणपत्र दिंदा शाखा/शाखामा रहेको रेकर्ड खाता रजिष्टरमा दस्तखत गराई कम्पनीको भए छाप समेत लगाई वितरण हुने र नयाँ दर्ता हुने सवारीको ढड्डा दर्ता कार्डमा समेत जनाई सवारी दर्ता गर्ने गरेको भनी यातायात व्यवस्था कार्यालय, बागमतीको पत्रबाट खुल्न आएको देखिए तापनि आ.व. २०६०/०६१ र २०६१/०६२ मा राजस्व संकलनसँग प्रत्यक्ष सरोकार राख्ने जिम्मेवार कर्मचारीहरूले गैर जिम्मेवारीपूर्ण कार्य गरी अभिलेख व्यवस्थापनजस्तो कार्यमा लापरबाहीपूर्ण तवरबाट सवारी दर्ता प्रमाणपत्र र नगदी रसिद जस्ता महत्वपूर्ण सरकारी कागजातहरू लापरबाही ढङ्गबाट वितरण गरेको पुष्टि हुन आयो । अतः हालसम्मको अनुसन्धानबाट सो कार्यालयमा कार्यरत कर्मचारीहरूले गैरकानूनी रूपमा उक्त कार्य गरी कुनै लिने खानेसम्मको कार्य गरेको संकलित सबूद प्रमाण एवं कागजातहरूबाट खुल्न नआएको भए तापनि निजहरूको उक्त कार्य आफ्नो पदको प्रकृति अनुरूपको नभई अनुचित कार्य गरेको देखिन आए तापनि हाल आयोगको पूर्व निर्देशन पालना भई कानून अनुरूप नै कार्य भइरहेको प्रतिवेदन प्राप्त भएबाट कसैलाई केही गर्न परेन तसर्थ प्रस्तुत फायल आयोगको मिति २०६४।३।१२ को निर्णयानुसार तामेलीमा राखिएको ।

५९. धनुषा जिल्लाको हरिने गा.वि.स. वडा नं. ९ मा अवस्थित टेडामोड नि.मा.वि. का प्रधान अध्यापक भोला यादव गोहिवारले आ.व. २०५०।५१ देखि २०६१ सालसम्मको बुझाउनु पर्ने रकम नबुझाई विद्यालयको रकम हिनामिना गरेको भन्ने उजूरीका सम्बन्धमा अनुसन्धान हुँदा निज प्र.अ. गोहिवारले हिनामिना गरेको भनी तिर्नु पर्ने देखिएको रकम रु. १,४७,२१५।- तिर्नु पर्ने देखिएको तर सो भन्दा बढी नै रु. २,००,०००।- (दुई लाख) उक्त विद्यालयलाई तिरिसकेको र विद्यालय व्यवस्थापन समितिले निजलाई प्रधानाध्यापक पदबाट हटाई शिक्षकमा राखेको हुँदा प्रस्तुत फायल आयोगको मिति २०६४।३।२७ को निर्णयानुसार तामेलीमा राखिएको ।

६०. "मत्स्य विकास कार्यालय, बालाजुका मत्स्य विकास अधिकृत शंकरप्रसाद दाहाल, रमोला म्याडम र कृषि विकास कार्यालय, सर्लाहीका मत्स्य विकास अधिकृत नारायण गिरी समेतले कार्यालयमा हाजिर रही बिदा नलिई रामपुर कृषि कलेजमा अध्ययन गरिरहेकोले छानबिन गरी पाउं" भन्ने उजुरी उपर अनुसन्धान हुँदा राष्ट्रिय प्राकृतिक तथा कृत्रिम जलाशय, मत्स्य विकास कार्यक्रम, बालाजुका मत्स्य विकास अधिकृत रमोला रन्जितकारले पि.एच.डी.अध्ययनको लागि कृषि विभागबाट पूर्व स्वीकृति लिएको देखिएको र उक्त अध्ययनको लागि त्रिभुवन विश्वविद्यालय विज्ञान तथा प्रविधि अध्ययन संस्थानमा नियमित जान नपर्ने भएकोले कार्यालयमा हाजिर भई सम्बन्धित विषयको थेसिस बुझाउने प्रयोजनको लागि आफू कार्यरत कार्यालयको समय बाहेक अन्य समयमा अध्ययन गर्न सक्ने अवस्था रहेको हुँदा निजले अध्ययनरत संस्था र कार्यालयमा दोहोरो हाजिर रही अध्ययन गरेको भन्ने अवस्था देखिएन । त्यसैगरी मत्स्य विकास कार्यालय, बालाजुका मत्स्य विकास अधिकृत शंकर प्रसाद दाहाल र जिल्ला कृषि विकास कार्यालय, सर्लाहीका मत्स्य विकास अधिकृत नारायण गिरी समेतले कृषि तथा पशु विज्ञान अध्ययन संस्थान, चितवनमा एम.एस्सी. (एक्वा कल्चर) अध्ययनको लागि कृषि विभागबाट पूर्व स्वीकृति लिएको देखिएको र उक्त अध्ययन संस्थानको कक्षामा हाजिर भएको दिनहरूमा आफू कार्यरत कार्यालयबाट बिदा लिएको हाजिरी रेकर्डबाट देखिन आएको हुँदा निजहरूले कार्यालयमा हाजिर भएको समयमा कलेजमा अध्ययन गरेको भनी कहीं कतैबाट पुष्टि हुन नआएको हुँदा प्रस्तुत फायल आयोगको मिति २०६४।३।३१ को निर्णयानुसार तामेलीमा राखिएको ।

सम्पत्ति न्यायिक जाँचबुझ आयोग, २०५८ को प्रतिवेदनमा वैध आयस्रोत भन्दा बढी सम्पत्ति भएकोले छानबिन हुनुपर्ने भनिएका तथा आयोगलाई अन्य स्रोतबाट प्राप्त भएका जानकारी एवं उजूरीहरू समेतबाट गैरकानूनी रूपमा सम्पत्ति आर्जन गरी अमिल्दो र अस्वाभाविक जीवनस्तर व्यतित गरिरहेका भनिएका देहायका व्यक्तिहरूको सम्पत्ति तथा त्यसको स्रोत सम्बन्धमा छानबिन गर्न आयोगबाट विभिन्न मितिमा विभिन्न अनुसन्धान अधिकृत नियुक्ति गरियो । राष्ट्र सेवकले पेश गरेको सम्पत्ति विवरण अमिल्दो र अस्वाभाविक देखिएमा वा मनासिव कारण बिना अमिल्दो र अस्वाभाविक जीवन स्तर यापन गरेमा वा आफ्नो हैसियत भन्दा बढी दान दातव्य दिएकोमा त्यस्तो सम्पत्तिको स्रोत निजले नै प्रमाणित गर्नुपर्नेछ भन्ने भ्रष्टाचार निवारण ऐनको व्यवस्थाको मर्मलाई समेत ध्यानमा राखी छानविन गर्दा निजहरूले सगोलको सम्पत्तिबाट बढे बढाएको, अंश बापत प्राप्त गरेको, दान, दातव्य, दाइजो, पेवा, उपहार, कृषि आय, घर बहाल, आफ्नो तथा परिवारका अन्य सदस्यहरूको पारिश्रमिक, विदेशमा सभा, सम्मेलन, गोष्ठी, तालिम, अध्ययनमा भाग लिई वा काम गरी बचत गरी ल्याएको रकम आदि आम्दानीका वैध स्रोतबाट प्राप्त रकमको अनुपातमा निजहरूले आर्जन गरेको चल अचल सम्पत्ति तथा अन्य खर्चहरू समेतको हिसाब गर्दा निजहरूको स्रोत खुलेको आयको तुलनामा अनुसन्धानबाट खुल्न आए सम्मका प्रमाणहरूबाट देखिएको कुल सम्पत्ति स्वाभाविक नै देखिन आई अमिल्दो र अस्वाभाविक देखिन/खुल्न नआएको प्रतिवेदन फायल संलग्न भई निर्णयार्थ आयोगका विभिन्न बैठकहरूमा पेश भएकोमा पछि अन्य थप प्रमाण प्राप्त हुन आएमा सोही बखत पुनः अनुसन्धान लगायत कानून बमोजिमका कारबाहीहरू हुने नै हुँदा हाल भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा ३५ बमोजिम देहायका व्यक्तिहरूको अनुसन्धान कारबाहीको फायल तामेलीमा राखिएको छ ।

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
१.	२०६३।४।३	महेन्द्र प्रसाद श्रेष्ठ	महानिर्देशक	महिला विकास विभाग
२.	२०६३।५।१२	कमल कुमार ढुंगाना	उप निर्देशक	नेपाल आयल निगम
३.	२०६३।६।९	सुभाष राज जोशी	कार्यकारी निर्देशक	नेपाल दूर सञ्चार संस्थान
४.	२०६३।६।२२	हर्ष रमण उपाध्याय	उपसचिव	अर्थ मन्त्रालय
५.	२०६३।६।२३	लाल बहादुर क्षेत्री	उपसचिव	अर्थ मन्त्रालय
६.	२०६३।७।२	मीनराज ज्ञवाली	निर्देशक	मध्यपश्चिमाञ्चल क्षेत्रीय सडक निर्देशनालय
७.	२०६३।७।१५	ईश्वरी प्रसाद ढुंगाना	वहिदार	तातोपानी भन्सार कार्यालय
८.	२०६३।७।१५	मणिदेव भट्टराई	शाखा अधिकृत	अर्थ मन्त्रालय
९.	२०६३।७।२१	रामकृष्ण खरेल	उप सचिव	सामान्य प्रशासन मन्त्रालय
१०.	२०६३।७।२९	रणबहादुर श्रेष्ठ	निर्देशक	आन्तरिक राजस्व विभाग
११.	२०६३।७।२९	गंगाराम गेलाल	उप-सचिव	राष्ट्रिय योजना आयोगको सचिवालय
१२.	२०६३।९।२३	सुनिल कुमार ढुङ्गेल	निर्देशक	नेपाल विद्युत प्राधिकरण
१३.	२०६३।९।२४	श्रीधर प्रसाद पोखरेल	सह-सचिव	रक्षा मन्त्रालय
१४.	२०६३।१०।२३	खुस्चेभ श्रेष्ठ	भू-संरक्षण अधिकृत	जिल्ला भू-संरक्षण कार्यालय, स्थाङ्जा
१५.	२०६३।११।१४	गौरीशंकर प्रसाद यादव	मेयर	गौर नगरपालिका
१६.	२०६३।११।२२	हरिप्रसाद फुंयाल	उप सचिव	आन्तरिक राजस्व विभाग
१७.	२०६३।११।२२	परमेश्वर महासेठ	कार्यकारी प्रमुख	साल्ट ट्रेडिङ कर्पोरेशन
१८.	२०६३।११।२५	गोपालप्रसाद भण्डारी	प्रहरी उपरिक्षक	जिल्ला प्रहरी कार्यालय, मोरंग
१९.	२०६३।१२।१४	तुलसी प्रसाद भट्टराई	सह-सचिव	गृह मन्त्रालय
२०.	२०६३।१२।१४	केदारमणि अर्याल	बरिष्ट सहकारी अधिकृत	डिभिजन सहकारी कार्यालय, काठमाडौं
२१.	२०६३।१२।२७	अग्नीधर शर्मा पौडेल	प्रमुख नापी अधिकृत	कित्ता नापी महाशाखा, काठमाडौं

क्र.सं.	आयोगको निर्णय मिति	नाम, थर	साविक पद	साविक कार्यालय
२२.	२०६४।१।२६	बाबुराम पौडेल	शाखा अधिकृत	शिक्षा विभाग
२३.	२०६४।१।२७	बाणिकराज कडरिया	वरिष्ठ निरीक्षक	गुणस्तर तथा नापतौल कार्यालय, काठमाडौ
२४.	२०६४।१।३०	अशोक ढुङ्गाना	उप-निर्देशक	पूर्वाञ्चल क्षेत्रीय वन निर्देशनालय
२५.	२०६४।२।२१	कृष्ण प्रसाद भण्डारी	नायब सुब्बा	वाणिज्य विभाग
२६.	२०६४।२।२२	रामजी प्रसाद बराल	स्थानीय विकास अधिकृत	जिल्ला विकास समिति, जाजरकोट
२७.	२०६४।३।४	बद्रि विक्रम थापा	उप प्रवन्धक	नेपाल आयल निगम
२८.	२०६४।३।४	खिलराज पौडेल	नायब सुब्बा	आन्तरिक राजस्व अनुसन्धान विभाग
२९.	२०६४।३।६	बद्रीनाथ झा	डिभिजन प्रमुख	पूर्वाञ्चल डिभिजन सडक कार्यालय, विराटनगर
३०.	२०६४।३।६	देवेन्द्रबहादुर भण्डारी	पूर्व प्रहरी निरिक्षक	प्रहरी प्रधान कार्यालय
३१.	२०६४।३।६	सागरमानसिंह डंगोल	उप सचिव	अर्थ मन्त्रालय
३२.	२०६४।३।६	धनराज ज्ञवाली	कानून अधिकृत	स्थानीय विकाश मन्त्रालय
३३.	२०६४।३।११	भिमसेनबहादुर कुमाल	पियन	मालपोत कार्यालय

परिच्छेद – १५
आयोगका अन्य गतिविधिहरु

(क) अन्तर्राष्ट्रिय सभा, सम्मेलन तथा अध्ययन भ्रमण :

१. २०६३ श्रावण १७ देखि १९ गते सम्म सिंगापुरको ईन्भेष्टिगेशन व्यूरोको आयोजनामा सिंगापुरमा संचालन भएको Anti-Corruption Expertise Workshop मा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका उपन्यायाधिवक्ता श्री सूर्यनाथ प्रकाश अधिकारीले भाग लिनु भयो ।

२. २०६३ कार्तिक ५ देखि ९ गते सम्म Supreme People's Procuratorate of the People's Republic of China को तत्वावधानमा चीनको वेईजिङ्गमा भएको International Association of Anti-corruption Authorities (IAACA) को पहिलो सम्मेलनमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त श्रीवासुदेव लामिछानेको नेतृत्वमा आयुक्त श्री वेदप्रसाद सिवाकोटी, सचिव श्री तीर्थराज शर्मा र मन्त्रिपरिषद कार्यालयका सचिव श्री माधव पौडेलको प्रतिनिधि मण्डलले भाग लियो ।

३. २०६३ कार्तिक २२ र २३ गते संयुक्त राष्ट्र संघ मानवअधिकार उच्च आयोगको आयोजनामा पोल्याण्डको वार्सामा सम्पन्न Anti-corruption Measures, Good Governance and Human Rights विषयक सम्मेलनमा आयोगवाट सहसचिव श्री रत्नकाजी वज्राचार्यले भाग लिनु भयो ।

४. २०६३ मंसीर ११ देखि १३ गतेसम्म थाईल्याण्डको राजधानी वैङ्कमा सम्पन्न भएको ADB/OECD Anti-corruption Initiatives for Asia and the Pacific को नवौं स्टेरिङ्ग ग्रुपको वैठकमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगका आयुक्त श्री ललितवहादुर लिम्वुको नेतृत्वमा आयोगका सहसचिव श्री हरिकुमार श्रेष्ठ सम्मिलित प्रतिनिधि मण्डलले भाग लियो ।

(ख) आन्तरिक गतिविधिहरु :

१. २०६३ श्रावण २८ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोग र राष्ट्रिय सतर्कता केन्द्रको संयुक्त तत्वावधान तथा यू.एस.ए.आई.डी/ए.आर.डी.ईन्क रुल अफ ल प्रोजेक्टको सहयोगमा कैलाली जिल्लाको सदरमुकाम धनगढीमा "भ्रष्टाचार नियन्त्रणका लागि स्थानीय सहभागिता/क्रियाशिलता" विषयक दुई दिने कार्यशाला शुरु भई श्रावण २९ गते सम्पन्न भयो । आयोगका तत्कालिन प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्यायको सभापतित्वमा शुरुवात भएको उक्त गोष्ठीको समुदघाटन तत्कालिन प्रतिनिधि सभा राज्य व्यवस्था समितिका सभापति सांसद श्री हृदयराम थानीले गर्नु भएको थियो । उक्त गोष्ठीमा सांसद द्वय श्री होमनाथ दाहाल र श्री महेन्द्रवहादुर पाण्डेको पनि उपस्थिति थियो । आयोगका तत्कालिन सचिव श्री तीर्थराज शर्मा, नायव महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरे, सहन्यायाधिवक्ता श्री कुमार चुडाल, सहसचिव श्री रत्नकाजी वज्राचार्य, राष्ट्रिय सतर्कता केन्द्रका सहसचिवहरु श्री केशवप्रसाद पोखरेल र श्री शिवप्रसाद पराजुलीको समेत सहभागिता रहेको थियो । विभिन्न विषयका ९ वटा कार्यपत्रहरु

प्रस्तुत भएको उक्त गोष्ठीले भ्रष्टाचार विरुद्ध कार्य गर्नको लागि १३ बूँदे कैलाली सङ्कल्प जारी गरेको थियो ।

२. २०६३ श्रावण ३० गते । आयोगको तत्वावधानमा जुम्ला जिल्ला स्थित सरकारी कार्यलयका प्रमुखहरु, राजनैतिक दलका प्रतिनिधिहरु, पत्रकारहरु, समाजसेवी तथा नागरिक समाजका अगुवाहरुसंग अन्तरक्रिया सम्पन्न भयो । उक्त कार्यक्रममा तत्कालिन प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्याय र नायव महान्यायाधिवक्ता श्री चेतनाथ घिमिरेको उपस्थिति रहेको थियो ।

३. २०६३ श्रावण ३१ र भाद्र १ गते । जुम्ला जिल्ला स्थित विभिन्न सरकारी कार्यालयका सहायकस्तरका १५ जना कर्मचारीहरुलाई भ्रष्टाचार नियन्त्रणका आधारभूत पक्ष वारे तालीम दिईयो । उक्त तालीम अख्तियार दुरुपयोग अनुसन्धान आयोगका अधिकृतहरु श्री विनोदकुमार गौतम र श्री ध्रुवराज त्रिपाठीले संचालन गर्नु भएको थियो ।

४. २०६३ भाद्र ३ देखि ६ गते । मोरङ, पर्सा, कास्की, वाँके र कैलाली जिल्लाका भ्रष्टाचार विरुद्ध गठित स्थानीय समन्वय समितिका पदाधिकारीहरुका लागि अभिमुखीकरण कार्यशाला गोष्ठीको आयोजना गरियो । उक्त गोष्ठीमा प्रत्येक जिल्लावाट ६ जनाका दरले प्रतिनिधिहरु सहभागी भएका थिए ।

५. २०६३ भाद्र १४ गते । लम्जुङ्ग जिल्लाको सदरमुकाम वेंसीशहरमा उक्त जिल्ला स्थित कार्यालयका कार्यालय प्रमुखहरु, नागरिक समाजका प्रतिनिधिहरु, पत्रकार तथा राजनैतिक दलका प्रतिनिधिहरु गरी ३९ जना सहभागी रहेको अन्तरक्रिया कार्यक्रम सम्पन्न भयो । उक्त अन्तरक्रिया कार्यक्रममा तत्कालीन प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्याय, आयुक्त श्री वासुदेव लामिछाने तथा आयोगका शाखा अधिकृत श्री ध्रुवराज त्रिपाठीको सहभागिता रहेको थियो ।

६. २०६३ भाद्र २५ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तत्वावधानमा २०६३ भाद्र २५ गते देखि ३० गते सम्म भ्रष्टाचार विरुद्धको चौथौ अधिकृतस्तरको आधारभूत तालीम संचालन भयो । उक्त तालीममा आयोगमा भर्खरै सरुवा भई आएका कर्मचारीहरु, राष्ट्रिय अनुसन्धान विभाग, महान्यायाधिवक्ताको कार्यालय र जिल्ला प्रशासन कार्यालयहरुमा कार्यरत अधिकृत कर्मचारीहरु समेत गरी जम्मा २५ जना सहभागी थिए ।

७. २०६३ पौष ९ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत सहायक स्तरका कर्मचारीहरुको लागि २०६३ पौष ९ गते देखि १४ गते सम्म भ्रष्टाचार नियन्त्रण सम्वन्धी एक हप्ते आधारभूत तालीमको आयोजना गरियो । उक्त तालीममा ३१ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

८. २०६३ माघ ७ गते देखि १९ गते सम्म । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको तत्वावधानमा अधिकृतस्तरका कर्मचारीहरुका लागि आयोजित पाचौं आधारभूत तालीममा अख्तियार दुरुपयोग अनुसन्धान आयोगवाट १४, क्षेत्रीय प्रशासन कार्यालयहरुवाट ५, राष्ट्रिय

सतर्कता केन्दवाट ४, राष्ट्रिय अनुन्धान विभागवाट २, महान्यायाधिवक्ताको कार्यालयवाट २ र जिल्ला प्रशासन कार्यालयहरुमा कार्यरत २ जना अधिकृत गरी जम्मा २७ जना कर्मचारीहरुको सहभागिता थियो ।

९. २०६३ माघ २१ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आयोगको विविध गतिविधि सम्वन्धमा जानकारी दिने उद्देश्यले एउटा पत्रकार भेटघाट कार्यक्रमको आयोजना गऱ्यो । उक्त कार्यक्रममा तत्कालिन का.वा. प्रमुख आयुक्त श्री इन्द्रकुमार श्रेष्ठ, आयुक्तहरु श्री ललितवहादुर लिम्वु र श्री वेदप्रसाद सिवाकोटीवाट विभिन्न विषयमा उठेका जिज्ञासाहरुको जवाफ दिने काम भयो । कार्यक्रमको शुरुमा सहसचिव श्री रत्न काजी वज्राचार्यवाट आयोगको गतिविधि माथि प्रकाश पारिएको थियो ।

१०. २०६३ माघ २५ देखि २८ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोग दिवस विभिन्न कार्यक्रमहरुको आयोजना गरी भव्यताका साथ मनाइयो । माघ २५ गते खेलकुद (व्याडमिन्टन र टेवुलटेनिस) प्रतियोगिता, माघ २६ गते रक्तदान, २७ गते प्रवचन कार्यक्रम, भ्रष्टाचार नियन्त्रण सम्वन्धमा काठमाडौं उपत्यका भित्रका उच्च माध्यमिक स्तरका छात्र छात्राहरुको वक्तृत्व कला प्रतियोगिता र भ्रष्टाचार नियन्त्रण सम्वन्धमा नेपाल टेलीभिजनवाट परिसम्वाद कार्यक्रमको आयोजना भएको थियो भने माघ २८ गते रेडियो नेपालबाट परिसम्वाद कार्यक्रम, मूल समारोह कार्यक्रम र दीपावली गरी मनाइएको थियो । त्यसै गरी भ्रष्टाचार नियन्त्रण सम्वन्धमा प्रमाणपत्र तह र स्नातक तहमा अध्ययनरत छात्र छात्राहरु वीच अधिराज्यव्यापी निवन्ध प्रतियोगिता आयोजना गरिनुका साथै भ्रष्टाचार नियन्त्रण सम्वन्धी लेख रचना समेटिएको स्मारिका प्रकाशन गरिएको थियो । मूल समारोहमा प्रमुख अतिथि सभामुख श्री सुवाषचन्द्र नेम्वाङ्गले स्मारिका विमोचन गर्नु भएको थियो । त्यस्तै मुलुक भरिका क्षेत्रीय प्रशासन कार्यालय र जिल्ला प्रशासन कार्यालयहरुबाट पनि अख्तियार दिवसको सन्दर्भमा भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने खालका विभिन्न कार्यक्रमहरु आयोजना गरी मनाइयो ।

११. २०६३ फागुन १३ र १४ गते । रामेछाप जिल्लाको सदरमुकाम मन्थलीमा फागुन १३ गते अन्तरक्रिया कार्यक्रमको आयोजना गरियो । उक्त कार्यक्रममा आयोगका सहसचिव श्री रत्नकाजी वज्राचार्यले कार्यपत्र प्रस्तुत गर्नु भएको थियो भने जिल्ला स्थित सरकारी कार्यालयका कार्यालय प्रमुखहरु, उद्योगी - व्यवसायी, पत्रकार तथा नागरिक समाजका प्रतिनिधिहरु गरी करिव ५५ जनाको सहभागिता रहेको थियो । फागुन १४ गते जिल्ला स्थित विभिन्न सरकारी कार्यालयका सहायक स्तरका कर्मचारीहरुको लागि "भ्रष्टाचार नियन्त्रण" विषयक एक दिने तालीम कार्यक्रम संचालन भयो । ३५ जना कर्मचारीहरु सहभागी रहेको उक्त तालीम कार्यक्रम आयोगका उपन्यायाधिवक्ता श्री राजन भट्टराई र शाखा अधिकृत श्री पुरुषोत्तम अधिकारीले संचालन गर्नु भएको थियो ।

१२. २०६३ चैत्र २० गते । भ्रष्टाचारको विरुद्धमा सामुदायिक शिक्षा कार्यक्रमलाई विशेष प्राथमिकताकासाथ अगाडि लैजाने नीति अनुरुप अख्तियार दुरुपयोग अनुसन्धान आयोगले आयोगमा कार्यरत १५ जना र राष्ट्रिय सतर्कता केन्द्रमा कार्यरत ५ जना गरी २० जना

अधिकृतहरुलाई प्रशिक्षकको प्रशिक्षण (Training for Trainers) दिईएको छ । ARD Inc Rule of Law Project को सहयोगमा संचालन भएको उक्त एक हप्ते कार्यक्रममा तालीमका विधिहरु वारे Training & Development Centre का प्रशिक्षकहरुले प्रशिक्षण दिएका थिए भने भ्रष्टाचार र अख्तियारको दुरुपयोगको विविध पक्षहरुको सम्वन्धमा आयोगका आयुक्तहरु श्री ललितवहादुर लिम्वु, श्री वेदप्रसाद शिवाकोटी, पूर्व प्रमुख आयुक्त श्री सूर्यनाथ उपाध्याय, निमित्त सचिव श्री कुमार चुडाल, सहसचिव श्री रत्नकाजी वज्राचार्य तथा ARD Inc Rule of Law Project का सिनियर कोओर्डिनेटर श्री मिहिर ठाकुरले प्रशिक्षण दिनु भएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा Independent Commission Against Corruption (ICAC), Hongkong का कार्यक्रम कोओर्डिनेटर Mrs. Bernadette Cook Liu Sau Fong हङकङ्गले भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा प्राप्त गरेको सफलताको अनुभव समेत समेटी प्रशिक्षण दिनु भएको थियो ।

१३. २०६३ चैत्र २७ गते । भ्रष्टाचार नियन्त्रणको क्षेत्रमा काम गरी रहेका सरकारी तथा गैर सरकारी संस्थाका प्रतिनिधिहरुको सहभागितामा अन्तरक्रिया गोष्ठीको आयोजना गरियो । निमित्त सचिव श्री कुमार चुडालको सभापतित्वमा सन्चालन भएको उक्त गोष्ठीमा नेपालको भ्रष्टाचार नियन्त्रण सम्वन्धी अभ्यास र अनुभव वारे आयोगका आयुक्त श्री ललितवहादुर लिम्वुले प्रकाश पार्नु भएको थियो भने हङ्गकङ्गमा ICAC ले भ्रष्टाचार नियन्त्रणमा प्राप्त गरिरहेको सफलता वारे Mrs. Bernadette Cook Liu Sau Fong ले प्रकाश पार्नु भएको थियो ।

१४. २०६४ वैशाख २१ गते । भ्रष्टाचार विरुद्धको सामुदायिक शिक्षा कार्यक्रम अन्तरगत स्कूल/कलेज समूहले नमूना मछिन्द्र माध्यमिक विद्यालय, ललितपुरका कक्षा १० मा अध्ययनरत विद्याार्थीहरुको लागि "भ्रष्टाचार नियन्त्रण र विद्यार्थीको भूमिका" विषयक प्रशिक्षण कार्यक्रम संचालन गऱ्यो । उक्त प्रशिक्षण कार्यक्रममा आयोगका सहसचिव श्री रत्नकाजी वज्राचार्य, उपसचिवहरु श्री खड्गवहादुर राना र श्री प्रेमप्रसाद पौडेल, शाखा अधिकृतहरु श्री पुरुषोत्तम अधिकारी र श्रीमती उर्मिला दाहालले प्रशिक्षण दिनु भएको थियो । यस्तै प्रकारको कार्यक्रम अन्तर्गत २०६४ जेष्ठ ३१ गते पद्योदय माध्यमिक विद्यालय, रामशाहपथ तथा २०६४ आषाढ ६ र ७ गते नुवाकोट जिल्लाको सदरमुकाम स्थित भैरुम माध्यमिक विद्यालय र त्रिशुली माध्यमिक विद्यालयका कक्षा १० मा अध्ययनरत विद्यार्थीहरुलाई पनि प्रशिक्षण दिने कार्य सम्पन्न भयो ।

१५. २०६४ वैशाख २८ गते । महिला विकास कार्यालय, ललितपुरले प्रवर्द्धन गरेको विभिन्न सहकारी संस्थाका २६ जना महिला पदाधिकारीहरुको लागि "भ्रष्टाचार विरुद्ध महिलाको भूमिका" विषयमा भ्रष्टाचार विरुद्धको सामुदायिक शिक्षा कार्यक्रम अन्तरगत गठित नागरिक समाज समूहले एउटा प्रशिक्षण कार्यक्रम संचालन गऱ्यो । उपन्यायाधिवक्ता श्री सूर्यनाथ प्रकाश अधिकारी, शाखा अधिकृत श्रीमती गोमादेवी चेम्जोङ्ग, इन्जिनियर श्री कुमार घिमिरे र निरीक्षक श्री इन्द्रवहादुर डाँगीले प्रशिक्षण दिनु भएको थियो । यसै गरी उक्त समूहले जेष्ठ १४ गते "भ्रष्टाचार नियन्त्रणमा नागरिक समाजको भूमिका" विषयमा किराँत याक्थुङ् चुम्लुङ् केन्द्रीय तथा जिल्ला कार्य समितिहरु ललितपुर र काठमाडौंका पदाधिकारी तथा सदस्यहरुको लागि एक दिने प्रशिक्षण कार्यक्रम संचालन गऱ्यो ।

१६. २०६४ जेठ १ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा कार्यरत सहायक स्तरका ३० जना कर्मचारीहरुको लागि भ्रष्टाचार नियन्त्रण सम्वन्धी आधारभूत प्रशिक्षण कार्यक्रम संचालन भयो । उक्त प्रशिक्षण कार्यक्रम आधा दिनको हिसावले २०६४।२।१ देखि २०६३।२।१५ सम्म संचालन भएको थियो । उक्त प्रशिक्षण कार्यक्रममा सहायक स्तरका ३० जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

१७. २०६४ जेठ ११ गते । काठमाडौं उपत्यका भित्र रहेका भूमि व्यवस्थापन कार्यसित सम्वन्धित जिल्ला स्तरीय कार्यालय प्रमुखहरुको सहभागितामा एक दिने छलफल कार्यक्रमको आयोजना गरियो । सो छलफल कार्यक्रममा भूमिसुधार, मालपोत, नापी, गुठी संस्थान र स्थानीय निकायका कार्यालय प्रमुखहरुको उपस्थिति थियो । आयोगका सहसचिव श्री रत्नकाजी वज्राचार्य, सहन्यायाधिवक्ता श्री दुर्गावन्धु पोखरेल, उपसचिव श्री कृष्णहरि देवकोटा र शाखा अधिकृत श्री हरिप्रसाद भण्डारीले कार्यपत्र प्रस्तुत गर्नु भएको सो कार्यक्रममा कार्य वाहक प्रमुख आयुक्त श्री ललितवहादुर लिम्वु र आयुक्त श्री वेदप्रसाद शिवाकोटीले उक्त कार्यक्रममा उपस्थित कार्यालय प्रमुखहरुलाई निर्देशन दिनु भएको थियो । सो अवसरमा भूमिसुधार तथा व्यवस्था मन्त्रालयका सचिव श्री रविन्द्रमान जोशी र अख्तियार दुरुपयोग अनुसन्धान आयोगका सचिव श्री भगवतीकुमार काफ्लेले पनि वोल्नु भएको थियो ।

१८. २०६४ आषाढ ४ र ५ गते । अख्तियार दुरुपयोग अनुसन्धान आयोगको आयोजनामा रसुवा जिल्लाको धुन्चेमा सरकारी कार्यालयमा कार्यरत सहायक स्तरका कर्मचारीहरुको लागि एएटा प्रशिक्षण कार्यक्रम सम्पन्न भयो । आयोगका सहसचिव श्री रत्नकाजी वज्राचार्य, उपसचिव श्री खड्गवहादुर राना, उपन्यायाधिवक्ता श्री राजेन्द्रकुमार श्रेष्ठ र शाखा अधिकृत श्री पुरुषोत्तम अधिकारीले सो प्रशिक्षण कार्यक्रम संचालन गरेका थिए ।

१९. भ्रष्टाचार नियन्त्रणका लागि आयोगले गरेका काम कारवाही वारे जनतालाई सुसूचित गर्न र भ्रष्टाचार विरुद्ध जनचेतना जगाउने उद्देश्यले आयोगले आ. ब. २०६१/०६२ देखि नै "सदाचार" रेडियो कार्यक्रम संचालन गरी आएको छ । हाल रेडियो नेपालवाट प्रत्येक शनिवार वेलुकी ७:४५ देखि ८:०० वजे सम्म १५ मिनेट उक्त "सदाचार" रेडियो कार्यक्रम प्रशारण हुन्छ । यस कार्यक्रममा आयोगको गतिविधि, समाचार, परिसम्वाद, अन्तरवार्ता आदि प्रस्तुत गरिन्छन ।

परिच्छेद - १६
उपसंहार

सुशासन, पारदर्शिता, कानूनी राज्य र लोकतन्त्रलाई प्रभावकारी तुल्याउन भ्रष्टाचार नियन्त्रण पूर्वशर्तको रुपमा रहेको हुन्छ । भ्रष्टाचारले विभिन्न क्षेत्रमा प्रभाव पार्ने हुंदा यसलाई समूल नष्ट नगरिएसम्म देशको आर्थिक एवं सामाजिक विकास हुन सक्दैन । गरिबी, पछौटेपन, अशिक्षा, अज्ञानताको कारक तत्वहरु मध्ये भ्रष्टाचार प्रमुख कारक तत्वको रुपमा रहेको कुरालाई स्वीकार्नै पर्दछ । मुलुकबाट गरिबी, अशिक्षा र सामन्ति प्रथा नहटेसम्म भ्रष्टाचार नियन्त्रण हुन गाह्रो छ । भ्रष्टाचार वहु आयामिक एवं प्रवृत्तिजन्य विषय भएको हुँदा यसको नियन्त्रण कुनै एकल निकायले मात्र गरेर सम्भव हुंदैन । यसका लागि सरकार, निजी क्षेत्र र नागरिक समाज सबैको एकीकृत अभियानको साथ साथै यथेष्ट कानूनहरु, साधन, श्रोत र राजनैतिक ईच्छा शक्तिको आवश्यकता पर्छ नै, यसको अलावा इमान्दारिता, अनुशासन र जाँगरको सही संयोजन गर्न सकिएमा मात्र भ्रष्टाचार नियन्त्रण सम्भव छ । निश्चय पनि यी विषयहरुमा कुरा गर्नु जति सजिलो छ, व्यवहारमा उतार्न त्यत्तिकै चुनौतिपूर्ण छ । मूलतः दृढ संकल्प सहित सदाचारको भावनालाई मूर्त रुप दिन सकियो भने भ्रष्टाचार नियन्त्रण टाढाको विषय पनि होईन, यो विश्वमा चलेको अभ्यासले देखाएको कुरा हो ।

मुलुकको बदलिंदो अवस्था एवं परिस्थितिलाई ध्यानमा राखी सरकारले भ्रष्टाचार नियन्त्रणका लागि सशक्त नीति निर्माणका साथै आवश्यक कानून, योजना तथा कार्यक्रमहरु तर्जुमा गरी लागू गर्न जरुरी छ । साथै ती कार्यक्रमहरुलाई प्रभावकारी ढंगले अगाडि बढाउन नागरिक समाज, न्यायपालिका, सञ्चार क्षेत्र, निजी क्षेत्र र अन्तर्राष्ट्रिय समुदायको सहयोगको आवश्यकता पर्दछ । भ्रष्टाचार मुक्त समाजको निर्माणको लागि आधार स्तम्भको रुपमा रहेका लोकतन्त्र, मानव अधिकार, राजनैतिक स्थिरता, सक्षम कर्मचारीतन्त्र, खुला बजारमुखी अर्थतन्त्र, अर्थपूर्ण विकेन्द्रीकरण, स्थानीय निकायहरुको स्वायत्तता र कानूनी राज्य जस्ता विविध पक्षको बिकासबाट नै भ्रष्टाचार नियन्त्रण गर्न सकिने र मुलुकमा सुशासन कायम हुने कुरामा विमति हुन सक्दैन । सेवा प्रदायक संस्थाहरुले जारी गरेका नागरिक वडापत्रहरुको अक्षरशः पालना गर्न सकिएमा पारदर्शिताको मर्म आत्मसात हुन गई भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्न जाने आशा गर्न सकिन्छ ।

भ्रष्टाचार भई सकेपछि कारवाही गर्नु भन्दा भ्रष्टाचार हुने अवस्था आउनै नदिनु निश्चय पनि श्रेयस्कर हुन्छ । यसैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विगत वर्षहरुमा जस्तै बिभिन्न निरोधात्मक, सुधारात्मक एवं प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्दै आएको छ । यसै तथ्यलाई मध्यनजर गरेर आयोगले राष्ट्रिय सतर्कता केन्द्रका साथै विभिन्न सरकारी संयन्त्र, गैर सरकारी निकायहरु, बुद्धिजीवी, पत्रकार, उद्योगी, ब्यापारी, नागरिक समाज र अन्तर्राष्ट्रिय दाता समूहहरु समेतको सहभागितामा विभिन्न तालिम, सभा, सम्मेलन, गोष्ठी, अन्तरक्रिया, रेडियो कार्यक्रम आदि संचालन गर्दै आएकोछ । भ्रष्टाचार बिरुद्धको सन्देश देशका कुना कन्दरामा समेत पुगोस भन्ने हेतूले लघु फिल्मको समेत निर्माण गरी मुलुकभरिका सिनेमा हलहरुमा पठाईएको छ । बिभिन्न सहयात्री र सहकर्मीहरुबाट प्राप्त सहयोगको फलस्वरुप नै आयोगले मुलुकको राजस्वमा वृद्धि, विकास आयोजनाहरुमा लाग्ने समय तथा खर्चको कटौती, सार्वजनिक सेवा प्रदानमा प्रभावकारिता तथा गुणस्तरमा वृद्धि जस्ता सुशासनका पक्षमा

उल्लेखनीय योगदान दिई आएको छ । भ्रष्टाचार न्यूनिकरणका लागि आयोगले विगतको पन्च वर्षीय रणनीतिलाई परिमार्जन गरी तीन वर्षको रणनीति तयार पारेको छ । आर्थिक वर्ष २०६४/०६५ देखि कार्यान्वयनमा आउने उक्त तीन वर्षे रणनीतिमा भ्रष्टाचार नियन्त्रण गर्नको लागि समष्टिगत समाधानको अवधारणा अनुसार दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरुलाई एकै साथ अगाडि वढाउने नीति लिईने छ ।

उपर्युक्त बाहेक अख्तियार दुरुपयोग अनुसन्धान आयोगले Ombudsman को भूमिका समेत सफलता पूर्वक निर्वाह गर्दै आएको छ जस अन्तर्गत विभागीय कारवाही गर्ने (सेवाबाट हटाउने, तल्लो तहमा घटुवा गर्ने, ग्रेड रोक्का गर्ने, बढुवा रोक्का गर्ने, नसिहत दिने आदि), सचेत गराउने, सुझाव, ध्यानाकर्षण, अभिलेख राख्ने तथा अन्य कारवाहीको लागि आयोगबाट सम्बन्धित निकायमा लेखी पठाउने गरिएको छ ।

आयोगले भ्रष्टाचार विरुद्ध सामुदायिक शिक्षा कार्यक्रम अन्तरगत विभिन्न स्कूल/कलेजमा अध्ययनरत विद्याार्थीहरुलाई अनुशिक्षण कार्यक्रमको थालनी गरिसकेको छ । त्यसै गरी मोरङ, पर्सा, कास्की, वाँके र कैलाली जिल्लामा भ्रष्टाचार विरुद्ध स्थानीय समन्वय समितिको गठन भईसकेको छ भने अरु जिल्लाहरुमा पनि स्थानीय समन्वय समिति गठन गर्दै जाने कार्यक्रम रहेको छ ।

आर्थिक वर्ष २०६३/०६४ मा आयोगमा विभिन्न माध्यमद्वारा ३५६४ उजुरीहरु परेका थिए । ती उजुरीहरु मध्ये २९७६ उजुरीहरु आयोगबाट फछ्र्यौट भएका छन् । आयोगबाट भ्रष्टाचार सम्वन्धी ११५ मुद्दाहरु विशेष अदालत समक्ष दायर गरियो । विशेष अदालतबाट भएको फैसलामा चित्त नबुझी १७ वटा मुद्दाहरुमा पुनरावेदन गरियो । २६ वटा उजुरीहरुमा बिभागीय कारवाहीको लागि सम्बन्धित निकायमा लेखी पठाइयो भने १६ वटा उजुरीहरुमा सार्वजनिक पदाधिकारीहरुलाई सचेत गराउनको लागि लेखी पठाइएको छ । सोही अवधिमा विभिन्न निकायहरुमा ९६ वटा सुझाबहरु पठाइयो भने, १३ वटा उजुरीहरुमा बिभिन्न निकायहरुको ध्यानाकर्षण गराईयो । २२ वटा उजुरीहरुमा असूल उपरका लागी लेखियो भने अन्य कारवाही गर्न ३४ वटा उजुरीहरु सम्बन्धित निकायहरुमा पठाइएका छन् । त्यसै गरी ९३ वटा उजुरीहरु तामेलीमा गएका छन । आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएका पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३३८ उजुरी परेकोमा जम्मा ३६ फछ्र्यौट भई ३०२ फछ्र्यौट हुन बाँकी नै रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १५९६ उजुरी परेकोमा जम्मा २१९ फछ्र्यौट भई १३७७ फछ्र्यौट हुन बाँकी देखिएको छ ।

आर्थिक वर्ष २०५७/०५८ देखि २०६३/०६४ सम्मको कारवाहीको तुलनात्मक विवरण, आर्थिक वर्ष २०५९/०६० देखि २०६३/०६४ सम्मको बैठक र निर्णय संख्या र आर्थिक वर्ष २०४७/०४८ देखि २०६३/०६४ सम्ममा परेका उजुरी र फछ्र्यौटको विवरण क्रमशः अनुसूची १४, १५ र १६ मा दिइएको छ ।

भ्रष्टाचार नियन्त्रणको कार्यलाई अझ सशक्त र प्रभावकारी बनाउन आयोगका कर्मचारीहरुको क्षमता र मनोबल बढाउनुका साथै आयोगलाई साधन श्रोतयुक्त तुल्याउन आवश्यक छ । भ्रष्टाचारीहरु नउम्कने

र नछुट्ने गर्न नवीनतम एवं विकसित अनुसन्धान प्रविधिको प्रयोग गर्नु आवश्यक छ । त्यसका लागि सरकारका साथै सम्बन्धित सबै पक्षबाट सहयोग प्राप्त हुनु जरुरी छ ।

डिसेम्बर, २००५ देखि लागू भएको संयुक्त राष्ट्र संघको भ्रष्टाचार बिरुद्धको महासन्धि अनुमोदनको संघारमा छ । उक्त महासन्धि चांडो भन्दा चांडो अन्तरिम व्यवस्थापिका संसदबाट अनुमोदन गरी सो महासन्धिसंग मेल खाने गरी बिभिन्न मौजूदा कानूनहरु संसोधन एवं परिमार्जन गर्नुका साथै सो महासन्धिको मर्म र भावना अनुरुप थुप्रै नयां कानूनहरु समेत निर्माण गर्नु आवश्यक छ । Extradition, Money Laundering, Mutual Legal Assistance जस्ता कानुनहरुको निर्माण गरी बिभिन्न मुलुकहरुसंग आपसी सम्झौता गर्न नसकिएको कारण अन्तर्राष्ट्रिय सभा सम्मेलनमा नेपालको तर्फबाट महासन्धी अनुसारको प्रगति प्रस्तुत गर्न नसकिएको अवस्था रहेको छ ।

अन्त्यमा, मानिसको आचरण, व्यवहार, संस्कार, सामाजिक परिवेश र प्रवृत्तिसित गाँसिएको भ्रष्टाचारको प्रकृति, स्वरुप, विस्तार र क्षेत्र अत्यन्त जटील र व्यापक छ । शासन संचालन पद्धतिमा नातावाद, कृपावाद र अव्यवस्थाको स्थितिको अन्त्य र नैतिकता, इमान्दारिता, पारदर्शिता र सदाचारिताको अवलम्बन एवं सो को पालना नै भ्रष्टाचार नियन्त्रणको मूल मन्त्र हो । भ्रष्टाचार विरुद्ध शून्य सहनशीलता (Zero Tolerance) को स्थिति सृजना गर्नु आवश्यक छ । यसको लागि व्यापक जनचेतनाको खाँचो छ । मौका नपाउंदा सम्म इमान्दार वन्ने वेईमानी प्रवृत्तिको अन्त्य हुनै पर्छ । भ्रष्टाचारको विरुद्धमा व्यापक जनलहर नउठेसम्म भ्रष्टाचार नियन्त्रण प्रभावकारी हुन सक्दैन । त्यसैले सामुदायिक शिक्षा कार्यक्रमको माध्यमवाट भ्रष्टाचार विरुद्धको जनचेतना अभिवृद्धि गर्नु आजको पहिलो आवश्यकता हो भन्ने कुरालाई महसुस गरी आयोगले यो वर्ष देखि जनचेतना अभिबृद्धि गर्ने कार्यलाई प्राथमिकताका साथ अगाडि बढाएको छ ।

ॐ.....✱.....ॐ

परिच्छेद - १६

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको त्रिवर्षीय (२०६४/६५ - २०६६/६७) रणनीति

१. पृष्ठभूमि :

भ्रष्टाचार नियन्त्रण गरी असल शासनको वहाली गर्नु राज्यको दायित्व भएको हुंदा कुनै सार्वजनिक पद धारणा गरेको व्यक्तिले अनुचित कार्य वा भ्रष्टाचार गरी अख्तियारको दुरुपयोग गरेको सम्वन्धमा कानून बमोजिम अनुसन्धान तहकिकात गर्न वा गराउन र विशेष अदालतमा मुद्दा दायर गर्न सक्ने निकायको रुपमा अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई नेपालको अन्तरिम संविधान, २०६३ ले पनि निरन्तरता दिएको छ । नेपालको अन्तरिम संविधान, २०६३ अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन, २०४८ तथा भ्रष्टाचार निवारण ऐन, २०५९ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग नियमावली, २०५९ लगायत अन्य प्रचलित कानूनको दायराभित्र रही आफूलाई सुम्पिएको जिम्मेवारीलाई कार्यविधि, निर्देशिका, मार्गदर्शनहरू र आचार संहिता समेत बनाई निस्पक्षता, निर्भिकता र दृढताका साथ निर्वाह गर्दै आएको छ । ऐन कानूनले निर्दिष्ट गरे अनुसारका काम कारवाहीहरूलाई अझ चुस्त वनाउनको निम्ति आयोगले सर्वप्रथम २०५९ सालमा पाँच वर्षका लागि रणनीति तर्जुमा गरी सो रणनीति मुताविक काम गर्दै आएकोमा तीन वर्षे योजनामा भ्रष्टाचार नियन्त्रणको कार्यलाई थप प्रभावकारी रुपमा सञ्चालन गर्न यो रणनीति तथा कार्यक्रम तर्जुमा गरिएको छ ।

२. अद्यावधिक स्थितिको समीक्षा :

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको रणनीति, २०५९ मा उल्लेख भए अनुसार भ्रष्टाचार नियन्त्रण सम्बन्धी काम कारबाहीमा केही महत्वपूर्ण उपलब्धिहरू हासिल भएका छन् । यस अवधिमा आयोगको पहलमा विभिन्न मन्त्रालय अन्तरगतका ४९ वटा विभागहरूको कार्यविधि (कार्य संचालन निर्देशिका) तयार गराई संचालनमा ल्याएको छ । त्यस्तै भ्रष्टाचार नियन्त्रणको कार्य छिटो छरितो रुपमा सम्पन्न गर्न सकियोस् भन्ने उद्देश्यले क्षेत्रीय प्रशासकहरू, प्रमुख जिल्ला अधिकारीहरू र सरकारी वकिलहरूलाई आयोगले अधिकार प्रत्यायोजन समेत गरेको छ । त्यसै गरी १० वटा जिल्लाहरूमा भ्रष्टाचार नियन्त्रण सम्बन्धमा पाइलट कार्यक्रमहरू लागु भएका छन् भने हालसम्म नमूनाको रुपमा ५ वटा जिल्लाहरूमा स्थानीय समन्वय समितिको गठन गरी स्थानीय स्तरवाट नै भ्रष्टाचार विरोधी अभियान संचालन गरी भ्रष्टाचार नियन्त्रण गर्ने कार्यको थालनी गरिएको छ । आयोगमा कार्यरत कर्मचारीहरूको सीप विकास र दक्षता अभिवृद्धि गर्न तालीम संचालन, जिल्ला स्थित कार्यालयहरूमा कार्यरत कर्मचारीहरू एवं नागरिक समाज, गैर सरकारी संस्था तथा राजनैतिक दलका प्रतिनिधि र सामाजिक कार्यकर्ताहरूका लागि प्रशिक्षण गोष्ठी समेत संचालन हुदै आएको छ । भ्रष्टाचार विरुद्ध जनचेतना अभिवृद्धि गर्ने उद्देश्यले प्रचार - प्रसार सामग्रीको उत्पादन र वितरण गर्ने कार्यहरू समेत हुदै आएका छन् । यसै गरी आयोगका पदाधिकारीहरूवाट समय समयमा राष्ट्रिय एवं अन्तर्राष्ट्रिय सभा सम्मेलनहरूमा सहभागिता जनाई भ्रष्टाचार नियन्त्रणको निम्ति चालिएका कदमहरूको अनुभव आदान प्रदान गरिदै आएको छ । यसै परिप्रेक्ष्यमा आयोगको काम कारवाहीलाई बढी चुस्त र प्रभावकारी बनाउन यो तीन वर्षे रणनीति तर्जुमा गरिएको छ ।

३ दीर्घकालीन सोच :

भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमवाट कानूनी राज्यको अवधारणा मुताविक सुशासनलाई सुदृढ गरी समृद्ध मुलुक निर्माणका लागि अनुशासित समाजको स्थापना गर्न सहयोग पुऱ्याउने ।

४. उद्देश्य र लक्ष्य :

(क) उद्देश्य :

राज्य संयन्त्रमा तीन वर्ष भित्र अनुचित कार्य र भ्रष्टाचारको मात्रा उल्लेखनीय रुपमा घटाउन प्रयास गर्ने ।

(ख) लक्ष्य :

१. भ्रष्टाचार नियन्त्रणको सिलसिलामा दण्डात्मक काम कारवाहीलाई समन्वयात्मक एवं सशक्त ढंगले अगाडि बढाई सुशासन कायम गर्न टेवा पुऱ्याउने ।

२. भ्रष्टाचार नियन्त्रणमा निरोधात्मक उपायहरूद्वारा प्रणालीगत सुधार गरी असल शासनलाई टेवा पुऱ्याउने ।

३. राष्ट्रिय र अन्तर्राष्ट्रिय परिवेशमा भ्रष्टाचार विरुद्ध प्रवर्द्धनात्मक र जनचेतनामूलक कार्यक्रमको माध्यमबाट समाजमा सदाचार पद्धतिको निर्माण गरी सामाजिक अनुशासन कायम गर्न सहयोग पुऱ्याउने ।

४. भ्रष्टाचार नियन्त्रणको मामलामा विशेषज्ञता प्राप्त निकायको रुपमा आयोगको संस्थागत सवलीकरण गर्ने ।

५. रणनीति :

१ भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी सूचना संकलन र विश्लेषण कार्यलाई भरपर्दो बनाउने ।

२ भ्रष्टाचार र अनुचित कार्य सम्बन्धी अनुसन्धान र अभियोजनलाई छिटो छरितो र तथ्यपरक बनाउने ।

३ भ्रष्टाचार र अनुचित कार्यका विरुद्ध अनुसन्धान, अभियोजन र कारवाही गर्ने आयोगको निर्णय कार्यान्वयनलाई समन्वयात्मक, सशक्त र प्रभावकारी बनाउने ।

४ भ्रष्टाचार नियन्त्रणका लागि तर्जुमा गर्नु पर्ने र परिमार्जन गर्नु पर्ने कानूनहरूका विषयमा समन्वय गर्ने ।

५ स्थानीय स्तरमा भ्रष्टाचार विरुद्धको कारवाहीलाई सशक्त बनाउने ।

६ अनियमितता र भ्रष्टाचारको दृष्टिकोणले जोखिम (Corruption Prone Zones) भनी पहिचान भएका क्षेत्रहरूलाई सदाचारको टापु (Island of Integrity) को रुपमा विकास गर्ने ।

७ विभागहरूको कार्यविधिको कार्यान्वयन र अनुगमन गर्ने गराउने ।

८ सार्वजनिक, व्यवसायिक तथा व्यापारिक समुदाय र संगठित क्षेत्रमा आचार संहिताको प्रभावकारी रुपमा कार्यान्वयन गर्न गराउन पहल गर्ने ।

९ सार्वजनिक सेवा प्रवाहका लागि निर्धारित सूचकहरूको अनुगमन र मूल्यांकन गर्ने ।

१० नागरिक समाज तथा गैर सरकारी संस्थाहरूको सहयोग र संलग्नतामा भ्रष्टाचार विरुद्ध शून्य शहनशीलता अभिबृद्धि गर्दै जाने ।

११ भ्रष्टाचार र अनियमितता विरुद्ध सामुदायिक शिक्षा तथा जनचेतना अभिवृद्धि कार्यक्रम संचालन गर्ने ।

१२ भ्रष्टाचार विरुद्ध जनचेतना अभिबृद्धिका लागि प्रचार - प्रसारलाई क्रमिक रुपमा विस्तार गर्दै जाने ।

१३ भ्रष्टाचार विरोधी क्षेत्रीय तथा अन्तर्राष्ट्रिय संस्थाहरूसँग सम्बन्ध र सम्पर्कको विकास र विस्तार गर्ने ।

१४ स्थानीय निकायहरू मार्फत भ्रष्टाचार विरुद्धको कार्यक्रमलाई गाउँघरसम्म पुऱ्याउने ।

१५ भ्रष्टाचार नियन्त्रण कार्यमा आयोगलाई बढी भन्दा बढी विशेषज्ञता र दक्षताप्राप्त निकायको रुपमा विकास गर्दै लाने ।

१६ आयोगको कार्य प्रकृति अनुरुपको कर्मचारी विकास, तालीम र काम गर्ने वातावरण (working environment) को विकास गर्ने ।

१७ आयोगको कार्यमा उपलब्धिका आधारमा कर्मचारीहरूको कार्य सम्पादन मूल्यांकन र पुरस्कृत गर्ने पद्धतिको विकास गर्ने ।

१८ आयोगको केन्द्रीय र स्थानीय कार्यालयहरूका लागि आवश्यक भौतिक साधन र श्रोतको व्यवस्था गर्ने ।

१९ आयोगको सूचना व्यवस्थापन प्रणालीलाई भरपर्दो बनाउने ।

परिच्छेद – १७
उपसंहार

सुशासन, पारदर्शिता, कानूनी राज्य र लोकतन्त्रलाई प्रभावकारी तुल्याउन भ्रष्टाचार नियन्त्रण पूर्वशर्तको रुपमा रहेको हुन्छ । भ्रष्टाचारले विभिन्न क्षेत्रमा प्रभाव पार्ने हँदा यसलाई समूल नष्ट नगरिए सम्म देशको आर्थिक एवं सामाजिक विकास हुन सक्दैन । गरिबी, पछौटेपन, अशिक्षा, अज्ञानताको कारक तत्वहरु मध्ये भ्रष्टाचार प्रमुख कारक तत्वको रुपमा रहेको कुरालाई स्वीकार्नै पर्दछ । मुलुकबाट गरिबी, अशिक्षा र सामन्ती प्रथा नहटेसम्म भ्रष्टाचार नियन्त्रण हुन गाह्रो छ । भ्रष्टाचार वहुआयामिक एवं प्रवृत्तिजन्य विषय भएको हुँदा यसको नियन्त्रण कुनै एकल निकायले मात्र गरेर सम्भव हुंदैन । यसका लागि सरकार, निजी क्षेत्र र नागरिक समाज सबैको एकीकृत अभियानको साथ साथै यथेष्ट कानूनहरु, साधन, श्रोत र राजनैतिक इच्छाशक्तिको आवश्यकता पर्छ नै, यसको अलावा इमान्दारिता, अनुशासन र जाँगरको सही संयोजन गर्न सकिएमा मात्र भ्रष्टाचार नियन्त्रण सम्भव छ । निश्चय पनि यी विषयहरुमा कुरा गर्नु जति सजिलो छ, यसलाई व्यवहारमा उतार्नु त्यतिकै चुनौतीपूर्ण छ । मूलतः दृढ इच्छा सहित सदाचारको भावनालाई मूर्तरुप दिन सकियो भने भ्रष्टाचार नियन्त्रण टाढाको विषय पनि होइन, यो विश्वमा चलेको अभ्यासले देखाएको कुरा हो ।

मुलुकको बदलिंदो अवस्था एवं परिस्थितिलाई ध्यानमा राखी सरकारले भ्रष्टाचार नियन्त्रणका लागि सशक्त नीति निर्माणका साथै आवश्यक कानून, योजना तथा कार्यक्रमहरु तर्जुमा गरी लागू गर्न जरुरी छ । साथै ती कार्यक्रमहरुलाई प्रभावकारी ढंगले अगाडि बढाउन नागरिक समाज, न्यायपालिका, सञ्चार क्षेत्र, निजी क्षेत्र र अन्तर्राष्ट्रिय समुदायको सहयोगको आवश्यकता पर्दछ । भ्रष्टाचार मुक्त समाजको निर्माणकालागि आधारस्तम्भको रुपमा रहेका लोकतन्त्र, मानव अधिकार, राजनैतिक स्थिरता, सक्षम कर्मचारीतन्त्र, खुला बजारमुखी अर्थतन्त्र, अर्थपूर्ण विकेन्द्रीकरण, स्थानीय निकायहरुको स्वायत्तता र कानूनी राज्य जस्ता विविध पक्षको बिकासबाट नै भ्रष्टाचार नियन्त्रण गर्न सकिने र मुलुकमा सुशासन कायम हुने कुरामा विमति हुन सक्दैन । सेवा प्रदायक संस्थाहरुले जारी गरेका नागरिक वडापत्रहरुको अक्षरशः पालना गर्न सकिएमा पारदर्शिताको मर्म आत्मसात् हुन गई भ्रष्टाचार नियन्त्रणमा सहयोग पुग्न जाने आशा गर्न सकिन्छ ।

भ्रष्टाचार भई सकेपछि कारवाही गर्नु भन्दा भ्रष्टाचार हुने अवस्था आउनै नदिनु निश्चय पनि श्रेयस्कर हुन्छ । यसले सर्वसाधारणले चुकाउनु पर्ने लागतमा कमी आउने मात्र होइन मुलुकको छवि राम्रो वनाउनमा टेवा पुऱ्याउँदछ । यसैले अख्तियार दुरुपयोग अनुसन्धान आयोगले विगत वर्षहरुमा जस्तै बिभिन्न निरोधात्मक, सुधारात्मक एवं प्रबर्द्धनात्मक कार्यक्रमहरु संचालन गर्दै आएको छ । यसै तथ्यलाई मध्यनजर गरेर आयोगले राष्ट्रिय सतर्कता केन्द्रका साथै विभिन्न सरकारी संयन्त्र, गैर सरकारी निकायहरु, बुद्धिजीवी, पत्रकार, उद्योगी, व्यापारी, नागरिक समाज र अन्तर्राष्ट्रिय दाता समूहहरु समेतको सहभागितामा विभिन्न तालिम, सभा, सम्मेलन, गोष्ठी, अन्तरक्रिया, रेडियो कार्यक्रम आदि संचालन गर्दै आएकोछ । भ्रष्टाचार बिरुद्धको सन्देश देशका कुना कन्दरामा समेत पुगोस् भन्ने हेतूले लघु फिल्मको समेत निर्माण गरी मुलुक भरिका सिनेमा हलहरुमा पठाईएको छ । बिभिन्न सहयात्री र सहकर्मीहरुबाट प्राप्त सहयोगको फलस्वरुप नै आयोगले मुलुकको राजस्वमा वृद्धि, विकास आयोजनाहरुमा लाग्ने समय तथा खर्चको कटौती, सार्वजनिक सेवा प्रदानमा प्रभावकारिता तथा गुणस्तरमा वृद्धि जस्ता सुशासनका

पक्षमा उल्लेखनीय योगदान दिई आएको छ । भ्रष्टाचार न्यूनीकरणका लागि आयोगले विगतको पञ्चवर्षीय रणनीतिलाई परिमार्जन गरी तीन वर्षको रणनीति तयार पारेको छ । आर्थिक वर्ष २०६४/६५ देखि कार्यान्वयनमा आउने उक्त तीन वर्षे रणनीतिमा समेत भ्रष्टाचार नियन्त्रण गर्नकालागि समष्टिगत समाधानको अवधारणा अनुसार दण्डात्मक, निरोधात्मक र प्रवर्द्धनात्मक कार्यहरुलाई एकै साथ अगाडि बढाउने नीति लिइने छ ।

आर्थिक वर्ष २०६३/६४ मा आयोगमा विभिन्न माध्यमद्वारा ३५६४ उजुरीहरु परेका थिए । ती उजुरीहरु मध्ये २९७६ उजुरीहरु आयोगबाटै फछ्यौंट भएका छन् । आयोगबाट भ्रष्टाचार सम्वन्धी ११५ मुद्दाहरु विशेष अदालत समक्ष दायर गरियो । विशेष अदालतबाट भएको फैसलामा चित्त नबुझी १७ वटा मुद्दाहरुमा पुनरावेदन गरियो । २६ वटा उजुरीहरुमा बिभागीय कारवाहीकालागि सम्बन्धित निकायमा लेखी पठाइयो भने १६ वटा उजुरीहरुमा सार्वजनिक पदाधिकारीहरुलाई सचेत गराउनको लागि लेखी पठाइएको छ । सोही अवधिमा विभिन्न निकायहरुमा ९६ वटा सुझावहरु पठाइयो भने, १३ वटा उजुरीहरुमा बिभिन्न निकायहरुको ध्यानाकर्षण गराईयो । २२ वटा उजुरीहरुमा असूल उपरका लागि लेखियो भने अन्य कारवाही गर्न ३४ वटा उजुरीहरु सम्बन्धित निकायहरुमा पठाइएका छन् । त्यसै गरी ९३ वटा उजुरीहरु तामेलीमा गएका छन् । आयोगको अधिकार प्रयोग गर्न पाउने गरी अधिकार प्रत्यायोजन गरिएका पाँच विकास क्षेत्र स्थित क्षेत्रीय प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी ३३८ उजुरी परेकोमा जम्मा ३६ उजुरी फछ्यौंट भई ३०२ उजुरी फछ्यौंट हुन बाँकी नै रहेको प्रतिवेदन प्राप्त हुन आएको छ । त्यस्तै ७५ जिल्ला प्रशासन कार्यालयहरुमा भ्रष्टाचार तथा अनुचित कार्य सम्वन्धी १५९६ उजुरी परेकोमा जम्मा २१९ उजुरी फछ्यौंट भई १३७७ उजुरी फछ्यौंट हुन बाँकी देखिएको छ ।

आर्थिक वर्ष २०५७/०५८ देखि २०६३/०६४ सम्मको कारवाहीको तुलनात्मक विवरण, आर्थिक वर्ष २०५९/०६० देखि २०६३/०६४ सम्मको बैठक र निर्णय संख्या र आर्थिक वर्ष २०४७/०४८ देखि २०६३/०६४ सम्ममा परेका उजुरी र फछ्यौंटको विवरण क्रमशः अनुसूची १४, १५ र १६ मा दिइएको छ ।

अख्तियार दुरुपयोगको अनुसन्धान र रोकथाम जस्तो विशिष्ट प्रकृतिको कार्य सम्पादन आफैमा चुनौतीपूर्ण रहदै आएको छ । त्यसको अतिरिक्त संगठन भित्र र संगठन वाहिरको परिवेशले आयोगको कार्य सम्पादनमा पार्ने प्रभावको उचित व्यवस्था गर्नु पर्ने यथार्थले यो कार्यलाई अझै चुनौतीपूर्ण वनाएको छ । यसैले भ्रष्टाचारमुक्त राज्य संयन्त्रको माध्यमवाट अनुशासित समाजको स्थापना गर्ने कल्पनालाई यथार्थमा परिणत गर्नको लागि अख्तियार दुरुपयोग अनुसन्धान आयोगका कर्मचारीहरुको क्षमता र मनोबल बढाउनुका साथै आयोगलाई अझै साधन श्रोतयुक्त तुल्याउन आवश्यक छ । यद्यपि आयोगले आफ्नो साधन श्रोतले भ्याए सम्मको कर्मचारीहरुलाई भ्रष्टाचार नियन्त्रण सम्वन्धी तालीमको व्यवस्था, आयोगको वेभ साइटको निर्माण, राष्ट्रिय/अन्तर्राष्ट्रिय स्तरमा समयको माग अनुसार कम्प्यूटरको माध्यमवाट सम्पर्क स्थापना गर्ने कार्य तथा इन्टेलीजेन्स परिचालनको व्यवस्था गर्दै आएको छ तथापि भ्रष्टाचारीहरु नउम्कने र नछुट्ने गर्न अझै नवीनतम् एवं विकसित अनुसन्धान प्रविधिको प्रयोग गर्नुका साथै आयोगको मौजुदा दायरालाई फराकिलो वनाउनु त्यतिकै जरुरी छ । भ्रष्टाचारको दृष्टिले सम्वेदनशील ठानिएका स्थानहरुमा आयोगको क्षेत्रीय स्तरको कार्यालयहरु स्थापना गर्नु आवश्यक ठानिएको छ । त्यसका लागि सरकारका साथै सम्बन्धित सबै पक्षबाट सहयोग प्राप्त हुन जरुरी छ ।

डिसेम्बर, २००५ देखि लागू भएको संयुक्त राष्ट्र संघको भ्रष्टाचार बिरुद्धको महासन्धि अनुमोदनको संघारमा छ । उक्त महासन्धि चाँडो भन्दा चाँडो अन्तरिम व्यवस्थापिकाबाट अनुमोदन गरी सो

महासन्धिसंग मेल खाने गरी बिभिन्न मौजूदा कानूनहरु संसोधन एवं परिमार्जन गर्नुका साथै सो महासन्धिको मर्म र भावना अनुरुप थुप्रै नयाँ कानूनहरु समेत निर्माण गर्नु आवश्यक छ । यी कानुनहरु निर्माण हुन नसकेको कारण अन्तर्राष्ट्रिय सभा सम्मेलनमा नेपालले महासन्धि अनुसारको प्रगति प्रस्तुत गर्न नसकिएको अवस्था रहेको छ ।

अन्त्यमा, मानिसको आचरण, व्यवहार, संस्कार, सामाजिक परिवेश र प्रवृत्तिसित गाँसिएको भ्रष्टाचारको प्रकृति, स्वरुप, विस्तार र क्षेत्र अत्यन्त जटील र व्यापक छ । शासन संचालन पद्धतिमा नातावाद, कृपावाद र अव्यवस्थाको स्थितिको अन्त्य र नैतिकता, इमान्दारिता, पारदर्शिता र सदाचारिताको अवलम्बन एवं सो को पालना नै भ्रष्टाचार नियन्त्रणको मूल मन्त्र हो । त्यसैले हरेक सरोकारवालाहरुमा भ्रष्टाचारप्रति शून्य सहनशीलताको स्थिति सृजना गर्नु आवश्यक छ । यसको लागि व्यापक जनचेतनाको खाँचो छ । मौका नपाउँदा सम्म इमान्दार वन्ने वेइमानी प्रवृत्तिको अन्त्य हुनै पर्छ । भ्रष्टाचारको विरुद्धमा व्यापक जनलहर नउठे सम्म भ्रष्टाचार नियन्त्रणको देखावटी ओंठे रटान मात्र रही रहने छ । यसैले प्रभावकारी सामुदायिक शिक्षा कार्यक्रमको माध्यमवाट भ्रष्टाचार विरुद्धको जनचेतना अभिवृद्धि गर्नु आजको पहिलो आवश्यकता हो र आयोग यस दिशामा अग्रसर भइसकेको छ ।

ଓ.....✱.....ଓ

अनुसूची – १

अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालयको संगठन तालीका



अनुसूची २

आयोगमा कार्यरत कर्मचारी दरबन्दी र पदपूर्तिको विवरण

(२०६४ असार मसान्तसम्मको)

(क) आयोगको दरबन्दीतर्फ

सि.न.	सेवा, समूह	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त
१	प्रशासन, सचिव	विशिष्ट	१	१	-
	जम्मा		**१**	**१**	**-**
२	प्रशासन, सह-सचिव	रा.प. प्रथम	२	२	-
	न्याय, कानून सह-सचिव	रा.प. प्रथम	२	१	१
	न्याय,स.व.,सहन्यायाधिवक्ता	रा.प. प्रथम	५	४	१
	प्रहरी नायब महानिरीक्षक	रा.प. प्रथम स्तर	१	१	-
	जम्मा		**१०**	**८**	**२**
३	प्रशासन, उप-सचिव	रा.प.द्वितीय	८	८	-
	लेखा, उप-सचिव	रा.प.द्वितीय	३	३	-
	न्याय,कानून, उप-सचिव	रा.प.द्वितीय	३	३	-
	न्याय,स.व.,उपन्यायाधिवक्ता	रा.प.द्वितीय	४	४	-
	इन्जिनियरिङ्ग - वि.एण्ड आ.	रा.प.द्वितीय	१	१	-
	इन्जिनियरिङ्ग - इरिगेसन	रा.प.द्वितीय	१	१	–
	प्रहरी उपरीक्षक	रा.प.द्वितीय स्तर	१	१	-
	प्रहरी नायब उपरीक्षक	रा.प.द्वितीय स्तर	२	२	-
	जम्मा		**२३**	**२३**	**-**
४	प्रशासन, शाखा अधिकृत	रा.प.तृतीय	१४	१४	-
	लेखा, लेखा अधिकृत	रा.प.तृतीय	१	१	-
	न्याय, कानून, शाखा अधिकृत	रा.प.तृतीय	४	३	१
	न्याय, स.व., शाखा अधिकृत	रा.प.तृतीय	५	५	-
	इन्जिनियरिङ्ग - वि.एण्ड आ.	रा.प.तृतीय	३	३	-
	इन्जिनियरिङ्ग - जनरल	रा.प.तृतीय	३	२	१
	इन्जिनियरिङ्ग - स्यानिटरी	रा.प.तृतीय	१	१	-
	इन्जिनियरिङ्ग - इरिगेसन	रा.प.तृतीय	१	१	-
	विविध - रेखा विशेषज्ञ	रा.प.तृतीय	१	-	१
	प्रहरी निरीक्षक	रा.प.तृतीय स्तर	५	५	-
	जम्मा		**३८**	**३५**	**३**

सि.नं.	सेवा	श्रेणी	दरबन्दी	पदपूर्ति	रिक्त	कैफियत
ना.सु.स्तर						
५	प्रशासन, ना.सु.	रा.प.अनं. प्रथम	३७	३५	२	
	न्याय, कानुन, ना.सु.	रा.प.अनं. प्रथम	२	२	-	
	लेखापाल, प्रशासन	रा.प.अनं. प्रथम	१	१	-	
	सब इन्जि.सिभिल, जनरल	रा.प.अनं. प्रथम	१	१	-	
	कम्प्युटर अपरेटर	रा.प.अनं. प्रथम	११	१०	१	
	टा.ना.सु.	रा.प.अनं. प्रथम	१	१	-	
	क्यामेरामेन	रा.प.अनं. प्रथम	१	१	-	
	प्रहरी नायब निरीक्षक	रा.प.अनं.प्रथम स्तर	३	३	-	
	जम्मा		**५७**	**५४**	**३**	
खरिदारस्तर						
६	प्रशासन, खरिदार	रा.प.अनं. द्वितीय	५	५	-	
	सह लेखापाल	रा.प.अनं. द्वितीय	१	१	-	
	टेलिफोन अपरेटर	रा.प.अनं. द्वितीय	२	२	-	
	अपरेटर(इन्जी जनरल मेकानिकल)	रा.प.अनं. द्वितीय	१	१	-	
	फोटोकपी अपरेटर (विविध)	रा.प.अनं. द्वितीय	२	-	२	
	प्रहरी सहायक निरीक्षक	रा.प.अनं.द्वितीय स्तर	३	३	-	
जम्मा			**१४**	**१२**	**२**	
७	प्रहरी हवल्दार	रा.प.अनं.तृतीय स्तर	३	३	-	
जम्मा			**३**	**३**	**-**	
८	प्रहरी जवान	रा.प.अनं.चतुर्थ स्तर	५	४	१	
जम्मा			**५**	**४**	**१**	
९	ह.स.चा.	श्रेणी विहीन	२२	२२	-	
	पियन, पाले, माली	श्रेणी विहीन	२८	२८	-	
जम्मा			**५०**	**५०**	**-**	

दरबन्दी (प्रहरी दरबन्दी समेत)	दरबन्दी	पदपूर्ति	रिक्त	कैफियत
जम्मा	**२०१**	**१९०**	**११**	

(ख) आयोगको पूल दरबन्दी तर्फ

अधिकृतस्तर दरबन्दी संख्या- १०				
सि.न.	सेवा,समूह	श्रेणी	पदपूर्ति	रिक्त
	न्याय, सरकारी वकिल	रा.प. प्रथम	३	
	न्याय, सरकारी वकिल	रा.प. द्वितीय	२	
		जम्मा	**५**	**५**
सहायकस्तर दरबन्दी संख्या- १०				
	प्र.सा.प्र.टा.ना.सु.	रा.प.अनं. प्रथम	१	
	प्र.सा.प्र.खरिदार	रा.प.अनं. द्वितीय	२	
	प्र.सा.प्र. टा.ख.	रा.प.अनं. द्वितीय	२	
	इन्जि.मे.ज., ह.स.चा.	श्रेणी विहीन	१	
		जम्मा	**६**	**४**

(ग) आयोगमा काजमा कार्यरत

श्रेणी/स्तर	कार्यरत संख्या
रा.प.प्रथम स्तर	१
रा.प.द्वितीय स्तर	२
रा.प.तृतीय स्तर	६
काजमा रहनु भएका अधिकृत स्तर जम्मा	**९**
रा.प.अन.प्रथम स्तर	६
रा.प.अन.द्वितीय स्तर	१०
रा.प.अन.तृतीय स्तर	७
रा.प.अन.चतुर्थ स्तर	५
काजमा रहनु भएका सहायक स्तर जम्मा	**२८**
ह.स.चा. श्रेणीविहीन	१
पियन	२
काजमा रहनु भएका श्रेणी विहिन जम्मा	**३**
काज तर्फ कूल जम्मा	**४०**

(घ) सल्लाहकार सेवामा र ज्यालादारीमा कार्यरत

सल्लाहकारहरु	२
जम्मा	**२**

(ङ) आयोगको पहरा तर्फ (प्रहरी पहरा गण)

प्र.ना.नि.,प्र.स.नि., प्र.ह., प्र.ज.	२१

(च) संवैधानिक पदाधिकारीज्यूहरुको अंगरक्षक तर्फ

प्र.ना.नि., प्र.स.नि.	२

(छ) माननीय प्रमुख आयुक्तज्यूको सरकारी निवासमा कार्यरत सुरक्षाकर्मीतर्फ

स.प्र.स.नि, सशस्त्र प्र.व.ह./सशस्त्र प्र.ह.,प्र.ज	रा.प.अनं. द्वितीय सरह	
जम्मा सुरक्षा तर्फ (काज)		

सारांश

	दरबन्दी	पदपुर्ति/कार्यरत	रिक्त	कैफियत
दरबन्दी (प्रहरी समेत)	२०१	१९०	११	
पूल दरबन्दी (अधिकृतस्तर १०) (सहायक स्तर १०)	२०	११	९	
फाजिल दरबन्दी	-	७	-	
काज	-	४०	-	
सेवा करार: सल्लाहकार		२		
पहरा तर्फ		२१		
अंगरक्षक		२		
जम्मा	**२२१**	**२७३**	**२०**	
संवैधानिक पदाधिकारीहरु	**संविधानमा व्यवस्था भए बमोजिम**	**२**		
आयोगमा कार्यरत जम्मा	**२२१**	**२७५**	**२०**	**२०६४ असार मसान्त सम्मको विवरण**

अनुसूची ३

अख्तियार दुरुपयोग अनुसन्धान आयोग

टंगाल, काठमाडौं ।

आ.व. २०६३।६४ को बजेट व्यवस्था

वार्षिक विनियोजन (थप समेत)	बजेट	खर्च		बांकी			कैफियत
		निकाशा	खर्च	निकासा मध्ये	निकासा नगरीएको	दुबै	
चालु : **व.शि.नं. १५।३।११०** नेपाल सरकार	६०,६१७,९८८।००	४७,४९८,४४३।६५	४७,४९८,४४३।६५		१३,११९,५४४।३५		
ब.शि.नं. : १५।३।२०० नेपाल सरकार	३,४८०,०००।००	२,७६७,५१७।४४	२,७६७,५१७।४४		७१२,४८२।५६		
बैदेशिक अनुदान	१२,४३०,०००।००				१२,४३०,०००।००		सोझै भुक्तानी हुने
ब.शि.नं.७२।३।२११ बैदेशिक सहयोग (IDA)	२,८७०,०००।००	२,३५९,६९२।२५	२,३५९,६९२।२५		५१०,३०७।७५		
अर्थ बजेट (नेपाल सरकार)	५,३००,७७५।५७	५,३००,७७५।५७	५,३००,७७५।५७				
जम्मा	८४,६९८,७६३।५७	५७,९२६,४२८।९१	५७,९२६,४२८।९१		२६,७७२,३३४।६६	०।००	
पुंजीगत: **ब.शि.नं. १५।४।२००** नेपाल सरकार	४,१३९,०१२।००	३,०१०,४१७।६१	३,०१०,४१७।६१		१,१२८,५९४।३९		
बैदेशिक अनुदान	०।००	०।००	०।००	०।००	०।००	०।००	सोझै भुक्तानी हुने
ब.शि.नं. ७२।४।२११ बैदेशिक सहयोग (IDA)	१,९२९,०००।००	१,७३३,०५१।३५	१,७३३,०५१।३५		१९५,९४८।६५		
जम्मा	६,०६८,०१२।००	४,७४३,४६८।९६	४,७४३,४६८।९६		१,३२४,५४३।०४	०।००	

कुल जम्मा	९०,७६६,७७५।५७	६२,६६९,८९७।८७	६२,६६९,८९७।८७	२८,०९६,८७७।७०	०।००

आ.व. २०६३।६४ को राजश्व तर्फ आम्दानी

प्रशासनिक दस्तुर, न्यायिक दण्ड जरिवाना, सरकारी सामान विक्रि र बन क्षेत्रको आय समेत गरी जम्मा रु. ५,५९,३५२।३३ मात्र राजश्व आम्दानी भएको छ ।

आ.व. २०६३।६४ को धरौटी तर्फ

आ.व. २०६२।६३ को जिम्मेवारी सरेको

२०६३ श्रावण देखि २०६४ आषाढ मसान्त सम्मको जम्मा धरौटी	९,९५४,९८७।३६
२०६३ श्रावण देखि २०६४ आषाढ मसान्त सम्मको फिर्ता जम्मा धरौटी	२,०७२,८३४।५०
२०६३ आषाढ सम्ममा बांकी धरौटी	२,९५३,६९३।६९
	९,०७४,१२८।१७

अनुसूची ४

आ.ब.२०५७/५८ देखि २०६३/६४ सम्म दायर भएका नक्कली प्रमाणपत्र सम्बन्धि मुद्दामा सो प्रमाणपत्रको प्रयोजन



अनुसूची ५

आ.व. २०५७५८ देखि २०६३६४ मा नक्कली प्रमाणपत्र सम्बन्धी मुद्दाको फैसला विवरण



आ.व. २०५७५८ देखि २०६३६४ सम्मका शैक्षिक प्रमाणपत्र सम्बन्धी मुद्दाहरुमा सफल असफल अनुपात



अनुसूची ६

अख्तियार दुरुपयोग अनुसन्धान आयोग
भ्रष्टाचार तथा अनुचित कार्यसम्बन्धी क्षेत्रीय प्रशासन कार्यालयहरुबाट प्राप्त वार्षिक विवरण

सि. नं.	क्षेत्रीय/जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या							फछ्यौंट भएको उजुरी संख्या								फछ्यौंट हुन बाँकी उजुरी संख्या		जम्मा
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी		जम्मा	कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालतमा मुद्दा दायर	जम्मा फछ्यौंट मुद्दा संख्या	भ्रष्टाचार	अनुचित	
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित					
१	पूर्वाञ्चल क्षे.का. धनकुटा	७३	८	५	०	७८	८	८६	१	०	२	०	२	०	०	५	७३	८	८१
२	मध्यमाञ्चल क्षे.का. हेटौंडा	८५	१४	१२	२	९७	१६	११३	६	०	३	०	०	०	०	९	८८	१६	१०४
३	पश्चिमाञ्चल क्षे.का. पोखरा	२६	१८	४	६	३०	२४	५४	५	६	०	०	१	०	०	१२	२४	१८	४२
४	मध्यपश्चिमाञ्चल क्षे.का. सुर्खेत	२८	२२	१	२	२९	२४	५३	०	०	०	०	०	०	०	०	२९	२४	५३
५	सुदूरपश्चिमाञ्चल क्षे.का.दीपायल	२२	६	३	१	२५	७	३२	०	०	१	०	८	१	०	१०	१६	६	२२

कूल जम्मा	२३४	६८	२५	११	२५९	७९	३३८	१२	६	६	०	११	१	०	३६	२३०	७२	३०२

अनुसूची ७

आ.व. ०६३।०६४

सि.नं.	जिल्ला कार्यालयहरुको नाम	जम्मा उजुरी संख्या						जम्मा	फछ्र्यौट भएको उजुरी संख्या								फछ्र्यौट हुन बाँकी उजुरी संख्या		जम्मा बाँकी उजुरी	कैफियत
		गत आ.व.को जिम्मेवारी		यस आ.व.मा परेका उजुरी		जम्मा उजुरी			कार्यालयबाट तामेली		आयोगमा पठाएको		अन्य निकायमा पठाएको		अदालत मा मुद्दा दायर	जम्मा फछ्र्यौट संख्या	भ्रष्टाचार	अनुचित		
		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित		भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित	भ्रष्टाचार	अनुचित						
		१	२	३	४	५	६	७	८	९	१०	११	१२	१३	१४	१५	१६	१७	१८	१९
१	ताप्लेजुङ	३	०	०	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३	
२	पांचथर	५	१	०	०	५	१	६	०	०	०	०	०	०	०	०	५	१	६	
३	इलाम	८	१३	०	०	८	१३	२१	०	४	०	४	३	०	०	११	५	५	१०	
४	झापा	२४	०	५	०	२९	०	२९	०	०	०	०	६	०	०	६	२३	०	२३	
५	संखुवासभा	१	३	०	०	१	३	४	०	०	०	०	०	०	०	०	१	३	४	
६	तेह्रथुम	८	०	०	०	८	०	८	०	०	०	०	०	०	०	०	८	०	८	
७	भोजपुर	१	०	०	०	१	०	१	०	०	०	०	०	०	०	०	१	०	१	
८	धनकुटा	४	०	०	०	४	०	४	०	०	०	०	०	०	०	०	४	०	४	
९	सुनसरी	२८	७	०	०	२८	७	३५	४	१	०	०	०	०	०	५	२४	६	३०	
१०	मोरङ	४२	०	०	०	४२	०	४२	१४	०	०	०	०	०	०	१४	२८	०	२८	
११	सोलुखुम्बु	७	०	०	०	७	०	७	०	०	०	०	०	०	०	०	७	०	७	
१२	ओखलढुंगा	१	०	३	१	४	१	५	०	०	०	०	०	०	०	०	४	१	५	
१३	खोटाङ	३१	०	०	०	३१	०	३१	०	०	०	०	०	०	०	०	३१	०	३१	
१४	उदयपुर	३९	०	३	०	४२	०	४२	१७	०	५	०	०	०	०	२२	२०	०	२०	

१५	सिराहा	७१	०	०	०	७१	०	७१	०	०	०	०	४	०	०	४	६७	०	६७	
१६	सप्तरी	१२६	०	१७	०	१४३	०	१४३	३	०	०	०	०	०	०	३	१४०	०	१४०	
१७	दोलखा	१५	२	१७	३	३२	५	३७	०	०	०	०	०	०	०	०	३२	५	३७	
१८	रामेछाप	०	०	१	०	१	०	१	०	०	०	०	०	०	०	०	१	०	१	
१९	सिन्धुली	२८	१	०	०	२८	१	२९	०	०	०	०	०	०	०	०	२८	१	२९	
२०	सर्लाहि	७३	२	०	०	७३	२	७५	२६	०	०	०	०	०	०	२६	४७	२	४९	
२१	महोत्तरी	९६	०	३	०	९९	०	९९	५	०	०	०	०	०	०	५	९४	०	९४	
२२	धनुषा	४२	२	२४	९	६६	११	७७	८	०	७	१	२	३	०	२१	४९	७	५६	
२३	मकवानपुर	३२	०	०	०	३२	०	३२	७	०	०	०	०	०	०	७	२५	०	२५	
२४	चितवन	३	७०	०	२	३	७२	७५	२	८	०	०	०	०	०	१०	१	६४	६५	
२५	बारा	२	०	३३	५	३५	५	४०	०	०	०	०	०	०	०	०	३५	५	४०	
२६	पर्सा	४५	७	१७	१	६२	८	७०	०	०	०	०	०	०	०	०	६२	८	७०	
२७	रौतहट	३२	०	०	०	३२	०	३२	०	०	०	०	०	०	०	०	३२	०	३२	
२८	रसूवा	०	०	१	०	१	०	१	०	०	०	०	०	०	०	०	१	०	१	
२९	धादिङ	६	८	०	०	६	८	१४	६	७	०	०	०	०	०	१३	०	१	१	
३०	नुवाकोट	४	०	०	०	४	०	४	०	०	०	०	०	०	०	०	४	०	४	
३१	सिन्धुपाल्चोक	०	५	०	०	०	५	५	०	०	०	०	०	०	०	०	०	५	५	
३२	काभ्रेपलान्चोक	७	२	०	०	७	२	९	२	०	०	०	०	०	०	२	५	२	७	
३३	भक्तपुर	१५	०	०	०	१५	०	१५	०	०	०	०	०	०	०	०	१५	०	१५	
३४	ललितपुर	१०५	०	८३	०	१८८	०	१८८	२५	०	०	०	०	०	०	२५	१६३	०	१६३	
३५	काठमाडौं	०	०	४	०	४	०	४	०	०	०	०	०	०	०	०	४	०	४	

३६	नवलपरासी	२	१	२	१	४	२	६	०	२	०	०	०	०	०	२	४	०	४	
३७	कपिलवस्तु	०	०	१	०	१	०	१	०	०	०	०	०	०	०	०	१	०	१	
३८	रुपन्देही	१४	३८	७	९	२१	४७	६८	६	१३	०	०	०	०	०	१९	१५	३४	४९	
३९	पाल्पा	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	
४०	गुल्मी	२०	०	०	०	२०	०	२०	०	०	०	०	०	०	०	०	२०	०	२०	
४१	अर्घाखांची	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	
४२	गोर्खा	०	०	२	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
४३	लमजुङ	०	०	२	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
४४	कास्की	१२	०	३	०	१५	०	१५	०	०	०	०	०	०	०	०	१५	०	१५	
४५	तनहूं	४	०	०	०	४	०	४	४	०	०	०	०	०	०	४	०	०	०	
४६	स्याङ्जा	६	१	०	०	६	१	७	०	०	०	०	०	०	०	०	६	१	७	
४७	मनाङ	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	
४८	रुकुम	४	०	०	०	४	०	४	०	०	०	०	०	०	०	०	४	०	४	
४९	रोल्पा	२	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
५०	सल्यान	०	४	०	०	०	४	४	०	१	०	०	०	०	०	१	०	३	३	
५१	प्युठान	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	०	
५२	दाङ घोराही	३	०	४	०	७	०	७	०	०	०	०	०	०	०	०	७	०	७	
५३	पर्वत	६	१	१	०	७	१	८	०	०	०	०	०	०	०	०	७	१	८	
५४	म्याग्दी	२	४	२	०	४	४	८	०	४	०	०	०	०	०	४	४	०	४	
५५	मुस्ताङ	०	०	१	१	१	१	२	०	०	०	०	०	०	०	०	१	१	२	

५६	बाग्लुङ	४	०	०	०	४	०	४	२	०	०	०	०	०	०	२	२	०	२	
५७	दैलेख	४	०	०	०	४	०	४	०	०	०	०	०	०	०	०	४	०	४	
५८	सुर्खेत	०	०	२	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
५९	जाजरकोट	२	१	२	०	४	१	५	०	१	०	०	०	०	०	१	४	०	४	
६०	बांके	४२	१८	१०	८	५२	२६	७८	०	३	०	०	०	०	०	३	५२	२३	७५	
६१	बर्दिया	२	०	३	०	५	०	५	०	०	०		०	०	०	०	५	०	५	
६२	हुम्ला	४	०	०	०	४	०	४	०	०	०	०	०	०	०	०	४	०	४	
६३	जुम्ला	४	३	०	०	४	३	७	०	०	३	०	१	०	०	४	०	३	३	
६४	डोल्पा	३	०	०	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३	
६५	मुगू	८	०	४	०	१२	०	१२	०	०	०	०	०	०	०	०	१२	०	१२	
६६	कालीकोट	०	०	६	६	६	६	१२	०	०	०	०	०	०	०	०	६	६	१२	
६७	बझाङ	३	०	०	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३	
६८	बाजुरा	२	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
६९	डोटी	३	०	०	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३	
७०	अछाम	११	०	०	०	११	०	११	०	०	०	०	०	०	०	०	११	०	११	
७१	कैलाली	२	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
७२	दार्चुला	२	०	१	०	३	०	३	०	०	०	०	०	०	०	०	३	०	३	
७३	बैतडी	५	०	०	०	५	०	५	२	०	०	०	०	०	०	२	३	०	३	
७४	डडेलधुरा	२	०	०	०	२	०	२	०	०	०	०	०	०	०	०	२	०	२	
७५	कंचनपुर	३	२	३	२	६	४	१०	०	३	०	०	०	०	०	३	६	१	७	
	जम्मा	१०८५	१९६	२६७	४८	१३५२	२४४	१५९६	१३३	४७	१५	५	१६	३	०	२१९	११८८	१८९	१३७७	

अनुसूची ८

आ.ब. २०६३।६४ मा परेका उजुरी र फछ्यौंटको विवरण



अनुसूची ९


आ.ब. २०६३।०६४ मा कुल उजुरी ३५६४ मध्ये फछ्यौंट तथा चालु आ.ब.मा सरेको जिम्मेवारीको अनुपात
१६%
८४%
फछ्यौंट संख्या
चालु आ.ब.मा जिम्मेवारी सरेको

अनुसूची १०

आ.ब. २०५७५८ देखि २०६३६४ सम्मको कूल उजुरी र फछ्यौंटको विवरण



अनुसूची ११

आ.ब. ०६३।६४ मा मुद्दा हार जीतको स्थिति



अनुसूची १२

आ.ब. ०६३।०६४ को अभियोजन र अन्य कारवाहीहरुको विवरण



अनुसूची १३

आ.ब.०६३।६४ मा बिशेष अदालतमा दायर भएका मुद्दाहरुको किसिम



अनुसूची १४

आ.ब. २०५७५८ देखि ०६३६४ सम्मको कारवाहीको तुलनात्मक विवरण



अनुसूची १५

आ.ब. २०५९।६० देखि ०६३।६४ सम्मको बैठक र निर्णय संख्या



अनुसूची १६

आ.ब. २०४७/४८ देखि २०६३/६४ सम्ममा परेका उजुरी र फछ्यौंटको विवरण

